# नेपालमा भूमि राजनीति र द्वन्द्व

## ग्रामीण रूपान्तरणका यथार्थ र सम्भावनाहरू

(नेपाली अनुवाद)




सम्पादन
डा. विष्णुराज उप्रेती
डा. सागर राज शर्मा
जगत बस्नेत

अनुवाद
सफल घिमिरे

# नेपालमा भूमि राजनीति र द्वन्द्व

**ग्रामीण रूपान्तरणका यथार्थ र सम्भावनाहरू**

(नेपाली अनुवाद)

**अंग्रेजी संस्करण सम्पादन**
डा. विष्णुराज उप्रेती
डा. सागर राज शर्मा
जगत बस्नेत

**नेपाली अनुवाद**
सफल घिमिरे

**प्रकाशक**
अनुसन्धानमा दक्षताको लागि स्विस राष्ट्रिय केन्द्र (एनसिसिआर, नर्थ-साउथ)
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)
मानव तथा प्राकृतिक संसाधन अध्ययन केन्द्र (एचएनआरएससी)- काठमाडौं विश्वविद्यालय

**सर्वाधिकार © २०६६**

सम्बन्धित परिच्छेदहरूका लागि लेखकहरू स्वयंमा तथा पुस्तकका लागि प्रकाशकहरूः अनुसन्धानमा दक्षताको लागि स्विस राष्ट्रिय केन्द्र (एनसिसिआर, नर्थ–साउथ), सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी) र मानव तथा प्राकृतिक संसाधन अध्ययन केन्द्र (एचएनआरएससी)–काठमाडौँ विश्वविद्यालयमा ।

सर्वाधिकार सुरक्षित । यस पुस्तकको कुनै पनि अंश उल्लिखित अधिकारप्राप्त संस्था वा व्यक्तिको लिखित स्वीकृतिविना पुनःप्रकाशन, पुनरुत्पादन, अनुलिपि यन्त्र अथवा त्यस्तै अरू यन्त्रहरूमा सञ्चयन, प्रसारण तथा विद्युतीय, यान्त्रिक, प्रतिलिपि, रेकर्डिङ अथवा त्यस्ता कुनै माध्यमहरूमा प्रयोग गर्न पाइनेछैन ।

ISBN: 978-9937-2-1359-2

**मूल्यः रु. ६००/- (संस्थागत), रु. ३००/- (व्यक्तिगत)**

**आवरण तस्विरः** सिद्धि मानन्धर, निकोलास साइमन्स र भवसागर घिमिरे ।

आवरण पृष्ठ डिजाइनिङः जगदीश आचार्य

मुद्रणः हाइडल प्रेस प्रा.लि.
डिल्लीबजार, काठमाडौँ,
फोन : ०१-४४३९८१२

**अस्वीकारोक्ति**

यस पुस्तकमा अभिव्यक्त दृष्टिकोण तथा विचारहरू सम्बन्धित परिच्छेदका लेखकहरूका निजी अभिव्यक्ति हुन् । तिनले लेखक तथा सम्पादकहरूसँग सम्बन्धित संस्थाको आधिकारिक धारणालाई प्रतिबिम्बित गर्छन् नै भन्ने छैन ।

## समर्पण

ती लाखौं कृषक, भूमिहीन जनता तथा किसानहरूलाई
जो नेपाली जनताको पेट भर्न जमिनमा पाखुरा खियाइरहेका छन् ।

# हाम्रो जमर्को...

*'नेपालमा भूमि राजनीति र द्वन्द्व: ग्रामीण रूपान्तरणका यथार्थ र सम्भावनाहरू'* पुस्तकको नेपाली संस्करण तपाइँसामु पस्किन पाउँदा हामीलाई औधी खुसी लागेको छ। यो पुस्तकको अंग्रेजी संस्करण प्रकाशित भएपछि विभिन्न राजनीतिकर्मी, भूमि वकालतमा लागेका व्यक्तित्वलगायत पाठकहरूबाट पुस्तक नेपाली संस्करणमा उपलब्ध भए यसका विषयवस्तुसँग धेरै जनाको पहुँच पुग्ने सुझावहरू आए। यस्तो सल्लाह पाएपछि हामीले एनसिसिआर (नर्थ-साउथ) को कार्यकारिणी समिति (एक्स-को) लाई यस पुस्तकको प्रकाशनार्थ आग्रह गर्‍यौं। हाम्रो अनुरोध तथा आवश्यकतालाई तत्काल स्वीकार गरी उहाँहरूले प्रकाशन खर्च विनियोजन गरिदिनुभयो। यसपछि अत्यन्त उत्साही युवा अनुवादक सफल घिमिरेको अथाह मिहिनेतले अहिले यो पुस्तक तपाइँहरूको हातमा छ।

यस पुस्तकमा हामीले विद्वान् तथा प्राज्ञिक व्यक्तित्व, अभ्यासकर्ता, किसान, भूमि अधिकार स्थापित गर्न लागिपरेका भूमिहीन जनता, पत्रकार, राजनीतिकर्मी तथा अनुसन्धाताका विविध दृष्टिकोणलाई एकत्रित गर्ने जमर्को गरेका छौं। यस्ता विविध दृष्टिकोण, बुझाइ तथा सवाललाई समेटेर हामीले पाठकलाई अलमल्याउन खोजेका होइनौं। बरु यस्तो जटिल यथार्थको सम्बोधनमा पथप्रदर्शन गर्न तथा भूमि आधारित समस्या समाधानमा सघाउ पुर्‍याउन यस्तो गरेका हौं। नीति-निर्माता, राजनीतिक नेता तथा दलका कार्यकर्ता, भूमि अधिकारकर्मी र दबाब समूह, अनुसन्धाता, विद्यार्थी, कृषक, जग्गाधनी तथा नेपालमा सक्रिय विकास नियोग तथा अन्तर्राष्ट्रिय समुदायका पाठकले यस पुस्तकबाट यथेष्ट फाइदा लिनेछन् भन्ने हाम्रो विश्वास छ।

यस पुस्तकका परिच्छेदहरूले वर्तमान नेपालको भूमि आधारित बहसमा उठेका सवाल तथा सरोकारका विषयलाई प्रतिनिधित्व गर्छन्। चार खण्ड र चौध परिच्छेदमा विभाजित यो पुस्तकको पहिलो खण्डको सुरुआती परिच्छेदले नेपालमा भूमिले कसरी सामाजिक द्वन्द्वसँग सामीप्य गाँसेको छ भन्ने देखाउँछ। दोस्रो परिच्छेदले नेपालमा भूमि अधिकार आन्दोलनको उद्‌विकास तथा विस्तारका सवाललाई चर्चा गरेको छ। तेस्रोले अन्तर्राष्ट्रिय भूमि सुधार आन्दोलनमाथि एउटा विहङ्गम दृष्टि दिएको छ। नेपालमा भूमि सुधारसँग वैदेशिक सहायताको सम्बन्धलाई चौथो तथा यस खण्डको अन्तिम परिच्छेदले नियालेको छ। पुस्तकको दोस्रो खण्ड भूमि सवालका विविध अवधारणात्मक आयामहरूमाथि समर्पित छ। यसभित्रको परिच्छेद ५ ले भूमि आधारित शक्ति सम्बन्धलाई उजागर गरेको छ। परिच्छेद ६ ले भूमि द्वन्द्वमाथि अवधारणागत आयामहरू प्रदान गरेको छ। भूमि, महिला, बहिष्करण तथा भूमण्डलीकरणबीचको अन्तरसम्बन्धलाई सातौं परिच्छेदले उजिल्याएको छ। दलित, भूमि तथा सामाजिक बहिष्करणबीचको सम्बन्धलाई परिच्छेद ८ ले मोटामोटी चर्चा गरेको छ। तेस्रो खण्डले हलियाको स्थिति (परिच्छेद ९), हरुवा तथा चरुवाको संघर्ष (परिच्छेद १०), भूमिहीनताको अवस्था (परिच्छेद ११) र बँधुवा

श्रमिकको परिस्थिति (परिच्छेद १२) माथि केन्द्रित रहेर विभिन्न व्यावहारिक यथार्थलाई प्रस्टयाएको छ। यी सबै परिच्छेदले नेपालमा सीमान्तीकृत र भूमिहीन जनताका संघर्षलाई केन्द्रीय सवालको रूपमा व्याख्या गरेका छन्। चौथो खण्डमा केवल दुई परिच्छेदहरू छन्। तेह्रौं परिच्छेदले भविष्यमा भूमि सुधार कसरी गर्न सकिन्छ भन्ने वैकल्पिक दृष्टिकोण दिएको छ। यसैगरी अन्तमा चौधौं परिच्छेदले रूपान्तरणमुखी भूमि सुधारमा सघाउ पुऱ्याउन छलफलमा ल्याई व्यवस्थित किसिमले अन्वेषण गर्नुपर्ने केही सवालहरूलाई उजागर गरेको छ। अहिलेसम्मका छलफलहरू भूमि वितरणमा मात्रै केन्द्रित हुने गरेका छन्। यसै परिप्रेक्ष्यमा यो परिच्छेदले अनुसन्धानको भूमिका, भूमि सुधारलाई सफल बनाउन जमिन्दारहरूको सहभागिता, उत्पादकत्वको सवाल र वैकल्पिक रोजगारीका अवसरजस्ता अन्य नितान्त महत्वपूर्ण सवाललाई उठाएको छ। मुलुकको सन्तुलित तथा दिगो विकासका लागि यसले भूमि वितरणसँगै उपरोक्त सवालमा पनि समान ध्यानाकर्षण आवश्यक रहेको तर्क गरेको छ।

समष्टिमा, वर्तमान नेपालमा देखिएको भूमिसम्बन्धी सवाल र समस्याको कुनै तैयारी समाधान छैन। तथापि सूचनामूलक बहसहरूले यस्ता समस्यामाथि उत्तर र समाधान खोज्ने काममा योगदान पुऱ्याउन सक्छन्। द्वन्द्वलाई सम्बोधन गर्न तथा समाजमा दीर्घकालीन शान्ति स्थापना गर्न नैतिक विपन्नता, अवरोधात्मक गतिविधि तथा प्रदूषित मानसिकताबाट मुक्त हुनु निकै जरुरी छ। यदि नेतृत्व तहमा अझै पनि इन्कारमुखी मानसिकता रहने हो तथा यस्तै प्रतिरक्षात्मक संयन्त्रले मात्रै काम लिइरहने हो भने वास्तवमा कुनै पनि नीति, कानून, संविधान वा दलका घोषणापत्रहरू भूमि आधारित समस्या र द्वन्द्व समाधानमा प्रभावकारी हुने छैनन्। त्यसैले हामीले आफ्ना साझा सोचाइ, व्यवहार, क्रिया तथा प्रतिक्रियाहरूमा परिवर्तन ल्याउनु जरुरी छ। यदि ल्याएनौँ भने एउटा अत्येज्य परिणामलाई भोग्न पर्नुका साथै यसको बदलामा अमेरिकी पूर्व उपराष्ट्राध्यक्ष एवं विख्यात् वातावरणविद् एल गोरले भनेजस्तै हामी अकर्मण्य सभ्यता तथा प्राकृतिक संसारको विनाशमात्रै पाउन विवश हुनेछौँ।

**डा. विष्णुराज उप्रेती**
**क्षेत्रीय संयोजक, एनसिसिआर-नर्थ साउथ**
**बैशाख, २०६६**
**एकान्तकुना, ललितपुर**

## बाँको फोर्दा...

नेपालमा भूमि सशस्त्र द्वन्द्व तथा संरचनागत हिंसाको प्रमुख कारण बनेको छ। भूमि यो देशमा सामन्ती सामाजिक-आर्थिक संरचनाको एउटा स्रोत पनि हो। त्यसैले राज्यको रूपान्तरण प्रक्रियामा भूमि सुधारको सम्भाव्य योगदानबारे ताजा छलफल थाल्न तथा बदलिँदो राजनीतिक सन्दर्भमा भूमिहीनताको समस्यालाई सम्बोधन गर्न पनि भूमिसम्बन्धी सवाललाई यस्ता दृष्टिकोणहरूबाट केलाउनु अति नै महत्वपूर्ण हुन्छ।

नेपालमा भूमिसम्बन्धी सवालहरूका विभिन्न पक्षलाई केलाउने सन्दर्भमा यो पुस्तक अनुसन्धाता तथा अभ्यासकर्ताहरूद्वारा थालिएको एउटा प्रयास हो। यसले नेपालमा भूमि स्रोतसँगको पहुँच र यसमाथिको नियन्त्रणमा सीमान्तीकृत जनताको द्वन्द्व तथा बहिष्करण र यिनैसम्बन्धी शक्ति गतिशीलतालाई जोड दिएको छ। यो पुस्तक प्राज्ञिक व्यक्तित्व, अनुसन्धाता, अधिकारकर्मी, पत्रकार तथा भूमिसम्बन्धी अत्याचारको सिकार भएका मानिसहरूसमेतको मिश्रित दस्तावेज हो। यसले हलिया, हरुवा, चरुवा तथा अर्ध-बँधुवा श्रमिकहरूका दृष्टिकोण र अनुभवलाई समेट्ने प्रयास गरेको छ। पुस्तकले भूमि-द्वन्द्वको कारण, भूमि आधारित सैद्धान्तिक तथा अवधारणात्मक विषयहरू एवं विभिन्न देशका भूमिसम्बन्धी अनुभवमाथि छलफल गर्नुका साथै प्रगतिशील (रूपान्तरणमुखी) भूमि सुधारतर्फको भावी दिशामा लम्किन सम्भाव्य मार्गहरूको चर्चासमेत गरेको छ।

अनुसन्धान, स्थलगत सूचना तथा माध्यमिक तथ्याङ्कको संकलन एवं पुस्तकको तयारीका क्रममा प्राज्ञिक व्यक्तित्व, अभ्यासकर्ता, विशेषज्ञ तथा किसानका विभिन्न समूहबाट पाइएका मार्गनिर्देशन, समर्थन, सुझाव र सूचनाले हामी निकै धनी भएका छौँ। यी सबैप्रति हामी अनुगृहित भई सबैलाई गहिरो आभार प्रकट गर्न चाहन्छौँ।

भूमिसम्बन्धी सवालमा प्रा. डा. उल्रिके म्युलर-बकर र भूमि अनुसन्धान तथा नीति संवादका लागि सहकार्य (कोलार्प) का सदस्यहरूका सुझाव, विचार, धारणा र टिप्पणीले हामीलाई धेरै लाभ पुऱ्याएका छन्। हामी ती सबैलाई विनम्रतापूर्वक धन्यवाद दिन्छौँ। काठमाडौँ विश्वविद्यालय तथा अनुसन्धानमा दक्षताको लागि स्विस राष्ट्रिय केन्द्र (स्विस न्यासनल सेन्टर फर कम्पिटन्स इन रिसर्च: एनसिसिआर, नर्थ-साउथ) को सहकार्यभित्र आबद्ध भएका विद्यावारिधि तथा स्नातकोत्तर तहका विद्यार्थीहरूबाट पनि हामीले सहयोग पाएका छौँ। यी सबैलाई हाम्रो साधुवाद छ। यसैगरी पुस्तकलाई नेपाली भाषामा अनुवाद

गरिदिनुहुने युवा अनुवादक सफल घिमिरे तथा भाषिक सम्पादनमा सहयोग गर्नुहुने शेखर पराजुलीप्रति पनि गुणग्राही छौं।

व्यस्त समयका बाबजुद हामीलाई मूल्यवान् सूचनाहरूमात्र नभएर न्यानो सत्कार पनि दिने हलिया, हरुवा, चरुवा तथा अन्य सूचनादाताहरूसँग पनि हामी धेरै ऋणी छौं। रचनात्मक योगदान दिएर पुस्तकलाई यसको वर्तमान स्वरूपसम्म ल्याउन सघाउ पुऱ्याउनुहुने श्री सिद्धि मानन्धर र श्री जगत देउजाप्रति पनि हामी आभारी छौं। पुस्तकको अंग्रेजी संस्करण प्रकाशनका क्रममा अन्तिम खाका तयार गर्नेजस्तो निकै कठिन र पटचारलाग्दो काम सम्पन्न गर्नुहुने सुश्री ललिता पाण्डे र सुश्री सुलभा पियालाई पनि हाम्रो विशेष कृतज्ञता छ।

विषयवस्तुहरूलाई अन्तिम रूप दिन २०६५ साल जेठको दोस्रो हप्ता तथा साउनको तेस्रो हप्ता पुस्तकका सम्पादकहरूले होटल चौतारी, नगरकोटमा केही दिन बिताएका थियौं। यस क्रममा सेवा तथा सत्कार पुऱ्याउनुहुने सो होटललाई पनि हामी धन्यवाद दिन्छौं। पुस्तक प्रकाशनमा अनुकूल वातावरण (स्रोत, संसाधन, उपकरण तथा जनशक्ति) उपलब्ध गराइदिनुहुने सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी), अनुसन्धानमा दक्षताको लागि स्विस राष्ट्रिय केन्द्र (एनसिसिआर, नर्थ-साउथ) तथा मानव तथा प्राकृतिक संसाधन अध्ययन केन्द्र, काठमाडौं विश्वविद्यालयप्रति पनि हामी कृतज्ञ छौं। भाषान्तरित यस पुस्तकको प्रकाशनार्थ स्विस एनसिसिआर कार्यकारिणी समिति (एक्स-को) ले हाम्रो अनुरोध स्वीकारी विशेष कोषबाट तत्काल रकम विनियोजन गरिदिएकोमा हामी सो समितिप्रति निकै आभारी छौं।

विद्यावारिधि तथा स्नातकोत्तर तहका विद्यार्थीहरू तथा वरिष्ठ अनुसन्धाताहरूले भूमिसम्बन्धी विभिन्न विषयमा गरेका अनुसन्धानका नतिजाका साथै अभ्यासकर्ताका अनुभव एवं अवलोकनहरूलाई पनि यस पुस्तकले समेटेको छ। राजनीतिकर्मी, नीतिनिर्माता, प्राज्ञिक व्यक्तित्व, अनुसन्धाता, भूमि अधिकारकर्मी, विद्यार्थी तथा भूमि सवालमा चाख राख्ने मानिसहरूको लागि यस पुस्तक उपयोगीसिद्ध हुनेछ भन्ने हाम्रो आशा छ। यस कामको सम्पूर्ण श्रेय हामी पुस्तकलाई यस स्वरूपसम्म ल्याउन सघाउनुहुने सबैसँग बाँड्न चाहन्छौं। तर सम्बन्धित परिच्छेदहरूका कमजोरीप्रति सम्बन्धित लेखक नै तथा सम्पूर्ण पुस्तकप्रति सम्पादकत्रय जिम्मेवार रहने जानकारी गराउँछौं। सुधारका लागि पाठकहरूबाट उपलब्ध हुने रचनात्मक सुझाव तथा टिप्पणीहरूलाई हामी धेरै स्वागत गर्दछौं।

सम्पादकत्रय
बैशाख, २०६६

# अनुवादकको कलम...

स्रोत राजनीतिको विश्व इतिहासमा भूमि द्वन्द्व अन्योन्याश्रित बनेर आउँछ। यस क्रममा नेपाल पनि अपवाद होइन। वर्षौंदेखि दबाइएका आवाजहरू परिवर्तनको यो घडीमा फेरि एकचोटि जुर्मुराएका छन्। राज्य सञ्चालनको नवीन रूपरेखा कोरिन लागेको यस समयमा सामाजिक न्याय, समता तथा सम्प्रभुताको लागि यसरी एकत्रित हुन थालेका प्रयासमा मैले पनि होस्टेमा हैँसे मिलाउन पाएको छु। यसबाट मलाई बेग्लै गर्वानुभूति भइरहेको छ। *'ल्याण्ड पलिटिक्स एण्ड कन्फ्लिक्ट इन नेपाल: रियलटिज एण्ड पटेन्सल्स अफ एग्रेचेरियन ट्रान्सफर्मेसन'* पुस्तकको नेपाली संस्करण तयार पार्दै गरेको यो समय भूमि क्रान्तिका विश्वमै अनुकरणीय महानायक एमिलियानो जापटाले सहादत प्राप्त गरेको समयसँग मिल्दोजुल्दो छ। आजभन्दा ठीक ९० वर्षअघि सन् १९१९ अप्रिल १० मा मेक्सिकोको क्रूर शासन-व्यवस्थाले अग्रणी किसान-योद्धा जापटाको सास छिनेको थियो। तपाईंहरूसामु यो पुस्तक पस्किरहँदा उनको योगदानलाई अहिले हामी सम्झिरहेका छौं। विश्व इतिहासमै अधिकार माग्नेहरूलाई गोली दागिएको घटना सर्वव्यापी छ। नेपालमा पनि ग्रामीण भूमि क्रान्तिका महाभियन्ता भीमदत्त पन्तको ५६ वर्षअघिको बलिदानी सम्झेर आज पनि हाम्रो शिर पटक-पटक झुक्छ। यसरी अधिकार विनियोजन र राज्य रूपान्तरणको लागि यस पुस्तकले पनि फरक खालको भूमिका दिन सक्छ भन्ने हाम्रो विश्वास छ।

अँग्रेजी संस्करण प्रकाशनकै क्रममा समालोचकहरूले यस पुस्तकको ऐतिहासिक महत्वलाई औँल्याएका थिए। नेपालमा भूमिसम्बन्धी वैज्ञानिक लेखन केही पुस्तकहरूमा मात्रै सीमित थियो र यस्तो परिप्रेक्ष्यमा यसले नवीन खुड्किलो थपेको तिनको विश्वास थियो। यस्तो महत्वपूर्ण पुस्तकको छायानुवाद गर्ने विश्वास ममाथि राखिदिनु भएकोमा यस पुस्तकका सम्पादकत्रय डा. विष्णुराज उप्रेती, डा. सागर राज शर्मा र जगत बस्नेतप्रति म ज्यादै कृतज्ञ छु। उहाँहरूले काँधमा थमाउनु भएको यो जिम्मेवारीलाई मैले सकेसम्म मिहिनेत र संवेदना खर्चेर पूरा गर्ने प्रयत्न गरेको छु। पुस्तकको नेपाली संस्करण प्रकाशनका क्रममा अंग्रेजी संस्करणमा देखिएका त्रुटिहरूलाई पनि सकेसम्म घटाइएको छ। विषयवस्तुमै उल्लेख्य परिवर्तन नगरिए तापनि नेपाली भाषामा शब्दहरूलाई बढी लैङ्गिक-मैत्री बनाउने प्रयास भएको छ। यसरी विगतमा नेपाली साहित्यको धेरै ठाउँ (अन्तरिम संविधान-२०६३ मा समेत) मा लेखिएका भूस्वामित्व, भूमिपति, पुँजीपतिजस्ता शब्दहरूलाई क्रमश: भूअधीनत्व, जमिन्दार, पुँजीधनी आदि शब्दले प्रतिस्थापित गरिएको छ। यद्यपि प्रत्यक्ष उद्धरणमा लागू गर्नुपर्ने नियमको बन्धनले गर्दा केही सीमित स्थानमा भने पहिले नै उल्लिखित यी

शब्दहरूलाई हामीले जस्ताको तस्तै राखेका छौँ। यस क्रममा आफ्ना अमूल्य सुझाव दिनुहुने लेखक दिदी दीपा गौतमलाई पनि मैले बिर्सन सक्दिनँ। अंग्रेजी संस्करणमा इस्वी आधारित मिति व्यापक प्रयोग भएको थियो। यस पुस्तकमा भने हामीले नेपाली परिवेशका घटनाहरूलाई सकेसम्म विक्रमाब्दमा राख्ने प्रयास गरेका छौँ। तारिकसमेत उल्लेख भएका मितिलाई सफ्टवेयरको प्रयोग गरी विक्रमाब्दमा परिवर्तन गरिएको छ। महिना वा सालहरूमात्रै उल्लेख भएका मितिमा भने सो वर्ष वा महिनाको पहिलो दिनलाई आधार मानी परिवर्तन गरिएको छ। तर यसमा पनि कमजोरीहरूलाई सकेसम्म घटाउन मिति रूपान्तरण गर्दा अन्य स्रोत तथा व्यक्तिहरूसँग पनि छलफल गरिएको छ।

भाषान्तरणको क्रममा सधैँ मसँग रहेर यथेष्ट सहयोग गर्ने अनन्य साथीहरू चन्द्रप्रकाश अर्याल र सुनिता भण्डारीप्रति म ऋणी छु। आवरण तस्विर प्रकाशन गर्न अनुमति दिनुहुने सिद्धि मानन्धर, निकोलास साइमन्स र भवसागर घिमिरेप्रति पनि म आभारी छु। त्यसमाथि पुस्तक प्रकाशनको अभिभारा बोक्ने एनसिसिआर कार्यकारिणी समिति (एक्स-को), यसको दक्षिण एसिया संयोजन कार्यालय र सो कार्यालयका क्षेत्रीय संयोजक डा. विष्णुराज उप्रेतीको निरन्तर हौसलालाई मैले सधैँ सम्झिरहनेछु। मेरो आग्रहलाई 'हुन्न' नभनेर यस पुस्तकको भाषा सुपरीवेक्षणजस्तो गहन जिम्मेवारी बोकिदिनुहुने दाजु शेखर पराजुलीप्रति म विशेष किसिमले अनुगृहित छु। यी सबैका साथै तपाईं पाठकहरूका सुधार-सुझाव हाम्रो निम्ति सधैँ अमूल्य पथ-प्रदर्शक बनिरहनेछन्। हामीलाई तिनको सबैभन्दा ठूलो खाँचो पर्नेछ।

समष्टिमा, अब यो समाजमा सीमान्तीकृत भएर कुनै पनि वर्गले खालि पेट र रित्तो भकारीबीच बाँच्नु नपरोस्। तिनलाई सामाजिक न्याय सुनिश्चित गराउनु हाम्रो युगको जिम्मेवारी अनि अबको पुस्ताको अनिवार्य कर्तव्य पनि हो। यदि हामी अहिले पनि समस्यालाई सम्बोधन गर्नबाट चुक्यौँ भने इतिहासले कहिल्यै क्षमा गर्नेछैन। अब सबै कर्मठ पाखुराहरूप्रति न्याय हुनु जरुरी छ। 'हुँदाखाने' र 'हुनेखाने'हरूबीच सामाजिक विभेदको जटिल जालोलाई चिर्नु अब अपरिहार्य भइसकेको छ। माटो मलिलो बनाउने तिनै भए पनि पेट भोको तिनकै भएको छ। आउने दिनमा खेत खन्ने र जिलाउनेहरूको पेट कहिल्यै रित्तो नहोस्। सबैले समताको अनुभव गर्न सकून्। सबै मिलेर एउटा नवीन समृद्ध तथा सुसम्पन्न संसार सिर्जना गर्न आउने दिनहरूले हामीलाई यही साहसको सञ्चार गरोस्। हाम्रो साझा प्रयासबाटै यो सबै सम्भव छ।

सफल घिमिरे
नदीपुर, पोखरा
बैशाख, २०६६

# विषय-सूची


हाम्रो जमर्को... i

बाँझो फोर्दा... iii

अनुवादकको कलम... v

परिच्छेद १ : नेपालमा सीमान्तीकरण तथा द्वन्द्वको स्रोतको रूपमा भूमि ............. ३
- विष्णुराज उप्रेती

परिच्छेद २ : नेपालमा भूमि आन्दोलनहरूको सारसंक्षेप ........................................ १९
- जगत बस्नेत

२.१ ऐतिहासिक पृष्ठभूमि ........ १९
२.२ वि.सं. २००७ अघिको परिदृश्य ........ २०
२.३ वि.सं. २००७ देखि २०१७ सम्मका किसान आन्दोलनहरू ........ २१
२.४ वि.सं. २०१६ देखि २०४६ सालसम्मको किसान क्रान्ति ........ २६
२.५ वि.सं. २०४६ पछि भूमि अधिकार आन्दोलन ........ २७
२.६ नागिरक समाजको सहजतामा भूमि अधिकार आन्दोलनहरू ........ ३०
२.७ निष्कर्ष ........ ३४

परिच्छेद ३ : भूमि सुधारमा अन्तर्राष्ट्रिय आन्दोलनहरु : एक विहङ्गम दृष्टि........ ३७
- जगत बस्नेत

३.१ परिचय ........ ३७
३.२ मेक्सिकोमा किसान आन्दोलन ........ ३८
३.३ सोभियत युनियनमा भूमि अधिकार आन्दोलन ........ ४२
३.४ चीनमा भूमि अधिकार आन्दोलन ........ ४५
३.५ फिलिपिन्समा भूमि अधिकार आन्दोलन ........ ४८
३.६ बोलिभियामा भूमि अधिकार आन्दोलन ........ ५०
३.७ निष्कर्ष ........ ५५

परिच्छेद ४ :गलत प्राथमिकताको मूल्य: नेपालमा वैदेशिक सहायता तथा भूमि सुधार....... ५९
- सागर राज शर्मा

४.१ नेपालमा अन्तर्राष्ट्रिय सहयोगको संक्षिप्त इतिहास ........ ५९
४.२ नेपालमा वैदेशिक सहायता वर्तमान प्रवृत्ति तथा विशेषताहरू ........ ६१
४.३ नेपालमा भूमि सुधार प्रयासका सारसंक्षेप ........ ६८
४.४ निष्कर्ष ........ ७९

परिच्छेद ५ : भूमि र शक्ति सम्बन्ध ........ ८३
- पूर्ण नेपाली र कैलाशनाथ प्याकुऱ्याल

५.१ पृष्ठभूमि ........ ८३
५.२ सैद्धान्तिक बहसहरू ........ ८५
५.३ मार्क्सवादी आधारशिलाको ग्रामीण संरचना........ ८८
५.४ जमिन्दारी प्रथा ........ ९१
५.५ विभिन्न कृषि श्रमिक व्यवस्था तथा ऋणग्रस्तता........ ९३

५.६ भूमि सुधार र शक्ति सम्बन्ध ........ ९८
५.७ जात, परनिर्भरता र बँधुवा श्रमिक ........ १०१
५.८ निष्कर्ष ........ १०२
परिच्छेद ६ : भूमि र सामाजिक द्वन्द्व ........ १०५
– विष्णुराज उप्रेती
६.१ परिप्रेक्ष्य ........ १०५
६.२ राज्य, शक्ति र भूमि स्रोत ........ १०८
६.३ भूमिसँगको पहुँच तथा अधीनत्व र द्वन्द्व ........ ११५
६.४ सम्पत्ति अधिकार र भूमि द्वन्द्व ........ ११९
६.५ शक्ति, प्रतिष्ठा र पहिचानको स्रोतको रूपमा भूमि ........ १२२
६.६ सामाजिक द्वन्द्वको नित्य स्रोतको रूपमा भूमि ........ १२३
६.७ निष्कर्ष ........ १२८
परिच्छेद ७ : नेपालमा महिला, भूमण्डलीकरण र भूमि आधारित बहिष्करण ........ १३७
– यमुना घले
७.१ परिप्रेक्ष्य ........ १३७
७.२ एकत्रित स्रोत र महिलाको बहिष्करण ........ १३८
७.३ उत्पादनशील स्रोतसँगको पहुँच र यसमाथिको नियन्त्रणमा महिलालाई वर्जन १४५
७.४ धर्म र संस्कृतिः जातीय तथा लिङ्गीय भेद ........ १४६
७.५ भूमि, खाद्य तथा लैङ्गिक सम्बन्धः अन्तर्राष्ट्रिय प्रावधानहरू ........ १४७
७.६ भूमिसँग महिलाको पहुँचमा विभिन्न मुलुकका कानूनी प्रावधानको सारसंक्षेप..... १५३
७.७ भूमि र भूमण्डलीकरणः एक सारांश अवलोकन ........ १५५
७.८ अबको बाटो ........ १६५
७.९ निष्कर्ष ........ १६७
परिच्छेद ८ : नेपालमा दलित, भूमि र सामाजिक बहिष्करण ........ १७१
– पूर्ण नेपाली
८.१ परिचय ........ १७१
८.२ परिप्रेक्ष्य ........ १७१
८.३ नेपाली अर्थव्यवस्थाका विशेषताहरू ........ १७३
८.४ ऐतिहासिक दृष्टिकोण ........ १७४
८.५ राजनीतिक परिवर्तन र दलितहरूको भूअधीनत्व ........ १७६
८.६ संयुक्त राष्ट्रसंघ र सम्पत्ति अधिकार ........ १७९
८.७ निष्कर्ष ........ १८२
परिच्छेद ९ : नेपालमा हलियाको अवस्था ........ १८९
– जगत देउजा र नरिराम लुहार
९.१ परिचय ........ १८९
९.२ हलिया प्रथाको उदय ........ १८९
९.३ कमैया र हलियाबीचको भिन्नता ........ १९१
९.४ भूमि वञ्चितता ........ १९४
९.५ हलियासम्बन्धी कानूनी प्रावधान ........ १९५
९.६ निष्कर्ष ........ १९८

परिच्छेद १० : तराईका हरुवा र चरुवाहरु ........ २०१
- जगत देउजा, गणेश राम र विष्णुराज उप्रेती
१०.१ परिप्रेक्ष्य ........ २०१
१०.२ हरूवा र चरूवाको अवस्था........ २०१
१०.३ निष्कर्ष तथा अबका कदमहरू ........ २१०
परिच्छेद ११ : नेपालमा भूमिहीनता........ २१३
- जगत देउजा
११.१ पृष्ठभूमि ........ २१३
११.२ भूमिहीनताका कारणहरू ........ २१४
११.३ भूमिहीनताको प्रभाव ........ २१५
११.४ भूमिहीनतालाई सम्बोधन गर्ने सरकारी प्रयास ........ २१६
११.५ पूर्वी तराईमा भूमिहीनता ........ २१९
परिच्छेद १२ : एक्काइसौँ शताब्दीमा नेपालमा श्रम-शोषण: एक पत्रकारको दृष्टिकोण....... २२५
- माधव ढुङ्गेल
१२.१ पृष्ठभूमि ........ २२५
१२.२ हलियाका नसुनिएका चित्कारहरू ........ २२७
१२.३ हलियाहरूको अरण्यरोदन........ २३१
१२.४ निष्कर्ष ........ २३३
परिच्छेद १३ : नेपालमा रूपान्तरणमुखी भूमि सुधार: अबको बाटो ........ २३७
- जगत बस्नेत र विष्णुराज उप्रेती
१३.१ पृष्ठभूमि ........ २३७
१३.२ भूमिमाथि नियन्त्रणको ऐतिहासिक प्रक्रिया ........ २३८
१३.३ गरीबी, शक्ति र भूमिसँगको पहुँच ........ २४०
१३.४ भूमिसम्बन्धी सवाल: माओवादी सशस्त्र द्वन्द्वदेखि संविधानसभासम्म........ २४३
१३.५ रूपान्तरणमुखी भूमि सुधार: एक वैकल्पिक दृष्टिकोण........ २४५
१३.६ राज्य रूपान्तरणमा रूपान्तरणमुखी भूमि सुधारको योगदान........ २५३
१३.७ निष्कर्ष: द्वन्द्वदेखि शान्ति र स्थायित्वसम्म........ २५६
परिच्छेद १४ : भूमि र अपूर्ण बहस: खाँचो समावेशी शैलीको ........ २५९
- सागर राज शर्मा
१४.१ भूमि-केन्द्रित समसामयिक बहस ........ २६०
१४.२ अन्य विकल्पहरू ........ २६३
१४.३ निष्कर्ष ........ २६४
लेखकहरुबारे ........ २६७
अनुक्रमणिका ........ २७१

# तालिकाहरूको सूची


तालिका १.१ आकार, वर्ग र प्रादेशिक क्षेत्राधारमा कार्यगत भूअधीनत्वको वितरण (सन् १९६१) ........ ७

तालिका १.२ आकार, वर्ग र प्रादेशिक क्षेत्राधारमा कार्यगत भूअधीनत्वको वितरण (सन् १९७१) ........ ८

तालिका १.३ उपभोगको प्रकार तथा प्रादेशिक क्षेत्राधारमा कार्यगत भूअधीनत्वको वितरण (सन् १९६१) ........ १०

तालिका १.४ उपभोगको प्रकार र प्रादेशिक क्षेत्राधारमा कार्यगत भूअधीनत्वको वितरण (सन् १९७१) ........ ११

तालिका १.५ भूमि सुधारपछिको भूमि उपभोग वितरण........ १२

तालिका १.६ उपभोगको अवस्था र प्रादेशिक क्षेत्राधारमा मोहियानी अधीनत्वको वितरण (सन् १९६१) ........ १३

तालिका १.७ उपभोगको अवस्था र प्रादेशिक क्षेत्राधारमा मोहियानी अधीनत्वको वितरण (सन् १९७१) ........ १४

तालिका १.८ अधीनत्वको आकार र क्षेत्र........ १५

तालिका १.९ स्रोताधारमा मोहीको संख्या र भूमि क्षेत्र........ १५

तालिका १.१० क्षेत्राधारमा मोहीको संख्या र भूमि क्षेत्र........ १६

तालिका १.११ भूमि हदबन्दी........ १६

तालिका १.१२ भूमि खण्डीकरण ........ १७

तालिका ४.१ सरकारी बजेटः आय तथा व्ययको सारांश ........ ६२

तालिका ४.२ नेपालको लागि प्रमुख द्विपक्षीय वैदेशिक सहायता भुक्तानीः सन् २००१–२००५....६३

तालिका ४.३ नेपालको लागि प्रमुख बहुपक्षीय वैदेशिक सहयोग भुक्तानीः सन् २००१–२००५... ६४

तालिका ४.४ दक्षिण एसियामा ओडिए ........ ६६

तालिकाः ४.५ क्षेत्रगत आधारमा वैदेशिक सहयोग भुक्तानी ........ ६७

तालिका ४.६ आर्थिक सेवाका उप-क्षेत्रहरूमा वास्तविक सहयोग भुक्तानी ........ ७१

तालिका ६.१ भूमि ऐनले लगाएको भूमि हदबन्दीको प्रावधान........ १२५

तालिका ६.२ बडाल आयोगद्वारा प्रस्तावित हदबन्दी........ १२६

तालिका ७.१ स्थानीय निकायमा महिला प्रतिनिधित्व ........ १४०

तालिका ७.२ संसदमा महिला प्रतिनिधित्व ........ १४०

तालिका ७.३ श्रेणी र स्तरका आधारमा लोकसेवामा महिला प्रतिनिधित्व ........ १४१

तालिका ७.४ संविधानसभा सदस्यहरूको दलगत लैङ्गिक संरचना........ १४१

तालिका ७.५ संविधानसभाको प्रत्यक्ष निर्वाचनमा दलगत उम्मेदवारहरू ........१४४

तालिका ७.६ नेपाल सरकारले पारित गरेका सान्दर्भिक अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरू ........ १५१

तालिका ७.७ केही मुलुकहरूमा लैङ्गिक तथा जनजातीय आधार भूमि स्रोतसँगको पहुँच........१५३

तालिका ८.१ राष्ट्रिय अवस्थासँग दलितको तुलनात्मक सामाजिक–आर्थिक सूचकाङ्क........१७३

तालिका ८.२ दलित र भूमि अधीनत्व.....१७५
तालिका ९.१ कमैया र हलिया प्रथाको तुलना.....१९२
तालिका १०.१ अध्ययन क्षेत्रमा हरूवा र चरूवाको जातिगत/जनजातीय वितरण..... .२०३
तालिका १०.२ प्रमुख दलित समूहबीच भूअधीनत्व.....२०३
तालिका १०.३ हलिया/हरूवा र चरूवाको राखिएका आधारमा अध्ययन क्षेत्रका घरधुरीको वितरण___ २०४
तालिका १०.४ करारअनुसार हरूवा/चरूवाको वर्गीकरण..... २०८
तालिका १०.५ जातिगत/जनजातीय आधारमा हरूवा/चरूवा बसेको वर्ष संख्या..... २०८
तालिका १०.६ जिल्ला र वर्ष संख्याको आधारमा हरूवा/चरूवाको वितरण..... २०९
तालिका १०.७ जिल्लाको आधारमा हरूवा चरूवाको प्रतिशत वितरण..... २१०
तालिका ११.१ वि.सं. २०४६ को राजनीतिक परिवर्तनपछि गठित प्रमुख आयोगहरू ..... २१८
तालिका १३.१ सन् १९६१ देखि सन् २००१ सम्मका मोही र मोहियानी..... २४२
तालिका १४.१ नेपालमा भूमि वितरण अवस्था .....२६१

# चित्रहरूको सूची


| | | |
|---|---|---|
| चित्र ४.१ | कृषिबाट भएको वास्तविक कुल गार्हस्थ उत्पादन (जिडिपी)– सन् १९८८–२००४.... | ६६ |
| चित्र ७.१ | खाद्य सुरक्षाप्रति मानव अधिकारवादी धारणा र खाद्य अधिकारका केही तत्वहरू.. | १४८ |
| चित्रः ७.२ | दीर्घकालीन कृषि योजना र गरीबी न्यूनीकरण रणनीति पत्रका प्राथमिकताहरू...... | १५२ |
| चित्र ७.३ | विश्व व्यापार संगठनको सदस्यका विभिन्न समूहहरूको जटिलता............ | १५७ |
| चित्र ७.४ | विश्व व्यापार संगठनमा शक्ति वृत्त ............ | १५७ |
| चित्र १३.१ | सन् १९७३ मा उपभोग्य जमिनको प्रकार............ | २४० |


# बक्सहरूको सूची


| | | |
|---|---|---|
| बक्स २.१ | मोहियानी हक आन्दोलनका प्रमुख घटनाहरू ............ | ३१ |
| बक्स २.२ | राजाको प्रत्यक्ष शासनविरूद्ध किसानहरूको प्रदर्शन............ | ३३ |
| बक्स ३.१ | चीनमा भूमि अधिकार आन्दोलनको समयरेखा ............ | ४७ |
| बक्स ५.१ | राम खेलावन सदाको कथा............ | ९८ |
| बक्स ७.१ | भूमि स्रोतसँग महिलाको पहुँचमा प्रत्यक्ष प्रभाव पार्ने केही कानूनी प्रावधानहरू.. ............ | १६१ |
| बक्स ९.१ | बैतडीमा हलियाका छ पुस्ता ............ | १९३ |
| बक्स ९.२ | जमिन्दारको अत्याचार ............ | १९३ |
| बक्स ९.३ | अधिकार र जीविकाबीचको रोजाइ............ | १९४ |
| बक्स ९.४ | दलितहरूको संघर्ष............ | १९५ |
| बक्स ९.५ | निरन्तर शोषण............ | १९८ |
| बक्स १०.१ | धार्मिक संस्कृतिसँग गाँसिएको हरूवा प्रथा............ | २०५ |
| बक्स ११.१ | भूमिहीन जनताको जमिन पाउने टुक्रिएको आशा............ | २१६ |
| बक्स ११.२ | राजा महेन्द्र र भूमि राजनीति ............ | २१९ |
| बक्स ११.३ | शक्ति, साँठगाँठ र भूमि आधारित शोषण............ | २२० |
| बक्स ११.४ | जमिन्दारको स्वार्थसिद्धि............ | २२१ |
| बक्स ११.५ | भूमिहीन र बसाइँसराइँ............ | २२२ |
| बक्स ११.६ | मेरो अम्बा नखा ............ | २२३ |

# खण्ड एक
# सारसंक्षेप

## परिच्छेद १

✍ *विष्णुराज उप्रेती*

# नेपालमा सीमान्तीकरण तथा द्वन्द्वको स्रोतको रूपमा भूमि

पछिल्लो पचास वर्षदेखि नेपालको अर्थ राजनीतिमा भूमि सबैभन्दा विवादास्पद विषयमात्र नभएर शक्ति संघर्ष र द्वन्द्वको नित्य स्रोत पनि बनिरहेको छ। भूमिसम्बन्धी हुने अचेलका छलफलमा सुधारमुखी, रूपान्तरणमुखी र पैरवीमुखी तरिका अपनाउने गरिएको पाइन्छ। भूमि सवाललाई सम्बोधन गर्न, किसानहरूको मोहियानी हक अभिवृद्धि एवं जोत्नेहरूको अपनत्व स्थापित गर्न यो अवधिमा धेरै भूमि नीतिहरू सार्वजनिक भए। दुर्भाग्यवश, यस्ता धेरैजसो नीति र निर्णयहरू कि त्रुटिपूर्ण दस्तावेज बने, कि त कार्यान्वयनका क्रममा निकै नै कमजोर ठहरिए। परिणामतः गरीब र सीमान्तीकृत जनताले धेरै सास्ती बेहोर्नुपर्‍यो। यसमाथि पनि राजतन्त्रलाई सामन्तवादको रक्षक एवं प्रवर्द्धक मानिन्थ्यो। त्यसैले यो व्यवस्था नेपालको लागि पछौटेपन, गरीबी र असमानताको कारक बनिरह्यो। यो समयावधिमा धेरैजसो लोकप्रिय आन्दोलनको केन्द्रविन्दु राजतन्त्रमाथि नै रहिरह्यो। परिणामतः २४० वर्ष पुरानो राजतन्त्र संविधानसभाको प्रथम बैठकबाट औपचारिक रूपमा अन्त्य भयो।[१]

नेपालमा भूमिको प्रयोग ऐतिहासिक रूपमा नै आफ्नो शक्ति बलियो बनाउने साधनजसरी भएको थियो। शासक, राज्य संरक्षक, राज्यशक्तिका सञ्चालक तथा जमिन्दारहरूले भूमिलाई तिनको स्थान, शक्ति र सामाजिक सम्बन्ध संवर्द्धन तथा अभिवृद्धि गर्न प्रयोग गरे। वि.सं. २००७ मा राणा शासनको उन्मूलन तथा २०१२ मा प्रथम योजनाको सुरुआत भएर योजनामुखी विकास

---

*[१] २०६५ जेठ १५ मा बसेको संविधानसभाको प्रथम बैठकले राजतन्त्रको अन्त्य गरी नेपाललाई 'संघीय लोकतान्त्रिक गणतन्त्र' मुलुक घोषणा गर्‍यो। बैठकमा उपस्थित ५६४ सभासद्मध्ये ५६० ले राजतन्त्र अन्त्य गर्नको लागि मतदान गरे भने राजावादी राष्ट्रिय प्रजातन्त्र पार्टी (राष्ट्रवादी) का ४ सभासद्ले राजतन्त्र राख्नको निम्ति मतदान गरे। त्यसपछि पदमुक्त गराइएका राजाले एउटा पत्रकार सम्मेलनको आयोजना गरी नारायणहिटी राजदरबार छोडेका थिए।*

थालिएपछि पनि गरीब किसान तथा मोहीहरूको आर्थिक विकासको लागि भूमिको यथोचित उपयोग भएन। बरु यसलाई विभिन्न शक्ति केन्द्रका शासक तथा कुलीन वर्गको हितकै लागि निरन्तर प्रयोग गरियो। वि.सं. २००७ पछि ल्याइएका भूमि तथा कृषिसम्बन्धी विभिन्न नीति तथा योजनाहरूले पनि भूमिहीनताको समस्या तथा सम्भ्रान्त वर्गबाट भएका शोषणलाई राम्रो सम्बोधन गर्न सकेनन्। गरीब, भूमिहीन, मोही तथा किसानहरूको जीविका झन् खस्कँदै गएको पनि देखियो (उप्रेती र म्युलर बकर, प्रकाशोन्मुख)। आखिर किन त ? यस्तो हुनुका पनि निश्चित कारक छन्। भूमिलाई सधैं कि कुनै वस्तुको रूपमा हेर्ने कि त आफ्नै सीमित स्वार्थको लागि दुरूपयोग गर्ने नीति-निर्माता, योजनाकार तथा राजनीतिकर्मीहरूका व्यक्तिमुखी धारणाहरू नै यसको एउटा प्रमुख कारण बन्दछ। अर्को मुख्य विषय भनेको समाजको भूमि आधारित शक्ति संरचना हो। वास्तवमा नेपालमा भूमि जीविकाको आधार, पहिचानको माध्यम, संस्कृतिको स्रोत तथा सामाजिक चिनारीको जग बनेको छ। विपन्न जनता र भूमि स्रोतबीचको सम्बन्धलाई सुव्यवस्थित तरिकाले बुझ्न नसक्नु नै नेपालमा सीमान्तीकृत कृषक र कुलीन वर्गबीच तनाव बढ्नुको प्रमुख कारण हो।

भूमि र कृषिका क्षेत्रमा धेरै कमी-कमजोरी र उपेक्षा भएका पाइन्छन्। उदाहरणका लागि सातौं, आठौं, नवौं र दशौं योजनामा कृषि नीति, रणनीति तथा प्राथमिकतामा सरकारले सिँचाइ गरिएका क्षेत्रमा अन्न उत्पादनका लागि उत्पादन सामग्रीको व्यवस्था, औद्योगिक कच्चा पदार्थ आपूर्ति गर्नको लागि बेर्नाहरूको प्रशोधन, पहुँच पुग्ने क्षेत्रहरूमा फलफूल, तरकारी, दूध तथा माछाजस्ता खाद्यपदार्थको उत्पादनमा ध्यान केन्द्रीकरण, सिँचाइको विस्तार (विशेषगरी पहाडी क्षेत्रमा), सहभागितात्मक विधिद्वारा वृक्षारोपण आदिलाई महत्व दिइएको थियो (एनपिसी, १९८५, १९९२, १९९८ र २००३)। नवौं योजनामा भएको बीसवर्षे दीर्घकालीन कृषि योजनाले भूमिहीन तथा अर्ध-भूमिहीन जनताको भूमि स्रोतमाथिको पहुँच र किसानलाई कृषि उत्पादन सामग्रीको प्रत्याभूति दिन सकेन। यसको साटो सो योजनालाई केवल एउटा कृषिमुखी अन्तरक्षेत्रीय एकीकृत विकास प्रक्रियाको रूपमा हेरिएको थियो। अरू त अरू, यी सबै नीति, योजना तथा रणनीतिहरू भूमिसम्बन्धी शक्ति सम्बन्धका विषयमा निकै मौन थिए। यसैगरी नवौं योजनाको रणनीति 'कृषि र वनक्षेत्रको एकीकृत विकास तथा यिनै क्षेत्रलाई जोड दिएर गरीबी निवारणमुखी उच्च आर्थिक वृद्धि' गर्नु थियो (एनपिसी, १९९८: ७३)। जे भए पनि शक्तिका आधारमा चल्ने भू-अधीनत्वको शैलीलाई सम्बोधन गर्नमा भने सो योजना मौन थियो। दशौं योजनाले पनि कृषि सम्बन्धहरूमा शक्ति केन्द्रित सामन्ती अधीनत्वमाथि कुनै ख्यालै नराखी त्यस्तै व्यवस्था दोहोऱ्यायो। कुल जनसंख्याको १०% भन्दा धेरै भूमिहीन जनताको भूमि स्रोतसँगको पहुँच सुनिश्चित नगरिकन एकीकृत कृषिबाट गरिने गरीबी निवारणमुखी आर्थिक वृद्धि आखिर कतिसम्म सम्भव हुनसक्छ त ?

स्रोत विभाजनका दृष्टिले पनि नेपालमा भूमि सुधारले थोरैमात्र प्राथमिकता पाएको छ। कृषि क्षेत्र (कृषि, वन, मत्स्य तथा सिँचाइसमेत समाविष्ट) भित्रै पनि भूमि सुधारले वि.सं. २०४०/०४१ देखि २०५०/०५१ सम्म एक प्रतिशतभन्दा पनि कम बजेटमात्रै पायो। यस अवधिमा कृषि क्षेत्रमा खर्च गरिएको जम्मा १९.८१५ अरब रूपैँयामध्ये कृषि, सिँचाइ र वनले क्रमशः ३८.७%, ४३.८% र १६.७% बजेट प्राप्त गरे भने भूमि सुधारले एक प्रतिशतभन्दा पनि कममात्रै बजेट पायो (चापागाइँ, २००१:८)। यसले भूमिसम्बन्धी समस्या र सवालहरूलाई सम्बोधन गर्ने काममा सरकारी प्रतिबद्धताको कमीलाई पनि छर्लङ्ग पार्छ। विगतका अध्ययनहरू (चापागाइँ, १९९९; चापागाइँ र अरू, १९९८; एलआरएमपी, १९८६; रेग्मी, १९७८ र जामान, १९७३) ले भूमिसम्बन्धी समस्या बहुपक्षीय, जटिल तथा राज्यको शक्ति संरचनासँग प्रत्यक्ष सम्बन्धित भएको देखाउँछन्। जे भए पनि नेपालमा विभिन्न समयमा सत्तामा रहेका सरकारहरूले भूमि आधारित बदलिँदो शक्ति केन्द्रीकरण तथा तत्सम्बन्धी शोषणलाई केन्द्रीभूत पार्न सकेनन्। गरीब, सीमान्तीकृत, दमित तथा अन्यायमा परेका जनता पहिले नै जमिन्दार तथा ग्रामीण सामन्तहरूद्वारा भएका असमानता, अन्याय र शोषणमा पिल्सिएका थिए। राज्यले आफूहरूलाई जानाजान उपेक्षा गरिरहेको छ भन्ने भावनाको आगो तिनको मनमा दन्किएको थियो। यसैमाथि सरकारी कार्यशैलीले त्यो आगोमा झनै घ्यू थप्ने काम गऱ्यो। राज्यको अस्वीकार्य बानीले नेपाली जनताको निकै ठूलो हिस्सालाई असन्तुष्ट बनायो र यसैको परिणामस्वरूप राज्य नै द्वन्द्वमा धकेलियो।

सरकारले भूमि तथा कृषिको क्षेत्रलाई उचित प्राथमिकता नदिएको तथ्य पछिल्ला दशओटा योजनाहरूको पुनरावलोकनबाट नै स्पष्ट हुन्छ। निकै जटिल अवस्थामा रहेको अहिलेको भूमि वितरण प्रणालीलाई सम्बोधन नगरी कृषि क्षेत्रको सुधार गर्न ज्यादै कठिन छ। कृषि क्षेत्रमा भएका नीति निर्देशन तथा कार्यक्रम र गतिविधिहरूले अझै पनि समस्याको जरोलाई सम्बोधन गर्न सकेका छैनन्। उदाहरणका लागि 'उदारीकरण तथा निजीकरण' को अभ्यासले भूमि र कृषि कार्यक्रम तथा नीतिहरूको खाका तयार गरेको भए पनि भूमिहीन जनतालाई भूमि उपलब्ध गराउनेबारे कुनै वकालत गरेको छैन। भूमिसम्बन्धी सवालमा यस्ता कमजोरीहरू आइरहनुको प्रमुख कारण स्रोत र नीति निर्माणमा सरकार दाताहरूसँग उच्च निर्भर हुनु पनि हो। नेपाल सरकारको दुई-तिहाइभन्दा बढी विकास बजेट (पुँजी खर्च) कि अनुदान सहयोग कि त ऋणको रूपमा बाह्य स्रोतबाटै आउने गर्छ (एनपिसी, २००३)। यसरी परोक्ष रूपमा दाता नै मुख्य निर्णयकर्ता बन्छन् र राजनीतिक दलहरू पनि तिनमै अधिक निर्भर छन्। राजनीतिक आदर्शहरू जेसुकै भए पनि दलहरूले सम्भावित नकारात्मक प्रभावहरूको आँकलनै नगरी वैदेशिक सहायतालाई झन् बढाउने

काम गरेका छन्। निश्चय नै नेपाललाई वैदेशिक सहायता चाहिन्छ तर प्राथमिकता निर्धारण भने दाताहरूले होइन राज्यले गर्नुपर्छ। सहयोगका शर्तहरू सहायता प्रभावकारितामाथिको पेरिस घोषणा (पेरिस डिक्ल्यरेसन अन एड इफेक्टिभनेस) अनुसार नै सञ्चालित हुनुपर्छ।

अनुदान पाउने मुलुकको आवश्यकता र प्राथमिकतालाई विचारै नगरी नेपाललाई सहयोग गर्ने दाताहरूले निरन्तर रूपमा संसाधन तथा प्राथमिकताहरू परिवर्तन गरिरहेको हामीले सदैव देखेका छौँ। नेपालका प्राथमिकताहरू त्यस्ता अन्तर्राष्ट्रिय दाताहरूद्वारा निर्धारण गरिन्छ जसले भूमिहीन जनतालाई भूमिको स्रोतसँग पहुँच पुऱ्याउने प्रगतिशील भूमि सुधारलाई रुचाउँदै रुचाउँदैनन्। अन्तर्राष्ट्रिय दाता तथा विशेषगरी बहुपक्षीय नियोगहरू यो देशमा भएको असमान र पूर्वाग्रही भूअधीनत्व[२] प्रणालीलाई तोड्ने काम गर्न नै हिच्किचाउँछन्। यसको साटो तिनले उत्पादकत्व तथा कृषिको व्यावसायीकरणलाई मात्रै जोड दिइरहेका छन्। यसैको कारण नेपालले धेरै भूमि द्वन्द्व तथा यससम्बन्धी अप्ठ्याराहरू झेल्नु परिरहेको छ।

लाखौँ जनताहरू भूमिहीन भएका तथा त्योभन्दा पनि धेरै जनताले अरूको जमिनमा खेतीपाती गरेर बस्नु परेकोले नेपालको भूमि द्वन्द्व मुख्यतया पहुँच र नियन्त्रणमा आधारित छ। अबको खण्डमा राणाकालीन एकतन्त्रको अन्त्य तथा विशेषगरी वि.सं. २०१७ पछिको दशकमा भूमि सुधार सुरु भएदेखिका भूमिसम्बन्धी बहसको यथार्थलाई समयसापेक्ष पार्न केही सूचना तथा तथ्याङ्क प्रस्तुत गरिएको छ।

तालिका १.१ ले नेपालका विभिन्न राजनीतिक, भौगोलिक तथा पर्यावरणीय क्षेत्रहरूमा भूअधीनत्वको अवस्थालाई चित्रण गर्छ। सन् १९६१ को यो भूमि वितरणको अवस्थाले अरू क्षेत्रको तुलनामा पश्चिमी भित्री तराईमा धेरै भूमिहीन मानिस रहेको देखाउँछ। यसैगरी भूअधीनत्व भएका धेरै घरपरिवार पश्चिमी भित्री तराई र पश्चिमी तराईमा रहेका देखाउँछ।

तालिका १.१ र तालिका १.२ को तुलनाले सन् १९६१ र १९७१ बीचमा आकार, वर्ग र प्रादेशिक क्षेत्रका आधारमा कार्यगत भूमि अधीनत्वको वितरणमा आएको परिवर्तनलाई देखाउँछ।

---

[२] *परम्परागत लेखनमा चलिआएका शब्दहरूलाई सकेसम्म लैङ्गिक-मैत्री बनाउने हेतुले यस पुस्तकमा 'भूस्वामित्व' शब्दको सट्टा 'भूअधीनत्व' शब्दको प्रयोग गरिएको छ। यद्यपि प्रत्यक्ष उद्धरणको हकमा भने यस्तो विनिमय कायम गरिएको छैन। (अनु.)*

## तालिका १.१ आकार, वर्ग र प्रादेशिक क्षेत्राधारमा कार्यगत भूअधीनत्वको वितरण (सन् १९६१)

| भूअधीनत्वका आकार र वर्गहरू (हेक्टरमा) | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रादेशिक क्षेत्र | | भूमिहीन | <०.४० | ०.४०-१.० | १.०-२.० | २.०-४.० | ४.०-१० | >१० | >१०० | जम्मा |
| हिमाल | क्षेत्र | अनु. | अनु. | अनु. | अनु. | अनु. | अनु. | अनु. | अनु. | अनु. |
| | घ.धु. | अनु. | अनु. | अनु. | अनु. | अनु. | अनु. | अनु. | अनु. | अनु. |
| पहाड | क्षेत्र | | २७.८७ | ३८.८३ | २१.०२ | ८.४६ | ३.३५ | ०.४८ | | १०० |
| | घ.धु. | ०.२८ | ६३.११ | २७.९१ | ६.९८ | १.४४ | ०.२७ | ०.०१ | | १०० |
| *पूर्वी* | क्षेत्र | | २३.३४ | ३७.०० | २४.४१ | १०.६३ | ४.१२ | ०.५ | | १०० |
| | घ.धु. | ०.१५ | ५८.५७ | २९.७१ | ९.११ | २.०६ | ०.३८ | ०.०२ | | १०० |
| *मध्य* | क्षेत्र | | ३०.५ | ३९.८८ | १९.४ | ७.४३ | २.७ | ०.०८ | | १०० |
| | घ.धु. | ०.२८ | ६५.२२ | २७.०६ | ६.०८ | १.१८ | ०.२ | ०.००३ | | १०० |
| *पश्चिमी* | क्षेत्र | | ३१.३६ | ४०.२६ | १७.८८ | ६.४५ | ३.०२ | १.०३ | | १०० |
| | घ.धु. | ०.४६ | ६६ | २६.७८ | ५.५ | १.०२ | ०.२३ | ०.०२ | | १०० |
| **काठमाडौं उपत्यका** | क्षेत्र | | २५.२४ | ४८.७८ | १९.९ | ५.१ | ०.९ | | | १०० |
| | घ.धु. | ०.२३ | ५५.०५ | ३६.७३ | ६.९४ | ०.९२ | ०.०८ | | | १०० |
| भित्री तराई | क्षेत्र | | ५.१७ | १२.०२ | १३.३७ | २५.१७ | २४.८६ | १९.४१ | ०.५६ | १०० |
| | घ.धु. | २.५७ | ३५.४४ | २७.५६ | १३.७२ | १२.७६ | ६.२८ | १.६८ | ०.००७ | १०० |
| *पूर्वी* | क्षेत्र | | १०.८६ | १६.८२ | १४.२७ | २५.७२ | २०.५६ | ११.७७ | | १०० |
| | घ.धु. | ०.३४ | ५१.३९ | २५.५४ | ९.६३ | ९ | ३.४ | ०.७१ | | १०० |
| *मध्य* | क्षेत्र | | ४.९८ | १५.३५ | १४.३४ | २७.११ | २०.९२ | १७.३१ | | १०० |
| | घ.धु. | ०.५ | ३०.१७ | ३४.५५ | १४.७५ | १२.९७ | ५.१८ | १.३४ | | १०० |
| *पश्चिमी* | क्षेत्र | | ०.८ | ३.६१ | ११.३३ | २२.११ | ३३.६६ | २८.४६ | १.७७ | १०० |
| | घ.धु. | १३.०९ | १०.५२ | १४.१७ | २०.६ | २१ | १५.८ | ४.७९ | ०.०४ | १०० |
| तराई | क्षेत्र | | १.५१ | ५.१७ | १३.५२ | २४.६७ | ३०.२८ | २४.५ | १.६५ | १०० |
| | घ.धु. | ३.५७ | १७.८३ | २०.१ | २१.८२ | २१.१५ | १२.१९ | ३.१३ | ०.०२ | १०० |
| *पूर्वी* | क्षेत्र | | १.९८ | ६.१४ | १३.८७ | २७.२९ | ३१.४६ | १९.३७ | ०.८१ | १०० |
| | घ.धु. | ३.५९ | २०.३९ | १९.९४ | २०.६९ | २१.२६ | ११.७५ | २.३९ | ०.०१ | १०० |
| *मध्य* | क्षेत्र | | ०.९ | ५.५४ | १५.३३ | २२.३५ | २५.६९ | ३०.१९ | ०.५८ | १०० |
| | घ.धु. | ५.०४ | १०.६१ | २०.५९ | २७.५ | २१.१८ | १०.९५ | ४.१२ | ०.०२ | १०० |
| *पश्चिमी* | क्षेत्र | | ०.२८ | ३.५२ | ७.४१ | १३.१५ | ३०.०३ | ४५.६१ | ७.९३१ | १०० |
| | घ.धु. | २.६२ | ६.०८ | २०.८७ | २१.४९ | १९.९१ | १९.९७ | ९.०५ | ०.१४ | १०० |
| नेपाल | क्षेत्र | | ८.८१ | १५.२२ | १५.३७ | २०.३१ | २२.६७ | १७.६७ | १.१३ | १०० |
| | घ.धु. | १.४३ | ४७.९७ | २५.९२ | ११.७२ | ७.८४ | ४.१ | १.०२ | ०.००७ | १०० |

***स्रोतः** सिबिएस (१९६१); भट्टराई (२००३); (तालिका २.२१, पृ.१२५)*

***नोटः** अनु.= अनुपलब्ध, घ.धु.= घरधुरी*

## तालिका १.२ आकार, वर्ग र प्रादेशिक क्षेत्राधारमा कार्यगत भूअधीनत्वको वितरण (सन् १९७१)

| भूअधीनत्वका आकार र वर्गहरु (हेक्टरमा) | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रादेशिक क्षेत्र | | भूमि हीन | <०.४० | ०.४० -१.० | १.०-२.० | २.०-४.० | ४.०-१० | >१० | >१०० | जम्मा |
| हिमाल | क्षेत्र | | २८.२६ | ३२.५ | २०.३६ | ११.७७ | ६.०९ | १.०२ | | १०० |
| | घ.धु. | ०.४८ | ६७.५ | २२.६६ | ६.७६ | २.०६ | ०.४९ | ०.०४ | | १०० |
| ***पूर्वी*** | क्षेत्र | | २४.६३ | ३६.६७ | २१.२४ | ९.८ | ५.८२ | १.७९ | | १०० |
| | घ.धु. | ०.३२ | ५९.८ | २९.१३ | ८.१७ | १.९५ | ०.५५ | ०.०७ | | १०० |
| ***मध्य*** | क्षेत्र | | १८.२४ | १९.१७ | २४.५४ | २१.३१ | १६.७४ | | | १०० |
| | घ.धु. | ०.२४ | ६४.११ | १७.८६ | १०.९६ | ५ | १.८३ | | | १०० |
| ***पश्चिमी*** | क्षेत्र | | ३५.९७ | २८.६६ | १८.११ | १२.९१ | ४.३५ | | | १०० |
| | घ.धु. | ०.६८ | ७६.१६ | १६.२९ | ४.७६ | १.८४ | ०.२७ | | | १०० |
| पहाड | क्षेत्र | | ४३.०५ | ३४.८७ | १३.९३ | ४.५२ | १.९१ | १.७२ | | १०० |
| | घ.धु. | ०.२ | ७६.१ | १९.३४ | ३.६ | ०.६ | ०.१२ | ०.०३ | | १०० |
| ***पूर्वी*** | क्षेत्र | | ३८.६८ | ३९.११ | १५.४३ | ४.९२ | १.६४ | ०.२२ | | १०० |
| | घ.धु. | ०.२३ | ७०.०९ | २४.२९ | ४.५३ | ०.७४ | ०.११ | ०.०१ | | १०० |
| ***मध्य*** | क्षेत्र | | ४४.८४ | ३२.९ | १२.८३ | ४.१३ | १.७७ | ३.५३ | | १०० |
| | घ.धु. | ०.२ | ७८.५८ | १७.४२ | ३.११ | ०.५३ | ०.११ | ०.०५ | | १०० |
| ***पश्चिमी*** | क्षेत्र | | ४६.७१ | ३१.७१ | १३.४८ | ४.५६ | २.५५ | १ | | १०० |
| | घ.धु. | ०.१७ | ७९.५३ | १६.३२ | ३.२४ | ०.५६ | ०.१५ | ०.०३ | | १०० |
| काठमाडौँ उपत्यका | क्षेत्र | | २३.५४ | ४४.३४ | २३.०४ | ७.५८ | १.५ | | | १०० |
| | घ.धु. | १.२४ | ५३.७५ | ३५.१ | ८.३६ | १.४२ | ०.१३ | | | १०० |
| भित्री तराई | क्षेत्र | | ६.८९ | १४.४६ | २१.५४ | २३.६२ | २१.६३ | ११.८७ | | १०० |
| | घ.धु. | १.३६ | ३७.८२ | २६.२३ | १८.५३ | १०.५३ | ४.५८ | ०.९३ | | १०० |
| ***पूर्वी*** | क्षेत्र | | १५.७ | १९.१३ | २१.१६ | २१.०७ | १८.९७ | ३.९८ | | १०० |
| | घ.धु. | ०.६ | ५६.८१ | २२.३८ | ११.४३ | ५.८८ | २.६८ | ०.२२ | | १०० |
| ***मध्य*** | क्षेत्र | | ७.७ | २१.०२ | ३०.०७ | २४.५ | १२.१५ | ४.५६ | | १०० |
| | घ.धु. | ०.३९ | ३३.४४ | ३१.९७ | २२.१२ | ९.५१ | २.२५ | ०.२९ | | १०० |
| ***पश्चिमी*** | क्षेत्र | | १.३८ | ५.१७ | १२.८७ | २४.०४ | ३२.८९ | २३.६४ | | १०० |
| | घ.धु. | ५.१६ | १५.४१ | १८.४८ | २१.९८ | २१.३१ | १३.८५ | ३.८२ | | १०० |
| तराई | क्षेत्र | | २.४४ | ७.७५ | १७.४३ | २७.७५ | २८.०३ | १६.६ | ०.३५ | १०० |
| | घ.धु. | १.७२ | २१.५७ | २१.६५ | २३.४ | २० | ९.५२ | २.०९ | ०.००३ | १०० |
| ***पूर्वी*** | क्षेत्र | | ३.०८ | ८.८२ | १८.९२ | ३०.३९ | २६.६५ | १२.१५ | ०.५१ | १०० |
| | घ.धु. | १.५८ | २४.२६ | २२.१८ | २२.६९ | १९.६४ | ८.२७ | १.३७ | ०.००३ | १०० |
| ***मध्य*** | क्षेत्र | | १.७७ | ८.१२ | १८.८४ | २७.०२ | २५.७९ | १८.४६ | | १०० |
| | घ.धु. | १.६२ | १६.५३ | २३.३६ | २६.७१ | २०.४७ | ८.९२ | २.३९ | | १०० |
| ***पश्चिमी*** | क्षेत्र | | ०.२५ | २.५१ | ९.२४ | १६.५३ | ३५.५९ | ३४.८९ | | १०० |
| | घ.धु. | ३.३६ | ४.१९ | १२.९५ | २४.१७ | २२.९ | २३.५७ | ८.८७ | | १०० |
| नेपाल | क्षेत्र | | १२ | १५.२ | १७.३५ | २१.९४ | २१.११ | १२.४ | ०.२३ | १०० |
| | घ.धु. | ०.८ | ५५.४ | २१.३७ | ११.०६ | ७.३३ | ३.३१ | ०.७२ | ०.००१ | १०० |

*स्रोतः सिबिएस (१९७१); भट्टराई (२००३) (तालिका २.२२, पृ.१२५-१२७)*

*नोटः घ.धु.= घरधुरी*

तालिका १.२ ले पश्चिमी भित्री तराईमा १० हेक्टरभन्दा धेरै जमिन हुने घरधुरीहरू सन् १९६१ को तुलनामा सन् १९७१ मा घटेको देखाउँछ। एक दशकअघिको तुलनामा सन् १९७१ मा भूमिहीनता पनि घटेको देखिन्छ। भूमिहीनलाई भूमि दिने २०२१ सालको सरकारको भूमि सुधार कार्यक्रम यसको मुख्य कारण हुन सक्छ।

भूमि द्वन्द्वसँग सम्बन्धित अरू मुख्य विषयहरू भनेका व्यवस्थापन संरचना (निजी, सार्वजनिक, सामुदायिक अथवा राज्यद्वारा व्यवस्थापन गरिएका भूमि स्रोतहरू), कानून र नियम (केही समूहप्रति पूर्वाग्रही र अन्यप्रति विभेदकारी, कानून तथा नियमका अपचलन एवं दुरूपयोग, द्विविधा र विरोधाभाष इत्यादि), भूमण्डलीकरणको प्रभाव (जस्तै; भूमिहीनलाई भूमि वितरण गर्ने विषयबाट मोडिएर नवीन प्रविधि तथा सामग्रीको प्रयोगले वाणिज्यकरण गरी उत्पादकत्व वृद्धितर्फ केन्द्रित), भू-माफियाद्वारा गरिने नगरीकरण तथा भूमि जफत, निहित अभिरुचिका निम्ति भूमि सवालको राजनीतीकरण आदि हुन्।

शान्तिपूर्ण रूपमा समाधान नभए भूमि द्वन्द्व हिंसात्मक बन्न सक्छ। जिम्बावे (भूमिको पुनर्वितरणमा श्वेत किसानको प्रतिरोध र अश्वेत किसानको दबाब), फिलिपिन्स (स्पेनी-अमेरिकी साम्राज्यवाद तथा भूमिसम्बन्धी 'अदात' कानूनको उन्मूलन र आदिवासी मुस्लिम फिलिपिनोहरूद्वारा यसको प्रतिरोध), ग्वाटेमाला (कम्युनिष्ट सरकारद्वारा थालिएको भूमि सुधार कार्यक्रमको अमेरिकी व्यवसायीद्वारा प्रतिवाद), सिएरा लिओन (हिरामाथिको अन्तर्राष्ट्रिय अभिरुचि तथा हीरा संकलन एवं बिक्रीमा स्थानीयवासीको प्रयोग), मोजाम्बिक (खानीहरू), प्यालेष्टाइन पश्चिमी किनारा (भूमि आधारित चट्टान स्रोत) आदि भूमिसम्बन्धी हिंसात्मक द्वन्द्वका उदाहरण हुन् (उप्रेती, २००१)। यी सबै उदाहरणले भूमि आधारित विवादको सम्बोधन नगरिएमा तिनले दीर्घकालीन हिंसात्मक द्वन्द्व निम्त्याउने तथा राजनीतिक अस्थिरतालाई मलजल समेत पुऱ्याउने देखाउँछन्।

तालिका १.३ ले नेपालमा भूमि उपभोग व्यवस्थालाई देखाउँछ। यसमा जग्गाधनी-खेतीकर्ताको अनुपात सबैभन्दा बृहत् र त्यसपछि जग्गाधनी एवं मोही-खेतीकर्ताको अनुपात थियो। अनि यी तीन प्रकारमध्ये मोहीहरू सबैभन्दा कम अनुपातमा थिए।

नेपालमा भूमिमाथिको विवाद प्रायः चरम खालका विचारले निर्धारण गर्छन्। एकातिर क्रान्तिकारी भूमि अधिकारकर्मी छन् भने अर्कोतिर यिनको विचारलाई परास्त गर्न परम्परावादी तथा प्रतिवादी समूह सक्रिय छन्। यीमध्ये कुनै एक पक्षतिर मात्रै लागेर भूमिसम्बन्धी यस्ता जटिल समस्या समाधान हुन सक्दैनन्। नेपालमा कृषि सुधार तथा परिवर्तनका लागि भूमि सवाललाई दुई पक्षबाट हेरिनु जरुरी हुन्छ। एकतर्फ यसमा भूमिहीन, गरीब र सीमान्त कृषकका जीविका सुधारको आवश्यकता र अर्कोतर्फ राष्ट्रको आर्थिक विकासलाई ध्यानमा

राखिनुपर्छ। कृषिमुखी परिवर्तनले मानिसलाई सामन्तवादी उत्पादन सम्बन्धको स्वरूपमा बाँध्न चाहँदैन। यसको उद्देश्य ग्रामीण जनसंख्याको जीविका प्रवर्द्धन गर्नु हो। आम्दानीको विविधीकरण, जीविकोपार्जनका वैकल्पिक माध्यमको व्यवस्था तथा गैरकृषि क्षेत्रमा मानिसहरूलाई अवसरको सिर्जना गरेर यस्तो उद्देश्य पाउन सकिन्छ। केवल भूमिले मात्रै ग्रामीण समस्यालाई समाधान गर्न सक्दैन। ग्रामीण परिवर्तनमा भूमि आधारभूत महत्वको विषय हो भन्ने स्पष्ट छ। तर केवल यसैले मात्र आम ग्रामीण जनतालाई जीविकाका समुचित साधनहरू उपलब्ध गराउन सक्दैन। एउटा प्रमुख समस्या भएकोले भूमिहीनतालाई उचित तवरले सुल्झाउनुपर्ने आवश्यकता छ। यसको लागि भूमिमा आधारित छलफलहरूले कृषिको आधुनिकीकरण तथा वाणिज्यकरण र भूमिहीन जनतालाई गैरकृषि क्षेत्रमा रोजगारी सिर्जना गर्नेतर्फ पनि विचार पु-याउनुपर्छ।

**तालिका १.३: उपभोगको प्रकार तथा प्रादेशिक क्षेत्राधारमा कार्यगत भूअधीनत्वको वितरण (सन् १९६१)**

| | उपभोगको प्रकार | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रादेशिक क्षेत्र | कुल | | जग्गाधनी-खेतीकर्ता | | मोही-खेतीकर्ता | | जग्गाधनी एवं मोही-खेतीकर्ता | | |
| | घरधुरी | क्षेत्र | घरधुरी | क्षेत्र | घरधुरी | क्षेत्र | घरधुरी | क्षेत्र | |
| | | | | | | | | आफ्नो | अरूको |
| हिमाल* | अनु. | अनु. | अनु. | अनु. | अनु. | अनु. | अनु. | अनु. | अनु. |
| पहाड | १०० | १०० | ६५.६२ | ५६.५६ | २.९५ | २.१९ | ३१.४३ | २७.५६ | १३.६८ |
| *पूर्वी* | १०० | १०० | ५८.३९ | ४५.४८ | ४.४८ | ३.३९ | ३७.१३ | ३१.१५ | १९.९९ |
| *मध्य* | १०० | १०० | ७४.४१ | ६७.०४ | १.२८ | ०.९७ | २४.३ | २३.७५ | ८.२४ |
| *पश्चिमी* | १०० | १०० | ६२.७३ | ५९.४५ | ३.३ | २.०२ | ३३.९७ | २७.२१ | ११.३२ |
| काठमाडौं उपत्यका | १०० | १०० | ३८.१३ | ३५ | १२.१९ | ७.५१ | ४९.६१ | २७.६४ | २९.८५ |
| भित्री तराई | १०० | १०० | ७१.३४ | ५९.५६ | १०.५२ | १४.४३ | १८.१४ | १६.१२ | ९.८९ |
| *पूर्वी* | १०० | १०० | ७४.७९ | ५०.८९ | ३.९७ | ३.९१ | २१.२४ | २७.३९ | १७.८१ |
| *मध्य* | १०० | १०० | ७८.३४ | ७३.६७ | ५.७१ | ४.२१ | १५.९५ | १५.१२ | ७ |
| *पश्चिमी* | १०० | १०० | ४१.४९ | ४७.६४ | ४२.२१ | ३६.७७ | १६.३ | ८.२७ | ७.३२ |
| तराई | १०० | १०० | ४७.४ | ४९.५८ | १५ | १२.२५ | ३७.६ | २१.४२ | १६.७६ |
| *पूर्वी* | १०० | १०० | ५१.०४ | ४८.२४ | ९.९३ | १०.०६ | ३९.०३ | २३.३८ | १८.३२ |
| *मध्य* | १०० | १०० | ३७.३६ | ५७.१ | ३५.१७ | १८.७६ | २७.४८ | १४.४५ | ९.६९ |
| *पश्चिमी* | १०० | १०० | ३० | ४६.६६ | २५.५९ | १५.५६ | ४४.४ | २०.१ | १७.६८ |
| नेपाल | १०० | १०० | ५९.६४ | ५१.८४ | ७.१७ | ९.७९ | ३३.१९ | २२.६४ | १५.७२ |

*स्रोत: सिबिएस (१९६१), भट्टराई (२००३); (तालिका २.२४, पृ. १३१)*

*नोट: *हिमाललाई पहाडभित्रै समावेश गरिएको छ।*

*अनु.- अनुपलब्ध*

**तालिका १.४: उपभोगको प्रकार र प्रादेशिक क्षेत्राधारमा कार्यगत भूअधीनत्वको वितरण (सन् १९७१)**

| प्रादेशिक क्षेत्र | उपभोगको प्रकार | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | | जग्गाधनी-खेतीकर्ता | | मोही-खेतीकर्ता | | जग्गाधनी एवं मोही-खेतीकर्ता | | |
| | घरधुरी | क्षेत्र | घरधुरी | क्षेत्र | घरधुरी | क्षेत्र | घरधुरी | क्षेत्र | |
| | | | | | | | | आफ्नो | अरूको |
| हिमाल | १०० | १०० | ८२ | ७६.५ | २.३ | १.५६ | १५.६२ | १३.९१ | ८.०२ |
| *पूर्वी* | १०० | १०० | ७७.५ | ७२.१ | ३.३९ | २.२८ | १९.११ | १४.८७ | १०.७५ |
| *मध्य* | १०० | १०० | ९१ | ८४.९९ | ०.६६ | ०.४८ | ८.३२ | ९.८६ | ४.६६ |
| *पश्चिमी* | १०० | १०० | ८५.७६ | ८१.६९ | १.३३ | ६५ | १२.७५ | १३.२३ | ४.४ |
| पहाड | १०० | १०० | ८९.३२ | ८४.२६ | १.०३ | ६७ | ९.६३ | ९.७४ | ५.६८ |
| *पूर्वी* | १०० | १०० | ८१.६४ | ७५.६० | १.८९ | १.२८ | १६.४७ | १४.६ | ९.६५ |
| *मध्य* | १०० | १०० | ९३.७८ | ८९.५ | ०.४५ | ०.२ | ५.७१ | ७.२ | ३.१ |
| *पश्चिमी* | १०० | १०० | ९१.५५ | ८८.६ | ०.९ | ०.५ | ७.५५ | ६.८ | ४.५ |
| काठमाडौँ उपत्यका | १०० | १०० | ५४.२७ | ५८.१९ | १९.९६ | १२.८९ | २५.७७ | १५.८४ | १३.०९ |
| भित्री तराई | १०० | १०० | ८८.८८ | ८१.२२ | ५.३५ | ८.६६ | ५.९५ | ५.२७ | ४.९६ |
| *पूर्वी* | १०० | १०० | ९०.२७ | ७८.६५ | १.८३ | २.०५ | ८.४२ | ११.१३ | ८.६९ |
| *मध्य* | १०० | १०० | ९६.६१ | ९६.५६ | १.०४ | ०.८४ | २.३५ | १.५ | १.१ |
| *पश्चिमी* | १०० | १०० | ६५.७२ | ६६.६३ | २३.३२ | २०.२७ | १०.९५ | ६.०९ | ७.०१ |
| तराई | १०० | १०० | ६८.५९ | ६९.९६ | ८.४६ | ७.९९ | २२.९५ | ११.१८ | १०.८७ |
| *पूर्वी* | १०० | १०० | ६५.३ | ६४.८४ | ८.६८ | ९.०८ | २६.०२ | १२.९५ | १३.१४ |
| *मध्य* | १०० | १०० | ८४.७२ | ८८ | ५.३१ | ३ | ९.९७ | ५.११ | ३.८८ |
| *पश्चिमी* | १०० | १०० | ६९.८ | ७४.६५ | १२.६९ | ८.१६ | १७.५१ | ९.४ | ७.७९ |
| नेपाल | १०० | १०० | ८०.९९ | ७३.६५ | ४.३८ | ६.४८ | १४.६१ | १०.६२ | ९.३२ |

*स्रोत: सिबिएस (१९७१); भट्टराई (२००३); (तालिका २.२५, पृ. १३२)*

नेपालमा भूमिको सवाल निकै विवादास्पद भएकोले आगामी ५-१० वर्षसम्म पनि यो राष्ट्रिय बहस, छलफल र विवादको विषय बन्ने सम्भावना छ। विशेषगरी राज्य संघीय व्यवस्थाको पुनर्संरचनामा प्रवेश गर्ने बेला यो विषय निकै सरगर्मीका साथ अघि आउने देखिन्छ। राजनीतिक दलहरूले मिठो नारा (जस्तै; 'जसको जोत, उसको पोत') लिएर मतदाता (मुख्यतया: निकै कम मात्रामा जमिन भएका भूमिहीन, मोही तथा साना एवं सीमान्तीकृत किसान) लाई आकर्षित गर्न भूमिको सवाललाई प्रयोग गर्ने गरेका छन्। गएका केही दशकमा तिनले क्रान्तिकारी भूमि सुधार तथा भूमिको पुनर्वितरण (जमिन्दारबाट भूमि लिएर भूमिहीनलाई वितरण) गर्ने आश्वासन दिएका थिए। अहिले भूमिहीन, मोही तथा सीमान्तीकृत किसानहरूले चर्को स्वरमा भूमि पुनर्वितरणको माग

उठाइरहेका छन्। किसान आन्दोलन (भूमि अधिकार आन्दोलन) सक्रिय भएको छ र यसले दूरगामी भविष्यमा राजनीतिक दलहरूलाई निकै गहन चुनौती थप्ने सम्भावना छ। काममा आफू सहभागी नभई फाइदा मात्र लिने अनुपस्थित जमिन्दारी प्रथा (एब्सेन्टी ल्याण्डलर्डिजम्) तथा भूमि आधारित शोषण नेपालमा सामान्य नै भइसकेका छन्। यिनले भूमि सुधारमा गहन चुनौती थपिदिएका छन्। यसको एउटा ज्वलन्त उदाहरण भर्खरै अपदस्थ गरिएका राजा, उनका पारिवारिक सदस्य, आफन्त तथा सामन्ती शक्तिको नियन्त्रणमा रहेको ठूलो परिमाणको भूमि हो। तसर्थ भूमि आधारित गहन एवं सूचित बहस अर्को दशकको लागि निकै महत्वपूर्ण बन्नेछ। यस पुस्तकले सोही बहसको थालनी गर्ने केही प्रयास गरेको छ।

यदि हामीले सन् १९६१ को भूमि उपभोगको स्थिति (तालिका १.३) लाई सन् १९७१ को (तालिका १.४) सँग तुलना गर्ने हो भने पछिल्लो आँकडामा जग्गाधनी-खेतीकर्ताको मात्रा बढेको तथा मोही-खेतीकर्ताका साथै मोहियानी लगाइएको क्षेत्र भने घटेको पाइन्छ। यस्तो वृद्धिको मुख्य कारण भूमि सुधार कार्यक्रमको त्रास हुनसक्छ। आफ्नो जमिन मोहीले कमाएमा जमिन्दारले तिनलाई मोहियानी हक दिनुपर्थ्यो। त्यसै कारण तिनले मोहियानी हक दिनबाट जोगिन मोहीसँग आफ्ना जमिन लिएका हुनसक्छन्।

**तालिका १.५: भूमि सुधारपछिको भूमि उपभोग वितरण**

| भूमि उपभोग समूह | | घरधुरीको प्रतिशत | | खेती गरिएको जग्गाको प्रतिशत | अधीनत्वको औसत आकार (हेक्टर) |
|---|---|---|---|---|---|
| | | कुल घरधुरी | भूअधीनत्व सहितका घरधुरी | | |
| अ. | भूअधीनत्व सहित | ९२.२ | १०० | १०० | |
| | १. भूअधीनत्व भएका | १.८ | ३.३१ | २६.९१ | १८.३३ |
| | २. जग्गाधनी-खेतीकर्ता | ६२ | ६५.२२ | ४९.११ | १.६७ |
| | ३. जग्गाधनी एवम् मोही | १९.१ | २०.७ | १५.३६ | १.६४ |
| | ४. मोही एवम् खेतीकर्ता | २.३ | १०.७७ | ८.६२ | १.७४ |
| आ. | भूमिहीन (गैरकृषि पेशाका जनसंख्यासमेत) | ७.८ | | | |
| | कुल | १०० | १०० | १०० | १०० |

*स्रोत: जामान (१९७३), पृ.१३४*

तालिका १.६ ले ४०% घरपरिवारले कुल अधीनत्वको २५% भन्दा बढी मोहियानीमा लिएका देखाउँछ। यसैगरी यसबाट बाली विभाजन (सेयर क्रपिङ)

उपभोगको प्रमुख स्वरूप (६०% भन्दा बढी) रहेको पनि देखिन्छ। यस्तो अधियाँ व्यवस्था तराईमा बढी प्रचलित थियो भने काठमाडौँ उपत्यकामा निश्चित भाडादर (फिक्स्ड रेन्ट) नै बढी (९५% भन्दा धेरै) प्रचलित थियो। हिमाली भेगमा आधाभन्दा धेरै मानिसहरू जमिनलाई धितोको रूपमा मोहियानीमा लिन्थे। निश्चित भाडादर चाहिँ बढी स्थायी र कम शोषणकारी मोहियानी व्यवस्था थियो। तालिका १.६ बाट काठमाडौँ उपत्यकाबाहेक नेपालका अन्य ठाउँमा बढी शोषणकारी चालचलनहरू थिए भन्ने निष्कर्ष आउँछ।

**तालिका १.६: उपभोगको अवस्था र प्रादेशिक क्षेत्राधारमा मोहियानी अधीनत्वको वितरण** (सन् १९६१)

| प्रादेशिक क्षेत्र | कुल अधीनत्व प्रतिशतका रूपमा मोहियानी अधीनत्व** | | मोहियानी अधीनत्वको उपभोगको अवस्था (आकारको प्रतिशत) | | | | |
|---|---|---|---|---|---|---|---|
| | घरधुरी | क्षेत्र | कुल | निश्चित भाडा | धितो | बाली विभाजन | सेवाको विनिमय |
| हिमाल* | अनु. | अनु. | अनु. | अनु. | अनु. | अनु. | अनु. |
| पहाड | ३४.३८ | १५.८८ | १०० | २८.७२ | ५०.५१ | १८.४३ | २.३३ |
| *पूर्वी* | ४१.६१ | २३.३८ | १०० | ४८.६५ | ३५.५१ | १४.९५ | ०.८३ |
| *मध्य* | २५.५९ | ९.२१ | १०० | ३९.७२ | २८.३८ | २९.५३ | २.३६ |
| *पश्चिमी* | ३७.२७ | १३.३४ | १०० | ९.९७ | ६६.२ | १७.९७ | ६.४६ |
| काठमाडौँ उपत्यका | ६१.८७ | ३७.३६ | १०० | ९५.७६ | १.६९ | १.६ | ०.९५ |
| भित्री तराई | २८.६६ | २४.३२ | १०० | २९.११ | २.३९ | ६२.६९ | ५.७९ |
| *पूर्वी* | २५.२१ | २१.७२ | १०० | २२.५७ | ४.२ | ७२.३४ | ०.८९ |
| *मध्य* | २१.६६ | ११.२१ | १०० | १६.३९ | ४.८६ | ६४.२३ | १४.५१ |
| *पश्चिमी* | ५८.५१ | ४३.०५ | १०० | ३६.९६ | ०.०८४ | ५९.७२ | ४.८९ |
| तराई | ५२.६ | २८.९९ | १०० | २३.१६ | २.९८ | ७१.४७ | २.४ |
| *पूर्वी* | ४८.९६ | २८.३८ | १०० | १३.९६ | ३.०३ | ८१.८६ | १.१६ |
| *मध्य* | ६२.६४ | २८.४४ | १०० | ७५.०४ | २.९३ | २०.६१ | १.४५ |
| *पश्चिमी* | ७० | ३३.३४ | १०० | ५.७७ | २.८२ | ८१.९२ | ९.४९ |
| नेपाल | ४०.३६ | २५.५१ | १०० | २६.११ | १०.३७ | ६०.७२ | २.५९ |

*स्रोतः सिबिएस (१९६१)। पृ. १३६*

**पहाडमा हिमाल पनि समावेश गरिएको छ।*

*** मोहियानी अधीनत्वले मोही-खेतीकर्ता र जग्गाधनी एवम् मोही-खेतीकर्ता दुवैलाई समेट्छ।*

*अनु- अनुपलब्ध*

**एक दशकमा (सन् १९६१- तालिका १.६- लाई सन् १९७१- तालिका १.७- सँग तुलना गर्दा) भएको मोहियानी अधीनत्वमा रहेका उपभोगहरूको तुलनाले मोहियानीमा लगाइएका क्षेत्र तथा मोहियानीमा लिने घरपरिवारको आकार ह्वात्तै (सन् १९६१ को ४०.३६% घरपरिवार तथा २५.५१% क्षेत्रबाट सन् १९७१ को १९% घरपरिवार तथा १५.८% क्षेत्रमा) घटेको देखाउँछ। पहाडी क्षेत्रमा यस्ता घरपरिवारको यो संख्या सन् १९६१ को ३४% बाट एक दशकमा १०.६६% मा घटेको छ। काठमाडौँ उपत्यकामा यो संख्या ६१.८३% घरपरिवारबाट घटेर ४५.७% मा पुगेको छ। यसैगरी भूअधीनत्वको क्षेत्र सन् १९६१ को ३७.३६% बाट सन् १९७१ मा २५.९८% मा झरेको छ।**

**तालिका १.७: उपभोगको अवस्था र प्रादेशिक क्षेत्राधारमा मोहियानी अधीनत्वको वितरण** (सन् १९७१)

| प्रादेशिक क्षेत्र | कुल अधीनत्वको प्रतिशतका रूपमा मोहियानी अधीनत्व | | | निश्चित भाडा | | | मोहियानी अधीनत्वको उपभोगको अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी* | क्षेत्र | कुल | रकम | अन्य | कुल | धितो | बाली विभाजन | सेवा विनिमय | अन्य |
| हिमाल | १७.९३ | ९.५८ | १०० | ११.७८ | १८.५३ | ३०.३१ | २९.२७ | ३६.२ | १.०१ | ३ |
| *पूर्वी* | २२.५ | १३.०३ | १०० | १२.६२ | १९.१२ | ३१.७४ | १८.९८ | ४५.९७ | ०.७६ | २.५५ |
| *मध्य* | ८.९९ | ५.१४ | १०० | २.१५ | ८३.५२ | ८५.६७ | ५.४४ | ८.०७ | | ०.८१ |
| *पश्चिमी* | १४.०८ | ५.०५ | १०० | १०.३५ | २.६५ | १३ | ७६.९९ | २.५८ | २.२४ | ५.२८ |
| पहाड | १०.६६ | ६.३४ | १०० | १२.५१ | १८.५९ | ३१.१ | २६.३१ | ३५.१५ | २.३८ | ५.१३ |
| *पूर्वी* | १८.३६ | १०.९४ | १०० | १४.०८ | २४.०१ | ३८.०९ | २३.३७ | ३४.७ | १.०१ | २.८२ |
| *मध्य* | ६.१८ | ३.३ | १०० | १०.७९ | १३.५२ | २४.३१ | २१.२३ | ४७.१८ | २.२१ | ५.०७ |
| *पश्चिमी* | ८.४४ | ४.६ | १०० | ८.९१ | ५.३२ | १४.२३ | ४२.६५ | २२.२८ | ७.४१ | १३.४२ |
| काठमाडौँ उपत्यका | ४५.७२ | २५.९८ | १०० | १८.९४ | ७७.६ | ९६.५४ | ०.१९ | २.१ | ०.१६ | १ |
| भित्री तराई | ११.३ | १३.६२ | १०० | १०.१५ | २.७४ | १२.८९ | ०.३९ | ८४.५५ | ०.३१ | १.७२ |
| *पूर्वी* | १०.२५ | १०.७४ | १०० | ५.७८ | ५.४३ | ११.२१ | ०.२ | ८७.१ | ०.०८ | १.४१ |
| *मध्य* | ३.३८ | १.९४ | १०० | १७.२२ | ११.८ | २९.०२ | ३.६९ | ५७.३८ | ०.६७ | ९.२४ |
| *पश्चिमी* | ३४.२८ | २७.२८ | १०० | १०.५५ | १.५१ | १२.०६ | ०.१८ | ८६.२ | ०.३४ | १.२३ |
| तराई | ३१.१४ | १८.८६ | १०० | १०.२९ | ११.८१ | २२.१ | ०.५८ | ७०.२४ | ०.९९ | ६.२२ |
| *पूर्वी* | ३०.७ | २२.२२ | १०० | ११.३ | ११.२३ | २२.५३ | ०.३१ | ७३.१८ | ०.६९ | ३.२९ |
| *मध्य* | १५.२८ | ६.८९ | १०० | १०.७८ | ६.३२ | १७.१ | ४.०२ | ३०.६२ | ३.३ | ४४.९५ |
| *पश्चिमी* | ३०.२ | १५.९५ | १०० | ४.१४ | १२.२६ | १६.४ | ०.७४ | ७५.१५ | १.६३ | ६.०७ |
| नेपाल | १९ | १५.८ | १०० | १०.७५ | १३.३९ | २४.१४ | ३.२४ | ६६.१७ | ०.९९ | ५.४२ |

*स्रोत: सिबिएस (१९७१) पृ. १३७; भट्टराई (२००३)मा उल्लिखित*

** घरधुरीमा मोही-खेतीकर्ता र जग्गाधनी एवम् मोही-खेतीकर्ता दुवै पर्छन्।*

वि.सं. २०२१ मा भूमि सुधार कार्यक्रमको थालनी भएपछि भूअधीनवको आकार र क्षेत्रमा केही परिवर्तन आएको छ। वि.सं. २०१८ मा ५६.१% रहेको आधा हेक्टरभन्दा कम जमिन हुने घरपरिवारको संख्या २०२८ मा ५२.९% मा झरेको छ। जहाँ कि अधीनत्वमा भएको क्षेत्र भने त्यही समयान्तरमा १३.९% बाट २१.१% मा बढेको छ। यसैगरी धेरै जमिन क्षेत्र हुने घरपरिवारको प्रतिशतमा पनि गिरावट आएको छ (हे. तालिका १.८)।

**तालिका १.८: अधीनत्वको आकार र क्षेत्र**

| क्र.सं. | अधीनत्वको आकार (हेक्टरमा) | प्रतिशतमा | | | |
|---|---|---|---|---|---|
| | | घरधुरी | | अधीनको क्षेत्र | |
| | | सन् १९६२ | सन् १९७२ | सन् १९६२ | सन् १९७२ |
| १. | ०.५१ भन्दा कम | ५६.१ | ५२.९ | १३.९ | २१.१ |
| २. | ०.५१ देखि २.०३ | ३०.७ | ३७.४ | ३२.३ | ३२.७ |
| ३. | २.०३ देखि ५.०९ | ९.५ | ६.९ | ३१.१ | ३०.२ |
| ४. | ५.०९ देखि १०.१७ | २.६ | १.६ | १.९ | १.७ |
| ५. | १०.१७ देखि २०.३५ | ०.८ | १.१ | ११.२ | ९.९ |
| ६. | २०.३५ देखि ५०.८७ | ०.२ | ०.१ | ६.६ | ३.६ |
| ७. | ५०.८७ देखि माथि | ०.१ | | ३ | ०.८ |
| | कुल | १०० | १०० | १०० | १०० |

*स्रोत: खाद्य तथा कृषि मन्त्रालय, नेपालको कृषि तथ्याङ्क- सन् १९७२, पृ.८ र सिबिएस (१९६१, १९७१)*

**तालिका १.९: स्रोताधारमा मोहीको संख्या र भूमि क्षेत्र**

| अवधि | जग्गाधनी-खेतीकर्ता | मोही-खेतीकर्ता |
|---|---|---|
| कृषि गणना-वि.सं. २०१८ अनुसार | ४०.३७ | २५.४८ |
| वि.सं. २०२१-२०२३ को भूमि सुधार कार्यक्रमको प्रगति अनुसार | २५.८६ | २४.१५ |
| कृषि गणना-वि.सं. २०२८ अनुसार | १८.९४ | १५.७६ |
| कृषि गणना-वि.सं. २०३८ अनुसार | ९.५२ | ५.९१ |
| कृषि गणना-वि.सं. २०४८ अनुसार | १६.४५ | ८.७८ |

*स्रोत: बडाल आयोग प्रतिवेदन, सन् १९९६ को तालिका ३.५*

तालिका १.९ ले देखाएझैं समयक्रमसँगै जग्गाधनी-खेतीकर्ताका साथै मोही-खेतीकर्ताको संख्या पनि घटेको छ। कृषि गणना-२०१८ अनुसार जग्गाधनी-खेतीकर्ताको प्रतिशत ४०.३७ तथा मोही खेतीकर्ताको चाहिँ २५.४८ थियो। तर तीस वर्षको अवधिमा जग्गाधनी-खेतीकर्ताको यस्तो संख्या १६.५% तथा मोही-खेतीकर्ताको संख्या ८.७% मा झरेको छ (तालिका १.९)।

**तालिका १.१०: क्षेत्राधारमा मोहीको संख्या र भूमि क्षेत्र**

| जिल्ला | मोहीको संख्या | | भूमि क्षेत्र | |
|---|---|---|---|---|
| | मोहीको संख्या | प्रतिशत | विगाह क्षेत्र | प्रतिशत |
| तराईका २० जिल्ला | २,९५,४५४ | ७१.७ | २,५०,३०६ | ९०.८९ |
| काठमाडौँ उपत्यकाका ३ जिल्ला | ८८,७३९ | २३.९७ | १६,९७७ | ६.१६ |
| सबै पहाडी क्षेत्र | १६,०२४ | ४.३३ | ८,११६ | २.९५ |
| नेपाल | ४,००,२१७ | १०० | २,७५,३९९ | १०० |

*स्रोत: बडाल आयोग प्रतिवेदन, सन् १९९६ को तालिका ३.६*

**मोहीमध्ये ७१.७% तथा मोहियानीमा लगाइएको जमिनमध्ये ९०.८९% तराईका २० जिल्लामा पर्ने आँकडाले देखाउँछन्। त्यसैले मोहियानीको सवाल तराईमा झनै व्यापक छ। यसको तुलनामा हिमाली तथा पहाडी भेगमा मोहियानीको मात्रा एकदमै कम छ। केवल ४.३३% मोही तथा २.९५% मोहियानीमा लगाइएको जमिन पहाडी क्षेत्रमा रहेका छन् (तालिका १.१०)।**

**तालिका १.११: भूमि हदबन्दी**

| क्षेत्र | अधिकतम हदबन्दी |
|---|---|
| तराई र भित्री तराई | ३ हेक्टर (४.५ विगाह) |
| मध्य-पहाड | २ हेक्टर (४० रोपनी) |
| हिमाली क्षेत्र | ४ हेक्टर (८० रोपनी) |
| काठमाडौँ उपत्यका | १ हेक्टर (२० रोपनी) |
| नगर क्षेत्र | |
| *काठमाडौँ, ललितपुर र भक्तपुर नगरपालिका* | ०.५ हेक्टर (१० रोपनी) |
| *काठमाडौँ उपत्यका, जिल्ला सदरमुकाम र अन्य नगर क्षेत्र बाहिरका नगरपालिका* | १ हेक्टर (२० रोपनी-१.५ विगाह) |

*स्रोत: बडाल आयोग प्रतिवेदन, सन् १९९६।*

**तालिका १.११ ले विभिन्न भौगोलिक क्षेत्रमा सरकारले निर्धारण गरेको भूमि हदबन्दीलाई प्रस्टयाउँछ। तथापि यस्तो खालको भूमि हदबन्दीलाई मुख्यतया काठमाडौँ उपत्यका र तराई क्षेत्रबाट आलोचना खेप्नुपरेको छ।**

**तालिका १.१२ ले नेपालमा भूमि खण्डीकरणको स्थितिलाई देखाउँछ। पहाड तथा तराईको तुलनामा उच्च हिमाली क्षेत्रमा प्रतिपरिवार भूखण्ड (प्लट) (४.६२) तथा प्रतिहेक्टर भूखण्डको संख्या (६.८३) का आधारमा धेरै खण्डीकरण भएको पाइन्छ। नेपालमा प्रतिपरिवार भूखण्डको औसत संख्या ३.९६ तथा प्रतिहेक्टर भूखण्डको त्यस्तो संख्या ४.१७ रहेको छ। भूखण्डीकरणको विषय भूमि**

अनुसन्धाता, योजनाकार तथा भूमि प्रशासकहरूद्वारा बारम्बार औंल्याइने एउटा प्रमुख समस्या हो। सम्पत्ति अधीनत्व तथा उत्तराधिकारसम्बन्धी व्यवस्थाको स्वरूपले गर्दा यस्तो प्रक्रिया झनै बढिरहेको छ। अभिभावकबाट सन्ततिमा उत्तराधिकार परिणत हुने भूमि वितरणको स्वरूप भूखण्डीकरणको प्रथम कारण हो। निरन्तरको भूमि खण्डीकरणले जमिनको उत्पादन तथा उत्पादकत्वमा असर पार्नुका साथै परिणामत: नेपाली जनताको जीविका असुरक्षालाई बढावा दिएको छ। नेपाली समाजमा अन्तत: यसैले सामाजिक द्वन्द्व तथा तनावलाई ऊर्जा दिइरहेको छ (उप्रेती र म्यूलर-बकर, प्रकाशोन्मुख)।

**तालिका १.१२: भूमि खण्डीकरण (हेक्टरमा)**

| भौगोलिक क्षेत्र | प्रतिपरिवार भूखण्डको संख्या | प्रतिहेक्टर भूखण्ड संख्या | क्षेत्रको संख्या | जोत्नेहरुको प्रतिशत |
|---|---|---|---|---|
| उच्च पहाड | ४.६२ | ६.८३ | ०.१६ | ०.६८ |
| पहाड | ३.९२ | ५.०८ | ०.२१ | ०.७७ |
| तराई | ३.८५ | ३.१३ | ०.३७ | १.३३ |
| नेपाल | ३.९६ | ४.१७ | ०.२९ | ०.९५ |

*स्रोत: राष्ट्रिय कृषि गणना वि.सं.२०४८*

माथिको खण्डमा तालिका १.१-१.१२ ले यो देशमा पाँच दशकअघि देखिको भूमि स्थितिलाई उजिल्याउँछ। यी आँकडामाथि गहिरिएर नियाल्दा भूमि सुधारमात्रै नभएर (अझ बढी महत्वसाथ) बृहत् भूमि तथ्याधार (कम्प्रिहेन्सिभ ल्याण्ड डेटाबेस) तथा भूमि स्रोत नक्सांकन (ल्याण्ड रिर्सोस म्यापिङ) को विकासमा ध्यान जानु अत्यन्तै जरुरी छ। आधिकारिक तथा अद्यावधिक तथ्याङ्क र सूचनाविना भूमि सुधार प्रक्रियाको थालनी सम्भव छैन।

## सन्दर्भ सामग्री


1. बडाल आयोग प्रतिवेदन। सन् १९९६। *बडाल उच्चस्तरीय भूमि सुधार सुझाव आयोग १९९४।* काठमाडौँ: पि.बि. पब्लिसर।
2. Bhattarai, B.R. (2003). *The Nature of Underdevelopment and Regional Structure of Nepal: A Marxist Analysis*. Delhi: Adroit Publishers.
3. CBS. (1971). Sample Census of Agriculture of Nepal. Kathmandu: CBS.
4. CBS. (1961). Sample Census of Agriculture of Nepal. Kathmandu: CBS.
5. Chapagain, D.R. (2001). *Status Review and Dialogue: Land and Agriculture*. Kathmandu: World Conservation Union (IUCN).

6. Chapagain, D.P. (1999). Land Tenure in Nepal: Status and Main Issues. A Discussion Paper prepared for GTZ/IMU Nepal.
7. Chapagain, D.P.; Pyakuryal, K.N. and Pokharel, B.K. (1998). Land Policy, Land Management and Land Degradation in the HKH Region. Nepal Country Paper. Kathmandu: ICIMOD.
8. LRMP. (1986). Land Systems, Land Capability, Land Utilization, Economics and Summary Reports. Ottawa: Kenting Earth Sciences Limited for Land Resources Mapping Project.
9. NPC. (2003). The Tenth Plan 2003-2007. Kathmandu: National Planning Commission.
10. NPC. (1998). The Ninth Plan 1997-2002. Kathmandu: National Planning Commission.
11. NPC. (1992). The Eighth Plan 1992-97. Kathmandu: National Planning Commission.
12. NPC. (1985). The Seventh Plan 1985-90. Kathmandu: National Planning Commission.
13. Regmi, M.C. (1978). *Land Tenure and Taxation in Nepal.* Kathmandu: Ratna Pustak Bhandar.
14. Upreti, B.R. and Müller-Böker, U. (Forthcoming). *Livelihood Insecurity and Social Conflcit in Nepal.* Kathmandu: RCO, NCCR North-South.
15. Upreti, B.R. (2006). *Armed Conflict and Peace Process in Nepal: The Maoist Insurgency, Past Negotiation and Opportunities for Conflict Transformation*. New Delhi: Adroit Publishers.
16. Upreti, B.R. (2002). *Management of Social and Natural Resource Conflict in Nepal: Realities and Alternatives*. New Delhi: Adroit Publishers.
17. Upreti, B.R. (2001). *Conflict Management in Natural Resources: A Study of Land, Water and Forest Conflict in Nepal.* Wagenignen: Wagenignen University.
18. Zaman, M.A. (1973). *Evaluation of Land Reform in Nepal.* Kathmandu: Ministry of Land Reform.

परिच्छेद २

✍ जगत बस्नेत

# नेपालमा भूमि आन्दोलनहरूको सारसंक्षेप

## २.१ ऐतिहासिक पृष्ठभूमि

विश्वभर नै किसान आन्दोलनहरू वरीयतापूर्ण सामाजिक संरचना (हायरार्किकल सोसल स्ट्रक्चर) को उपल्लो वर्गविरुद्ध आक्रोशले भरिएका छन्। शासक र जनताबीच सम्बन्ध स्थापित गर्न नेपालमा पनि भूमिले सदैव महत्वपूर्ण भूमिका खेलेको छ। वि.सं. १८५६ देखि नै नेपालमा भूमि अधिकारका विभिन्न आन्दोलनहरू छिट्टफुट्ट भइरहेका छन् (रेग्मी, १९९९ए)।

त्यतिबेला आफ्नो शक्ति एकत्रित गर्न शासकहरूले आफ्ना नातेदार र समर्थकहरूलाई जग्गा वितरण गरेका थिए। उता वास्तविक किसानहरू भने भूमि अपनत्व र अधिकारका अवसरबाट सधैँ वञ्चित गराइए। नेपाल सरकारले २००७ मंसिरमा बटैया (बाली विभाजन) र हुन्डा (करार) प्रथा अन्त्य गरी त्यस्ता जग्गा खेतीकर्ताहरूलाई वितरण गर्‍यो। नेपालको ग्रामीण कृषि इतिहासमा त्यो वास्तवमै क्रान्तिकारी कदम थियो। तर दिल्लीमा भएको त्रिपक्षीय सम्झौतापछि गठित सरकारले त्यस्ता सबै जग्गा दुर्भाग्यवश जमिन्दारलाई नै फिर्ता दिन लगायो (थापा, २००१:११९)। कठोर श्रम विभाजन पुनः लाद्न जातीय व्यवस्थाको विस्तार, प्रभावशाली हिन्दू जनताद्वारा रैथाने मंगोलियन जनतालाई तिनको जमिनबाट गरिएको क्रमिक विस्थापन तथा कुलीन, जहानियाँ वर्गका सदस्य, शाही पुजारी, वरिष्ठ सैनिक तथा निजामती अधिकारीहरूद्वारा ठूलो मात्राको उत्पादनशील जमिनमाथि गरिएको निजीकरण आदि आर्थिक तथा ग्रामीण असमानताका ऐतिहासिक स्थिति थिए। राज्य संयन्त्र तथा राजनीतिक शक्तिमाझ हालिमुहाली रहेकोले यस्तो परिस्थितिमाथिको कुनै पनि परिवर्तनलाई कुलीन वर्गले ठाडै अस्वीकार गर्थे (घिमिरे, २००१)।

शोषित भई भूमि अधीनत्वबाट पाखा पारिएका हुनाले भूमिहीन र मोही किसानहरू एकजुट भई भूमि अधिकारको निम्ति लड्न बाध्य भए। यस्तो खालको शोषण र निरीहताले नेपालका भूमिहीन र मोहीको आक्रोश भिन्न

समय तथा स्थानहरूमा भिन्न स्वरूप र नमुनामा देखियो। भूमिसम्बन्धी यस्तो जटिलतालाई विद्वान् तथा अनुसन्धाताहरूले पनि विश्लेषण गरेका छन्। महेशचन्द्र रेग्मीका कृतिहरू (जस्तै; *नेपाली इकनमिक हिस्ट्री, थ्याच्ड हट्स एण्ड स्टको प्यलेसस,* आदि) नेपालको भूमि अनुसन्धानमा जग हालेका केही महत्वपूर्ण पुस्तकहरू हुन्। पछिल्ला अवधिमा अन्य अनुसन्धाताले पनि भूमिसम्बन्धी अनुसन्धानमा आफ्नो समय खर्चेका छन्। भूमिको राजनीतिक अर्थव्यवस्था (भट्टराई, २००३), भूमि द्वन्द्व तथा शक्ति गतिशीलता (उप्रेती, २००२), किसानहरूको जीविका र जमिनको सम्बन्ध (घिमिरे, २००१) र नेपालमा भूमि, भूमिहीनता र बसाइँसराइँ (श्रेष्ठ, २००१) आदि बारेमा विद्वान् तथा अनुसन्धाताहरूले बहस थालेका उदाहरण पाइन्छन्।

## २.२ वि.सं.२००७ अघिको परिदृश्य

वि.सं. १८६२ मा बासठ्ठी हरण भनी चिनिएको जमिन जफत प्रक्रियामा अपनाइएको व्यवस्थाविरुद्ध सम्पत्ति हरिएका बिर्ताधनीहरूको विरोध पनि सक्रिय नै थियो। यस्तो व्यवस्था लागू गर्न खटाइएका कर्मचारी र तिनीहरूबीच तनहूँ र पश्चिमी पहाडी भेगका अन्य केही क्षेत्रहरूमा हिंसात्मक भिडन्तहरू भए। सरकारले यस्ता विरोधप्रति जानिबुझी खरो कार्यनीति अपनायो। पछि सो क्षेत्रका टोलीनेताहरूलाई पक्राउ गरी हत्कडीले बाँधेर काठमाडौँ ल्याइयो (रेग्मी, १९९९एः७७)। पश्चिमी पहाडी भेगमा ब्राह्मण बिर्ताधनीहरूले आयोजना गरेको विरोध १८६२ सालमा अत्यधिक उग्र भयो। सोही कारण सरकारले ती मानिसहरूलाई राहदानीविना काठमाडौँ छिर्नसमेत निषेध गऱ्यो (रेग्मी, १९९९एः७७)। यसले किसानका आन्दोलन वि.सं. १८५६ अघि नै आरम्भ भएको देखाउँछ। त्यसको धेरै समयपछि वि.सं. १९७७ मा काठमाडौँका कृषक सुब्बा कृष्णलालले *मकैको खेती* नामक पुस्तक लेखे। यसले तत्कालीन शासकहरूबीच हल्लीखल्ली नै मच्चायो। उक्त पुस्तकमा नेपालमा कृषि व्यवस्था र कृषकको अवस्थाबारे चित्रण गरिएको थियो। पुस्तक प्रकाशनले तत्कालीन राणा शासनलाई यतिसम्म भयभित पाऱ्यो कि तिनले सो पुस्तकका लेखकलाई जेल नै हाले। पछि कारागारमै उनको देहान्त भयो। *मकैको खेती*को प्राक्कथनमा सुब्बा कृष्णलालले नेपाली र बेलायती कुकुरलाई मकै खाने राता र काला कीराहरूसँग तुलना गरेका छन्। उनले 'कीरा' र 'कुकुर' शब्दहरूमार्फत नेपाली किसानको अवस्था र राणा शासकहरूको शोषणलाई चित्रण गरेका छन्। यो घटनाले नेपालमा २००७ सालभन्दा धेरै अघि नै असंगठित कृषि आन्दोलन सुरु भएको देखाउँछ (इन्सेक, १९९५)।

किसानहरूले २००७ सालअघि दुई प्रमुख समस्या भोगिरहेका थिए: १) भूमि अधिकारको अभाव, विशेषगरी मोहियानी हक, र २) विनाज्याला श्रमसाथै आफ्ना धेरै उत्पादन तिर्न बाध्य गराउने ऋणको उच्च ब्याजदर (रेग्मी, १९९९ए र बी)। ब्याजदर र उत्पादन भाडादर उच्च हुँदा तिनीहरू संकटको एउटा चक्रव्यूहमै फँसेका थिए। फलत: किसानहरू शासक वर्ग र जमिन्दारविरुद्ध विरोधमा उत्रन बाध्य भए। यसरी उनीहरू भूमिमाथिको अरू सम्भावित अधिकारबाट समेत वञ्चित गराइए (थापा, २००१)। सैनिक अधिकृत र घरानियाँहरूलाई पुरस्कारस्वरूप ठूलो मात्रामा जमिन दिइयो। यसरी २००७ सालपछि पनि किसानका दिन फिरेनन्। तिनको अवस्था दु:खद् र दयनीय थियो। उत्पादित अन्नसमेत जमिन्दारकै निर्देशनअनुसारको परिमाणमा बुझाउनुपर्थ्यो (थापा, २००१)। तिनीहरू शासकका निम्ति विनाज्याला काम गर्न विवश थिए। शोषणको यस्तो व्यवस्थालाई 'बेठबेगारी' अथवा 'सलामी' भनेर चिनिन्थ्यो (रेग्मी, १९९९बी)। तिनले वि.सं. २००७ देखि २०२३ बीचमा प्रदर्शन तथा विद्रोहमार्फत आफ्ना असन्तुष्टि प्रकट गरे (थापा, २००१)। त्यसबेला नवोदित राजनीतिक दलहरूले नेपालको किसान आन्दोलनलाई समर्थन गरेका थिए। तत्कालीन किसान आन्दोलनलाई बृहत् अर्थमा दुई भागमा विभाजन गर्न सकिन्छ: १) संगठित किसान आन्दोलन, र २) राजनीतिक रूपमा प्रेरित किसान आन्दोलन।

## २.३ वि.सं. २००७ देखि २०१७ सम्मका किसान आन्दोलनहरू

नेपालमा वि.सं. १८५६ देखि नै किसान आन्दोलनहरू छिटफुट भइरहे पनि २००७ सालबाट मात्रै यसले संगठित रूप लिन थालेको थियो (रेग्मी, १९९९ए)। वि.सं. २००७ मा कूतबाली नतिर्ने भन्दै र खेती गरेको जमिनमा मोहीहरूको मोहियानी हकलाई जोड दिँदै भक्तपुरको सोम्लिङटारबाट आन्दोलनको सूत्रपात भयो (थापा, २००१)। सोही वर्ष भक्तपुर र काठमाडौंमा अझै संगठित आन्दोलनहरू भए। बर्दियामा बटैया प्रथाविरुद्ध आन्दोलन, लुम्बिनीमा 'जमिन्दारविरोधी आन्दोलन' तथा बारा र रौतहटमा 'धर्मभकारी आन्दोलन' पनि भए (थापा, २००१)। बिर्ता, जमिन्दारी व्यवस्था तथा खेती गरिएको जमिनमा मोहियानी हकलाई जोड दिँदै भक्तपुरको आन्दोलन संगठित भई अघि बढ्यो। अखिल नेपाल किसान संघको नाममा तत्कालीन सबै दलहरूको एउटा साझा किसान सञ्जाल पनि गठन भयो। तर किसानहरूको त्यो साझा सञ्जालमा कम्युनिष्टको वर्चस्व रहेको आरोप लगाउँदै भक्तपुरका किसान नेता बासु पासाले २००८ सालमा कृषि सुधार संघ भन्ने छुट्टै संस्था स्थापना गरे (थापा, २००१)। एकै समयमा दुई समानान्तर सरकार साथसाथै चल्न सक्दैनन् भन्ने बासु पासाको मान्यता थियो। त्यतिबेला भूमि कर संकलनमा द्वैध व्यवस्थापन

कायम थियो। भूमि कर बिर्ताधनीहरूले नभई नेपाल सरकारले मात्रै उठाउनुपर्थ्यो। तर त्यो समय सरकार र बिर्ताधनी दुवैले त्यस्तो कर उठाइरहेका थिए (थापा, २००१)।

वि.सं. २००७ देखि २०१७ सम्म भूमि अधिकारका केही आन्दोलनहरू भए। तर तिनका माग राजनीतिक रूपले धेरै अभिप्रेरित थियो। किसानहरूले सरकार तथा दलहरूबाट ठूलो आशा राखेका थिए। बहुसंख्यक जनता गरीब र अन्नविहीन थिए। त्यस्तो अवस्था कानून, नियम र समाजको स्वतन्त्रता धान्न मात्रै अप्ठ्यारो नभएर जमिन्दारहरू आफ्नै लागि खतरनाक हुनेछ भन्नेमा तिनीहरू विश्वस्त थिए। तर पनि आर्थिक संरचना र सामन्ती व्यवस्थामा क्रान्तिकारी परिवर्तन निम्त्याउनुको साटो राजनीतिक दलहरूले केही सानातिना सुधारमात्रै गरिरहे। यस्ता सानातिना सुधारले किसानका उत्कटता एवं निराशालाई थोरै कम गर्नेभन्दा अरू केही काम गरेनन्।

### २.३.१ भीमदत्त पन्तको भूमि संघर्ष

किसान आन्दोलनको नेपाली इतिहासमा २००७ पछि सुदूर पश्चिम क्षेत्रका भीमदत्त पन्त निकै क्रियाशील देखिएका थिए (एएनपिए, २००४)। पन्त किसान आन्दोलनमा पूर्ण समर्पित एक स्वतन्त्रता सेनानी थिए। हलिया र कमैया प्रथा तथा सबैखाले बँधुवा श्रम अन्त्यको वकालत गर्दै उनले बझाङ, बाजुरा र बैतडीजस्ता जिल्ला भ्रमण गरे। उनले कैलाली र कञ्चनपुर जिल्लामा पनि सो आन्दोलन विस्तार गरे। आफ्ना अधिकारको लागि किसानहरूलाई संगठित पार्ने र परिचालन गर्ने काम गरेका हुनाले उनी जमिन्दार र राणा शासनको निम्ति आँखाको कसिङ्गर बन्न पुगे। उनलाई २००७ फागुनमा गिरफ्तार गरी हत्याको प्रयाससमेत गरियो। नेपाल र भारत दुवै देशका सरकारले उनलाई एक 'खतरनाक क्रान्तिकारी कम्युनिष्ट' को संज्ञा दिँदै पक्राउ पूर्जी (सर्च वारेन्ट) पनि जारी गरे। ती सरकारले उनको टाउकोको मूल्यसमेत घोषणा गरे (एएनपिए, २००४)। तर पनि जनताको पूर्ण समर्थनले गर्दा उनी छोटो समयमै भूमिगत हुन सफल भए। तर पछि २०१० सालमा उनलाई प्रहरीले डोटीमा गिरफ्तार गर्‍यो र नजिकैको जंगलमा लगेर गोलीसमेत ठोक्यो। गोली लागी विह्वल भएपछि पन्तलाई एकजना प्रहरी जवानले खुकुरीले शिरच्छेदन गरे। त्यसपछि उनको टाउको बाँसमा झुण्डचाएर जनतामाझ देखाइयो। उनका तीन सयजति अनुयायीहरू गिरफ्तार भए जसमध्ये ५० जनालाई वि.सं. २०१२ मा मात्रै मुक्त गरियो। यस घटनालाई आफ्नो विजय मान्दै जमिन्दारहरूले भने हर्षोल्लास मनाएका थिए (इन्सेक, १९९५)।

भीमदत्त पन्तको पृष्ठभूमि दिनुपर्दा हामीले राणा शासनविरुद्ध आन्दोलनको समयलाई हेर्नुपर्छ। २००६ असोजमा उनी र उनका साथीहरू नेपाली काङ्ग्रेससँग आबद्ध भएका थिए। त्यसपछि डडेलधुरा र बैतडीबाट उनले राणा शासनविरुद्ध आन्दोलनको सुरुआत गरे (इन्सेक, १९९५)। २००७ माघमा गठित राणा, नेपाली काङ्ग्रेस र राजाको संयुक्त सरकारले उनलाई महाकाली गभर्नर बनायो। गभर्नरको आफ्नो कार्यकालमा गरीब जनतालाई उनले निकै सहयोग गरे। शान्ति कार्यदल स्थापनाताका उनले ज्यादै सादा जीवन बिताएका थिए। उनी प्राय: कालो बजारीबाट नून, चामल र कपडा ल्याउँथे र गरीब जनतालाई बाँड्थे। किसान आन्दोलनका लागि उनले कैलालीबाट धेरै थारू र मगरहरूलाई ल्याएर आफ्नो दस्तामा भर्ती गरे। हलिया र कमैया मुक्त गर्न तथा जोत्नेको अधिकारको लागि लड्न उनी निकै उत्साहित थिए (एएनपिए, २००४)। गरीब किसानमाझ उनले "जोत कि छोड, अहिले भएन भने कहिल्यै पनि फाइदा हुनेछैन।" भन्ने नारामार्फत जागरण अभियान चलाए (इन्सेक, १९९५)। धेरैभन्दा धेरै किसानहरू यस आन्दोलनमा सहभागी हुन थालेपछि यो नाराले सामन्ती जमिन्दारहरूलाई तर्सायो। यसले गर्दा सामन्तहरूले उनलाई मार्ने प्रयास धेरैपटक गरे। तर तिनीहरू सो दुष्कर्ममा सफल हुन सकेनन्। पटक-पटक पक्राउ परे तापनि व्यापक जनदबाबका कारण सरकार उनलाई मुक्त गराउन बाध्य भएको थियो (एएनपिए, २००४)।

दलको नीतिसँग सहमत हुन नसकेपछि उनले नेपाली काङ्ग्रेसबाट राजीनामा दिए। संघर्षको क्रममा भारतका कृष्णस्वामी अड्करलाई भेटेपछि वामपन्थी विचारधाराबाट प्रभावित भई पछि उनी कम्युनिष्ट पार्टीको सदस्य बने। किसानका क्षेत्रमा काम गर्न उनले पुष्पलाल र मनमोहन अधिकारीजस्ता नेपाली कम्युनिष्ट नेताहरूको आधिकारिक प्रतिनिधित्व पनि पाए। त्यसताका देशको सुदूर पश्चिम क्षेत्रमा विभेद तथा दमन व्याप्त थियो। जमिन्दारहरूले जाली तमसुक बनाएर गरीब किसानहरूलाई आफ्नो हलिया बन्न बाध्य पार्थे। काम गर्न अस्वीकार गरेको खण्डमा जमिन्दारहरूले तिनको अंगप्रत्यंग काटिदिने र मार्नेसमेत गर्थे। त्यसैले भीमदत्त पन्तले जमिन्दारहरूविरुद्ध लड्न ५०० युवा मिलिसिया तयार गरे। उनले विद्रोहको माध्यमबाट यस्तो परिस्थितिमा क्रान्तिकारी परिवर्तन ल्याउन चाहन्थे (एएनपिए, २००४)।

एक समय भीमदत्त पन्तले बडा हाकिम (क्षेत्रीय मुखिया) मोहन बहादुर सिंहले गुणराज पन्तको माध्यमबाट धेरै योजना तथा जाली विवरणहरू तयार गरेका छन् भन्ने थाहा पाए (एएनपिए, २००४)। त्यसपछि बडा हाकिमलाई आक्रमण गर्दा उनी पक्राउ परी कञ्चनपुर जेल पठाइएका थिए तर उनी जोगबूढा जंगलबाटै भाग्न सफल भए (एएनपिए, २००४)। वि.सं. २००९ मा पन्त फेरि

पक्राउ परे र कञ्चनपुरको बेलौरी जेलमा कैद गरिए। गरीब किसानहरूले उनलाई जेलबाट निकाल्न निकै कठिन युद्ध लडे र सफल पनि भए (इन्सेक, १९९५)। यति हुँदाहुँदै पनि रेडियोबाट भीमदत्त पन्तले जेल तोडेर भागे भन्ने हल्ला फिँजाइयो। त्यस समयमा नेपालका सेना प्रमुख किरण शमशेर राणाले कसैले भीमदत्त पन्तलाई जिउँदो वा मृत जुनसुकै अवस्थामा ल्याए पनि आकर्षक रकम पुरस्कार दिने घोषणा गरे। भारतीय सेना, नेपाली सेना र सम्पूर्ण प्रहरी बलले नै उनको खोजी गऱ्यो तर भीमदत्त पन्तले दाह्री, कपाल र आँखीभौँ समेत खौरेर भेष परिवर्तन गरी जमिन्दारविरुद्ध लडिरहे। नेपाल सरकारले उनलाई गिरफ्तार गर्न भारत सरकारको सहयोग माग्यो। प्रत्युत्तरमा भारत सरकारले उसको सेनालाई नेपाल-भारत सीमानामा पठायो। दुवै देशले धेरै गुप्तचरहरू खटाए तर पन्तको कुनै ठेगान नै लागेन।

एकदिन गुप्तचरहरूले उनको आश्रयस्थल थाहा पाए र भारतीय सेनाले तीनतिरबाट त्यस ठाउँलाई घेरा हाल्यो। यति गर्दा पनि भीमदत्त पन्त अर्को बाटो छिचोलेर भाग्न सफल भए। भारतीय सेना र भीमदत्त पन्तका छापामारहरूबीच झडप हुँदा मगर छापामारहरूले भारतीय सेनाका थुप्रै जवानहरूलाई मारे। २०१० साउन ४ गते उनी खाद्यान्नको लागि डोटी जिल्लाको बुडरमा आफन्तकहाँ गएका थिए। तर पैसाको लोभमा आफन्तहरूले उनलाई घात गरे र सेनालाई खबर गरिदिए। त्यसपछि सेनाले ती आफन्तको घरमा छिरी उनलाई निर्ममतापूर्वक घिसारेर निकाले। आफू मर्दैछु भन्ने थाहा पाएपछि उनी “म सामन्ती दमनबाट मुक्त हुन चाहन्छु” भन्दै चिच्याएका थिए। उनलाई जंगलमा लगेर गोली ठोकेपछि एक प्रहरी जवानले खुकुरीले उनको शिरच्छेदन गरे। तर यति बेलासम्म पनि उनले यही वाक्य नै दोहोऱ्याइरहे। उनको हत्याको खबर वनको डढेलोझैँ फैलियो। यो समाचारबाट सामन्ती जमिन्दारहरू धेरै खुसी भई विजयोत्सव मनाए। हत्यापछि उनको शिरलाई एउटा बाँसमा झुण्ड्याइयो जसको मुनि यस्तो लेखिएको थियो: “यदि देशद्रोह अथवा विद्रोहमा लाग्यौ भने तिमीहरूको शिर पनि यसरी नै झुण्ड्याइनेछ।” यसअघि सेनाले पहिले उनको शिरको फुटबल खेली तीन दिनसम्म जमिनमा गाडेको थियो। भीमदत्त पन्तकी श्रीमती र उनका साथीहरूले उनको शिर मागेका थिए तर मोहन बहादुर सिंहले तिनलाई अपशब्द प्रयोग गरी दुर्व्यवहार गरे र ३१-बुँदे प्रतिबद्धतामा सही गर्न लगाए। त्यस लिखित प्रतिबद्धतामा हस्ताक्षर गरेपछि मात्रै उनले आफ्ना पतिको शिर पाइन्। पछि त्यही शिरलाई लिएर मात्रै तिनले डडेल्धुराको गतल बाबा मन्दिरमा पन्तको सतगत गर्न सके (इन्सेक, १९९५)।

भीमदत्त पन्तको नाम नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहासमा कुँदिएको छ। उनलाई शासकहरूले निकै कायरतापूर्वक मारे। उनको हत्यापछि किसानहरूको आन्दोलन शिथिल हुँदै विस्तारै-विस्तारै दबियो। तर उनको अविस्मरणीय योगदान तथा बलिदानीले किसान आन्दोलनको इतिहासमा भीमदत्त पन्त वास्तविक नायक भनेर चिनिन्छन्।

### २.३.२ काठमाडौं र भक्तपुरको भूमि संघर्ष

त्यही समयमा काठमाडौं र भक्तपुरमा पनि भूमि संघर्षहरू भएका थिए। किसानहरूले तालुकदारी र जमिन्दारी प्रथाको अन्त्य हुनुपर्ने लगायतका अन्य माग राखेका थिए। सरकार र जमिन्दारविरुद्ध तिनले विभिन्न प्रदर्शनहरू आयोजना गरे। भक्तपुरमा वि.सं. २०३६ पछिको दशकसम्म पनि यो आन्दोलन भिन्नाभिन्नै स्वरूपमा चलिरहेको थियो (थापा, २००१)।

### २.३.३ 'जी कहो' संघर्ष

किसानहरूलाई आदरार्थी शब्द प्रयोग गर्न 'रे नहि जी कहो' नाममा रौतहटमा सामन्ती जमिन्दारहरूविरुद्ध संघर्षको सूत्रपात भएको थियो। तिनका कुकर्मले किसानहरूको संघर्षमा महत्वपूर्ण भूमिका खेल्यो। त्यो संघर्ष प्रतिष्ठा, सामाजिक अस्तित्व र आत्म-सम्मानको खातिर गरिएको थियो। 'मद्दत भकारी खदा करो' भन्ने नारासाथ उत्रिएका उत्तेजित किसानहरूले संघर्षलाई दिगो राख्न अन्न भण्डारण एवं बचतको लागि एकअर्कालाई सहयोग गरे। यस्तो संघर्षले जमिन्दारविरुद्ध कडा चुनौती थुपाऱ्यो र नेपालको समग्र भूमि अधिकार आन्दोलनमा सार्थक योगदान पुऱ्यायो (इन्सेक, १९९५)।

### २.३.४ प्युठानमा भूमि संघर्ष अभियान

नेपाल कम्युनिष्ट पार्टी मसालले २०१० फागुनमा जमिन्दार तथा स्थानीय सामन्तविरुद्ध किसानहरू परिचालित गरी प्युठानबाट सुनियोजित आन्दोलनको थालनी गऱ्यो। किसानलाई राजनीति, सामाजिक-आर्थिक शोषण र देशमा तिनको अवस्थाबारे प्रशिक्षणहरू तथा जानकारी दिइयो। त्यही समयमा अन्य राजनीतिक दलले पनि किसानको मद्दत लिएर आन्दोलन सुरु गरे (इन्सेक, १९९५)।

### २.३.५ तराईमा भूमि संघर्ष विस्तार

युवा किसानहरूको नियन्त्रण तथा नेतृत्वमा वि.सं. २००९ देखि २०११ सम्म तराईका सबैजसो जिल्लाहरूमा 'खमार रोक' भनिएको एउटा अर्को स्वरूपको आन्दोलनले गति पायो। युवाहरूले चलिरहेको आन्दोलनमा आफ्नै ढङ्गले भाग

लिने निर्णय गरे (थापा, २००१)। किसान आन्दोलनलाई निरुत्साहित गर्न सरकारले सुधारवादी सानो आयोग पनि बनायो तर त्यसले मोही तथा भूमिहीन किसानलाई भने समावेश गरेन।

### २.३.६ दाङमा भूमि अधिकार संघर्ष

दाङ जिल्लामा २०१६ सालमा किसानहरूको ऐतिहासिक आन्दोलन भयो जसको बीज २०१४ सालको चुनावमा रोपिएको थियो (इन्सेक, १९९५)। उक्त चुनावमा नेपाली काङ्ग्रेसको 'जग्गा कसको जोत्नेको' र 'घर कसको पोत्नेको' भन्ने नाराले आन्दोलनमा अझै ऊर्जा दिएको थियो। प्रत्युत्तरमा जमिन्दारले किसानलाई आफ्नो जग्गाबाट निष्कासन गरे। गुम्रा थारू नामका एकजना स्थानीय किसानले आफ्नो ज्यान गुमाएपछि आन्दोलन अझै चर्कियो (थापा, २००१)।

## २.४ वि.सं. २०१६ देखि २०४६ सालसम्मको किसान क्रान्ति

यो खण्डमा २०१६ देखि २०४६ सालसम्मका किसान आन्दोलनबारे संक्षेपमा चर्चा गरिएको छ। पाठकहरूलाई जानकारी दिन विभिन्न जिल्लामा भएका किसान आन्दोलनहरूलाई छोटकरीमा प्रस्तुत गरिएको छ।

### २.४.१ 'झोडा' भूमि अधिकार संघर्ष

नेपालका किसान आन्दोलनहरूको चर्चा गर्दा मोरङमा २०२६-२८ सालतिर भएको घटनाबारे उल्लेख गर्नु उपयुक्त हुन्छ। यो आन्दोलन पहाडबाट बसाइँ सरेर तराई तथा चुरेको 'झोडा' क्षेत्रबीच उर्वर जमिनमा बसोबास गरेकाहरूविरुद्ध लक्षित थियो। सो संघर्षमा विभिन्न मानिसहरू मारिएको समेत जानकारीमा आएको थियो (एएनपिए, २००४)।

### २.४.२ झापा विद्रोह

वि.सं. २०२७-३० सम्मको झापा विद्रोह किसानहरूको कम्युनिष्ट विद्रोहको एउटा उदाहरण हो। झापा विद्रोहले संघर्षको नयाँ स्वरूप दिएको थियो। यस विद्रोहको क्रममा धेरै जमिन्दार तथा किसानहरू मारिएका थिए (एएनपिए, २००४)।

### २.४.३ 'भकारी फोड' संघर्ष धनुषा

'भकारी फोड' संघर्ष २०३५-३६ सालतिर निकै चर्चित थियो। किसानहरूले उक्त संघर्षमा आफ्ना उत्पादनको उचित मूल्य माग गरेका थिए। तर सेनाले किसानकै विरुद्ध कदम चाल्यो। यो संघर्ष धनुषाबाट सुरु भएर देशको विभिन्न भागसम्म फैलिएको थियो (थापा, २००१)।

### २.४.४ छिन्ताङ आन्दोलन, धनकुटा

वि.सं. २०३५ तिर धनकुटाको छिन्ताङ आन्दोलन स्थानीय मझिया (जमिन्दार) हरू विरुद्धको आन्दोलन थियो। तिनमाथि स्थानीय जनजातीय समूह र गरीब किसानलाई शोषण गरेको आरोप थियो। मझियाको लागि वर्षको न्यूनतम दुई हप्ता विनाज्याला मजदुरी दिन गरीब किसानलाई बाध्य पारिन्थ्यो। त्यसैले यो संघर्ष खासगरी शोषणकारी अभ्यासविरुद्ध लक्षित थियो। यस आन्दोलनका क्रममा सरकारी समर्थनमा जमिन्दारहरूद्वारा १७ जना किसान मारिए (एएनपिए, २००४)।

### २.४.५ पिस्कोर आन्दोलन, सिन्धुपाल्चोक

वि.सं. २०३९ तिर सिन्धुपाल्चोकको पिस्कोर गाउँका खासगरी पाण्डे सामन्तहरूविरुद्ध यो आन्दोलन लक्षित थियो। किसानहरू विनाज्याला श्रम गर्न, लिइएको ऋणको थामिनसक्नु ब्याज तिर्न र आफ्ना लगभग सबै उत्पादन जमिन्दारलाई दिन बाध्य पारिन्थे। यस्ता शोषण र अत्याचारविरुद्ध तिनीहरू संगठित भए र कडा रूपमा 'जसको जोत, उसको पोत' को माग गरे (एएनपिए, २००४)। यद्यपि दमनकारी शासन व्यवस्थाले सो आन्दोलनलाई निर्ममतापूर्वक दबायो र केही भूमिहीन जनता तथा गरीब किसानहरू मारिए।

## २.५ २०४६ पछि भूमि अधिकार आन्दोलन

भूमि वञ्चित जनता २००७ सालभन्दा अघिदेखि भूमि अधिकारको लागि लडिरहेका थिए। उनीहरू राणाकालको प्रतिकूल परिस्थितिमा पनि भूमि अधिकारका निम्ति संघर्षरत थिए। नेपाली काङ्ग्रेसको नेतृत्वमा तत्कालीन प्रधानमन्त्री बिपी कोइरालाले बिर्ता प्रथा उन्मुलनको लागि कदम चालेका थिए तर आफ्नो कार्यकालको बीचतिरै उनलाई अपदस्थ गरियो। यसको प्रमुख कारण प्रगतिशील भूमि सुधारको डर नै थियो। भूमिहीन जनताहरू पञ्चायत कालमा समेत प्रजातन्त्र र भूमि अधिकारको लागि संघर्ष गरिरहेका थिए। तिनले पछि २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापनाको क्रममा पनि महत्वपूर्ण भूमिका खेले। प्रजातन्त्रको पुनरागमनपश्चात् उनीहरूले कम्तीमा बाँच्ने अधिकार र जग्गामा खेती गरेर खान पाउने आश राखेका थिए। तर ती आशाहरू अधुरै रहे। बदलामा राजनीतिक दलहरूबीच मात्रै शक्ति बाँडफाँड भयो। यसरी फेरि पनि जमिन्दारहरू नै शक्तिमा आए र भूमि सम्बन्ध अथवा प्रशासनिक संरचनामा कुनै परिवर्तन आएन। किसानका अधिकारलाई फेरि एकपटक लत्याइयो। वि.सं. २०४६ पछि किसान संगठनहरू मध्यम वर्गीय मानिसहरूको नियन्त्रणमा पुगे। यसपछि भूमिहीन जनता आफैँले विभिन्न समयमा देशका धेरै ठाउँमा भूमि अधिकार आन्दोलन थाले जसमध्ये केही यसप्रकार छन्:

वि.सं. २०४९ - बर्दियामा कनारा आन्दोलनः थारू समुदायले भूमि अधिकार र जीविकाको लागि यो आन्दोलन चलाएका थिए तर सरकारद्वारा यसमाथि दमन गरियो।

वि.सं. २०५१ - रसुवामा अन्न नतिर्ने आन्दोलनः बिर्ता भूमिको उन्मूलन भए तापनि बिर्ताका मोहीहरू भने जग्गाको नक्कली धनीहरूलाई अन्न दिन बाध्य थिए। यसकारण मोहीहरू एकजुट भई शासकलाई पहिले बिर्ताको रूपमा रहेको गुठी जग्गाको अन्न भुक्तानी गर्न बन्द गरे।

वि.सं. २०५२ - सिएसआरसी र एनएलआरएफले नेतृत्व गरेको आन्दोलनः सिन्धुपाल्चोकको जिल्ला भूमि सुधार कार्यालयमा बयालीस ओटा मुद्दा दर्ता गरी सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी) र राष्ट्रिय भूमि अधिकार मञ्च (एनएलआरएफ) जस्ता गैरसरकारी संस्थाको मोहियानी हक आन्दोलनको प्रादुर्भाव भएको थियो। यसले वर्तमान भूमि अधिकार आन्दोलनको बीजरोपण गरेको थियो। राष्ट्रिय स्तरमा अहिले झन् धेरै पहिचान पाएको यस आन्दोलनलाई हाल राष्ट्रिय भूमि अधिकार मञ्चले नेतृत्व गरिरहेको छ।

वि.सं. २०५३ - 'बागदारी' र 'पितमरी' आन्दोलनः बाँके र बर्दियाका भूमि वञ्चित जनताहरूले बर्दियामा बागदारी आन्दोलन छेडे भने बाँकेमा भूमि अधिकारको लागि पितमरी आन्दोलनको थालनी गरे। सरकारले यी आन्दोलनहरूलाई पनि दमन गर्ने प्रयास गरेको थियो।

वि.सं. २०५३ - कमैया सरोकार समूहको गठनः कमैया सरोकार समूहको गठन भएपछि आन्दोलनको लागि यसले कमैयाहरूलाई संगठित बनाउने शिक्षाको थालनी गरेको थियो।

वि.सं. २०५४ - भूमि कब्जाः भूमिहीनद्वारा बाँकेको गिजरा फारम कम्पनीको भूमि कब्जा गरियो।

वि.सं. २०५६ - कमैया मुक्तिः कमैया मुक्ति कार्यक्रम विभिन्न पाँच जिल्लामा विस्तारित गरियो र उनीहरू मुक्त भए।

वि.सं. २०५६ - सिन्धुपाल्चोकमा किसानहरूको घेराउ कार्यक्रम: भूमि वञ्चित किसानहरूले भुटेको मकै र गहुँ लिएरै सिन्धुपाल्चोकको भूमिसम्बन्धी सबै कार्यालयहरू घेराबन्दी गरी भूमि समस्यालाई सम्बोधन गर्न सरकारलाई दबाब दिएका थिए। सिन्धुपाल्चोकका गुठी जग्गाको समस्या समाधानको लागि यो घेराबन्दीले एउटा सानो समिति बनाउन सरकारलाई बाध्य बनायो। भूमिहीन जनताहरूले भूमि अधिकारको लागि सिन्धुपाल्चोकमा गरेको यो संघर्ष इतिहासमै सबैभन्दा महत्वपूर्ण थालनी हो।

वि.सं. २०६० - मुद्दा दर्ता: जिल्ला मालपोत कार्यालयहरूमा ७३,००० भन्दा बढी मुद्दा दर्ता गरियो। भूमिहीन जनताले विभिन्न जिल्ला प्रशासन कार्यालय तथा जिल्ला भूमि सुधार कार्यालयहरूमा दर्ता गरिएका मुद्दामा ध्यानाकर्षण गर्न घेराबन्दी गरे (सिएसआरसी, २००४)।

वि.सं. २०६० - राजविराजमा भोक हड्ताल: भूमिहीनहरूले भूमि अधिकार र नागरिकता प्रमाणपत्रको माग गर्दै सप्तरी जिल्लाको राजविराजमा अठ्चालीस घण्टे भोक हड्ताल गरे। (सिएसआरसी, २००४)।

वि.सं. २०६० - मुद्दा दर्ता: विभिन्न जिल्लाका भूमि सुधार कार्यालयहरूमा जग्गाको पचास प्रतिशत हिस्सा माग गर्दै २१,००० भन्दा बढीले मुद्दा दर्ता गरे। दबाबका विभिन्न कार्यक्रमहरू गर्दै मोहीहरू अझ पनि संघर्षरत छन् (सिएसआरसी, २००६)।

वि.सं. २०६२ - सुनसरीमा रिले भोक हड्ताल: सुनसरीमा भूमि अधिकारको माग गर्दै भूमि सुधार कार्यालयअघि रिले भोक हड्ताल आयोजना गरियो (सिएसआरसी, २००६)।

वि.सं. २०६२ - जिल्ला मालपोत कार्यालयहरूमा तालाबन्दी: दाङ, बाँके, बर्दिया, सुनसरी, सिन्धुपाल्चोक, सप्तरी, सिराहा, महोत्तरीलगायत जिल्लाका मालपोत कार्यालयहरूमा तालाबन्दी गरियो (सिएसआरसी, २००६)।

वि.सं. २०६३ - धर्ना कार्यक्रम: भूमिबाट वञ्चित भएका जनताले भूमि अधिकार माग गर्दै प्रमुख राजनीतिक दलका जिल्ला तथा

केन्द्र दुवै ठाउँका कार्यालयहरूमा धर्ना दिए। उनीहरूले प्रधानमन्त्री निवासको गेटमा पनि धर्ना आयोजना गरे (सिएसआरसी, २००७)।

वि.सं. २०६४ - वादी महिलाहरूको विरोध: वादी महिलाहरूले भूमि अधिकार तथा जीविकाको सुरक्षा माग गर्न थाले। उनीहरूले काठमाडौंको सिंहदरबार र माइतीघर मण्डलामा लगभग दुई महिनासम्म प्रदर्शन गरे। अन्तत: सरकारले एक उच्चस्तरीय समिति गठन गरी उनीहरूलाई भूमि प्रदान गर्न सहमत त भयो तर सो सहमति पालना हुन अझै बाँकी नै छ।

## २.६ नागिरक समाजको सहजतामा भूमि अधिकार आन्दोलनहरू

यस खण्डले भूमि अधिकार र यसको सञ्जालमा काम गरिरहेको खासगरी एउटा क्रियाशील गैरसरकारी संस्थाको उदाहरण दिँदै नागरिक समाजले गरेको भूमि अधिकार पहललाई संक्षिप्त चर्चा गरेको छ। विभिन्न खालका नागरिक समाजले यस आन्दोलनमा योगदान पुऱ्याएका छन्। यद्यपि ती सबैलाई यहाँ समेटिएको भने छैन।

### २.६.१ नागरिक समाजको पहलकदमी

वि.सं. २०५१ तिर सिन्धुपाल्चोकका दुई गाविसहरू किउल र हेलम्बुबाट सुरु भएको भूमि अधिकार आन्दोलन पछि राष्ट्रिय भूमि अधिकार आन्दोलनको रूपमा विस्तारित भयो। यसबारे बक्स २.१ मा छोटो चर्चा गरिएको छ। हालसालैका वर्षहरूमा आफ्नो क्षेत्रलाई धेरैथोरै बढाउँदै जागरण कार्यक्रम र अभियानहरू मार्फत भूमि अधिकार आन्दोलन देशका ३९ जिल्लाका करिब २ लाख २३ हजार घरपरिवारसम्म पुगेको छ (सिएसआरसी, २००७)। सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी) र राष्ट्रिय भूमि अधिकार सरोकार समूह (एनएलआरसिजी) जस्ता गैरसरकारी संस्थाले यस्ता अभियानको नेतृत्व गर्दै आएका छन्। यससँगै ६५ संस्थागत संगठन तथा १३० व्यक्तिगत सदस्यहरूले हलिया, कमैया, हरुवा र चरुवालगायतका भूमिहीन र मोही किसानहरूलाई परिचालन गरिरहेका छन्।

## बक्स २.१ मोहियानी हक आन्दोलनका प्रमुख घटनाहरू

- भूमि अधिकारको वकालत गर्दै आएको सिएसआरसीले एक्सन एड नेपालको सहकार्यमा सन् १९९४ मा मोहीहरूको जीविका अध्ययन गऱ्यो।
- किउल गाविसम २०५१ सालमा तीन दिने कानूनी शिविर आयोजना भयो। यसमा १०० जना किसानहरूले भाग लिए। कुल पैसट्ठी किसानहरूलाई प्रशिक्षित गरी यसले तिनको एक्काइस सदस्यीय समिति पनि गठन गऱ्यो।
- वि.सं. २०५१ देखि १,६०० भन्दा बढी मोहीहरूले नियमित रूपमा भाडा तिरेको रसिद पाउने गरेका छन्।
- हेलम्बु, किउल, इचोक, तालामराङ र पाल्चोकमा मुद्दा दर्ता र अधिकार प्राप्तिसम्बन्धी विभिन्न अन्तर्क्रिया र छलफल कार्यक्रमहरू आयोजना गरिए।
- सिन्धुपाल्चोकको सदरमुकाम चौतारामा रहेको जिल्ला भूमि सुधार कार्यालयमा २०५२ चैत १८ मा ४५ ओटा उदाहरणीय मुद्दा दर्ता गरियो। किसानहरूले जिविस परिषद् बैठकलाई घेराउ गरी जिल्ला भूमि सुधार कार्यालयमा सिफारिस पत्र पेश गर्न माग गरे।
- कानूनी शिविरहरू विस्तार गरी सिन्धुपाल्चोकको विभिन्न १४ गाविसहरूमा पुऱ्याइयो।
- विभिन्न ७ गाविसमा २०५३ सालमा गुठी र मोहियानीबारे आधाररेखीय अध्ययन (बेसलाइन स्टडी) सञ्चालन गरिए।
- मार्टिन चौतारीमा २०५३ सालमा पत्रकार सम्मेलन तथा छलफल कार्यक्रमहरू आयोजना भए।
- सम्बन्धित निकायमा विभिन्न अपिल दिनुसाथै प्रतिनिधि मण्डल पनि पठाइयो।
- गाविसस्तरमा लगभग २०० ओटा मुद्दा दर्ता गरियो।
- वि.सं. २०५७ सम्म १,७०० भन्दा बढी मोहीहरूले मोहियानी हकको लागि र २७७ जनाले गुठी जग्गालाई रैकर जग्गामा परिवर्तन गर्न मुद्दा दायर गरे। परिणास्वरूप १,०३६ जनाले तिनको मोहियानी हक पाएका छन्।
- किसानहरूले भाडा तिरेको रसिद लिने प्रक्रिया चल्दै छ।
- वि.सं. २०५३ को संशोधित भूमि सुधार ऐन मोहीहरूको पक्षमा नभएको सम्पूर्ण किसानहरूलाई जानकारी दिइयो र तिनको पक्षमा वकालत गरियो।
- चौतारामा २०५७ कार्तिक १७ गते भएको प्रदर्शनमा हजारौँ किसानहरूले भाग लिए।
- गाविस अध्यक्षहरूलाई एउटा क्षेत्रीयस्तरको अभिमुखीकरण कार्यक्रम गरियो।
- वि.सं. २०५७ मा राष्ट्रिय अन्तरक्रिया कार्यक्रम तथा नीतिस्तरीय कार्यशालाहरू आयोजना गरिए।
- भूमि सुधार मन्त्रालय, जिविस र गाविसहरूसँगको समन्वयमा कार्यक्रमहरू गरिए।
- देशमा प्रभावकारी भूमि सुधारको लागि राष्ट्रिय भूमि अधिकार सरोकार समूहको गठन गरियो।
- मुलुकमा गरीबी निवारणको लागि भूमि अधिकारलाई प्रमुख कार्यसूची बनाउन पैरवीको थालनी भयो।

*स्रोत: सिएसआरसी (२००३ र २००४)*

अहिले नागरिक समाजको विभिन्न तह-तप्कामा रहेका तथा उत्पीडनमा परेका जोताहा किसानहरूले तिनका सरोकार सुनाउन तथा भूअधीनत्वको लागि आफ्ना अधिकार सुनिश्चित पार्न वैकल्पिक नीतिहरू पनि प्रस्ताव गरेका छन्। स्थानीय स्तरमा भूमिसम्बन्धी बहसको थालनी गर्न विभिन्न स्तरमा सरोकारवाला समूहका मञ्च तथा जनताका संस्थाहरूको उद्भव भएको छ। भूमि अधिकारको बहस गहिरिँदै गएको छ भने भूमि सुधारको वास्तविक लक्ष्य तथा जीविका सुरक्षाको स्थिति फराकिलो बनिरहेको छ। अझ महत्वपूर्ण रूपमा भूमि सुधारका मुद्दाहरू स्थानीय समुदाय र विभिन्न जिल्ला स्तरका मञ्चहरूमा छलफल हुने क्रम जारी छ। नागरिक समाज र नेपाल भूमि अधिकार मञ्चले विभिन्न समयमा फरक-फरक ठाउँहरूमा थुप्रै अभियानहरू आयोजना गरिरहेका छन्। तिनमध्ये केहीलाई यहाँ चर्चा गरिएको छः

### २.६.२ राजाको प्रत्यक्ष शासनको विरोध

खेत जोत्ने तथा भूमिहीन किसानहरूलाई संगठित बनाउने क्रम यति बेला पनि जारी नै थियो। तत्कालीन राजा ज्ञानेन्द्रले २०६१ माघ १९ मा सत्ता हात लिएपछि संकटकाल घोषणा गरी सरकारको २१ बुँदे प्राथमिकताका कार्यक्रमहरू सार्वजनिक गरियो। शाही कार्यक्रमको तेस्रो बुँदाले भूमि ब्याङ्कमार्फत भूमि सुधारको कुरा गरेको थियो तर यो विधि भूमिहीन र मोहीहरूबीच उति लोकप्रिय थिएन। सरकारले अन्य वैकल्पिक उपायबारे सोच्दै नसोची विश्व ब्याङ्कको सहयोगमा भूमि ब्याङ्कको अवधारणा भित्र्यायो। धेरै गैरसरकारी संस्थाहरूले विभिन्न स्तरमा शृंखलाबद्ध अन्तरक्रिया कार्यक्रमको आयोजना गरी यस निर्णयको विरोध गरे। फलत: सरकारी निर्णय स्थगित गरियो। संकटकाल जारी हुनाले आन्दोलनको आँधीबेहरी सिर्जना गरी सरकारलाई दबाब दिन पनि कमै मात्र सम्भव थियो। तैपनि भूमिहीनले स्थानीयदेखि राष्ट्रियस्तरमा बैठक र सामूहिक प्रदर्शन आयोजना गरे। यसमा गरीब किसानको अत्यधिक सहभागिता हुनाले सेना र प्रहरीले पनि उनीहरूविरुद्ध केही गर्न सकेनन्। किसानले आफ्नो एकीकृत शक्ति देखाएर शाही शासनको विरोध गरे। साथै तिनले लोकतन्त्र र भूमि अधिकारको माग पनि यहीँ मिसाए। ती प्रदर्शनमध्ये एउटा उदाहरण बक्स २.२ मा दिइएको छ।

## बक्स २.२ : राजाको प्रत्यक्ष शासनविरूद्ध किसानहरूको प्रदर्शन

राजाले तानाशाही शासन लादेपछि भूमिहीन, मोही, हलिया, हरुवा, चरुवा, कमैया र कम्लरीको अधिकारको लागि लडिरहेको संस्था राष्ट्रिय भूमि अधिकार मञ्चको पहलमा पूर्वदेखि पश्चिमसम्म साइकल ऱ्याली आयोजना गरियो। लोकतन्त्र र भूमि अधिकारको लागि जनएकता अभिवृद्धि गराउन तथा प्रस्तावित भूमि ब्याङ्क व्यवस्था र नेपालको सामन्ती प्रथाविरुद्ध सो ऱ्याली आयोजना गरिएको थियो। देशको पूर्वी तथा पश्चिमी क्षेत्रहरूमा जुलुसहरू आयोजना गरिएका थिए। पूर्वी नेपालमा २०६२ बैशाख २५ देखि २९ र सोही वर्ष कार्तिक ६ देखि १० सम्म तथा पश्चिममा २०६२ जेठ १६ देखि १९ सम्म यस्ता कार्यक्रमहरू आयोजना गरिए। जुलुसले पूर्वमा सिराहा, राजविराज, महोत्तरी र सर्लाहीका विभिन्न क्षेत्रहरू र पश्चिममा दाङ, बर्दिया र नेपालगन्जका क्षेत्रहरू समेटचो। शाही कदम तथा जनाधिकारको कटौतीविरुद्ध ग्रामीण क्षेत्रहरूमा आयोजित यो पहिलो जुलुस थियो।

जुलुसको अभियान र आपसी अन्तरक्रियाले सहभागीहरूमा नयाँ साहस तथा अनुभवको सञ्चार भयो। यसबाट प्रेरित भई स्थानीय बुद्धिजीवी, क्लब, रेडक्रस सर्कल र नागरिक समाजका स्वयंसेवी सहभागीहरूले भूमि अधिकार विषयमा ऐक्यबद्धता जाहेर गरे। स्थानीय सामुदायिक समूहले सहभागीहरूलाई वास, खाना र चमेना जुटाएका थिए। यस्तो ऐक्यबद्धताको अर्थ सरकारले गरेको प्रत्येक अन्यायपूर्ण निर्णयविरुद्ध जनताको प्रतिरोध सन्देश भन्ने बुझिन्थ्यो। सहभागीहरूले भूमि अधिकारको लागि मात्र नभएर लोकतन्त्र तथा शान्तिको लागि पनि आवाज उठाए। सो समयमा जुलुस आयोजकमध्येकै संस्था राष्ट्रिय भूमि अधिकार मञ्चका महासचिव पूर्णप्रसाद अधिकारीले “लोकतन्त्र भूमि अधिकार अभियानमा मूलभूत आवश्यकता हो र वर्तमान सामाजिक संरचनाको सुधारविना यस्तो लोकतन्त्र सम्भव छैन।” भन्ने विचार पोखे। नेपालगन्जमा आयोजित जुलुसमा पनि हजारौँ भूमिहीन किसान, कमैया तथा हलियाहरूको सहभागिता थियो। तिनले भूमि अधिकारको नारा लगाउँदै लोकतन्त्रको माग गरे। यो आन्दोलन २०६१ माघ १९ मा सत्ता हत्याउने गरी भएको शाही कदमपछिको सबैभन्दा ठूलो आन्दोलन थियो।

*स्रोत: सिएसआरसी (२००५)*

**लोकतन्त्रको पुनर्स्थापनापछि नवगठित सरकारले बहुसंख्यक गरीब तथा भूमिहीनहरूको आवाज सुनेर तिनको हितमा केही काम गर्ने आशा मौलाएको थियो। तर राजनीतिक पार्टी र सरकारसँग औपचारिक तथा अनौपचारिक स्तरमा केही छलफल कार्यक्रमबाहेक अरू केही पनि हुन सकेन। सरकारी उपेक्षाको कारण देशको विभिन्न भूभागमा २०६३ साउन र भदौमा भूमि वञ्चितहरू मालपोत कार्यालय घेराउ र तालाबन्दीजस्ता राष्ट्रिय स्तरका विरोध कार्यक्रम गर्न बाध्य भए (सिएआरसी, २००६)। तर पनि जिल्ला कार्यालयहरूले प्रदर्शनकारीको औपचारिक मागपत्र सरकारलाई पठाउन मानेनन्। सरकारी कर्मचारीको त्यस्तो व्यवहारले ती आन्दोलनकारीलाई झनै आक्रोशित बनायो। फलत: तिनले आफ्ना मागमाथि सरकारले सुनुवाइ नथाल्दासम्म ती कार्यालयहरूमा तालाबन्दी गर्ने निर्णय गरे (सिएसआरसी, २००६)।**

सरकारलाई दबाब दिने र भूमिहीन तथा विपन्न किसानलाई परिचालित गर्ने उद्देश्यले यस्ता थुप्रै विरोध कार्यक्रमहरू देशव्यापी रूपमा भए। गुठी-पीडित तथा अरू समूहहरूले विभिन्न सरकारी तथा राजनीतिक दलका कार्यालयअगाडि गरेको धर्ना कार्यक्रम तिनकै केही उदाहरण हुन्। यसरी विरोधका ज्वारभाटाहरू उठ्ने क्रम अझै जारी छ।

## २.७ निष्कर्ष

वि.सं. १८५६ पछिको दशकबाटै सूत्रपात भएको नेपालको भूमि अधिकार संघर्षको गाथा अझै पनि जारी नै छ। धेरैजसो संघर्षहरू भूमि वञ्चित जनता आफैले स्वतन्त्र रूपमा सञ्चालन गरेका भए तापनि पछिपछि यिनमाथि धेरै राजनीतीकरण भयो। फलत: भूमि वञ्चितहरू छेउ लगाइए र राजनीतिक दलका सहायक संगठनहरूले नै आन्दोलनको नेतृत्व गरे।

नागरिक समाजका संगठनहरूको समर्थनमा २०५१ सालमा थालनी भएको मोही अधिकारको लागि भूमि संघर्ष देशव्यापी रूपमा फैलियो। गरीब जनताको जीविका सुनिश्चितता, सामाजिक न्याय र गरीबी निवारणको लागि भूमि अधिकारका विषयहरू सम्बोधन गर्न यो आन्दोलन सफल भयो। यसका थुप्रै चुनौतीहरू रहे तापनि सो समयमा २०,००० भन्दा बढीले भूमि अधिकार पाए र ९०,००० भन्दा धेरैले भूमि अधिकारको लागि मुद्दा दायर गरे (सिएसआरसी, २००७)।

भूमि अधिकार अभियानले मोही र भूमिहीन किसानहरूलाई सशक्त बनाउन योगदान पुऱ्यायो। जोत्नेहरूका धेरै संगठनहरू आज भूमि अधिकारको लागि लड्ने राष्ट्रिय संस्थाको रूपमा स्थापित छन्। जमिन्दारहरूले भूमि उपयोग गर्नबाट निष्कासन गर्ने परम्परा नेपालका केही भागमा अहिले घटेको छ र भूमिहीन तथा मोही किसानहरू एकजुट भएका छन्। यस अभियानले जिल्लास्तरमा रहेका भूमि वञ्चित जनतालाई ऐक्यबद्ध गराउन मद्दत पनि दिएको छ। तर भावी दिनमा भने यसको गति र दिशा कस्तो हुनेछ भन्ने हेर्न अझ बाँकी नै छ। नेपालमा भूमि सुधारका विषयहरू राम्ररी सम्बोधन नगर्दासम्म दिगो शान्ति प्राप्त गर्न नसकिने कुरामा कुनै शंकै नभएको माथिका तथ्यहरूले छर्लङ्ग पार्छन्। निक्योंलमा, भूमिसम्बन्धी युगौंदेखिको समस्यालाई सम्बोधन गर्न सरकारले तत्कालै कुनै तदारुकता देखाउनु अत्यन्तै जरुरी छ।

## सन्दर्भ सामग्री


1. ANPA. (2004). *Fifty Years of Peasant Movement*. Kathmandu: All Nepal Peasant Association.
2. Bhattrai, B. (2003). *The Nature of Underdevelopment and Regional Structure of Nepal: A Marxist Analysis*. New Delhi: Adroit Publishers.

3. CSRC. (2008). *Land First*. Katmandu: CSRC.
4. CSRC. (2007). Annual Reflection, Land Rights Movement in Nepal. Kathmandu: CSRC.
5. CSRC. (2006). Annual Reflection, Land Rights Movement in Nepal. Kathmandu: CSRC.
6. CSRC. (2005). Annual Reflection, Land Rights Movement in Nepal. Kathmandu: CSRC.
7. CSRC. (2004). Annual Reflection, Land Rights Movement in Nepal. Kathmandu: CSRC.
8. CSRC. (2003). Annual Reflection, Land Rights Movement in Nepal. Kathmandu: CSRC.
9. Ghimire, K.B. (2001). *Land Reform and Peasant Livelihoods*. London: ITDG Publishing.
10. INSEC. (1995). Human Rights Yearbook. Kathmandu: Informal Sector Service Centre.
11. Regmi, M.C. (1999a). *A Study in Nepali Economic History*. Delhi: Adroit Publishers.
12. Regmi, M.C. (1999b). *Thatched Huts and Stucco Palaces: Peasant and Landlords in 19$^{th}$ Century Nepal*. Delhi: Adroit Publishers.
13. Shrestha, N.R. (2001). *The Political Economy of Land, Landlessness and Migration in Nepal*. Jaipur: Nirala Publications.
14. Thapa, S. (2001). *Peasant Insurgence in Nepal 1951-1960*. Bhaktapur: Nirmala KC.
15. Thapa, S. (2000). *Historical Study of Agrarian Relations in Nepal 1846 – 1951*. New Delhi: Adroit Publishers.
16. Upreti, B.R. (2002). *Management of Social and Natural Resource Conflict in Nepal: Realities and Alternatives*. New Delhi: Adroit Publishers.

परिच्छेद ३

✍ जगत बस्नेत

# भूमि सुधारमा अन्तर्राष्ट्रिय आन्दोलनहरू : एक विहङ्गम दृष्टि

### ३.१ परिचय

भूमि सुधारमा अन्तर्राष्ट्रिय आन्दोलनका पछिल्ला प्रवृत्तिलाई नियाल्ने हो भने यिनले विशेषगरी सन् १९०० को दशकमा उल्लेखनीय उचाइ लिएका छन्। यस अवधिमा धेरै मुलुकहरू उपनिवेशबाट स्वतन्त्र भए र भूमि अधिकार आन्दोलनको लागि अन्तर्राष्ट्रिय वातावरण पनि अनुकूल बन्यो। औपनिवेशिक कालमा धेरै ग्रामीण किसानहरू भूमि अधिकारबाट वञ्चित थिए। आफ्नै देशका नेतासाथै केही वैदेशिक निकायहरूले तिनमाथि नियन्त्रण कायम गरेका थिए। गरीबी, असमानता र सामाजिक अस्थिरतालाई जन्म दिन यस्ता मुलुकका फितलो नीति पनि निकै जिम्मेवार रहे। बहुसंख्यक जनता ग्रामीण भेगमा बस्थे र आफ्नो जीविकाको निम्ति कृषिमा निर्भर थिए। भूमि अधिकारबाट वञ्चित हुनाले तिनमध्ये धेरैजसो सजिलै अरूको प्रभावमा पर्ने खालका थिए र धेरैजना सामाजिक पूर्वाग्रहको सिकार पनि बने। फलतः भूमि अधिकार आन्दोलन यस्तै पूर्वाग्रहविरुद्धको आन्दोलनसमेत बन्न पुग्यो। विस्तारै यस आन्दोलनले धेरै किसानहरूको साथ पनि पायो।

सन् १९७९ मा इटालीको रोममा भूमि सुधार र ग्रामीण विकासको सवालमा एउटा विश्व सम्मेलन आयोजना भएको थियो। सो सम्मेलनमा न्यायोचित भूमि वितरणलाई प्राथमिकताका साथ उठाइयो। परिणामतः विभिन्न मुलुकका सरकारहरूले सन् असीको दशकदेखि भूमि सुधारमा आकस्मिक परिवर्तन ल्याए। यी प्रक्रियामा भूमि वितरणको विषय बजारलाई नै छोडियो र तिनलाई आधिकारिक रूपमा सहकारी संस्थाहरूमा निर्भर बनाइयो। यसले गर्दा विश्व ब्याङ्क र ठूला वित्तीय संस्थासमेतका बहुराष्ट्रिय कम्पनीहरूको नियन्त्रणमा जमिन थुपार्ने काममात्रै भयो। प्रत्युत्तरमा किसानहरू आफूलाई वित्तीय तथा बहुराष्ट्रिय कम्पनीको आक्रमणबाट जोगाउने एउटा आन्दोलनको निम्ति एकत्रित हुन थाले। भूमि अधिकारको माग गर्दै चर्का आवाजहरू उठे। अनि यही

समय विश्वका विभिन्न भागमा भूमि अधिकार आन्दोलनहरू भए। तीमध्ये केही देशका अनुभव यहाँ प्रस्तुत गरिएको छ। यस परिच्छेदको मुख्य उद्देश्य अन्तर्राष्ट्रिय परिदृश्यमा किसान आन्दोलनको पृष्ठभूमिलाई सारांशीकृत गर्नु तथा त्यस्ता संघर्षका विशेषता, उपलब्धि र तिनबाट सिकेका पाठहरूलाई जोड दिनु हो। एसिया, अफ्रिका र ल्याटिन अमेरिकामा भएका भूमिसम्बन्धी आन्दोलनलाई समेटेर यस लेखलाई प्रतिनिधिमूलक बनाउन खोजिएको छ। तथापि अध्ययन सामग्रीको अभावले गर्दा अफ्रिकाको किसान आन्दोलनको अनुभवलाई यहाँ समावेश गर्न सकिएन।

## ३.२ मेक्सिकोमा किसान आन्दोलन

मेक्सिकन क्रान्तिकारी नेता एमिलियानो जापटाले नेतृत्व गरेको किसान आन्दोलनलाई संसारकै एक महत्वपूर्ण भूमि अधिकार आन्दोलन मानिन्छ। जापटाले जमिन्दारका पक्षपाती तत्कालीन राष्ट्राध्यक्ष पर्फिरियो डायजको निरंकुश शासनविरुद्ध सन् १९१० र १९१९ बीचमा सशस्त्र किसान आन्दोलनको नेतृत्व गरेका थिए। मोरेलस राज्यको टचालाहुइकन नामको एउटा ल्याटिन अमेरिकी गाउँबाट आन्दोलन सुरु गरेका जापटाले यसलाई क्रान्तिकारी स्वरूप दिएका थिए।

### ३.२.१ संघर्षको पृष्ठभूमि

मेक्सिकन सरकारले बलपूर्वक किसानका जमिन खोस्दै मुट्ठीभर कम्पनीलाई बाँड्न थालेपछि जमिनको रक्षा र जीविका सुरक्षा गर्न किसानहरू एकीकृत हुन थाले। प्रत्युत्तरमा जापटा र उनका समर्थकहरूले आफ्नो आन्दोलनका कार्यक्रम सार्वजनिक गर्दै विश्वलाई आफ्ना माग र मुद्दा प्रस्टयाउने प्रयत्न गरे। आन्दोलनबारे तर्कहरू अघि सार्दै तिनले संघर्षमा सहयोग र समर्थनको अपिल पनि गरे। यो समयसम्म सरकारले तिनका माग बेवास्ता गर्दै शर्तहरूसमेत अस्वीकार गरिरहेको हुनाले यस्ता बुलेटिन र अपिलहरू निकै महत्वपूर्ण मानिएका थिए। जापटा र उनका समर्थकहरूले 'प्लान डे अयला' (अयला भनिने ठाउँमा तयार पारिएको योजना) मा रैथाने किसानहरूलाई भूमि वितरण गर्ने सम्बन्धमा योजना तथा नीतिहरू प्रस्ताव गरे। सरकारले तिनका पक्षमा भूमि सुधार नीति ल्याएको खण्डमा तिनले संघर्षका कार्यक्रम त्याग्ने घोषणा पनि गरे।

'प्लान डे अयला' को आरम्भ आफैमा महत्वपूर्ण थियो। सामान्य किसान र गाउँलेहरूले भेला डाकेर भूमिसम्बन्धी नीतिले के-के समेट्नुपर्छ भनी छलफल गरे। ओटिलियो नाम गरेका एकजना विद्यालय शिक्षकले त्यहाँ उठेका विषयवस्तुहरू टिपोट गरे। अनि त्यही टिपोटका आधारमा ओटिलियो र

जापटाले योजनाको अन्तिम प्रारूप तयार पारे। यसमा किसान आन्दोलनको मुख्य योजना र भूमि सुधारमाथि तिनको दृष्टिकोण समावेश गरिएको थियो। सन् १९११ नोभेम्बर २२ मा माउण्टेन क्याम्प अयोकुस्तलामा भएको बृहत् आमभेलामा संशोधन गरिएपछि यसलाई अन्तिम रूप दिइयो (हुइजर, २००१)। यसलाई टाइप गरी एकजना स्थानीय पुजारीले प्रथम प्रति तयार पारेका थिए। यसरी 'प्लान डे अयला' तयार भएको थियो।

किसानहरूले जमिनमाथिको अधीनत्व तत्कालै लिनुपर्छ भन्ने 'प्लान डे अयला' को दाबी थियो। सरकारले तिनको यो अधिकार खोसेको थियो। अधीनत्व अधिकार प्रमाणित गर्न अप्ठ्यारो परेमा तिनले भूमिमाथिको आफ्नो अधिकारलाई सप्रमाण देखाउनु पर्थ्यो। यस्तो गर्दा तिनले एक तिहाइ जमिन पाउन सक्थे। तीस वर्षको उमेरमा सन् १९०९ सेप्टेम्बर १२ मा जापटा गाउँ सुरक्षा समितिको सभाध्यक्ष चुनिए (हुइजर, २००१)। त्यस गाउँका पाकाहरूले युवावस्थामै भए पनि गाउँको भूमि पुनर्स्थापित गर्न जापटा सक्षम रहेका ठम्याए। तिनले उनलाई स्थानीय मुद्दाबारे एक हप्ता लामो गोष्ठी आयोजना गर्न लगाए। यस क्रममा परम्परागत अधिकार, भूमिसँगको प्रेम र वंशाणुगत अधिकारबारे पनि छलफल गरिएको थियो। त्यसपछि कब्जा गरिएका जमिनबारे अनुसन्धान गरी पुनर्स्थापना गर्ने योजना बनाइयो।

संघर्षको चरणमा वैधानिक तवरले जमिन प्राप्त गर्नु असम्भवजस्तै देखियो। धेरैजसो न्यायाधिवक्ता आफै जमिन्दार हुनाले न्यायाधीशहरूले कहिल्यै तिनको पक्षमा फैसला सुनाएनन्। त्यसैले गैरकानूनी तरिकाले जमिन अधिग्रहण गर्ने प्रक्रिया अपनाइयो। यस प्रक्रियाको थालनीपछि तिनमाथि सेना र जमिन्दार जाइलाग्न थाले र संघर्ष हिंसात्मक बन्न पुग्यो। यसले आन्दोलनलाई झनै विस्तृत र तीव्र बनायो। किसानहरूले नजिकैको चिनामेका सामुदायिक बस्तीबाट हतियार ल्याए। गाउँले र किसानको सहभागितामा एक महिनामै विद्रोहीको संख्या १,००० पुग्यो (हुइजर, २००१)। 'भूमि र स्वतन्त्रता' (ल्याण्ड एण्ड लिबरेसन) भन्ने नाराको साथ गति लिएको यो संघर्ष पछि गएर सरकारलाई मुख्य झन्झट नै बन्न पुग्यो।

भिक्टोरियो हुएर्टाको नवगठित सरकारले किसान आन्दोलन रोक्न जापटालाई प्रलोभनमा पार्ने प्रयास गऱ्यो। तर जापटाले सो प्रस्ताव ठाडै अस्वीकार गरी सरकारविरोधी सशस्त्र क्रान्तिलाई निरन्तरता दिए। मेक्सिको सिटीमा नयाँ सरकार र मुट्ठीभरका जमिन्दारबीच जापटा र उनको आन्दोलनविरोधी गठबन्धन बनेको थियो। यस क्रममा सशस्त्र किसानहरूद्वारा कब्जा गरिएका जमिनमा स-सुरक्षा खेती गरिएको थियो (हुइजर, २००१)। तिनलाई ती जमिनदेखि हटाउन

सरकारी सेना आएपछि प्रतिकारमा किसानहरू स-साना समूह र झुण्डहरूमा पुनर्संगठित हुँदै जुनसुकै बेला पनि लड्नको निम्ति तयार रहन थाले।

### ३.२.२ संघर्ष नीतिहरू

मेक्सिकोका सशस्त्र किसानहरूको विद्रोही क्रियाकलापलाई आधुनिक छापामारहरूले गरेका कामसँग तुलना गर्ने गरिन्छ। जब सरकारी सेना जापटाका किसान योद्धाहरू समीप पुग्थ्यो, तब किसानहरू भूमिगत हुन्थे र स्थानीय भीडसँग मिसिन्थे। सरकारी सेनाले आक्रमण गर्ने योजना बनाएपछि तिनले हड्ताल आह्वान गर्थे (बाराक्लफ, २००१)। यसरी तिनले प्रत्येक साना सहरहरू कब्जामा लिएर जमिन्दारहरूको नाममा रहेका भूमि अधीनत्वको अभिलेख नष्ट पारिदिए। मोरेलसमा भएका अधिकांश जमिन, ५३ सामुदायिक बस्ती तथा खेती गरिएका सबै जग्गा किसानहरूलाई फिर्ता गरियो (हुइजर, २००१)। तथापि जापटाले साना कृषि उद्योगीहरूलाई भने मारमा पारेनन्। सन् १९१५-१९१६ मा भएको भूमि वितरणसँगै किसानका निम्ति बचत तथा ऋण कार्यक्रम थालियो (बाराक्लफ, २००१)।

जापटाले छोटो अवधिमा नै ठूलो संख्यामा किसान योद्धाहरू तयार गरी सरकारी सेनालाई हराएर सन् १९१४ मा राजधानी मेक्सिको सिटीमा पहिलो पटक एउटा परेड आयोजना गरे (बाराक्लफ, २००१)। स्थानीय जनताको दह्रो समर्थन र सहयोग नै यस आन्दोलनको सफलताको मुख्य कारण थियो। किसान योद्धाहरूलाई शान्त पार्न देशका विभिन्न भूभागमा किसानलाई जमिन फिर्ता गर्ने योजना तर्जुमा गरियो। सन् १९१७ मा मेक्सिकोको संविधानसभाबाट संविधानको धारा २७ अनुरूप यस योजनाको सूत्रपात भयो (बाराक्लफ, २००१)। क्रान्तिपछि विभिन्न सरकारहरू शक्तिमा आए तर कुनैले पनि प्रतिबद्धताअनुरूप जमिन पुनर्वितरण अथवा भूमि सुधार कार्यान्वयन गरेनन्। पहिले वितरण गरिएका केही जमिन पनि सरकारी सेनाले फिर्ता लियो।

जापटाले नेतृत्व गरेका किसान क्रान्तिलाई पालासिअसले एक अमेरिकीको दृष्टिबाट व्याख्या गरेका छन् (हुइजर, २००१)। उनका अनुसार विद्रोहको विषयमा एउटा अनुसन्धान थाल्न अमेरिकाद्वारा सन् १९१९ मा विलियम गेट्स नाम गरेका पत्रकार नियुक्त गरिएको थियो। जमिन कब्जा गरी बाली लगाएर यसको संरक्षण गर्ने किसानहरू देखेर उनी चित खाएका थिए। गेट्सले सामाजिक क्रान्तिका पक्षमा आवाज उठाए। लेमेन्स, ल्योयड जर्ज र लेनिनले तिनका अवधारणामा जापटा र किसान आन्दोलनका विषयमा यस्तै जानकारी र विचार पोखेका छन् भनी पालासिअस थप्छन् (हुइजर, २००१)। त्यो आन्दोलनले भावनात्मक विचारलाई समेटेको थियो। एरिक ओल्फका अनुसार यो तथ्य अझै छर्लङ्ग छ; जापटा र उनका विद्रोहीद्वारा ग्वाडाल्युप भूमिमा लडिएको युद्धसमेत

समेटेर बनाइएको नयाँ संरचना अनेनेल्कुको पुस्तकालयमा देख्न सकिन्छ। यसले ल्याटिन अमेरिकीहरू सम्पत्तिको अधीनत्व तथा दमनबाट मुक्त भएको अवस्थाको सुचित्रण गरेको छ (हुइजर, २००१)।

यस आन्दोलनको क्रममा महिलाहरूको पनि प्रमुख योगदान रह्यो। भिडन्तका कार्यक्रमहरूमा तिनको भूमिका केन्द्रीय थियो। सन् १९१७ पछि यो आन्दोलनले धेरै सास्ती बेहोर्नुपर्‍यो (बाराक्लफ, २००१)। विभिन्न प्रविधि प्रयोग गरेर सरकारी सेनाले तिनमाथि दमन गर्‍यो। विद्रोहीहरूप्रति गाउँलेको समर्थन र सहयोगलाई नै तिनले मुख्य तारो बनाए। सन् १९१९ अप्रिल १० मा सरकारी सेनाद्वारा जापटा निर्ममतापूर्वक मारिए (हुइजर, २००१)। उनमाथि किसानहरूको अगाध प्रेम र विश्वास थियो। आफ्नो कालजयी कामले गर्दा हत्यापश्चात् पनि उनी जनतामा बाँचिरहेका थिए। केही मानिसले त सायद उनी अझै साँच्चिकै बाँचिरहेका छन् भन्ने विश्वास गर्थे। ख्रिष्टहरूले जिससलाई सम्मान गरेझैं किसानहरू उनलाई आफ्ना गुरु मान्थे।

जापटाका तालिम, मन छुने भनाइ र सबै आन्दोलनहरूलाई उनले दिने निर्देशनको तौरतरिकाले उनलाई परीकथाका नायकजस्तै बनाइदियो। यी सबै कुरा अमेरिकी विश्लेषक टेनेटबौनले लेखेका छन्। जापटाको हत्या भएको चार वर्षपछि मेक्सिको पुगेका टेनेटबौनले “तिम्रो शरणमा परिरहेका दक्षिणी विद्रोहीहरूभन्दा मृत्यु नै उत्तम छ।” भन्ने रहस्योद्घाटन गरेका छन्। जापटाको मृत्युपछि सन् १९१९ अप्रिल ११ मा क्युर्नाभाकामा यसै वाक्यलाई कुँदेर टाँसिएको छ (हुइजर, २००१)।

### ३.२.३ जापटाको हत्यापछि

त्यसपछिका दुई दशकमा जहाँ-जहाँ योद्धाहरूले किसान आन्दोलनलाई सक्रिय पारे, त्यहीँ-त्यहीँ भूमि सुधार गरियो। विशेषगरी भेरा क्रुज, मिसोअकान र युकाटानजस्ता किसानले दमन भोग्नुपरेका ठाउँमा यो काम द्रुत गतिमा सम्पन्न भयो। सन् तीसको दशकको मध्यतिर जनरल लजारो कार्डेनासको प्रगतिशील सरकार किसानकै संगठनमा पूर्ण निर्भर थियो। आफ्नो सहायतालाई सेनाको सुरक्षामा बचेका परम्परावादीहरूले निरन्तर प्रतिवाद गरेकै कारण उनका नीति तथा कार्यक्रमहरू झनै प्रगतिशील थिए। भूमि सुधारको क्रममा ७ लाख ७० हजार किसानलाई १ करोड ८० लाख हेक्टर जमिन बाँडियो (बाराक्लफ, २००१)। यस्ता धेरै जमिनमा सिँचाइसमेत गरिएको थियो। भूमि वितरणका क्रममा हिंसाका केही घटना पनि भए। सरकारले किसान संगठनहरूलाई सुदृढ पार्ने काम गर्‍यो। उसले तिनको सुरक्षाको लागि हतियारसमेत बाँड्यो। यो सरकारले स्ट्यान्डर्ड एण्ड रोयल डच शेल कम्पनीको अधीनमा रहेका

अन्तर्राष्ट्रिय तेल खानीहरू राष्ट्रियकरण गरी प्राकृतिक स्रोत संरक्षणको लागि दह्रो अडान लियो (बाराक्लफ, २००१)। आम जनताको केवल परिचालन एवं समर्थनभन्दा पनि नयाँ खालको सार्वजनिक सहभागिता एवं समन्वयले गर्दा कार्डेनासको शासनकाल स्मरणीय थियो। त्यतिबेला किसान संस्थाहरू र श्रम संगठन दुवैलाई समायोजन गरी एउटा महासंघ स्थापना गरिएको थियो। पछि यी दुवै संगठन औपचारिक राष्ट्रिय दलहरूमा रूपान्तरित भए। यी दलहरू अहिले पनि विभिन्न नाममा शक्तिमा रहेका छन्।

सन् १९४० मा भूमि सुधारका सबै कामहरू रोकिए र किसान परिचालनका मुद्दा सेलाउन थाले। मध्यम-वर्गको रुचि न कुनै छलाङ न त क्रान्तिकारी भूमि सुधारमा नै थियो। औपचारिक किसान संगठनहरूले केवल मौखिक रूपमा भए पनि यसको विरोध गरेका थिए। यसर्थ असन्तुष्ट किसान समूहसँगै देशमा हिंसा चर्कन थाल्यो। अनि धेरै किसानहरू सरकारको मान्यता नपाएका अनौपचारिक संगठनहरूतिर फर्किए।

सन् १९५८ मा मुक्त किसान संघ (लिबरेटेड फामर्स असोसिएसन) का ज्यासिन्टो लोपेजले ओब्रेरोस मेक्सिकोको साधारण सभा (युनियन जेनरल) को नेतृत्व गरे (बाराक्लफ, २००१)। यसले सर्वसाधारणलाई एकीकृत हुन र ठूला जमिन्दारका नियन्त्रणमा रहेको जग्गालाई सांकेतिक जफत गर्न अभिप्रेरित गर्‍यो। मुख्यतया मेक्सिकोको उत्तरी प्रशान्त राज्यमा भूमिको अधिग्रहणलाई निरन्तरता दिइयो। त्यस ठाउँमा सरकारले व्यावसायिक खेती गर्न ठूला जमिन्दारलाई धेरै सिंचित भूमि दिएको थियो। राज्यको नीतिअनुरूप सुकुम्बासी तथा मोही किसानले ती क्षेत्रमा भूमि अधिकार दाबी गरिरहेका थिए। तैपनि भूमि सुधारलाई गतिहीन तुल्याइयो। सामाजिक हिंसाको अवस्था झनै खस्कियो र यो समस्या अझै सुल्झेन। यसरी किसानहरू आफ्ना सपना साकार पार्न अद्यापि जापटा वा अन्य संगठनका नाममा एकीकृत हुँदै कहिले शान्तिपूर्ण त कहिले सशस्त्र आन्दोलन गरिरहेका छन्।

## ३.३ सोभियत युनियनमा भूमि अधिकार आन्दोलन

सन् १९१७ मा सोभियत युनियन आन्दोलनका सहभागीमध्ये करिब ८०% किसानले ओगटेका थिए (हुइजर, २००१)। तर पनि बहुसंख्यक किसानहरू खेती गर्ने अधिकारबाट वञ्चित थिए। त्यसैले लेनिनले 'जोत्नेलाई जमिनको अधीनत्व' भन्ने नारा दिएका थिए। बोल्सेभिक आन्दोलनमा किसानहरूको भूमिका निकै महत्वपूर्ण हुनाले भूमि अधिकारको सवालले प्रमुख महत्व पाएको थियो।

### ३.३.१ संघर्ष पृष्ठभूमि

प्रारम्भमा किसानहरूले मात्रै आन्दोलनमा सहभागिता जनाए। तर पछि सामाजिक कार्यकर्ता, विज्ञ, पत्रकार तथा आम जनसाधारणले पनि यसमा भाग लिए। किसानहरू देशमा व्याप्त सामन्ती व्यवस्थाबाट मुक्ति चाहन्थे। तिनले जग्गा कमाएबापत विनाज्याला श्रम गर्नुपर्थ्यो। जग्गा हुनेले नहुनेलाई दमन गरिरहेका थिए। किसानले चाहिँ जग्गाधनीको अत्याचार खप्नुपर्थ्यो। किसानहरू स्वतन्त्र नहुँदासम्म यस्तो व्यवस्थाले निरन्तरता पाइरह्यो। मुक्तिपश्चात् तिनीहरू साझा जमिनको उपभोक्ता बने।

उन्नाइसौँ शताब्दीको करिब अन्त्यतिर धनी किसानले आफूहरूसँग जग्गा भएको फाइदा उठाइरहेका थिए। यसले गर्दा धनी र गरीब किसानबीच चर्को द्वन्द्व भयो। तिनीहरूबीचको द्वन्द्वका कारण सबैलाई एकत्रित गर्न सन् १९०५ मा किसान संगठनको स्थापना गरियो (हुइजर, २००१)। उनीहरू जमिनमाथि आफ्नो अधिकारलाई प्राकृतिक अधिकार सम्झन्थे र भूमि सुधार नै तिनको मुख्य माग थियो। गाउँमा तिनका बैठक तथा भेला चलाइन्थ्यो। किसान तथा खानी श्रमिकबाट विस्थापित भई कृषि श्रम गरिरहेकाहरूले यस्तो नयाँ अवधारणासाथ गाउँ फर्कने योजना लिएर आए। पछि यो नै आन्दोलनलाई शक्तिशाली तथा महत्वपूर्ण बनाउने आधारशिला बन्यो।

### ३.३.२ संघर्ष नीतिहरू

किसानहरू जापानमा भएका घटनाबाट पनि प्रभावित भएका थिए। तिनीहरू क्रान्तिकारी भूमि सुधारबाहेक अर्कोले तिनको जीवनमा उल्लेख्य परिवर्तन ल्याउन सक्दैन भन्ने निचोडमा पुगे। तिनका सूचना गाउँसम्म प्रवाह गर्न रणनीति तर्जुमा गरियो। योजनाअनुरूप क्रान्तिकारी भूमिसुधारको मुद्दा ४७ प्रदेश र ३०० जिल्लाहरूमा फैलाइयो (हुइजर, २००१)। यस अभियानको सम्भावित परिणामलाई अनुभूत गरेपछि राज्यले एक हजारभन्दा धेरै घर नष्ट पारिदियो। किसानका घरहरू नष्ट गर्ने राज्यको यस्तो दमनकारी कार्यले आन्दोलनलाई कमजोर बनाउनुको साटो यसमा झन् अर्को अभियान थपियो। त्यो थप अभियानमा किसानले खेती गरिएको भूमिबाट हुने उत्पादनबापतको भाडा तिर्न अस्वीकार गरे। तर तिनको यो नीतिले किसान आन्दोलनमा झनै बाधा पुऱ्यायो। सन् १९०६ मा सरकारले आन्दोलनलाई तीव्र दमन गर्न सुरु गऱ्यो। राज्यको दमनकारी नीतिले किसानहरूलाई केही हतास तुल्याए पनि आन्दोलन चली नै रह्यो। अन्तमा सरकार र किसानहरूबीच एउटा सम्झौताको स्थिति आयो। पहिलो सम्झौता भूमि अधिकारबाट वञ्चितलाई भूमि व्यवस्थापनमा सहभागी गराउने थियो। यसले गर्दा खेती गरिएको

जमिनमाथि नियन्त्रणसाथै सम्पत्ति अधिकारको सवालमा पनि अडान कायमै राख्न सकिन्छ भन्ने मान्यता थियो। तर सरकारले यस्तो जमिन व्यक्तिलाई सुम्पने वा भूमि आयोग गठन गरी बाँड्ने योजना बनाइरहेको थियो। मन्त्री स्टोलाइपिनले सन् १९०६-११ को लागि आयोग गठन गर्ने र भूमि वितरण गर्ने योजना बनाए (हुइजर, २००१)। विभिन्न तहमा कानूनहरू बनाइए (मन्त्री स्टोलाइपिनले सरकारका केही समर्थक र धनी किसानहरूलाई सहयोग गरे)। नयाँ कानूनअनुसार साना सामुदायिक भूखण्ड (प्लट) जोतिरहेका किसानहरूलाई नै त्यसको हकदार बनाइयो। ठूलो भूखण्ड भएका किसानहरू त्यसैअनुसार ठूलै भूखण्डको हकदार बने। यस नीतिले गर्दा स्थानीय किसानहरूले सामुदायिक भूभाग तथा चरन क्षेत्र पनि गुमाउनुपर्ने थियो। चालीस लाखजति मानिस कामको खोजीमा गाउँबाट विस्थापित भए। धनी किसानले यस अवस्थाको फाइदा उठाए। यसले असंख्य साना किसानको बाँच्ने आधारलाई जोखिममा पुऱ्याइदियो। फलत: धेरै किसानहरू आक्रोशित भई आन्दोलनमा होमिन विवश भए।

किसानहरूले जग्गा गुमाएपछि सन् १९१२ मा क्रान्तिकारी कार्यक्रमको घोषणा गरियो। भूमि सुधारसम्बन्धी अडानलाई एकत्रित र स्पष्ट पार्न किसानहरूलाई केही वर्ष लाग्यो। अन्तमा सन् १९१७ मार्चमा तिनले आन्दोलनलाई राष्ट्रिय गति दिन सफल भए। त्यसबेलासम्म अधिकांश किसानहरूले खेती गर्न कुनै जग्गा पाएका थिएनन्। तिनको जीविका जोखिममा थियो। यसमाथि पनि जमिन्दारको बढ्दो दमन र अत्याचारले किसानहरूलाई संगठित हुन ऊर्जा प्रदान गऱ्यो। भूमि सुधारलाई मुख्य मुद्दा बनाएर सन् १९१७ मा आन्दोलनको लागि सबै किसानहरू पंक्तिबद्ध भए। सन् १९१७ फेब्रुअरीपछि स्थानीय समितिले शक्ति आफ्नो हातमा लिई धर्ना कार्यक्रम आयोजना गऱ्यो। कब्जा गरिएका केही जमिनहरूमा हिंसात्मक घटना पनि भए। किसान सभाको माध्यमद्वारा गाउँ नियन्त्रणमा लिने प्रक्रिया जारी नै रह्यो। यस्तो प्रक्रियालाई भूमि सुधार सभा भनी नामकरण गरिएको थियो। सन् १९१७ मार्चसम्म किसानमात्र भएका समितिमा पछि विज्ञहरूलाई पनि समावेश गरियो। समयक्रमसँगै साना गाउँ तथा भूखण्डमाथिको नियन्त्रणलाई निरन्तरता दिइयो। गाउँस्तरमा गठित समितिले प्राय: यस्ता काम गर्थे। तथापि यस सिलसिलामा साना किसानद्वारा खेतीकृत तथा प्रभावकारी उपयोगमा रहेका जमिनलाई कुनै असर भने पारिएन। लगभग सबै ग्रामीण क्षेत्रहरू साना गाउँ समितिले नियन्त्रणमा लिए। भविष्यमा अंगीकार गरिनुपर्ने नीतिको स्वरूप निर्धारण गर्ने सम्बन्धमा निर्णय गर्न तत्काल सभाहरू बोलाइयो। यसले भावी कदमबारे छलफल गर्नुका साथै संविधानसभामा साना किसानको प्रतिनिधित्व कसले गर्ने भन्ने निर्णय पनि गऱ्यो।

### ३.३.३ किसान आन्दोलनपछि

सन् १९१७ नोभेम्बरमा लेनिनको प्रगतिशील भूमि सुधार घोषणाले गर्दा उनको सरकारले किसानको ठूलो समर्थन प्राप्त गऱ्यो। ग्रामीणस्तरबाटै किसानका पक्षमा कानून बनाइए। जमिनमाथिको व्यक्तिगत अधीनत्व अन्त्य गरियो। जग्गा किनबेच गर्न वा भाडामा दिन नपाइने भयो। यदि कसैले त्यसो गरेमा उसको जग्गा खोसिन्थ्यो। खेतमै पसिना बगाउनेले पाउने गरी जमिन वितरण गर्ने निर्णय गरियो। स्थानीय समितिहरूद्वारा यस्तो कार्य-सम्पादन गरिन्थ्यो। भू-उपयोगका सवालमा सोभियत किसान संघ र यसका प्रतिनिधिहरूको ज्ञान, सीप बढ्दै गयो र तिनले जमिनको वितरण तथा व्यस्थापनमा सघाउ पुऱ्याए।

सन् १९१७-२१ सम्म सोभियत युनियनमा वैदेशिक हस्तक्षेपविरुद्ध नागरिक आन्दोलन थियो। यसले भूमि सुधारको मुद्दालाई थप बल पुऱ्यायो। यसै क्रममा भूमिसम्बन्धी एक राष्ट्रिय नीति घोषणा पनि गरियो। भूमि सुधारप्रति लक्षित गरिएको भए तापनि यसले राष्ट्रिय आर्थिक विकासलाई ध्यानमा राखेको थियो। यसको एक दशकपछि कृषिमा सामुदायिकता (कम्युनलिजम्) को समस्या थपियो। कृषि प्राथमिकतामा नपरेकोले धनी तथा मध्यम वर्गीय किसान औद्योगीकरणतर्फ लाग्न सुरु गरे। यसले गर्दा कृषि उत्पादनमा उतारचढाव आयो। राज्यले कृषिमा अत्यधिक लगानी गऱ्यो र निर्यातमा पनि ठूलो कमी आयो। त्यहाँ एक नयाँ पञ्चवर्षीय योजनाको आवश्यकता खड्किएको थियो। कम्युनिष्ट पार्टीको सभाले सानो मात्राको खेतीलाई ठूला कृषि फर्महरूसँग गाभ्ने र ठूला कृषि फर्ममार्फत यसलाई यान्त्रीकरण गर्ने निर्णय गऱ्यो। कृषिको सामुदायीकरण तथा औद्योगीकरणलाई व्यापक प्रवर्द्धन गरियो।

## ३.४ चीनमा भूमि अधिकार आन्दोलन

सन् १९२० को दशकमा चीनमा करिब आधाजति किसानहरू भूमिहीन थिए (हुइजर, २००१)। क्षेत्रीय शक्ति सम्बन्ध र चौतर्फी व्याप्त भ्रष्टाचारका कारण किसानहरू जमिन्दारको हातबाट अत्यधिक शोषण बेहोर्न बाध्य थिए। यसर्थ तिनीहरू आफ्नो हक-अधिकारको लागि लड्न विवश बने र परिणामस्वरूप चीनमा किसान आन्दोलनको उदय भयो।

### ३.४.१ आन्दोलनको पृष्ठभूमि

पुँजीवादी क्रान्ति (सन् १८५०-६५) सुरु भएको दक्षिणी क्षेत्रबाट यस आन्दोलनले विगुल फुकेको थियो। राष्ट्रियताको भावनासाथ आरम्भ भएको किसान आन्दोलन पछि चीनभरि नै फैलियो। आफ्नो जन्मथलो फर्किरहेका बेला चीनियाँ नेता माओ जे दोङले त्यो सामाजिक आन्दोलनको जरो बुझ्ने प्रयास गरे। सन् १९२६ मा कुओमिन्ताङद्वारा सङ्घाईका मजदुर वर्ग दमित भएको तथ्य पनि उनले राम्रैसँग बुझे (हुइजर, २००१)। माओ जे दोङले ह्युनानको

किसान आन्दोलनसम्बन्धी खोजमूलक आलेख तयार गरेका थिए। यसमा उनले आफ्नो विचारधाराअनुसार सो आन्दोलनको उदय ग्रामीण भेगबाट नै सुरु भएर अति राम्रो र गुणस्तरीय भएको विचार पोखेका छन्। वास्तवमा यही नै आन्दोलनको सघन पक्ष थियो। यसले सहरी मजदुरहरूलाई पनि आन्दोलनमा सहभागी हुन तथा उक्त संस्थासँग आबद्ध हुन प्रेरित गर्‍यो। माओले विगतका गल्तीहरूबाट पाठ सिक्दै किसान आन्दोलनलाई अघि बढाउन सहयोग पुर्‍याए। किसान आन्दोलनको उदय ह्युनान प्रान्तबाट भएको थियो। उनले किसानहरूलाई त्यहाँबाट प्रभावकारी ढंगले एकत्रित हुन सघाउ पुर्‍याए। अन्ततः प्रशस्त किसान योद्धाहरूको दस्ता तयार भयो। सन् १९३४-३५ मा चीनियाँ छापामार सैनिकले एउटा दीर्घ-यात्रा (लङ-जर्नी) गरेर सङ्घाई संगठनका सैनिकलाई ध्वस्त पारे (स्टिफल र ओल्फ, १९९४; केलियाङ र प्रोस्टरम्यान, २००६)। कम्युनिष्ट सैनिकहरू संख्यामा धेरै नभए पनि तिनको मनोबल र नैतिकता अचम्मै दह्रो थियो।

आन्दोलनलाई उचाइमा पुर्‍याउने क्रान्तिकारी रणनीति तय गर्दा एकदमै सतर्कता अपनाइयो। यसक्रममा विभिन्न किसानहरूको एउटा गठबन्धन तयार गरियो। आन्दोलनलाई सशक्त पार्न गाउँको यथोचित अध्ययन गरियो। अध्ययनमा त्यहाँ रहेका समूह, तिनको सम्बन्ध, सामर्थ्य, भिन्नता र महत्व जस्ता विषयलाई पनि समेटियो। ती समूहको परिचालन त्यतिबेला सफल हुन्थ्यो जब तिनले शत्रु तथा जमिन्दारलगायत विभिन्न विषयमा आधारभूत भिन्नता पत्ता लगाउन सक्थे। आन्दोलनबाट व्युत्पन्न हुने सम्भावित द्वन्द्व के हुनसक्छ ? धनीले कसरी किसानहरूलाई विभाजित गर्न सक्छन् ? आदि प्रश्नको उत्तर खोजियो। तर अरू विषय बाहेक गरीबको हित र वर्ग-सम्बन्धबारे पनि विस्तृत छलफल गरियो। द्वन्द्व विद्रोहमा परिणत भएपछि मात्रै आन्दोलनले सफलता पाउँछ भन्ने माओको विश्वास थियो (स्टिफल र ओल्फ, १९९४; केलियाङ र प्रोस्टरम्यान, २००६)। उनले आन्दोलनमा महिला सहभागितालाई जोड दिएका थिए। सरकारले पनि थेग्न नसक्ने गरी महिला सहभागिताले आन्दोलनमा शक्ति उत्पन्न गराउँछ भन्ने उनको विश्वास थियो। चीनका किसानको सामाजिक आन्दोलन विस्तारै सशस्त्र राजनीतिक विद्रोहमा विकसित भयो। पछि त आन्दोलनले समता, सम्मान र स्रोतसँग पहुँचभन्दा पनि राज्य-शक्तिमाथि नै दाबी गर्न थाल्यो। यो आन्दोलन दबाउन राज्यले शक्ति प्रयोगसमेत गर्‍यो। तनावको क्रम लगभग दुई दशकसम्म लम्बियो र द्वन्द्वले गर्दा धेरै किसानहरूले ज्यान गुमाए (स्टिफल र ओल्फ, १९९४)।

### ३.४.२ आन्दोलनको उपलब्धि

भूमिसुधार नीतिअनुरूप प्रत्येक किसानलाई जमिन दिनु चीनको किसान आन्दोलनको मुख्य सफलता थियो। पछि यो आन्दोलन विस्तारै कृषि सहकारीमा परिवर्तन भयो। ग्रामीण औद्योगीकरणलाई सहयोग गरेको हुनाले यस्तो भएको थियो। पछि यो विषय कम्युनिष्ट दलको मुख्य मुद्दा पनि बन्यो।

**सन् १९५८ पछि धेरै मानिसहरू प्राकृतिक प्रकोपबाट प्रभावित बने। यसले पनि ग्रामीण औद्योगीकरणको लागि झन् दबाब दियो (केलियाङ र प्रोस्टरम्यान, २००६)। त्यसपछि विस्तारै त्यस ठाउँका मानिसको जीवनस्तर सुधार हुन थाल्यो।**

**बक्स ३.१ ले भू-अधीनत्व स्थापित गर्न र परिणामतः ग्रामीण अर्थतन्त्रलाई चुलीमा पुऱ्याउन चीनका किसान तथा मोहीले क्रान्तिको समय निर्णायक भूमिका खेलेका थिए भन्ने देखाउँछ।**

**बक्स ३.१ चीनमा भूमि अधिकार आन्दोलनको समयरेखा**

- सन् १९४९ पूर्व- धेरै किसानहरू मोही काम गर्थे र जमिन्दारलाई भूमिको उच्च भाडादर तिर्थे। किसानका यिनै पीडाले क्रान्तिमा ऊर्जा थप्यो।
- सन् १९५० देखि १९५४ सम्म- नयाँ सरकारले जग्गाको पूर्ण निजी अधीनत्व पूर्व-मोही किसानहरूलाई दिने भूमिसुधार कानून अवलम्बन गऱ्यो। चीनको करीब आधाजति खेतीयोग्य जमिन त्यहाँका घरपरिवारहरूलाई वितरण गरियो। यसले कृषि उत्पादकत्व पनि वृद्धि भयो।
- सन् १९५४ देखि १९६१ सम्म- ठूलो परिमाणमा सामूहिक खेती गर्न लगाई निजी अधीनत्वमा बन्देज लगाइयो। यसले उत्पादकत्वमा ह्रास आएको कारण सन् १९५९ देखि १९६१ सम्म भोकमरीले १ करोड ५० लाखदेखि ३ करोडसम्म मानिसहरूले ज्यान गुमाए।
- सन् १९७८ देखि १९८४ सम्म- घरपरिवार जिम्मेवारी व्यवस्था (हाउसहोल्ड रिस्पन्सबिलटी सिस्टम) स्थापना गरियो। यस अवधिको चार वर्षमै कृषि उपादकत्व ५०% ले वृद्धि भयो।
- सन् १९८७ देखि १९८८ सम्म- पुनःव्यवस्थापन नीतिले गर्दा किसानहरूले जग्गामा विरलै लगानी गरे।
- सन् १९९० देखि १९९७ सम्म- असुरक्षित भूमि अधिकारले ग्रामीण विकासमा अड्चन थप्यो।
- सन् १९९८ मा- लिखित कागजातका साथै भूमि व्यवस्थापन कानूनले घरपरिवारहरूलाई तीसवर्षे भूमि अधिकार दियो।
- सन् १९९९ देखि २००१ सम्म- राष्ट्रव्यापी सर्वेक्षणमा ४०% किसान घरपरिवारसँग मात्र तीसवर्षे भूमि अधिकारको करार भएको पाइयो।
- सन् २००२ मा- ग्रामीण भूमि करार कानूनले किसानको तीसवर्षे भूमि अधिकारलाई सघन बनायो र भूमि स्थानान्तरण बजार (ल्याण्ड ट्रान्सफर मार्केट) को लागि आधार दियो।

*स्रोतः केलियाङ र प्रोस्टरम्यान (२००६)*

## ३.५ फिलिपिन्समा भूमि अधिकार आन्दोलन

बीसौँ शताब्दीको आरम्भमा फिलिपिन्समा अमेरिकी साम्राज्यवादी सरकारद्वारा व्यावसायिक खेती थालनी गरियो। यसले धेरै फिलिपिनो किसानको अवस्थामा नराम्रो असर पाऱ्यो। धेरैभन्दा धेरै जमिन विशेषगरी सुर्ती र उखु खेतीको व्यावसायिक प्रयोजनार्थ दिन थालियो। आयकर तिरेपछि यी उत्पादनहरू मुख्यतया: अमेरिका निर्यात गरिन्थ्यो। व्यावसायिक खेतीका अतिरिक्त उक्त सरकारले नयाँ व्यापारमा समेत जोड दियो। अनुपस्थित जमिन्दार (एब्सेन्ट ल्याण्डलर्ड) सामान्य नै भए। त्यहाँको पितृसत्तात्मक व्यवस्थाले चलिआएका परम्पराको संरक्षण र लाभलाई तहसनहस पारिदिएको थियो। यसबाट त्रसित भएर जमिन्दारहरूले विस्तारै जमिन कब्जा गर्न थाले। यस प्रक्रियाले उतातिर किसानहरूमा नैराश्यता सिर्जना गऱ्यो। मोहियानी दर ३८% बाट ६०% मा वृद्धि भयो (हुइजर, २००१)। सन् १९३८ देखि १९४६ सम्म जमिन्दारले न्यायाधीशलाई समेत हात लिएर धेरै मुद्दा जिते। मोही र सुकुम्बासी बनाइएका हजारौँ किसानहरू यसरी क्रमैसँग भूमिहीन बन्दै गए। शोषण र दमनका घटनाहरू घट्ने कुनै संकेत नै नदेखेपछि धेरै किसानहरूले स्थानीय स्तरबाटै आन्दोलन शुरु गरे।

### ३.५.१ संघर्ष नीतिहरू

सन् १९१९ मा कम्युनिष्ट नेता ज्यासिन्टो मनाहनले बाली-अंशियारहरू (सेयर-क्रपर्स) को संगठन खडा गरेका थिए। पछि सन् १९२४ मा यो फिलिपिन्सको राष्ट्रिय संगठनमा परिणत भयो (करुनान, १९८४)। सो संस्था र यसका गतिविधिहरूलाई प्रतिबन्ध लगाइएको भए पनि यसले आफ्ना मार्ग निर्धारण गर्न भने सफल भएको थियो। त्यसैले सन् १९३० मा केही समाजवादी नेता, वकिल र सम्पन्न किसानहरू मिलेर 'पम्पङ्गा पाद्रो अबाद सान्तोस' नामको गरीबहरूको एक संगठन बनाए (हुइजर, २००१)। निकै शक्तिशाली भएपछि यस संगठनले बन्द तथा प्रदर्शनजस्ता प्रभावकारी कार्यक्रमको आयोजना गऱ्यो। किसानका छोरा लुइस टाइकले केही मात्रामा शिक्षा-दीक्षा पनि पाएका थिए। त्यसैले उनले अबाद सान्तोस (आन्दोलनका नेता) लाई आन्दोलन विस्तार गर्न मद्दत गरे (घिमिरे, २००१)। अबाद सान्तोस पछि गाउँमा बस्न थाले। त्यहाँ तिनले बैठकहरू आयोजना गर्नुका साथै गाउँलेलाई सो संगठनको उद्देश्यबारे पनि जानकारी गराउँथे। किसानले अहिंसा रणनीति र प्रक्रिया अपनाए। उनीहरू शान्तिपूर्ण धर्ना तथा प्रदर्शन आयोजना गर्थे। पक्राउ भई कोही जेल पर्ने भएमा सबैजना साथै जान्थे। तिनले गर्ने उपहासपूर्ण धर्ना (मक् सिट्-इन) ले आन्दोलनलाई अझ सशक्त पार्न ऊर्जा थप्थ्यो। यसै क्रममा भूमि अधिकारका

विषयमा सबैलाई जागरुक बनाई आन्दोलनलाई थप मजबुत बनाउन गाउँ-गाउँमा सांस्कृतिक कार्यक्रम आयोजना गरिन थाल्यो। सन् १९३८ सम्म ७०,००० किसान यो संगठनमा सदस्य भइसकेका थिए (करुनान, १९८४)। यति बेलासम्म कम्युनिष्ट संगठन र दलहरूलाई प्रतिबन्ध लगाइएको थियो। जमिन्दारहरूले समाजवादीसँग लड्न र आन्दोलनको प्रतिरोध गर्न लडाकु दस्ता र सैनिक बल तयार गरे। यसले केन्द्रीय लुजानमा हिंसात्मक रूप लियो र समाजवादीहरूलाई समेत प्रतिबन्ध लगाइयो। तिनलाई किसानका मुद्दामाथि बैठक, भेला एवं प्रदर्शन गर्न वर्जित गरिएको थियो।

पछि कम्युनिष्ट र समाजवादीहरू 'अभेरी' (किसान संगठन) मा एकत्रित भए। यसले गर्दा सो संगठन अझ बढी सशक्त भयो। तिनले फिलिपिन्समा 'कान्तिपुनन पम्बान्सा न्ग म्गा मगबुबुकिद स फिलिपिनास' (केपिएमपी) नामको किसान संगठन स्थापना गरे। सन् १९४२ मार्च २९ मा जापानी सैनिकविरुद्ध लड्न र भूमि अधिकार प्राप्त गर्न संयुक्त किसान सैनिक संगठन बनाइयो (करुनान, १९८४)। यस संगठनको प्रमुख उद्देश्य जापानी सैनिकलाई दण्डित गर्नु, लोकतान्त्रिक सरकार गठन गर्नु र भूमि सुधारको सुरुआत गर्नु थियो। तिनका मागमा जनताको सुरक्षा तथा सम्मानित जीवन बाँच्न पाउने हकको संरक्षण, राष्ट्रिय औद्योगीकरण र आधारभूत आवश्यकताको परिपूर्तिलाई समेटिएको थियो।

सन् १९४२ मा किसान संगठनले हतियार प्रयोगको नीति अवलम्बन गरेपछि धेरै किसानले हतियार उठाए। एक समूहमा करिब १०० किसानको दरले सैनिक समूहहरू गठन गरिए (सालमन, १९६८)। विद्रोहीहरू जापानी सैनिकविरुद्ध उत्रिए। खाद्यान्न तथा अन्य माग पूर्ति तथा व्यवस्थापन गर्न गाउँ-गाउँमा किसानहरू संगठित भए। प्रतिकार समूहको रूपमा लोकतान्त्रिक शैलीमा बारियो संयुक्त प्रतिरक्षा दस्ता (बारियो युनाइटेड डिफेन्स कर्प्स: बियुडिसी) स्थापना गरियो। यसले छापामारहरूलाई नियन्त्रणमा राख्न स्थानीय सरकार गठन गर्‍यो। धेरै मानिसहरू सहभागी भएपछि आन्दोलन शक्तिशाली भई अघि बढ्न थाल्यो। अन्ततः यसले केन्द्रीय र स्थानीय क्षेत्रमाथि नियन्त्रण जमायो। ती क्षेत्रमा धेरै जमिन्दार सहरमा बसी जापानीहरूसँगै काम गरिरहेका थिए। आन्दोलनलाई 'हुक' नामको विद्रोही समूहले अघि बढायो र खेतीपातीलाई आफ्नो नियन्त्रणमा राख्यो। यसरी आफ्नै नियन्त्रण कायम भएपछि किसानले आफ्ना उत्पादन जमिन्दारहरूलाई टक्र्याएनन्।

'हुक' आन्दोलनको विपक्षी भएकोले अमेरिकीहरू यस आन्दोलनका विरोधीहरूलाई समर्थन गरिरहेका थिए। अमेरिकी सैनिकलाई आन्दोलनको

बलमा जापानबाट समेत खेदिएको थियो। मौका पाएमा 'हुक' ले सामाजिक अवस्थामा आमूल परिवर्तन ल्याउन सक्छन् भन्ने डरले 'हुक' र जापानी कहिल्यै सँगै अघि बढेनन्।

भूमि वितरणले कम्तीमा किसानहरूका मनोकांक्षालाई पूरा गर्न सक्छ भन्ने प्रतिबद्धता सन् १९५३ को म्यागसेसेको भूमि सुधार आन्दोलनले गऱ्यो। भूमि सुधारको सवालमा शान्तिपूर्ण समाधानहरू अघि सारिए। त्यहाँ आन्दोलनका एक नेता तारुक र अरूबीच विचारमा फुट आइपऱ्यो। सन् १९५४ मा तारुकले आत्मसमर्पण गरेपछि धेरै वर्ष थुना परे (सालमन, १९६८; करुनान, १९८४)।

सन् १९५२ देखि १९५४ सम्म किसानका समस्या समाधान गर्न विभिन्न उपायहरूको खोजी भयो। यसै क्रममा एउटा निजी कम्पनी, भूमि सुधारवादी एक चर्चित चीनियाँ नेता र प्राज्ञ डा. वाई. सी. जेम्स येनले फिलिपिन्समा चलिरहेको यस्तो ग्रामीण सुधार आन्दोलनलाई सहयोग गरिरहेका थिए (करुनान, १९९२)।

### ३.५.२ आन्दोलनपश्चात्

फिलिपिन्सका उर्वर भूमिमा बहुराष्ट्रिय कम्पनीहरूलाई व्यावसायिक खेती गर्न दिने गरी सन् १९८० मा मार्कोसले भूमि सुधार योजना तयार गरे। सन् १९८३ मा अकिनो कोरा जोन सत्तामा आएपछि विश्व ब्याङ्कको समर्थनमा त्यो भूमि सुधार योजना सार्वजनिक भयो। यसबाट किसानहरू सन्तुष्ट थिएनन्। तिनले आन्दोलनलाई निरन्तरता दिए र जैम टचाडेओको नेतृत्वमा क्रान्तिकारी भूमि सुधारको सवाल प्रगतिउन्मुख दिशातर्फ लम्क्यो (करुनान, १९८४)।

## ३.६ बोलिभियामा भूमि अधिकार आन्दोलन

सन् १९५२ मा बोलिभियाको भूमि संरचना क्रान्तिपूर्वको मेक्सिकोको जस्तै थियो। तर पनि क्वेचुवा र एइमाराभाषी किसान (बहुसंख्यक जनसंख्या) हरूको दमन स्पेनीभाषी श्वेत जनसंख्याको भन्दा कम थियो। भारतीय दासहरूलाई जीविकाको लागि केही उर्वर भूमि दिइएको थियो तर तिनले सहरवासी आफ्ना जमिन्दारलाई प्रतिहप्ता ३ देखि ४ दिनका दरले विनाज्याला श्रम उपलब्ध गराउनुपर्थ्यो (हुइजर, २००१)। यसले किसानहरूलाई अझ संगठित भई दमनकारीविरुद्ध विद्रोहमा उत्रनुको विकल्प नरहेको आभास दिएको थियो।

### ३.६.१ संघर्षको पृष्ठभूमि

यत्रतत्र छरिएका बोलिभियाली किसानहरू तीसको दशकदेखि नै देशमा व्याप्त दासता तथा अर्धसामन्ती व्यवस्थाविरुद्ध फाट्टफुट्ट विद्रोह गरिरहेका थिए। सोही दशकको सुरुआती वर्षहरूमा पाराग्वे र बोलिभियाबीच साको युद्धले

बोलिभियाली किसानमाथि व्यापक प्रभाव पारेको थियो। यो युद्ध दुई देशबीच तेलको विषयमा भएको थियो। युद्ध-प्रभावले व्यक्तिगत र सामाजिक हिसाबमा दारुण घाटा बेहोरिरहेका किसानले युद्धविरुद्ध उत्रँदै बोलिभियाका विभिन्न ठाउँमा विरोध-कार्यक्रमहरू आयोजना गरे। अन्ततोगत्वा बोलिभियाले युद्ध हाऱ्यो र यसको क्षतिले अझ धेरै पीडा र राजनीतिक तिक्तता सिर्जना गऱ्यो।

युद्ध समाप्त हुनेबित्तिकै सन् १९३६ मा युकुरेनाको दक्षिणी भेगमा विशिष्ट उद्देश्यसहित एउटा ग्रामीण दस्ता (सिण्डिकेट) गठन भयो (हुइजर, २००१)। उर्वर उपत्यकासहितको यो उष्ण भूमि मुलुकमा खाद्य आपूर्तिको केन्द्र थियो। त्यो सिण्डिकेटको स्थापनापछि यसको आडमा किसानहरूले जमिन्दारलाई त्यतिबेला पनि अनिवार्य दिनुपर्ने भनिएको विनाज्याला श्रम प्रदान गर्न छोडे। स्थानीय स्तरका जमिन्दारलाई यो एउटा ठूलो चुनौती साबित भयो। त्यसैले जमिन्दारले गुम्बाहरूबाट जमिन किनेर किसानलाई खेदे, तिनका घर जलाइदिए र त्यस ठाउँ छोड्न बाध्य बनाए। जोसे रोजास नाम गरेका त्यस बेलाका एक युवा क्रान्तिकारीले पनि त्यस्तै कठिनाइ भोगेका थिए। उनका पितालाई आफ्नो जमिनदेखि खेदेर अर्जेन्टिना बसाइँ सर्न बाध्य पारिएको थियो। रोजास ज्यालादारी गरेर गुजारा धान्थे। त्यहाँ उनले राजनीतिक शिक्षासमेत लिने अवसर पाए। पछि बोलिभिया फर्केर भूमिगत जीवन बाँचे पनि गाउँमा किसान आन्दोलनलाई फेरि ब्युँताउन उनी सफल भए। यसरी उनी युकुरेनाका एक सम्मानित नेता बन्न पुगे।

यसैबेला जमिनमाथि मुट्ठीभर मानिसको परम्परागत नियन्त्रण र खानीमाथि राज्यको बढ्दो अभिरुचिले गर्दा सहरी मध्यम-वर्गमा असन्तुष्टि मौलाएको थियो। राष्ट्रिय क्रान्तिकारी आन्दोलन (न्यासनल रिभल्युसनरी मुभ्मन्ट) का नेता पाज एस्टेन्सोरोको नेतृत्वमा यस्तो नियन्त्रणविरुद्ध एउटा आन्दोलनकै थालनी भयो। सहरी मध्यम-वर्गका खानीहरूबाट विस्थापित भएका राष्ट्रिय सर्वाहारा किसानहरूले पनि यो आन्दोलनमा साथ दिएका थिए। सन् १९५२ को अप्रिलमा परम्परावादी सरकारले यस्तो आन्दोलनलाई दबाउने कोसिस गऱ्यो तर राष्ट्रिय क्रान्तिकारी आन्दोलनले रक्तपातपूर्ण विद्रोह गर्दै यसको प्रतिकार गरेपछि सरकारी प्रयास विफल भयो (हुइजर, २००१)। किसानको त्यो सिण्डिकेट बोलिभियाभरि एकीकृत भई स्थानीय प्राधिकार र सरकारी काममाथि नै कब्जा जमाउन सफल भयो। त्यसपछि एउटा नयाँ शक्ति संरचना स्थापित भयो र आफ्नो कल्याणमाथि सुपरीवेक्षण गर्न किसानहरूको भेलाले नयाँ नेताहरू चुन्यो।

आन्दोलनलाई अघि बढाउन बोलिभियाली विद्यार्थीले पनि निर्णायक भूमिका खेले। युकुरेनाका विद्यार्थीको पूर्ण समर्थनसहित आयोजित आन्दोलन यसको एउटा दृष्टान्त थियो। यस क्रममा नाम चलेका धेरै कम्पनी र ठूला जमिन्दारका घरहरू नष्ट पारिए। यसले सरकारलाई क्रान्ति अन्त्य गराउन तथा भूमि सुधार गर्न दबाब दियो (हुइजर, २००१)।

सन् १९५३ अगस्टमा राष्ट्राध्यक्षले हजारौं किसानहरूको भेलाबीच युकुरेनामा भूमि सुधारको आधिकारिक घोषणा गरे। जमिन पाउनको लागि नवगठित किसान महासंघको प्रत्येक तहमा किसान अधिकारको आवेदन तयार गर्नु किसानका सिण्डिकेटको एक प्रमुख काम थियो। जहाँ-जहाँ भूमि सुधारविरुद्ध विद्रोहीहरू परिचालित हुन्थे, त्यहाँ-त्यहाँ सरकारलाई भूमि सुधार प्रक्रियामा सघाउन किसान मिलिसियाहरूलाई अनुरोध गरिन्थ्यो। यसरी धेरै जमिन्दारहरू आफ्ना ठाउँबाट भाग्न थाले र अन्ततः कम्पनीका जमिन किसानलाई वितरण गरियो।

### ३.६.२ आन्दोलनपश्चात्

कानूनी प्रक्रियाले गर्दा भूमि सुधारमा विलम्ब खडा भयो। सन् पचासको दशकको मध्यतिर भूमि सुधारको गति सुस्त बन्न थाल्यो। किसानका उपलब्धिहरू प्रभावशून्य बनाइए। भूमिलाई राष्ट्रियकरण गरी राष्ट्रिय सम्पत्तिमा परिणत गरियो। बजार ग्रामीण जमिन्दारको नियन्त्रणमा रह्यो। भूमि सुधारपछि पनि क्रान्तिकारी किसानहरू अर्नेस्टो ग्वेभाराद्वारा सन् साठीको दशकमा गठित क्रान्तिकारी छापामारका संगठनमा निरन्तर आबद्ध भइरहे। सरकार आफैले किसानहरूको आधिकारिक संस्था स्थापना गऱ्यो। निश्चित राजनीतिक उद्देश्यका लागि किसानका सवालमा त्यसमा आवधिक बैठकहरू डाकिए तापनि भूमि सुधार हुन सकेन।

### ३.६.३ अहिलेको बोलिभिया

सन् २००५ मा बोलिभियाली जनताले इभो मोऱ्यालसलाई राष्ट्राध्यक्ष चुने। यो निकै ठूलो राजनीतिक परिवर्तन थियो। यसले भूमि सुधारको मुद्दालाई अझै अघि बढायो। जमिनको निम्ति लडिरहेका परिवारलाई सन् २०११ सम्म प्रतिपरिवार २० हेक्टर जमिन वितरण गरिने मोऱ्यालसले घोषणा गरे। उनले आन्दोलनका क्रममा भनेका थिए;

> हामीले जीवन धान्न र आत्म-सम्मानका लागि काम गर्नुपर्छ र काम गर्न हामीलाई जमिन चाहिन्छ। केवल भूमि सुधारभन्दा हामीलाई भूमि क्रान्तिको खाँचो छ। बोलिभियामा सन् १९५३ मै भूमि क्रान्तिको थालनी भए तापनि रैथाने समूहका हामी जनताले कुनै जमिन पाएका थिएनौं। हामी दुई लाख किसानहरू बितेको १० वर्षदेखि भूमि अधिकारको निम्ति लडिरहेका छौं (हुइजर, २००१)।

पर्ती र निजी अधीनत्वका भूमिलाई राष्ट्रियकरण गरी प्रगतिशील भूमि सुधार लागू गर्ने उनको योजना छ। तर पनि प्रभावशाली ठूला किसान र उनका विपक्षीहरू यस्तो हुन नदिन लागिपरेका छन् (घिमिरे, २००१)।

मोऱ्यालसले क्रान्तिको माध्यमले भूमि सुधारलाई सम्बोधन गरे। नतिजास्वरूप भूमि अधिकारबाट वञ्चित जनता तथा विशेषगरी आदिवासी समूह र कृषि श्रमिकहरूलाई भूमि दिइयो। व्यावसायिक धनी किसानहरूले सन् १९५३ देखि तिनको जमिनमा भटमास र कपास खेती गरिरहेका थिए। यसको अधिकांश उत्पादन विदेश निर्यात हुन्थ्यो। यसबाट नाफा कमाइरहेका छुट्टैथरी किसानहरूले आफ्ना जमिनमाथिको नियन्त्रणविरुद्ध प्रतिकार समिति गठन गरे। उप-राष्ट्राध्यक्ष ग्रेसिया लिनेराले किसानहरूलाई जमिन बलजफ्ती हडपेको र लुटपाटमा संलग्न भएको आरोप लगाइरहेका छन्। ब्याङ्कको सहयोग घटाउने तथा वैदेशिक सहायतामा अवरोध पुऱ्याउने कार्यहरू पनि जारी नै छन्।

सन् १९९६ को कानूनअन्तर्गत एउटा प्रावधानमा कर तिरिएको खण्डमा मात्रै सम्बन्धित किसानलाई जमिन फिर्ता दिइने उल्लेख गरिएको छ। तर मोऱ्यालसले जमिनलाई पूर्ण राष्ट्रियकरण गर्न चाहन्थे। आफूहरूप्रति राष्ट्राध्यक्षको सहानुभूति देखेर गरीब किसानहरू आशावादी भएका छन्। भूमि सुधारमाथिका आफ्ना मागहरू पूरा गराउन दबाब दिँदै रैथाने किसान तथा आदिवासी जनताले बाटो अवरुद्धसमेत गरेका थिए (बास्करभिल, २००६; हुइजर, २००१; स्टिफेल र वल्फ, १९९४)। गरीब बोलिभियाली जनताको लागि भूमि सुधारबाहेक अन्य कुनै विकल्प छैन। यस विषयमा सबैको सम्मति हुनुपर्छ भनी एउटा साझा बुझाइ नै बनेको छ।

इभो मोऱ्यालसले मुट्ठीभर जग्गाधनीहरूबाट उर्वर भूमि जफत गरी गरीब र भूमिहीन किसानलाई बाँड्न सुरु गरेका छन्। क्रान्तिकारी भूमि सुधार ल्याउन भूमिहीन किसानको आन्दोलन अघि बढिरहेको छ। त्यहाँको भूमि पहिले किसानहरूबाटै जफत गरी जमिन्दार तथा पुँजीधनीहरूलाई एकपक्षीय तवरले बाँडिएको थियो। वास्तवमा आम जनता तथा विशेषगरी रैथानेहरूले जल र जमिनमाथिको अधिकार पाउनुपर्छ भनी मोऱ्यालसले यो अभियान थालेका थिए (बास्करभिल, २००६; फ्राइडस्काई, २००५)।

जनता स्पेनी र अमेरिकी साम्राज्यवादी तथा औपनिवेशवादी क्रियाकलापबाट मुक्ति चाहन्छन्। जमिन्दारहरूको चुनौती खेपेको भूमि ऐनलाई मोऱ्यालसले तल्लो सदनबाट पारित पनि गराएका छन्। यसरी तल्लो सदनले विधेयक पारित गरे पनि माथिल्लो सदन (सिनेट) ले यसलाई रोकेको छ। त्यहाँ कुल २७ सदस्यमध्ये १५ जनाले भूमि सुधारको पक्षमा मतदान गरेका थिए (बास्करभिल, २००६; फ्राइडस्काई, २००५)। इभो मोऱ्यालसले भनेका थिए, "पुर्खाकै पालादेखि

हामी भूमि सुधारको निम्ति लडिरहेका छौँ। आखिर यो भूमि सुधार कहिले हुन्छ ? कहिले परिवर्तनकारी शक्ति हाम्रो हातमा आउँछ त ?" सन् २०११ सम्म सबै किसानलाई प्रतिपरिवार २० हेक्टर जमिन वितरण गर्ने उनको उद्देश्य छ भनी माथि नै चर्चा गरिएको छ।

गएको दुई वर्षदेखि मुक्त भए पनि धेरैजसो गरीब किसानहरू सामन्ती जमिन्दारका अर्धदास भएर जीवन धानिरहेका छन्। तिनीहरू भन्छन्, "हामीसँग कागजात भए पनि नभए पनि यो जमिन पहिले र अहिले समेत हाम्रै हो। यसैले गर्दा हामी आफ्नो र सन्तानको उज्यालो भविष्य देख्छौँ" (बास्करभिल, २००६; फ्राइडस्काई, २००५)।

करिब ९०% जनतासँग कुल जमिनको केवल ७% माथि मात्रै अधिकार छ (बास्करभिल, २००६; फ्राइडस्काई, २००५)। अहिले ५० हजार भूमिहीन किसानको आन्दोलन जारी छ। जमिनमाथि समान अधिकारको पक्षमा यो आन्दोलन चलिरहेको छ। भूमिमाथिको यो युद्ध विशेषगरी श्वेत जमिन्दार र बोलिभियाली रैथानेहरूबीच भएको छ। सन् १९५३ को भूमि सुधारले विनाज्याला अथवा बँधुवा-श्रमलाई निषेध गरे पनि सबैले न्यायोचित जमिन पाउन सकेका थिएनन्। सम्पूर्ण सामन्ती व्यवस्था उन्मूलन गर्ने योजना भए पनि त्यतिबेला केवल ४१ करोड ७० लाख एकड जमिनमात्रै वितरण गरियो (फ्राइडस्काई, २००५)। सुसंरक्षित तथा चौतर्फी व्याप्त भ्रष्टाचारले गर्दा किसानले जमिनको थोरै भागमात्रै पाए। सन् १९९२ देखि २००२ सम्म ठूला जमिन्दारलाई ५ करोड ५० लाख एकड जमिन बाँडिएको थियो भने दशौँ लाख भूमिहीन किसानहरूलाई केवल ४ करोड ५० लाख एकड जमिनमात्रै वितरण गरियो (बास्करभिल, २००६)।

सन् १९९० मा भ्रष्टाचार नियन्त्रण र भूमि सुधार कार्यान्वयन गराउन परिवर्तनको लहर आएको थियो। तर पनि ठूला जमिन्दारको नाममा रहेको २५ हजारदेखि ७ लाख एकड जमिनको अझै पूर्ण उपयोग नभएको पाइयो (बास्करभिल, २००६; फ्राइडस्काई, २००५)। झन् महत्वपूर्ण त सन् १९९६ सम्म सम्पूर्ण उपयोग नभएको खण्डमा राज्यले त्यस्तो जमिन जफत गर्ने प्रावधानसहितको कानून बोलिभियाले पारित गऱ्यो (हुइजर, २००१)। यसले सरकारलाई बाँझो भूमि जफत गरी भूमिहीन किसानलाई वितरण गर्ने अधिकार दियो। त्यस्ता बाँझो अथवा पर्ती भूमि खोज्न सरकारी कर्मचारी त्यति धेरै इच्छुक नहुनाले त्यस्ता सबै भूमि पहिचान तथा जफत हुन सकेनन्। जे भए पनि सन् १९९६ देखि २००३ सम्म ७ करोड ९० लाख एकड जमिन ठूला भूखण्ड (प्लट) बनाई ४० हजार जनतालाई र बाँकी १ करोड एकड जमिन ५ लाख ५० हजार किसानलाई वितरण गरियो (बास्करभिल, २००६; फ्राइडस्काई, २००५)।

बोलिभियामा समतामूलक भूमि वितरणको प्रक्रिया ५० वर्षपछि बल्ल थालनी भएको छ। यसले जमिनमा पसिना बगाउनेहरूलाई प्राथमिकतामा राखेको छ र इभो मोऱ्यालस यसलाई सफल बनाउन लागिपरेका देखिन्छन्। आफ्ना पुर्खाले खेती गरिआएको र आफूहरू पहिलेदेखि नै बसिरहेका हुनाले रैथाने किसानहरू सो जमिन पाउनु आफ्नो अधिकार हो भन्छन्। उनीहरू स्वतन्त्र जीवन बाँच्नको लागि आफूहरूले जमिन जोत्ने गरेको सुनाउँछन्। राष्ट्राध्यक्ष मोऱ्यालस र भूमिहीन किसानहरू यही परिकल्पना साक्षात् पार्ने दिशामा पाइला लम्काइरहेका छन्।

## ३.७ निष्कर्ष

क्रान्तिकारी नेता एमिलियानो जापटाले मेक्सिकोमा गरेका विद्रोहलाई आजसम्मको सबैभन्दा ठूलो र बढी महत्वपूर्ण भूमि आन्दोलन मान्न सकिन्छ। यसको लागि उनी आफ्नो जीवन दिन तयार भए पनि घुसपैठमा फँस्न वा आत्मसमर्पण गर्न भने राजी भएनन्। परिणामतः सन् १९१९ अप्रिल १० का दिन उनको हत्या भयो। उनको नेतृत्वमा थालिएको आन्दोलन अझै जारी रहेकोले उनको जीवन व्यर्थमा गएको छैन। अन्तर्राष्ट्रिय कम्पनीहरूको हस्तक्षेप हुँदा अथवा हुनेखाने वर्गको हातमा जमिन थुप्रिँदा किसान आन्दोलन झनै बलियो बनेको देखिन्छ। राज्यले बेवास्ता गरेपछि भूमि सुधार प्रक्रिया सदैव समाजको तल्लो तहदेखि नै थालनी हुने यी अनुभवहरूले बताउँछन्। समाजको तल्लो तहमा हुने यस्तो खालको भूमि सुधार विश्वका धेरै मुलुकहरूमा अझै जारी छ।

आजसम्मका अनुभवले कानूनी उपायद्वारा भूमि अधिग्रहण हुनु सम्भव नरहेको र समयकालसँगै किसान आन्दोलन विस्तृत र विकसित बन्दै गएको चित्रण गर्छन्। धेरैजसो देशमा न्यायाधीशहरू आफै जमिन्दार हुनाले किसानका पक्षमा कहिल्यै निर्णय पारित नगर्ने तिनको संस्कारले किसान क्रान्तिलाई झनै बृहत् आकार दिएको पाइन्छ। किसान आन्दोलनका अगुवाहरूलाई घुसपैठ गर्ने तथा प्रलोभनमा पार्ने प्रयत्न भएका उदाहरण पनि संसारभर पाइन्छन्। उदाहरणका लागि भिक्टोरियो हुएर्टाको सरकारले किसान आन्दोलन रोक्न जापटालाई प्रलोभनमा पार्न खोजेको थियो। जहाँ जहाँ किसान आन्दोलन भएका छन्, त्यहाँ पुनरुत्थानकै चरणमा भए पनि भूमि सुधार भएका छन्। चीन, सोभियत युनियन र मेक्सिकोका आन्दोलन र उपलब्धिलाई यसकै दृष्टान्त मान्न सकिन्छ। यी देशमध्ये पनि चर्को भूमि आन्दोलन भएका ठाउँहरूमा धेरै भूमि सुधार भएका छन्। बोलिभियादेखि फिलिपिन्ससम्मका उदाहरणले भूमि सुधारविना किसान क्रान्ति संसारभर कहीँकतै नरोकिएको तथ्य प्रस्ट पार्छन्। यो धरतीमा सामन्ती व्यवस्थाको अन्त्य भूमि सुधारविना कतै पनि सम्भव भएको छैन।

## सन्दर्भ सामग्री

1. Barraclough, S. L. (2001). The Role of State and other Actors in Land Reform. Ghimire. K.B. (Ed.). *Land Reform and Peasant Livelihoods*. London: ITDG Publishing. Pp. 26-64.
2. Baskerville, S. (2006). The New Agrarian Reform in Bolivia: Up Side World. Webpage: www.diplo-magazine.co.uk. (Accessed on 15th November, 2007).
3. Friedsky, J. (2005). Land War in Bolivia: Conflict for Territory and Power. Webpage: www.narconews.com. (Accessed on 12th January, 2007).
4. Ghimire, K.B. (Ed.). (2001). *Land Reform and Peasant Livelihoods*. London: ITDG Publishing.
5. Huizer, G. (2001). Peasant Mobilization for Land Reform: Historical Case Studies and Theoretical Consideration. In Ghimire, K.B. (Ed.). *Land Reform and Peasant Livelihoods*. London: ITDG Publishing. Pp. 164 -198.
6. Karunan, V.P. (1984). *If the Land would Speak, It would Speak for Us: A History of Peasant Movement in Thailand and the Philippines*. Hong Kong: Plough Publications.
7. Keliang, Z. and Prosterman, R. (2006). From Land Rights to Economic Boom. Webpage: www.chinabusinessview.com (Accessed on 15th September, 2007).
8. Salmon, J.D. (1968). The Huk Rebellion. *Solidarity*. Vol. 3. No. 12.
9. Stiefel, M and Wolfe, M. (1994). *Voice for the Excluded Popular Participation in Development: Utopia or Necessity?* London and Geneva: UNRISD/Zed Books.

# खण्ड दुई
# अवधारणागत पाटो

## परिच्छेद ४

✍ सागर राज शर्मा

# गलत प्राथमिकताको मूल्यः नेपालमा वैदेशिक सहायता तथा भूमि सुधार

### ४.१ नेपालमा अन्तर्राष्ट्रिय सहयोगको संक्षिप्त इतिहास

नेपालले वैदेशिक सहायता लिन थालेको सन् पचासको दशकदेखि नै अन्तर्राष्ट्रिय दातृ संस्थाहरू विकास प्रक्रियामा बढ्दो गतिले सहभागी हुन थालेका थिए। यससँगै तिनीहरूबाट उपलब्ध सहायताको मात्रा पनि निरन्तर बढिरहेको छ। २३ जनवरी १९५१ मा संयुक्त राज्य अमेरिकासँग 'चार बुँदे' सम्झौतामा हस्ताक्षर भएपछि नेपालमा वैदेशिक सहायताको इतिहास सूत्रपात भएको थियो। यो सम्झौताले वैदेशिक सहायताको अनुभवमा नेपाललाई नयाँ पदचिह्न देखायो। उक्त सहयोग कार्यक्रमअन्तर्गत अमेरिकी सरकारले नेपाललाई त्यतिबेला रु. २२,००० प्रदान गरेलगत्तै सोही वर्ष अक्टोबरमा भारतले पनि सहायता उपलब्ध गराएको थियो। त्यसपछि चीनले सन् १९५६ मा र सोभियत संघले सन् १९५८ मा सहायता उपलब्ध गराए (सिग्देल, २००४)। यसरी वैदेशिक सहयोगको गति निरन्तर बढ्न थाल्यो। ती वर्षहरूमा मुख्यतया स्वास्थ्य, कृषि, वन विकास, शिक्षा तथा यातायात क्षेत्रले द्विपक्षीय तथा बहुपक्षीय सहायता पाएका थिए। दातृ राष्ट्रहरूले संस्था निर्माण तथा मानव संसाधन विकासमा लगानी गर्ने छुट्टै उद्देश्यसहित आफ्नै नीतिहरू अपनाएका थिए।

रणनीतिक स्थानमा हुनाले नेपालले आरम्भदेखि नै चीन तथा भारतजस्ता छिमेकी मुलुकबाट आर्थिक सहयोग प्राप्त गरेको थियो। नेपाल र अमेरिकाबीच सहायता समझदारीमा हस्ताक्षर हुनेबित्तिकै भारत पनि नेपालको दातृ राष्ट्रको शृंखलामा उभियो। उसले काठमाडौं-रक्सौल राजमार्गको निर्माण गर्न वित्तीय सहयोग दिई नेपाली यातायात क्षेत्रलाई सघायो। साथै त्यहीबेला भारतीय सहयोगमै काठमाडौंमा विमानस्थल बन्यो । यसलगत्तै सन् १९५२ मा नेपाल 'कोलम्बो योजना' मा मिसियो (सिग्देल, २००४)। त्यसपछि यसले मुलुकको आर्थिक विकासमा अरू मैत्री राष्ट्रहरूलाई समेत आकर्षण गर्ने राम्रो मञ्च पायो। सो योजनाअन्तर्गत नेपालले केही प्राविधिक सहायता पनि हात पार्न

थाल्यो। यस्ता सहायताहरू पछि गएर पुँजी परियोजना (क्यपिटल प्रजेक्ट) हरूमा विकसित भए। सन् पचासको दशकतिर कोलम्बो योजनाअन्तर्गत धेरै नेपालीले विभिन्न मुलुकमा गई प्राविधिक तथा पेशागत अध्ययन गर्ने छात्रवृत्ति पाए। यससँगै कृषि विकास, यातायात पूर्वाधार र ऊर्जा सिर्जनामा सहयोगको ठूलो हिस्सा विनियोजन गरिएको थियो भने सञ्चार, उद्योग, शिक्षा तथा स्वास्थ्यजस्ता अरू क्षेत्रमा समेत सहायताका लक्ष्य राखिएको थियो।

त्यतिबेला नेपालमा भित्रिएका सहायतामध्ये एक तिहाइभन्दा बढी अंशप्रति भारत तथा संयुक्त राज्य अमेरिका जिम्मेवार थिए। दुवै मुलुकले नेपालमा सहायता मण्डल (एड मिसन्स) स्थापना गरी विशेष परियोजनाहरूमा आफ्ना सहयोग लक्षित गरे। सन् पचासको दशकमा नेपालको लागि प्रमुख दाताहरूमध्ये चीन र सोभियत संघ अग्रस्थानमा थिए। बेलायत, स्विट्जरल्याण्ड, अस्ट्रेलिया, जापान र न्युजिल्याण्ड पनि सहयोगका साना कार्यक्रमहरूमा संलग्न थिए। संयुक्त राष्ट्रसंघ त्यतिबेला केही प्राविधिक सहयोगमा मात्रै सीमित थियो।

सन् साठीको दशकदेखि द्विपक्षीय निकायहरूबाट नेपालले ऋणरूपी सहयोग पाउन थाल्यो। वैदेशिक सहयोगको ऋण हिस्सा सन् १९६५ देखि १९७० को बीचमा ४% बाट बढेर सन् १९८५-८८ को समयमा २५% भन्दा बढी पुग्यो। सन् १९६० को मध्यसम्म नेपाल आफ्ना सबै विकास परियोजनाहरूको लागि सम्पूर्ण रूपमै नभए पनि आंशिक रूपमा वैदेशिक सहयोगमै निर्भर रह्यो। यस्ता धेरै सहयोगका आधार भनेको द्विपक्षीय सहायता थियो। भारतले काठमाडौंमा विमानस्थल, कोसी बाँध तथा विविध सिँचाइ योजनाहरूमा सहयोग गऱ्यो। सोभियत संघले चुरोट तथा चिनी कारखाना, एउटा जलविद्युत योजना तथा पूर्व-पश्चिम राजमार्गको केही भाग निर्माण गर्न मद्दत गऱ्यो। यसैगरी चीनको सहयोगले बाटोघाटो, काठमाडौंमा ट्रली बस सेवा र छाला-जुत्ता, इट्टा तथा टायल कारखाना बनाउन सकियो भने संयुक्त राज्य अमेरिकाको सहयोगले गाउँ विकास, कृषि, शिक्षा तथा जनस्वास्थ्यको क्षेत्रमा काम भयो।

सन् सत्तरीको दशकमा बहुपक्षीय सहयोग कार्यक्रमहरूले विकास योजनामा महत्वपूर्ण भूमिका खेल्न थाले। यसरी विकास योजनाको लागि जम्मा भएको कोषमा तिनको योगदान ७०% भन्दा बढी रह्यो। सन् असीको दशकको अन्त्यसम्म वैदेशिक सहयोगको अधिकतम हिस्सा बहुपक्षीय सहयोग कार्यक्रमकै रूपमा थियो। धेरैजसो आर्थिक विकास परियोजनाहरूले 'कन्सेसनल' शर्तमा वित्तीय सहायता पाएका थिए। सन् असीको दशकको मध्यदेखि उत्तरावस्थासम्म सहायता भुक्तानीको औसत रेकर्ड २०० अमेरिकी डलर (कुल गार्हस्थ उत्पादनको लगभग ७%) प्रतिवर्ष थियो। त्यतिबेला सत्तरी प्रतिशतभन्दा बढी सहायता अनुदानको स्वरूपमा तथा बाँकी चाहिँ 'कन्सेसनल' ऋणको रूपमा थियो (सिग्देल, २००४)।

सन् नब्बेको दशकमा नेपालमा प्रजातन्त्रीकरणको पुनर्अभ्यासपछि यसले परियोजना सहायता, वस्तु सहायता, प्राविधिक सहयोग तथा कार्यक्रम सहायताजस्ता स्वरूपमा बाह्य सहयोग पाइरह्यो। परियोजना सहायताहरूले सिँचाइ कार्यक्रम, जलविद्युत् योजना तथा सडकमा सहयोग गरे। वस्तु सहयोगअन्तर्गत दातृ निकायहरूले कृषि-मल, सुधारिएका बिउबिजन तथा निर्माण सामग्रीहरू उपलब्ध गराए। आदिवासीलाई अनुसन्धानसम्बन्धी तालिम दिन प्राविधिक सहयोगअन्तर्गत सरकारलाई विज्ञहरूको सेवा दिइएको थियो। यसले दक्ष श्रमको विकासमा इट्टा थप्यो। कार्यक्रम सहयोगअन्तर्गत विशेषतः कृषि तथा स्वास्थ्यका क्षेत्रमा केन्द्रित हुँदै विभिन्न परियोजनाहरूलाई सहयोग गरियो।

यसरी नयाँ राजनीतिक परिवेशमा पनि वैदेशिक सहायतामाथिको नेपाली निर्भरता निकै उच्च गतिमा बढ्न थाल्यो। अहिले पनि यो प्रवृत्ति भयमिश्रित स्वरूपमा बढिरहेको छ। त्यसैले नयाँ 'गणतान्त्रिक नेपाल' का शक्तिग्राहीहरूले वैदेशिक सहायता तथा निर्भरताको सवालसँग कसरी जुझ्छन् भन्ने हेर्न बाँकी नै छ।

## ४.२ नेपालमा वैदेशिक सहायताका वर्तमान प्रवृत्ति तथा विशेषताहरू

माथि चर्चा गरिएअनुसार सन् पचासको दशकदेखि नेपालले वैदेशिक सहायता पाउन सुरु गरेलगत्तै यसको विकास प्रक्रियामा अन्तर्राष्ट्रिय समुदायको संलग्नता चुलिँदो छ। यसरी तिनबाट लिइएको सहायता भुक्तानीले विकास बजेटको ८०% सम्म हिस्सा ओगट्यो (शर्मा, २००२)। यस्तो उच्च मात्राको निर्भरताले निश्चय नै फरक खालको राजनीतिक संकेत गरेको थियो। एकदलीय पञ्चायत-काल (सन् १९६०-१९९०) को अन्तिम दशकमा घरेलु राजनीतिक बहसमा मुलुकका प्रभावशाली शक्ति तथा वैदेशिक सहायताबीच साँठगाँठ रहेको विश्लेषण हावी थियो। गरीबी कम गर्ने सरकारी योजनाहरू विफल भएका थिए। ठीक यही मौकामा परम्परागत राष्ट्रिय शक्ति संरचना सुदृढ गर्ने खालको वैदेशिक सहायतामुखी 'विकास' सबैको निम्ति अलङ्कार नै साबित भयो। सहायता प्रवाहको विषयवस्तु तथा मार्ग निर्धारण गर्ने केही सामाजिक वर्गले शीर्ष भूमिका खेल्न पनि भ्याए।

त्यतिबेला वैदेशिक सहायतामुखी विकास अभियानको मुख्य लाभ उपल्लो वर्गका मानिसहरूले हात पारे। परिणामस्वरूप वैदेशिक सहायताले विद्यमान राजनीतिक तथा आर्थिक शक्ति संवर्द्धनबाट लाभ पाएका कुलीन वर्गको अवस्था झनै सुदृढ पाऱ्यो। कुलीन वर्गको सुदृढीकरणले एकातिर तल्लो वर्गका समुदायको परनिर्भरता बढायो भने अर्कोतिर वैदेशिक सहायतालाई 'जनमुखी विकास' गरेको भन्ने दोसल्लासमेत ओढाइदियो (शर्मा, २००७)। त्यसपछि राजनीतिक दृश्यमा धेरै परिवर्तन भयो। केहीले उल्लिखित विरोधाभाषको परिणामस्वरूप यस्तो परिवर्तन भएको बताए भने अरूले प्रजातान्त्रिक विकासमा दाताहरूको समर्थनले परिवर्तन सम्भव भएको तर्क अघि सारे। भिन्न-भिन्न समयमा भएका राजनीतिक परिवर्तनका बाबजुद वैदेशिक सहायताले यस मुलुकको विकास बजेटमा अद्यापि ठूलो हिस्सा समेट्छ (एमओएफ, २००७)।

वैदेशिक सहायतामाथिको यस्तो अधिक निर्भरतालाई पछिल्ला केही दृश्यहरूले छर्लङ्ग पार्छन्।

तालिका ४.१ ले आर्थिक वर्ष सन् २००७/०८ मा नेपालको बजेटको आय-व्यय सारांश देखाउँछ। यसबाट ओभरसिज डिभेलप्मन्ट असिस्टन्स (ओडिए) मा निर्भरताको मात्रा निकै उच्च रहेको देखिन्छ। ऋण तथा अनुदान दुवैले उपर्युक्त आर्थिक वर्षको विकास खर्चमा लगभग ६०% वित्तीय हिस्सा ओगटेका छन्। यसमा पनि अनुदानको हिस्सा ऋणको भन्दा निरन्तर उच्च रहेको छ। सरकारी मन्त्रालयहरूबाट प्रवाहित हुने यतिविधि सहायताले पनि गरीबीको प्रभावकारी न्यूनीकरणमा सहयोग नपुऱ्याएको जनताको गुनासो छ। यस्ता धेरै रकम अनुपयुक्त क्षेत्रमा खर्च अथवा अपचलन भइरहेको तिनको अनुभव छ। कृषि क्षेत्रमा भएको बृहत् सहायताले कृषि उत्पादनमै पनि अपेक्षित वृद्धि निम्त्याउन सकेको छैन (शर्मा, २००७)।

**तालिका ४.१ सरकारी बजेटः आय तथा व्ययको सारांश** (रु. हजारमा)

| विवरण | सन् २००५/०६ | सन् २००६/०७ | सन् २००७/०८ |
|---|---|---|---|
| | वास्तविक खर्च | संशोधित अनुमान | बजेट |
| कुल खर्च | ११,०८,८९,१५८ | १३,१८,५१,००० | १६,८९,९५,६०० |
| नियमित | ७,०८,५१,१२० | ७,८१,१९,८६८ | ९,३७,४३,०४५ |
| विकास (क) | ४०,०३८,०३८ | ५,३७,३१,१३२ | ७,५२,५२,५५५ |
| राजस्व | ७,२२,८२,०८५ | ८,६१,३५,४६७ | १०,३६,६७,२५६ |
| कर राजस्व | ५,७४,२६,९९५ | ७,००,४६,१८५ | ८,०९,६२,२०० |
| गैर कर राजस्व | १,३३,४१,४७३ | १,४८,४३,९६८ | २,१३,४९,६०० |
| साँवा पुनर्भुक्तानी | १५,१३,६१७ | १२,४५,३१४ | १३,५५,४५६ |
| वैदेशिक अनुदान (ख) | १३,८२७,४९८ | १,५९,४६,००० | २,७४,६०,९१४ |
| द्विपक्षीय अनुदान | ७,६१७,८४४ | ९०,३९,४२० | १,२९,५४,६६९ |
| बहुपक्षीय अनुदान | ६२,०९,६५४ | ६९,०६,५८० | १,४५,०६,२४५ |
| | | | |
| वैदेशिक अनुदानपश्चात् अतिरिक्त नाफा(+) घाटा(-) | -२,४७,७९,५७५ | -२,९७,६९,५३३ | -३,७८,६७,४३० |
| | | | |
| वित्तीय घाटाको स्रोत | | | |
| वैदेशिक ऋण (ग) | | | |
| द्विपक्षीय ऋण | ८२,१४,३०५ | १,०३,३१,००० | १,७३,६७,४३० |
| बहुपक्षीय ऋण | ४०,६२७ | १६,२२,२५० | १६,१७,००० |
| | ८१,७३,६८७ | ८७,०८,७५० | १५,७५,०४३० |
| घरेलु कर्जा | १,१८,३४,२०० | १,७९,००,००० | २,०५,००,००० |
| रकम सन्तुलन अतिरिक्त नाफा(+), घाटा(-) | | | |
| (ख+ग)/क(%) | -४७,३१,०७० | -१५,३८,५३३ | |

*स्रोतः मिनिस्ट्री अफ फाइनान्स (२००७)*

केही प्रमुख दाताहरूबाट प्राप्त सहायता चित्र देखाउन नेपाललाई अहिलेका वर्षहरूमा वैदेशिक सहयोग दिइरहेका केही द्विपक्षीय तथा बहुपक्षीय शीर्षस्थ दाताहरूलाई मैले यहाँ (हे. तालिका ४.२ र ४.४) सूचीकृत गरेको छु। तालिका ४.२ अनुसार सन् २०००-२००१ को अवधिका ठूला दाताहरूमध्ये अरू मुलुकभन्दा जापान अघि देखिन्छ। वास्तवमा यो मुलुक धेरै अघिदेखि नै यस्तो स्थानमा छ। नेपालको लागि अन्य प्रमुख द्विपक्षीय सहयोगका स्रोतहरूमा संयुक्त अधिराज्य बेलायत, संयुक्त राज्य अमेरिका, डेनमार्क र जर्मनी पर्छन्। बहुपक्षीय दातृ निकायको रूपमा एसियाली विकास ब्याङ्क सोही समयदेखि सबैभन्दा ठूलो स्रोतको रूपमा छ भने विश्व ब्याङ्क र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) क्रमशः दोस्रो र तेस्रो स्थानमा छन् (हे. तालिका ४.३)।

**तालिका ४.२: नेपालको लागि प्रमुख द्विपक्षीय वैदेशिक सहायता भुक्तानी: सन् २००१–२००५ (रु. दश लाखमा)**

| दाता | सन् २००१ | सन् २००२ | सन् २००३ | सन् २००४ | सन् २००५ |
|---|---|---|---|---|---|
| बेल्जियम | ०.० | २९२.९ | ३०.२ | ०.० | ०.० |
| क्यानडा | १९६.५ | १९१.६ | २००.८ | ३०१.० | २३६.४ |
| चीन | ०.० | ०.० | ०.० | ०.० | ८९२.६ |
| डेनमार्क | अनु. | अनु. | अनु. | अनु. | ११,४०० |
| फिनल्याण्ड | अनु. | अनु. | अनु. | अनु. | ३४३.८ |
| फ्रान्स | ११.४ | ०.० | ०.० | ०.० | ४०.७ |
| जर्मनी | ३९५.७ | ४६९.५ | ५५७.४ | ५३३.७ | २,९७३.३ |
| भारत | ०.० | ०.० | ०.० | ६६.७ | ८५.८ |
| जापान | ७,१७६.१ | ६,६२६.३ | ५,१०६.१ | २,८७५.८ | ४,३१८.६ |
| कोरिया | ५५.४ | ४५.६ | ३५.३ | ०.० | ०.० |
| कुबेती कोष | ०.० | ७.५ | ३९.९ | १४२.८ | ०.० |
| नेदरल्याण्ड | १८०.९ | ११६.८ | १६४.६ | ०.० | १९४.४ |
| नर्वे | अनु. | अनु. | अनु. | अनु. | ५९९.२ |
| साउदी कोष | ३६४.२ | २८४.७ | ३४५.० | २१०.७ | ०.० |
| स्विडेन | अनु. | अनु. | अनु. | अनु. | ५८.० |
| स्विट्जरल्याण्ड | अनु. | अनु. | अनु. | अनु. | ६३९.४ |
| संयुक्त अधिराज्य बेलायत | अनु. | अनु. | अनु. | अनु. | २२८६.९ |
| संयुक्त राज्य अमेरिका | १,०५८.८ | १,०२६.८ | ८५१.२ | १,०३९.५ | १,८८८.८ |
| कुल द्विपक्षीय ओडिए | ९,४३९.० | ९,०६१.८ | ७,३३०.३ | ५,१७०.२ | १५,६९८ |

*स्रोत: मिनिस्ट्री अफ फाइनान्स (२००६)*
*अनु.- अनुपलब्ध*

**तालिका ४.३ नेपालको लागि प्रमुख बहुपक्षीय वैदेशिक सहयोग भुक्तानीः सन् २००१–२००५ (रु. दश लाखमा)**

| दाता | सन् २००१ | सन् २००२ | सन् २००३ | सन् २००४ | सन् २००५ |
|---|---|---|---|---|---|
| एसियाली विकास ब्याङ्क | ४०३४.० | ४२७८.३ | २८४५.३ | १२१३.० | ३१९३.९ |
| युरोपेली आयोग | ०.० | ०.० | ०.० | ०.० | ८४.० |
| अन्तर्राष्ट्रिय विकास नियोग/विश्व ब्याङ्क | ३४११.६ | ३१४९.३ | २१२३.३ | ७८५५.२ | ५८००.५ |
| कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (आइएफएडी) | ६३.५ | २१५.६ | ११७.८ | १४०.३ | ०.० |
| अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) | १३.४ | ३७.४ | ९३.८ | १५८.१ | ११५.४ |
| अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) | ०.० | ०.० | ७५३.४ | ७४७.५ | ०.० |
| पेट्रोलियम निर्यात मुलुक संगठन (ओपेक) कोष | ४६६.३ | १२८.६ | १२३.१ | ५४.१ | ८९.० |
| संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) | ७३६.० | ६१७.५ | ९३३.३ | ६०८.९ | ९४९.४ |
| संयुक्त राष्ट्रसंघीय वातावरण, विज्ञान तथा संस्कृति संगठन (युनेस्को) | ०.० | ०.० | १३.५ | २४.० | ४२.० |
| संयुक्त राष्ट्रसंघीय जनसंख्या गतिविधि कोष (युएनएफपिए) | अनु. | अनु. | अनु. | अनु. | ६.१ |
| संयुक्त राष्ट्रसंघीय बाल कोष (युनिसेफ) | ०.० | १०.३ | ९.६ | १२.० | २६५.१ |
| विश्व खाद्य कार्यक्रम (डब्ल्यूएफपी) | ०.० | अनु. | अनु. | अनु. | १३१.१ |
| कुल बहुपक्षीय ओडिए | ८७२४.७ | ८४३६.८ | ७०१३.२ | १०८१३.१ | १०६७६.६ |

*स्रोत: मिनिस्ट्री अफ फाइनान्स (२००६)*
*अनु.- अनुपलब्ध*


**क्षेत्रगत भुक्तानीलाई तीस वर्षको अवधिमा हेर्दा नेपालको लागि कुल वैदेशिक सहयोगमध्ये सन् १९७५ देखि लगभग ७% कृषि क्षेत्रमा खर्चिएको तालिका ४.५ ले देखाउँछ। तर सिँचाइ र वनलाई पनि सोही क्षेत्रमा समावेश गर्ने हो भने यस्तो भुक्तानी २०% सम्म पुग्न सक्छ। यातायात, ऊर्जा तथा सञ्चारजस्ता पूर्वाधारमा गरिएका भुक्तानी धेरै वर्षसम्म कुल सहायताको ४५% छ। यसले पूर्वाधार निर्माणमा सहायताको ठूलो रकम खर्च भएको देखाउँछ। तर नेपालमा सन् नब्बेको दशकको मध्यतिरबाट एक दशकभन्दा लामो अवधिसम्म**

माओवादी विद्रोह चलेको थियो। आखिर सोही कालमा नाश हुनको निम्तिमात्रै यी सबै पूर्वाधारहरूमा लगानी भएको व्यंग्य पनि देखिन्छ।

त्यसो त कृषि क्षेत्र पनि उति प्रभावशाली भएको छैन। ८०% जनसंख्या कृषि-आश्रित भएको मुलुकमा जनताको विकास आधार तय गर्न कुल गार्हस्थ उत्पादन सबैभन्दा महत्वपूर्ण कसी हो। अहिले कृषि जनसंख्याको सम्पूर्ण आकार तीव्र गतिमा बढिरहेको छ। कृषि क्षेत्रबाट अतिरिक्त अर्थोपार्जन गर्न सघाउने औद्योगिक तथा अन्य आर्थिक क्षेत्रको पर्याप्त वृद्धि भएको छैन। त्यसैले निष्प्रभावी कृषि क्षेत्र र बढ्दो जनघनत्वको प्रवृत्ति दीर्घकालीन भविष्यसम्म पनि निरन्तर कायम रहने देखिन्छ। कृषि उत्पादन सुधार्न धेरै प्रयासहरू भए पनि गएका केही दशकमा बाली उत्पादन सन्तोषजनक गतिले बढ्न सकेको छैन। नेपालको विकास बजेटबाट करिब २५% रकम यस क्षेत्रमा विनियोजित भए तापनि यस्तो उत्पादन औसत ३% प्रतिवर्ष मात्रै रहेको छ। जनसंख्या वृद्धिदरको तुलनामा कृषि वृद्धिदर अझै पछाडि छ। यसले गर्दा खाद्य आपूर्तिमा अभाव देखिएको छ। अब पनि उत्पादकत्वमा उल्लेखनीय वृद्धि नगराइए उच्च जनसंख्या वृद्धिदरको वर्तमान प्रवृत्तिले गम्भीर खाद्य-संकट निम्त्याउन सक्छ।

भूक्षय, बाढी र पहिरोले माथिल्लो तहको उर्वर माटोमा प्रतिकूल प्रभाव परेको देखिन्छ। बाली भित्र्याउने शैली र भूक्षयको क्रमले गर्दा बिरुवाका करिब १८ लाख टन पोषक तत्व (नाइट्रोजन, फोस्फरस, पोटासियम र क्याल्सियम) माटोबाटै हराएको अनुमान गरिएको छ (एनपिसी, १९९५)। यसमध्ये जैविक एवं खनिज मलहरूले केवल ३ लाख टन (१६%) तत्वहरू मात्रै पुनर्भरण गर्न सकेका छन्। यी प्रमुख पोषक तत्वसाथै तामा (कपर), लौह (आइरन) र जिङ्क (जस्ता) लगायत बिरुवाको वृद्धि तथा माटोको स्वास्थ्यका लागि अत्यावश्यक सूक्ष्म पोषक तत्व (माइक्रोन्युट्रियन्ट) हरू पनि हराएका छन्। नदी तटीय कटान, गेगरहरू थुप्रिने क्रम (सेडिमेन्टेसन) र कृषि-रसायनको अनुपयुक्त प्रयोगले पनि कृषि भूमिलाई प्रभाव पारिरहेका छन्। यी सबै कारणहरूले इकाइ क्षेत्रीय कृषि उत्पादन (युनिट एरिया एग्रिकल्चरल प्रडक्सन) मा आएको तीव्र ह्रासलाई संकेत गर्छन्। जो कोहीले पनि वास्तवमा यिनै क्षेत्रमा वैदेशिक सहायता प्रभावकारी भएको हेर्न चाहन्छन्। तर यथार्थ कस्तो छ त ? कृषिमा भएको सहायताले यस क्षेत्रको कुल गार्हस्थ उत्पादनसँग कसरी सम्बन्ध गाँस्छ त ? सन् १९८८ देखि २००४ सम्मका तथ्याङ्कको आधारमा गरिएको सामान्य प्रतीपगामी विश्लेषण (रिग्रेसन एन्यलसिस) मा $R^2$ को नापमान केवल ०.००५९ पाइयो। यसले त्यस्तो सहायताको कार्यसम्पादन उति राम्रो नदेखिएको चित्रण गर्छ।

## चित्र ४.१ कृषिबाट भएको वास्तविक कुल गार्हस्थ उत्पादन (जिडिपी) सन् १९८८–२००४




नेपालमा ओडिएको प्रवाहलाई दक्षिण एसियाका छिमेकीहरूसँग तुलना गर्नु पनि रोचक नै देखिन्छ। सार्क क्षेत्रका पाँच ठूला मुलुकहरूमध्ये कुल राष्ट्रिय आम्दानी (ग्रस न्यासनल इन्कम: जिएनआई) को प्रतिशतको रूपमा ओडिए सन् १९८० देखि निरन्तर उच्च रहेको नेपाल एकमात्र मुलुक हो (हे. तालिका ४.४)। यसले छिमेकी मुलुकहरूको तुलनामा नेपालको उच्च परनिर्भरतालाई प्रस्टचाउँछ।

## तालिका ४.४: दक्षिण एसियामा ओडिए

(कुल राष्ट्रिय आम्दानीको %)

| मुलुक | सन् १९८० | सन् १९९० | सन् १९९७ | सन् २००१ | सन् २००६ |
|---|---|---|---|---|---|
| बङ्गलादेश | ९.९ | ६.९ | २.३ | २.१ | १.९ |
| भारत | १.३ | ०.४ | ०.४ | ०.४ | ०.२ |
| नेपाल | ८.३ | ११.८ | ८.३ | ६.७ | ६.३ |
| पाकिस्तान | ५.१ | २.७ | १.० | ३.४ | १.७ |
| श्रीलङ्का | ९.८ | ९.२ | २.३ | २.१ | ३.० |

*स्रोत: ओइसिडी (२००८)*

## तालिकाः ४.५ः क्षेत्रगत आधारमा वैदेशिक सहयोग भुक्तानी (रु. दश लाखमा)

| वर्ष (इस्वीमा) | सिँचाइ तथा वनजंगल | कृषि | यातायात, ऊर्जा र दूरसञ्चार | उद्योग तथा वाणिज्य | सामाजिक सेवा | अन्य |
|---|---|---|---|---|---|---|
| १९७५ | ३३.७ | ९१.४ | २३०.७ | ६२.३ | ८६ | १.५ |
| १९७६ | ४८ | ५०.७ | २९०.४ | ९१.८ | ७३.८ | २.४ |
| १९७७ | ७१.८ | ७६.२ | ४९९.५ | ६८.९ | १३०.४ | १.६ |
| १९७८ | १४४.२ | ८३.३ | ५५९.८ | ३०.६ | १६८.५ | ३.१ |
| १९७९ | १६६ | ५४.६ | ९०८.८ | ७६.६ | १२४ | १०.५ |
| १९८० | १८२.७ | १३९.९ | १,००० | ६९.७ | १४६.४ | २३.५ |
| १९८१ | २७२.६ | १८१.७ | ७७५.६ | १४३.९ | ३३५.९ | १३.५ |
| १९८२ | ३६३.९ | २३५.३ | ६४८.८ | २११.२ | ६१२.४ | ४.२ |
| १९८३ | ४४२.३ | ३१५.३ | ८५९.१ | ४९४.९ | ४३२.४ | ३.५ |
| १९८४ | ५८७.७ | ४६५.४ | ९६९.७ | १९१.८ | ४३५.३ | २६.६ |
| १९८५ | ६७२.६ | ६२६.२ | १,३२१.२ | २७५.७ | ५८६.४ | ९.५ |
| १९८६ | ६८९.३ | ३४८.३ | १,४७३.७ | १८३.४ | ५८५.४ | ३४.३ |
| १९८७ | ६७३ | ५५३.३ | २,७९४.६ | ४४५.७ | ५२२.३ | ८९.६ |
| १९८८ | ९३७.३ | ५२९.५ | ३,१२०.१ | १९१.१ | ८४५ | ४३.९ |
| १९८९ | ९५३.५ | ५३६.२ | २,६७९.१ | ६५६.६ | १,५५५.८ | ४५.९ |
| १९९० | ६४३.६ | ६०९.६ | २,५७५.६ | १,३९०.९ | १,५७५.८ | ६१.९ |
| १९९१ | १,५४८.६ | ३९६.८ | २४८५.१ | २,१७४.३ | १,१९१.६ | ४ |
| १९९२ | १०२.९ | ७२४.५ | ३,९३९.६ | ६९६.९ | २,६६७.६ | ४.१ |
| १९९३ | ३,४५४.२ | २,०६४.९ | ४,१६९.४ | ३८९.९ | १,४६८.६ | १०.१ |
| १९९४ | २१६० | १,३०२.४ | ४,५७४.७ | ४८०.३ | २,६८०.१ | ५१.७ |
| १९९५ | २,३०२.३ | १,०९७.३ | ८,०५२.७ | १५.९ | २,६३६.२ | १८४.६ |
| १९९६ | २,३९१.४ | ४३६.१ | ८,५०४.५ | २३.४ | ३,६६५ | ११.५ |
| १९९७ | १,९२७.२ | ९२४.९ | ८,९८९.६ | १९८.१ | ४,४१७.३ | ० |
| १९९८ | २४.७४ | ९०९.९ | ७,८९२.२ | ४०४.७ | ४,४४६.४ | ६१.८ |
| १९९९ | २,३४२.५ | ८६७.३ | ८,१५९.३ | २९८.५ | ५,७९४ | ६२.३ |
| २००० | २,९६८.५ | ८०६.३ | ९,२३५.१ | १९.९ | ५,७५९.५ | ८.१ |
| २००१ | २,३८९.१ | ८९६.७ | ५,९०५.७० | ३६८.७ | ४,६८५.५० | १३८.८ |
| २००२ | १,६०३.४ | ५७४.५ | ७,७७४.१० | ४०१.२ | ५,३२१.०० | २११.३ |
| २००३ | १,७५४.७ | ६७४.९ | ७,५७०.८० | १४६.८ | ८,७३०.१० | ३५.१ |
| २००४ | १,८४३.७ | ७५२ | ९,८६०.०० | १२३.९ | १०,७४६.८० | ३३०.९ |
| २००५ | १,५७०.५ | ८२५.८ | ७,१४२.५० | १०५.३ | ११,१६२.२० | १,२९५.६० |
| **कुल** | **३८,८१५.२०** | **१८,१५१.२०** | **१,२४,९६२.००** | **१०,४३२.९** | **८३,५८७.७०** | **२,७८५.४०** |

*स्रोतः मिनिस्ट्री अफ फाइनान्स (२०००-२००६)*

## ४.३ नेपालमा भूमि सुधार प्रयासका सारसंक्षेप

नेपाल शताब्दीऔंदेखि नै सामन्ती व्यवस्थामा चलेको छ। यस व्यवस्थामा थोरै संख्याका जमिन्दारले धेरै खेतीयोग्य भूमिमाथि नियन्त्रण जमाएका छन्। विगतमा नेपाली जनताले विविध खालका भूअधीनत्व व्यवस्था भोगेका थिए। शाही परिवार, धार्मिक संस्था र सामान्य नागरिकको नाममा भएका जमिनहरू गरी लिच्छवी कालमा तीन किसिमका भूअधीनत्व व्यवस्था प्रचलित थियो (सिएसआरसी, २००३)।

शाही परिवार तथा धार्मिक संस्थाले उत्पादनको थोरै हिस्सा खेतीकर्तालाई वितरण त गर्थे तर भूअधीनत्वको अधिकार भने दिँदैनथे। सामान्य नागरिकको आफ्नै जमिन भएमात्रै तिनले सो जमिनमाथि पूर्ण अधीनत्व प्राप्त गर्थे। यही समयमा नै वृत्ति व्यवस्थाको सूत्रपात भयो। यस व्यवस्थामा राजाले आफ्ना भारदारलाई खेती गर्न बक्सिसको रूपमा जमिन दिन्थे तर अधीनत्व चाहिँ दिँदैनथे। पछि खस राज्यमा बिर्ता, गुठी, जागिर, रैकर र सेरा भनिने भूअधीनत्व व्यवस्थाको थालनी भयो। लिच्छविकालको वृत्तिजस्तै बिर्ता भन्नाले ब्राह्मण समुदायलाई बक्सिस दिइएको जमिन बुझिन्थ्यो भने धार्मिक संस्थाको अधीनमा रहेको भए त्यसलाई गुठी जमिन भनिन्थ्यो। सरकारी कर्मचारीलाई तिनको सेवाबापत जागिर जमिन दिइन्थ्यो। यसैगरी सामान्य नागरिकलाई नियमित कर तिर्ने शर्तमा रैकर जमिन दिइन्थ्यो। दरबारको अधीनमा भएका जमिनलाई सेरा भनिन्थ्यो। तसर्थ त्यतिबेला रैकर जग्गाधनीबाहेक अरू खेतीकर्ताहरू हली वा गोठाला अथवा ज्यालादार श्रमिक भई काम गर्थे। तिनलाई सबै खालको भूमि अधीनत्व अधिकारबाट वञ्चित गरिएको हुन्थ्यो (रेग्मी, १९७६)।

वि.सं. २०१२ मा भूमि तथा खेती अभिलेख संकलन ऐन लागू भएपछि भूमि सुधारका प्रयासहरू थालिए। पछि सरकारले मोहीहरूको अभिलेख राख्न पनि सुरु गर्‍यो र यो क्रम वि.सं. २०१३ को भूमि ऐन प्रयाससँगै अघि पनि बढ्यो। ती ऐनले भूमि सुधारका केही प्रयासहरूलाई सहायता पुर्‍याए तापनि बहुसंख्यक साना किसानको जीवनस्तर सुधार्न सकेनन्। यसले सरकारलाई थप प्रयासहरू जुटाउन बाटो खोल्यो।

वि.सं. २०१९ मा पारित जग्गा नाप-जाँच ऐन र २०२१ मा पारित भूमि सुधार ऐनले मोही किसानको सुरक्षामा जोड दिँदै भूमि हदबन्दी पनि लागू गर्‍यो। यद्यपि ऐनमा भएका विविध कमजोरीको कारण ठूला जमिन्दारहरू भूमिमाथि अझै नियन्त्रण कायम राख्न सफल भए। फलतः भूमि पुनर्वितरणमा अपेक्षित

सफलता हासिल हुन सकेन। हदबन्दीभन्दा बढी भएको जमिन पुनर्वितरण गर्ने हेतुले २०५८ सालमा घोषणा गरिएको भूमि सुधार कार्यक्रम पनि सफल हुन सकेन। माथि दिइएका भूमि सुधारका लगभग सबै प्रयासहरूमा अधिकांश मोही आफूले खेती गरिरहेको जमिनको अधीनत्व पाउनबाट वञ्चित नै रहे। अधिकांश मोहीहरू निरक्षर हुनाले तिनले आफ्ना अरू अधिकार पनि पाएनन्। फलत: यस्ता हजारौँ मोहीहरू आफूले खेती गर्ने जमिनको हिस्सा पाउने रित्तो आशामा जीवन गुजारा गरिरहेका छन्।

### ४.३.१ नेपालमा भूमि उपभोग व्यवस्था

भूमि सुधार प्रयासको पक्ष तथा विपक्षमा उभिने विविध तर्कहरू हावी छन्। तर तिनमध्ये कुनै पनि बहस वर्तमान समयसम्मत छैनन्। वर्षौं पुरानो यो समस्या समाधान गर्न बारम्बार विफल भएको राज्यले विश्व ब्याङ्कद्वारा प्रस्तावित भूमि ब्याङ्कको योजनाजस्ता दातृ निकायको हस्तक्षेपकारी भूमिकाबाट समस्या हल गर्ने आश गरेको छ। तर यस परिच्छेदको पछिल्ला अनुच्छेदमा यस योजना कसरी जोखिमपूर्ण छ र अन्तत: यो किन विफल हुनसक्छ भनी हामीले चर्चा गर्नेछौँ।

बाह्रैमास सिँचाइको अभावले जमिन बाँझै रहनु नेपालले अहिले भोगिरहेको प्रमुख चुनौती हो। खेतीयोग्य जमिनको केवल २०% मा मात्रै बर्सेनि सिँचाइ हुनाले भूमिको पूर्ण तथा उचित उपयोग सीमित बनेको छ (यादव, २००५)। खेतीको लागि जमिन मोहीलाई अधियाँ दिँदा ऊ मोहियानी हक दाबी गर्न उत्प्रेरित हुनसक्छ भन्ने डर जमिन्दारहरूमा प्रस्टै देखिन्छ। भूमिको गुणस्तर सुधार गरी लगानीको माध्यमले कृषि उत्पादकत्व बढाउन यस्तै अनिश्चितता नै अहिले प्रमुख अड्चन बनेका छन्।

भूमि अधीनत्वको विखण्डन तथा उपविभाजन (फ्रचेग्मेन्टेसन एण्ड सबडिभिजन) भूमिसम्बन्धी अर्को गम्भीर मुद्दा हो। यसले कृषि उत्पादनमा प्रतिकूल प्रभाव पारेको छ। सन् १९६१-२००१ को अवधिमा जग्गाधनीको संख्या दोब्बरभन्दा पनि बढेर ३४ लाख पुगेको र औसत अधीनत्वको आकार (होल्डिङ साइज) घटेर ०.८ हेक्टरमात्रै भएको यादव (२००६) को दाबी छ। उनको विचारमा यसले नेपाललाई साना तथा सीमान्तीकृत किसानहरूको मुलुक बनाउने प्रक्रियातर्फ धकेलेको छ। भूमि विखण्डनको यस्तो अवस्थाले कृषि वृद्धिमा नकारात्मक असर पारेको दाबीसहित यादवले विश्व ब्याङ्कले राखेको भूमि ब्याङ्कको योजनालाई समाधानको एउटा उपायको रूपमा सुझाएका थिए।

भूमि ब्याङ्क योजनाले सकारात्मक असर छोडे पनि यसको नवउदारवादी बजारमुखी शैलीले गरीब तथा भूमिहीन मोहीलाई अझ नाजुक बनाउँदै गम्भीर दुष्परिणाम निम्त्याउन सक्ने यादवको दाबी छ। नेपालमा भूमि सुधार तथा भूमि अधिकारको मुद्दा केवल आर्थिक विकासको सवाल होइन, मुलुकमा विद्यमान सयौँ वर्षदेखिको शोषण तथा दासताविरुद्ध मुक्तिसंघर्ष पनि हो। राज्यको यस्तो कुरूपतालाई यसै पुस्तकको तेस्रो खण्ड (हे. परिच्छेद ९, १०, ११ र १२) मा समेटिएका कथा तथा व्यथाहरूले घामझैँ छर्लङ्ग पारेका छन्।

### ४.३.२ नेपालमा वैदेशिक सहायता तथा भूमि सुधार

अब हालसालैका वर्षहरूमा नेपालले भूमि सुधारका क्षेत्रमा पाएका वैदेशिक सहायताका भुक्तानीहरूलाई हेरौँ। अर्थ मन्त्रालयले प्रकाशन गरेको विकास सहयोग प्रतिवेदन (मिनिस्ट्री अफ फाइनान्स, २००६) का अनुसार सन् २००५ मा नेपालले प्राप्त गरेको कुल वैदेशिक सहायतामध्ये आर्थिक सेवाको क्षेत्रले सहायता भुक्तानीको सबैभन्दा ठूलो हिस्सा पाएको थियो। कुल सहायता रकमको ४३% ओगट्ने गरी सो क्षेत्रले लगभग रु. ११ अर्ब ३२ करोड ६० लाख रकम पाएको थियो। दाता तथा नीति-निर्माताहरूको लागि आर्थिक विकास कमसेकम कागजमै भए पनि प्राथमिकताको क्षेत्र बनेको यसबाट प्रस्ट हुन्छ।

तालिका ४.६ ले आर्थिक सेवाको क्षेत्रलाई अझ नजिकबाट विस्तृत रूपमा नियालेको छ। यसले भूमि सुधार तथा सर्वेक्षण नामक उप-क्षेत्रलाई पनि समेटेको छ। दाताहरूबाट यस उपक्षेत्रमा कमै लगानी हुनु एकदमै आश्चर्यजनकसाथै हतोत्साही तथ्य पनि हो। भूमिहीन जनताले पाएका सास्ती र तिनको संख्या दिनानुदिन बढिरहेको छ। यस्तो परिप्रेक्ष्यमा समेत अत्यन्त गहन तथा संवेदनशील यो समस्यालाई समाधान गर्नतर्फ लगानी नहुनुले दाता तथा नीति-निर्माताामा अभिरुचिको अभाव र सुझबुझको कमी भएको प्रस्टचाउँछ। भूमि सवाललाई दाताहरूले लामो समयसम्म उपेक्षा गरेको तथ्यलाई अनुभूत गरेरै होला, एसियाली विकास ब्याङ्कले भूमि प्रशासन सेवालाई सुदृढ बनाउन करिब ३ लाख ५० हजार डलर सहायता दिन भर्खरै सहमति जनाएको छ (एडिबी, २००७) । विद्यमान कर्मचारीतन्त्र वर्षौं पुरानो सामन्ती व्यवस्थाअन्तर्गत चल्ने हुँदा ब्याङ्कको यो सहायता पनि जनपक्षीयभन्दा बढी सरकारपक्षीय नै देखिएको छ। एसियाली विकास ब्याङ्कले त्यस्तो दीर्घकालीन लक्ष्यलाई सहयोग गर्ने अपेक्षा राखेको छ, जुन आफैमा यथार्थपरक नहुनुसाथै थुप्रै कमी-कमजोरीले भरिएको छ। यस्तो प्रक्रियामा जमिन्दारप्रति धेरै पूर्वाग्रही विद्यमान भूमि प्रशासनलाई यस परियोजनाले झनै बलियो बनाउने गहन खतरा पनि आइपरेको छ।

**तालिका ४.६: आर्थिक सेवाका उप-क्षेत्रहरूमा वास्तविक सहयोग भुक्तानी (रु. दश लाखमा)**

| आर्थिक सेवाहरू | सन् २००१ | सन् २००२ | सन् २००३ | सन् २००४ | सन् २००५ |
|---|---|---|---|---|---|
| कृषि तथा सहकारी | १,३८०.७ | १,१९४.७ | १,०१४.३ | ५४६.२ | ६८६.५ |
| नागरिक उड्डयन | ६५५.२ | ३६२.२ | ८०.१ | ० | |
| वाणिज्य | २३२.४ | १२२.१ | ५९.० | १७.२ | ३४.३ |
| वन तथा भू-संरक्षण | ८४.४ | ९३.९ | १६२.२ | २२३.५ | ८८९.३ |
| जलविद्युत तथा वैकल्पिक ऊर्जा | ४,९२८.५ | ३,३३०.८ | १,५८४.५ | ६४८.४ | ४,२३४.७० |
| उद्योग | ९९.६ | ११९.६ | १०५.१ | ६८.७ | ७७.६ |
| सूचना तथा सञ्चार | ० | ३३२.० | ५७.१ | २७२.८ | ४९४.५ |
| सिँचाइ | २,३९८.७ | २,१०६.३ | १,४७८.४ | ७८४.४ | १७४.३ |
| श्रम | ५१.९ | ८४.७ | १४६.१ | १९२.० | १३९.९ |
| भूमि सुधार तथा सर्वेक्षण | ० | ० | ० | ० | ० |
| प्राकृतिक स्रोत व्यवस्थापन | ८४.३ | ८४.१ | १०९.७ | ९१.५ | १३०.१ |
| सडक तथा यातायात | १,८७६.४ | २,६४४.७ | १,७२१.५ | १,३५६.३ | १,३८५.३० |
| विज्ञान तथा प्रविधि | ० | २.० | ०.३ | ० | |
| पर्यटन | २३६.८ | १९५.० | १२९.९ | ४४.३ | |
| अन्य आर्थिक कार्यक्रमहरू | १,७१८.८ | १,३३१.९ | ३,२०१.० | ६,१०५.४ | ३,०७९.२० |
| **कुल** | **१३,७४७.७** | **१२,००४.०** | **९,८४९.२** | **१०,३५०.७** | **११,३२५.६** |

*स्रोतः मिनिस्ट्री अफ फाइनान्स (२००६)*

**तथापि तालिका ४.६ मा गरिएको चित्रणले वैदेशिक सहायताउपर नेपाल र नेपाली जनताको वास्तविक निर्भरतालाई कम आँकलन गरेको छ। पहिले सरकारी बजेटबाटै सञ्चालित हुने गरेका विकासका धेरै गतिविधिहरू हाल गैरसरकारी संस्थाहरूबाट हुन थालेका छन्। यस्तो माध्यमबाट सञ्चालित तथा प्रयुक्त वैदेशिक सहायताको हिसाबबारे कुनै भरपर्दो लेखाजोखा गरिएको छैन। तथापि सन् १९९९ को एउटा अनुमानले त्यस्तो रकम प्रतिवर्ष रु. १ अर्ब जति हुने देखाउँछ (पाण्डे, १९९९)। वैदेशिक सहायताग्राहीको रूपमा गैरसरकारी क्षेत्रको प्रवेशले यो विषय सार्वजनिक वित्त सरोकारको चासोभन्दा बाहिर पुगेको संकेत गर्छ। सरकारमात्रै नभएर यस तथ्यले विभिन्न पेशामा संलग्न व्यक्तिहरूसमेत ओडिएमा व्यक्तिगत वा समूहगत रूपमा बढ्दो गतिले निर्भर रहेका देखाउँछ। यस्ता केही पेशागत व्यक्तिहरूमा राज्यका व्यवस्थापकीय एवं न्यायिक अंगहरू, समाज विज्ञानका अभ्यासकर्ता, औषधीय तथा इन्जिनियरिङ व्यवसायी, सञ्चार-जगतसाथै मानव अधिकार आन्दोलनकारीहरू पनि छन्।**

यद्यपि मात्रात्मक रूपमा भने यिनको निर्भरता भिन्न छ। एक वा अर्को कुनै कारणले सहायतामा आकस्मिक कमी आएको खण्डमा यस्तो निर्भरताले अर्थतन्त्रमात्रै नभएर समग्र समाजलाई नै धराशयी बनाउन सक्छ। उपर्युक्त संस्थाहरूले जानाजान वा अञ्जानमै आफूलाई धरापमा राखेका छन्। फलत: यस्तो परिणाम आउने ठूलो सम्भावना छ।

यसलाई हेर्दा विशेषगरी न्यून विकसित मुलुकहरूमा दाताको निर्देशन तथा कार्यान्वयनमा चल्ने परियोजनाको कार्य-सम्पादनलाई तीन प्रमुख तत्वले प्रभाव पार्ने देखिन्छ। तीमध्ये पहिलो भनेको परियोजनाका लक्ष्य प्राप्त गर्न उपयुक्त प्रविधिको बारम्बार अभाव हो। सडक बनाउने र निर्वाचन व्यवस्थापन तथा सञ्चालन कसरी गर्ने भन्ने दातालाई थाहा हुनसक्छ। त्यसमाथि पनि २०६४ चैतमा सम्पन्न नेपालको प्रथम ऐतिहासिक संविधानसभा निर्वाचनलाई सहयोग गर्न दाताहरूको अत्यधिक तत्परता रहेको हुनाले निर्वाचन व्यवस्थापन तथा सञ्चालनमा वैदेशिक सहायताको अनुभव हामीलाई छर्लङ्गै छ। तर परिवार नियोजन सेवा, उत्पादन विस्तार गर्न साना किसानलाई सहायता अथवा नवनिर्वाचित सरकारको जवाफदेहिताको स्तर सुधार्नमा भने तिनमा उस्तै तत्परता देखिँदैन। न्यायपालिका, नागरिक समाज संगठनहरू तथा निजामती सेवाको प्रभावकारी सुदृढीकरण गर्न पनि तिनको ध्यान निकै कम पुगेको देखिन्छ। यसरी वैदेशिक सहायताले अहिले संस्थागत अथवा व्यवहारगत परिवर्तनलगायतका पक्षलाई मात्रै समेट्ने प्रयत्न गरेको देखिन्छ।

परिवर्तन ल्याउने प्रयत्न भइरहेको समाज वा संस्थाबारे दाताहरूको ज्ञान सापेक्षिक रूपमा कम हुनु यसको दोस्रो तत्व हो। धेरैजसो सहायता अधिकारीहरूले कुनै एउटा मुलुकमा केही वर्ष बिताएका हुन्छन्। निकै कमले मात्रै स्थानीय भाषा बोल्छन् र धेरैले परियोजना लागू भएको क्षेत्रमा भन्दा आफ्नै कार्यालयमा समय बिताउँछन्। वैदेशिक परिवेशमा व्यवहारगत तथा संस्थागत रूपान्तरण गर्न परिवर्तनका अभिकर्ताले सो स्थानबारे गहन जानकारी राख्नु जरुरी हुन्छ। तर आफ्नै तरिकाले सहायता विनियोजनलाई व्यवस्थापन गर्ने आप्रवासी अधिकारी तथा परामर्शदाताहरूबाट भने यस्तो काम हुन गाह्रो छ।

तेस्रो समस्या दातृ निकायसम्बद्ध मुलुकभित्रकै कर्मचारीय राजनीति हो। बहुपक्षीयसमेत गरी यी सबै निकायहरू कुनै निश्चित राजनीतिक वातावरणद्वारा सञ्चालित हुन्छन्। तिनले सहायता लगानी तथा नीति-निर्णयहरूलाई आफू अनुकूल निर्देशित गर्छन्। यसरी सहायता पाउने मुलुकको भन्दा तिनका आफ्नै जनता, विधान वा कर्मचारीतन्त्रको रायअनुरूप नै निर्णय लिने गरिन्छ। जनजातीय तथा वैचारिक आस्था, व्यक्तिगत सम्बन्ध, घरेलु राजनीतिक

सरोकार, कर्मचारीय प्रक्रिया र उपलब्ध रकमलाई निश्चित समयावधिभित्र खर्च गरिसक्न सदैव आउने निर्देशन आदि सबैले वैदेशिक सहायता कसले पाउने, कति पाउने र तिनलाई कसरी उपयोग गर्ने भन्ने निर्णयमा प्रभाव पार्छन्। साथै यिनले सहायता रकममा सञ्चालित गतिविधिहरूमा आवश्यक पर्ने सुसूचित स्थानीय प्रयास तथा अनुकूलतालाई समेत अहिले निकै कठिन बनाएका छन्।

वैदेशिक सहायताले मुलुकको समग्र विकास अथवा गरीबी निवारणमा उल्लेखनीय परिणाम ल्याउन विफल भएको तथ्य सर्वविदितै हो। वर्तमान अपरिहार्यता भनेको यी सबै किन भइरहेका छन् भन्ने विश्लेषण गर्नु नै हो। भ्रष्ट राजनीतिकर्मी तथा कर्मचारीहरू एवं तिनको नैतिक दोषलाई चोर औँला ठड्याएर मात्रै पुग्दैन। त्यसको लागि सबै तहका नेपाली जनताको मष्तिष्कमा जेलिएको सहायता-निर्भर लक्षण (एड डिपेन्डन्ट सिन्ड्रम) लाई गहिरो विश्लेषण गर्नु जरुरी हुन्छ (शर्मा, २००७)। वैदेशिक सहायता जोखिमपूर्ण रहेको थियो कि थिएन भन्ने प्रश्नमा लामो समयसम्म ठूलो मात्रामा वैदेशिक सहायता पाएका दक्षिण एसियाली क्षेत्रहरू (हे. तालिका ४.५) लाई हेर्नु सान्दर्भिक हुन्छ। तिनको वृद्धि अन्तर्राष्ट्रिय मापदण्डमा सन्तुष्ट हुन मिल्ने जति पनि छैन। यसरी सहायता विनियोजन गर्दा भएका व्यापक तर सहजै सच्याउन सकिने त्रुटिले यिनीहरू अधिकांश रूपमा निष्प्रभावी भएका पाइन्छन्।

वृद्धिदरलाई उकास्न वैदेशिक सहायता 'असल' परिवेशमा प्रभावकारी र 'खराब' परिवेशमा निष्प्रभावी हुन्छन् र भएका छन् (डब्ल्यूबी, १९९८)। यसरी बृहत् अर्थनीति (म्याक्रोइकनमिक पलसी) को हिसाबले संकुचित रूप अथवा नीति तथा संस्थाहरू (पलसिज एण्ड इन्स्टिच्युट्स) को विस्तृत क्षेत्रका हिसाबमा फराकिलो रूपमध्ये 'परिवेश' लाई कसरी परिभाषित गरियो भन्नेमा यसको परिणाम निर्भर रहन्छ। सामान्य अर्थमा यसलाई वैदेशिक सहायताहरू 'खराब' परिवेशमा धेरै केन्द्रित भएका हुनाले ती निष्प्रभावी भएको मान्न सकिन्छ। वैदेशिक सहायताका परियोजनाले सरकार यति अनुगृहित हुन्छ कि ऊ आफ्ना नागरिकलाई सन्तुष्ट राख्नुको साटो दाताहरूलाई सन्तुष्ट राख्न बढी प्रेरित हुन्छ। नेपाल पनि स्पष्टै रूपले यही वर्गमा पर्छ।

### ४.३.३ विश्व ब्याङ्कको भूमि नीतिको उद्‌भव तथा महत्व

अब विश्व ब्याङ्कले अघि सारेको बहुप्रचारित भूमि ब्याङ्क नीतितर्फ लागौँ। यस ब्याङ्कले केही समयअघिसम्म आफ्ना कार्यक्रमहरूमा अन्यायपूर्ण भूमि वितरणको सवाल तथा विकासशील धेरै मुलुकहरूमा एकीकृत कृषि सुधार लागू गर्नुपर्ने आवश्यकतालाई समेट्न उपेक्षा गरिरहेको थियो। सन् नब्बेको दशकमा सो ब्याङ्कले आफ्ना नीतिमा परिवर्तनको घोषणा गर्नुको एकमात्रै कारण सो ब्याङ्कको संरचनागत समायोजनअन्तर्गतको नवउदारवादी नीतिमाथि भएको तीखो

आलोचना नै थियो। त्यस्तो नवउदारवादी नीतिले बहुसंख्यक ग्रामीण जनतामा क्षतिजन्य प्रभाव पारेको थियो। यो परिवर्तनसँगै ब्याङ्कले गरीबीविरुद्ध लड्न आफ्ना कार्यक्रमहरू लक्षित पारेको दाबी गऱ्यो। यसै सन्दर्भमा ब्याङ्कले भूमि पुनर्वितरणलाई अघि सारी विश्वका केही क्षेत्रमा यसको 'बजारमुखी भूमि सुधार' (मार्किट असिस्टेड ल्याण्ड रिफर्म) को शैली वकालत गर्न थाल्यो। केही सम्भावनाहरू बोकेको भए तापनि सो ब्याङ्कको यस अभियानले केही गहन जोखिमलाई पनि समेटेको छ।

भूमि तथा अन्य उत्पादनशील स्रोतसँग पहुँचमा रहन विपन्न किसानहरूलाई अधिकारसम्पन्न बनाउने गरी एकीकृत र विस्तृत कृषि सुधारको प्रत्याभूति दिन 'बजारमुखी भूमि सुधार' अक्षम छ। पहुँचको त्यस्तो अधिकारले किसानहरूलाई आत्म-सम्मानसाथ भरणपोषण गर्न सहयोग पुऱ्याउन सक्थ्यो। आफ्नो शैली कार्यान्वयन गर्न सो ब्याङ्कले अवलम्बन गरेको तौरतरिका हेर्दा प्रत्येक मुलुकभित्रका समाजमा रहेका महत्वपूर्ण सामाजिक शक्तिलाई पनि यसले अस्वीकार गर्छ। यस्ता शक्तिहरूले वास्तवमै कृषि सुधारको लागि संघर्ष गर्दै सामाजिक उन्नति हासिल गर्न सक्थे।

थोरै जमिन्दारहरूमा धेरै जमिन एकत्रित भएको समस्यालाई सन् सत्तरीको दशकसम्म ब्याङ्कले कृषिमा बढ्दो वृद्धि र दक्षता निम्त्याउनको लागि बाधकजसरी मात्रै हेरेको थियो। सो समयमा ब्याङ्कका नीतिहरू भूउपयोगितालाई तीव्र बनाउन उत्प्रेरणा दिई उत्पादन बढाउनुमा मात्रै केन्द्रित थिए। यिनै नीतिहरूको परिणामस्वरूप कृषि गतिविधिको औद्योगीकरण तथा आधुनिकीकरण आकाशिए र पछि 'हरित क्रान्ति' को रूपमा चिनिए (डेइनिन्जर र बिन्स्वान्जर, १९९९)।

सन् १९७५ मा मात्रै ब्याङ्कले 'भूमि सुधार नीतिहरू' भन्ने अभिलेखमा पहिलो पटक भूमिको अन्यायपूर्ण वितरणलाई पहिचान गरेको थियो (डेइनिन्जर र बिन्स्वान्जर, १९९९)। यस अभिलेखले ग्रामीण क्षेत्रमा रहेको गरीबी र बेरोजगारीलाई ख्याल राख्दै अतिविपन्न परिवारको सामाजिक न्याय तथा आर्थिक दक्षता अभिवृद्धिमा जोड दिएको थियो। त्यसको लागि यसले ग्रामीण समुदायलाई भूमिसँगको पहुँच सुनिश्चित हुनुपर्ने महत्व पनि दर्शाएको थियो। तथापि संरचनागत समायोजन कार्यक्रमको कार्यान्वयनसँगै सन् असीको दशकमा तर्जुमा भएका ती नयाँ भूमि नीतिहरू लागू गरिएनन्। अन्तर्राष्ट्रिय मुद्रा कोष (इन्टरन्यासनल मनेटरी फन्डः आइएमएफ) र विश्व ब्याङ्क दुवैले अर्थतन्त्रमा राज्यको हस्तक्षेप कम गर्ने प्रयासमा धेरै वकालत गरे। तिनीहरू विशेषगरी वित्तीय संकट खेपिरहेका मुलुकहरूमा गैरनियमन (डिरेगुलेसन), उदारीकरण र निजीकरणलाई आर्थिक वृद्धि हासिल गर्ने माध्यम बनाई त्यस्ता हस्तक्षेपलाई न्यून बनाउन चाहन्थे। यस्ता कदमहरूले कृषि सुधारको विषयलाई

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास मुद्दाबाट पन्छाए। यससँगै हामीले साना किसान तथा भूमिहीन किसान परिवारमा क्षतिजन्य परिणाम हेर्न बाध्य हुनुपऱ्यो। आम्दानी-भिन्नता (इन्कम डिस्परिटिज) र ग्रामीण गरीबी, मुट्ठीभर मानिसमा जमिन थुप्रिने क्रम (ल्याण्ड कन्सन्ट्रेसन) तथा स्थानीय परिवार आधारित किसानी अर्थतन्त्रको तहसनहस सबै यिनै नीतिका परिणामहरू हुन्।

### ४.३.४ भूमि बजार

सो विरोधाभाषपूर्ण नवउदारवादी नीतिको सबैतिरबाट तीखो आलोचना भयो। परिणामस्वरूप ब्याङ्कले सन् नब्बेको दशक आरम्भमा गरीबीविरुद्ध लड्ने कार्यक्रमहरूमा बढी ध्यान दिनुपर्ने आवश्यकता औँल्यायो (डेइनिन्जर र बिन्स्वान्जर, १९९९)। तथापि ब्याङ्कको नीतिमा गरिएको यस्तो पुनरावलोकनले 'पहिलो पुस्ता' को सुधारमाथि प्रश्न भने उठाएन। यसको विपरीत, तिनको उद्देश्य गैरनियमन (डिरेगुलेसन), उदारीकरण र निजीकरणका आधारभूत सिद्धान्तहरूलाई सामाजिक तथा विकासका क्षेत्रमा लगाउनु नै रह्यो।

सो ब्याङ्कले अहिले प्रवर्द्धन गरिरहेको भूमि नीतिले गरीबी निवारणसम्बन्धी कार्यक्रमको मूल हिस्सा ओगटेको छ। तर यसमा सुधारमुखी कार्य गर्ने राज्यको प्रमुख भूमिकालाई भने बजारले नै प्रतिस्थापित गरेको छ। परम्परागत ग्रामीण कृषि सुधारमुखी शैलीको मूलभूत सिद्धान्तअनुसार भूमि खेती गर्ने मानिसको अधीनमा रहनुपर्छ। तर जसले रकम तिर्न सक्छ उसैको अधीनमा भूमि रहने भन्ने नयाँ सिद्धान्तले यस सिद्धान्तलाई प्रतिस्थापित गरेको माथिको परिवर्तनले प्रस्ट्याउँछ। यस नयाँ सिद्धान्तअनुसार कृषि उत्पादक स्रोतमा नियन्त्रण जमाउने तत्वमाथि अब बजारले नियन्त्रण जमाउँछ। यस्तो वकालतले परिणामत: गहन तथा एकीकृत ग्रामीण कृषि सुधारको कार्यान्वयनभन्दा विश्व ब्याङ्क भूमि बजार सिर्जना गर्नमै बढी उद्यत भएको देखाउँछ।

### ४.३.५ बजारमुखी भूमि सुधार

सम्पत्ति अधिकारको रक्षा र 'बजारमुखी भूमि सुधार' को शैली ब्याङ्कले लागू गरिरहेको भूअधीनत्वको संरचनासम्बन्धी सुधार नीतिका आधारशिला हुन्। यिनमध्ये पछिल्लोले आर्थिक तथा सामाजिक न्यायको उद्देश्यलाई परम्परागत शैलीभन्दा कम खर्चिलो र प्रभावकारी गतिले प्राप्त गर्ने विश्वास गरिएको छ। माग तथा आपूर्तिको बजार संयन्त्रलाई सम्भव भएसम्म स्वतन्त्र सञ्चालित हुन दिँदा लागत घटाउन सकिन्छ भन्ने यसको मान्यता हो। यहाँ उपाय ज्यादै सरल छः भूअधीनत्व लिन खोज्ने किसानले खर्चिलो तथा सुस्त गतिको अधिग्रहण प्रक्रियालाई पर्खेर बस्नुपर्दैन। तिनले जमिन बेच्न तयार भएका ठूला जग्गाधनीहरूसँग कुराकानी गर्न सक्छन्। यस्तो प्रक्रियामा नै भूमि ब्याङ्कको

भूमिका आउँछ। त्यसपछि क्रेता र बिक्रेता दुवैजना त्यही भूमि ब्याङ्कमा पुग्छन्, जहाँ जग्गाधनीले चलेको बजार भाउमा आफ्नो जमिनको मूल्य र किसानहरूले सोही जमिन खरिद गर्न ऋण पाउँछन्।

नेपालको सन्दर्भमा सशस्त्र द्वन्द्वको मध्यावधि सन् २००४ तिर यस्तो अवधारणाको उदय भएको थियो। त्यतिबेला माओवादीले नेपाली नीति-निर्माताहरूको अधीनमा रहेका उल्लेखनीय भूमि क्षेत्रहरू कब्जामा लिएको थियो भने ती नीति-निर्माताहरू नेपालमा भूमि ब्याङ्क लागू गर्नुपर्ने कुरामा जोड दिइरहेका थिए। किसानहरूलाई नाफामुखी परियोजना विकास गर्न उत्प्रेरित गर्ने हुनाले यस अवधारणालाई त्यतिबेला सकारात्मक नै मानिएको थियो। यस्ता परियोजनाबाट तिनीहरू आफ्ना ऋण चुक्ता गर्न सक्षम हुन्थे। बजारमुखी भूमि सुधारको शैलीमा राज्यको भूमिका भनेको भूमिहीन किसानहरूलाई ऋण दिनु हुन्थ्यो। यसका अतिरिक्त उसको काम आफ्ना आर्थिक एवं वित्तीय नीतिमार्फत भूमि बजारलाई समृद्ध बनाउन मूल्यवृद्धि नियन्त्रण गर्ने तथा भूमि दलाली रोक्ने संस्थाजसरी मात्रै सीमित हुन्थ्यो।

पहिले नै निश्चित मात्राको पुँजी तथा उत्पादन अनुभव बटुलिसकेका उद्यम अथवा किसान सहकारीहरूको निम्ति यस्तो शैलीको कार्यान्वयन फाइदाकारी हुनसक्छ। यसले तिनलाई केही सकारात्मक अवसरको ढोका खोल्न सक्छ। यद्यपि बहुसंख्यक गरीब भूमिहीन किसान जनताका लागि यस्तो कार्यक्रमले भूमि तथा अन्य उत्पादनशील स्रोतसँगको पहुँच सुनिश्चित गराउन विफल हुन्छ। त्यस्तो पहुँचले तिनलाई आत्म-सम्मानसाथ खाद्यान्नको जोहो गर्न सबल बनाउन सक्थ्यो। यसलाई अबका तर्कहरूले अझ बढी व्याख्या गर्न सक्छन्। जनतालाई जमिन किन्न सहयोग गर्ने यस्ता कार्यक्रमहरू पहिले नै कुनै प्रारम्भिक पुँजी र उत्पादन क्षमता भएका किसानको लागि पहुँचयोग्य तथा आकर्षक बन्न सक्छ। तर जमिनको अरूभन्दा धेरै आवश्यकता भएका तर कम योग्य परिवारहरू निश्चित रूपमा यस्ता कार्यक्रमबाट पाखा पारिन्छन्। यसमाथि अधिकांश किसानहरूमा भएको न्यून साक्षरताले लाभग्राही भनिएका वर्ग नै आफूहरूले पालना गर्नुपर्ने वास्तविक ऋण शर्तहरू बुझ्न अक्षम हुन्छन्। बिक्री गरिने जमिनको गुणस्तर पनि कम हुनसक्ने तथ्य अर्को ठाउँमा छ। यदि यसलाई ख्याल राख्ने हो भने उच्च रूपले ऋणग्रस्त किसानले गुणस्तरहीनताको कारण अन्ततः जमिन नै छोड्नुपर्ने जोखिम पनि धेरै देखिन्छ।

यसमाथि भूमिको सधैं बढिरहने मूल्य राज्यको ऋण व्यवस्थाबाट झनै बढ्छ। भूमि अभाव भएका मुलुकमा फिलिपिन्सको झैं परिस्थिति झनै बिग्रन्छ (एफआइएएन, २०००)। भूमि मूल्य बढ्दा राज्य तथा कथित लाभग्राहीहरूले ग्रामीण कृषि सुधार प्रक्रियामा मूल्य तिर्न सक्दैनन्। यसरी अपेक्षित लागतको न्यूनीकरण (कस्ट रिडक्सन) केवल एउटा भ्रममात्रै साबित हुनेछ।

लागत तथा ऋण समस्या निहित हुनुका अतिरिक्त यो शैली आफैँमा विरोधाभाषपूर्ण समेत छ। वास्तवमा अदृश्य बजार संयन्त्रले नभई पर्दापछाडि काम गरिरहने राज्यले यस्तो सुधारको निम्ति ऊर्जा थपिरहेको हुन्छ। बजार अकर्मण्य भएको खण्डमा लाभग्राहीको छनौट, ऋण वितरण, भूमि मूल्य निर्धारण तथा किसान र जग्गाधनीबीच समस्या समाधान गर्न वार्तालाप गराउनेजस्ता विभिन्न स्वरूपमा अन्ततः राज्यको हस्तक्षेप आउन सक्छ। त्यसैले सामन्तवादी सामाजिक परिप्रेक्ष्यमा बजारको सहयोगमा भूमि पुनर्वितरण गरिने शैलीको स्वरूप एकदमै सीमित हुन्छ।

भूमि खरिद गर्ने किसानको क्रयशक्ति अभावलाई देखाएरमात्रै अन्यायपूर्ण भूमि वितरणको समस्यालाई व्याख्या गर्न सकिँदैन। यसले मूल समस्यालाई उपेक्षामात्रै गर्दैन, किसानको आधारभूत मानव अधिकारलाई समेत अनादर गर्छ। द्वन्द्वको सिर्जनाविना नै स्वेच्छिक निर्णय-छनौटको आधारमा बजार संयन्त्रले ग्रामीण कृषि सुधारलाई आत्मसात गर्नसक्छ भन्नु कोरा कल्पनामात्रै हुन्छ।

यस्तो बजारमुखी शैलीले विद्यमान ग्रामीण कृषि सुधार कार्यक्रमहरूलाई विस्तारै प्रतिस्थापित गरिरहेको तथ्य समस्यामूलक छ। ग्रामीण कृषि सुधार संस्थाहरू स्रोतको अभावले बिलाउँदै गएको अवस्थामा भूमि ब्याङ्क अथवा कोषहरूको बजेट भने सदाझैँ बढिरहेको छ। ख्याल राख्नुपर्ने कुरा के पनि छ भने बजारमुखी शैलीले जग्गाधनीलाई अन्यथा अधिग्रहण गरिने जमिन बिक्री गर्ने अवसर दिन्छ। यसले अधिग्रहण तथा भूमि सम्पत्ति हदबन्दीलाई न्यायसंगत साबित गर्दै सम्पत्तिको आधारभूत सामाजिक उपयोगितालाई नै उपेक्षा गर्छ।

### ४.३.६ सम्पत्ति अधिकारको सुरक्षा

सम्पत्ति अधिकारको सुरक्षा सुदृढ बनाउन ल्याइएका कार्यक्रमहरू विश्व ब्याङ्कको भूमि नीतिका अरू प्रमुख चरित्र हुन्। सो ब्याङ्कको लागि भूमि बजारको सिर्जना गर्न सम्पत्ति अधिकारको उचित व्याख्या प्रमुख आवश्यकता हो। आर्थिक विकास तथा दिगो वृद्धिको लागि यस्तो परिभाषा आधारभूत तत्व हो। दीर्घकालीन मोहियानी हक प्राप्त गर्न तथा दिगो लगानीलाई प्रवर्द्धन गर्न सुपरिभाषित तथा सुरक्षित सम्पत्ति अधिकार अपरिहार्य हुन्छ। यसमाथि पनि अचल तथा अविनाशी भएको हुनाले जुनसुकै ऋणको लागि भूमि एउटा आदर्श प्रत्याभूति पनि हो। यसरी माथि भनिएका अधिकारहरूले ऋणसँगको पहुँचलाई सहायता पुर्‍याउँछन्।

यी सकारात्मक विशेषताका बाबजुद पनि यस्तो व्यवस्थामा भूमि अधीनत्वको हस्तान्तरण भने द्वैध खालको छ। भूमिमा हुने घाटाविरुद्ध किसानहरूको भूमिसम्बन्धी कानूनी सुरक्षाले कुनै खालको स्वतः सुरक्षाको प्रत्याभूति दिएको हुँदैन। यसको विपरीत, ऋणग्रस्त भएको खण्डमा ऋण दिनेले जफत गर्ने भनेको प्रथमतः ऋणीको जमिन नै हो ! समस्यामूलक हुनसक्ने भूअधीनत्व हस्तान्तरणको एउटा पक्ष भनेको किसान समुदायबीचको ऐक्यबद्धतामा आउने सम्भावित ह्रास हो।

यस्तो व्यवस्थामा प्रायजसो कृषि सहकारीहरूले तिनका जमिन बाँड्ने गरी नियम तथा कानूनहरू निर्धारण गर्छन्। यसले सहकारीका सदस्यलाई तिनको आफ्नै भूमिमा धेरै लगानी गर्न उत्प्रेरणा दिनसक्छ। तर समान रूपमा यसले साना जग्गाधनीलाई भूमि बजारमा स्पर्धा गर्न अक्षम पनि बनाउन सक्छ। ठूला लगानीकर्ताले ठूलै रकम दिएर गरीब किसानहरूलाई तिनको जमिन बेच्न लालयित पार्न सक्छन्। त्यस्ता किसानहरू अन्ततः पैसाका मुट्ठीभर नोटमात्रै लिएर बस्न बाध्य हुन्छन्।

भूमि अधीनत्वको संरचनागत सुधारसँगै जाने क्षेत्रीय नीतिहरू तथा बाँकी उपायबारे पनि उल्लेख गर्नु यहाँ सान्दर्भिक हुन्छ। यिनीहरूमा विशेषगरी ऋण, परामर्श, तालिम तथा व्यावसायीकरण आदि पर्छन्। यीमध्ये सबैलाई निजीकरण एवं गैरनियमन (डिरेगुलेसन) को सुरुआती अवस्थाको रूपमा चिनिन्छ। रकम तिर्नसक्ने मानिसहरूले मात्रै उत्पादनशील स्रोतसँगको पहुँचबाट फाइदा लिन सक्छन्। यस्तो नवउदारवादी कृषि नीतिले परिवारमुखी कृषिमा पारेको नकरात्मक प्रभाव पनि हामीसामु छर्लङ्गै छ। उदाहरणका लागि ब्राजिलमा जमिन पाएका परिवारको संख्याभन्दा जमिन छोड्न बाध्य बनाइएका साना किसानहरूको संख्या अत्यधिक थियो (एफआइएएन, २०००)।

समष्टिमा, बजारमुखी भूमि सुधार शैलीले भूमि तथा अन्य उत्पादनशील स्रोतसँग विपन्न तथा भूमिहीन किसान परिवारको पहुँच सुनिश्चित गर्दैन। साथै यसले तिनलाई आफूलाई खान पुग्ने गरी उत्पादन गर्न सक्षम पनि बनाउँदैन। माथि चर्चा गरिएका बजारसम्बन्धी अरू केही तौरतरिकाले थोरै सकारात्मक पक्षहरू समेटेका भए पनि भूमिहीन तथा विपन्न ग्रामीण जनसंख्यामा तिनको प्रभाव एकदमै सीमित र विवादास्पद बनाउँछन्। जमिन्दारप्रति पूर्वाग्रही नियम तथा फितलो वित्तीय प्रणाली भएको नेपालजस्तो मुलुकमा यस्तो शैली सफल हुन निकै गाह्रो देखिन्छ।

विकेन्द्रीकृत शैलीले ग्रामीण पक्षीय बजार विकास गरिए मात्रै विश्व ब्याङ्कले परिकल्पना गरेको भूमि-बिक्री बजार बृहत् रूपमा एकीकृत यथार्थ बन्न सक्छ। यसलाई एउटा संगतीपूर्ण (कोहियरन्ट) कानूनी तथा संस्थागत आधारशिलाको आवश्यकता पर्छ। तर नेपाल त्यो अवस्थामा पुग्न अझै बाँकी छ। बजार अर्थतन्त्रको निगाहमा दमित किसानहरूको भाग्य छोड्नु निकै दुर्भाग्य तथा जोखिमपूर्ण हुन्छ। यस्तो प्रक्रिया नेपालजस्तो मुलुकका लागि दाताहरूको अभिरुचिमा निर्भर रहने तथा एकदमै अस्थायी खालको हुन्छ। मुलुकको भूमि व्यवस्थालाई सुदृढ गर्नुको साटो यसले सम्पन्न जमिन्दार तथा विपन्न किसानबीचको द्वन्द्वलाई झनै चर्काउन सक्छ। सायद यही खतराको पूर्वाभासले

हुनसक्छ, अधिकांश किसानहरूले यस्तो कार्यक्रमलाई पहिले नै अस्वीकार गरी यसको कडा प्रतिरोध गरिसकेका छन् (सिएसआरसी, २००६)।

## ४.४ निष्कर्ष

भूमि सुधार नेपालमा दातृ-समुदायको प्राथमिकता सूचीमा परेको छैन। तिनले मुख्य रूपमा परम्परागत, सामाजिक तथा वरीयताक्रमिक (हायरार्किकल) जटिलताले पर्याप्त काम गर्न नसकिएको बताउँछन्। अधिकांश ठूला दाताहरूले तिनको कार्यादेश केवल सरकारसँग काम गर्नु र प्राय: विद्यमान तथ्याधार प्रणाली (डेटाबेस सिस्टम) लाई सुधार गर्नुमात्रै हो भनी प्रस्टचाउँछन्। सुधारको यस्तो प्रक्रियामा तिनले जमिन्दारहरूप्रति उच्च पूर्वाग्रही रहेको भूमि प्रशासनलाई पुन: सुदृढ पार्न तर्फमात्रै लागेका हुन्छन्। भूमिसम्बन्धी विषयले हालसालैसम्म पनि यथोचित ध्यान पाउन सकेको थिएन। धनी जमिन्दारहरूको निहित स्वार्थ अझै चौतर्फी हुनाले उपयुक्त दबाब नपुगेसम्म यो विषयले अझै पनि समुचित ध्यान खिच्न सक्नेछैन। तिनको अधिकार रक्षा गर्न राज्यले कुनै समुचित उपाय अवलम्बन नगरेसम्म नेपालमा गरीबी र भूमिहीनता व्याप्त रही कृषि क्षेत्रको विकास पनि सम्भव हुनेछैन। खेतीपातीको लागि कम समय र यसमा थोरैमात्र रुचि भएका अनुपस्थित जमिन्दारको नियन्त्रणमा भूमि हुने अवस्था विद्यमान रहेसम्म खेतीपाती पनि फस्टाउने छैन।

भूमि सुधारसम्बन्धी समस्यालाई निदान गर्ने विश्व ब्याङ्कको थालनीबाट स्पष्ट भएझैं आर्थिक विकासको कोणबाट मात्रै यो समस्यालाई हेर्ने दाताको शैली अपूरो र अपर्याप्त हुन्छ। भूमि सुधार उपभोक्ताको कुनै एउटा वर्गबाट अर्कोमा भूमि हस्तान्तरण गर्नुमा मात्रै सीमित हुनुहुँदैन। यसका अतिरिक्त विद्यमान शक्ति संरचना र सामाजिक-आर्थिक सम्बन्ध तथा तिनलाई परिवर्तन गरी हजारौं विपन्न किसानको सुन्दर जीविका सुनिश्चित गर्नु पनि भूमि सुधारको दायित्व हो। साथै सयौं वर्षदेखि चलिरहेको विभेद र शोषणबाट स्वतन्त्रता तथा मुक्ति पनि सायद अर्को गहन विषय हो।

अति विपन्न किसानहरूले तिनको जीविका, आम्दानी, सुरक्षा र सबैभन्दा महत्वपूर्ण रूपमा सम्मानको निम्ति चिन्ता गरिरहनुपर्ने बेला रहेसम्म नेपाल राज्य तथा यसका जनता कहिल्यै सुदृढ र सम्पन्न बन्न सक्दैनन्। दाताहरूले पनि तिनका प्राथमिकताका सूचीहरू पुनरावलोकन गरी उचित जनमुखी केही मुद्दाहरू लिएर अघि लम्कनुपर्छ। यस्तो नभएमा नेपाली जनतालाई अधिक खाँचो परेका काम पर्याप्त मात्रामा नगरी आफ्नै मुद्दाहरूमा मात्रै सीमित बनेको आरोप तिनले पनि खेप्नुपर्नेछ। दशौं हजार विपन्न किसानलाई सबल तथा सुरक्षित बनाउने एउटा उचित भूमि सुधार कार्यक्रमविना नयाँ नेपाल सम्पन्न बन्न सक्दैन र यो समस्यामा केवल मुकदर्शकमात्रै भएर उभिए भने दातृ-समुदायले आफ्नो छविलाई अझै धमिल्याउने निश्चित छ।

## सन्दर्भ सामग्री


1. सिएसआरसी। २००६। *नेपालमा भूमि अधिकार आन्दोलन: उपलब्धि तथा सिकाइको सँगालो- सन् २००६।* काठमाडौं: सामुदायिक आत्मनिर्भर सेवा केन्द्र।
2. ADB. (2007). Nepal: Strengthening Land Administration Services. ADB Technical Assistance Report, Project No. 40544. Kathmandu: Asian Development Bank.
3. CSRC. (2003). *Land Rights in Nepal: Present Reality and Strategies for Future.* Kathmandu: Community Self Reliance Center.
4. Deininger, K. & Binswanger, H. (1999). The Evolution of the World Bank's Land Policy: Principles, Experience, and Future Challenges. *Oxford: World Bank Research Observer,* Oxford University Press.Vol. 14. No. 2. Pp. 247-276.
5. FIAN. (2000). *Global Campaign for Agrarian Reform: Fact Sheet.* Heidelberg: FIAN International.
6. Ministry of Finance. (2007). Budget Speech of the Fiscal Year 2007-08. Kathmandu: Ministry of Finance, Government of Nepal.
7. Ministry of Finance. (2006). Development Cooperation Report (2005). Kathmandu: Foreign Aid Cooperation Division, Ministry of Finance, Government of Nepal.
8. Ministry of Finance. (2002-2006). Economic Surveys. Kathmandu: Ministry of Finance, Government of Nepal.
9. NPC. (1995). Nepal Agricultural Perspective Plan, Main Report. Kathmandu: National Planning Commission, Government of Nepal.
10. OECD. (2008). Aid Statistics: Recipient Aid Charts. OECD Website (www.oecd.org/countrylist). (Accessed on July 25, 2008)
11. Panday, D.R. (1999). *Nepal's Failed Development: Reflections on the Mission and the Maladies.* Kathmandu: Nepal South Asia Centre.
12. Regmi, M.C. (1976). *Land Ownership in Nepal.* Berkeley: University of California Press.
13. Sharma, S.R. (2007). Role of Foreign Aid in Transformation. Paper presented at the National Conference on Transformation, Inclusion and National Integration, June, 2007. Kathmandu.
14. Sharma, S.R. (2002). The Role of ODA and FDI in the Development of Nepal, *Fukuoka University Journal,* Vol. 32, No. 2, Fukuoka: Fukuoka University Press.

15. Sigdel, B. (2004). Foreign Aid in Nepal. Dahal, M.K.(Ed). (2004). *Nepalese Economy: Towards Building a Strong Economic Nation State*. Pp. 509-522. Kathmandu: Central Department of Economics. Tribhuvan University.

16. The World Bank. (1998). Assessing Aid: What works, What Doesn't, and Why. World Bank Policy Research Report. Washington DC: The World Bank.

17. The World Bank. (1995-2008). World Development Reports 1995-2008. New York: The World Bank.

18. Yadav, R.P. (2006). *Where is the Land to Distribute?* www.madhesi.wordpress.com. (Accessed on October 15, 2007).

19. Yadav, R.P. (2005). Land Tenure Situation in Nepal. Policy Outlook Series No. 7. Kathmandu: Winrock International.

## परिच्छेद ५

✍ पूर्ण नेपाली र कैलाशनाथ प्याकुर्‍याल

# भूमि र शक्ति सम्बन्ध

### ५.१ पृष्ठभूमि

**वर्ग संघर्ष र सामाजिक संरचनाको मार्क्सवादी अवधारणा प्रयोग गर्दै यस परिच्छेदले ग्रामीण नेपाली कृषि संरचनालाई विश्लेषण गर्ने प्रयत्न गरेको छ। यसले ऐतिहासिक सामन्ती अवशेष बनी अद्यापि कायम रहेको उत्पादन सम्बन्ध एवं शोषण र विभेदको चरित्र-चित्रण पनि गरेको छ।**

आर्थिक (भौतिक), प्रतीकात्मक र भावनात्मक मूल्य हुनाले भूमि सामाजिक सम्बन्ध र सामाजिक परिवर्तनलाई पुनर्परिभाषित गर्ने साधन हो (रेग्मी, १९९९ए)। कृषि आश्रित समाजमा सामाजिक स्तर अभिवृद्धि एवं जनताको जीवनस्तर सुधार्न भूमि स्रोतसँगको पहुँच अपरिहार्य छ। हामीबीच रहेको शक्ति सम्बन्धलाई भूअधीनत्व शैलीले बृहत्तर आकार दिएको हुन्छ (खनाल र अरू, २००५)। भू-उपयोग शैली तथा द्वन्द्वको उद्‌भवबीच पहिल्यै खासै कुनै प्रत्यक्ष सम्बन्ध हुँदैन। तथापि हाम्रो समाजमा यही नै द्वन्द्वको प्रमुख कारण बनेको पाइन्छ (http://www.oecd.org)। नेपालजस्तो ग्रामीण अर्थतन्त्र भएको मुलुकमा असमान भूमि वितरणले भिन्न सामाजिक-आर्थिक संरचना र सम्बन्ध सिर्जना गरेको छ। परिणामतः विकासका प्रयासहरू अनपेक्षित दिशातर्फ मोडिई लक्षित समूहबीच पुग्न सक्दैनन्। यसरी समता, सामाजिक न्याय र विकास प्रयासका कार्यकौशलतामाथि प्रश्नहरू सधैं तेर्सिरहेका हुन्छन्।

भूमिले राज्य शासनको विस्तृत शक्ति संरचना निर्धारण गरेको हुन्छ। यसमाथि हाम्रो मुलुकमा बिर्ता, जागिर तथा रकम जमिनजस्ता भूमि उपभोगका विभिन्न सामन्ती स्वरूपहरू अझै कायम छन्। यस्ता उपभोग पद्धतिहरूले हलिया, कमैया, हरुवा, चरुवालगायत बालीघरे, खलो र खानजस्ता प्रथा जन्माएका छन्। यस्तो सामन्ती संरचनाले समाजको तल्लो तहमा रहेका जमिन्दारहरूलाई उल्लेख्य शक्ति दिएको छ। यसरी किसान-वर्गको पसिनाको मूल्यमा रजाइँ गर्दै जमिन्दारहरू झन् धनी हुँदैछन्। वर्तमानमा भूमि वितरण सामन्ती

संस्थाहरूलगायत शोषण तथा अन्यायको निरन्तर आधारशिला बनेको छ। यसैकारण प्रत्येक राजनीतिक सङ्क्रमणको बेला 'जसको जोत, उसको पोत' जस्ता नाराहरू केन्द्रविन्दुमा आउने गर्छन्। भूमि र उत्पादनशील स्रोतसँगको पहुँच र यिनमाथिको नियन्त्रण, साना किसानलाई सहयोग सेवाको सुधार, जमिन्दार-वर्गको आर्थिक र राजनीतिक शक्ति न्यूनीकरणजस्ता स्थानीय शक्ति सम्बन्धका सवाललाई भूमि सुधारले समेटे पनि यिनीहरू परिवर्तन भएका छैनन्। यसको साटो शक्ति ग्रामीणस्तरमै टिकेको छ। कर्मचारी-वर्गको सूक्ष्म तथा बृहत् तहमा भएका त्रुटिको कारण भूमि सुधारको कार्यान्वयनमा असामञ्जस्यता खडा भइरहेको छ। जमिन्दारहरूले भूमि हदबन्दी छल्न सक्नाले २०२१ सालको भूमि सुधार कार्यक्रममा केवल १.५% खेतीयोग्य जमिन पुनर्वितरण गरिएको थियो (सिबिएस, २००२; विश्व ब्याङ्क, २००६)। द्रुत गतिमा बढ्दो जनसंख्यालाई आवश्यक आर्थिक आधारको विकास तथा विस्तार गर्न नवीन सामाजिक वर्ग अक्षम भएकोले नेपालको संकट परम्परागत उत्पादन सम्बन्ध (वर्ग-सम्बन्ध) सँग गाँसिएको ब्लेइकी र अरू (२०००) ले लेखेका छन्। यो असफलताको सूचीमा बढ्दो खाद्य-संकट, कृषि अर्थतन्त्रमा अल्परोजगारी, खेतीजन्य उत्पादनमा समुच्चताभन्दा खेतीको विस्तार तथा गैरकृषि क्षेत्रमा रोजगारीको अभावजस्ता विषयहरू समावेश छन्। यी तत्वहरूसँग क्षेत्रगत तथा सामाजिक असमानतारूपी अन्य कुराहरू पनि गाँसिएका छन्। तिनीहरू स्रोत र उत्पादन दुवैसँग पहुँच तथा उपभोगको सुविधा हुन्। प्राचीन रूपमै चौतर्फी व्याप्त गरीबीसँगै नेपाली अर्थव्यवस्थामा संरचनागत अल्पविकास (स्ट्रक्चरल अण्डरडिभेलप्मन्ट) हावी छ। यस्तो अल्पविकासले यस देशका बहुसंख्यक किसान तथा श्रमिकको संकटलाई प्रतिबिम्बित गर्छ।

वञ्चितता र गरीबी वास्तवमा यस्तै जटिल संरचनाको परिणाम हो। यस्तो संरचनामा वञ्चित घरपरिवार र विस्तृत राजनीतिक अर्थव्यवस्थाभित्र शक्तिशाली अधिकार भएका वर्गबीचको सम्बन्ध रहन्छ। वञ्चितहरूको संघर्ष केवल राष्ट्रिय परिस्थितिविरुद्ध मात्र नभएर सामाजिक संकुचनविरुद्ध पनि छ। तिनका संघर्ष खासगरी निम्न बुँदाहरूसँग सम्बन्धित छन्;

- अस्तित्वको लागि अत्यन्तै आधारभूत शर्तहरू प्राप्त गर्न संरक्षक-ग्राहकजस्ता सम्बन्धहरूमा विरोधाभाष उत्प्रेरित गरी खाद्यान्न तथा सुरक्षाको तत्काल खोजी।
- अभिन्न रूपमै बृहत् अप्ठ्याराहरूविरुद्ध लड्दै उत्पादन साधनको निजी अधीनत्व प्राप्त गर्ने काम जसमा तिनीहरू मुस्किलै सफल हुन्छन्; र
- जाति तथा संरक्षक-ग्राहक बन्धनद्वारा निर्धारित सम्बन्धभन्दा अघि बढ्न खोज्नु तथा सुसंस्कृत एवं न्यायपूर्ण समाजको परिकल्पना गर्दै

निजी सम्पत्तिसँग जोडिएको व्यक्तिगत स्वतन्त्रताको विचारधारासँग चेतन वा अचेतन रूपमै मुकाविला गर्नु।

रिजल र योकोता (२००६) को विचारमा बीसौं शताब्दीको किसान-युद्ध चर्काउने मुख्य तत्व गुजारामा निराशा र क्रान्तिकारीहरूसँग गुमाउन बाँकी केही छैन र पुग्न बाँकी कहीँ छैन भन्ने विचार हो। उदाहरणको लागि प्रभावशाली राजनीतिक स्वार्थले किसानमाथि लादेको वर्षौंको वञ्चितता, सीमान्तीकरण र शोषणले चीन, मेक्सिको र भियतनामलाई गुजारा-संकट तथा किसान खेतीकर्ताहरूको भूमि अधिकार संघर्षमा पुऱ्यायो। कृषि आधुनिकीकरण र कृषि विकासले सीमित वर्गमा आम्दानी संचित गराउँछ भन्ने तथ्य दक्षिण एसियाको उदाहरणले देखाउँछ। रिजल र योकोता (२००६) मा उद्धृत डेनिन्जर र स्क्विरले हालै गरेका एक अनुसन्धानमा नयाँ निष्कर्ष देखिएको छ। कुल १०८ देशको नमुनालाई आधार मान्दा अनुसन्धाताहरू “आयको असमान वितरण नै भावी हिंसा वृद्धिको दह्रो निर्धारक भएको तथा सम्पत्ति वा धनको असमान वितरणले दीर्घकालीन वृद्धि घटाउने तथा हिंसा निम्त्याउने गरेको” निष्कर्षमा पुगेका छन्।

### ५.२ सैद्धान्तिक बहसहरू

खासगरी अहिले दुई किसिमका शक्ति सिद्धान्तहरू रहेका मानिन्छन्;

१. द्वन्द्वात्मक शक्ति (कन्फ्लिक्चुअल पावर) (सजार, २००५ मा उद्धृत गरिएअनुसार डाह्ल, १९६१; बक्रा, १९६२; बराज, १९६२; ल्युक्स, १९७४), र

२. सर्वसम्मतीय शक्ति (कन्सेन्सुअल पावर) (सजार, २००५ मा उद्धृत पार्सन, १९६३)।

उल्लिखित दुईमध्ये पहिलोले शक्ति आन्तरिक रूपमै नकारात्मक र हानिकारक हुन्छ: यसले निषेध गर्छ, व्यक्तिलाई अरू समयमा नगरेको काम गर्न लगाउँछ वा उसको इच्छाविपरीत काम गराउँछ, यो शून्य योगफल भएको खेल हो भन्ने विचारलाई प्रश्रय दिन्छ। शक्तिको यस्तो वर्गीकरण देखाउने प्रतिपादक सिद्धान्तकारहरू रोबर्ट डाह्ल, पिटर बक्रा, मर्टन बराज र स्टेभन ल्युक्स हुन्। एकापसमा आश्रित उनीहरूको सिद्धान्तले त्रिआयामिक शक्ति बहस (थ्री डाइमेन्सनल पावर डिबेट) सिर्जना गरेको छ। ती तीन पक्षहरू निम्नानुसार छन्:

- निर्णय प्रक्रिया (डिसिजन मेकिङ) को रूपमा शक्ति;
- कार्यसूची तर्जुमा (अजेण्डा सेटिङ) को रूपमा शक्ति; र
- अभिरुचिका आधार (टर्म्स अफ इन्ट्रेस्ट) मा शक्ति

यसैगरी पछिल्लो विचारले शक्ति द्वन्द्वसँग निश्चित रूपमा गाँसिदैन र यो शून्य योगफलको खेल हुनु जरुरी छैन भन्ने मान्यतालाई जोड दिन्छ। यस धारका सिद्धान्तकारहरूले बलपूर्वक हासिल गरिए पनि अथवा समाजको निश्चित वर्गलाई मात्र फाइदा पुऱ्याए पनि शक्ति बरु परिणाम हासिल गर्न सक्ने क्षमता हो भन्छन्। टचालकट पार्सनलाई उद्धृत गर्दै सजार (२००५) शक्ति सिर्जना गर्ने तथा यसलाई वैधता दिने काम समाजले गर्छ भन्छन्। यसमा थप्दै उनी शक्ति द्वन्द्वात्मक तथा सर्वसम्मतीय विचारधाराका सिद्धान्तकारबीचको धरातलमा उभिएको हुन्छ भन्छन्। उनी द्वन्द्व (कन्फ्लिक्ट) र सर्वसम्मति (कन्सेन्सस) दुवैले शक्ति निर्माण गर्ने विश्वास गर्छन्।

अरू थुप्रै सिद्धान्तकारहरूबीच कार्ल मार्क्सले समाजलाई संरचनागत स्वरूपमा व्याख्या गरेका छन् (टर्नर, २००२)। उनले असमानताका शैलीहरू कसरी आफैं पुनरुत्पादित हुन्छन्, शक्ति तथा सम्पत्तिमा कायम असमानताहरू कसरी टिकिरहन्छन् र यस्ता असमानतालाई टिकाइराख्न सामाजिक सम्बन्धहरू कसरी संरचित हुन्छन् भन्ने व्याख्या गरेका छन्। सामाजिक पुनरुत्पादनको यो बिम्बलाई धेरै संरचनावादी सिद्धान्तकारहरूले अँगालेका छन्। तिनीहरू व्यक्तिबीच हुने बारम्बारको सामाजिक टकरावबाट सामाजिक संरचना 'पुनरुत्पादित' हुन्छ भन्छन् (टर्नर, २००२)। यसमाथि पनि मार्क्सको परिकल्पनामा सामाजिक संरचनाले कर्ताहरूबीचको संसाधन-वितरणलाई समेट्छ। सामाजिक टकरावका क्रममा तिनले आ-आफ्ना संसाधन प्रयोग गर्छन् र यसैक्रममा सामाजिक संरचना तथा यसका सहभागीहरूको संसाधन वितरणलाई पुनरुत्पादित पनि गर्छन्। यसरी सामाजिक संरचनामा कर्ताहरूसँग टकरावका क्रममा रहने प्रतीकात्मक, भौतिक तथा राजनीतिक संसाधनहरू सामेल हुन्छन्। ती कर्ताहरू आ-आफ्नो संसाधनको हिस्साको भरमा नै बाँचिरहेका हुन्छन्। तिनले यस्ता संसाधनलाई आफ्नो फाइदाको लागि निरन्तर उपयोग गर्छन्। यसै क्रममा सामाजिक सम्बन्धको संरचना पुनरुत्पादित हुनपुग्छ (टर्नर, २००२)।

आफ्नो आर्थिक स्वार्थको सुरक्षा तथा अभिवृद्धि गर्न शासक वर्गले राजनीतिक शक्ति आफ्नै हातमा राखेका हुन्छन् भन्ने मार्क्सवादीहरूको विश्वास छ। यो विश्वासको आधारभूत मान्यता उत्पादन स्रोतले समाजमा राजनीतिको उच्च-संरचना (सुपरस्ट्रक्चर) निर्धारण गर्छ भन्ने हो। संरचनागत मार्क्सवादी विचारले सामाजिक शक्ति-अभ्यास संरचनाको अध्ययनलाई जोड दिन्छ। यसले शक्ति केवल व्यक्तिबीच सम्बन्धको पक्षमात्र नभएर सामाजिक बनोटलाई गहिरो प्रभाव पार्ने संरचना र अभ्यासभित्र बनेको भनी व्याख्या गर्छ। यस्तो विचारमा सामाजिक सम्बन्धमा आधारित शक्ति संरचनालाई खास समूहको प्रभाव मान्ने

गरिन्छ। यसलाई विचारधारागत सचेतना (आइडिअलजिकल कन्सस्नेस) र वर्ग सम्बन्ध (क्लास रिलेसन) को स्वरूपमा उच्च-संरचनागत तहमा राखिएको छ (जोसेफ, २००४)।

शक्ति समाजको संरचनागत संकुचन र सामाजिक सम्बन्धसँग गाँसिने मार्क्सवादको तर्क छ। वास्तवमा मार्क्सवादी सिद्धान्तको केन्द्रीय उद्देश्य भिन्न-भिन्न सामाजिक पक्षहरूको अवधारणा प्रदान गर्नु हो। यस्ता अवधारणाले शक्तिको प्रकृति तथा यसका विभिन्न आयामहरूबीचको सम्बन्ध नियाल्न सकिन्छ। उत्पादन साधन, सामाजिक बनोट तथा सामाजिक आधार र उच्च-संरचनालगायत अरू सम्बन्धहरू यसै उद्देश्यका निम्ति प्रयोग गरिएको छ।

शक्तिको अध्ययनमा संरचनागत विधि (स्ट्रक्चरल अप्रोच) ले एउटा बेग्लै सामाजिक धारको प्रक्रियागत व्याख्या गर्छ। यस्तो समाजमा कायम व्यवस्थाले सम्पन्न एवं प्रभावशाली वर्गको हितका लागि काम गरिरहेको हुन्छ। यसले 'संरचनागत संकुचन' (स्ट्रक्चरल कन्स्ट्रेन्ट्स) र 'व्यवस्थाको तर्क' (दी लजिक अफ सिस्टम) भन्ने विचार अघि सार्छ। यसले कुनै पनि व्यवस्था सञ्चालनको व्यापक प्रभाव सधैँ नै आर्थिक रूपले प्रभावशाली वर्गको हित संरक्षण गर्नमा लागू हुन्छ भन्ने तर्क गर्छ। साथै भिन्न संरचनाहरूले कुनै व्यवस्था धान्न तथा उक्त व्यवस्थाद्वारा स्थापित शक्ति विभाजनको निरन्तरताको लागि ती संरचनाले कसरी योगदान दिन्छन् भन्ने पनि यसैले देखाउँछ।

शक्ति अध्ययनको अर्को विधि निर्णय-निर्माण विधि (डिसिजन मेकिङ अप्रोच) हो। यो विधि समाजमा शक्ति वितरणबारे जिज्ञासाहरूको समाधान गर्न बनाइएको विधि हो। समाजमा महत्वपूर्ण निर्णयहरू पछाडि शक्तिग्राहीहरू रहेका हुन्छन् भन्ने मूल विचारमा यो विधि आधारित हुन्छ। समाजमा शक्तिको समग्र वितरण अवस्था बुझ्न शक्तिग्राहीहरूलाई कुनै निश्चित स्थानमा राखी हेरिनुपर्छ। यस्तो प्रक्रियामा निर्णयहरूदेखि निर्णय-प्रक्रियामा सहभागी सबैलाई ख्याल राख्नुपर्छ। यो विधिमा शक्तिलाई सामाजिक अन्तर्क्रियाका क्रममा स्पष्ट देखिने व्यक्तिको चरित्र मानिन्छ। अनि यही चरित्र नै निर्णय-प्रक्रियाको अध्ययनमा समाजमा व्यक्तिको सापेक्ष शक्ति मापन गर्ने साधन बन्ने विश्वास गरिन्छ।

निर्णय प्रक्रियाको यस्तो विधिलाई संरचनावादीहरू निकै आलोचना गर्छन्। उनीहरू शक्तिलाई व्यक्तिको केवल आत्म-चेतनाको स्तरमा मात्रै अध्ययन गरिनु हुँदैन भन्छन्। शक्ति समाजमा कायम रहेको समग्र संकुचनको नतिजा हो। समाजले बनाउने निर्णयका प्रकृति यिनै संकुचनले निर्धारण गर्छन् र तिनका परिणामलाई पनि यिनले नै प्रभाव पारेका हुन्छन्। संरचनावादीहरूको लागि यो

'खेल' केही हदसम्म पहिले नै निश्चित हुन्छ। निर्णय प्रक्रियामा यस्तो संकुचन आफैँ समावेश हुने क्रमलाई समाजमा शक्ति वितरणको द्योतक मान्न सकिँदैन।

माथि व्याख्या गरिएझैँ संरचनावादी विधिले 'संरचनागत संकुचन' (स्ट्रक्चरल कन्स्ट्रेन्ट्स) र 'व्यवस्थाको तर्क' (दी लजिक अफ सिस्टम) भन्ने शब्दावलीहरू प्रयोग गर्छ। यसले व्यक्तिको अध्ययन तथा निर्धारित भूमिकाभन्दा पनि पर पुग्ने प्रयास गर्छ। मानिसका धारणा तथा कार्यहरूलाई तिनको नियन्त्रणबाहिरका तत्वले कसरी प्रभावित पारेका हुन्छन् भनी यसले देखाउने प्रयास गर्छ। साथै यसले व्यवस्थामा रहेका संकुचनलाई विश्लेषण गर्न प्रयुक्त हुने अवधारणा प्रदान गर्ने कोसिस पनि गर्छ।

## ५.३ मार्क्सवादी आधारशिलाको ग्रामीण संरचना

मार्क्सवादी आधारशिलामा राजनीतिक अर्थव्यवस्थाको छुट्टै आधारभूत मान्यता छ। यसले मानवीय गतिविधिहरू सामाजिक-भौतिक रूपले निकै घनिभूत हुने विचार राख्छ। प्रकृतिसँग मानिसको अन्तरक्रिया तथा यसै प्रक्रियामा निर्माण हुने सम्बन्धको सम्पूर्ण क्षेत्रलाई उत्पादनले समेट्छ भन्ने यसको मान्यता हो। कृषि वृद्धि, उत्पादन सामर्थ्यसाथै वर्ग संरचना एवं उत्पादन सम्बन्धका संरचनागत संकुचनहरूको विश्लेषणसँग राजनीतिक अर्थव्यवस्थाले सम्बन्ध राख्छ। ग्रामीण सम्बन्धको संरचनागत रूपरेखा (स्ट्रक्चरल म्याट्रिक्स), असमान भूअधीनत्व शैली, उल्लेख्य मात्रामा अनुपस्थित जमिन्दार प्रथा (एब्सेन्टी ल्याण्डलर्डिजम्), दोषयुक्त उपभोग व्यवस्था तथा उच्चस्तरमा शोषित कृषि श्रमलाई ध्यानमा राख्ने हो भने ग्रामीण संरचना प्रकृति र प्रक्रियामा सामान्यतया दमनकारी नै रहेको पाइन्छ (बर्मा र बर्मा, १९९३)।

उत्पादन सम्बन्धको ग्रामीण संरचनालाई तीन तहमा व्याख्या गरिएको छः

१. जमिन्दार तथा पुँजीधनी किसानहरू;
२. मोही-खेतीकर्तासमेतका मध्यम-वर्गीय जनता तथा किसानहरू;
३. कृषि श्रमिकहरू। यस वर्गीकरणलाई पनि तीन भागमा विभाजन गरिएको छः
    - भूमिहीन कृषि श्रमिक;
    - विपन्न किसान;
    - मध्यम-वर्गीय किसान;
    - सम्पन्न किसान;
    - ग्रामीण सम्पन्न वर्ग (सम्पन्न किसान, पुँजीधनी किसान र परम्परागत जमिन्दारहरू); र
    - सामन्ती जमिन्दारहरू (बर्मा र बर्मा, १९९३)।

श्रमबाट अतिरिक्त उत्पादन निकाल्ने विधिसहित उत्पादनको शक्ति र सम्बन्धको समग्र योगलाई उत्पादन सम्बन्ध भनी मार्क्सवादी अर्थशास्त्रमा बारम्बार प्रयोग गरिएको छ। मार्क्सले दिएका पुँजीवादी उत्पादन-पद्धति (मोड अफ प्रडक्सन) यस्तो छः

> क्रेताको व्यक्तिगत आवश्यकतालाई आफ्नो सेवा अथवा उत्पादनले सन्तुष्ट पार्ने हेतुले श्रम शक्ति बेचिएको हुँदैन। उसको उद्देश्य आफ्नो पुँजी अभिवृद्धि गर्नु, वस्तु उत्पादन गर्नु, तिरेको मूल्यमा बढी श्रम लिनु र यसैकारणले आफूले केही गुमाउनै नपर्ने र वस्तुको बिक्री भइसकेपछि पनि अनुभूत नहुने एउटा मूल्यको हिस्सा लिनु हुन्छ। अतिरिक्त मूल्यको उत्पादन नै यस्तो उत्पादन-पद्धतिको सम्पूर्ण कानून हो (बर्मा र बर्मा, १९९३:१४ मा उद्धृत)।

उत्पादन-पद्धतिमाथि मार्क्सको धारणाले तीन तत्वलाई जनाउँछः

- श्रम शक्तिको खरिद,
- अतिरिक्त मूल्य; र
- पुँजी अभिवृद्धि गर्न अतिरिक्त मूल्यको पुनर्लगानी।

बर्मा र बर्मा (१९९३) ले व्याख्या गरेअनुसार ज्यालादारी श्रमिक राखेर आफ्नै पुँजी बढाउनेलाई नै मार्क्सले पुँजीधनी किसान मानेका छन्। पुँजीधनीले अतिरिक्त मूल्य निकालेर श्रम शोषण गर्नु नै (कृषि आधारित) पुँजीवादी उत्पादन-पद्धतिको पूर्वाधार हो। तथापि पुँजीधनी किसानको मात्रा मापन गर्न मार्क्सको परिभाषालाई नै सिधै उतार्दा समयको वास्तविक चित्रण नआउन सक्छ। पुँजीवादी उत्पादन-पद्धतिको विकाससम्बन्धी मार्क्सवादी सिद्धान्त उद्योगमा जस्तै कृषिमा पनि लागू हुन्छ।

भ्लादिमिर प्रथम र लेनिन (बर्मा र बर्मा, १९९३ मा उद्धृत) ले देखाएअनुसार "कृषिमा पुँजीवाद विकासको प्रक्रिया नाप्नै नमिल्ने गरी धेरै जटिल छ र तुलनात्मक रूपले यो अझ विविध स्वरूपको हुनेमा कुनै द्विविधा छैन।" वास्तवमा वस्तु उत्पादनको वृद्धि तथा ज्यालादारी श्रमिकको विकास कृषिक्षेत्रमा उद्योगअनुसार फरक हुनाले मार्क्सको सिद्धान्त यहाँनिर बेठीक देखिन्छ।

लेनिनका अनुसार ज्यालादारी रोजगारी वृद्धि हुनु कृषि पुँजीवाद स्रोतको प्रमुख अभिव्यक्ति हो। यही एकै आधारमा उनले रसियाली कृषिमा पुँजीवादी विकासको मात्रा मापन गरेका थिए। यसलाई पछि उनी आफैँले अधिक मूल्याङ्कन भएको बताएका थिए। खरिद गरिएका श्रमिकहरूको नियुक्ति (अथवा माथि उल्लिखित ग्रामीण कृषि पुँजीवादका तत्वमध्ये कुनै एक) लाई नै उनले पुँजीवादी प्रवृत्ति निम्त्याउने पर्याप्त अवस्था मानेका हुनाले यस्तो भएको थियो। वास्तवमा खरिद गरिएका श्रमिकहरूको नियुक्तिले अतिरिक्त मूल्य उत्पादन नै गर्छ भन्ने छैन। न त यसले सधैँ पुँजीको अभिवृद्धि नै गराउँछ।

अमित भदुरी, प्रधान एच. प्रसाद, निर्मल चन्द्र र रञ्जित साउजस्ता भारतीय विद्वान्द्वारा विकसित एउटा विचारधाराले बिहार र पश्चिम बंगालका कृषिको उदाहरण दिँदै कृषि अर्थव्यवस्थालाई पुँजीवादीभन्दा बढी अर्धसामन्ती चरित्रको हुने देखाएको छ। तिनले उत्पादन प्रविधिमा पुँजीवादी क्रान्तिको अनुपस्थिति देखाउँदै ती क्षेत्रका कृषिमा कायम बाली-विभाजन (सेयरक्रपिङ) व्यवस्थालाई उद्धृत गरेका छन् (बर्मा र बर्मा, १९९३)।

दक्षिण एसियाको ग्रामीण कृषि संरचनालाई सानो संख्यामा ठूला जग्गाधनीहरू र ठूलो संख्यामा साना जग्गाधनी, मोही तथा बस्तीकर्ताहरूसहित प्रायः दुई तहमा विभाजन गरिन्छ। यसमाथि पनि जमिनका यी साना क्षेत्रहरू निम्न गुणस्तर भएका छन्। दक्षिण एसियामा विगतमा भूमि सुधारको माध्यमले आर्थिक विकास गर्न खोजिएको थियो। तर वर्तमान स्थिति आर्थिक मापन र संरचनागत संकुचनकै परिणाम हो। आर्थिक, सामाजिक एवं वातावरणीय मूल्य निहित हुनाले यसलाई रातारात परिवर्तन गर्न सम्भव छैन। ग्रामीण कृषि सुधारलाई परिवर्तन प्रक्रियाको अभियन्ता मान्नु सजिलो छ। तर भूमि सम्पत्तिको संरचनालाई हेर्दा यस्तो काम एउटा जटिल प्रश्नजस्तै बन्छ। यसले पैत्तृक सम्पत्तिको सामाजिक मूल्य तथा वितरणलाई प्रभाव पारी भूअधीनत्व भएका वर्गको कठोर प्रतिक्रिया निम्त्याउँछ। यतिमात्रै नभएर यस्तो परिवर्तनले दक्षिण एसियाका धेरै मुलुकहरूमा शक्ति सम्बन्धलाई एकैचोटि तहसनहस बनाउने काम गर्नसक्छ (रिजल र योकोता, २००६)।

रिजल र योकोता (२००६) थप्छन्, दक्षिण एसियाको ग्रामीण कृषि संरचनामा व्यापक भिन्नता छ। यसभित्र पनि उहिले अनुपस्थित जमिन्दार र अहिले सहकारीको अधीनत्वमा रहेका सामन्ती अथवा अर्धसामन्ती चरित्र हावी छ। अहिले बजार तथा आधुनिकीकरणका शक्तिहरूले यसलाई व्यापक प्रभाव पारेका छन्। मोहियानी, अर्धमोहियानी, बाली-विभाजन, ज्यालादारी व्यवस्था, बँधुवा-प्रथा तथा पारिवारिक श्रम पद्धतिहरू असमतामूलक भूमि वितरणका परिणाम हुन्। यसका साथै तिनीहरू प्रभावशाली सम्भ्रान्त वर्गले धेरै जमिन कुम्ल्याएको हाम्रो समाजका असमान भूमि वितरणका अभिव्यक्ति हुन्। भूमि सुधारबाट जीविका अधिकार खोजिरहेका किसानहरूले प्रभावशाली शक्ति सम्बन्धलाई चुनौती दिने प्रयास गर्दा उल्टै दमन बेहोर्नु परेको छ।

सामान्य वर्गीकरण गर्दा नेपाली ग्रामीण कृषि संरचनाभित्र विशेषाधिकारसहित र विशेषाधिकाररहित गरी दुई भिन्न वर्ग रहेको थापा (२०००) उल्लेख गर्छन्। वर्गको अवधारणालाई आर्थिक अवस्था अथवा सामुदायिक आर्थिक अभिरुचिको एकता भनी प्रयोग गरिएको छ। यसलाई कृषि तथा सामाजिक समूहमा आबद्ध व्यक्तिहरूको सम्बन्ध भन्ने बुझिन्छ। भूमि नियन्त्रण एवं यसको उपयोगका

सम्बन्धमा यस्तो एकताले निश्चित स्थान ओगटेको हुन्छ। ग्रामीण कृषि सम्बन्धले सामान्य अर्थमा कृषिसम्बद्ध सबै पक्षबीचको सम्बन्ध तथा विशिष्ट अर्थमा जमिन्दार र मोहीबीचको सम्बन्धलाई बुझाउँछ। यस्तो खालको अर्थिक सम्बन्धमा एउटा पक्षको अभिरुचि जहिले पनि जमिनको निश्चित टुक्रामाथि नै हुन्छ। अधिकार विभाजन तथा सोही माटोमा फल्ने उत्पादनमाथिको दाबी नै यस सम्बन्धको जड बनेको हुन्छ।

भूमिको विषम तथा असमतामूलक वितरणले शक्ति र ग्रामीण सामाजिक सम्बन्धका बेग्लाबेग्लै कृषि वर्ग जन्माएको छ। तिनलाई संरक्षक-ग्राहक (प्याट्रन-क्लायन्ट), उँचो-निचो (सुपर-सबअर्डिनेट) जस्ता शब्दहरूले जनाउने वैरभावी (एन्टागोनिजम्) र पारस्परिकता (म्युचुअलिजम्) अथवा दमन, शोषण र विभेद आधारित सम्बन्धमा परिभाषित गरिन्छ (थापा, २०००)। यस्तो सम्बन्धलाई आर्थिक, सामाजिक तथा बाध्यतापूर्ण शक्तिद्वारा अभिवृद्धि तथा नियमन गरिन्छ (थम्पसन र हिकी, १९९४)। विशेषगरी बहिष्कृत र पछि पारिएका समूहका किसान समुदायले तिनको गुजारमुखी जीविकाको लागि समेत ठूलो कठिनाइ भोगिरहेका छन्। यसको ठीक विपरीत भूमिहीन श्रमिकका पसिनाको मूल्यमा भूमि सम्भ्रान्त तथा जमिन्दारहरू झन् धनी बन्दै रमाइरहेका छन्। ग्रामीण नेपालमा रहेको शक्ति सम्बन्धको प्रभावशाली स्वरूप अझै पनि संरक्षक-ग्राहक अथवा उँचो-निचो सम्बन्धमै मुखरित रहेको उप्रेती (२००४) ले उल्लेख गरेका छन्।

## ५.४ जमिन्दारी प्रथा

वि.सं. १९११ तिर तराईमा घना जंगलसँगै औलोको प्रकोप पनि उति नै थियो। पहाडी किसानका लागि यो क्षेत्र बसाइँ सर्न योग्य थिएन। तथापि राज्यबाट बिर्तास्वरूप जंगली भूमि पाएका बिर्ताधनीहरूले काठ बिक्रीका लागि रुख काट्दै खेती गर्न जमिन बनाउन थाले। छिमेकी जिल्लामा रहेका भारतीयहरूलाई बोलाएर यस्तो काम गराउन सम्भव पनि थियो। तिनलाई पछि तराईमै बस्न प्रेरित पनि गराइयो। विशेषगरी थारूजस्ता स्थानीयवासीको अभिरुचिलाई ख्यालै नराखी तिनको सामुदायिक अधिकार कटौती गरियो। यस्ता स्थानीय जनतालाई 'झारा' (श्रम) अन्तर्गत जंगल फाँड्न लगाइयो। भूमि सुधार कार्यक्रमहरूको कार्यान्वयन उचित तवरले कहिल्यै नहुनाले ऐतिहासिक उपभोग अभ्यासका यस्ता अवशेषहरू आजको आधुनिक नेपालमा पनि देखिन्छन् (जामान, १९७३)। मुख्यतया शक्तिशाली समूहले मात्रै भूमिसँगको पहुँच पाएका छन्। वास्तवमा वितरणको यही ऐतिहासिक शैलीले भूमिसँगको पहुँच निर्धारण गरेको छ। यसरी वि.सं २००७ मा राणा शासनको पतनपछि मात्रै भूमि सुधारको महत्वबोध भयो।

बिर्ता, जागिर तथा सरकारी अधीनका भूमिमा राजस्व उठाउनेहरूलाई जमिन्दार भनिन्थ्यो। सामान्यतया तिनलाई कूत संकलनसाथै भूमि प्रशासनका सम्पूर्ण काममा सशक्त बनाइन्थ्यो। अझै उपल्लो तहमा हुनेको लागि मध्यस्थकर्ताको काम गरिरहेका भए तापनि तिनको शक्ति निकै विस्तृत थियो र तिनीहरू प्राय: स्वाधिकार-सम्पन्न जग्गाधनी थिए। अहिले नेपालमा धेरै जमिन हुनेलाई जमिन्दार भन्ने चलन छ (रोबर्टसन् र मिश्र, १९९७)।

आफ्नो जमिन जोत्ने किसानमाथि जमिन्दारले निकै शक्ति प्रयोग गर्छन्। साथै तिनमाथि जमिन्दारले चाहेको ज्यालादरमै काम लगाउँछन्। तिनको जमिनमा बसेका गाउँलेको स्तर दासको जस्तै हुन्छ र जमिन्दारले तिनीहरूबाट विनाज्याला श्रम र अरू सेवा पनि माग गर्छन्। त्यसैले भूमि सुधार व्यवस्थाले शोषणकारी मध्यस्थकर्ता (जमिन्दार) हरूलाई हटाएर जमिनमै क्रियाशील हुने वर्गलाई रक्षा गर्ने विश्वास गरिन्छ।

तराई र चितवनमा राणा सरकारले जमिन्दारी प्रथा भित्र्याएको थियो। यसले सो क्षेत्रमा कर संकलनलाई उच्च गति दिनसक्ने पुँजी-सम्पन्न तथा राज्यप्रति बफादार सम्भ्रान्तहरू तयार गर्न पनि सघाउ पुऱ्याउँथ्यो। तिनका माध्यमले केन्द्रीय सरकारको कर संकलन अझै प्रभावकारी बन्ने अपेक्षा गरिएको थियो। कर संकलन गरेबापत जमिन्दारहरूले संकलित करको केही प्रतिशत राख्न सक्थे। यसमाथि अरूद्वारा नि:शुल्क हेरचाह गरिएको 'जिरायत' भनिने जमिनमाथि पनि तिनको दाबी हुन्थ्यो। रोप्ने र खेती भित्र्याउने याममा गाउँका सबै बलिष्ठ मानिसहरूले ऊ र उसका सहयोगीहरूलाई सेवा पुऱ्याउनुपर्ने हुन्थ्यो। जमिन्दारको काम नसकिएसम्म आफ्नो खेतको काम सुरु नहुने भएकोले थारूहरूको स्थानीय भाषामा यस्तो कर्भि (बेगारी) लाई 'झराही सघारी' अथवा 'काम रोक्नु' भनिन्छ। बेगारी गरेर जिरायतको कुनै एक क्षेत्रमा काम गरिदिनु गाउँको परम्परा नै बनेको हुन्छ। यसरी जमिनको बाँकी अरू भाग चाहिँ 'झोसियार' अथवा मोहीहरूलाई नै छोडिन्छ। तर तिनलाई भूमिमाथि कुनै किसिमको कायम (डिफ्याक्टो) कानूनी संरक्षण दिइँदैन। यस्तो बेगारी जमिन्दारको लागि मात्रै गरेर पुग्दैन। गाउँका अधिकारीहरूले पनि गाउँलेको यस्तो विनाज्याला श्रम पाउनुपर्ने दाबी गर्छन्। विशेषगरी 'हराई बेठी' (जोत्ने र हेरचाह गर्ने) मा प्रतिपरिवार एकजनाले वर्षको एकदिन चौतारिया र महतोको लागि काम गर्नुपर्ने हुन्छ। यसमाथि निर्माण कार्यहरू, बाटो-मर्मत तथा कुलो खन्ने काम पनि पूरै पर्गन्नाका वासीहरूले गर्नुपर्ने हुन्छ। स्थानीय जनताले यसरी बर्सेनि गरिरहने विनाज्याला श्रमको मूल्य तिनले तिर्ने करभन्दा ज्यादै अधिक हुन्छ (म्युलर-बकर, १९९९)।

तराईको तुलनामा चितवनमा बिर्ता भूमि त्यति धेरै प्रचलनमा थिएन। बाघमारा, हार्दी, नकटिया र गोथौली गाउँहरूमा काठमाडौँका मुख्य पुजारीका नाममा ६०३ हेक्टर कथित कुस[३] बिर्ता भूमि थियो। कर तथा भन्सार उठाउन र कानून व्यवस्था लागू गर्न केन्द्रीय सरकारलाई चितवन सेरोफेरोका क्षेत्रमा एउटा प्रशासनिक निकाय आवश्यक थियो। राणाकालमा स्थानीय अधिकारी एवं पर्गन्ना प्रमुखको रूपमा गाउँलेहरूबाटै एकजना चौधरी नियुक्त गरिन्थ्यो। यसरी जम्माजम्मी १०-१५ गाउँहरू समेटिएका हुन्थे। चौधरीलाई उसको कामकाजमा सघाउन ५-७ गाउँ समेटेर महतो भनिने अधिकारी नियुक्त गरिएको हुन्थ्यो। महतोले पनि गाउँ प्रमुखका रूपमा चौतारियालाई केही जिम्मेवारी सुम्पेका हुन्थे। रैथाने सामाजिक वरीयता (अटोक्थोनस सोसल हायरार्की) ले गर्दा गाउँका अधिकारी र केन्द्रीय सरकारसँगै गाँसिएका मध्यस्थकर्ताको हैसियत भएकाहरू पनि मूलत: थारूहरू नै हुन्थे (म्युलर-बकर, १९९९)।

## ५.५ विभिन्न कृषि श्रमिक व्यवस्था तथा ऋणग्रस्तता

नेपालमा विभिन्न खालका कृषि श्रमहरू प्रचलनमा छन्। केही सामान्य ज्यालादारी श्रमका स्वरूपमा छन् भने अरू केही दासताको अन्तर्राष्ट्रिय परिभाषा[४] भित्रै पर्छन्। नेपालका विभिन्न भू-भागमा कृषि श्रमिकलाई भिन्नाभिन्नै नामले चिनिन्छ। यीमध्ये केहीलाई हलिया (पश्चिमी पहाड), केहीलाई हरुवा र चरुवा (तराई वा समथर भूमि) र केहीलाई कमैया (पश्चिमी तराई) भनिन्छ। तल ऋणमा आधारित बँधुवा श्रम प्रथाका केही उदाहरण छन्:

### ५.५.१ हलिया प्रथा

हलियाको सामान्य अर्थ 'जोत्ने मानिस' भन्ने हो। तर विस्तृत अर्थमा आफ्नोभन्दा अरूको जमिनमा जोत्ने कृषि श्रमिकलाई हलिया भनिन्छ। पश्चिमी पहाडको जातीय समाजमा रहेको ऋण-बँधुवा प्रथासँग हलिया प्रथा मिल्दोजुल्दो छ।

---

*[३] कुस (वैज्ञानिक नाम: डेस्मोस्टास्य विपिन्नटा)। यस्तो घाँसलाई पवित्र मानिनुका साथै विभिन्न रीतिथितिहरूमा समेत प्रयोग गरिन्छ (म्युलर-बोकर, १९९९)।*

*[४] नेपालमा दास प्रथालाई वि.सं. १९८२ मा नै बन्देज लगाइएको भए तापनि ऋण-बन्धन वा बँधुवा-श्रमको रूपमा यो प्रथा अद्यापि कायमै छ। संयुक्त राष्ट्रसंघले सन् १९५६ मा ऋण-बन्धनलाई निषेध गरेको थियो। दासता उन्मूलनसम्बन्धी संयुक्त राष्ट्रसंघीय पूरक सम्मेलन, दास व्यापार र दासताजस्ता संस्था तथा अभ्यास (सन् १९५६) ले ऋण-बन्धनलाई यसरी परिभाषित गरेको छ: "... ऋणको सुरक्षास्वरूप आफ्नो वा आफू मातहतका मानिसको व्यक्तिगत सेवा गर्न लगाउने ऋणदाताको अनुरोधबाट उत्पन्न स्तर अथवा परिस्थिति; त्यस्तो सेवाको मूल्यलाई विवेकपूर्ण तरिकाले मूल्याङ्कन गरी ऋण चुक्ता गर्न उपयोग नगरिएमा अथवा यस्तो सेवाको समयावधि परिभाषित र सीमित नगरिएमा।"*

धेरै कृतिहरूले हलिया प्रथा जातीय व्यवस्था तथा ऋणको आधारमा परम्परादेखि नै चलेको छ भन्ने उल्लेख गर्छन्। त्यहाँका बहुसंख्यक जमिन्दारहरू ब्राह्मण र क्षेत्री जातका छन्। परम्पराअनुसार तिनलाई जोत्न बन्देज गरिएको हुन्छ। धेरैजसो हलियाहरू अछूत अर्थात् कामी, दमाई र सार्कीजस्ता दलित जातका हुन्छन्। हलिया हुनुको खास कारण चाहिँ भूमि अधीनत्व नहुनु नै हो। भूमिहीन हुनाले हलियाहरू ऋणको बन्धनमा पर्न बाध्य हुन्छन् र अन्ततः ग्रामीण कृषि शक्ति संरचना तथा गरीबीको दुष्चक्रमा फँस्न पुग्छन्। हलियाले बिरामी हुँदा पनि आफ्नो साटो अरू कोही श्रमिक पठाउनुपर्ने हुन्छ। यदि कोही पनि भएनन् भने तिनलाई अनुपस्थित भएको दिनको ब्याज तिर्न लगाइन्छ। बदलामा तिनले दैनिक खाद्यान्न-रासन पनि पाउँदैनन्।

साना अथवा मध्यम कथित उपल्लो जातका किसानहरू खेत जोतेर आफूलाई तल्लो स्तरमा झार्न चाहन्नन्। तर तिनले कृषि श्रमिकको बजार मूल्यदरमा ज्याला दिन पनि प्रायः सक्दैनन्। दलित श्रमिकहरूबाट विनाज्याला श्रम पाउन ऋण-बन्धनलाई प्रयोग गरेर तिनले यस्तो दोधारबाट मुक्ति पाउँछन्। यो व्यवस्था परम्परा तथा ऋणद्वारा सिर्जिएको कठोर जातीय प्रथाको उपज हो।

### मेलौदी गाउँ, बैतडीका झरिराम लोहारको वेदना

रु. ३००० ऋणको बदला झरिराम लोहार गएको ६ वर्षदेखि हलिया काम गरिरहेका छन्। उनका दुई छोरा, तीन छोरी, एक श्रीमती, आफ्नो घर र ०.१ हेक्टरभन्दा थोरैको एउटा सानो करेसाबारी छ। उनले काम गर्ने जमिन्दार उपल्लो जातका हुन्। सरकारी जागिरेसमेत रहेका ती जमिन्दारको २.५ हेक्टर खेत छ। आफ्नो वयस्क जीवनभर झरिरामले ऋण झेलिरहे तर अझै पनि हलिया नभई रहन सकेनन्। उनले अब काम गर्ने यसबाहेक अरू कुनै ठाउँ नै देखेका छैनन्। उनको काम केवल ऋणको ब्याज तिर्नुमात्रै हो। थप रकम चाहिएको बेला उनी जमिन्दारसँगै जान्छन्। त्यसैले प्रत्येक समय ऋणको बोझ गह्रौँ बन्दै गएको छ। यो भारी कहिले तिरेर उम्किने हो उनलाई थाहा छैन। काम नगरेमा उनले ६०% ब्याज तिर्नुपर्छ। जेठ, असार र साउन सबैभन्दा कठिन महिना हुन्। कुनै-कुनै समय त उनले घाम उदाएदेखि नअस्ताउन्जेल काम गर्नुपर्छ। उनी भन्छन्,

> मैले खेतमा जोत्ने, बाली भित्र्याउनेजस्ता अरू थुप्रै काम गर्नुपर्छ। वर्षको आठ महिनाजति व्यस्त हुन्छु तर मैले माटोका भाँडा बनाउने र वस्तुहरू बजार (सबैभन्दा नजिकको सडकमा पुग्न एक दिनको हिँडाइ लाग्ने) लैजानेजस्ता काम पनि गर्नुपर्छ। मैले सधैँ दुई छाक खाना र खेती भित्र्याउने याममा एक बोरा (रु. २०० बराबरको ४०-५० किलोग्राम) अन्न पाउँछु। जमिन्दारले अनावश्यक झन्झट दिने तथा अन्यत्र जान नदिने हुनाले म ज्याला कमाउन अन्त जान सक्दिनँ। मप्रति जमिन्दार सधैँ राम्रो बनेका हुन्छन्। उनी मलाई श्रद्धाभाव पनि

देखाउँछन्। तर यो व्यवस्था ज्यादै अन्यायपूर्ण छ। जात तथा यो ऋणको बोझले गर्दा हामी सबैतिरबाट दबाबमा छौँ।

ऋणले गर्दा हलियाहरू जमिन्दारको बन्धनमा परेका हुन्छन्। खेतीपातीको याम नहुँदा काम नहुनाले हलियाहरू काम खोज्न देशका अरू भाग तथा कहिलेकाहीँ देशबाहिर पनि जान्छन्। तर पनि खेतीको याम सुरु भएपछि वा जमिन्दारले चाहे भने तिनीहरू उति नै बेला फर्किनुपर्ने हुन्छ। जमिन्दारले पूरै वर्ष तिनलाई रोजगारी दिन नसक्ने हुँदा यामअनुसारको बसाइँसराइँ हलियाहरूको जीविकाको प्रमुख विकल्प हो। तिनीहरू ४ देखि ६ महिनाको लागि भारत अथवा कुनै ठूला सहरी केन्द्रतिर बसाइँ सर्छन्।

हलिया र जमिन्दारको सम्बन्ध प्रायः गरी दलित र गैरदलितको सम्बन्धभन्दा पनि विभेदकारी हुन्छ। केही जमिन्दारले तिनका हलियालाई अपशब्दसमेत प्रयोग गर्छन्। कुनै-कुनै बेला हलियाहरू हिंसाको सिकारसमेत हुन्छन्। एउटा यस्तै उदाहरण तल दिइएको छः

सलेना गाविसका खजेन्द्रराम लोहार रु. ३००० ऋणको बदला आठ वर्षदेखि हलिया बनेका छन्। उनी अहिले ३२ वर्ष पुगे। उनी भन्छन्, “धान रोप्ने समय थियो। म धेरै दिनदेखि हिलो र पानीमा काम गरिरहेको थिएँ। पानीले गर्दा मेरा गोडा र पैँताला ज्यादै दुखेर सुन्निएका थिए र म पानी नजिक पर्न पनि सक्दिनथेँ। त्यसपछि एकसाँझ मेरा जमिन्दारले मलाई खहरेमा गएर गोरु धुन भने। मैले गोडा देखाएर निकै दुखिरहेको हुनाले पानीमा फेरि जान नसक्ने बताएँ। जान अस्वीकार गरेपछि उनले मलाई पिटे। अन्त्यमा बल्ल अरू केही मानिस आएर उनलाई रोके।”

## पूर्वी तराईमा घरेलु दासताः एक वैयक्तिक अध्ययन

केही हलियाहरूको त आफ्नो कुनै घर नै हुँदैन। घरको साटो तिनीहरू गोठ अथवा जमिन्दारको घरमा भऱ्याङमुनि सुत्ने गर्छन्। खासगरी तिनलाई घरायसी कामसाथै खेतमा पनि काम गर्न लगाइन्छ। यस्तो परिस्थितिमा जमिन्दारले कहाँ सुत्ने र के खानेजस्ता तिनको जीवनका सम्पूर्ण निर्णयमाथि समेत अधिकार जमाएका हुन्छन्। घरेलु श्रमिकजस्तै तिनीहरू चौबीसै घण्टा काममा खटिएका हुन्छन्। धेरै कार्यभारका बाबजुद तिनले एकदमै कम पारिश्रमिकमात्र पाउँछन्। सप्तरी जिल्ला, कैलडी गाविसका रामदेव पासवानको उदाहरणबाट सो कुरा प्रस्ट हुन्छः

रामदेव पासवानलाई आफ्नो वास्तविक उमेर थाहा छैन तर उनी बीसको हाराहारीमा छन्। उनी सप्तरी जिल्ला, कैलडी गाविसमा पर्ने चौन्ती गाउँका

**हुन्। भर्खरै विवाहमा बाँधिएका उनले सन्तानको सुरसार गरेका छैनन्। उनी र उनका बाबुले १० वर्षदेखि हलिया काम गर्दै आएका छन्। उनी लगभग २०० हेक्टर जमिन भएका राजा बाबु (रमानन्द प्रसाद सिंह) का सेवक हुन्। उनी भन्छन्:**

> म खेतीपातीसाथै घरायसी काम पनि गर्छु। खाना खान गाउँमा गए पनि बाँकी समय त्यही ठूलो घरमा बस्छु। प्रत्येक दिन सबेरै ४ बजे उठेपछि मैले मध्याह्नसम्मै काम गर्नुपर्छ। त्यसपछि खाना खान जान्छु। त्यसको लागि एक घण्टा जति समय छुटयाइएको हुन्छ। तर यो सबै कामको प्रकृतिमा भर पर्छ। त्यसपछि म घर फर्किन्छु अथवा खेतमै अरू कुनै काम गरिरहन्छु। साँझमा सिँचाइको पम्पमा ध्यान पुऱ्याउनु पर्ने हुँदा म राति आठ बजेसम्म पनि काम गरिरहेको हुन सक्छु। त्यसपछि अर्को छाक खाने बेला आउँछ। मैले महिनावारी ५० किलोग्राम (रु. २०० बराबर) धान र बर्सेनि दुई जोर पुरानो कपडा पाउँछु। यसका अलावा अरू कुनै खाद्यान्न पाउँदिनँ। गेडागुडी किन्न हामी केही धान बेच्छौँ र केही तरकारी बारीबाट ल्याउँछौँ। यत्तिले मात्रै गुजारा गर्न गाह्रो पर्छ। मेरा बुवाले निकै अघि ऋण लिनुभएको थियो। यतिमात्र कारणले हामीले यसरी काम गर्नु परिरहेको छ। मलाई यतिले नपुगेर थप ऋण पनि लिनुपर्ने हुन्थ्यो। यसै सिलसिलामा मैले असी किलोग्राम धान (रु. ३२० बराबर) र रु. ४,००० नगद सापट लिएको थिएँ। अहिले प्रत्येक वर्ष त्यो बेलाको धानको ब्याज २० किलोग्राम धान र ऋणको ब्याज रु. ४०० तिर्नुपर्छ। यस्तो ब्याज त मेरै ज्यालाबाट काटिन्छ तर सधैँजसो यो तिर्न नसक्ने हुँदा मैले ऋणमै चुर्लुम्म डुबेर काम गरिरहनुपर्ने हुन्छ। कोही अरूको निगाहमा बाँचिने यस्तो जीवनलाई पनि के जीवन भन्नु र ? यहाँ म बिरामी परेँ भने अनुपस्थित दिनको ज्याला आफैँले तिर्नुपर्छ। तर राम्रो जागिर हुने मान्छेले त यस्तो गर्नुपर्दैन नि, पर्छ र ? तिनले त बिरामी बिदा पाउँछन्। मैले यो ऋण कहिले पो तिर्न सकुँला र ? यसले मलाई सधैँ सताइरहनेछ। मेरा सन्ततिले पनि यसबाटै सताइनुपर्नेछ।

### ५.५.२ कमैया प्रथा

**हलियासँग कमैया प्रथाका धेरै कुराहरू मिल्छन्। तर पनि प्रमुख तीन कारणले गर्दा यस प्रथालाई बेग्लै कोणबाट हेरिनु जरुरी छ (रोबर्टसन् र मिश्र, १९९७): (क) पश्चिमी तराईका थारू जनताको आदिवासी संस्कृतिबाट आएको हुनाले यसको फरक उद्‌भव-विन्दु छ र सोही कारण यसका आफ्नै शब्दावली र भिन्नताहरू पनि छन्; (ख) नेपाल सरकार र गैरसरकारी संस्थाहरूले प्रत्यक्ष सरोकार राखेका हुनाले यस प्रथासम्बन्धी राम्रो जानकारी उपलब्ध छ; र (ग) छद्‌मभेषी दास व्यापारझैँ जमिन्दारहरूद्वारा बँधुवा श्रमिकको किनबेचलाई मान्यता दिने यो एकमात्रै प्रथा हो।**

**अहिलेसम्म भएका अधिकांश अध्ययनहरू कञ्चनपुर, बर्दिया, बाँके र दाङ गरी पश्चिम नेपालका पाँच जिल्लामा केन्द्रित छन्। तर यो प्रथा सुर्खेत, नवलपरासी,**

रूपन्देही र कपिलवस्तु जिल्लामा पनि रहेको जानकारीमा आएको छ। बँधुवा श्रम र दासता यस प्रथाका आधारभूत विशेषता हुन्। कहींकतै कमैयाहरूलाई ज्याला पनि दिइन्छ र कुनै बेला यस्तो प्रथा ऋण असुल्नको लागि प्रचलनमा आएको पाइन्छ। तिनीहरू पनि बाह्रैमास जमिनमा घोत्लिन बाध्य हुन्छन्।

कमैया बस्नुपूर्व प्रत्येक वर्ष माघ महिनाको आरम्भमा पर्ने माघी पर्वमा जमिन्दारसँग एउटा मौखिक सम्झौता गरिन्छ। अनि ऋणको नित्य चक्रमा फँसाएर कमैयामाथि नियन्त्रण कायम गरिन्छ। ओखतिमूलो, अतिरिक्त खाद्यान्न तथा यस्तै अरू आवश्यकता पूरा गर्दा ऋणको मात्रा झन् बढ्दै जान्छ। जमिन्दारहरूले प्रायजसो ऋणको अंक बढाइदिन्छन् र यसमाथि पनि बिरामी परेर कुनै दिन नआएको भए कमैयाहरूलाई त्यसको जरिवाना पनि लगाउँछन्। कुनै सरसमान अथवा घरेलु जनावरमाथि कमैयाले गर्दा हानि अथवा क्षति भएको छ भने त्यो पनि ऋणमै जोडिन्छ। तर यस्तो कुरा कमैयाहरूलाई धेरैजसो पत्तो नै हुँदैन। सबै ऋण चुक्ता गर्न खोज्ने कमैयालाई पनि खर्चको लामो सूची देखाइन्छ। त्यसैले वास्तवमा त्यो ऋण तिर्न ज्यादै गाह्रो पर्छ। यसरी ऋणको साहू मानव जातिकै साहू बन्न पुग्छ।

### ५.५.३ हरुवा र चरुवा प्रथा

निश्चित समयावधिको लागि तोकिएको शर्तमा रही खेत जोत्न मानिसहरू भाडामा लिने चलनलाई हलिया प्रथा भनिन्छ। यसैगरी निश्चित समयावधिको लागि तोकिएको शर्तमा रही बस्तुभाउ चराउन मानिसहरू भाडामा लिने चलनलाई भने चरुवा प्रथा भनिन्छ। यिनको सवाल हलिया र कमैयासँग निकै मिल्दाजुल्दा छन्। नेपालका पूर्वी तथा पश्चिमी जिल्लाहरूमा यस प्रथा प्रचलनमा रहेको पाइन्छ। जमिन्दार अथवा मालिकहरूद्वारा गरिने सामाजिक अन्याय, ज्याला विभेद, ऋण-बन्धन तथा शारीरिक एवं मानसिक यातना यस प्रथाका मुख्य सवाल हुन्।

चरुवा राख्ने दुई तरिका छन्: आम चरुवा र निजी चरुवा। पहिलो किसिमको व्यवस्थामा चरुवाले एकभन्दा धेरै मालिकहरूको लागि काम गर्छन् भने दोस्रोमा एउटै साहूको लागि काम गर्न प्राय: कुनै किशोरलाई नियुक्त गरिन्छ।

वार्षिक करार-सम्झौताको ऋणसँगै हरुवा राख्ने क्रम सुरु हुन्छ। तिनले मुख्यत: दुई तरिकाबाट पारिश्रमिक पाउँछन्:

१. वार्षिक आम्दानी रु. ७,०००-८,००० सम्म हुन्छ। गुजारामुखी जीविकाको लागि पनि तिनको दैनिक ज्याला एकदमै थोरै हुन्छ।

२. जमिन्दारको ३३,८६६-१०१,५८९ वर्ग मिटर जमिनबाट तिनलाई केवल १,६९३-३,३८६ वर्ग मिटर जमिन खेती गर्नको लागि दिइन्छ (रोबर्टसन् र मिश्र, १९९७)।

**बक्स नं. ५.१ राम खेलावन सदाको कथा**

हनुमान नगर-६, सिराहाका राम खेलावन सदा रामचन्द्र चौधरीका हरुवा हुन्। उनी र उनकी श्रीमतीले मालिकका सबै घरायसी धन्दाहरू भ्याउनुपर्छ। तिनीहरू जमिन्दारको गोठमा सुत्छन्। बिहान सबेरै उठ्नुपर्छ। भनेकोजस्तै गरेनन् भने तिनले ठूलो अपमान बेहोर्नुपर्छ। अधिक बोझपूर्ण हुनाले तिनीहरू यो काम छोड्न चाहन्छन्। तर कुनै विकल्प छैन। खेती गर्न तिनलाई ४,०६३ वर्ग मिटर जमिन दिइएको छ। यसबाट उब्जने अन्न तिनको लागि पर्याप्त हुँदैन।

## ५.६ भूमि सुधार र शक्ति सम्बन्ध

भूमि सुधारलाई स्थानीय शक्ति सम्बन्धमाथिको हस्तक्षेप मान्न सकिन्छ। यसले साना किसान, ग्रामीण कामदार, महिला तथा सीमान्तीकृत अरू ग्रामीण सामाजिक समूहलाई भूमि तथा उत्पादनशील स्रोतसँग धेरै पहुँच तथा यिनमाथि नियन्त्रण दिने प्रयास गर्छ। यसको अर्थ भूमि-सम्पन्न वर्ग, धनी व्यापारी, सम्भ्रान्त तथा कृषि व्यवसायीको आर्थिक तथा राजनीतिक शक्ति घटाउनु हो। सँगसँगै यसले निर्णय प्रक्रियामा ग्रामीण विपन्न-वर्गको सहभागिता पनि अभिवृद्धि गर्छ (घिमिरे, २००१)।

साना किसान, मोही, अधियाँ कमाउने र भूमिहीन श्रमिकहरू धेरैजसो भोकमरी तथा गरीबीले छिटो प्रभावमा पर्ने सामाजिक समूहअन्तर्गत छन्। भूमि तथा अन्य उत्पादनशील स्रोतसँग तिनको पहुँच प्रायः अपर्याप्त नै रहन्छ। अन्तर्राष्ट्रिय श्रम संगठनको एउटा प्रतिवेदन (घिमिरे, २००१) ले ज्यालादार श्रमिकहरू ग्रामीण जनसंख्याको सबैभन्दा गरीब हिस्साका मानिसहरू हुन् भन्छ। बढ्दो कृषि उत्पादकत्व तथा व्यापारका बाबजुद धेरै मुलुकहरूमा तिनको वास्तविक ज्याला झनै खस्कँदो छ। यही समय खेतीयोग्य जमिनको धेरै हिस्सा अल्पसंख्यक तथा शक्तिशाली जमिन्दारहरूको मुठ्ठीमा छ। यसरी सामाजिक न्याय र समताको अभिवृद्धि नै भूमि सुधारको लागि सामाजिक उत्प्रेरणा बनेको छ। यसले ग्रामीण द्वन्द्व तथा हिंसालाई घटाउन महत्वपूर्ण भूमिका खेल्न सक्छ। यसमाथि पनि उपभोगको सुरक्षासाथै भूमिसँगको पहुँच अत्यावश्यक मानव अधिकार पनि हो। भूमिसँग पहुँच पाएपछि ग्रामीण जनताले आवास, खाद्यान्न, रोजगारी तथा जीवनस्तरमा सुधार अनुभूत गर्न सम्भव हुनेछ। भरपर्दो उपभोग सुरक्षाको प्रत्याभूतिले मानव अस्मितालाई सम्मान गर्ने न्यूनतम आधार पनि जनाउँछ। उदाहरणको लागि जिम्बावे तथा दक्षिण अफ्रिकामा अश्वेत समुदाय र नेपालमा दलित तथा आदिवासी जनजाति

समूहजस्ता पहिले आफ्नै जमिनबाट खेदिएका धेरै आदिवासी जनता अथवा अरू जनसांख्यिक समूहमाथिका घटनाक्रमले यस कुरालाई प्रस्टचाउँछ।

भूमि सुधार नीतिहरू जहाँ कार्यान्वयन भएका छन्, त्यही ठाउँमा मानव अधिकार उल्लंघनका घटनाहरू तीव्र भएको सोही प्रतिवेदनले देखाउँछ। किसानहरू समाजमा शक्तिशाली तथा छिटै प्रभावमा पर्ने दुवै समूहअन्तर्गत पर्छन्। भूमि स्रोतसँग पहुँच तथा यसमाथि अधिकार पाउने संघर्षमा तिनले मानव अधिकार उल्लंघनका असंख्य घटनाहरू बेहोर्छन्। प्रतिकूल नीति, जग्गाधनीद्वारा यातना, जथाभावी कैद, स्वनिर्भरता नभएका न्यायपालिकामा जालझेलपूर्ण मुद्दाहरू यस्तो उल्लंघनका प्रत्यक्ष दृष्टान्त हुन्। यसका साथै तिनलाई बारम्बार दोहोरिरहने यस्ता दबाबका घटनाहरू कतै-कसैलाई नबताउन तथा बताएमा कमाउन दिइएको जमिन पनि खोसिदिने धम्कीसमेत जमिन्दारहरूबाट आउने गर्छन्। यत्रतत्र छरिएका र अभिलेखबद्ध नभएका हुनाले मानव अधिकार उल्लंघनका यस्ता थुप्रै गम्भीर घटनाहरू एम्नेष्टी इन्टरन्यासनलजस्ता मानव अधिकार समूहका आँखामा पर्दैनन्। वास्तवमा अन्तर्राष्ट्रिय मानव अधिकारका बहस तथा विधेयकहरूमा किसानहरूको भूमि अधिकारको सवाल तुलनात्मक रूपले उपेक्षित रहन्छ।

भूमि सुधारलाई बृहत् अर्थशास्त्र (म्याक्रोइकनमिक्स) सँग सरोकार राख्ने द्वन्द्वात्मक नीति तथा प्राथमिकतामा आधारित बनाइएको छ। यस्तो प्रक्रियामा विकासमाथि पूर्वाग्रही भई कृषिलाई समेत उपेक्षा गरिन्छ। यसलाई इमान्दारीपूर्वक लागू गर्न राजनीतिक इच्छा र कानूनी आधारशिलाको अभाव देखिन्छ। एकजना पाकिस्तानी पूर्व अर्थमन्त्री सर्ताज अजिज भन्छन् “अहिलेका दिनमा कृषिमुखी तथा गरीबमुखी नीतिहरूको वास्तविक कार्यान्वयन गर्न कुनै आर्थिक स्थान नै छुटचाउन सकिने स्थिति छैन।” (रिजल र योकोता, २००६)। खेतीयोग्य जमिनको अधिकांश हिस्सा शक्तिशाली तर मुट्ठीभर मानिसहरूको हातमा छ। तर बहुसंख्यक किसानहरूले आफ्नो बाली रोप्न कुनै जमिन पाएका छैनन्। यसले हिंसा र द्वन्द्वको स्थिति निम्त्याएको छ (रिजल र योकोता, २००६)।

कानूनी तथा नीतिमुखी व्यवस्थाहरू मोहीको हक र किसानको सुरक्षाको प्रत्याभूति दिन असफल भएका छन्। बरु भूमि आफैँ सम्भाव्य द्वन्द्वको अविच्छिन्न स्रोत तथा सामन्तवादको प्रतीक भई उभिएको छ। यस्तो हुनुपछाडि आर्थिक तथा सामाजिक रूपले वर्गीकृत समाज, विषम भूमि वितरण र कर्मचारीतन्त्रको द्विविधापूर्ण भूमिकाजस्ता कारणहरू छन्। भूमि सुधार गर्न कानूनी नियमन गरिएका यस्ता उपायलाई शक्तिका भोका सम्भ्रान्तहरूले आफ्नो स्वार्थसिद्धिको लागि व्यापक प्रयोग गर्छन्। यसको लागि तिनले कर्मचारी

तथा न्यायपालिकाका संयन्त्रहरूलाई आफ्नो प्रभावमा पारी आत्म-हित पूरा गर्छन्। तथापि भूमिहीन जनता असमानता र अन्यायविरुद्ध संगठित हुँदै संघर्ष गरिरहेका छन्। यसरी जमिन्दार तथा भूमिहीन र राज्य तथा गरीब जनताबीच गहिरो द्वन्द्व उब्जिएको छ (उप्रेती, २००४)।

भूमि सुधारका सफलता र विफलता केही निर्धारकहरूमा भर पर्छन्। तिनीहरू भूमि-सम्पन्नहरूको अभिरुचि (ल्याण्डेड इन्ट्रेस्ट: एलआई), कर्मचारीय अकर्मण्यता (ब्युरक्र्याटिक इनर्सिया: बिआई) र जनसहभागिता (पिपल्स पार्टिसिपेसन: पिपी) हुन् (क्विजन, २००५)। सामान्य अर्थमा भूमि-सम्पन्नहरूको अभिरुचिले जमिन्दारहरूमा विकसित भूमि सुधारविरोधी प्रतिकारलाई जनाउँछ। भूमि सुधारको अभिरुचिविरुद्ध कर्मचारी-वर्गको शक्ति कर्मचारीय अकर्मण्यता हो। यसैगरी किसान, तिनका संगठन, नागरिक समाज र अन्य आवश्यक सरोकारवालाहरूको सक्रिय संलग्नतालाई जनसहभागिता भनिन्छ। तलको सूत्रमा जनाइएअनुसार, जनसहभागिता (पिपी) ले भूमि-सम्पन्नहरूको अभिरुचि (एलआई) र कर्मचारीय अकर्मण्यता (बिआई) लाई जित्न सकेको खण्डमा ग्रामीण कृषि सुधार तथा भूमि सुधारमा उच्च सफलता मिल्छ। तर अवस्था यसको विपरीत भइदिएमा परिणाम पनि विपरीत नै निस्कन्छ (क्विजन, २००५)।

$$(AR) = \frac{LT + SS}{LI + BI} \times PP$$

जहाँ,

AR = ग्रामीण कृषि सुधार (एग्रेरियन रिफर्म)
LT = भू-उपभोग (ल्याण्ड टेन्यर)
SS = सहायता सेवाहरू (सपोर्ट सर्भिसेज)
LI = भूमि-सम्पन्नहरूको अभिरुचि (ल्याण्डेड इन्ट्रेस्ट)
BI = कर्मचारीय अकर्मण्यता (ब्युरक्रयाटिक इनर्सिया)
PP = जनसहभागिता (पिपल्स पार्टिसिपेसन) हुन्छ।

पहिलेका जमिन्दार र बिर्ताधनीहरू तिनका जमिनमा हदबन्दी लाग्नदेखि जोगिन निकै चतुर थिए। परिवारका अन्य सदस्य तथा सेवकहरूको नाममा समेत लेखाएर कसरी अधिग्रहणलाई छल्न सकिन्छ भन्ने तिनलाई राम्ररी थाहा थियो। प्रशासनभित्र आफू नै शक्तिशाली पदमा नभए तिनले त्यस्तो पद भएका व्यक्तिसँग बारम्बार पारिवारिक सम्बन्ध बढाइराख्थे। यसैले गर्दा लक्षित ६ लाख हेक्टर जमिनमध्ये केवल एक प्रतिशत जति जमिनमात्रै पुनर्वितरण हुनसक्यो (रोबर्टसन् र मिश्र, १९९७)। तीमध्ये केही कारण निम्न थिए:

- आफ्नो सम्पत्तिमाथि अरू चुनौती थपिने देखेर जमिन्दारहरूले नयाँ मोहियानी हकको प्रतिरोध गरे।
- लगभग आधाजति सम्भाव्य संख्याका योग्य ग्रामीण श्रमिकहरूलाई अधिकारीहरूले पहिचान नै गरेनन्।
- जमिन्दारहरूको बहकाव र धम्कीले गर्दा योग्य किसानहरूले समेत अधिकारीहरूसमक्ष तिनको मोहियानी हक दर्ता गराउने काम स्थगित गर्न बाध्य भए।
- ठूलो भूमि क्षेत्र भएका परिवारहरूले संरक्षकत्वको परम्परागत शक्तिसहित आफ्नो दबदबा कायमै राखे।
- कानूनी प्रक्रियामा तिनको ज्ञान र प्रभावले गर्दा जमिन्दारहरूले आफ्नो जमिनमाथिका दाबेदारहरूलाई पन्छाउन सक्षम भए।
- जमिन्दारहरूले आफ्नो नाममा भएको भूमि क्षेत्रको आकार लुकाउन निकै कूटनीतिक शैली बनाएका थिए।

## ५.७ जात, परनिर्भरता र बँधुवा श्रमिक

दलितहरू गरीब भइरहनुमा जातीय विभेद एक प्रमुख कारण हो। तिनलाई अरू खालका काम गर्न दिइँदैन। परम्परादेखि धानी आएको अदक्ष काम गर्नु सिवाय तिनका लागि अरू कुनै विकल्प नै छैन। न राज्य संयन्त्रमा तिनको उचित प्रतिनिधित्व भएको छ, न त तिनीहरू आफ्नो अधिकार दाबी नै गर्न सक्छन्। यस्तो अवस्थाले तिनलाई जुनसुकै कुराले सहजै प्रभाव पर्ने गरी बँधुवा श्रमिक बनाइदिन्छ। यो व्यवस्था अन्यायपूर्ण छ भन्ने थाहा भए पनि यावत् विभेदका बाबजुद बहुसंख्यक दलितहरूलाई मौन रहन बाध्य पारिन्छ।

जातीय व्यवस्थाले नै विभिन्न समूहहरूलाई यस्तो संरचनामा बाँध्ने गरेको छ। यसले कथित तल्लो जातका मानिसलाई परनिर्भरता र असशक्तताको दुष्चक्रमा फँसाइदिन्छ। यसले गर्दा तिनीहरू आफ्ना आधारभूत अधिकार र स्वतन्त्रताको दाबी गर्न समेत वञ्चित हुन्छन्। यस्तो अवस्थामा गैरकानूनी जातीय व्यवस्था कानूनभन्दा पनि कडा भएर हामीबीच अद्यापि हावी छ। प्रभावशाली जात तथा वर्गले शोषणको यस्तो संस्कृतिलाई निर्णायक रूपमै निर्धारण गरेका छन्।

शोषणलाई अविच्छिन्न बनाइराख्न प्रभावशाली जात तथा वर्गले सामाजिक सम्बन्धमाथि कसरी प्रभुत्व कायम गर्छ भनी *सोसल पावर एण्ड इभ्रिडे क्लास रिलेसन्स*मा चक्रवर्ती (२००१) ले व्याख्या गरेका छन्। उत्तरी बिहारको उदाहरण प्रकाश पार्दै यस पुस्तकले प्रभावशाली वर्गको शोषणमा परेका निम्न वर्गका सदस्यहरूको स्थिति देखाएको छ। मार्कण्डच, दलित र सन्थालजस्ता जातिको

तुलनात्मक रूपले साँघुरो अस्तित्व हुनाले तिनलाई जातीय रूपमा समेत होच्याएर हेर्ने गरिन्छ। यसैगरी सोही पुस्तकले मालिकको स्वेच्छाचारी बलमिच्याइँमा पर्नेहरू तल्लो वर्गका नै हुन्छन् भनी उल्लेख गरेको छ। दलित तथा मार्कण्डच र तत्माजस्ता जातीय समूहका जीविका केवल कृषि श्रमिक र बाली-विभाजनमुखी काममै सीमित छ। यस्तो नयाँ वर्ग सम्बन्धको आरम्भपूर्वभन्दा अहिले तिनको अवस्था ज्यादै नाजुक भइसकेको छ। बर्सेनि घटिरहेको वास्तविक ज्याला नै यसको प्रमुख कारण रहेको छ। यसमाथि पनि जातीय दमन बेहोर्नेमध्ये दलित महिलाहरू (जातीय नाम पल्लार) प्रभावशाली वर्गहरूबाट सबैभन्दा धेरै शोषित छन्। नेपाली समाज पनि योभन्दा कुनै अर्थमा फरक छैन।

## ५.८ निष्कर्ष

भौतिक (आर्थिक), प्रतीकात्मक र भावनात्मक मूल्य बोकेको हुनाले भूमि उत्पादनशील अथवा आर्थिक वैभवमात्रै नभएर शक्ति र प्रतिष्ठाको स्रोत पनि हो। समष्टिमा, ग्रामीण कृषि समाजमा यो सामाजिक-आर्थिक स्तरको बृहत् सूचक पनि हो। एवम् रीतले नेपाली समाजको ग्रामीण कृषि संरचनालाई भूमिले निर्धारण गरेको छ। यसको विषम वितरणले गर्दा हाम्रो समाजमा विविध आर्थिक वर्गहरू अस्तित्वमा रहेका छन्। भूअधीनत्वको यस्तो शैलीले सामन्ती स्वरूपको उत्पादन सम्बन्ध निम्त्याएको छ। अझै भिन्न खालका सामन्ती अवशेषहरू हाम्रो समाजमा बाँकी नै छन् र तिनीहरू दासता, शोषण र दमनको भेषमा हामीबीच अद्यापि कायम छन्। हलिया, कमैया, हरुवा र चरुवा प्रथाहरू यसका ज्वलन्त उदाहरण हुन्। तिनकै नतिजास्वरूप भूमिहीन जनताको एउटा ठूलो हिस्सा सामाजिक अन्याय, शारीरिक र मानसिक यातना, ज्याला विभेदजस्ता प्रक्रियागत तथा संरचनागत हिंसा भोग्न विवश भएका छन्। यसरी वर्तमान शक्ति सम्बन्ध परिवर्तन गर्न भूअधीनत्वमा एउटा गरीबमुखी कार्यारम्भको खाँचो परेको छ।

## सन्दर्भ सामग्री

1. बडाल आयोग प्रतिवेदन। सन् १९९६। *बडाल उच्चस्तरीय भूमि सुधार सुझाव आयोग १९९४।* काठमाडौँ: पि.बि. पब्लिसर।
2. Blaikie, P.M.; Cameron, J. and Seddon, D. (2000). *The Struggle for Basic Needs in Nepal*. New Delhi: Adroit Publisher.
3. CBS. (2002). Population Census 2001. National Report. Kathmandu: His Majesty's Government of Nepal.

4. Chakravarti, A. (2001). *Social Power and Everyday Class Relations: Agrarian Transformation in North Bihar*. New Delhi: Sage Publications.
5. Csaszar, F. (2005). Understanding the Concept of Power. Alsop, R. (Ed.). *Power, Rights, and Poverty: Concepts and Connections.* Kathmandu: The World Bank.
6. CSRC. (2007). *Hidden Issues and Voices of Haruwa and Charuwa.* Kathmandu: Community Self Reliance Center.
7. Ghimire, K.B. (2001). *Land Reform and Peasant Livelihoods.* London: ITDG Publishing.
8. Joseph, S. (2004). *Political Theory and Power*. New Delhi: Foundation Books.
9. Khanal, D.R.; Ranjkarnikar, P.R.; Acharya, K.P. and Upreti, D.R. (2006). *Understanding Reforms in Nepal: Political Economy and Institutional Perspectives.* Kathmandu: Institute for Policy Research and Development (IPRAD).
10. Müller-Böker, U. (1999). *The Chitwan Tharus in Southern Nepal: An Ethno-ecological Approach*. Kathmandu: Nepal Research Centre Publications.
11. Quizon, A.B. (2005). Asian NGO Perspectives on Agrarian Reform and Access to Land. ANGOC Policy Discussion Paper. Philipines: ANGOC.
12. Regmi, M.C. (1999a). *Landownership in Nepal*. Delhi: Adroit Publisher.
13. Regmi, M.C. (1999b). *Thatched Huts and Stucco Palaces: Peasants and Landlords in 19th Century Nepal*. Delhi: Adroit Publishers.
14. Rizal, D. and Yokota, Y. (2006). *Understanding Development, Conflict and Violence: The Cases of Bhutan, Nepal, North-East India and the Chittangong Hill Tracts of Bangladesh*. Delhi: Adroit Publishers.
15. Robertson, A. and Mishra, S. (1997). *Bonded Labour in Nepal's Agricultural Economy*. Kathmandu: Anti-Slavery International and INSEC.
16. Sharma, K.P. (2004). Land Reform: A Viable Programme for Poverty Reduction. *Readings on Governance and Development*. Vol. 3. Pp.143-149.

17. Shreshtha, N.R. (1990). *Landlessness and Migration in Nepal.* Boulder: West View Press.
18. Thapa, S. (2000). *Historical Study of Agrarian Relation in Nepal 1846-1951.* Delhi: Adroit Publisher.
19. The World Bank. (2006). *Resilience Amidst Conflict: An Assessment of Poverty in Nepal (1995-96) and (2003-04).* Kathmandu: The World Bank.
20. Thompson, W.E. and Hickey, J.V. (1994). *An Introduction to Sociology: Society in Focus.* New York: Harpers Collins College Publishers.
21. Turner, J.H. (2002). *The Structure of Sociological Theory.* (5th Edition). Jaipur: Rawat Publications.
22. UNDP. (2004). Nepal Human Development Report: Empowerment and Poverty Products. Kathmandu: United Nations Development Report.
23. Upreti, B.R. (2004). Land Conflict in Nepal: Peasants' Struggle to Change Unequal Agrarian Social Relation. *Community, Work and Family.* Vol. 7. , No. 3. Pp. 371-394.
24. Verma, B.N. and Verma, N. (1993). *Agrarian Tension and Conflict.* Vol. 2. Delhi: Ashish Publishing House.
25. Zaman, M.A. (1973). *Evaluation of Land Reform in Nepal.* Kathmandu: Ministry of Land Reform.

## परिच्छेद ६

✍ *विष्णुराज उप्रेती*

# भूमि र सामाजिक द्वन्द्व

### ६.१ परिप्रेक्ष्य

कुनै पनि देशको ऐतिहासिक आयामले शक्ति, भूअधीनत्व तथा द्वन्द्वबीचको सम्बन्धलाई नियाल्न स्पष्ट दृष्टिकोण प्रदान गर्छ (ओल्फ, १९६९)। कृषिको क्षेत्रमा पुँजीवादी उत्पादन सम्बन्धले ल्याएको बढ्दो चर्चा र कृषि संरचनामा यसको प्रभावले द्वन्द्वको सुरुआतमा झनै मलजल गरेको विश्वव्यापी अनुभवहरूले नै देखाउँछन् (अलि, २०००; अलिस्टन र अरू, २०००; अन्द्रे र प्लाटचू, १९९८; उप्रेती, २००४ए र बी)। आधुनिक राज्यको उत्पत्ति हुनुपूर्व नै भूअधीनत्वको सवाल सामाजिक तथा राजनीतिक विमतिको केन्द्रविन्दुमा रहेको थियो। तर भूमि स्रोतमाथिको द्वन्द्व त्यतिबेला प्रादुर्भाव भयो जब आदिवासी समुदायहरूले प्रयोग गरिरहेका जमिनमाथि राज्यले आफ्नो नियन्त्रण कायम गर्न थाल्यो।

अलिस्टन र अरू (२०००:१७१) का अनुसार भूमिसम्बन्धी हिंसात्मक द्वन्द्व भनेको "भूमिसम्बन्धी कुनै पनि विवादमा हुने व्यक्तिगत चोटपटक वा मृत्यु र/अथवा भौतिक सम्पत्तिको क्षति" हो। तर यस्तो खालको साँघुरो परिभाषाले भूमिसम्बन्धी द्वन्द्वका सबै पक्षलाई समेट्न भने सक्दैन। भूमिसम्बन्धी हिंसात्मक द्वन्द्व भूमि-द्वन्द्वभन्दा पनि पर अरू थुप्रै सामाजिक तथा राजनीतिक सवालहरूसँग पनि जोडिने हुँदा यसलाई एक्लो र छुट्टै रूपमा विश्लेषण गर्न सजिलो छैन। त्यसैले भूमि-द्वन्द्वलाई बुझ्न यसको सन्दर्भ, विषयवस्तु तथा कुनै समाजको सामयिक पक्ष तथा अन्तर्राष्ट्रिय गतिशीलतालाई पनि सम्पूर्ण रूपमा बुझ्नु जरुरी हुन्छ।

ओइसिडी (२००१:८७) का अनुसार हिंसात्मक द्वन्द्व चार चरण वा प्रकारमा देखा पर्छः

१. अन्तर्निहित तनावको परिस्थितिमा,
२. बढ्दो तनावको परिस्थितिमा,
३. खुला स्पर्धा तथा हिंसात्मक द्वन्द्व विस्फोट हुने अवस्थामा,
४. कमजोर संक्रमणकाल तथा द्वन्द्वोत्तर परिस्थितिमा।

यो निकै सामान्य वर्गीकरण हो र जुनै पनि द्वन्द्वको परिस्थितिमा लागू हुन सक्छ। एवम् रीतले यस वर्गीकरणलाई भूअधीनत्व तथा हिंसात्मक द्वन्द्वबीचको सम्बन्ध नियाल्न पनि प्रयोग गर्न सकिन्छ। माथिका प्रत्येक स्वरूपमा शक्ति सम्बन्धले निकै नै निर्णायक भूमिका खेल्छ। त्यसैले शक्तिले द्वन्द्वसँग निकै गहिरो सम्बन्ध राख्छ।

शक्तिको असमान वितरणले नै समष्टिमा असमानता निम्त्याउने गर्छ। त्यसैले असमानता समाजमा रहेको विषमतापूर्ण शक्ति सम्बन्धको तर्कसंगत उत्पादन हो। जिन लोइस अर्कान्ड र निकोलास पन्स-भिग्नन (२००३:६) ले असमानता र द्वन्द्वबीचको सम्बन्धमा आधारित रहेर चार प्रकारका विचार पेश गरेका छन्:

- असमानताको मात्रा र द्वन्द्वको सम्भाव्यताबीचको एउटा सरल रेखीय सम्बन्ध हुन्छ (रस्सेट, १९६४; न्याफ्जिगर र अभिनेन, २००२; म्युलर र सेलिग्सन, १९८७)। अर्को शब्दमा भन्दा, समाज जति असमान हुन्छ, द्वन्द्व उत्पत्ति हुने सम्भावना उति नै धेरै हुन्छ। असमानता समाजको शक्ति संरचनासँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ। नेपाल, भारत, पाकिस्तान तथा अरू धेरै विकासोन्मुख तथा द्वन्द्व-प्रभावित मुलुकका सवाल यस्तो सम्बन्धका मजबुत उदाहरण हुन्।
- एउटा अज्ञात मात्राको सम्बन्ध जहाँ असमानता कुनै मध्यम तहमा हुँदा द्वन्द्वको सम्भाव्यता निकै नै चुलिएर जान्छ। केही लेखकहरूले यस्तो खालको वक्रलाई अंग्रेजी वर्णको 'यु' आकारको भएको समेत पाएका छन् (हर्स्चम्यान, १९८१; न्याफ्जिगर र अभिनेन, २००२)। तिनले असमानताको कुनै अर्को चरणमा प्रवेश गर्न यसबीचमा पनि अर्को सँघार हुने र त्यसमा द्वन्द्वको सम्भाव्यता न्यून हुने पनि जनाएका छन्।
- 'उत्कर्ष' को विन्दुमा नपुगेसम्म बढ्दो असमानता द्वन्द्वको लागि सहज माध्यम बनिदिन सक्छ। यो वृद्धि यसभन्दा पनि माथिल्लो तहमा पुगेपछि राज्यले सम्भवत: बलियो तानाशाही पकड राख्छ जसले गर्दा असमानताको यस्तो वृद्धिले द्वन्द्वको जोखिम घटाउनुसँग सम्बन्ध राख्छ।
- असमानता र द्वन्द्वबीचको सम्बन्धमा कुनै स्पष्ट तौरतरिका हुँदैनन् (कोलियर, २०००)। समाजमा शक्तिको गतिशीलता निरन्तर रूपमा परिवर्तन भइरहने हुँदा यिनीहरू बीचको यस्तो सम्बन्धमा कुनै निश्चित र स्थायी तौरतरिका हुँदैनन्।

समाजमा रहेको चरम असमान कृषि सम्बन्धलाई राज्यले सम्बोधन नगर्दा भूमि नै द्वन्द्वको प्रमुख स्रोत बन्न सक्छ। फिलिपिन्स, ब्राजिली अमेजन, नेपाल, ग्वाटेमाला वा आइभोरी कोष्ट नै किन नहोस्, विश्वका प्रशस्त उदाहरणहरूले यसलाई पुष्टि गरेका छन् (एल्बाडवी र साम्बनिस, २०००; अलि, २०००; अलिस्टन र अरू, २०००; अन्द्रे र प्लाटचु, १९९८; उप्रेती, २००४बी; डाइनिङ्गर, २००३; प्लाटचू, १९९६)। भूमिसम्बन्धी सवाल तथा हिंसात्मक द्वन्द्वको सम्बन्ध मुख्य रूपमा भूमि नीति तथा राष्ट्रिय र स्थानीय शक्ति सम्बन्धद्वारा सिर्जित सामाजिक संरचना तथा सम्बन्धसँग गाँसिएको हुन्छ। भूमि स्रोतको असमान र अन्यायपूर्ण वितरणका संरचनागत कारणहरूलाई सम्बोधन गर्न भूमि नीति, संस्थागत व्यवस्थापन तथा कानूनी प्रावधानहरूको निर्माण हुन सकेमा यसले हिंसात्मक द्वन्द्वलाई रोक्न, घटाउन वा त्यसबाट देशलाई बचाउन सक्छ। यी मुद्दाहरू प्रतिष्ठा, सामाजिक स्तर, शक्ति तथा आर्थिक लाभसँग पनि प्रत्यक्ष रूपमा गाँसिएका हुनाले यी सबै सोचेजस्तो सहज भने छैनन् (घिमिरे, १९९२; पाण्डे, १९९९; उप्रेती २००४सी; फिट्जप्याट्रिक, २००२)। यसै पुस्तकको पाँचौं परिच्छेदले भूमि र शक्ति सम्बन्धबीचको जटिल अन्तरसम्बन्धलाई प्रस्टचाएको छ।

कुनै ठाउँमा दुई वा सोभन्दा धेरै पक्षले कुनै भूमिमाथिको नियन्त्रण र यसको प्रयोग गर्ने हक दाबी गर्न सक्छन्। तर यस्तो बेला ती दाबीमध्ये कसको ठीक हो भनी कुनै पनि निर्णयमा पुग्न नसकिने अवस्था आउन सक्छ। प्रायः यसले गर्दा भूमिमाथि द्वन्द्व सिर्जना हुने गरेको छ (उप्रेती, २००१; २००४ए)। संरचनागत तहमा हेर्दा धेरैजसो यस्ता दाबीहरू फरक-फरक शक्ति स्रोतबाट उत्पन्न भएका हुन्छन्। यस्ता विषयहरू समाजका रहेका विषम शक्ति सम्बन्धमा प्रतिबिम्बित हुन्छन्। साथै यिनीहरू थुप्रै शक्ति केन्द्रका प्रभावशाली व्यक्तिहरूको नियन्त्रणमा रहन्छन्। त्यसैले भूमि द्वन्द्वमा अधीनत्व र नियन्त्रण सबैभन्दा महत्वपूर्ण विषय बन्ने गर्छन्। यी कुराहरूलाई कार्यप्रणालीका दृष्टिले केलाएर हेर्दा भूमि स्रोतमाथिको द्वन्द्व प्रायः भूमिमाथिको अधीनत्व, नियन्त्रण र प्रयोगलाई नियमन गर्न दक्ष तथा स्वीकार्य संस्थागत तथा प्रशासनिक व्यवस्थाको अभावसँगै जोडिन पुग्छ।

संक्रमणकालीन अथवा युद्धग्रस्त समाजमा भूमि नीति, संस्थागत व्यवस्थापन तथा कानूनी प्रावधानहरूले मात्रै द्वन्द्व समाधान गराएर शान्तिलाई दिगो बनाउन सक्दैनन्। युद्धग्रस्त तथा द्वन्द्व प्रभावित मुलुकमा भूमिको सवाल राजनीतिक समाधानको एक प्रमुख विषय नै बन्नुपर्छ। शान्ति सम्झौताहरूमा भूमिलाई पनि जोड्दा यो तत्सम्बन्धी विवादलाई सम्बोधन गर्न तथा शान्ति निर्माणमा योगदान पुऱ्याउन महत्वपूर्ण माध्यम बन्न सक्छ। यस्ता उदाहरणहरू पूर्वी टिमोर, अफगानिस्तान तथा नेपालकै घटनाक्रमहरूले पनि देखाउँछन्। शक्तिको

सवालमा जमिन निकै जटिल विषय हो। द्वन्द्वोत्तर समयमा विकास तथा पुनर्संरचनाको लागि दाताहरूले शर्त थुपार्न थाल्दा भूमि-द्वन्द्व सुल्झाउने तथा शान्ति दिगो बनाउने काम झनै समस्यामा जेलिन पुग्छ। यस तथ्यको प्रमाण युद्धग्रस्त धेरै मुलुकहरूका अनुभवले छर्लङ्ग पार्छन्।

यस परिच्छेदले राज्य र भूमिबीचको सम्बन्धमाथि चर्चा गर्छ। साथै यसले सम्पत्ति तथा भूअधीनत्वको अवधारणालाई पनि नियाल्ने प्रयास गरेको छ। भूमिसम्बन्धमा रहेका बहिष्करण तथा वर्गीय विषयका प्रभावहरूको वृत्तान्त दिनुबाहेक यसले नेपालमा सामाजिक रूपान्तरण र कृषि क्षेत्रको परिवर्तनका सन्दर्भमा रहेर सामाजिक संरचना र शक्ति सम्बन्धलाई पनि विश्लेषण गरेको छ।

## ६.२ राज्य, शक्ति र भूमि स्रोत

राज्य अन्तर्राष्ट्रिय रूपमा पहिचान प्राप्त भूभाग सहितको एउटा स्वशासित राजनीतिक अस्तित्व हो। यससँग आफ्ना नागरिकहरू हुन्छन् र यसले अन्तर्राष्ट्रिय सम्बन्ध, आर्थिक संगठन तथा सामाजिक स्वरूप निर्माणका आधारमा स्वनिर्भर भई कार्य सञ्चालन गर्छ। यसरी प्रत्येक राज्यले आफ्ना नागरिकउपर शक्तिको अभ्यास गर्छ र नागरिकहरूले तिनका प्रतिनिधिमार्फत राज्य चलाइरहेका हुन्छन्। त्यसैले राज्यले नागरिक हितमा काम गर्ने अधिकार पाएको हुन्छ।

शक्ति भनेको सीमितताको एउटा रूप हो अर्थात् मानव कार्यलाई अझै सक्रिय बनाइदिने तत्व हो। इटालियन राजनीतिक दार्शनिक निक्कोलो माकियाभेली (१४६९-१५२७) र फ्रान्सेली दार्शनिक मिसेल फोकल्ट (१९२६-१९८४) शक्तिको सवालमा हुने विचार विवेचनाका अभियन्ता नै थिए। तिनीहरू शक्तिलाई कुनै निश्चित सामाजिक स्थानमा हुने जटिल रणनीतिक अवस्थाको रूपमा हेर्थे। शक्तिसम्बन्धी विवेचनाका क्रममा पछि एन्थोनी गिडन्सले पनि महत्वपूर्ण योगदान दिए। उनले विशेष गरी शक्तिले कसरी सक्रियता बढाउँछ भन्ने अवधारणा पेश गरेका थिए (टार्नो, २०००; डोडिङ, १९९६; फ्रेन्च र राभेन, १९५९)। शक्ति प्रायः दुई तत्व मिलेर बनेको हुन्छ, भौतिक शक्ति (जसमा दबाबपूर्ण बल वा बल प्रयोगको त्रास पनि समावेश हुन्छ) र राजनीतिक शक्ति। त्यसैले शक्तिलाई सरल रूपमा बुझ्दा कार्य र प्रतिकार्यका माध्यमले समाजमा परिवर्तन ल्याउने एकपक्षीय वास्तविक अथवा मनचिन्ते क्षमता वा सम्भावना हो भन्न सकिन्छ (क्लासट्रेस, १९७४)।

शक्ति प्रायः सम्बन्ध-संरचनाहरूमा देखिन्छ र यसलाई अर्को कर्ता वा कर्ताहरूको समूहसँग तुलना गर्नुपर्ने हुन्छ। निश्चित सामाजिक परिवेशमा अर्को

कुनै कर्ता वा कर्ताहरूको समूहसँग तुलना नगरी कुनै सामाजिक कर्ता धेरै शक्तिशाली छ भन्नु सम्भव हुँदैन। यसरी यो नीच तथा उच्च तह, कमजोर तथा बलियो वा प्रभावशाली तथा प्रभावहीन जस्तो निश्चित सम्बन्धमा देखिन पुग्छ। कुनै एक कर्ताको कार्य तथा व्यवहारमाथि नियन्त्रण गर्न अर्को कर्ताले त्यसमाथि नियन्त्रणका उपाय तथा प्रभाव पार्ने बलको समेत अभ्यास गर्नुपर्ने हुन्छ। यस्तो तथ्यलाई कार्यगत विनिमय (अपरेसनल रेसिप्रोकलटी) भनिन्छ र यो शक्तिको एउटा विशेषताअन्तर्गत नै पर्छ। शक्तिले सम्बन्ध तथा विनिमय दुवै तहमा काम गर्छ। यसलाई समाजशास्त्रीय शब्दमा शक्तिको सन्तुलन तथा राजनीतिशास्त्रीय शब्दमा शक्तिको अभ्यास भन्ने गरिन्छ। यसरी समाजशास्त्रीय दृष्टिकोणमा भने शक्तिलाई प्रायः एकपक्षीय बलको रूपमा हेर्ने गरिन्छ (टार्नो, २०००; डोडिङ, १९९६)।

संरचनावादी सामाजिक सिद्धान्तमा शक्तिलाई सामाजिक संरचनाभित्रै गाँसिएको एउटा प्रक्रियाको रूपमा व्याख्या गरिन्छ। शक्ति कुनै पनि समाजमा अधिकारप्राप्त निकायबाट निश्चित लोकतान्त्रिक प्रक्रिया (उदाहरणको लागि चुनाव), व्यक्तिगत रूपको प्रभावशाली छवि अथवा आर्जित छवि (उदाहरणको लागि प्रमाणित तथ्यविना नै काल्पनिक रूपले ग्रहण गरिएको भनिएका क्षमताहरू) वा विज्ञता (जस्तै; खुबी, सीप, ज्ञान) वा बहकाइ (प्रत्यक्ष वा परोक्ष) वा त पैसा र स्रोतहरू (रकमको प्रभाव, अधीनत्वको नियन्त्रण) को प्रयोग वा बल (हिंसा, सैनिक बल) वा धार्मिक प्रभाव आदिद्वारा पाउन सकिन्छ। जे.के. गल्ब्रेथ[५]ले शक्तिलाई निम्न समूहमा विभाजन गरेका छन्:

- बलमा आधारित,
- क्षतिपूरक (विभिन्न स्रोतहरूको प्रयोगले),
- शर्तपूर्ण (बहकावको परिणामका रूपमा),
- व्यक्तिगत छविको प्रभाव,
- सम्पत्तिको प्रयोग, र
- संस्थागत शक्ति।

सामाजिक शक्ति भनेको कुनै एउटा कर्ताले अर्को कर्ताको लाभ पाउने संरचनालाई नै परिवर्तन गर्न सक्ने खुबी हो। यस्ता कार्यहरू प्रायः परिणाममुखी हुन्छन्। तसर्थ, सामाजिक शक्तिको दृष्टिले विभिन्न कर्ताहरूबीचको सामाजिक अन्तरक्रियाले तिनीहरूमा अरूमाथि (एउटा शक्तिशाली कर्ताद्वारा अर्को शक्तिहीन कर्तामाथि) शक्ति लाद्न सक्ने क्षमताको विकास गराउँछ। मार्क्सवादी परम्पराको अनुसरण गर्दै इटालियन समाजशास्त्री एन्टोनियो ग्राम्स्कीले

[५] *जे. के. गल्ब्रेथको पुस्तक 'एन एनाटमी अफ पावर' ले शक्ति सम्बन्धबारे विस्तृत चर्चा गरेको छ।*

विचारधाराहरूमा शक्तिको साधनका रूपमा सांस्कृतिक प्रभुत्वको भूमिकाबारे विस्तृत व्याख्या गरेका छन्। शक्ति प्रायः पुरुषत्वमा केन्द्रित रहने गरेकोले नारीवादी कृतिहरूमा शक्तिलाई पितृसत्तासँग जोड्ने गरिएको पाइन्छ। त्यसैले महिलावादीहरूले '... माथिको शक्ति' (पावर ओभर) (अरू व्यक्तिमाथिको प्रभाव) र '... सक्ने शक्ति' (पावर टु) (कार्य गर्न सक्ने क्षमता) जस्ता शब्दहरू प्रयोग गर्ने गर्छन्। नारीवादी दृष्टिकोणमा शक्ति भनेको लैङ्गिकता, वर्ण, लिङ्ग, वर्ग तथा सामाजिक विभाजनका अन्य स्वरूपसँग सम्बन्धित भएर रचिएका सामाजिक मान्यताका उपज हुन् (डोडिङ, १९९६; फ्रेन्च र राभेन, १९५९)।

मिसेल फोकल्टले मानवका प्रत्येक क्रियाकलापमा शक्ति प्रतिबिम्बित हुने तर्क गर्छन्। उनको शक्ति विश्लेषण शक्तिको प्रविधि (टेक्नलजी अफ पावर) भन्ने विचारमा आधारित छ। यो धारणाले आजसम्म विकसित भएका शक्ति प्रविधिका जटिल बोझहरूलाई जनाउँछ। उनको दृष्टिकोणमा शक्ति भनेको समाजका सदस्यहरूबीचको क्रिया तथा प्रतिक्रिया हो। उनले शक्तिको अर्थको रूपमा ज्ञानलाई धेरै जोड दिन्छन्। धेरै मानिसहरूका विचार तिनको विश्वास पद्धतिमा सम्बन्धित हुने भएकोल फोकल्टले विश्वास पद्धतिलाई नै शक्तिको स्वरूप भनेका छन्। उनले यसलाई साझा ज्ञान वा प्रभुत्व भनी व्याख्या गरेका छन्। निश्चित विश्वास पद्धतिहरूले आधिकारिकतालाई परिभाषित गर्छन् र तिनैका माध्यमले शक्ति दिन्छन् (टार्नो, २०००; फ्रेन्च र राभेन, १९५९)।

शक्तिको अनुचित र अविवेकी प्रयोगले समाजलाई ध्रुवीकरण गरी विभिन्न समूहहरूमा विभाजन गरिदिन्छ। वैभव, सामाजिक स्तर, स्थान तथा अधिकार र पहिचानमा एकै खालका भएकाहरू एउटै सामाजिक-राजनीतिक अभिरुचिका साथ एकै ठाउँमा उभिन्छन्। अनि तिनीहरू सबैले तिनै अभिरुचिलाई संवर्द्धन गर्नको लागि काम गर्छन्। आर्थिक रूपले विपन्न, सामाजिक रूपले सीमान्तीकृत र राजनीतिक रूपले बहिष्कृतहरूले पछि पारिएकाहरूको एउटा ठूलो ढिक्काको निर्माण गर्छन्। तर यिनीहरूको समूह आफ्ना साझा हित खोज्न र हित आधारित मेलमिलाप निर्माण गर्नमा भने कमजोर हुन्छन्। विशेषतः यस्तो हुनुको पछाडि ज्ञान, स्रोत र सूचनाको अभाव नै हुन्छ। यस्तो ध्रुवीकरण नै द्वन्द्वको उद्भव गराउन र यसलाई चर्काउन उर्वर भूमि बनिदिन्छ (क्लासट्रेस, १९७४; फ्रेन्च र राभेन, १९५९)। नेपालको सशस्त्र द्वन्द्वलाई पनि यही प्रारूपमा हेर्न सकिन्छ।

विभिन्न सामाजिक समूहहरूबीचको असमानतालाई पनि द्वन्द्वको एउटा महत्वपूर्ण कारकको रूपमा लिन सकिन्छ। माथि चर्चा गरेजस्तै, सामन्ती र परम्परागत समाजमा भूमि असमानताको स्रोतको रूपमा रहेको छ। असमानता र द्वन्द्वको सम्बन्ध समाजभित्रै स्पर्धा गरिरहेका समूहहरूमा हुने विशेषाधिकार र

नैराश्यमा आधारित हुन्छ। यस्तो अवस्था युरोपमा सत्रौँ तथा अठारौँ शताब्दीमा र एसिया तथा अफ्रिकामा उन्नाइसौँ र बीसौँ शताब्दीहरूमा देखिएको थियो। नेपालको सशस्त्र द्वन्द्व पनि सदियौँ पुरानो असमानताको अभिव्यक्ति नै हो।

विकासोन्मुख देशहरूमा दाताका सहायता नीतिहरूलाई पनि बारम्बार द्वन्द्वको प्रमुख कारक भन्ने गरिएको पाइन्छ। तिनीहरूका सहायता प्राय: यथास्थितिलाई संवर्द्धन गर्न, विद्यमान शक्ति सम्बन्धलाई झनै सुदृढ बनाउन तथा निश्चित अभिरुचिहरू लाद्नमा निर्देशित रहेका हुन्छन् (बिगोम्बे र अरू, २०००)। उदाहरणका लागि विश्व ब्याङ्कको संरचनागत समायोजन कार्यक्रम (स्ट्रक्चरल एड्जस्टमन्ट प्रग्रचाम) ले गरीब र धनीजस्ता भिन्न आर्थिक समूहबीचको तनावलाई बढावा दिनुका साथै कमजोर परिस्थितिमा द्वन्द्वसमेत निम्त्याएको थियो। यस्ता घटनाहरू रुवाण्डा (स्टोरी, १९९९), सिएरा लिओन र लाइबेरिया (विक्स र क्रयामर, १९९९) मा भएका थिए। सन् असीको दशकमा दाताहरूको हस्तक्षेपले (विशेषगरी जिम्बावेमा गरीब काला मानिसहरूलाई पूर्व साम्राज्यवादी शक्तिद्वारा जमिनको पुनर्वितरण गर्दा) भूमि सुधारमा गहिरो द्वन्द्व निम्त्याएको थियो (एचआरडब्ल्यू, २००२)। जिम्बावे सरकारलाई जमिन किन्न दिइएको कोषमा निर्धारित शर्तले भूमि वितरणको कामलाई लगभग असम्भव नै बनाइदियो। किनकि त्यतिबेला इच्छुक बिक्रेताहरूसँग जमिन किन्नको लागि सरकारले पूर्ण बजार भाउ नै तिर्नुपर्ने भयो। यस्तो शर्त कमसल जमिनलाई उच्च मूल्यमा किन्न सघाउ पुर्‍याउने खालको मात्रै थियो। त्यो भूमि वितरण बेलायती मूलका श्वेत जग्गाधनीहरू तथा रोडेसियन बिरुवा खेती क्षेत्रका बहुराष्ट्रिय कम्पनीहरूको अभिरुचिले भरिएको थियो (एचआरडब्ल्यू, २००२)। पाकिस्तानमा विश्व ब्याङ्कले भूमि करको सुरुआत गर्‍यो। अन्तर्राष्ट्रिय वित्तीय निकायहरूले वकालत गर्ने गरेका सम्भावित भूमि सुधारको कठोर बजार केन्द्रित व्यवस्था (जस्तै; भूमि सुधारको तत्वको रूपमा भूमि ब्याङ्कको प्रावधान) ले झनै समस्या निम्त्यायो। यस्ता निकायहरूद्वारा राखिएका विभिन्न शर्तले भूमिसम्बन्धी निकै जटिल समस्या जन्माउनुका साथै विश्वका विभिन्न भागमा सामाजिक तनाव पनि निम्त्याएका छन्। उदाहरणका लागि एसियाली विकास ब्याङ्कले दीर्घकालीन कृषि योजना (एग्रिकल्चरल पर्स्पेक्टिभ प्लान) लाई ऋण सहयोग दिँदा गैर नाफामुखी खाद्य भण्डार-गृहहरूमा दिइएको अनुदान उन्मूलन गर्नुपर्ने शर्त राखेको थियो। यसले दुर्गम क्षेत्रमा भोकमरीको सिर्जना मात्रै गरेन, निकै गहिरो तनाव पनि जन्माइदियो। फलत: नेपालमा भइरहेको सशस्त्र द्वन्द्वलाई झनै बढावा पुगेको थियो। युरोपेली र उत्तर अमेरिकी राष्ट्रहरूले आफ्ना किसानलाई चाहिँ अनुदान उपलब्ध गराइरहेका छन्। तर तिनले नै विकासोन्मुख देशमा सहायता गर्दा भने कृषिमा दिइएको त्यस्तै अनुदानलाई

हटाउने शर्त अघि सार्ने गरेका छन्। विकसित देशहरूको यस्तो द्वैध नीति आफैँमा विकासोन्मुख देशहरूमा हुने द्वन्द्वको स्रोत बन्ने गरेको छ।

भूमि रक्तपातपूर्ण द्वन्द्व र क्षेत्रीय अस्थिरताको मुख्य स्रोत बनेको केही उदाहरणहरू छन्। दक्षिणी फिलिपिन्समा मिन्दानाओ द्वन्द्वको उद्भव र विस्तार तथा प्यालेष्टाइन र इजरायलबीच भइरहेको द्वन्द्व संसारमा भूमिआधारित तनावका दुई ज्वलन्त उदाहरणहरू हुन्।

नेपालमा भूमि सामन्तवादको एउटा ऐतिहासिक साधन हो र सामन्ती राज्यको राजस्वको स्रोत पनि हो। ऐतिहासिक रूपमा नै भूमिलाई राज्यको सम्पत्तिको रूपमा (राज्यको जमिन्दारी) मानिन्थ्यो र यस्तो भूमिलाई 'रैकर' भनिन्थ्यो (रेग्मी, १९७६)। महेशचन्द्र रेग्मीले नेपालमा रैकर र किपट गरेर जम्मा दुई खालको भूमि मोहियानी व्यवस्था थियो भन्ने तर्क गर्छन्। भूमिका अरू सबै मोहियानी स्वरूपहरू रैकरबाटै बनाइएका हुन् (रेग्मी, १९७६, १९७८)। वि.सं. २००७ बाट रैकर जमिनको अर्थ सरकारी जमिनबाट व्यक्तिगत जमिनको रूपमा परिवर्तन भएको छ। रैकर भूअधीनत्वले ती जमिनमाथि अन्ततः राज्यको अधीनत्व रहेको जनाउँछ। यसरी यस्ता जमिनमा वास्तवमा व्यक्तिहरूले राज्यको प्रत्यक्ष मोहीको रूपमा खेतीपाती गर्दै आएका हुन्छन्।

त्यति बेला राज्यलाई बिक्री, धरौटी वा निगाहमा कुनै पनि जग्गा लिन सक्ने अधिकार थियो। यस्तो अधिकारको प्रयोग गरेर शासकहरूले खेती गरिएका वा नगरिएका राज्य अधीनत्वका जमिनहरू जागिर, बिर्ता, रकम, सेरा र राज्यका नाममा आफूप्रति बफादार हुनेलाई र उपकारी तथा धार्मिक संगठनहरूलाई गुठीको रूपमा दान दिए (रेग्मी, १९६३, १९७६)। यसरी व्यक्ति तथा संस्थाहरूलाई जानाजान जमिन दिनुको कारण तिनले राज्यलाई पुऱ्याएका सेवाप्रति कृतज्ञता प्रकट गर्नुमात्रै नभएर तिनको बफादारिता सुनिश्चित गर्नु तथा सामाजिक र धार्मिक गतिविधिहरूको प्रवर्द्धन गर्नु पनि थियो। तसर्थ नेपालमा ऐतिहासिक रूपमा नै विद्यमान भूमिको मोहियानी व्यवस्था अझै पनि असमानता, सामाजिक बहिष्करण र शक्तिमुखी सामाजिक सम्बन्धको प्रमुख स्रोतको रूपमा रहेको छ।

इतिहासकालमा राज्यलाई पुऱ्याएको सेवाका लागि कुनै भलाद्मीलाई पुरस्कारको रूपमा जमिन दिने प्रचलन थियो। बिर्ता पनि भूमिदानको एउटा स्वरूप थियो। यस व्यवस्थाअन्तर्गत दिइएको जमिनको लागि कुनै समय-सीमा हुँदैनथ्यो। यसलाई राज्यले कब्जा नगरेसम्म वा फिर्ता नलिएसम्म भाडामा लगाउन वा आफ्नो बनाउन सकिन्थ्यो। बिर्ता धनीहरूलाई प्रायः जमिन अपनाउने, भोगचलन गर्ने, बेच्ने, आवधिक रूपमा भाडामा दिने, भागबण्डा गर्ने

र मञ्जुरीनामा गरी अरू कसैलाई दिनसक्ने पूर्ण अधिकार थियो। धेरैजसो बिर्ता जमिनहरूमा कर लाग्दैनथ्यो। यस्तो पद्धति आधुनिक नेपालमा निजी भूमि-सम्पत्ति व्यवस्थाको जग र भूमि आधारित शोषणको स्रोत पनि बनेको थियो। जागिर पनि यस्तै अर्को स्वरूप थियो। जागिर भूमिको अधीनत्व अरूभन्दा धेरै सूक्ष्म र शर्तपूर्ण थियो। यस्तो जमिन शासनमा रहेका सम्भ्रान्त परिवारका सदस्यहरूलाई भन्दा सरकारी कर्मचारीहरूलाई दिने गरिन्थ्यो। जागिर जमिनमा तलबको सट्टा रैकर जमिनबाट आउने आम्दानी लिन पाउने व्यवस्था थियो। यसलाई अरूलाई दिन वा बेच्न भने पाइँदैनथ्यो। रोजगारीको वैधता सकिनासाथ वा सरकारको आदेशमा यस्तो जमिनमाथिको अधिकार सकिन सक्थ्यो। वि.सं. २०१६ मा बिर्ता उन्मूलन ऐन लागू भएपछि बिर्ता र जागिर दुवै खालका भूमि व्यवस्थाको उन्मूलन भयो र सबै जमिन रैकर भूमिमा बदलियो (न्यू एरा, १९८८:२८-३१)।

सेरा एउटा अर्को खालको भूमि मोहियानी व्यवस्था थियो। यसलाई राजदरबारले खाद्यान्न तथा भूमिसम्बन्धी अरू आवश्यकता पूर्ति गर्नका लागि खुला रूपमा नै प्रयोग गरेको थियो। जमिनमाथिको यस्तो मोहियानी व्यवस्थाले भूमि स्रोतमाथिको पूर्ण नियन्त्रण दरबारको हातमा रहेको र यसलाई तिनकै इच्छापूर्तिको लागि प्रयोग गरिएको स्पष्ट देखाउँछ। यसैगरी रकम भनिने मोहियानी व्यवस्थामा खेतीकर्ताले सरकारलाई सिकर्मी, डकर्मी तथा हुलाकी भएर अनिवार्य रूपमा निःशुल्क श्रमिकहरू उपलब्ध गराउनुपर्थ्यो। राज्य जमिन भनेको शाही परिवारका सदस्य र भारदारहरूलाई राज्यको पुरस्कार भनेर दिइने मोहियानीकै परिमार्जित रूप थियो। राणाकालसम्म पनि यस्तो खालका भूमिदानका अभ्यासहरू सामान्य नै थिए। शासकहरूले सैनिक सेवाका व्यक्तिलाई रिझाउन पनि जमिनको ठूलो हिस्सा दान गरेका थिए। भूमिदानको चलनलाई राणा शासकहरूले तिनका नातेदार र प्रमुख कर्मचारीमै सीमित राखेका थिए। भूमिदानका यी सबै खालका चलनहरूबाहेक गुठी भनिने अर्को खालको भूमिदान पनि थियो। गुठी व्यवस्थामा मानवतावादीहरूले धार्मिक वा परोपकारी उद्देश्यले सम्पत्तिदान गर्थे। मठमन्दिर वा देवी-देवता पूज्दा नियमित वा पर्व विशेषमा आइपर्ने धार्मिक क्रियाकलाप र उत्सव आदिमा यसको प्रयोजन हुन्थ्यो। यसरी तिनको निर्माण, संवर्द्धन वा मन्दिरहरूको सञ्चालन, धार्मिक पाटी, बाटो छेऊका पौवा, इनार, टचाङ्की, पोखरी, ढुंगेधारा तथा पिउने पानी, बाटोघाटो, स्नानघाट, पुल, चौतारा, औषधालय, अस्पताल, पुस्तकालय र विद्यालयजस्ता सेवा एवं तिनको व्यवस्थापनका लागि पनि गुठीको प्रयोग गरिन्थ्यो। गुठीको भूमि उपभोग प्रचलनमा जमिन्दारहरूले धार्मिक उद्देश्यले निजी जमिन (राज्यबाट पाएका) प्रदान गर्ने चलन पनि थियो। शासकहरूले

अभ्यास गरेका यी सबै भूमिदानका प्रचलनहरूले केन्द्रिकृत एवं वर्गीय समाजलाई सुदृढ पार्नुका साथै बहिष्करण र अन्तत: सामाजिक द्वन्द्वलाई झनै बढावा दिएका थिए।

किपट सामुदायिक भूमि उपभोगको एउटा प्राचीन व्यवस्था थियो। यसमा निश्चित जनजाति समूहलाई तिनको चलिआएको सामुदायिक उपभोगका आधारमा तिनकै राजाले जमिन दिएका हुन्थे। मानिसहरूलाई निश्चित ठाउँमा खेती गर्ने र अरू भागबाट वन पैदावर संकलन गर्ने अनुमति दिने/नदिने अधिकार राज्यप्रमुखलाई हुन्थ्यो (रेग्मी, १९७८)। किपट व्यवस्थामा छुट्टाछुट्टै जनजाति समुदायले तोकिएको ठाउँमा छुट्टाछुट्टै किपट जमिनको अधिकार पाउँथे (रेग्मी, १९६३)। रेग्मी (१९७२:२७) लेख्छन्, "आफ्नो क्षमताअनुसार खेती गरेका किपट कमाउने जनजाति समुदायका जो कोही पनि सदस्य यसको लागि राज्यसँग नभएर प्रथमत: आफ्नै समुदायसँग निष्ठावान् हुन्थे।" यसरी वि.सं. २००७ सम्म राज्यको कृषि र वनको जमिनमध्ये लगभग एक तिहाइ जमिन व्यक्तिहरूको हातमा पुगिसकेको थियो। यसभन्दा बाँकी अरू सबै राणाहरूकै नियन्त्रणमा थियो (रेग्मी, १९७८)। राणाहरूद्वारा मनपराइएका स्थानीय कर्मचारीले गाउँ-गाउँमा भूमिदानको नीति लागू गरे। यसबाट तिनले आफ्नो पक्षमा निकै फाइदा कमाउन सफल भए। जागिर र बिर्ता जमिनको रूपमा तिनले आफ्नो लागि धेरै सम्पत्ति जोडे। अनि तिनै जमिनमा विपन्न किसानहरूलाई मोहियानी लगाए। एवम् रीतले स्थानीय कर्मचारीहरू जमिन्दारमा परिणत भए। विपन्न किसानले आफ्नो उत्पादित अन्नको आधा भाग स्थानीय जमिन्दारहरूलाई अधियाँ स्वरूप बुझाउनुपर्ने भयो (उप्रेती, २००४सी)।

भूमिदानको प्रचलन यसरी अघि बढ्दै जाँदा जमिन्दारहरूले तिनको जमिनको तिरो सुनिश्चित गर्न कूत (करार) को चलन ल्याए। यस्तो प्रचलनमा धेरै तिरो तिर्न सक्नेले मात्रै करारमा जमिन पाउने भए। उत्पादन धेरै वा थोरै जति भए पनि वा कत्ति पनि नभए पनि किसानहरूले जमिनको कूत तिर्नुपर्ने भयो। अन्तत: यस्ता विपन्न किसानहरू सजिलै जागिर र बिर्ताधनीका दास श्रमिक बन्न पुगे (रेग्मी, १९७८)। यो संरचनागत र मनोमानी ढंगले असमान समाजको सिर्जना गर्ने र सामाजिक द्वन्द्वको बीऊ रोप्ने एउटा उदाहरण थियो।

आदिवासी समुदायका इतिहासलाई हेर्ने हो भने तिनमा व्यक्तिगत सम्पत्ति अधीनत्वको प्रचलन थिएन। भूमि तिनका लागि साझा सम्पत्ति थियो र यसलाई सदस्यहरूले आफ्नो आवश्यकता अनुसार उपभोग गर्थे। सम्भ्रान्त शासकहरूले भूमिदानको प्रचलन सुरु गरेपछि स्रोतको यस्तो परम्परागत उपयोग प्रणाली नै तहसनहस भयो। त्यसपछि क्रमश: आदिवासी समुदायमा चलिआएको

आदिवासी सामुदायिक भूमि उपभोग व्यवस्था तथा राज्य प्रशासनअन्तर्गतको राज्य-नियन्त्रित भूमि उपभोग व्यवस्थाबीच तनाव सिर्जना भयो। यही नै पछि गएर सामाजिक द्वन्द्वको निरन्तर स्रोत बन्न पुग्यो (उप्रेती र अधिकारी, २००६)।

आधुनिक भूमि नियन्त्रण व्यवस्थाको सुरुआत गरेर राज्यले समाजमा अरू तनाव निम्त्याएको भूमि प्रशासन प्रणालीको उद्विकासले देखाउँछ। जब आदिवासी समुदायले तिनका चासोका विषयहरू उठाउन थाले, राज्यले ती विषयलाई झनै अस्वीकार गर्न थाल्यो। आदिवासी व्यक्तिहरूको पुर्ख्यौली जमिन क्षेत्रमाथिको अधिकारलाई लामो समयसम्म बेवास्ता गरियो। तर जे भए पनि पछिल्ला वर्षहरूमा आदिवासी अधिकार केन्द्रित आन्दोलनले गति लिन थाल्यो र अन्तर्राष्ट्रिय परिस्थिति पनि थप सहज बन्दै गयो। विशेष रूपमा अन्तर्राष्ट्रिय श्रम संगठनको सम्मेलन-१६९ ले राष्ट्रहरूलाई आदिवासी जनताका भूमि अधिकार र तिनको व्यवस्थापन प्रणालीलाई पहिचान दिन दह्रो दबाब दिएपछि यी सबै विषयहरू सम्भव बन्दै गए। तर पनि नेपालमा शासक वर्ग र निर्णयकर्ताहरूमा शताब्दीऔँ पुरानो सामन्ती सोचको अवशेषका रूपमा रहेको अवधारणागत अस्पष्टताले गर्दा नीति निर्णयमा अद्यापि थुप्रै असामञ्जस्यता कायमै छ।

समयकालसँगै गरीब र सीमान्तीकृत जनता भूमिहीन बन्दैजानुका साथै अरू स्रोतहरूसँग पनि पहुँचविहीन बनिरहेका छन्। यसले तिनलाई स्रोतबाट झनै वञ्चित गराउने पासोतिर धकेलिरहेको छ (उप्रेती र अधिकारी, २००६)। तिनले परम्परागत भूमि अधिकारमात्रै होइन, जीविकाको राम्रो माध्यम पनि गुमाएका छन्। यसमाथि पनि विश्वव्यापीकरण र निजीकरणको दबाबले तिनलाई झनै सीमान्तीकृत बनाएको छ (भण्डारी, २००३)। असमान घरायसी शक्ति सम्बन्ध र बाह्य प्रभाव (सहायता शर्त, हस्तक्षेप आदि) ले स्रोतहरूसँगको पहुँचबाट जनतालाई वञ्चित गराउने संयन्त्रहरू सिर्जना गर्न र तिनलाई सुदृढ गराउन निकै सहयोग पुऱ्याइरहेका छन्।

## ६.३ भूमिसँगको पहुँच तथा अधीनत्व र द्वन्द्व

धेरै दक्षिण एसियाली मुलुकहरूमा भएको भूअधीनत्वको व्यवस्थापन प्रायजसो असमान हुनुका साथै जमिन्दारी प्रथालाई बढावा दिने खालका छन्। नेपालको सन्दर्भमा गरीब र सीमान्तीकृत किसानहरू राज्य प्रणालीको लाभ पाउनबाट समेत वञ्चित छन्। यसमाथि जमिन्दारी प्रथाले तिनको आर्थिक विकासमा झनै बाधा पुऱ्याएको छ। जमिन्दारहरूले आफ्ना जमिन मोहियानीमा लगाएर तथा निःशुल्क श्रमसाथै कोसेली र मुख्यौलीजस्ता विभिन्न खाले तिरो मगाएर विपन्न किसानहरूलाई शोषण गर्छन्। अरू त अरू, तिनले निमुखा किसानबाट पहिले नै बालीको तिरोसमेत लिइसकेका हुन्छन्। धेरैजसो मूल्यवान् जमिनको अधीनत्व

स्थानीय सम्भ्रान्त व्यक्ति तथा शक्ति केन्द्रहरूका हातमा हुने गर्छ। इसिमोडका लागि सामाजिक-आर्थिक तथा जनजातीय-राजनीतिक अनुसन्धान तथा तालिम परामर्श (प्रा.) लिमिटेडले सन् २००० मा गरेको अध्ययनको निष्कर्षमा लेखिएको छ, "सामान्यतया नेपालका भूमि नीतिले बहुसंख्यक जनसंख्यालाई नकरात्मक असर पारेको र भूमिको गुणस्तरमै ह्रास गराएको पाइएको छ। भूमिमा आएको यो ह्रासले गरीबीलाई बढाएको र गरीबीले भूमिको ह्रासमा झनै गम्भीर असर पारेको हुनाले यिनीहरू पारस्परिक रूपले सहयोग पुऱ्याउने प्रक्रिया बनेका छन्। भूअधीनत्व तथा उपभोग अधिकार समता र कार्यदक्षता दुवैका दृष्टिले प्रतिकूल देखिएका छन्।" (इसिमोड, २०००)।

गरीब जनताको भूमि स्रोतसँगको पहुँच नेपालमा कहिल्यै पनि नसुल्झिएको नित्य मुद्दा बनिरहेको छ। यसलाई सल्टचाउनको लागि गएको चार दशकमा सरकारबाट विभिन्न उच्चस्तरीय आयोग, कार्यदल तथा कार्य समितिहरू गठन गरिए पनि तिनका कुनै ठोस नतिजा देखिएनन्। सरकारी कानून, नीति तथा नियमहरूले गरीब जनताको भूमि र भूमि आधारित स्रोतहरूसँगको पहुँचलाई सुनिश्चित गर्न सकेनन्। तर यस्ता नीति-नियमहरू सम्भ्रान्त तथा जमिन्दारहरूका पक्षमा कार्यान्वयन गराउन अहिलेको शक्ति सम्बन्धको बलियो प्रभाव रहेको छ। अहिले गरीब तथा सीमान्तीकृत जनताहरूको चासो मुख्यत: निम्न विषयहरूमा छ:

- भूमि तथा भूमि आधारित उत्पादनका स्रोतहरूसँगको पहुँच र तिनमाथिको अधीनत्व
- यस्ता स्रोतहरूको समतामूलक लाभ वितरणका साथै परम्परागत अधिकारको सुरक्षा
- निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता, तथा
- सूचना र न्यायसँगको पहुँच।

नेपालमा भूमि स्रोतको अधीनत्वले ऐश, शक्ति, सामाजिक प्रतिष्ठा र जीविकाको सुरक्षा प्रदान गर्छ। जे भएपनि निम्न जातका मानिसहरू, विशेषगरी जातीय प्रथाभित्र पर्ने दलित तथा जनजाति समूहहरू, सधैंजसो सीमान्तीकृत भएका हुन्छन्। तिनको लागि भूअधीनत्व नै मुख्य चासोको विषय बन्छ। उदाहरणका लागि आदिवासी समूहका ८०% जनसंख्या 'सीमान्तीकृत किसान' (०.४० हेक्टरभन्दा कम भएका) वा 'साना किसान' (०.४०-०.८० हेक्टर भएका) छन्। यस्तो निम्नस्तरको भूअधीनत्वको कारणले तिनीहरू बढ्दो खाद्य असुरक्षाको मारमा छन्। कमाएर खानको लागि आफ्नो जमिन नभएकोले यिनीहरूमध्ये धेरैजसो त ज्यालादारी श्रममै निर्भर रहन्छन्। भूमिहीन भएकै कारण यस्ता बहुसंख्यक जनता भूमि अधीनत्वमा आधारित अन्य स्रोतहरूसँग पनि

पहुँचविहीन छन्। केवल २.८% थारु, ०.३२% तामाङ, ०.७६% राई र ०.६३% मगर समुदायसँग मात्रै १० एकडभन्दा बढी आफैँले कमाउने गरेको भूमि छ (युएनडिपी, २००४:६३)।

भूअधीनत्व नभएका कारणले जनसंख्याको एउटा ठूलो हिस्सा गैरकृषि रोजगारीको अवसरबाट वञ्चित छन्। गैरकृषि रोजगारी लगानीको लागि रकम जुटाउन पनि महत्वपूर्ण क्षेत्र हो। तर जनसंख्याको यस्तो हिस्सा अझै पनि कृषि श्रमिक वा कबुलियती मोही बनेर जीविका धानिरहेका छन्। प्रायजसो कमैया (बँधुवा श्रमिक), कम्लरी (घरायसी महिला श्रमिक), कमारा/कमारी, गोठाला, खेताला, हरुवा, चरुवा र भरियाहरूले यस्तै समस्या भोगिरहेका छन्। खासमा तिनको भूमि र अरू प्राकृतिक स्रोतसँगको पहुँचले सुरक्षित जीविकाको आधार प्रदान गर्छ। गरीब तथा विपन्न जनताको भूमि स्रोतसँगको पहुँच मिल्दो नीति, अनुकूल विधेयक, उत्तरदायी संस्था र नीति तथा विधेयकहरूलाई प्रभावकारी तरिकाले व्यवहारमा रूपान्तरण गर्नुमा निर्भर रहन्छ (उप्रेती, २००४ए, सी र डी) तर नेपालमा यही कुराको गम्भीर अभाव छ।

नेपाली आदिवासी जनता भूमि स्रोतसँग विशेष सम्बन्ध राख्थे र तिनको पहिचान पनि यस्तै आधारभूत सम्बन्धले निर्धारण गरेको थियो (काप्लान, १९९०)। आदिवासी जनताले यस राज्यको भौगोलिक एकीकरणसँगै भूमि, भूमि आधारित स्रोत र तिनका कर्मथलोहरूमाथिको परम्परागत अधिकार गुमाए (गुरुङ, २००५)। विशेषगरी तामाङ, दनुवार, सुनुवार, माझी, चेपाङ, हायू, शेर्पा, कुमाल, लेप्चा, राई आदिका परम्परागत रूपमा सामुदायिक रहिआएका जमिनहरू किपट भनेर चिनिन्थे। यसरी किपट भन्नाले सामुदायिक अधीनत्व भएको र साझा रूपमा उपयोग गरिआएको भूमिलाई बुझिन्थ्यो। यस्ता किपट जमिनहरू राज्यको एकीकरणसँगै (विशेषगरी भूमि सुधार ऐन वि.सं. २०२१ पछि) खोसिए। यस्ता जमिनहरू पछि अरू व्यक्तिहरूलाई प्रदान गरियो (काप्लान, २०००)। यसमाथि भूमिजस्ता राज्यका अरू संसाधनहरू आदिवासी जनतालाई वितरण गरियो किनकि त्यतिबेलाको राजनीतिक शक्ति आदिवासी बाहेकका अरू समूहहरूमा हावी थियो।

सीमान्तीकृत तथा गरीब जनताहरू सामान्यतया शक्ति केन्द्रहरूको वरिपरि नै बसोबास गरिरहेका थिए तर तिनलाई धेरै मात्रामा कर लगाइन्थ्यो (रेग्मी, १९७२)। कर तिर्न नसक्नेहरूले जमिन नै छोड्नुपर्थ्यो। त्यसैले आदिवासी जनताले आफ्नो थलोसमेत छोड्नुपरेको थियो। यसरी तिनको पुर्ख्यौली जमिनमा अरू नै नयाँ बस्ती पनि बसेको पाइन्छ। यी जनतामा जमिन मापनको कुनै अवधारणा नै थिएन। वास्तवमा तिनीहरू धरतीलाई आफ्नो 'आमा' मान्थे। त्यसैले यसको मापन गर्ने विचार नै मन पराउँदैनथे। तर जमिन नाप्न

थालिएपछि तिनीहरूले सामुदायिक रूपमा भोगचलन गरिरहेको भूमिलाई व्यक्तिगत आधारमा विभाजन गर्नुपर्ने भयो। जसले सामुदायिक अधीनत्व भएका जमिनलाई व्यक्तिगत जमिनको रूपमा दाबी गर्दैनथ्यो, ऊ त्यसमाथिको सम्पूर्ण अधिकारबाटै वञ्चित हुन्थ्यो।

इतिहासलाई हेर्दा आदिवासी जनताको प्राकृतिक अर्थ व्यवस्थाले तिनीहरूसँग आधुनिक खालको सम्पत्ति अधीनत्व, पुँजी निर्माण, विनिमय र लगानीमा ब्याज वा नाफाको कुनै अवधारणा नै नभएको देखाउँछ (उप्रेती र अधिकारी, २००६)। राष्ट्रिय भाषाको ज्ञान, आधारभूत साक्षरता र गणितीय सीप तिनीहरूको लागि अर्को समस्या बनेको थियो। दक्ष सीपको अभाव हुनाले तिनीहरूलाई सम्भ्रान्त, नयाँ आप्रवासी तथा शक्तिको पहुँचमा भएका व्यक्तिहरूले झनै शोष्ने अवसर पाए। वि.सं. २०२० को दशकको मध्यतिर पूर्वी नेपालमा लिओनल काप्लानले हिन्दू-आदिवासी सम्बन्धबारे गरेका अध्ययनले आदिवासी जनताले कसरी यस्तो अर्थ-राजनीतिक सम्बन्धलाई गुमाए भन्ने समयक्रमलाई प्रस्टचाएको छ (काप्लान, २०००)।

जातीय तथा वर्गीय रूपले असमान सामाजिक शक्ति सम्बन्धलाई हिन्दूकरण तथा संस्कृतीयकरण (संस्कृटाइजेसन) को प्रक्रियाले झनै सुदृढ पारेको छ (गैज, १९७५, विष्ट र अरू १९८२)। यी शब्दहरूका विशेष अर्थ भए पनि तिनले सामान्यतया सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक र राजनीतिक विविधताको समरूपीकरण (होमोजेनाइजेसन) लाई व्याख्या गर्छन् (उप्रेती र अधिकारी, २००६)। त्यति बेला मानिसहरूलाई तिनको जीविकाको खोजीका क्रममा हिन्दू धर्म, एउटै नेपाली भाषा तथा शासक वर्गको एकै संस्कृति स्वीकार्न वा अवलम्बन गर्न बाध्य पारियो। यसले विविधतालाई गहन उपेक्षा गऱ्यो। हिन्दूकरण र संस्कृतीयकरणले जनजाति समूहहरू आफैँलाई स्पष्ट रूपमै ध्रुव्रीकृत गराइदियो। जनजातिका परिवारहरू अथवा केही जनजातीय समूहहरू पूर्ण रूपमै माथिल्लो जात वा वर्गमा पुगे (विष्ट, १९९१)। यसले पनि जनजातीय समूहहरूबीच विभेद ल्याइदियो। वि.सं. १९१० को राष्ट्रिय हिन्दू ऐन (मुलुकी ऐन) ले हिन्दूकरणको प्रक्रियालाई झनै तीव्र बनायो र आदिवासी जनताको स्तर खस्काएर तिनलाई 'नमासिन्या' (दास नबन्ने), 'मासिन्या' (दास बन्ने) र 'मत्वाली' (मदिरापान गर्ने) मा परिणत गरिदियो। वि.सं. २००७ मा शोषणकारी राणा शासनको पतनपछि पनि यो प्रथा कायमै थियो। वि.सं. २०१९ को संविधानले नेपाललाई एउटा हिन्दू राज्य र नेपालीलाई राष्ट्रिय भाषा घोषणा गऱ्यो जसले भाषा, भेषभूषा तथा स्थानीय चालचलनको समरूपीकरणमा जोड दिनुका साथै धार्मिक तथा भाषिक विविधतालाई नराम्ररी अवमूल्यन गऱ्यो। राज्यद्वारा लादिएको एकरूपताले स्रोत व्यवस्थापनमा रहेका परम्परागत चालचलनलाई पनि तहसनहस पारिदियो।

राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र, सिकार आरक्ष र यस्तै अरू विभिन्न संरक्षित क्षेत्रहरूको स्थापना पनि सामान्यतया नेपाली जनताको निजी भूमिमै गरिएको छ। यसले गर्दा मानिसहरू ठूलो संख्यामा विस्थापित भएका छन्। यी मानिसहरू त्यस्ता स्रोत उपभोग गर्न पाउने परम्परागत अधिकारबाट वञ्चित भएका छन् । जनताका परम्परागत सीप र ज्ञान पनि ठूला उद्योगहरूको मारमा परेका छन्। उप्रेती र अधिकारी (२००६) को एक अध्ययनले पनि छाता, आधुनिक टोपी र प्लाष्टिक झोलाजस्ता कारखाना उत्पादनहरूले नेपालका विभिन्न भागमा स्याखु, बाँसको टोपी, डोको, गुन्द्री र मान्द्रोलाई विस्थापित गरेको देखाउँछ।

गरीब तथा सीमान्तीकृत जनताको जीविका मुख्यत: भूमि आधारित स्रोतसँगको पहुँच र यसमाथिको नियन्त्रणमा निर्भर छ। खाद्यान्न, पानी, दाउरा, घाँस, काठ, जडिबुटी, फलफूल, च्याऊ, तामा र यस्तै अरू उत्पादनहरूले नै तिनको जीविका निर्धारण गरिरहेको हुन्छ। तर यदि यिनै स्रोतसँगको पहुँच रोकियो भने तिनीहरूको जीविका असुरक्षित बन्न पुग्छ।

## ६.४ सम्पत्ति अधिकार र भूमि द्वन्द्व

भूमि स्रोतसँगको पहुँच र यसमाथिको अधिकारलाई सम्पत्ति सम्बन्धले व्यापक प्रभाव पारेको हुन्छ। त्यसैले भूमि द्वन्द्वमा सम्पत्ति अधिकार एउटा केन्द्रीय विषय बन्न आउँछ। सम्पत्तिलाई स्रोताधार प्रयोग गर्न पाउने व्यक्ति वा समूहको अधिकार वा कर्तव्यको रूपमा बुझ्न सकिन्छ (ओस्ट्रम, १९९०)। स्रोतको उपभोगले उपभोक्ता अधिकार, अरूलाई बहिष्कार गर्न पाउने अधिकार, व्यवस्थापन गर्ने अधिकार र बिक्री गर्ने अधिकारजस्ता धेरै अधिकारहरूलाई समेट्ने हुँदा सम्पत्ति अधिकार निकै जटिल विषय बन्छ (स्लेजर र ओस्ट्रम, १९९२)। सिद्धान्तत: मानिसले कि तिनका ऐतिहासिक सम्बन्धको उपयोग गरेर कि भोगचलन गरिआएको देखाएर कि त कानून-विधानलाई आफ्नो अनुकूल व्याख्या गरेर भूमि र भूमि आधारित स्रोतमाथिको अधिकार प्राप्त गर्छन् (उप्रेती, २००१; स्टेन्स, १९९९; ब्रोम्ले, १९९२)।

बेन्डा-बेक्म्यान (१९९९:२) को तर्क छ,

> उत्पादन चाहे बजार वा गुजारा जेसुकैको लागि होस्, प्राकृतिक स्रोतको सम्पत्ति अधिकारले उत्पादनका साधनमाथिको नियन्त्रणलाई वैधानिक बनाउन सहयोग गर्छ। समूहहरूको सामाजिक निरन्तरताको लागि यस्ता अधिकार एउटा महत्वपूर्ण आधार बन्न सक्छन्। सरकारी तथा गैरसरकारी सामाजिक संगठनहरूको लागि यिनले सधैँ राजनीतिक कार्य गरिरहेका हुन्छन् र यसैगरी व्यक्तिगत शक्ति र प्रतिष्ठाको स्रोत बन्छन्। प्राकृतिक स्रोत सम्पत्तिको प्रायजसो प्रशस्त सांस्कृतिक-राजनीतिक अर्थ हुन्छ (....)। यस्तो राजनीतिक, आर्थिक एवं विचारधारागत

महत्वलाई हेर्दा वैधानिक सम्पत्ति नियम तथा अधिकारहरू प्राकृतिक स्रोतमाथिको जनताका रणनीति, रोजाइ र संघर्षको विषयमा निर्णायक सामाजिक स्रोत बन्छन्।

**त्यसैले भूमि स्रोतमा हुने द्वन्द्वका विशेषताहरूलाई बुझ्न सन्दर्भहरू (जस्तै; भूमि र भूमि आधारित स्रोतको उपभोगका सम्बन्धमा नियमहरू, बजार शक्ति, राजनीतिक आयाम, शक्तिको गतिशीलता, साझा स्रोतमाथिको शोषणका विकल्पहरू तथा अरूको व्यवहार नियन्त्रण र अनुगमन गर्ने उपायहरू भए/नभएको) लाई विश्लेषण गरिनु जरुरी छ।**

**सम्पत्ति अधिकारलाई बुझ्न सम्पत्ति तथा सम्पत्ति संस्थाहरूका सामाजिक प्रकृतिलाई हेरिनु जरुरी हुन्छ। म्याकके र अकेसन (१९८७) ले व्याख्या गरेजस्तै सम्पत्ति अधिकारले वस्तुहरूको अस्तित्वबाट उत्पन्न हुने मानिसबीचको अनुमोदित व्यवहारिक सम्बन्धको चर्चा गर्छ। सम्पत्ति अधिकार ऐतिहासिक तथा सामाजिक सन्दर्भहरूसँग धेरै निकट रूपमा गाँसिएको छ र तिनको अर्थ समुदाय-समुदाय एवं संस्कृति-संस्कृतिपिच्छे फरक हुनसक्छ (बेन्डा-बेक्म्यान, १९९९)। सम्पत्ति अधिकारको दाबीले भूमिसम्बन्धी द्वन्द्वलाई कसरी प्रभाव पार्छ भन्ने प्रश्न हुनसक्छ। यसको उत्तरमा उपभोग-शैली र भूमि एवं भूमि आधारित स्रोतसँगको पहुँच तथा शक्तिबीचको सम्बन्धलाई अन्वेषण गरिनु जरुरी हुन्छ।**

**धार्मिक वन वा चरनजस्ता विशेष उद्देश्यमा प्रयोग गरिएका भूमि स्रोतहरू अहिले कुनै विशेष परियोजना निर्माणको लागि प्रयोग गरिँदैछन्। त्यसैले जनताका यिनै आवश्यकताहरू परिपूर्ति गर्न भूमि स्रोतमाथिको अधिकार पनि परिवर्तित हुँदैछन्। परिवर्तन कि त राज्यको दबाब जस्तै; वन, जल, खानी तथा खनिज र संरक्षित क्षेत्रसम्बन्धी ऐन वा त्यसरी नै नियमन गरिएका प्रावधानहरू, राज्य वा बजार शक्तिबाट पाइने लाभ आदि कि त स्थानीय चालचलनले नै निम्त्याएका हुन्छन्। यी परिवर्तनले कायम रहेका पहुँच शैली र अधीनत्वका अधिकारलाई परिवर्तन गर्दै अन्ततः द्वन्द्व निम्त्याइरहेका छन्। सरकारले ल्याएको भूमि मापन एवं दर्ता कार्यक्रम पनि समुदायमा द्वन्द्व उदय गराएका परिवर्तनहरू मध्येकै एउटा ठोस उदाहरण हो (उप्रेती, २००१)।**

**भूमि स्रोत र साझा सम्पत्ति स्रोत[६] (कमन प्रपर्टी रिसोर्सेज) लाई प्रायः एकै अर्थमा बुझ्ने र प्रयोग गर्ने गरिन्छ। यसरी साझा सम्पत्तिलाई प्रायः खुला पहुँच (ओपन एक्सेस वा रेस नलिअस) भनेर गलत बुझिने गरिएको पनि पाइन्छ। यो**

---

*[६]सबै प्राकृतिक स्रोतहरू साझा सम्पत्ति स्रोत (कमन प्रपर्टी रिसोर्सेज) हुन्छन् वा सबै साझा सम्पत्ति स्रोत प्राकृतिक स्रोत हुन्छन् भन्ने छैन। तर तिनको अधिग्रहण र व्यवस्थापनको शैलीले गर्दा समुदायका सदस्यहरूले धेरैजसो प्राकृतिक स्रोतलाई साझा सम्पत्ति स्रोतको रूपमा लिन सक्छन्।*

शब्द मानवीय पर्यावरणशास्त्री ग्यारेट हार्डिनको 'दी ट्रयेजडी अफ कमन्स'[७] भन्ने कृतिबाट जन्मिएको थियो। 'दी ट्रयेजडी अफ कमन्स' को अवधारणाले सन् सत्तरी र असीको दशकमा नीति निर्माणलाई निकै नै गहिरो प्रभाव पारिदिएको थियो। यसले स्रोतमाथि निजी अथवा राज्यको नियन्त्रणलाई प्राथमिकता दिएको थियो। यसरी यसले स्रोत उपभोगकर्ता तथा राज्य (नियन्त्रक) बीचमा द्वन्द्व र असामञ्जस्य सिर्जना गरिदिएको थियो। साझा सम्पत्ति समस्याको स्रोत हो र यसले व्यक्तिगत र साझा अभिरुचिबीच मिलान गर्नै नसकिने व्यवधान थपिदिने गर्छ भनी हार्डिन (१९६८) तर्क गर्छन्। यहाँ 'साझा' भन्ने धारणाले विवाद सिर्जना गरेको छ किनकि साझा सम्पत्ति व्यवस्थापन र खुला पहुँचबीच भेद छुटयाउन हार्डिन असफल छन् (स्टेन्स, १९९९; म्याकके र अकेसन, १९८७; बेन्डा-बेक्म्यान, १९९९; रिचार्ड्स, १९९७)। आलोचकहरू हार्डिनको सामान्यीकरण धेरै नै सहज किसिमको छ भन्ने तर्क गर्छन् किनकि गाउँलेले प्रयोग गर्ने सबै प्राकृतिक स्रोतमा खुला पहुँच हुँदैन। बरु तिनीहरू विशेष व्यवस्थाअन्तर्गत सञ्चालित हुन्छन्। स्रोत उपभोक्ताका समूहहरूले व्यक्तिगत उपयोगलाई साझा रूपमा नियमन गरेका हुन्छन्। यसको लागि तिनले सहसम्बन्धित दायित्व, अधिकार, नियम र कर्तव्यमा रहेर साझा सम्पत्तिको नियन्त्रण र व्यवस्थापन गर्ने गर्छन् (ओस्ट्रम, १९९०; स्लेजर र ओस्ट्रम, १९९२)। यो भिन्न खाले सांस्कृतिक, संस्थागत र पर्यावरणीय स्थान र फरक प्रकारका भूमि र भूमि आधारित स्रोतहरूमा हुने गर्छ। धेरै ठाउँहरूमा यस्ता भूमि र भूमि आधारित स्रोतहरूलाई भौगोलिक, भौतिक र सांस्कृतिक आधारमा फरक अभिरुचिका समूहले फरक तरिकाले व्याख्या गरेका हुन्छन् (स्टेन्स, १९९९) र यसैले अत्येज्य द्वन्द्व निम्त्याउने गर्छ। वर्तमान राज्यहरूको उदय हुनुपूर्व मानिसहरूलाई पर्याप्त भूमि र भूमि आधारित स्रोतहरू उपलब्ध थिए। त्यसैले त्यहाँ भूमिमाथि कुनै हानथाप र द्वन्द्व थिएन। पहुँच, वितरण, नियन्त्रण एवं व्यवस्थापनसम्बन्धी सबै निर्णयहरू सांस्कृतिक, सामाजिक र संस्थागत संयन्त्रभित्रै गरिन्थ्यो। प्राकृतिक स्रोत र मानिसबीचको यस्तो विशिष्ट मिलनविन्दुको वैभव अद्यापि कायमै छ। तर पनि समयक्रममा सरकार र केही अरू अभिरुचिका समूहहरूले भूमि र भूमि आधारित स्रोतको नियमनमा प्रत्यक्ष हस्तक्षेप गर्न थाले। यस्ता स्थानीय भूमि र भूमि आधारित स्रोत उपभोग गरिरहेका मानिसले त्यस्तै व्यवस्थाको निरन्तरता खोजिरहेका छन्। तर अहिले त चुलिँदो आर्थिक दबाब छ। यस्ता सबै विरोधाभाषहरूले हामीलाई द्वन्द्वतर्फ लम्काइरहेको छ।

---

[७]*हार्डिन (१९६८) को विचार 'दी ट्रयेजडी अफ कमन्स' ले "प्रायः स्रोत सञ्चालनको कुनै नियम नभएको अवस्थामा फरक-फरक उद्देश्यका लागि जब बढ्दो जनसंख्याले साझा सम्पत्ति स्रोतको प्रयोग गर्छन्, तब यस्तो साझा प्रयोगले स्रोतमाथि अधिक शोषण, ह्रास तथा अन्ततः विनाश ल्याउँछ र उपभोक्ताहरूले आफ्नै उपयोगितालाई बढाउन गर्ने लाभको खोजीले नै यस्तो हुनेगर्छ।" भन्ने तथ्यलाई जोड दिन्छ (स्टेन्स, १९९९:३)।*

संसारका जुनसुकै स्थानका कृषिमूलक र परम्परागत समाजमा भूमि स्रोतसँगको पहुँच र यसमाथिको नियन्त्रणलाई औपचारिक नीति, कानूनी साधन र राज्यका कार्यक्रमले मात्रै प्रभाव पारेका हुँदैनन्। साथसाथै यिनलाई स्थानीय शक्ति सम्बन्ध, ऐतिहासिक सामाजिक संरचना, परम्परागत कानून, थुप्रै परम्परागत सम्पत्ति अधिकार तथा मूल्य पद्धतिले पनि असर पारेका हुन्छन्। यसलाई फ्रचान्ज भन् बेन्डा-बेक्म्यानले 'कानूनी बहुलवाद' (लिगल प्लुरलिजम्) भन्छन् (बेन्डा-बेक्म्यान, १९९९)। यसरी कानूनी बहुलवादमा अन्तर्निहित सम्पत्ति अधिकारको अवधारणाले शक्ति, भूमि अधिकार तथा भूअधीनत्व र द्वन्द्वबीचको सम्बन्धलाई राम्रोसँग व्याख्या गर्छ। त्यसैले भूमि द्वन्द्व बृहत् रूपमा भूमि र भूमि आधारित स्रोतसँगको पहुँच, यिनमाथिको नियन्त्रण र यिनबाट आउने लाभसँग सम्बन्धित छ।

## ६.५ शक्ति, प्रतिष्ठा र पहिचानको स्रोतको रूपमा भूमि

केही अनुसन्धाताहरू (ग्रसम्यान, १९९१; थापा, २००२; उप्रेती, २००६) ले घुसखोरी (रेन्ट सिकिङ) लाई द्वन्द्वको प्रमुख स्रोतको रूपमा लिएका छन्। तर कोलियर (२०००) र कोलियर र होफ्लर (२००१ र २००२) ले घुसखोरी विद्रोहलाई बढावा दिने नभई यसलाई जोगाइराख्ने स्थिति मात्र भएको तर्क गर्छन्।

कृषि निर्भर समाजमा बहुसंख्यक मानिसको जीविकाको लागि भूमि उत्पादनको प्राथमिक साधन हो। ऐतिहासिक तथ्यलाई नियाल्दा अर्थ, शिक्षा, राजनीति तथा कर्मचारीतन्त्रमा आजका सबैभन्दा शक्तिशाली, धनी र सफल व्यक्ति धेरैजसो जमिन्दार पृष्ठभूमिबाट आएका देखिन्छन्। यसप्रकार धेरै जमिन भएकाहरू ऐतिहासिक रूपमा नै उच्च सामाजिक शक्ति संरचना र स्तरमा छन्। धेरै मात्रामा बनेका नीति तथा योजनाहरूले सीमान्तीकृत समुदाय एवम् सामाजिक रूपले बहिष्कृत र गरीब जनताका अधिकारलाई सुरक्षित गर्न सकेका छैनन्।

विगतमा लामो समयसम्म पनि जग्गाधनी पूर्जा नभएका व्यक्तिहरूलाई नागरिकता पाउन निकै मुस्किल थियो। २०६२ चैत २४ देखि २०६३ बैशाख ११ सम्म चलेको चर्चित जनआन्दोलनपछि यो प्रावधानमा व्यापक परिवर्तन आयो। तर कुनै पनि नागरिकलाई नागरिकताविना जग्गा किन्न भने अझै असम्भव छ। राज्यद्वारा दिइने धेरैजसो सेवा-सुविधा पाउन पनि नागरिकता नै चाहिन्छ। यस्तो 'घुमिफिरी रुम्जाटार' जस्तो व्यवस्थाले विपन्न जनजातीय समूहहरूलाई राज्यप्रदत्त अवसरहरूबाट वञ्चित गरिदिएको छ। साथै यसले समाजमा तिनको पहिचानलाई पनि संकटमा पारेको छ। यसरी भूमिसम्बन्धी सवालहरूको अध्ययन गर्दा वर्गीय मुद्दा एकदमै अविभाज्य देखिन्छ।

नेपाल र भारतका धेरै भागहरूमा भूमि आधारित शोषणलाई सामाजिक प्रतिष्ठाको रूपमा समाजीकृत गरिएको छ। कसैको मोहियानी लगाइएका, बाँझै

राखिएका वा हरुवा र चरुवाहरू (विस्तृत विवरणका लागि हे. परिच्छेद १०) लगाएर खेती गरिएका केही हेक्टर जमिन छन् भने त्यस्ता जमिन्दारलाई सामाजिक रूपमा निकै आदर-सम्मानका साथ हेरिन्छ। यी देशका केही भागहरूमा धेरै हरुवा चरुवा भएको परिवारकी केटी बिहे गर्नु आजका दिनसम्म पनि पहिलो रोजाइ बन्ने गर्छ।

## ६.६ सामाजिक द्वन्द्वको नित्य स्रोतको रूपमा भूमि

संसारभरका विभिन्न अध्ययन, अनुमान र अनुभवहरूले भूमिलाई सामाजिक, जातीय र राजनीतिक द्वन्द्वको नित्य स्रोतको रूपमा देखाएका छन्। अली (२०००) को कृतिले अफ्रिकी द्वन्द्वको अर्थ-राजनीतिको अभिलेख तयार गरेको छ। यस्तै अलिस्टन र अरू (२०००) ले ब्राजिलको भूमि सुधार नीति र हिंसात्मक द्वन्द्वको सम्बन्धलाई नियाल्दै भूमि सुधार नीतिहरू प्रायः हिंसात्मक द्वन्द्वको स्रोत हुने निष्कर्ष निकालेको छ। अन्द्रे र प्लेटचू (१९९८) ले भूमि स्रोतमाथिको जनसांख्यिक दबाब र रुवाण्डाको गृहयुद्धसँग यसको सम्बन्धको चर्चा गरेका छन्।

भूअधीनत्व वितरणमा हुने द्वन्द्व ग्रामीण समाजको लागि एकदमै सामान्य कुरा हो। विषम खालको भूमि वितरण र असमानता प्रायः ऐतिहासिक भूमि अतिक्रमणले गर्दा नै हुने गरेको छ। भूअधीनत्वको वितरण, भूमिमाथिको स्पर्धात्मक दाबी तथा यिनमा अन्तर्निहित जातीय र सामाजिक मनमुटावको संश्लेषणले परिणामतः द्वन्द्व निम्त्याउँछ भन्ने उदाहरण अमेजनको ब्राजिली राज्य (पारा) र रुवान्डाले देखाइसकेका छन्। जमिन्दारहरूले वैधानिक कानूनको माध्यमले तथा सुकुम्बासीहरूले संवैधानिक व्यवस्थाअनुसार अधिग्रहणबाट जमिन आफ्नो बनाएका हुनाले ब्राजिली अमेजनमा भूमि द्वन्द्वको सिर्जना भएको थियो। गृहयुद्धको परिस्थितिमा घुसखोरी व्यवहार सर्वव्यापी हुन्छ र यसैले द्वन्द्वलाई ऊर्जा दिइरहेको हुन्छ भन्ने अर्कान्ड र सभेल्ट (२००२) को तर्क छ। युद्धग्रस्त समाजमा द्वन्द्वोत्तर अवस्थाको शान्ति निर्माण गर्ने नीतिबारे बिगोम्बे र अरू (२०००) को कृति, भूमि स्रोतको शक्ति, विकृतीकरण, विद्रोह र सुधारबारे बिन्स्वान्जर र अरू (१९९५) को विश्लेषण तथा मध्य अमेरिकामा भएको राजनीतिक हिंसाबारे ब्रोकेट (१९९२) ले गरेका अध्ययनले पनि भूमिलाई द्वन्द्वको एक प्रमुख स्रोत मानेका छन्।

क्र्यामर र विक्स (२०००) ले विकासशील मुलुकहरूमा द्वन्द्व र कृषिको सम्बन्धलाई उजागर गरेका छन्। यसैगरी फिट्जप्याट्रिक (२००२) ले पूर्वी टिमोरमा द्वन्द्वोत्तर अवस्थाको भूमि नीतिलाई नियालेका छन् भने हब्स्र्ट (२०००) ले अफ्रिकामा आर्थिक लाभ, प्राकृतिक स्रोत र द्वन्द्वको चर्चा गरेका छन्। द्वन्द्वको सन्दर्भमा भूमि मुख्य मुद्दाको रूपमा पाइएको उदाहरण जिम्बावेको द्रूत गतिको भूमि सुधार (फास्ट ट्र्याक ल्याण्ड रिफर्म) माथि एचआरडब्ल्यू (२००२) को

अभिलेख तथा अफ्रिकामा पशुपालक र किसानबीच हिंसात्मक द्वन्द्व वृद्धि (हुस्सेन र अरू, १९९९) पनि हुन्।

जिन-लुइस अर्कान्ड र निकोलास पन्स-भिग्नन (२००३) ले भूमि हिंसा र द्वन्द्वको स्रोत मात्र नभई हिंसात्मक द्वन्द्व अन्त्य गर्ने तथा दिगो शान्ति प्राप्त गर्ने माध्यम पनि बन्न सक्छ भन्ने तथ्य स्थापित गरेका छन्। विषम खालको भूमि वितरणले असमानता सिर्जना गर्छ र असमानताले हिंसालाई ऊर्जा पुऱ्याउँछ (न्याफ्जिगर र अभिनेन, २००२)। भूमिको असमान वितरणले क्षेत्रगत विभेद निम्त्याउनुका साथै अन्ततोगत्वा नागरिक आन्दोलनहरूलाई चरमचुलीमा पुऱ्याउन मद्दत गर्छ (मर्डक् र स्यान्डलर, २००२)। स्टिवार्फ (२०००) समरेखीय असमानता (होरिजन्टल इन्इक्वाल्टी) सँग जुझ्नु संकटमा पर्नबाट जोगिने एउटा महत्वपूर्ण उपाय हो भन्ने तर्क गर्छन्। रस्सेट (१९६४) को कृतिले पनि भूमि उपभोग र यसबाट उत्पन्न हुने असमानतालाई राजनीतीकरण गर्नाले विद्रोह जन्मन्छ भन्ने निक्यौंल दिन्छन्। स्कापेर्डास् (१९९२) र थिअटोकेटोस र जेटर (२००३) जस्ता विद्वान्हरूले शक्ति आधारित सम्पत्ति अधिकारबाट उत्पन्न हुने द्वन्द्व वा सहकार्यको स्थिति तथा शान्ति निर्माणमा सम्पत्ति अधिकारको भूमिकालाई विश्लेषण गरेका छन्। ड्यानियल बकल्स (१९९९) ले पनि प्राकृतिक स्रोत र द्वन्द्वबीचको सम्बन्ध तथा शान्ति निर्माणमा प्राकृतिक स्रोतको सम्भावनाबारे चर्चा गरेका छन्। अफगानिस्तानमा विली (२००३) ले गरेका अध्ययनले संकट व्यवस्थापनका लागि उपभोग सुरक्षा र भूमि अधिकारको पुनर्स्थापना प्रभावकारी हुने देखाउँछ। यसैगरी जिमरम्यान र हब्नर-स्मिद (२०००) ले बोस्निया र हर्जगोभिनामा भूमि उपभोगको सवाललाई गहन अभिलेखीकरण गरेका छन्।

नेपालमा भूमि राजनीतिक स्वार्थसिद्धि र सामाजिक शोषणको स्रोत भएको छ। असंख्य अध्ययनहरूले भूमि सामाजिक, आर्थिक तथा राजनीतिक सम्बन्धको जड भएको देखाएका छन्। भण्डारी (२००३), भट्टराई र पोखरेल (२००४), काप्लान (२०००), चापागाईं र अरू (१९९८), सिएसआरसी (२००३, २००४ र २००५) सेड्डन र अधिकारी (२००५), घले र उप्रेती (१९९९), घिमिरे (१९९२), पोखरेल (२००५), प्रधान र अरू (२०००), रेग्मी (१९६३, १९७६ र १९७८), उप्रेती (२०००, २००१, २००२, २००३, २००४ए, २००४बी, २००४सी, २००४डी), यादव (२००५), चापागाईं (१९९९ र २००१), म्याथ्यू र उप्रेती (२००५) र उप्रेती र घले (२००२) ले भूमि सवालका विविध आयाम तथा नेपालको सशस्त्र विद्रोहसमेतको सामाजिक द्वन्द्व र तनावलाई गहन विश्लेषण गरेका छन्।

वि.सं. २००७ देखि नै भूमि सुधार सबै राजनीतिक शक्तिहरूको बलियो राजनीतिक नारा रहिआएको छ। २०१७ सालमा राजा महेन्द्रले उनको निरंकुश निर्दलीय पञ्चायती राजनीतिक व्यवस्थालाई वैधानिक बनाउने उपायको रूपमा

भूमि सुधारको थालनी गरेका थिए। उनले बहुदलीय राजनीतिक व्यवस्थालाई बन्देज लगाएका थिए। त्यसैले पनि नेपाली जनता र अन्तर्राष्ट्रिय समुदायको ध्यान अन्तै खिच्नको लागि उनलाई लोकप्रिय कार्यक्रमको खाँचो थियो। यसमाथि पनि विश्वका धेरै स्थानहरूमा र विशेषगरी दक्षिण पूर्व तथा पूर्वी एसियामा भूमि सुधार निकै लोकप्रिय कार्यक्रम बनेको थियो। यसरी राजा महेन्द्रले आफ्नो शक्ति एकत्रित गर्ने तथा लोकप्रियता कमाउने बलियो साधनको रूपमा यो कार्यक्रमको थालनी गरेका थिए। यसपछि लगभग सबैजसो राजनीतिक शक्तिहरूले सामाजिक रूपान्तरण र आर्थिक विकासका लागि नभई लोकप्रियता कमाउनको लागि मात्रै राजाकै यही रणनीति अंगीकार गरे। अहिलेसम्म पनि कुनै पनि वामपन्थी, सत्तापक्षीय वा मध्यमार्गी राजनीतिक शक्तिहरूले भूमि सुधारलाई आफ्नै मुद्दा बनाएनन्।

वि.सं. २०५७ मा नागरिक समाज, केही प्रगतिशील राजनीतिक नेताहरू तथा नेकपा माओवादीको निरन्तर दबाबले गर्दा सरकार[८]ले २०२१ सालको भूमि ऐनले परिभाषित गरेको भूमिमाथिको हदबन्दी सीमालाई घटाउने निर्णय गऱ्यो। यसरी तराईमा ६१%, पहाडमा २२% र काठमाडौँमा ४८% का दरले हदबन्दी घटेको थियो। तर पनि सत्ताधारी तथा विपक्षी दलका प्रभावशाली नेताहरूको प्रतिरोधले गर्दा यस्तो परिमार्जित प्रावधान पनि कार्यान्वयन हुन सकेन। वास्तवमा ती नेताहरू आफैँमा जमिन्दार र भूमि आधारित शोषणकै बलमा मौलाएका राजनीतिकर्मीहरू थिए। तालिका ६.१ ले २०५८ सालमा परिमार्जित गरिएको भूमिको हदबन्दीलाई देखाउँछ।

**तालिका ६.१ भूमि ऐनले लगाएको भूमि हदबन्दीको प्रावधान**

| क्र.सं. | क्षेत्रको प्रकार | हदबन्दी व्यवस्था | आवासको लागि उपलब्ध गराइने अतिरिक्त क्षेत्र | देउवा सरकारद्वारा २०५७ सालमा परिमार्जित हदबन्दी |
|---|---|---|---|---|
| १ | सबै पहाडी/हिमाली क्षेत्रहरू | ८० रोपनी (४.०७ हेक्टर) | १६ रोपनी (०.८ हेक्टर) | ७० + ५ रोपनी (३.७५ हेक्टर) |
| २ | काठमाडौँ उपत्यका | ५० रोपनी (२.५४ हेक्टर) | ८ रोपनी (०.४ हेक्टर) | २५ + ५ रोपनी (१.५ हेक्टर) |
| ३ | तराई र भित्री तराई | २५ विगाह (१६.९३ हेक्टर) | ३ विगाह (२.३० हेक्टर) | १० + ५ विगाह (७.४३ हेक्टर) |

*स्रोत: बडाल आयोग प्रतिवेदन, सन् १९९६*

*[८] देउवा सरकारले २०५७ सालको बजेट भाषणबाट भूमिमाथिको हदबन्दीलाई पुनर्परिभाषित गरेको थियो।*

गरीब र सीमान्तीकृत जनतालाई भूमि स्रोतसँगको पहुँच पुऱ्याउन राज्यले गरेको टोकन-प्रथाजस्ता केही प्रयासहरूको सान्दर्भिकता देखिन अझै बाँकी छ। सरकारले गरीब जनतालाई कबुलियती वन कार्यक्रमअन्तर्गत कम गुणस्तर भएका जमिनहरू प्रदान गर्ने कामको थालनी पनि गरेको थियो। तर यस्ता व्यवस्थाहरू निकै आलोचित बन्न पुगे। भूमि र भूमि आधारित प्राकृतिक स्रोतसँग गरीब जनताको पहुँच र अधीनत्व स्वीकार नगर्नाले अनिश्चितता, अराजकता, द्वन्द्व तथा जीविकाको असुरक्षाजस्ता समस्या आइपर्ने म्याथ्यू र उप्रेती (२००५) को अध्ययनले देखाउँछ।

सरकारद्वारा गरिएको अर्को महत्वपूर्ण थालनी भनेको भूमि सुधार कार्यक्रमलाई कसरी सम्बोधन गर्ने भनी २०५२ सालमा गठित उच्चस्तरीय समिति थियो। तालिका ६.२ ले बडाल आयोगले प्रस्ताव गरेको हदबन्दीलाई देखाउँछः

**तालिका ६.२ बडाल आयोगद्वारा प्रस्तावित हदबन्दी**

| क्र.सं. | क्षेत्र | हदबन्दी (हेक्टरमा) |
|---|---|---|
| १ | तराई र भित्री तराई | ३ |
| २ | मध्य पहाडी क्षेत्र | २ |
| ३ | हिमाली क्षेत्र | ४ |
| ४ | काठमाडौं उपत्यका | १ |
| ५ | नगर क्षेत्र | |
| *५.१* | *काठमाडौं, ललितपुर र भक्तपुरका नगरपालिका क्षेत्रहरू* | ०.५ |
| *५.२* | *अरू नगरपालिका, जिल्ला सदरमुकाम र नगरोन्मुख क्षेत्रहरू* | १ |

*स्रोतः बडाल आयोग (१९९६)*

भूमि हदबन्दीसम्बन्धी बडाल आयोगका यी सिफारिसहरू व्यवहारमा लागू भएका भए तिनले भूमि स्रोतमाथि सीमान्तीकृत समुदायको पहुँच बढाउन सक्ने थिए। बडाल आयोगले भूमिसम्बन्धी समस्यालाई पहिचान गरी सुझावको रूपमा नेपालमा समग्र भूमि सुधारको लागि एकदमै उपयोगी एकीकृत विधिहरू दिएको थियो। तर त्यसपछि आएका कुनै पनि सरकारले यो आयोगका सिफारिस कार्यान्वयन गर्ने जाँगर देखाएनन्।

भूमि वितरण तथा भूअधीनत्वमा भएको समष्टिगत भिन्नता अन्याय र द्वन्द्वको भाव पैदा गराउने मुख्य स्रोतको रूपमा रहेको छ (उप्रेती, २००२)। नेपाल मानव विकास प्रतिवेदन, सन् २००४ ले ५% धनी व्यक्तिहरूसँग कुल खेतीयोग्य जमिनको ३७% र ४७% विपन्न जनतासँग १५% जमिन मात्रै भएको देखाउँछ (युएनडिपी, २००४)। यसमाथि पनि दशलाख कृषि श्रमिकहरूसँग जमिनको कुनै

**अधीनत्व नै छैन भने ४ लाख ५० हजार मोहीहरू अझै दर्ता भई नसकेका हुनाले मोहियानी हकको दाबी गर्न सक्ने स्थितिमा छैनन्।**

**यस्तै गरी अरूको जमिन जोतेर जीवन धान्ने तीन लाख हलीहरूले पनि भूअधीनत्व पाएका छैनन्। मानव विकास प्रतिवेदन-सन् २००४ कै अनुसार १५% पहाडका र ४४% तराईका दलितहरू भूमिहीन छन्। भूमि, जल र जंगलसँग तिनको कुनै पहुँच छैन। त्यसैले तिनीहरू आफ्नो दैनिक गुजाराको लागि जमिन्दार र धनी व्यक्तिहरूमा निर्भर छन्। यस्ता असमानताहरू द्वन्द्वमा प्रस्टै मुखरित हुन्छन्। थोरै जमिन भएकाहरू पनि सीमान्तीकृत छन् र तिनीहरू द्रूत गतिमा भूमिहीन जनतामा रूपान्तरित भइरहेका छन् (श्रेष्ठ, १९९७)। अधिकांश त्यस्ता व्यक्तिहरू सामाजिक रूपले बहिष्कृत, विपन्न र दलित नै रहेका छन्।**

**उल्लिखित चर्चाबाट भूमि नेपालमा सबैभन्दा विवादास्पद प्राकृतिक स्रोत हो भन्ने स्पष्ट हुन्छ। यस्तो तथ्य नेपालका अदालती मुद्दाहरूले पनि देखाउँछन्। नेपालका अदालतमा पर्ने यस्ता धेरै मुद्दा[९]हरू प्रत्यक्ष वा परोक्ष रूपले भूमिसँगै सम्बन्धित छन्। नेपालका प्रत्येक अदालतमा अझै ६०%भन्दा धेरै विवादहरू भूमिसम्बन्धी नै छन् (भट्टराई र पोखरेल, २००४)।**

**भूमिसम्बन्धी विवादमा न्याय पाउन पर्ने कठिनाइबारे जिल्ला अदालतका एक वकिलले टिप्पणी गरेका थिए। उनले पुनरावेदनसम्बन्धी व्यवस्थाले यस्तो परिस्थितिलाई झनै गम्भीर बनाएको दाबी गरे। उनले भने:**

> यतिसम्म कि जिल्ला अदालतले गरेको निर्णय पुनरावेदनले सुनिश्चित गर्न नसकेको खण्डमा जति नै सानो विवाद भए पनि हार्ने पक्षले सर्वोच्च[१०]मै फेरि दोस्रो मुद्दा हाल्न सक्छ। जित्ने पक्षको दुःख पनि यत्तिमै सकिँदैन। मुद्दा जितिहाले पनि निराशैलाग्दो झन्झटिलो प्रक्रियाले निर्णय कार्यान्वयन हुन वर्षौं लाग्छ। यस्ता प्रक्रिया पनि फेरि कानूनी कठिनाइले भरिएका हुन्छन्, जसले अधिकांशतः थप विवादको सिर्जना गर्छ। अहिले उपयुक्त कानूनी सुधार गरेर, स्थानीय तहमा नै मिलापत्र तथा मध्यस्थताले विवाद सल्टाउन जनतालाई सहयोग गरेर तथा विवादको प्रभावकारी र द्रुततर समाधानको लागि अदालती प्रक्रियालाई सरल बनाएर अघि बढ्नुपर्ने देखिन्छ। यस्ता विधिबाट कम झन्झटिलो व्यवस्था सिर्जना गर्न नसक्ने हो भने भूमिसम्बन्धी विवादहरूले नेपालमा जनता र अदालतलाई निरन्तर बोझ निम्त्याइरहने छ (भट्टराई र पोखरेल, २००४:६४-६५ मा उद्धृत)।

---

*[९] तिनीहरू साँधको विवाद, पारिवारिक सम्पत्तिमाथि हकदाबी वा अंशवण्डा, उपहार, कबुलियती, मोहियानी हकको दाबी, साझा जमिन तथा चरनसँगको पहुँच र तिनको प्रयोग, सामुदायिक वन तथा उत्तराधिकार आदिसँग सम्बन्धित छन्।*

*[१०] नेपालमा तीन तहको अदालतीय व्यवस्था छ, जसअन्तर्गत सबैभन्दा तल जिल्ला, प्रथम निवेदन सुन्नको लागि पुनरावेदन तथा उच्चतम् तहमा सर्वोच्च अदालत हुन्छन्।*

यो उद्धरण आफैँमा स्पष्ट हुनुका साथै यसले अदालती काम-कारवाहीमा भूमि द्वन्द्वको जटिलतालाई पनि छर्लङ्ग पार्छ।

## ६.७ निष्कर्ष

नेपालमा भूमि धेरै व्यक्तिहरूको जीविकाको साधनमात्रै नभएर शक्ति तथा प्रतिष्ठाको स्थायी स्रोत पनि हो। परिणामस्वरूप यो गरीब तथा सीमान्तीकृत जनतामाथि शोषणको आधार पनि बनेको छ। गरीब तथा सीमान्तीकृत जनताको लागि समतामूलक भूमि हक तथा प्राकृतिक स्रोतसँगको पहुँचको लागि बहिष्करण र शोषण नै प्रमुख व्यवधान बनेका छन्। सीमान्तीकृत तथा विपन्न वर्गहरूले नै जैविक विविधतालाई संवर्द्धन तथा प्रवर्द्धन गरेका भए तापनि नीतिहरूमा तिनको योगदानलाई भरपूर स्थान दिइएको छैन। शक्ति केन्द्रहरूसँग पहुँच नभएकै कारणले केही विपन्न वर्गका समूहलाई भूमि हकसमेत दिइएको छैन। परिणामस्वरूप तिनीहरू राज्यद्वारा दिइने कृषि ऋण तथा अन्य उत्पादन सामग्रीजस्ता भूमि आधारित विभिन्न लाभबाट वञ्चित छन्।

शताब्दीऔँसम्म पनि नेपालका अधिकांश नीति तथा ऐनहरू सामाजिक संरचना, जात, जनजाति, वंश र वर्गमा आधारित सामाजिक असमानतासँग संवेदनशील थिएनन्। कुनै निश्चित वर्गको नियन्त्रणमा रहेको संरक्षक राजनीति (प्याट्रनेज पलिटिक्स) का आधारमा ती बनेका थिए। केही नीति तथा विधेयकहरूले स्रोतसँगको पहुँचमा रहन पाउने आदिवासी जनताको आधारभूत अधिकारमाथि समेत बन्देज लगाएका थिए। तर आदिवासी जनताले जीविका निर्वाह गर्न र परम्परागत पेशा धान्न सदियौँदेखि यस्ता स्रोतको उपयोग गरिरहेका थिए। यस्ता अधिकांश नीति-नियमहरूले समुदाय स्थिर र तुलनात्मक रूपले समरूपीय हुन्छ भन्ने मान्यता राख्थे। तिनले समाजलाई केन्द्रीय शासन पद्धतिद्वारा नै चलाउन खोजेका थिए। आखिर वि.सं. २०६२/०६३ को जनआन्दोलनपछिको परिस्थितिमा महत्वपूर्ण परिवर्तन आएको छ। यसले गर्दा दलित, सीमान्तीकृत र बहिष्कृत समूहका आवाज सुनिन थालेका छन्।

गरीब र सीमान्तीकृत जनतालाई भूमि तथा भूमि आधारित स्रोतबाट लाभ सुनिश्चित गराउन दुई प्रमुख अप्ठचाराहरू छन्। पहिलो त नीति तथा विधेयकहरू नै गरीब र सीमान्तीकृत जनताका चासोप्रति पर्याप्त मात्रामा संवेदनशील छैनन्। दोस्रो, कायम रहेका नीति तथा कानूनहरूलाई पनि इमान्दारितापूर्वक व्यवहारमा उतार्न सकिएको छैन। यिनीहरू केवल सम्भ्रान्त र जमिन्दारहरूको एकल स्वार्थसिद्धिका लागि मात्रै प्रयोग भइरहेका छन्। यसमाथि पनि लोकतान्त्रिक तथा समावेशी स्रोत सञ्चालन अभ्यासको कमी, कमजोर

संस्थागत जवाफदेहिता र तीव्र भूमण्डलीकरणको असरले पनि प्राकृतिक स्रोतहरूमाथि बृहत् चुनौती थपिदिएका छन् (उप्रेती, २००३)।

भूमि स्रोतसम्बन्धी कानून र नीतिहरूबीच र तिनीहरूभित्रै भएका विसंगति र विरोधाभाषले नेपालमा ठूला कठिनाइ सिर्जना गरेका छन्। यसले गरीब र सीमान्तीकृत जनतामा नकरात्मक प्रभाव छोडेको छ। निश्चित प्राकृतिक स्रोत (जस्तै; जल, जमिन वा जंगल) सँग सम्बन्धित प्रत्येक कानून वा नीतिहरूको आफ्नै समुच्चता देखाउन खोज्ने प्रवृत्ति तथा एकीकृत माध्यम (इन्टिग्रेटेड अप्रोच) को कमीले पनि अर्को अप्ठ्यारो थपिदिएको छ। संयोजित माध्यम (कोअर्डिनेटेड अप्रोच) को अभावले गर्दा केन्द्रीय तहमा जलस्रोत, कृषि तथा सहकारी, भूमि सुधार, वन तथा भूसंरक्षण आदि मन्त्रालयका बीच सामञ्जस्यतामा केही कठिनाइहरू देखिएका छन्।

किसान र ठूलो मात्राका जग्गाधनीहरू बीच भूअधीनत्वको सवालमा उत्पन्न हुने तनाव प्रायजसो ऐतिहासिक सन्दर्भसँग गाँसिएर आउँछन्। मोजाम्बिक र भियतनाममा जस्तै भूमि वितरणलाई बृहत् आकारको कार्यक्रममा केन्द्रित गर्ने हो भने भूअधीनत्वको सवाल वास्तवमै सम्बोधित हुनसक्छ।

यदि भूमिलाई द्वन्द्व समाधान र शान्ति निर्माणको साधनका रूपमा प्रयोग गर्ने हो भने त्यस्तो खालको भूमि वितरण प्रणालीले आर्थिक दक्षता, वातावरणीय दिगोपना, चिरस्थायीत्व तथा समता र सामाजिक न्यायलाई बढावा दिने हुनुपर्दछ। यस्तो व्यवस्थाले स्पष्ट सम्पत्ति अधिकारलाई सुनिश्चित गर्नुपर्दछ। अहिलेको राजनीतिक सन्दर्भ तथा जनआन्दोलन-२०६२/०६३ ले भूमि आधारित शताब्दीऔँ पुरानो असमानता, शोषण र स्वार्थसिद्धिपूर्ण व्यवहारलाई समाधान गर्ने राम्रो अवसर दिएको छ। राजनीतिकर्मीहरूमा प्रतिबद्धता जाग्ने हो भने राज्य पुनर्संरचना र मुलुकको संघीयकरणले यो सवालमा ठूलो अवसर प्रदान गर्नसक्छ। परिच्छेद १३ मा चर्चा गरिएका उपायले नेपालको बदलिँदो सन्दर्भमा भूमि आधारित समस्यालाई सम्बोधन गर्ने केही तरिकाहरू दिएका छन्।

## सन्दर्भ सामग्री


1. बडाल आयोग प्रतिवेदन। सन् १९९६। *बडाल उच्चस्तरीय भूमि सुधार सुझाव आयोग १९९४।* काठमाडौँ: पि.बि. पब्लिसर।
2. Ali, A.G. (2000). The Economics of Conflict in Africa: An Overview. *Journal of African Economies*. Vol. 9.
3. Aliston, L.G, Libecap, G. and Muller, B. (2000). Land Reform Policies, the Sources of Violent Conflict, and Implications for Deforestation in the Brazilian Amazon. *Journal of Environmental Economics and Management.* Vol. 39.

4. Andre, C. and Platteau, J. P. (1998). Land Relations under Unendurable Stress: Rwanda caught in the Malthusian Trap. *Journal of Economic Behaviour and Organization.* Vol. 34.
5. Arcand, J-L and Chauvelt, I. (2002). *Foreign Aid, Rent-Seeking Behavior, and Civil War.* CERDI-CNRS, Université d' Auvergne.
6. Arcand, J-L. and Nicolas, P-V. (2003). Land and Violent Conflict: Exploring ways Ways of Using Land Policy to Secure Sustained Peace. (Draft) prepared for the Informal Experts Meeting on 'Land and Conflict: What Role for donors?' held in June 19-20, 2003 at the Paris: OECD. Paris, France).
7. Benda-Beckmann, F. (1999). Between Free Riders and Free Raiders: Property Rights and Soil Degradation in Context. Paper presented in International Workshop on Economic Policy Reforms and Sustainable and Use in LDCs: Recent Advances in Quantitative Analyses. June 30 to July 2, 1999. Wageningen: WUR.
8. Bhandari, S. (2003). *Study on Farmers Rights in Nepal*. Kathmandu: Action Aid Nepal.
9. Bhattarai, A.M and Pokharel M.R (2004). Property and Land Relations in Nepal: Tenants, Land Reform and Land-use Planning (A Draft Report). Kathmandu: Action Aid Nepal.
10. Bigombe, B.; Collier, P. and Sambanis, N. (2000). Policies for Building Post-conflict Peace. *Journal of African Economies.* Vol. 9. No. 3. Pp. 323-348.
11. Binswanger, H.; Deininger, K and Feder, G. (1995). Power, Distortions, Revolt and Reform in Agricultural Land Relations. Behrman, J. and T. Srinivasan, (Eds.). *Handbook of Development Economics*. Vol.3. (Amsterdam; New York and Oxford: Elsevier Science., North Holland).
12. Bista, D.B. (1991). *Fatalism and Development: Nepal's Struggle for Modernization*. Calcutta: Oreint Longman.
13. Bista, D.B.; I. Ijima; Hiroshi, M.Y. and N. Nyshi. (1982). *Anthropological and Linguistic Studies of the Gandaki Areas of Nepal*. Initiative for the Study of Language and Culture of Asia and Pacific.
14. Brockett, C. (1992). Measuring Political Violence in Central America. *American Political Science Review*. Vol. 86. No.1.
15. Bromley, D.W. (1992). *Making the Commons Work: Theory, Practice and Policy*. California: Institute of Contemporary Studies.

16. Buckles, D. (Ed.). (1999). *Cultivating Peace: Conflict and Collaboration in Natural Resource Management.* Ottawa/Washington: IDRC/ World Bank Institute.
17. Caplan, L. (2000). *Land and Social Change in East Nepal. A Study of Hindu Indigenous Relations*. Kathmandu: Himal Books.
18. Caplan, L. (1990). Tribes in the Ethnography of Nepal: Some Comments on Debate. *Contributions to Nepalese Studies*. Vol. 17. No. 2. Pp. 129-145.
19. Chapagain, D.P. (2001). *Status Review and Dialogue: Land and Agriculture*. Kathmandu: World Conservation Union (IUCN).
20. Chapagain, D.P. (1999). Land Tenure in Nepal: Status and Main Issues. A paper prepared for GTZ/IMU Nepal.
21. Chapagain, D. P.; Pyakuryal, K. N. and Pokharel, B. K. (1998). Land Policy, Land Management and Land Degradation in the HKH Region. Nepal Country Paper. Kathmandu: ICIMOD.
22. Clastres, P. (1974). *Society against the State*. Washington.
23. Collier, P. and Hoeffler, A. (2002). Aid, Policy and Growth in Post-Conflict Societies. World Bank Policy Research Working Paper 2902 (October).
24. Collier, P. and Hoeffler, A. (2001). Greed and Grievance in Civil War. Working Paper. Washington: The World Bank.
25. Collier, P. and Hoeffler, A. (1998). On the Economic Causes of Civil War. *Oxford Economic Papers.* Vol. 50. Pp. 563-573.
26. Collier, P. (2000). Doing Well out of War: An Economic Perspective. In Berdal, M. and D.M. Malone (Eds.). *Greed and Grievance: Economic Agendas in Civil Wars*. Boulder and London: IDRC/Lynne Rienner.
27. Cramer, C. and Weeks, J. (2000). Conflict and Agriculture in Developing Countries.*FAO, State of Food and Agriculture 2000*. Rome: FAO.
28. CSRC. (2005). *Land Rights: Bi-Annual Publication*, December 2005. Kathmandu: Community Self Reliance Centre.
29. CSRC. (2004). *Advocacy for Land Rights*. Kathmandu: Community Self Reliance Centre.
30. CSRC. (2003). A Study Report on Land Rights in Nepal: Present Reality and Strategies for Future. July, 2003. Kathmandu: Community Self Reliance Centre.
31. Deininger, K. (2003). *Causes and Consequences of Civil Strife. Micro-Level Evidence from Uganda*. Washington: The World Bank.

32. Dowding, K. (1996). *Power*. Minnesota: University of Minnesota Press.
33. Elbadawi, I and Sambanis, N. (2000). Why Are There So Many Civil Wars in Africa? Understanding and Preventing Violent Conflict. *Journal of African Economies.* Vol. 9.
34. Fitzpatrick, D. (2002). Land policy in post-conflict circumstances: Some Lessons from East-Timor. Working Paper No. 58. New Issue in Refugee Research Series.UNHCR.
35. French, J.R.P. & Raven, B. (1959). The Bases of Social Power. D.Cartwright (Ed.). *Studies in Social Power*. Ann Arbor, MI: University of Michigan Press.
36. Gaige, F. H. (1975). *Regionalism and Nationalism in Nepal*. Delhi: Vikash Publishing House.
37. Ghale, Y. and Upreti, B.R. (1999). Indigenous Knowledge and Food Security in Developing Countries: Opportunities and Challenges. A paper prepared for the 16th Symposium of the International Farming Systems Association 27-29, November 2000. Santiago, Chile.
38. Ghimire, K. (1992). *Forest or Farm? The Politics of Poverty and Land Hunger in Nepal*. Delhi: Oxford University Press.
39. Grossman, H. (1991). A general Equilibrium Model of Insurrections. *American Economic Review.* Vol. 81. Pp. 912-921.
40. Hardin, G. (1968). The Tragedy of Commons. *Science*. 162: Pp.1243-1248.
41. Herbst, J. (2000). Economic Incentives, Natural Resources, and Conflict in Africa, *Journal of African Economies.* Vol.9. Pp.270-294.
42. Hirschman, A.O. (1981). The Changing Tolerance for Income Inequality in the Course of Economic Development. *Essays in Trespassing: Economics to Politics and Beyond*. Cambridge: CUP.
43. HRW (Human Rigths Watch). (2002). Fast Track Land Reform in Zimbabwe. *Human Rigths Watch Report.*Vol. 14. No. 1.
44. Hussein, K.; Seddon, D. and Sumberg, J. (1999). Increasing Violent Conflict between Herders and Farmers in Africa: Claims and Evidence. *Development Policy Review*. Vol.17.
45. ICIMOD. (2000). Land Policies, Land Management and Land Degradation in the Hindu Kush-Himalayas: Nepal Study Report. Mountain Farming Systems Case Study Series, No.00/2. Kathmandu: Socioeconomic and Ethno-Political Research and Training Consultancy (P) Ltd. and ICIMOD.

46. Mathew, R. and Upreti, B. (2005). Nepal: Environmental Stress, Demographic Changes and the Maoists. Environmental Change and Security Programme Report. Issue 11. Woodrow Wilson International Centre for Scholars. Pp-29-39.
47. McCay, B.J. and Acheson, J.M. (Eds.). (1987). *The Questions of the Commons: The Culture and Ecology of Communal Resources*. Tucson: University of Arizona Press.
48. Muller, E. and Seligson, M. (1987). Inequality and Insurgency. *American Political Science Review*. Vol. 82.Pp.425–451.
49. Murdoch, J. and Sandler, T. (2002).Economic Growth, Civil Wars, and Spatial Spillovers. *Journal of Conflict Resolution*. Vol. 46. Pp. 91–110.
50. Nafziger, E.W. and Auvinen, J. (2002). Economic Development, Inequality, War, and State Violence. *World Development*. Vol. 30. No. 2.
51. New Era. (1988). A Study of Legal System and Legal Situation in Rural Areas of the Kingdom of Nepal. Kathmandu: Friedirich Naumann Foundation.
52. OECD. (2001). The DAC Guidelines. Helping Prevent Violent Conflict. OECD.
53. Ostrom, E. (1990). *Governing the Commons: The Evolution of Institutions for Collective Actions*. New York: Cambridge University Press.
54. Panday, D.R. (1999). *Nepal's Failed Development: Reflections on the Mission and the Melodies*. Kathmandu: Nepal South Asia Centre.
55. Platteau, J-P. (1996). The Evolutionary Theory of Land Rights As Applied to Sub Saharan Africa: A Critical Assessment. *Development and Change*. Vol. 27. Pp. 29-86.
56. Pokharel, D.M. (2005). Legal Aspects of Land Rights in Nepal. *Land First*. A Biannual Publication of CSRC. Kathmandu: CSRC. Pp. 8-10.
57. Pradhan, R.; F. Benda-Beckmann, F. and Benda-Beckmann, K. (Eds.). (2000). *Water Land and Laws: Changing Rights to Land and Water in Nepal*. Kathmandu: FREEDEAL.
58. Regmi, M.C. (1978). *Land Tenure and Taxation in Nepal*. Kathmandu: Ratna Pustak Bhandar.
59. Regmi, M.C. (1976). *Land Ownership in Nepal*. Berkeley: University of California Press.
60. Regmi, M.C. (1972). *A Study of Nepali Economic History* 1768-1846. Delhi: Adroit Publihers.

61. Regmi, M.C. (1963). Land Tenure and Taxation in Nepal. Vol.1. *The State as Landlord: Raikar Tenure. Berkeley*: University of California Press.
62. Richards, M. (1997). The Tragedy of the Commons for Community Based Forest Management in Latin America. *Natural Resource Perspective* No. 22. London: Overseas Development Institute.
63. Russett, B.M. (1964). Inequality and Insurgency: The Relation of Land Tenure to Politics. *World Politics*. Vol.16.
64. Schlager, E. and E. Ostrom (1992). Property Right Regimes and Natural Resources. *Land Economics*. 68(8): 249-262.
65. Seddon, D. and Adhikari, J. (2005). *Conflict and Food Security. A Preliminary Analysis*. Kathmandu: RRN.
66. Shrestha, N.R. (1997). *In the Name of Development: A Reflection in Nepal*. Kathmandu: Educational Enterprise.
67. Singer, J.D. and Small, M. (1994). *Correlates of War Project: International and Civil War Data*. (1816-1992), Inter-University Consortium for Political and Social Research. Ann Arbor, MI.
68. Skaperdas, S. (1992). Cooperation, Conflict, and Power in the Absence of Property Rights, *American Economic Review*. Vol.82. Pp. 720-739.
69. Steins, N.A. (1999). All Hands on Deck: An Interactive Perspective on Complex Common Pool Resource Management Based on Case Studies in the Coastal Waters of the Isle of Wight (UK), Connemara (Ireland) and the Dutch Wadden Sea. Published PhD Dissertation. Wageningen: Wageningen University.
70. Stewart, F. (2000). Crisis Prevention: Tackling Horizontal Inequalities. *Oxford Development Studies*. Vol. 28. Pp. 245-262.
71. Story, A. (1999). Economics and Ethnic Conflict: Structural Adjustment in Rwanda. *Development Policy Review*. Vol. 17.
72. Tarnow, E. (2000). A Quantitative Model of the Amplification of Power through Order and the Concept of Group Defense. http://cogprints.org/4275/ (23 January 2007)
73. Thapa, H.B. (2002). *Anatomy of Corruption*. Kathmandu: Sangita Thapa.
74. Theotocatos, N. and Zetter, R. (2003). Land, Property and Peace Building: The Role of Property Commissions in Post-Conflict Reconciliation and the Restitution of Property. Research Project. Unpublished.

75. UNDP. (2004). *Nepal Human Development Report*. Kathmandu: United Nations Development Programme.
76. Upreti, B.R. (2006). *Armed Conflict and Peace Process in Nepal: The Maoist Insurgency, Past Negotiation and Opportunities for Conflict Transformation*. New Delhi:Adroit Publishers.
77. Upreti, B.R. (2000). The Effects of Changing Land Use Systems in Agricultural Biodiversity: Experiences and Lessons from Nepal. In Xu Jianchu (Ed.). *Links between the Culture and Biodiversity*. Proceedings of the Culture and Biodiversity Congress. 20-30 July, Cunming, Yunnan, China, 21-30 July, 2000. Yunnan Science and Technology. Pp. 327-337.
78. Upreti, B.R. and Adhikari, J. (2006). Reality Revisited: Marginalized Indigenous Communities. Access to Natural Resources in Nepal: National Laws, Policies and Practices. A Research Report submitted to Action Aid International Nepal and Food and Agricultural Organisation of the UN. Kathamndu.
79. Upreti, B.R. (2004a). Resource Conflict and Conflict Resolution in Nepal. *Mountain Research and Development*. Vol. 24. No. 1. Pp. 60-66.
80. Upreti, B.R. (2004b). *The Price of Neglect: From Resource Conflict to the Maoist Insurgency in the Himalayan Kingdom*. Kathmandu: Bhrikuti Academic Publishers.
81. Upreti, B.R. (2004c). Land Conflict in Nepal: Peasants' Struggle to Change Unequal Agrarian Social Relations. *Journal of Community, Work and Family*. Vol. 7. No. 3. Pp. 371-394.
82. Upreti, B.R. (2004d). Dynamics of Resource Governance, Resource Scarcity and Conflict in Nepal. *Journal of Forest and Livelihoods*. Vol. 4. No.1.
83. Upreti, B.R. (2003). Environmental Governance to Address Resource Scarcity and Conflict in Nepal. Paper presented on June 7th, 2003 at the Environmental Conflict Resolution: A Right Based Approach. Kathmandu: Environmental Law Committee of Nepal Bar Association.
84. Upreti, B.R. (2002). *Management of Social and Natural Resource Conflict in Nepal: Realities and Alternatives*.New Delhi: Adroit Publishers.
85. Upreti, B.R. and Ghale, Y. (2002). *Factors Leading to Agrobiodiversity Loss in Developing Countries: The Case of Nepal. Biodiversity and Conservation*. 11 (9) Pp. 1607-1621.

86. Upreti, B.R. (2001). *Conflict Management in Natural Resources: A Study of Land, Water and Forest Conflict in Nepal*. Published PhD Dissertation. Wagenignen: Wagenignen University.
87. Willy, L.A. (2003). *Land Rights in Crisis: Restoring Tenure Security in Afghanistan*. AREU/UN.
88. Wolf, E. (1969). *Peasant Wars of the Twentieth Century*. New York: Harper and Row.
89. Yadav, R.P. (2005). Land Tenure and Taxation in Nepal: *Winrock International Policy Outlook Series* No. 7. Kathmandu: Winrock International.
90. Zimmermann, W. and Hubner-Schmid, K. (2000). *Land Tenure Issues in Post-Conflict Countries: The Case of Bosnia and Herzegovina*. GTZ Project Report.

परिच्छेद ७

✍ यमुना घले

# नेपालमा महिला, भूमण्डलीकरण र भूमि आधारित बहिष्करण

## ७.१ परिप्रेक्ष्य

यस परिच्छेदले नेपालमा महिलाहरूको भूमि आधारित बहिष्करणबारे संक्षेपमा चर्चा गरेको छ। यस्तो बहिष्करण पुरानो संरचनागत तथा लिङ्गमा आधारित विभेदद्वारा सिर्जित जटिल समस्या हो भन्ने तर्क यहाँ गरिएको छ। यो विषय जहाँतहीँ व्याप्त भएको तर गौण रूपमा मात्रै स्वीकारिएको अन्यायपूर्ण अभ्यास बनेको छ। असमानता, बहिष्करण र अन्यायका यस्ता स्वरूपहरू पितृसत्तात्मक तथा सामन्ती सामाजिक मानसिकता एवं केन्द्रीकृत राज्य प्रणालीभित्र अन्तर्निहित छन्। यस परिच्छेदमा सामाजिक बहिष्करणले राज्य तथा राज्येतर कर्ताहरूको कार्यपद्धति, संयन्त्र, प्रक्रिया, अवधारणा तथा अभ्यासलाई समेट्छ। यी अभ्यासले महिलालाई राजनीतिक तथा आर्थिक निर्णय प्रक्रियाबाट अलग्याउनुका साथै जीविका र सामाजिक सुरक्षाका आधारभूत तत्वहरूसँगको पहुँचबाट पनि वञ्चित गरेको छ (ब्राइन, १९९९; नायक, १९९८)। राज्यका शासन प्रणाली तथा क्रियाकलापले सामेलीकरणलाई सहयोग नपुऱ्याउँदा महिलाहरूको अपेक्षामा आँच आउँछ। साथै तिनलाई आवश्यक अवसर तथा जिम्मेवारीमा समेत चुनौती थपिने सम्भावना धेरै हुन्छ। फलतः गैरसामेलीकरणको प्रक्रियाले महिलालाई जीविका असुरक्षाको पासोमा पारिदिन्छ (उप्रेती, २००३)। नेपाली सन्दर्भमा महिला, शक्तिहीन, गरीब तथा विपन्न जनता सामाजिक बहिष्करणका विभिन्न स्वरूपको सिकार भएका छन्। विगतमा केन्द्रीकृत राज्य, सामाजिक-राजनीतिक संस्कृति र विषम शक्ति सम्बन्धले गैरसामेलीकरणका अवधारणा तथा अभ्यासलाई नियमजस्तै बनाएका थिए (ब्राइन, १९९९; उप्रेती, २००१, २००२)। विश्वव्यापीकरणको परिवर्तित परिप्रेक्ष्यमा उत्पादनका साधन तथा सम्बद्ध सेवाहरूको उदारीकरण र निजीकरण प्रक्रियाले भूमिमाथि महिलाको अधिकार सुरक्षित गर्न थप चुनौती थुपारिदिएको छ। तसर्थ महिलाहरूको बहिष्करण मुख्यतः विषम शक्ति सम्बन्धमा आधारित सामाजिक-आर्थिक, राजनीतिक तथा सांस्कृतिक विभेदको अभिव्यक्ति हो (घले, २००५)।

समाज तथा घरपरिवार भित्रैका शक्ति सम्बन्धलाई उत्पादनशील स्रोतसँगको पहुँचले बृहत् आकार दिएको हुन्छ। नेपालजस्तो विकासोन्मुख देशमा त महिलाको भूअधीनत्व धेरै महत्वपूर्ण छ। यसले तिनको सामाजिक स्तर तथा मनोवैज्ञानिक सघनता बढाउने मात्र नभएर उत्पादनका अन्य स्रोत तथा जीविकाका विकल्पहरूसँग पहुँच पुऱ्याउन सघाउने कानूनी आधारसमेत तय गर्छ। चाहे त्यो राज्य संयन्त्र होस् अथवा राजनीतिक-सामाजिक रूपान्तरणका प्रक्रियाहरू नै किन नहुन्, तल चर्चा गरिएका बुँदाहरूले महिलाहरू सबै किसिमका शक्ति अभ्यासबाट अलग्याइएका छन् भन्ने देखाउँछन्। यस्ता निर्णय प्रक्रियाबाट अलग्याइएपछि भूमि व्यवस्थापन तथा अधीनत्व संयन्त्रलाई निर्धारण गर्ने सामन्ती सामाजिक सोचाइ, नीति तथा अभ्यासलाई चुनौती दिन गाह्रो पर्छ। अत: महिलाले पाउने अधीनत्वको आकार, प्रकार, स्थान र गुणस्तरलाई प्रभाव पार्न यस्ता निर्णय प्रक्रियामा तिनको सहभागिता तथा प्रतिनिधित्व जरुरी हुन्छ। समष्टिमा, भूमि आधारित विभेद सामाजिक-राजनीतिक तथा आर्थिक क्षेत्र समेट्ने फराकिलो विषय हो। अन्ततः भूमिसँग महिलाको पहुँच र अधीनत्व सबै जाति तथा जनजातिमा विद्यमान विस्तृत समस्या बनेको छ (बेनेट, २००६)।

२०६५ जेठमा संविधानसभाले नेपालमा बहिष्करण तथा शोषणको प्रमुख स्रोत रहेको वर्षौं पुरानो राजतन्त्र अन्त्य गऱ्यो। तर अझै पनि यहाँ असमानता तथा उत्पीडनका बलिया अन्य आधारशिलाहरू छन्। समानता अभिवृद्धि तथा भूमि स्रोतसँग महिलाको पहुँच स्थापित गर्न त्यस्ता आधारशिलालाई चुनौती दिँदै रूपान्तरण गरिनुपर्छ। संविधानसभा चुनाव सफलतापूर्वक सम्पन्न भएपछि राज्य पुनर्संरचनाको अहिलेको बाटोले महिला तथा पाखा पारिएका समूहलाई उत्पादनका साधनसँग पहुँच दिलाउने चौतर्फी आशा मौलाएको छ।

## ७.२ एकत्रित स्रोत र महिलाको बहिष्करण

स्रोतसँगको पहुँच र अधीनत्व शैलीले समाजको शक्ति सम्बन्धलाई गहिरो असर पार्छ। भूमि तथा उत्पादनका अन्य साधनसँगको पहुँच र तिनमाथिको नियन्त्रणले समाजमा व्यक्तिको स्थान सुदृढ गर्नुका साथै अन्ततोगत्वा मानवीय, प्राकृतिक, शारीरिक, वित्तीय तथा सामाजिक-राजनीतिक प्रतिष्ठासमेत निर्धारण गर्छ (उप्रेती, २००४ए; २००४बी; आहुति, २००७बी)। यसैगरी शक्तिले स्रोतसँग पहुँच पाउने तथा प्रयोग गर्ने बाटो पनि खुलाउँछ। तर एकत्रित स्रोतले यथास्थिति कायम राख्ने हुनाले नेपालमा शक्ति सम्बन्धहरू सधैं चुनौतीरहित बनेका छन्। यसले विषम शक्ति संरचना तथा संरक्षक-ग्राहक शैलीको सम्बन्ध सिर्जना गर्दै तिनलाई दिगोसमेत बनाएको छ। परिणामत: बहिष्करण तथा सीमान्तीकरणमा झनै ऊर्जा थपी यसले नेपालको सामाजिक रूपान्तर प्रक्रियामा निरन्तर अड्चन पुऱ्याएको छ (बेनेट, २००६)। यस्तो असमान शक्ति

सम्बन्ध विस्तारै-विस्तारै व्यक्तिका भित्री मस्तिष्कसम्म पुगिसकेको छ। एवम् रीतले महिला तथा समाजका पछि पारिएका अन्य समूहको गैरसामेलीकरणको विषय झनै उपेक्षित बनिरहेको छ (उप्रेती, २००४सी)।

यस परिच्छेदको पछिल्ला अनुच्छेद तथा पुस्तकका अन्य परिच्छेदहरूमा व्याख्या गरिएअनुसार भूमिलाई समाजमा प्रतिष्ठा एवम् शक्ति निर्धारण गर्ने प्राथमिक आधार मानिन्छ। राज्यमा शक्ति तथा गैरसामेलीकरणको प्रमुख निर्धारक भूमि नै बनेको छ। राणाकालमा भूमिलाई शाही तथा रैकर जग्गाको नाममा विभाजन गरिएको थियो। धेरै उत्पादनशील भूमि शाही शीर्षकमा राणा शासकहरूको नियन्त्रणमा थियो। त्यसमध्ये पनि आधा भूमि राजकीय सेवा गर्ने व्यक्तिहरूको क्षतिभरण गर्न छुट्ट्याइएको थियो। तिनलाई बिर्ता र गुठीको लागि प्रयोग गरिन्थ्यो। रैकरको रूपमा रहेको बाँकी जमिनमा आम मानिसलाई खेती गर्न दिइन्थ्यो र तिनले सरकारलाई महशुल बुझाउनुपर्थ्यो (रोका, २००७)। रैकर जमिनभित्रै पनि महिलाको नाम तथा अधीनत्वको कुनै प्रत्याभूति थिएन।

नेपालमा महिलाहरू कृषि, पशुपालन, जंगल र आरक्षण जस्ता भूमि आधारित क्रियाकलापमा व्यस्त बनाइए पनि कानूनी अधीनत्वबाट भने टाढा राखिन्छन् (घले, २००४)। राजनीतिक परिवर्तनका शृङ्खलाहरू (वि.सं. २००७, २०१७, २०४६ र २०६२/०६३) ले अझै पनि स्रोत वितरण संयन्त्र तथा व्यवस्थापनमा आधारभूत रूपान्तरण गराएका छैनन्। सामाजिक-आर्थिक रूपान्तरणको प्रक्रियामा नेपालले सन् असीको दशकदेखि उदारीकरणको नीति लिएको थियो। पछि यसलाई सन् नब्बेको दशकमा व्यापक विस्तार गरियो। तर आर्थिक भूमण्डलीकरणको प्रक्रियाले स्रोत तथा शक्तिलाई झन् एकत्रित बनाउने सिद्धान्तगत मान्यता पनि छ। यसरी उदारीकृत आर्थिक नीतिले लाभहीन तथा विशेषगरी महिलाहरूको सामेलीकरणमा सधैं चुनौती थुपारिरहन्छ।

महिलाको बहिष्करणलाई फराकिलो दृष्टिबाट हेरिनुपर्छ। अहिले महिलाहरू भूमि स्रोतबाट मात्र बहिष्कृत भएका होइनन्, राज्यका महत्वपूर्ण मामिलाबाट पनि पाखा पारिएका छन्। राष्ट्रिय तथा स्थानीय राजनीतिमा महिला सहभागिता अझै पनि कम छ। तालिका ७.१ ले बहुदलीय व्यवस्था हुँदा पनि राजनीतिक मामिलामा महिला सहभागिता अत्यन्तै न्यून भएको देखाएको छ। उदाहरणको लागि २०५३ सालको चुनावमा महिला प्रतिनिधित्व जिल्ला विकास परिषद्मा केवल १.५%, जिल्ला विकास समितिमा ६.७%, नगरपालिकामा १९.५%, गाउँ विकास समितिमा ७.७%, गाउँ परिषद्मा २.१% तथा वडा समितिमा २०% मात्रै रहेको थियो।

**तालिका ७.१: स्थानीय निकायमा महिला प्रतिनिधित्व (वि.सं. २०५३-२०५८)**

| स्थानीय निकाय | कुल प्रतिनिधित्व | महिलाको हिस्सा (%) |
|---|---|---|
| जिल्ला विकास परिषद् | १0000 | १.५ |
| जिल्ला विकास समिति | ११११७ | ६.७ |
| नगरपालिका | ४१४६ | १९ .५ |
| गाउँ विकास समिति | ५०८५७ | ७.७ |
| गाउँ परिषद् | १८३८६५ | २.१ |
| वडा समिति | १७६०३१ | २०.० |

*स्रोत: युएनडिपी (२००४)*

यसैगरी विगतका संसद्मा महिलाको प्रतिनिधित्व त्यति उत्साहजनक थिएन। लगातार तीनओटा संसदीय निर्वाचन (वि.सं. २०४८, २०५१ र २०५६) को परिणामको तुलनाले पनि संसद्मा महिलाको प्रतिनिधित्वमा उति राम्रो परिवर्तन देखाएको छैन। तालिका ७.२ मा वि.सं. २०४८ र २०५१ का चुनावमा ३.४% महिला विजयी भएका तथा वि.सं. २०५६ मा यो संख्या केही बढेर ५.८% भएको देखिन्छ।

**तालिका ७.२: संसदमा महिला प्रतिनिधित्व (२०४८-२०५६)**

| वर्ष | लिङ्ग | संख्या | प्रतिशत |
|---|---|---|---|
| २०४८ | पुरुष | १९८ | ९६.६ |
| | महिला | ७ | ३.४ |
| २०५१ | पुरुष | १९८ | ९६.६ |
| | महिला | ७ | ३.४ |
| २०५६ | पुरुष | १९३ | ९४.२ |
| | महिला | १२ | ५.८ |

*स्रोत: निर्वाचन आयोग (वि.सं. २०४८, २०५१, २०५६); युएनडिपी (२००४)।*

लोकसेवाको क्षेत्रमा पनि महिला प्रतिनिधित्व कम छ। तालिका ७.३ ले लोकसेवा आयोगमा आबद्ध कुल जनशक्तिमा महिला प्रतिनिधित्व केवल ८% भन्दा थोरै भएको देखाउँछ। वरिष्ठ सरकारी पदहरूमा महिलाको स्थान ५% भन्दा पनि कम छ। २०४७ सालको तुलनामा २०५६ सालमा उपल्लो पदमा महिला प्रतिनिधित्व घटेको छ। लोकसेवामा महिलाहरूको यस्तो न्यून प्रतिनिधित्व सामाजिक बहिष्करणको ज्वलन्त उदाहरण हो।

## तालिका ७.३: श्रेणी र स्तरका आधारमा लोकसेवामा महिला प्रतिनिधित्व (२०४७ र २०५६)

| श्रेणी | कुल सरकारी कर्मचारी | महिलाको प्रतिशत | |
|---|---|---|---|
| | | वि.सं. २०४७ | वि.सं. २०५६ |
| विशिष्ट | ८५ | ३.५ | २.४ |
| प्रथम | ६३३ | ५.१ | ४.१ |
| द्वितीय | २७१९ | ४.९ | ३.२ |
| तृतीय | ७४१८ | ५.३ | ५.२ |
| राजपत्र अनङ्कित | ८७८३४ | ८.० | ८.२ |
| **कुल** | **९८६८९** | **७.७** | **७.८** |

*स्रोत: युएनडिपी (२००४)*

**यद्यपि संविधानसभामा महिला तथा अन्य सीमान्तकृत समूहको सामेलीकरण प्रगतिउन्मुख छ। महिलाको समानुपातिक प्रतिनिधित्व थोरै भए तापनि तिनको उपस्थिति झण्डै एक तिहाइ (५९६ सदस्यमध्ये १९७) छ। त्यसैले संविधानसभाको अहिलेको बनोटलाई 'इन्द्रेणी गठबन्धन' (रेन्बो कोअलिसन्) पनि भन्ने गरिन्छ।**

**तालिका ७.४ ले संविधानसभा निर्वाचनमा राजनीतिक दलहरू महिलालाई उम्मेद्वारी दिन तुलनात्मक रूपमा उदार (३५७७ उम्मेद्वारमध्ये ३६९) भएको देखाउँछ। कुल उम्मेद्वारीमा यो प्रतिशत थोरै (१०.३२%) भए तापनि, जित्नेको प्रतिशत सापेक्षित रूपमा धेरै (१८.३०%) थियो। यसले महिलाहरू जनप्रियमात्रै नभएर अवसर तथा अनुकूल वातावरण पाएमा विजयी हुनसक्ने खुबीसमेत भएका छन् भन्ने देखाउँछ।**

## तालिका ७.४: संविधानसभा सदस्यहरूको दलगत लैङ्गिक संरचना

| क्र. सं. | दलको नाम | उम्मेद्वार | | कुल | निर्वाचित | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | महिला | पुरुष | कुल |
| १ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | ४३ | १९७ | २४० | २४ | ९६ | १२० |
| २ | नेपाली काङ्ग्रेस | २६ | २१४ | २४० | २ | ३५ | ३७ |
| ३ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | २७ | २१२ | २३९ | १ | ३२ | ३३ |
| ४ | मधेसी जनाधिकार फोरम, नेपाल | ३ | १०० | १०३ | २ | २७ | २९ |
| ५ | तराई मधेस लोकतान्त्रिक | ४ | ९० | ९४ | १ | ८ | ९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पार्टी | | | | | | |
| ६ | नेपाल सद्भावना पार्टी | ४ | ८३ | ८७ | ० | ४ | ४ |
| ७ | जनमोर्चा नेपाल | २८ | १७५ | २०३ | ० | २ | २ |
| ८ | नेपाल मजदुर किसान पार्टी | २७ | ७१ | ९८ | ० | २ | २ |
| ९ | स्वतन्त्र | ४२ | ७७४ | ८१६ | ० | २ | २ |
| १० | राष्ट्रिय जनमोर्चा | १५ | १०७ | १२२ | ० | १ | १ |
| ११ | राष्ट्रिय जनशक्ति पार्टी | १४ | १८४ | १९८ | ० | ० | ० |
| १२ | राष्ट्रिय प्रजातन्त्र पार्टी | २२ | २१० | २३२ | ० | ० | ० |
| १३ | समाजवादी प्रजातान्त्रिक जनता पार्टी, नेपाल | ७ | ४३ | ५० | ० | ० | ० |
| १४ | नेपाल राष्ट्रिय विकास पार्टी | ० | १३ | १३ | ० | ० | ० |
| १५ | नेपाल समाजवादी पार्टी | ० | ५ | ५ | ० | ० | ० |
| १६ | राष्ट्रिय जनमुक्ति पार्टी | ८ | ७६ | ८४ | ० | ० | ० |
| १७ | राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल) | ८ | १९६ | २०४ | ० | ० | ० |
| १८ | नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) | १० | १२६ | १३६ | ० | ० | ० |
| १९ | नेपाल कम्युनिष्ट पार्टी (माले) | ११ | १०५ | ११६ | ० | ० | ० |
| २० | राष्ट्रिय जनता दल | ० | ८ | ८ | ० | ० | ० |
| २१ | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत) | ६ | ४९ | ५५ | ० | ० | ० |
| २२ | नेपाल समता पार्टी | २ | १२ | १४ | ० | ० | ० |
| २३ | दलित जनजाति पार्टी | १ | ४९ | ५० | ० | ० | ० |
| २४ | नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) | १३ | ९१ | १०४ | ० | ० | ० |
| २५ | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी) | ५ | ४३ | ४८ | ० | ० | ० |
| २६ | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी) | १ | ७ | ८ | ० | ० | ० |
| २७ | हिन्दू प्रजातान्त्रिक पार्टी | ० | ४ | ४ | ० | ० | ० |
| २८ | नवजनजाति पार्टी | १ | १४ | १५ | ० | ० | ० |
| २९ | नेपाल राष्ट्रिय जनकल्याण पार्टी | ० | ३ | ३ | ० | ० | ० |
| ३० | राष्ट्रिय विकास पार्टी | ० | २१ | २१ | ० | ० | ० |
| ३१ | मुस्कान सेना नेपाल | २ | ३२ | ३४ | ० | ० | ० |
| ३२ | लिग नेपाल शान्ति पार्टी | ० | १० | १० | ० | ० | ० |
| ३३ | नेपाल जनभावना पार्टी | ० | २ | २ | ० | ० | ० |
| ३४ | नेपाल शान्ति क्षेत्र परिषद् | १ | २ | ३ | ० | ० | ० |
| ३५ | राष्ट्रवादी युवा मोर्चा | १ | ४ | ५ | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३६ | उदार समाजवादी पार्टी | ० | ३ | ३ | ० | ० | ० |
| ३७ | नेपाली जनता दल | १० | ३० | ४० | ० | ० | ० |
| ३८ | नेपाल राष्ट्रिय लोकतान्त्रिक दल | १ | १ | २ | ० | ० | ० |
| ३९ | राष्ट्रवादी एकता पार्टी | २ | ० | २ | ० | ० | ० |
| ४० | जनमुक्ति पार्टी, नेपाल | ० | ३ | ३ | ० | ० | ० |
| ४१ | सशक्ति नेपाल | ६ | ० | ६ | ० | ० | ० |
| ४२ | राष्ट्रिय जनता दल | ० | १७ | १७ | ० | ० | ० |
| ४३ | शान्ति पार्टी नेपाल | ४ | ८ | १२ | ० | ० | ० |
| ४४ | नेपाल जनता पार्टी | २ | २३ | २५ | ० | ० | ० |
| ४५ | लोक कल्याणकारी जनता पार्टी नेपाल | २ | ३२ | ३४ | ० | ० | ० |
| ४६ | मंगोल राष्ट्रिय संगठन | ० | १७ | १७ | ० | ० | ० |
| ४७ | नेपाल साम्यवादी दल | ० | १ | १ | ० | ० | ० |
| ४८ | संघीय लोकतान्त्रिक राष्ट्रिय फोरम | २ | ४३ | ४५ | ० | ० | ० |
| ४९ | नेपाः राष्ट्रिय पार्टी | १ | ५ | ६ | ० | ० | ० |
| ५० | नेपाल लोकतान्त्रिक समाजवादी दल | ० | ११ | ११ | ० | ० | ० |
| ५१ | नेपाल सुकुम्बासी पार्टी (लोकतान्त्रिक) | ३ | ८ | ११ | ० | ० | ० |
| ५२ | नेपाल दलित श्रमिक मोर्चा | ० | १ | १ | ० | ० | ० |
| ५३ | चुरे भावर राष्ट्रिय एकता पार्टी नेपाल | १ | २१ | २२ | ० | ० | ० |
| ५४ | ताम्सालिङ नेपाल राष्ट्रिय पार्टी | ३ | १९ | २२ | ० | ० | ० |
| ५५ | नवनेपाल प्रजातान्त्रिक दल | ० | २ | २ | ० | ० | ० |
| | **कुल** | **३६९** | **३५७७** | **३९४६** | **३०** | **२०९** | **२३९** |

*स्रोत: निर्वाचन आयोग (२०६५)*

**तालिका ७.५ ले राजनीतिक दलहरू महिलालाई मूलधारको राजनीतिमा अवसर दिन अझै हिच्किचाइरहेको देखाउँछ। यसमाथि ३३% महिला उम्मेद्वारी दिने संवैधानिक प्रावधान तीन ठूला दलले पनि अवलम्बन गर्न सकेका छैनन्। यीमध्ये नेकपा (माओवादी) ले २४० मध्ये ४२ (१७.५%) महिला उम्मेद्वारी दियो, नेकपा (एमाले) ले २६ (१०.८%) र नेपाली काङ्ग्रेसले २५ (१०.४%) जना महिला उम्मेद्वारी दियो। नेपाल मजदुर किसान पार्टी महिलालाई धेरै उम्मेद्वारी दिनेमा तुलनात्मक रूपमा राम्रो स्थानमा (कुल ९८ उम्मेद्वारमध्ये २७ जना-२७.५%) छ।**

## तालिका ७.५ संविधानसभाको प्रत्यक्ष निर्वाचनमा दलगत उम्मेदवारहरू

| क्र. सं. | दल | कुल उम्मेद्वार | महिला संख्या | प्रतिशत | जनजाति संख्या | प्रतिशत | मधेसी संख्या | प्रतिशत | दलित संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नेकपा (एमाले) | २४० | २६ | १०.८ | ६५ | २७.१ | ६५ | २७.०८ | २ | ०.८ |
| २ | नेपाली काङ्ग्रेस | २४० | २५ | १०.४ | ६२ | २५.८ | ५१ | २१.२ | १ | ०.४ |
| ३ | नेकपा (माओवादी) | २४० | ४२ | १७.५ | ८५ | ३५.४ | ६८ | २८.३ | १६ | ३.३ |
| ४ | राष्ट्रिय प्रजातन्त्र पार्टी | २३७ | २५ | १०.५ | ७७ | ३२.५ | ६७ | २८.२ | ३ | १.२ |
| ५ | जनमोर्चा नेपाल | २१४ | २९ | १३.५ | ४७ | २१.९ | ५४ | २५.२ | २६ | १२.१ |
| ६ | राष्ट्रिय जनमोर्चा | १२५ | १४ | ११.२ | ३२ | २५.६ | १६ | १२.८ | १२ | ९.६ |
| ७ | नेकपा (एकीकृत) | १४२ | १० | ७.०४ | ६८ | ५७.८ | १४ | ९.८ | ४ | २.८ |
| ८ | मधेसी जनाधिकार फोरम | १०५ | ३ | २.८ | २० | १९ | ९६ | ९१.४ | ० | ० |
| ९ | तमलोपा | | | | | | | | | |
| १० | सद्भावना पार्टी | ९३ | ५ | ५.३ | २० | २१.५ | ८७ | ९३.५ | ० | ० |
| ११ | राष्ट्रिय जनशक्ति पार्टी | २०१ | १४ | ६.९ | ५९ | २९.३ | ४८ | २३.८ | ६ | २.९ |
| १२ | राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल) | २०७ | ९ | ४.३ | ५५ | २६.५ | ५० | २४.१५ | २ | ०.९६ |
| १३ | नेपाल सद्भावना पार्टी (आनन्दिदेवी) | १०५ | १२ | ११.४ | १७ | १६.१ | ८८ | ८३.८ | १० | ९.५ |
| १४ | नेकपा (माले) | १२० | १२ | १० | १५ | १२.५ | २८ | २३.३ | १० | ८.३ |
| १५ | नेपाल मजदुर किसान पार्टी | ९८ | २७ | २७.५ | ३३ | ३३.६ | ३४ | ३४.६ | ६ | ६.१ |
| १६ | राष्ट्रिय जनमुक्ति पार्टी | ८४ | ८ | ९.५ | ७१ | ८४.५ | १० | ११.९ | ६ | ७.१ |

*स्रोत: दाहाल र काफ्ले (२००८)*

यसैगरी समग्र कर्मचारी संयन्त्रमा महिलाको स्थान अहिले निकै कमजोर छ। राष्ट्रिय योजना आयोग, विभिन्न विभागीय मन्त्रालय, क्षेत्रीय तथा जिल्लास्थित कार्यालयजस्ता विभिन्न संरचनाहरूमा महिलाको सहभागिता र प्रतिनिधित्व निकै कम छ। यसरी नै कृषि, वनविज्ञान, पशु तथा भूमि प्रशासनजस्ता प्राविधिक क्षेत्रमा महिला विद्यार्थीको संख्या थोरै छ। त्यसैले कर्मचारी संयन्त्र र सेवाप्रदायक संरचनामा निकट भविष्यमै तत्काल परिवर्तन देखिने संकेत छैन।

सीमान्तीकरण तथा अधीनताको प्रक्रियालाई परिवर्तन गर्न २०४६ सालपछि महिला र दलितजस्ता पाखा पारिएका समूहका विभिन्न सामाजिक आन्दोलनहरू भए। ती आन्दोलन न्यायको सुरक्षा तथा 'समानतावादी समाज' स्थापना गर्न प्रेरित थिए (घले, वि.सं. २०६४)। तथापि तिनले सामाजिक दृष्टिकोण तथा आम नीतिहरूलाई प्रभाव पार्न र राम्रो स्थान लिन अझै बाँकी छ। यसको लागि यस्ता सामाजिक आन्दोलनबाट उपलब्ध सिकाइ तथा अनुभवलाई एकै ढिक्का बनाउनु आवश्यक हुन्छ। यसमाथि धेरैजसो सामाजिक आन्दोलनहरू गैरसरकारी संस्थाका स्वरूपमा सञ्चालित छन्। उदाहरणको लागि दलित अधिकारमा २०० भन्दा बढी गैरसरकारी संस्थाहरू पच्चीस करोड वार्षिक बजेटमा कार्यरत छन् (रोका, २००७) तर यस्तो स्रोत सामाजिक आन्दोलनमा सार्थक किसिमले लगाइएको देखिँदैन। धेरै सवालहरूसँग सम्बद्ध हुनाले सामाजिक आन्दोलनहरूलाई अधिकारग्राहीहरूको संगठन, सरोकारवालासँग समन्वय तथा सहकार्य र प्रभावकारी स्रोत व्यवस्थापन तथा परिचालन अति महत्वपूर्ण हुन्छ। तर वर्तमानमा अधिकांश सामाजिक आन्दोलनहरू स्रोत सीमितताको कारण देखाउँदै अन्य सामयिक विषयबाट सदैव पन्छिने गरेका छन्।

## ७.३ उत्पादनशील स्रोतसँगको पहुँच र यसमाथिको नियन्त्रणमा महिलालाई वर्जन

उत्पादनशील स्रोतसँगको पहुँच र यसमाथिको नियन्त्रण तथा लाभ वितरणमा महिलाहरू सबैभन्दा बहिष्कृत समूह हुन्। यसले सामाजिक नियम र राज्य संयन्त्रमाथि तिनको प्रतिनिधित्वलाई प्रक्रियागत रूपले नै सीमित पारिदिएको छ। कृषि प्रधान समाजमा धार्मिक, सांस्कृतिक तथा परम्परागत व्यवस्थाबाट यो प्रक्रिया झनै संस्थागत बनेको देखिन्छ। यसले शताब्दीऔँ पुरानो शोषणकारी अभ्यास तथा व्यवस्थालाई सुदृढ तुल्याएको छ (घले, २००४; उप्रेती २००४ए)। उत्पादनका साधन तथा विशेषगरी भूमिसँग महिलाको पहुँच र यिनमाथि तिनको नियन्त्रण कायम गर्न योजनाबद्ध, समन्वयकारी तथा बहुपक्षीय थालनीको खाँचो पर्छ। त्यस्तो पहुँच र नियन्त्रणले अर्थव्यवस्थाका उत्पादनशील पक्षको निर्धारणमात्र नभएर सामाजिक संरचनालाई पनि व्यापक प्रभाव पारी कानून, नीति तथा नियमलाई सूचित तुल्याउने गर्छ (युएनडिपी, २००४; उप्रेती,

२००३)। त्यसकारण उत्पादनशील स्रोतमा महिलाको पहुँच तथा अधीनत्वले समग्र विकासमा तिनको अर्थपूर्ण सहभागिता, प्रतिनिधित्व र अधीनत्वको पहिचान तथा प्रत्याभूति गराउन व्यक्ति, समाज र राज्य सञ्चालन संयन्त्रलाई सहयोग पुऱ्याउँछ।

### ७.४ धर्म र संस्कृतिः जातीय तथा लिङ्गीय भेद

जातीय संरचना तथा भूमि स्रोतसँग पहुँचबीचको सम्बन्धबारे यस पुस्तकको आठौँ परिच्छेदले विस्तृत चर्चा गरेको छ। ऐतिहासिक रूपमा नेपालको जातीय व्यवस्था यथास्थिति कायम राख्ने र अरूमाथि शासन लाद्ने खालको थियो। यही धारणा नै स्रोत तथा विशेषगरी भूमि राजनीतिमा लादियो। नेपालमा जातीय व्यवस्था लिच्छवी-कालमा भित्रिएको थियो। पछि मल्ल-कालमा जयस्थिति मल्लद्वारा शक्ति सुदृढीकरणको रूपमा यस्तो व्यवस्थालाई संस्थागत गरियो। उनले 'मनुस्मृति' मा आधारित कडा खालको जातीय व्यवस्था सुरुआत गरे (बस्नेत र दर्नाल, २००७)। नेपालमा जातीय व्यवस्था पहिले त शारीरिक कामका लागि प्रयोग गरिन्थ्यो। पछि यसलाई कडा विभेदकारी सामाजिक तथा सांस्कृतिक व्यवस्था बनाई संस्थागत गरियो। भारतबाट बसाइँ सरी आएका हिन्दू आर्यहरूले हिन्दू जातीय व्यवस्थालाई झनै सघन तुल्याए। ब्राह्मण, क्षेत्री, वैश्य तथा शुद्रको उदय पनि हिन्दू संस्कृतिबाटै भयो। उहिले आर्यहरूले युद्ध हारेका द्रविडहरूलाई दलित बनाएको विश्वास पनि गरिन्छ (रोका, २००७)। दलितहरूलाई तिनले आफ्नो सेवा गर्न बाध्य बनाउँथे र लुगा सिउने, सिकर्मी, लोहार र कृषि तथा अन्य पेशामा संलग्न गराउँथे। हिन्दू विश्वासमा ब्राह्मण शिर र क्षेत्री हातबाट उत्पन्न भएका हुनाले तिनलाई 'शुद्ध' मानिन्थ्यो। त्यसैगरी वैश्यहरू शरीरको तल्लो भाग र शुद्र खुट्टाबाट उत्पन्न भएका हुनाले तिनलाई 'अशुद्ध' मानियो (आहुति, २००७ए; बस्नेत र दर्नाल, २००७)।

शुद्रहरू (वि.सं. २०४६ को राजनीतिक परिवर्तनपछि सम्मान र सकारात्मक अर्थ दिन 'दलित' भन्न थालिएको) लाई अरू वर्गको निम्ति सेवा-प्रदायक मानिन्थ्यो। तिनलाई कठिन श्रम गर्ने तथा सिनो खानेजस्ता तुच्छ काम गर्ने वर्ग सोचिन्थ्यो। समयकालसँगै शोषण र दमन झन् बढ्न थाल्यो। दलितलाई प्रमुख सामाजिक तथा धार्मिक केन्द्रहरूमा प्रवेश गर्न रोक लगाइयो र उत्पादनशील स्रोतसँगको पहुँचबाट पर राखियो (बेनेट, २००६)। यसले तिनलाई कुना-काप्चा, अप्ठ्यारो तथा अनुत्पादक क्षेत्रमा बस्न बाध्य बनायो। फलतः उत्पादनशील जमिनसँगको पहुँच र तिनमाथिको नियन्त्रण अधिकार पाउने तिनलाई कुनै मौकै रहेन (रोका, २००७; शर्मा २००८)। यसले दलितको सामान्यतया कुनै विशेष क्षेत्रीय केन्द्रीकरण (थातथलो) र जमिनमाथि पुर्ख्यौली अधीनत्व नरहेको

जनाउँछ। यस्तो परिस्थितिमा अधिकारग्राहीको रूपमा दलित र यसभित्र पनि विशेषगरी महिलाको पहिचान खोज्नु केवल दिवास्वप्नमात्रै हो (आहुति, २००७बी)।

सामाजिक रूपान्तरण प्रक्रियामा वि.सं. २०४७ को संविधानले जातीय भेदभावलाई दण्डनीय बनायो। नेपाल दलित आयोगका पूर्व अध्यक्षले कुनै बेला भनेअनुसार दलितहरू शैक्षिक रूपमा वञ्चित, आर्थिक रूपमा शोषित, सामाजिक रूपमा बहिष्कृत, राजनीतिक रूपमा उपेक्षित र धार्मिक रूपमा दमित मानिन्थे।[११] त्यसकारण सबै पछि पारिएका समूह तथा खासगरी महिलाका लागि उत्पादनशील स्रोतहरूसँग पहुँच हुनु अर्थोन्नतिको माध्यम मात्र नभएर समान रूपमा आत्म-पहिचान तथा सामाजिक न्यायको विषय हो (घले, २००५)।

श्रमाधारित वर्गीकरणका विभिन्न प्रकारमा पनि महिलाहरूलाई सेवा-प्रदायक मात्रै मानिन्थ्यो। यस्तो अवस्थामा शासकहरूले महिलालाई स्थान, शक्ति तथा राजनीतिसाथै ज्ञान र सीपसमेत वितरण गर्न अन्कनाए। यसरी महिलाहरू सधैँ उत्पादनशील स्रोतका उत्पादक र संरक्षक बने तर यसमाथि तिनले कानूनी अधिकार भने कहिल्यै पाएनन्। तिनीहरू सधैँ अरूको प्रभावमै रहेर लिङ्गीय रूपले तल्लो स्थानमा बस्न बाध्य भए। तिनले कहिल्यै आफ्नो अधिकार पाएनन् (बेनेट, २००६)। धार्मिक, सांस्कृतिक तथा सामाजिक-राजनीतिक विभेदस्वरूप महिलाहरू मूलधारको राजनीतिक प्रक्रियाबाट समेत अलग्याइए। साथै तिनलाई विभिन्न स्रोतमाथि सीमित पहुँच तथा अधीनत्व मात्रै दिएर नियोजित रूपमै तल्लो सामाजिक स्थानमा ओह्रालियो (बेनेट, २००६)।


## ७.५ भूमि, खाद्य तथा लैङ्गिक सम्बन्धः अन्तर्राष्ट्रिय प्रावधानहरू

आफ्नो बडापत्रमा उल्लेख भएअनुसार संयुक्त राष्ट्रसंघले सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणा (युडिएचआर) अंगीकार गऱ्यो। विशेषगरी खाद्य अधिकार र भोकमरीविरूद्ध लड्न यस्ता धेरैथरी अन्तर्राष्ट्रिय विधि-विधानहरू छन्। राष्ट्रसंघका सबै सदस्य राष्ट्रहरू आफ्ना स्थानीय सन्दर्भमा खाद्य अधिकारबारे ख्याल गर्ने जिम्मेवारीमा बाँधिएका छन्। तिनमध्ये केही वैधानिक त केही स्वेच्छिक कर्तव्यहरू छन्। नैतिक विषय हुनाले खाद्य अधिकारको सरोकारलाई सम्मान गर्नु मानव अधिकारको दृष्टिमा पनि एउटा प्रस्ट कर्तव्य हो। चित्र ७.१ मा देखाइएझैँ यस्तो प्रयासमा जनताको खाद्य अधिकारको सम्मान, सुरक्षा र पालना गर्नु राज्यको दायित्व हो।

---

*[११] पदमसिंह विश्वकर्माद्वारा २०६३ असार ९ गते काठमाडौंमा छलफल कार्यक्रममा बताइएअनुसार।*

## चित्र ७.१: खाद्य सुरक्षाप्रति मानव अधिकारवादी धारणा र खाद्य अधिकारका केही तत्वहरू




*स्रोत: एफएओ (२००६)*

खाद्य अधिकार भनेको खुवाउने मात्र नभएर व्यक्तिलाई खान पाउने वातावरण सिर्जना गर्ने प्रक्रिया हो। त्यसैले राज्यको शृंखलाबद्ध संरचनागत प्रयासको खाँचो पर्ने यो एउटा राजनीतिक प्रतिबद्धता पनि हो। नेपाली परिप्रेक्ष्यमा आवधिक योजना तथा नीतिहरूले खाद्य अधिकारलाई बेवास्ता गरेका छन्। तथापि २०४६ र २०६२/०६३ सालको बहुचर्चित जनआन्दोलनपछि यस्ता सवालले पनि स्थान पाउन थालेका छन्। सामाजिक-सांस्कृतिक तथा आर्थिक अधिकारका लागि अन्तर्राष्ट्रिय सम्मेलन (आइसिइएससिआर), महिलाविरुद्ध सबै खाले विभेद उन्मूलनका लागि सम्मेलन (सिइडिएडब्ल्यू) तथा मानव अधिकारसम्बन्धी अन्य अन्तर्राष्ट्रिय कर्तव्यहरूमा नेपालले हस्ताक्षर गरेको छ। साथसाथै आफ्नै संविधानमाथि समेत उत्तरदायी हुनाले नेपाल सरकारलाई उत्पादन साधनसँग जनताको पहुँच सुनिश्चित गर्ने, तिनलाई खाद्यान्न प्रदान अथवा जीवन धान्ने व्यवस्था गर्ने अनुकूल वातावरणको सिर्जना गर्नेजस्ता प्रतिबद्धता पूरा गर्ने जिम्मेवारी पनि छ। यसैगरी आफ्ना आवश्यकता आफैँ पूरा गर्न अक्षम नागरिकलाई सुरक्षित उपायको व्यवस्था गर्नु पनि राज्यको दायित्व हो।

मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय घोषणा सन् १९४८ को धारा-२५ ले गाँस, वास तथा कपासको अधिकारलाई आधारभूत मानव अधिकार मानेको छ। सामाजिक-सांस्कृतिक तथा आर्थिक अधिकारका लागि अन्तर्राष्ट्रिय सम्मेलनको धारा-११ तथा सामाजिक-सांस्कृतिक तथा आर्थिक अधिकार समितिको सामान्य टिप्पणी-१२ ले पर्याप्त खाद्य अधिकारलाई विशिष्ट रूपमा उल्लेख गरेको छ। महिलाविरुद्ध सबैखाले विभेद उन्मूलनका लागि सम्मेलनको धारा-१४ ले कृषि उत्पादन लगानीमा महिलाको अधिकार तथा जमिन र ग्रामीण सुधारमा तिनलाई समान व्यवहार हुनुपर्ने लेखिएको छ। अन्तर्राष्ट्रिय श्रम संगठनको सम्मेलन-१६९ अन्तर्गत धारा-१५ मा आदिवासी समुदायले आफ्नो जमिनको उपयोग, व्यवस्थापन एवं संरक्षण गर्न पाउने अधिकारलाई परिभाषित गरिएको छ।

यसैगरी संयुक्त राष्ट्र संघको खाद्य तथा कृषि संगठन-१९६५ को विधानले आफ्नो यसको प्रस्तावनामा पोषण तथा जीवनस्तर उकास्न साझा कार्यको आवश्यकतामाथि जोड दिँदै मानवलाई भोकमरीबाट मुक्त गराउने प्रत्याभूति दिएको छ। सन् १९९६ को विश्व खाद्य सम्मेलनले प्रत्येक व्यक्तिको भोकमरीबाट मुक्त हुने अधिकारलाई स्वीकारेको छ। यसै सन्दर्भमा खाद्य तथा कृषि संगठनले सन् २००४ नोभेम्बरमा खाद्य अधिकार (राइट टु फुडः आरटुएफ) विषयमा अंगीकार गरेको स्वेच्छिक मार्गनिर्देशिका[१२]ले सबै सदस्य राष्ट्रहरूले आफ्ना नागरिकको खाद्य अधिकार सुनिश्चित गराउन विकास गर्नुपर्ने आवश्यक कानूनी खाका र अनुगमन संयन्त्रबारे व्यावहारिक पथप्रदर्शन गरेको छ। यसलाई नैतिक आधारमा गैरसदस्य राष्ट्रहरूले समेत अवलम्बन गर्न सक्छन्।

विकासको अधिकार (राइट टु डिभेलप्मन्टः आरटिडी) घोषणा- सन् १९८६ (GA Res. 41/128) को धारा-८ मा आधारभूत स्रोत, खाद्यान्न तथा रोजगारीसँग पहुँच र आम्दानीको न्यायोचित वितरणमा सबैको समान अवसर सुनिश्चित गर्न विकासको अधिकार अनुभूत हुने गरी आवश्यक उपाय व्यवस्था गर्नुपर्ने लेखिएको छ। उत्पादनका साधन तथा विशेषगरी संरक्षण, व्यवस्थापन एवम् जैविक विविधताको प्रयोगमा जैविक विविधता सम्मेलन (सिबिडी) र खाद्य तथा कृषिका लागि बिरुवाजन्य आनुवंशिक स्रोतमाथिको अन्तर्राष्ट्रिय सम्मेलन (आइटिपिजिआर) ले भूमिसँग अन्योन्याश्रित रहेका जैविक विविधतामाथि किसान तथा समुदायको अधिकारलाई प्रस्ट जोड दिएको छ। यसैगरी विश्व व्यापार संगठन मातहतका व्यापार सम्झौताहरूले व्यापारसाथै कृषि उत्पादन, बजार, खाद्य सहायता, बौद्धिक सम्पत्ति अधिकार (इन्टेलेक्चुअल प्रपर्टी राइटः आइपिआर), खाद्य गुणस्तर तथा खाद्य पदार्थको आयात र निर्यातसँग यसको सम्बन्धको महत्वमाथि जोड दिएको छ। (अधिकारी र अरू, २०००; भण्डारी र अरू, २००५)।

सहस्राब्दी विकास लक्ष्य (मिलेनियम डिभेलप्मन्ट गोलः एमडिजी) को राष्ट्रसंघीय घोषणाले विशेषगरी महिला तथा भूमिसँग प्रस्ट गाँसिएका विशिष्ट लक्ष्यहरूलाई यसरी पहिचान गरेको छः

- लक्ष्य १: चरम गरीबी तथा भोकमरी उन्मूलन गर्ने
- लक्ष्य २: विश्वव्यापी प्राथमिक शिक्षा हासिल गर्ने
- लक्ष्य ३: लैङ्गिक समानता प्रवर्द्धन एवं महिला सशक्तीकरण गर्ने
- लक्ष्य ४: बाल मृत्युदर घटाउने

---

[१२] *यो मार्गनिर्देशिकाउपर सदस्य राष्ट्रहरूको कुनै कानूनी जिम्मेवारी नभए पनि यसले तिनका प्रतिबद्धता एवं नैतिक कर्तव्य कार्यान्वयन गर्न व्यावहारिक विकल्पहरू दिएको छ।*

- लक्ष्य ५: मातृस्वास्थ्य सुधार्ने
- लक्ष्य ६: एचआईभी र एड्स, औलो तथा अन्य रोगविरूद्ध लड्ने
- लक्ष्य ७: वातावरणीय दिगोपना सुनिश्चित गर्ने
- लक्ष्य ८: विकासका लागि विश्वव्यापी साझेदारी विकास गर्ने

यी सबै व्यवस्थाहरू[१३]ले जीविका तथा खाद्य अधिकारलाई अनुभूति गराउन कृषिमा प्रचुर सम्भावना तथा अवसरहरू देखाएका छन्। अन्तर्राष्ट्रिय व्यवस्थाहरूले भूमि तथा भूमि आधारित स्रोतसँग महिलाको पहुँच स्पष्ट पार्न सके खाद्य उत्पादन, संरक्षण र खाद्य वितरणमा पनि दूरगामी असर पर्ने देखाउँछन्। भूमिसँग महिलाको पहुँचले मात्र यो उद्देश्य प्राप्त गर्न सकिँदैन तर पनि अहिले यस्तो पहुँच विकासको लागि न्यूनतम आधार हो। भूमि तथा उत्पादनशील अन्य स्रोतसँग महिलाको पहुँच स्पष्ट पार्दै अब प्रविधि तथा विज्ञानको अधिकतम प्रयोगबाट कृषि व्यवस्थाहरू सुधार्नु पर्छ। भूमिको उत्तम व्यवस्थापन तथा प्रयोगले महिला तथा सम्बन्धित परिवारहरूको खाद्य सुरक्षालाई टेवा दिन सक्छ। त्यसकारण भूमि स्रोतसँग महिलाहरूको पहुँच तथा अधीनत्व र ती स्रोतहरूलाई राम्रो उपयोग तथा व्यवस्थापन गर्ने आत्म-अधिकार नदिइकन दिगो खाद्य सुरक्षा हासिल गर्न सकिँदैन।

अन्तर्राष्ट्रिय व्यवस्थाहरूले भूमिसँग महिलालगायत सबैको पहुँच तथा भूअधिनत्व र भूमि आधारित स्रोतलाई महत्व दिएको माथि गरिएको चर्चाबाटै प्रस्ट हुन्छ। त्यसैले यी अन्तर्राष्ट्रिय व्यवस्थाहरूलाई कार्यान्वयन गर्नु तथा महिलासँग सम्बन्धित विषय तथा उत्पादनशील स्रोतहरूमाथि तिनको नियन्त्रण र पहुँचका सवाललाई सम्बोधन गर्नु राज्य व्यवस्थाको दायित्व हो।

यसै सन्दर्भमा नेपालले विभिन्न सन्धिपत्रमा हस्ताक्षर गर्नुका साथै अन्तर्राष्ट्रिय व्यवस्था तथा घोषणाहरूमा सहभागितासमेत जनाएको छ। त्यसैले हाम्रो मुलुक यस्ता कानूनी कर्तव्य अथवा नैतिक उत्तरदायित्वअनुसार पनि ती सन्धि-सम्झौताको पालक हो। खाद्य अधिकारलाई मानव अधिकार मानेको आफ्नो अन्तरिम संविधानअनुसार नेपालले भूमि सुधार तथा भूमिमाथि महिलाको अधीनत्वका नियमहरूलाई पनि पालन गर्नुपर्ने हुन्छ। संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको अन्तरिम संविधान[१४]ले खाद्य सम्प्रभुतालाई यसका नागरिकहरूको आधारभूत अधिकार मानेको छ (जिओएन, २००७)। अहिलेको विश्वव्यापी परिवर्तन तथा नेपालको स्थानीय चेतनाले खाद्य सुरक्षालाई मानव

[१३] *यी सबै अन्तर्राष्ट्रिय प्रावधान तथा व्यवस्थाहरूको विस्तृत जानकारीको निम्ति हे. एफएओ (२००६)।*

[१४] *२०६२ चैतको जनआन्दोलनले संसद पुनर्स्थापनाबाट ल्याएको अन्तरिम संविधान-२०६३ ले 'खाद्य सुरक्षा' र 'वैज्ञानिक भूमि सुधार' लाई स्थापित गरेको छ।*

**अधिकारको अभिन्न अङ्ग तथा नागरिकहरूप्रति राज्यको अनिवार्य दायित्व मानेको छ। हालै उदय भइरहेका अधिकारमुखी धारणाले जनतालाई केन्द्रविन्दु मान्दै उनीहरूको जीविकाको लागि खाद्यान्नलाई प्राथमिक आवश्यकता मानेको छ। यस परिप्रेक्ष्यमा खाद्य अधिकार स्थापित गर्न राज्य तथा समाजको लागि यो उपयुक्त अवसर हो। भूमि सुधार तथा व्यवस्थापन, गरीबीका घटना तथा महिलाहरूको स्रोतमा आधारित बहिष्करणलाई सम्बोधन गर्नु तीन वर्षे अन्तरिम योजना (वि.सं. २०६३-२०६६) ले पनि महत्वपूर्ण कदम ठानेको छ (एनपिसी, २००७)।**

**नेपालले हस्ताक्षर गरेका केही अन्तर्राष्ट्रिय सम्झौताहरू तालिका ७.६ मा दिइएको छ:**

**तालिका ७.६ नेपाल सरकारले पारित गरेका सान्दर्भिक अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरू**

| खाद्य अधिकार, आनुवंशिक स्रोत, महिला र व्यापारमा भूमिसम्बन्धित अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरू | पारित वर्ष |
|---|---|
| मानवअधिकारको अन्तर्राष्ट्रिय घोषणा (युडिएचआर) | सन् १९४८ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमाथिको अन्तर्राष्ट्रिय सम्मेलन (आइसिइएससिआर) | सन् १९९१ |
| महिलाविरूद्ध सबैखाले असमानता उन्मूलनका लागि सम्मेलन (सिइडिएडब्ल्यू) | सन् १९९१ |
| जैविक विविधता सम्मेलन (सिबिडी) | सन् १९९२ |
| विश्व व्यापार सम्मेलन (डब्ल्यूटिओ) | सन् २००४ |
| अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) सम्मेलन- १६९ | सन् २००७ |
| खाद्य तथा कृषिका लागि बिरूवाजन्य आनुवंशिक स्रोतमाथिको अन्तर्राष्ट्रिय सम्झौता (आइटिपिजिआर) | सन् २००७ |


*स्रोत: लेखकद्वारा विभिन्न स्रोतहरूबाट संकलित*

**माथिका सबै सम्मेलनहरूलाई सम्मान गर्नुपर्ने हुनाले नेपाल तत्सम्बन्धित सम्पूर्ण कानूनी तथा नैतिक बन्धनहरू पूरा गर्न बाध्य छ। सर्वव्यापी तथा विशिष्ट अधिकारको अभ्यास गर्ने सबल वातावरण बनाउन राज्यसँग उचित कार्यसम्पादन संयन्त्र र बृहत् तथा समावेशी शैलीको बोधगम्य राष्ट्रिय दृष्टिकोण हुनु जरुरी छ। साथै यस्तो दृष्टिकोण स्पष्ट रूपले अनुमोदित हुनुपर्छ। यस परिप्रेक्ष्यमा विभिन्न क्षेत्रगत दृष्टिकोण कार्यपत्र (सेक्टरल भिजन पेपर्स) र रणनीतिक मार्गनिर्देशिका (स्ट्रेचेटजिक गाइडलाइन्स) हरू छन्। यीमध्ये स्रोतहरूको सवालमा कृषि क्षेत्रलाई राम्रो प्राथमिकताको विषय मानिन्छ। यसकारण नेपाल सरकारले दीर्घकालीन कृषि योजना नामक २० वर्षे दृष्टिकोण बनाएको छ। सो योजनाले कृषि-मल, सिँचाइ, ग्रामीण सडक, विद्युतीकरण तथा ऋणलाई प्राथमिकताका सामग्री तथा साधन भनी परिभाषित गरेको छ। यिनले**

खाद्य उत्पादन, बस्तुभाउ, उच्च मूल्यका बाली, वन तथा कृषि व्यवसायमा राम्रो उपज दिने विश्वास गरिएको छ। यसरी दीर्घकालीन कृषि योजनाले कृषि विकासलाई फराकिलो दृष्टिले हेरे पनि जनता र स्रोतहरूबीच सम्बन्ध-सेतु स्थापना गर्न सकेको छैन। यसैगरी गरीबी न्यूनीकरण रणनीति पत्र (पोभर्टी रिडक्सन स्ट्रचेटजी पेपर: पिआरएसपी) लाई नेपालमा सबैभन्दा कनिष्ठ तथा बहुप्रयोजित अभिलेख मानिन्छ। नेपालको दशौं आवधिक योजनामा पनि महत्वपूर्ण स्थान राख्ने यस पत्रले विकास रणनीतिका चार प्रमुख तत्वलाई पहिचान गरेको छ (एनपिसी, २००२)। यस योजना सामेलीकरणको बृहत् दृष्टिलाई समेट्ने खालको भए पनि स्रोत विभाजनको पक्षमा भने उति स्पष्ट देखिँदैन। यस गरीबी न्यूनीकरण रणनीति पत्रका चार तत्वहरू निम्न थिए:

१. सेवा उपलब्धता, कार्यदक्षता, पारदर्शिता र कार्य-सम्पादनको जवाफदेहितामा सुधार ल्याउन असल शासन,
२. लक्षित तथा मूलधारको कार्यक्रममार्फत दलित र पछि पारिएका जनजाति समूह, गरीब तथा महिलालगायत सबै समूहको व्यापक सामाजिक तथा आर्थिक सामेलीकरण
३. ग्रामीण क्षेत्रहरूमा पूर्वाधारको पहुँच तथा गुणस्तर र सामाजिक तथा सांस्कृतिक सेवामा सुधार, र
४. उच्चस्तरको विविधतामा आधारित दिगो आर्थिक वृद्धि।

**चित्र ७.२: दीर्घकालीन कृषि योजना र गरीबी न्यूनीकरण रणनीति पत्रका प्राथमिकताहरू:**




*स्रोत: जिओएन (१९९५) र जिओएन (२००३)*

सामाजिक सामेलीकरणजस्ता केही पक्षहरूलाई दीर्घकालीन एवं बोधगम्य प्रतिबद्धता आवश्यक पर्छ। यी पक्षहरूका प्रमुख तत्वलाई तीन वर्षे अन्तरिम योजना (वि.सं. २०६३-०६६) मा पनि निरन्तरता दिँदै सिकाइहरू ग्रहण पनि गर्दै लैजाने आधारमा समावेश गरिएको छ। यद्यपि, विभिन्न कारणहरू, जस्तै लामो समयको सशस्त्र द्वन्द्व, कुशासन र कमजोर राजनीतिक प्रतिबद्धताको कारण

**आशा गरिएको परिणाम पाउन अझ बाँकी नै छ। यस दृष्टिकोणको मूल सार चित्र नं ७.२ ले दर्शाएको छ।**

## ७.६ भूमिसँग महिलाको पहुँचमा विभिन्न मुलुकका कानूनी प्रावधानको सारसंक्षेप

**यस खण्डमा, भूमि तथा महिलामाथि संवैधानिक व्यवस्थाहरूको छोटो अन्वेषण प्रस्तुत गरिएको छ। तालिका ७.७ ले नेपालको लागि मात्र नभएर अन्य मुलुकहरूको लागि पनि भूमि स्रोतमा महिलाको पहुँच तथा नियन्त्रण स्पष्टै चुनौतीपूर्ण भएको देखाएको छ। केही मुलुकहरू तुलनात्मक रूपमा प्रगतिशील भए पनि सबैको साझा चुनौती उस्तै छ। त्यसकारण उत्पादनका स्रोतहरू, विशेषगरी भूमिप्रति महिलाको अधिकार सुरक्षित गर्न लैङ्गिक उत्तरदायी नीति तथा कार्यक्रममा ठूलै प्रयासको खाँचो छ।**

**तालिका ७.७: केही मुलुकहरूमा लैङ्गिक तथा जनजातीय आधार भूमि स्रोतसँगको पहुँच**

| मुलुक | भूमि स्रोतसँगको पहुँचमा लैङ्गिक तथा जनजातीय स्तर |
|---|---|
| **अफ्रिका** | |
| घाना | यसले केही कानूनहरूको माध्यमबाट विधवा तथा बालबालिकाको अधिकार रक्षा गर्न खोजेको थियो तर धेरैजना ती व्यवस्थाहरूबारे अनभिज्ञ नै भेटिए। |
| केन्या | महिलाहरूको संवेदनशीलतासँग जुझ्न एउटा कार्यदल गठन भएको थियो तर भूमि सवालमाथि सकारात्मक कार्यविरुद्ध प्रतिकारले गर्दा यो अद्यापि पूरा हुन सकेको छैन। |
| मालावी | सन् १९९० को संविधानले सम्पत्ति प्राप्त गर्ने महिलाको हक प्रत्याभूति गरेको छ तर संविधानको घोषणा कार्यान्वयनको सामञ्जस्यता गर्ने उचित संयन्त्र नभएकोले यो काम अझै पूरा भएको छैन। |
| मोजाम्बिक | सन् १९९० को संविधानले महिला र पुरुषबीच समानताको व्यवस्था गरेको छ। सामूहिक जग्गामा सामुदायिक अधिकार दिइएको छ तर वितरणमा असमानताले गर्दा पछि पारिएका समूहका समस्यालाई सम्बोधन गर्न सकेको छैन। यसले किसान परिवारहरूलाई लाभको पहुँचबाट वञ्चित तुल्याएको छ। |
| तान्जानिया | भूमि ऐन तथा ग्रामीण भूमि ऐन सन् १९९९ ले सह-अधीनत्वलाई आधार दिएको छ। तर व्यवहारमा भूमि अभाव (स्केर्सटी) तथा भूमि अनपनत्व (डिस्पजेसन्) सँग सम्बन्धित विषयहरू राज्यले अझ सम्बोधन गर्न सकेको छैन। त्यसैगरी उचित अनुगमन संयन्त्र नबन्दै ती कानूनहरू पारित गर्न तीव्र दबाब परिरहेको छ। |
| युगान्डा | सन् १९९८ को भूमि ऐनले महिलालाई भूमि सम्पत्ति प्राप्त गर्न अझ पनि वर्जित गरेको छ। त्यहाँ स्थानीय समितिका निर्णयहरू सामान्यतया अझै पनि लैङ्गिक भेदभावयुक्त छन्। |
| बुरुन्डी | अन्तरिम संविधानको धारा १७ ले भूमि स्रोतमाथि महिला तथा पुरुषलाई समान अधिकार दिने व्यवस्था गरेको छ। |

| | |
|---|---|
| बुर्किना फासो | सन् १९९१ को संविधानको धारा १५ ले भूमि स्रोतमाथि महिला तथा पुरुषलाई समान अधिकारको प्रावधान दिएको छ। |
| एरिट्रिया | एरिट्रियाको भूमि दृष्टिकोण पत्रले भूमिमाथि महिलाहरूको अधिकार सुनिश्चिततासाथै वर्ग, जात, लिङ्ग तथा धर्मको आधारमा विभेद नगरिने पक्का गरेको छ। |
| **एसिया** | भारत, नेपाल, बङ्गलादेश, पाकिस्तानजस्ता धेरै एसियाली मुलुकहरूमा संयुक्त परिवारको सम्पत्ति उत्तराधिकार छोराले पाउनु एउटा साझा प्रक्रिया हो। यद्यपि छोराले मात्र सम्पत्ति प्राप्त गर्नेजस्ता पितृसत्तात्मक उत्तराधिकारसहितको हिन्दू अनुक्रमको कानुनी ऐन (हिन्दू सक्सेसन एक्ट)-सन् १९५६ केरला, तामिल नाडु र आन्ध्र प्रदेशजस्ता भारतका केही राज्यहरूमा खारेज गरिएको छ। भियतनाममा जग्गा बेच्दा पत्नीको हस्ताक्षरको प्रावधान छ। तर पनि यस्तो काम गर्दा प्रायः दबाबमै काम लगाउने गरिन्छ। नेपालमा अन्तरिम संविधानको कानूनी व्यवस्थाले महिलालाई भूमि स्रोतको अधिकार सुनिश्चित गरेको छ। यसको धारा २१.४ ले पैतृक सम्पत्तिमाथि महिलाको समान पहुँचको व्यवस्था गरेको छ र धारा ३७.१३ ले भूमि स्रोतमाथि महिला, दलित, आदिवासी तथा जनजातिहरूलाई विशेष सुरक्षाको व्यवस्था गरेको छ।<br>गणतन्त्र फिलिपिन्सको अन्तरिम संविधान १९८७ ले मोहियानी हक, आदिवासी जनजातिको अधिकार तथा सम्पूर्ण कृषि क्षेत्र सुधार गर्न अति नै महत्वपूर्ण व्यवस्था गरेको छ। तथापि यसले भूमिमाथि महिलाको अधिकार स्थापना गर्न सकेको छैन। |
| **ल्याटिन अमेरिका** | अधिकांश ल्याटिन अमेरिकी मुलुकहरूमा संविधानसाथै मुलुकी ऐनहरूले द्वैध नेतृत्वमा घरायसी प्रणालीको व्यवस्था गरेको छ तर ती मुलुकमा संयुक्त दर्ताका निकै कम उदाहरण छन्। पहिलेदेखि नै पतिको नाममा भूमि भएका ठाउँमा संयुक्त अधीनत्वको विषय मौन नै हुन्छ। ब्राजिलको सकारात्मक क्रिया कार्यक्रम (अफर्मेटिभ एक्सन प्रग्रचाम)- सन् २००१ ले पनि जमिन खरिद गर्न ऋण व्यवस्था, पहुँच प्रशिक्षण आदिमा ३०% महिला प्रतिनिधित्वको व्यवस्था गरेको छ। तर विधवा, पारपाचुके गरेका र एकल महिलाको सवालमा विशेष ध्यान दिइएको छैन। यसैगरी ल्याटिन अमेरिकाका मुलुकी ऐनहरूले बच्चाहरूमा सम्पत्तिको समान उत्तराधिकार व्यवस्था गरेको छ। तर छोरीहरू अझै पनि यस अधिकारबाट वञ्चित गराइएका छन्। यसैगरी ब्राजिलको कानूनले विधवाहरूको लागि कुल सम्पत्तिको एक चौथाइ भागसँग पहुँचको व्यवस्था गरेको छ। तर पुनर्विवाह गरेको खण्डमा तिनले सो सम्पत्ति प्राप्त गर्न सक्दैनन्। ग्वाटेमालामा सन् १९९९ को परमादेशबाट आएको भूमि ब्याङ्क कार्यक्रमको अर्को एक व्यवस्थाले भूमि तथा ऋण मागको लागि संयुक्त रूपमा नाम लेखाउने आवश्यकता राखेको थियो। तर भूमि ब्याङ्कको लागि अपर्याप्त रकमले गर्दा त्यससँग किसानहरूको पहुँच निकै संकुचित छ। |

*स्रोतः मुसेम्बी (२००४) र बस्नेत (२००८) बाट संकलित*

**विश्वव्यापी सन्दर्भमा सन् १९९० पछि विभिन्न मुलुकहरूले भिन्न संवैधानिक व्यवस्थाबाट स्रोत अधीनत्वमा बहिष्करणको समस्यालाई सम्बोधन गर्ने प्रयास गरेका छन्। यद्यपि भूमिसम्बन्धी सवाल सर्वपक्षीय एवं जटिल भएको माथि उल्लिखित तालिकाहरूले पनि चित्रण गर्छन्।**

## ७.७ भूमि र भूमण्डलीकरण: एक सारांश अवलोकन

यस खण्डले भूमि तथा भूमण्डलीकरणबीचको सम्बन्ध र महिलामाथि यसका परिणामहरूबारे संक्षिप्त चर्चा गरेको छ।

### ७.७.१ स्रोत अधिकारका सवालहरू: महिलाको पहुँच तथा अधीनत्व

पहुँच तथा अधीनत्व संरचनाहरू सम्पत्ति सम्बन्धबाट व्यापक प्रभावित हुन्छन्। यसकारण सम्पत्तिलाई उपलब्ध स्रोत प्रयोग गर्ने व्यक्ति अथवा समूहको अधिकारसाथै कर्तव्य पनि मान्न सकिन्छ। स्रोत उपभोगभित्रै पनि थुप्रै खालका अधिकारहरू मिसिएका हुनाले सम्पत्ति अधिकार एउटा जटिल विषय बनेको छ। यसभित्र प्रयोगकर्ताको अधिकार, अरूलाई वर्जित गर्ने अधिकार र व्यवस्थापन तथा बिक्री गर्ने अधिकारहरू समाहित हुन्छन् (स्लेगर र अस्ट्रम, १९९२)।

नेपालमा विकाससम्बन्धी चर्चा-परिचर्चा एवं सामाजिक रूपान्तरणको प्रक्रियामा 'कसको स्रोत' भन्ने ऐतिहासिक बहस अद्यापि उत्तिकै मान्य छ। यो देशको इतिहासले भूमि कसरी शक्तिको आधार बनेको छ भन्ने देखाउँछ। यसले महिलाजस्ता सामाजिक सदस्यहरू कसरी बहिष्कृत भएका छन् भन्ने पनि छर्लङ्ग पार्छ। व्यक्तिको पहिचान, सामाजिक स्तर तथा अन्य कानूनी स्थान तथा हैसियत निर्धारण गर्न भूमिको बहुपक्षीय अर्थ छ। हामीमा अद्यापि कायम रहेको विभेदकारी नीति तथा भूमि र उत्पादनशील अन्य स्रोतसँग पहुँच तथा अधीनत्वको अस्वीकारोक्ति नै एक दशक लामो सशस्त्र द्वन्द्वको एक प्रमुख कारण हो। विकाससम्बन्धी कार्यक्रमका शृङ्खला तथा राजनीतिक दलका घोषणापत्रमा लैङ्गिक असमानतालाई सम्बोधन गर्न समेटिएका प्रतिबद्धताहरू केवल प्रभावकारी नीति तथा कार्यक्रमहरूमा रूपान्तरित भएका छन्।

वि.सं. २०४६ को परिवर्तनपछि संरचनागत समायोजन कार्यक्रमकै एक अंशको रूपमा नेपालले निजीकरणको प्रक्रिया थालेको थियो। सन् २००४ मा नेपाल विश्व व्यापार संगठनको सदस्य पनि बन्यो। यसको लागि नेपालले थप कर्तव्यहरू पूरा गर्नुपर्ने आवश्यकता भयो। सोहीअनुरूप भूमिसम्बन्धी जटिलताहरूमा नयाँ अवसर र चुनौतीको सामना गर्नुपर्‍यो (भण्डारी र अरू, २००५)। इतिहासदेखि नै अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू (इन्टरन्यासनल फाइन्येन्सल इन्स्टिच्युट्स: आइएफआई) अथवा निजी संस्थाहरूले भूमिलाई लगानी गर्ने नयाँ क्षेत्र मानेका देखिँदैन। तर विभिन्न संस्थानहरूको निजीकरण प्रक्रियासँग भूमि सधैं अति महत्वपूर्ण भई गाँसियो। वि.सं. २०४६ पछिको दशकतिर र यसपछि पनि उत्पादनशील स्रोतका निजीकरण तीव्र गतिमा बढेको देखियो। त्यसपछि 'साझा सम्पदा' (कमन हेरिटेज) को अवधारणा विभिन्न स्वरूपहरूमा चुनौतीपूर्ण ठहरियो। विश्वव्यापी र राष्ट्रिय आर्थिक मञ्चहरूमा


'निजी सम्पत्ति तथा एकाधिकार' प्रवर्द्धन गर्ने उद्देश्यले प्रमुखता पाए। राजनीतिक अस्थिरता, अलमलपूर्ण नीति-प्रक्रिया, कमजोर संस्थागत संयन्त्रले यस्तो परिस्थिति निम्त्याए। भूमिसम्बन्धी उत्पादनशील स्रोतमा न्यून अधीनत्व हुनु तथा नागरिकहरूमा तिनका अधिकार र कर्तव्यबारे चेतनाको कमीले पनि यसमा मलजल पुऱ्याएका थिए।

नागरिकप्रतिको कर्तव्यबोधले पनि राज्यले भूमिलाई सामाजिक-राजनीतिक तथा आर्थिक रूपान्तरणको मेरुदण्ड मान्नुपर्छ। यसैगरी निजी क्षेत्र तथा विकासकर्मीसाथै अधिकारग्राहीजस्ता राज्येतर सरोकारवालाहरूले पनि समावेशी तथा न्यायपूर्ण समाजको स्थापनामा सहयोग पुऱ्याउन साझा मुद्दामा कार्य थाल्नु जरुरी छ। नेपालको सन्दर्भमा महिलालगायत अरू धेरै जनता आफ्नो जीविकाको लागि कृषिमा निर्भर छन्। त्यसैले पनि भूमण्डलीकरणको सन्दर्भमा उत्पादनशील स्रोतमाथि महिलाको अधिकार सुरक्षित पार्नु झनै जरुरी छ।

### ७.७.२ भूमण्डलीकरण र एकत्रित स्रोत


वर्तमान समयमा भूमण्डलीकरणलाई व्यापक स्तरमा एउटा अत्येज्य प्रक्रियाजसरी नै स्वीकारिएको छ। यसले थुप्रै अवसर त दिएको छ तर तिनको साथमा अन्य चुनौतीहरू पनि थपेको छ। भूमण्डलीकरणको प्रक्रियाले एउटा छुट्टैखाले आर्थिक मुद्दालाई प्रोत्साहित गर्छ। यसै क्रममा राज्य तथा राज्येतर सरोकारवालाहरूबीच यही आर्थिक विषय नै शक्तिशाली मार्गनिर्धारक बनी शक्ति वृत्तलाई झनै जटिल बनाउने गर्छ। यसलाई चित्र नं. ७.३ मा अझ छर्लङ्ग पार्ने प्रयास गरिएको छ। विकासशील मुलुकहरू र खासगरी नेपालजस्ता न्यून विकसित देशमा राजनीतिक प्रक्रिया, सार्वजनिक-निजी साझेदारी (पब्लिक-प्राइभेट पार्टनर्सिप) तथा निर्णय चयन क्षमताले यस्ता चुनौतीलाई निर्धारण गर्छन्। अहिले विकसित देश तथा बहुराष्ट्रिय कम्पनी (मल्टिन्यासनल कम्पनी: एमएनसी) हरूमा भूमण्डलीकरणको प्रक्रिया प्रभावशाली बनेको छ। तर यही प्रक्रिया अल्पविकससित देशहरूमा सधैँ अनुकूल हुँदैन। चित्र ७.४ मा विश्व व्यापार संगठनको शक्ति-वृत्तलाई देखाइएको छ। यसले सो संगठनको निर्णय प्रक्रियामा अल्प विकसित मुलुकहरूको पहुँच लगभग नरहेको देखाउँछ। यसकारण भूमण्डलीकरणको प्रक्रियासँगै आउने बेफाइदालाई घटाई फाइदा कसरी अभिवृद्धि गर्ने भन्ने विषय राज्य र यसका जनताको क्षमतामा निर्भर गर्छ। यसको लागि आ-आफ्नो मुलुकका राजनीतिक नेताहरू, नीति-निर्माता र नागरिक समाजको प्रशिक्षण र प्रेरणाले आर्थिक नीति र स्रोत व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्छ (भण्डारी र अरू, २००५)।

## चित्र ७.३ विश्व व्यापार संगठनको सदस्यका विभिन्न समूहहरूको जटिलता




*स्रोत: दी डब्ल्यूटिओ (२००८)*

## चित्र ७.४ विश्व व्यापार संगठनमा शक्ति वृत्त




*स्रोत: जावरा र क्वा (२००३)*

### ७.७.२.१ नेपालमा निजीकरणको उदय

संरचनागत समायोजन कार्यक्रम (एसएपी) कै एक पाटोको रूपमा नेपालले वि.सं. २०४६ पछिको दशकमा निजीकरण नीति अवलम्बन गऱ्यो। छैटौं आवधिक योजना (वि.सं. २०३७-२०४२) बाट निजीकरणको प्रक्रिया सुरु गरिएको थियो तर सातौं योजना (वि.सं. २०४२-२०४७) ले मात्रै नेपालमा निजीकरणको लागि आवश्यक गृहकार्य गर्ने मञ्च प्रदान गर्न सक्यो (मानन्धर र बज्राचार्य, १९९९)। यो समयमा सरकारले अर्थ मन्त्रालय मातहतमा निजीकरण सेल गठन गऱ्यो। तर निजीकरणको वास्तविक कार्यान्वयन भने भने २०५० सालदेखि मात्र थालनी भयो। पहिलो चरणमा निजीकरणको लागि ५१ ओटा सार्वजनिक संस्थानहरूको पहिचान गरियो। सरकारले निजीकरणको प्रक्रियालाई सहज बनाउन चार-बुँदे प्रभावकारी रणनीति अवलम्बन गरेको थियो: (अ) तत्काल निजीकरण (इमिडियट प्राइभेटाइजेसन), (आ) तयारीसहित निजीकरण (प्राइभेटाइजेसन विथ प्रिप्यरेसन), (इ) सम्पूर्ण सम्पत्तिको बिक्री (लिक्विडेसन), र (ई) पुनर्संरचना। परिणामस्वरूप नवौं योजनाले निजीकरणको दीर्घकालीन रणनीतिलाई अझ स्पष्ट परिभाषा दियो (एनपिसी, १९९७)।

निजीकरणको सुरूआती काम विश्व ब्याङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोषको सहयोगमा सञ्चालित भएको थियो। पछि यो विश्व ब्याङ्क र एसियाली विकास ब्याङ्कसँग विभिन्न ऋण शर्तमा गाँसियो। यसरी संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडिपी), विश्व ब्याङ्क, अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी नियोग (युएसएआइडी) र डेनिस अन्तर्राष्ट्रिय विकास नियोग (डानिडा) का प्राविधिक सहयोग तथा सन् १९९८ देखि बेलायती अन्तर्राष्ट्रिय विकास विभाग (डिएफआइडी) को वित्तीय सहयोगमा एडम् स्मिथ इन्स्टिच्युट नामको बेलायती परामर्श फर्मले पनि निजीकरण प्रक्रियालाई द्रुत बनाएको थियो। यसका विविध प्रक्रियाहरूलाई नियमन गरी निजीकरणको गति द्रुततर बनाउन वि.सं. २०५० मा निजीकरण ऐन ल्याइयो। यस ऐनले ६ ओटा विकल्पहरू दिएको थियो: १) सेयर बिक्री, २) सहकारी गठन, ३) सम्पत्ति बिक्री, ४) कबुलियती, ५) व्यवस्थापन करार, र ६) सरकारद्वारा आवश्यक ठानिएका अन्य विधिहरू। बहुपक्षीय व्यवस्थापनको विकल्प हुँदाहुँदै पनि ५१-७२% सेयर एउटै अथवा उद्यमीका कुनै सानो समूहलाई मात्रै दिइएको तथ्य घतलाग्दो थियो। मानन्धर र बज्राचार्य (१९९९) का अनुसार पहिलो चरणमा भृकुटी कागज, हरिसिद्धि इट्टा र बाँसबारी जुत्ता कारखाना गरी तीन उद्योगका जमिनबाहेक सबै यन्त्रहरू बेच्ने निर्णय भयो।

विभिन्न समयका सरकारहरूका निम्ति निजीकरण कहिल्यै साझा मुद्दा बनेन। नेपाली काङ्ग्रेसले निजीकरणलाई आन्तरिक आवश्यकता मान्यो भने एमालेले बाहिरी बाध्यता भएको ठहर गऱ्यो। यसैगरी नेपाली अर्थव्यवस्थामा

विदेशीहरूको निरन्तर बढ्दो भूमिका, सीमित धनी व्यापार-गृहहरूको मुट्ठीमा भएको आर्थिक शक्तिको सम्भावित एकाग्रतासाथै पारदर्शिताको अभाव र सम्पत्तिको अल्प-मूल्याङ्कन भएको आलोचना पनि आए। तर पनि सरकारले बाहिर आएका यस्ता तथ्यपरक यथार्थलाई सम्बोधन गर्न कुनै प्रयास नगरेको हुनाले आम जनमानसमा निजीकरणप्रति रहेको डर कहिल्यै निवारण भएन। हरिसिद्धि इट्टा कारखानाको निजीकरणबाट किसानले अत्यधिक क्षतिपूर्ति पाएका भन्ने सुनियो। यसै कारण पनि निजीकरणका सिद्धान्तकारहरू वैदेशिक प्रत्यक्ष लगानी (एफडिआई) मा विश्वास गर्छन्। यसले निजीकरण, लगानी र भूमि स्रोतबीचको राजनीतिक स्वार्थ र आर्थिक उत्प्रेरणाद्वारा निर्देशित सम्बन्धलाई स्पष्ट पार्छ।

क्षेत्रीय तथा विश्वव्यापी व्यापार समायोजनको प्रक्रियामा नेपालको लागि निजीकरण र उदारीकरणका अन्य ढोकाहरू उघार्न सघन प्रतिबद्धताको खाँचो पर्छ। विश्व व्यापार संगठनको सदस्य भई आउने दिनहरूमा यसका नियमबमोजिम विश्वव्यापी अर्थ-नीतिसँग जोडिन नेपालले पनि उस्तै कानूनी एकरूपता अँगाल्नुपर्ने हुन्छ। नेपालमा बजारमुखी विधिलाई केन्द्रविन्दु मानेर भूमि ब्याङ्कको अवधारणा पनि ल्याइएको थियो (भुसाल, २००६)। यद्यपि भूमि स्रोतसँग महिलाको पहुँच र मोहीका लागि जमिन अझै पनि निश्चित भएको छैन जुन विषयबारे परिच्छेद चारमा विस्तृत व्याख्या गरिएको छ। यसरी सेवामूलक क्षेत्रमा समेत भूमि सधैं उदारीकरण र निजीकरणको महत्वपूर्ण हिस्सा बनेको हुनाले यसलाई अरूसँग छुट्ट्याएर हेरिनु हुँदैन।

### ७.७.२.२ नेपालको भूमि सवालमा अन्तर्राष्ट्रिय संलग्नता

संरचनागत समायोजन कार्यक्रमको सुरूआत (विस्तृत विवरणको लागि हे. परिच्छेद ४) भएको २०४६ साल पछिको दशकदेखि नेपालमा भूमि व्यवस्थापनमा अन्तर्राष्ट्रिय वित्तीय संस्था र दाताहरूको भूमिका एक अभिन्न अंग नै बनेको छ। भूमि व्यवस्थापनको लागि नेपाल सरकारको नीति तथा कार्यक्रमहरू निजीकरणसँग त्यति सम्बन्धित जस्तो देखिँदैनन्। यद्यपि सार्वजनिक संस्थानहरू निजीकरण गर्ने नेपाल सरकारको प्रतिबद्धता भूमिसँग आंशिक रूपमा सम्बन्धित छ। त्यसकारण भूउपयोग व्यवस्थापनमा अन्तर्राष्ट्रिय वित्तीय संस्था तथा दाताहरूको सम्बद्धता दुई भिन्न स्वरूपमा देखिन्छ: १) प्रत्यक्ष भूमि व्यवस्थापन २) निजीकरण प्रक्रिया र कृषि तथा विकासका अन्य क्षेत्रहरूमार्फत अप्रत्यक्ष सम्बद्धता।

नेपालको भूउपयोग तथा व्यवस्थापनमा विश्व ब्याङ्क र एसियाली विकास ब्याङ्कजस्ता दुई दाताहरू प्रत्यक्षत: लागिपरेका छन्। नेपाल सरकारले सन् नब्बेको दशकको आरम्भदेखि नै विश्व ब्याङ्क र एसियाली विकास ब्याङ्कको

प्राविधिक सहयोगमा भूउपयोग व्यवस्थापन परियोजना (ल्याण्ड युस म्यानेजमन्ट प्रजेक्ट) सुरु गरेको थियो। पछि विश्व ब्याङ्कको प्रारम्भिक प्रयासमा थालिएको भूमि ब्याङ्क एउटा विवादास्पद परियोजना बन्यो। यसरी नेपालमा भूमि अधिकार आन्दोलनको प्रतिरोध सहनु परेको हुनाले यो अवधारणा कार्यान्वयन हुन सकेन। पछि क्यानडियन अन्तर्राष्ट्रिय विकास नियोग (सिआइडिए), जर्मन प्राविधिक सहयोग नियोग (जिटिजेड) र अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी नियोग (युएसएआइडी) जस्ता दाताहरूले सन् नब्बेको दशकको आरम्भदेखि नै नेपालमा भूउपयोग तथा व्यवस्थापनमा सहयोग पुऱ्याउँदै आएका छन्। क्यानडियन अन्तर्राष्ट्रिय विकास नियोगको सहयोगमा सञ्चालित भूमि स्रोत सर्वेक्षण तथा मूल्याङ्कन, जर्मन प्राविधिक नियोग तथा विश्व ब्याङ्कको संयुक्त सहयोगमा राष्ट्रिय ग्रामीण जाँचबुझ केन्द्र (न्यासनल रुरल सेन्सिङ सेन्टर) र अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी नियोगको सहयोगमा जलाधार व्यवस्थापन र भूसंरक्षण परियोजनाहरू सो समयको भूउपयोग व्यवस्थापन परियोजनामा प्रमुख थालनीहरू थिए। भूमि स्रोतको उत्पादनशील प्रयोग बढाउनु र वातावरणीय ह्रास निवारणमा योगदान पुऱ्याउनु भूउपयोग नीतिको प्रमुख उद्देश्य थियो। यी तथ्यहरूले नेपालको भूमि सवालमा अन्तर्राष्ट्रिय वित्तीय संस्था तथा दाता (द्विपक्षीय वा बहुपक्षीय) हरूको प्रत्यक्ष तथा अप्रत्यक्ष संलग्नता देखाएको छ। भूमि बृहत् रूपमा राजनीतिक विषय हुनाले भूमि व्यवस्थापन कार्यक्रमको सफलताको लागि राज्यको प्रतिबद्धता, राजनीतिक दूरदृष्टि र स्रोतसँग जनताको सम्बन्ध महत्वपूर्ण मापदण्ड हो। यसैगरी नेपालजस्तो मुलुकमा प्राथमिकता तथा समावेशी नीति तथा कार्यक्रम निर्धारण गर्न दाताहरूको भूमिकालाई कम आँक्न सकिँदैन।

### ७.७.२.३ नेपालको विकास मुद्दामा भूमि सवाल

नेपालमा खेतीयोग्य जमिन एकदमै सीमित छ। तर सम्पूर्ण खेतीयोग्य जमिनको केवल २३% जमिनमा मात्रै उत्पादन हुने गरेको छ। यसमध्ये अर्को २०% बाँझो छ। उपलब्ध खेतीयोग्य भूमिको वितरण तथा उपयोग पनि निकै विषम छ। उपल्लो आर्थिक श्रेणीका १३% मानिसहरूको हातमा सम्पूर्ण खेतीयोग्य जमिनमध्ये ४८% खेतीयोग्य जमिन छ भने ४०% गरीब किसानहरूसँग केवल ९% खेतीयोग्य जमिन रहेको अध्ययनहरूले देखाउँछन् (आहुति, २००७ए)। यसले भूअधीनत्वको परिमाणमा भएको विविधतालाई चित्रण गर्छ। यसमाथि पनि महिलाहरूको भूअधीनत्व अझ टिठलाग्दो छ। वि.सं. २०३८-२०३९ को राष्ट्रिय कृषि गणनामा ६.३% महिलासँग आधिकारिक पूर्जासहितको भूमि थियो भने वि.सं. २०५८-२०५९ सम्म पनि केवल ८.१% महिलासँग मात्रै यस्तो अधीनत्व देखिएको थियो (सिबिएस, २००४)। यसले स्रोत वितरणको समान संयन्त्र अभिवृद्धि गर्न नेपालमा राज्य र राज्येतर सरोकारवालाहरूबाट थोरैमात्र

**प्रयास भएको देखाउँछ। अर्कोतिर दलित तथा आदिवासी जनजातिहरू जीविकाको लागि अति न्यून तथा अनुत्पादनशील भूमि प्रयोग गरिरहेका छन्। विभिन्न अध्ययनहरूका अनुसार २४.४% दलितहरू (२३% पहाडी र ४४% तराई दलित) भूमिहीन छन् (आहुति, २००७ए)। तिनले देशभर २५% किसान घरपरिवार भूमिहीन भएको अनुमान गरेका छन्। स्रोत वितरण संयन्त्रमा सामाजिक न्याय स्थापना गर्न र नेपालमा भूउपयोग व्यवस्थापनलाई आत्मसात गराउने काममा अहिलेको दशकमा भूमि अधिकार आन्दोलनहरूले तीव्र गति दिएका छन्। यद्यपि भूमिहीन मानिसहरूलाई बाँड्ने जमिनै छैन भनी यादव (२००६) ले तर्क पनि गरेका छन्। तर यो विचार अझापि एक विवादास्पद विषय बनेको छ।**

**नेपालमा स्रोत आधारित राजनीतिले भूमिलाई सधैँ शक्ति अभ्यासको केन्द्रविन्दु बनाएको छ। महिला तथा अन्य सीमान्तकृत समूहहरूलाई संस्कृति र परम्पराको नाममा इतिहासभरि नै भूमि अधिकार क्षेत्रबाट पाखा पारिएको छ। परम्परागत मानसिकतामा चल्ने यहाँका शासक वर्गका प्रत्येक गतिविधिमा नै बहिष्करणले जरा गाडेको छ। त्यसैले नेपालमा भएका भूमिसम्बन्धी विभिन्न कानून तथा नियमहरूका बाबजुद तिनको प्रभावकारी कार्यान्वयनमा सधैँ प्रश्न उब्जिएको छ। विगतमा बनाइएका यस्ता केही कानूनी व्यवस्थाहरूलाई बक्स ७.१ मा प्रस्तुत गरिएको छ।**

**बक्स ७.१ भूमि स्रोतसँग महिलाको पहुँचमा प्रत्यक्ष प्रभाव पार्ने केही कानूनी प्रावधानहरू**

| **प्राकृतिक स्रोतसम्बन्धी सामान्य ऐन-कानूनहरू** | **भूमिसम्बन्धी ऐनहरू** |
|---|---|
| • नेपालको अन्तरिम संविधान, २०६३<br>• मुलुकी ऐन, २०२०<br>• स्थानीय प्रशासन ऐन, २०२८<br>• सार्वजनिक अपराध तथा दण्ड ऐन, २०२७<br>• स्थानीय स्वायत्त शासन ऐन, २०५४[१५] | • सार्वजनिक सडक ऐन, २०३०<br>• जग्गा प्राप्ति ऐन, २०३४<br>• नेपाल खानी ऐन, २०२२<br>• भूसंरक्षण तथा जल व्यवस्थापन ऐन, २०३८<br>• भूमिसम्बन्धी ऐन, २०२१ |
| **जलसम्बन्धी ऐनहरू**<br>• जलस्रोत ऐन, २०४९<br>• जलस्रोत नियमावली, २०५०<br>• विद्युत महशुल निर्धारण नियमावली, २०५० | • बिर्ता उन्मूलन ऐन, २०१६<br>• गुठी संस्थान ऐन, २०३३<br>• जग्गा नाप-जाँच ऐन, २०१९<br>• भूमि कर ऐन, २०१८<br>• खानी तथा खनिज ऐन, २०१८<br>• खर्क जग्गा राष्ट्रियकरण ऐन, २०३१ |

*[१५] गाउँ विकास समिति ऐन २०४८, जिल्ला विकास समिति ऐन २०४८ र नगरपालिका ऐन २०४८ लाई स्थानीय स्वायत्त शासन ऐन २०५६ ले प्रतिस्थापित गरिएको थियो।*

| | |
|---|---|
| ● सवारी तथा यातायात व्यवस्थापन ऐन, २०४९<br>● जलचर संरक्षण ऐन, २०१७<br>● ट्रेकिङ तथा नदी र्‍याफटिङ् नियमावली, २०३७ | ● भूमि राजस्व ऐन, २०३४ |
| **वनसम्बन्धी ऐनहरू**<br>● वन ऐन, २०४९<br>● वन नियमावली, २०५१<br>● वातावरण संरक्षण ऐन, २०५३<br>● निजी वन राष्ट्रियकरण ऐन, २०१३<br>● वातावरण संरक्षण नियमावली, २०५४<br>● मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ | **संरक्षण क्षेत्रसम्बन्धी कानूनहरू**<br>● राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९<br>● संरक्षण क्षेत्रहरूमा सरकारी व्यवस्थापन नियमावली, २०५६<br>● संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५२<br>● मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२<br>● वन्यजन्तु आरक्षण नियमावली, २०३३<br>● राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०५५<br>● मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०५५<br>● हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३७ |

*स्रोतः उप्रेती (२००६) बाट लिइएको*

भूमि आजसम्म नेपालको योजनाबद्ध विकासको केन्द्रविन्दु रहिआएको छ। यद्यपि संरचनागत समायोजन कार्यक्रमको थालनीताका अर्थात् २०४६ पछिको दशकमा भूमिमाथि दातामूलक प्रयासहरू तीव्र थिए। यिनै वर्षहरूका भूमि स्रोत सर्वेक्षण र मूल्याङ्कन, भूमि सूचना तथा अभिलेख थालनी- सन् २००० र नेपालमा भूमिसम्बन्धी सघन प्रशासन सेवाहरू यस्ता केही प्रमुख प्रयासहरू हुन्। नेपालको दीर्घकालीन कृषि योजनामा भूमि व्यवस्थापनलाई कुनै केन्द्रविन्दु बनाइएको छैन। बरु यसले त्यस्तो प्रसंगमा बडाल आयोग प्रतिवेदनलाई उल्लेख गरेको छ। सो प्रतिवेदन महत्वपूर्ण भए पनि यसलाई समसामयिक विकास नीतिमा विद्वान्हरूले कमैमात्र उल्लेख गरेका छन्। गरीबी न्यूनीकरण रणनीति पत्र भनेर पनि चिनिने नेपालको दशौँ योजनाले भूमि व्यवस्थापनसम्बन्धी नीतिबारे सुस्पष्ट खाका दिन सकेको छैन। यद्यपि अन्तरिम संविधान-२०६३ को भाग ३ को आधारभूत अधिकारभित्र भूमि अधिकारको महत्वबारे उल्लेख गरिएको छ। वैज्ञानिक भूमि सुधारको लागि यो संविधानको धारा २०.१ मा प्रावधान छ तर यसले भन्न खोजेको कुरा उति स्पष्ट छैन। धारा २१.४ ले पैतृक सम्पत्तिमाथि महिलाको अधिकारबारे स्पष्ट उल्लेख गरेको छ।

त्यही संविधानको भाग ४ मा राज्यको दायित्वअन्तर्गत स्वनिर्भर आर्थिक विकासको लागि प्राकृतिक स्रोतको प्रयोगबारे महत्व दर्शाइएको छ। यसैगरी धारा ३७.५ ले भूमि सुधारबारे तथा कृषिलाई उद्योगको रूपमा स्थापित गराउने कुरा समेटेको छ र धारा ३७.१३ ले महिला, आदिवासी जनजाति, भूमिहीन तथा पूर्व कमैया श्रमिकहरूको विशेष सुरक्षाबारे उल्लेख गरेको छ। नेपाल सरकारले अहिले बनाएको तीन वर्षे अन्तरिम योजनामा भूमिसम्बन्धी छुट्टै परिच्छेद छ। यद्यपि विकासका अन्य क्षेत्र र अधीनत्वसँगको सम्बन्धबारे राम्ररी उल्लेख गरिएको छैन। यस्तै अन्तरिम संविधानमा भएअनुसारको भूमि आधारित प्रत्यक्ष कार्यथालनीको दृष्टिकोण तीन वर्षे अन्तरिम योजनामा छैन। भूमि व्यवस्थापन तथा उपयोग प्रणालीमा निहित यी सबै अस्पष्टता त छँदैछन्, यसमाथि पनि नेपालले यस्तो प्रणालीको प्रत्यक्ष तथा परोक्ष प्रभावले गर्दा अबका दिनमा जनताको अझै रोषहरू खप्नुपर्ने देखिन्छ।

### ७.७.३ समावेशी विकासको लागि भूमि तथा सामाजिक न्याय

दीर्घकालदेखि नै भूमिले नेपाली नागरिकको सामाजिक स्तर निर्धारण गर्दै आएको छ। यस क्रममा महिला, दलित तथा आदिवासी जनजातिहरू अधिकतम तहमा भूमिहीन बनाइएका छन्। तिनलाई भूमि स्रोतसँगको पहुँच र यसमाथिको नियन्त्रणबाट गराइएको वञ्चना समाजको शक्ति संरचनासँग गाँसिएको छ। यही अभ्यास नै लामो समयसम्म चल्नुले एक किसिमको अलिखित कानून नै हावी भएको भान हुन्छ। त्यसैले उत्पादनको सञ्जाल (प्रडक्सन चेन) सँगमात्र नजोडिएर भूमि आत्म-पहिचानसँग पनि जोडिएको छ। आधारभूत सामाजिक सेवासँगको पहुँच र/अथवा ऋण सुविधा, महिलाको सहभागिता तथा प्रतिनिधित्व प्रत्यक्ष वा परोक्ष रूपमा भूअधीनत्वसँगै गाँसिएका छन्। यसकारण व्यक्तिको स्तर र परिचय निर्धारण गर्न भूमि एउटा प्राथमिक तत्व हो। फलतः भूमिमा महिलाको सवाललाई समेट्ने सामेली विधिविना सामाजिक न्याय सम्भव छैन।

#### ७.७.३.१ भूमि तथा कृषि सुधार

भूमिलाई इतिहासकालदेखि नै मूल राजनीतिक मुद्दा मान्दै आइएको छ। वि.सं. २०४६ को जनआन्दोलनपश्चात् प्रजातन्त्र पुनर्स्थापना भएपछि यसलाई विशिष्ट र व्यापक छलफलको खाँचो पर्ने विषयको रूपमा हेरियो। अहिले नेपालमा भइरहेका महिला तथा भूमिहीनहरूको आन्दोलन विभिन्न खालका स्थानीय भूमि अधिकारहरूसँग सम्बन्धित छ। त्यसैले पनि प्रस्तावित भूमि व्यवस्थापन कार्यक्रमहरूले सबैखाले सामाजिक, राजनीतिक र आर्थिक कार्यक्रमहरूसँग सम्बन्ध राख्नु जरुरी हुन्छ। उदाहरणको लागि नेपालका लगभग सबै आवधिक विकास योजनाहरूमा कृषि क्षेत्रलाई गरीबी निवारण र कुल गार्हस्थ उत्पादन

(जिडिपी) मा टेवा पुऱ्याउने एक प्राथमिक क्षेत्रको रूपमा हेरिएको छ। यद्यपि यस्ता कुनै पनि कार्यक्रमले भूमि नीति तथा योजनालाई सम्बोधन गरेका छैनन्। तर भूमण्डलीकरणको युगमा प्राकृतिक स्रोताधार तथा अन्य उद्योगहरूको भविष्य निर्धारण गर्ने भूमि एक प्राथमिक स्रोत हुनेछ। त्यसकारण कृषि विकास मात्र नभएर सम्पूर्ण कृषि क्षेत्र सुधार गर्न भूमिलाई एक महत्वपूर्ण हिस्सा मानिनुपर्छ।

नेपालको अन्तरिम संविधानमा विशेषगरी धारा १३ (समानताको हक) ले भनेको छः (१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन। (२) सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन। (३) राज्यले नागरिकहरुका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन। यही संविधानले महिलाको अधिकारबारे अझ स्पष्ट पारेको छ। यसको धारा २० (महिलाको हक) मा यसरी लेखिएको छः (१) महिला भएकै कारणबाट कुनै किसिमको भेदभाव गरिने छैन। (२) प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजननसम्बन्धी हक हुनेछ। (३) कुनै पनि महिलालाई शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ। (४) पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुनेछ।

यसैगरी २०६३ मङ्सिर २२ को नेपाल सरकार र नेकपा माओवादीबीचको विस्तृत शान्ति सम्झौताले भूमिसम्बन्धी व्यवस्था स्पष्ट रूपमा खुलाएको छ। यसमा दफा ३.५ देखि ३.७ सम्म भूमिसम्बन्धी विभिन्न व्यवस्थाहरू खुलाइएको छ। यसको दफा ३.५ ले भनेको छः "वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेसी, उत्पीडित, उपेक्षित र अल्पसंख्यक समुदाय, पछि पारिएका क्षेत्रलगायतका समस्याहरुलाई सम्बोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने।" त्यस्तै दफा ३.६ ले भनेको छः "सामन्तवादका सबै रूपहरूको अन्त्य गर्ने आर्थिक-सामाजिक रूपान्तरणको न्यूनतम साझा कार्यक्रम आपसी सहमतिले तय गरेर लागू गर्दै जाने।" र दफा ३.७ ले भनेको छः "सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति अवलम्बन गर्ने।"

यस्ता व्यवस्थाहरू इमानदारीपूर्वक कार्यान्वयन गर्न सकिएमा यिनले साँचो अर्थमा ग्रामीण भेग केन्द्रित विस्तृत जनाधारको कृषि सुधारसाथै सामेली सामाजिक परिवर्तनको लागि फराकिलो आधारशिला निर्माण गर्न सक्छन्।

### ७.७.३.२ बदलिँदो अर्थव्यवस्थामा भूमि

भूमण्डलीकरण र मूलधारको आर्थिक विकासमा समायोजन हुनु अहिले अत्यन्तै अपरिहार्य विषय बनेको छ। यस परिप्रेक्ष्यमा प्रभावकारी प्रक्रिया र व्यवस्थापनमार्फत लाभ अभिवृद्धि गर्न सार्वजनिक र निजी सम्पत्तिको रूपमा भूमिले ठूलो सम्भावना बोकेको छ। उदाहरणको लागि पर्यटनको निम्ति सार्वजनिक भूमिको व्यवस्थापन, जडिबुटीहरूको घरेलुकरण, व्यावसायिक सम्भावना भएका बालीहरूको प्रवर्द्धन, चरन क्षेत्रको व्यवस्थापन, राउटेजस्ता आदिवासी जनजातिहरूको रैथाने भूमिको सुरक्षा, निर्माण तथा अन्य कार्यको लागि अनुत्पादनशील भूमिको प्रयोग र उत्पादनशील भूमिमा व्यावसायिक खेती जस्ता केही वैकल्पिक उपायहरू हुन सक्छन्। यसकारण न्यायसंगत आर्थिक उन्नतिलाई उच्च बनाउन व्यापक भूमि सुधार र व्यवस्थापन साँच्चै जरुरी भएको छ। यद्यपि केही विशेष राजनीतिक र आर्थिक कारणले भूमि सवालसँग लड्न धेरै चुनौती आइपर्ने विकासशील विभिन्न मुलुकहरूका अनुभवले देखाउँछन्।

भूमण्डलीकरणको फराकिलो आधारशिलामा बसाइँसराइँ योजना, वित्तीय क्षेत्र सुधार, कृषि तथा वन क्षेत्र सुधार, बौद्धिक सम्पत्ति अधिकार र सार्वजनिक संस्थानहरूको निजीकरणजस्ता कुनै विशेष विकास नीति तथा योजनामा भूमि अत्यन्तै महत्वपूर्ण तत्व बन्छ। यसकारण भूमि आधारित सत्प्रयासहरूद्वारा आन्तरिक तथा विदेशी लगानी आकर्षित गरी समावेशी उन्नति अभिवृद्धि गर्ने ठूलो अवसर नेपालसँग छ। तर दूरदर्शी र कुशल दृष्टि नभएको खण्डमा उत्पादनशील स्रोतमाथि सम्प्रभुता गुमाउने खतरा पनि उत्तिकै रहन्छ। महिला, दलित, आदिवासी जनजातिहरू र सम्पूर्ण नेपाली नागरिकहरूलाई यसले अझ कमजोर बनाउन सक्छ। यस्तो अवस्थामा भूमि व्यवस्थापनका विश्वव्यापी तथा क्षेत्रीय व्यापारिक गतिविधिहरूमा संलग्न भई धेरैभन्दा धेरै नाफा लिन साझा दृष्टिकोण बनाउनु नेपालको धरातलीय आवश्यकता हो। यसको लागि सार्वजनिक र निजी साझेदारीमा काम गर्दै अगाडिका चुनौतीहरू सामना गर्न नेपाल सरकारको लागि अति नै महत्वपूर्ण समय आएको छ।

## ७.८ अबको बाटो

यो खण्डले भूमि र भूमण्डलीकरणसँगै महिला अधिकारबारे संक्षिप्त व्याख्या गरेको छ।

### ७.८.१ स्रोतमाथि मानव अधिकारवादी दृष्टिकोण: एक प्रगतिशील अनुभूति

मानव अधिकारको विश्वव्यापी घोषणा, महिलाविरुद्ध सबैखाले विभेद उन्मूलनको लागि सम्मेलन र अन्तर्राष्ट्रिय श्रम संगठनको सम्मेलन-१६९ जस्ता धेरै अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूले उत्पादनशील स्रोतहरू, सामाजिक न्याय र खाद्य सुरक्षामा जनताको पहुँच स्थापित गर्ने व्यवस्था गरेका छन्। यी सन्धि-सम्झौताहरूले महिला तथा आदिवासी जनजातिजस्ता विशेष समूहको जातीय तथा विशिष्ट आवश्यकतालाई सम्बोधन गर्ने आधार दिएका छन्। यिनले प्रत्येक समूहको उत्पादनशील स्रोतहरूसँग फरक किसिमको सम्बन्ध रहने बताउँछन्। त्यसैले संवैधानिक व्यवस्थाद्वारा नीति, नियम र योजनाहरूको समानान्तर पालना गराई समुदाय-विशेष अधिकारहरूको सुरक्षा गरिनु अत्यन्तै जरुरी छ। यी सबै तथ्यहरूले गर्दा भूमि मानव अधिकार, पहिचान, शक्ति तथा जीवनको अधिकारसँग पनि गाँसिएको छ। ठीक यही कुरा सहस्राब्दी विकास लक्ष्य-३ (लैङ्गिक समता र महिला सशक्तीकरण) अन्तर्गत विश्वव्यापी प्रतिबद्धता पनि हो। त्यसैले नेपाललगायतका प्रत्येक राज्य व्यवस्थाले उत्पादनको स्रोत तथा विशेषगरी भूमिसँग महिला अधिकारको पहुँच पुऱ्याउन प्रगतिशील विचार आत्मसात गर्नु जरुरी छ।

### ७.८.२ सामेलीकरण तथा सामाजिक न्याय: गैरविभेद र समानताको सिद्धान्त

कृषि व्यवस्थामा निर्भर मुलुकहरूमा अझै पनि भूमि नै व्यक्तिको सामाजिक स्तर निर्धारण गर्ने आधार हो। कुल १०३ जात तथा जनजातिहरूको विविधता तथा ५०% भन्दा बढी महिलाको संख्या ओगट्ने संरचनामा नेपाली समाज बनेको छ (बेनेट, २००६)। यस्तो सामाजिक धरातलमा अरू सबै नेपाली नागरिकको समान स्तरमा महिलाहरूका आकांक्षालाई सम्बोधन गर्नु जरुरी हुन्छ। प्रत्येक नागरिकलाई अन्य आधारभूत अधिकार प्रयोग गर्न पनि भूमि नै प्राथमिक तत्व रहिआएको छ। यसकारण संवैधानिक सुनिश्चितताले व्यक्तिको पहिचान तथा धर्म-निरपेक्षतालाई आत्मसात गर्ने वातावरण बनाउनुका साथै राष्ट्र निर्माणमा प्रत्येक नागरिकको क्षमता पहिचान गर्छ। यसले गर्दा आफ्नो अधिकार प्रयोग गर्दा अरूको अस्तित्व पनि ख्यालमा राख्ने सकारात्मक सोच विकसित भई अन्तर्राष्ट्रिय प्रावधानअनुरूप समावेशी कानून, नीति, नियम तथा अभ्यासहरू अंगीकार गर्न सकिन्छ।

### ७.८.३ आर्थिक रूपान्तरणमा विश्वव्यापी साझेदारी: स्रोत तथा लाभ वितरण

भूमण्डलीकरणले स्रोतको उदारीकरण तथा निजीकरणलाई प्रवर्द्धन गर्छ। यस्तो प्रक्रियाले भूमिजस्ता उत्पादनशील स्रोतहरूमा जनताको अधिकार कटौती गर्न सक्छ। भूमण्डलीकरणको प्रक्रियामा राज्य व्यवस्था समकालीन चुनौतीहरूसँग

जुझ्न सक्षम नभएको र दूरदृष्टि अपनाउन नसकेको खण्डमा राष्ट्रिय सार्वभौमिकता नै जोखिममा पर्न सक्छ। प्राकृतिक स्रोत आधारित क्षेत्रमा लगानी सुनिश्चित गर्न राज्य व्यवस्थामा सार्वजनिक तथा निजी साझेदारी अपरिहार्य हुन्छ। यसको लागि समुदाय वा कुनै निश्चित भौगोलिक क्षेत्रमा जैविक विविधता तथा स्थानीय ज्ञान र सीपबाट निस्केको लाभको समान वितरण र तिनमाथि समुदायको अधीनत्व राज्यले निश्चित गरिदिनुपर्छ। समावेशी प्रक्रिया, साझा समझदारी र दूरदर्शिताले जैविक सम्भाव्यता, किसानहरूको अधिकार, आदिवासी ज्ञान तथा सीप, सार्वभौमिकता, सुनिश्चित पहुँच तथा जनतासँगको पूर्वसूचित अनुमति, लगानी तथा स्वरोजगार, स्रोत राजनीतिको बुझाइ आदिलाई प्रोत्साहन गर्न सक्छ। यसरी सहस्राब्दी विकास लक्ष्य-८ अन्तर्गत रहेको 'विकासको लागि विश्वव्यापी साझेदारी' हासिल गर्न पनि योगदान मिल्छ।

## ७.९ निष्कर्ष

महिला तथा पछि पारिएका जनताहरूको भूमि आधारित बहिष्करण पितृसत्तात्मक सामाजिक शक्ति सम्बन्धको संरचनात्मक अभिव्यक्ति हो (घले र उप्रेती, २००५)। नेपाली महिलाहरू शताब्दीऔँदेखि संरचनात्मक असमानता, प्रक्रियागत विभेद र लैङ्गिक शोषणको सिकार भएका छन्। आर्थिक तथा सामाजिक रूपले वर्गीकृत नेपाली समाजले लिङ्ग आधारित दमन सिर्जना गरेको एक अध्ययन (उप्रेती, २००४बी) ले देखाउँछ। यसले भूमि स्रोतसँग महिलाको पहुँचमा गम्भीर अड्चन निम्त्याएको छ। वि.सं. २०२१ देखि थालिएको भूमि सुधार तथा व्यवस्थापन कार्यक्रमले पनि भूमि स्रोतमाथि महिलाको अधिकार सुरक्षित पार्न उल्लेखनीय परिवर्तन ल्याउन सकेको छैन। उपल्लो वर्गको नेतृत्व भएको सामन्तहरूप्रति पूर्वाग्रही भूमि सुधार विधिहरू भूमि स्रोतमा महिला तथा पछि पारिएका समूहको पहुँचमा व्यवधान लगाउने तत्वहरू मात्रै बनेका विभिन्न अध्ययनहरू (रेग्मी, १९७८; घिमिरे, १९९२; जामान, १९७३; उप्रेती, २००४बी, २००२ र २००१) ले देखाएका छन्। सामन्ती जमिन्दार तथा शक्तिका खेलाडीहरूले नेपाली महिला तथा पछि पारिएका समूहहरूमाथि तीव्र शोषण गरेको यही उदाहरणले देखाउँछ। यो शोषणको क्रममा हामीबीच शताब्दीऔँदेखि संरक्षक-ग्राहक (प्याट्रन-क्लायन्ट) सम्बन्धको अभ्यास भइरहेको छ। महिलाको हकाधिकार तथा अधीनत्वको बहिष्करणले तिनको अधिकार कटौती गर्नुका साथै जीविका छनौटको अवसर पनि कम बनाइदिन्छ। भूमण्डलीकरणको बदलिँदो परिस्थितिले हामीलाई उदारीकरण तथा निजीकरणतर्फ धकेलेको छ। यसबाट नेपालले उच्च चुनौती सामना गर्नुपर्नेछ। तर यो प्रक्रियामा भूमिसँग महिलाको पहुँच र अधीनत्वमा बाधा उब्जने खतरा

**पनि उत्तिकै हुन्छ। यद्यपि नेपाल राज्य पुनर्संरचनाको प्रक्रियामा हुनाले यो समय सबैखाले विभेद अन्याय र असमानतालाई सम्बोधन गर्न अनुकूल अवसर पनि हो। यो समयमा राज्य पुनर्संरचनाको लागि नयाँ दृष्टि, सोचाइ, संयन्त्र तथा बुझाइको खाँचो पर्छ। अन्ततः तिनले मात्रै स्रोत अधिकार र लैङ्गिक समानतालाई सुरक्षित पार्ने सामाजिक मनोवृत्ति, सार्वजनिक नीति तथा कार्यान्वयन पद्धतिमा दूरगामी परिवर्तन ल्याउन सक्छन्।**

## सन्दर्भ सामग्री


1. आहुति। २००७ए। दलितका लागि आरक्षण अधिकार। *विशेष अधिकार र आरक्षणको राजनीति।* पूर्ण बस्नेत र सुभाष दर्नाल (सं.)। काठमाडौँः जागरण मिडिया सेन्टर।
2. आहुति। २००७बी। नेपालमा वर्गीय सवाल र भूमि अधिकारमा भूमि सुधारको प्रश्न। त्रैमासिक बुलेटिन। वर्ष ५, पूर्णाङ्क १४। काठमाडौँः सिएसआरसी।
3. घले, यमुना। वि.सं. २०६४। *खाद्य अधिकार मानव अधिकार हो।* २०६४ असोज २९। कान्तिपुर राष्ट्रिय दैनिक। काठमाडौँः कान्तिपुर पब्लिकेसन्स।
4. निर्वाचन आयोग। वि.सं. २०५६। *प्रतिनिधिसभा सदस्य निर्वाचन परिणाम- २०५६।* काठमाडौँः निर्वाचन आयोग।
5. निर्वाचन आयोग। वि.सं. २०५२। *प्रतिनिधिसभा सदस्य निर्वाचन परिणाम- २०५२।* काठमाडौँः निर्वाचन आयोग।
6. निर्वाचन आयोग। वि.सं. २०४८। *प्रतिनिधिसभा सदस्य निर्वाचन परिणाम- २०४८।* काठमाडौँः निर्वाचन आयोग।
7. बस्नेत, जगत। २००८। विभिन्न देशहरूमा भूमिसुधारका संवैधानिक प्रावधानहरू। प्राकृतिक स्रोत गठबन्धन बैठक, काठमाडौँमा प्रस्तुत कार्यपत्र।
8. बस्नेत, पूर्ण र सुभाष दर्नाल (सं.)। २००७। *विशेष अधिकार र आरक्षणको राजनीति।* काठमाडौँः जागरण मिडिया सेन्टर।
9. रोका, हरि। २००७। दलित मुक्ति र भूमि सुधार। *विशेष अधिकार र आरक्षणको राजनीति।* पूर्ण बस्नेत र सुभाष दर्नाल (सं.)। काठमाडौँः जागरण मिडिया सेन्टर। पृ. २६१-२७६।
10. दाहाल, जि. र जि.पि. काफ्ले। २००८। *राजनीतिक दलका घोषणापत्र र संविधानसभा सदस्य निर्वाचन-२०६४ को परिणाम।* काठमाडौँ।
11. Adhikari R.; Belbase, N. and Ghale, Y. (2000). *Intellectual Property Rights: Implications for Nepal.* Kathmandu: Action Aid Nepal and Pro-Public.
12. Bennett, L. (2006). *Unequal Citizens: Gender, Caste and Ethnic Exclusion in Nepal.* (Summary) Kathmandu: World Bank and DFID.
13. Bhandari, S.; Shrestha, S. and Ghale, Y. (2005). *Nepal's Accession to the WTO: Opportunities and Challenges for Nepal.* Kathmandu: Action Aid Nepal and Law Associates Nepal.
14. Bhusal, Y.R. (2006). Land Issues and the Role of Land Bank in the context of Agriculture Perspective Plan and Poverty Reduction

Strategy in Nepal. Paper presented in the workshop on The APP: From Vision to Action. Kathmandu: National Planning Commission and World Bank.

15. Byrne, D. (1999). *Social Exclusion.* Open University Press.
16. CBS. (2004). *National Agricultural Census 2001-2002*. Kathmandu: Central Bureau of Statistics.
17. FAO. (2006). *The Right to Food Guidelines: Information Papers and Case Studies.* Rome: Food and Agriculture Organization
18. Ghale, Y. (2005). Land in the Realm of Exclusion and Globalization. *Land First*. Kathmandu: CSRC.
19. Ghale, Y. and Upreti, B.R. (2005). Impact of Armed Conflict on Environment and Human life: A Gender Perspective. Kathmandu: A paper presented at the 7th Asia-Pacific NGO's Environmental Conference 4-6 November 2005.
20. Ghale, Y. (2004). Gender Issues in Land Rights. *Land First*. Kathmandu: CSRC.
21. Ghimire, K. (1992). *Forest or Farm? The Politics of Poverty and Land Hunger in Nepal*. Delhi: Oxford University Press.
22. GoN. (2006). *Interim Constitution of Nepal 2006*. Kathmandu: Government of Nepal.
23. GoN. (2003). *Poverty Reduction Strategy Paper*. Kathmandu: Government of Nepal.
24. GoN. (1995). *Agriculture Perspective Plan*. Kathmandu: Government of Nepal.
25. Jawara, F. and Kwa, A. (2003). *Behind the Scenes at the WTO: The real world of International Trade Negotiations*. London: Zed Books.
26. Manandhar, N. and Bajracharya, P. (1999). Privatization in Nepal: Social Effects and Restructuring. A paper presented at Sub-regional Meeting on Privatization in South Asia, Kathmandu. 24-26 November 1999 and Rozana Salih, Privatization in Sri Lanka: Social Effects and Restructuring, A paper presented at sub regional Meeting on Privatization in South Asia. Kathmandu. 24-26 November, 1999.
27. Musembi, C.N. (2004). Gender, Food and Hunger: Securing Women's Access and Control over Productive Resources. London: Action Aid International (Unpublished report).
28. Nayak, P. (1998). *Economic Development and Social Exclusion in India*. Delhi: School of Economics/University of Delhi.
29. NPC. (2007). *Three Year Interim Plan 2007-2010*. Kathmandu: National Planning Commission.
30. NPC. (2002). *Tenth Five Year Plan*. Kathmandu: National Planning Commission.
31. NPC. (1997). *Ninth Five Year Plan*. Kathmandu: National Planning Commission.

32. Regmi, M.C. (1978). *Thatched Huts and Stucco Palaces: Peasants and Landlords in 19th Century Nepal.* Varanasi: Nath Publishing House.
33. Schlager, E. and Ostrom, E. (1992). Property Right Regimes and Natural Resources. *Land Economics*. 68(8). Pp. 249-262.
34. Sharma, P. (2008). *Unravelling the Mosaic: Spatial aspects of ethnicity in Nepal*. Kathmandu: Social Science Baha and Himal Books.
35. The WTO. http://www.wto.org/english/tratop_e/dda_e/groups_e.pdf, Geneva
36. UNDP. (2004), *Nepal Human Development Report: Empowerment and Poverty Reduction.* Kathmandu: UNDP Nepal.
37. Upreti, B. R. (2001*). Conflict Management in Natural Resources: A Study of Land, Water and Forest Conflict in Nepal.* Published PhD Dissertation. Wagenignen: Wagenignen University.
38. Upreti, B.R. (2004a*). The Price of Neglect: From Resource Conflict to Maoist Insurgency in the Himalayan Kingdom*. Kathmandu: Bhrikuti Academic Publications.
39. Upreti, B.R. (2004b). Land Conflict in Nepal: Peasants' Struggle to Change Unequal Agrarian Social Relations. *Journal of Community, Work and Family*. Vol.7. No. 3. Pp. 371-394.
40. Upreti, B.R. (2004c). Dynamics of Resource Governance, Resource Scarcity and Conflict in Nepal, *Journal of Forest and Livelihoods*. Vol. 4(1). July, 2004.
41. Upreti, B.R. (2004d). *The Dynamics of Conflict in Nepal. A Background Paper Submitted to UNDP for the preparation of Human Development Report 2004.* UNDP: Kathmandu.
42. Upreti, B.R. (2003). *Social Exclusion, Centralism and Conflict: Challenges for Conflict Transformation in Nepal.* A paper presented at the international conference on "The Agenda for Transformation: Inclusion in Nepali Democracy" organised by Social Science Baha. 24-26 April, 2003, Kathmandu.
43. Upreti, B.R. (2002). *Management of Social and Natural Resource Conflict in Nepal: Reality and Alternative*. New Delhi: Adroit Publishers.
44. Yadav, R.P. (2006), Where is the land to distribute? Paper presented in the workshop on The APP: From Vision to Action. Kathmandu: National Planning Commission and World Bank.
45. Yadav, R.P. (2005). *Land Tenure Situation in Nepal, Policy Outlook.* Winrock International.
46. Zaman, M.A. (1973). *Evaluation of Land Reform in Nepal*. HMG/N, Kathmandu: Ministry of Land Reform.

परिच्छेद ८

✍ पूर्ण नेपाली

# नेपालमा दलित, भूमि र सामाजिक बहिष्करण

## ८.१ परिचय

यस परिच्छेदले दलितहरू भूमि स्रोतबाट कसरी बहिष्कृत भएका छन् भन्ने चर्चा गरेको छ। यसले भूमि स्रोतसँग दलितको पहुँच र हिन्दू वर्ण[१६] व्यवस्थाबीचको सम्बन्ध देखाउँछ। साथै यसले दलितको भूमि अधीनत्वलाई भूमि सुधार अभियानसँग जोडेको छ। अन्ततोगत्वा, यो परिच्छेदले भूमिसँग दलितको पहुँच र यसमाथि तिनको नियन्त्रण बढाउने सामाजिक सामेलीकरणका उपाय सुझाएको छ।

सामाजिक बहिष्करण समाज र राज्यका औपचारिक तथा अनौपचारिक संस्थाहरूसँग गाँसिएको हुन्छ। साथै यसले तिनका आपसी सम्बन्धका पक्षलाई पनि जनाउँछ। यसमा राज्यले व्यक्ति वा समूहलाई सामाजिक, आर्थिक वा राजनीतिक जीवनमा पूर्ण सहभागिता जनाउन तथा आफ्नो अधिकार दाबी गर्नबाट रोक लगाउँछ। यिनीहरू शक्ति आधारित गैरसामेली सम्बन्धबाट नै उत्पन्न भएका हुन्छन् (बेनेट, २००६)।

## ८.२ परिप्रेक्ष्य

दलित कथित तल्लो अथवा अछुत जातलाई बुझाउने एउटा नयाँ शब्द हो। यसलाई मुलुकी ऐन वि.सं. १९१० मा 'पानी नचल्ने, छोई छिटो हाल्नुपर्ने' भनी जनाइएको छ (दाहाल र अरू, २००२)। सामान्यतया दलितको अवधारणाले जातीय व्यवस्थामा तल्लो तहमा राखिएका एवं अर्काको प्रभावमा रहेका गरीब समूहलाई जनाउँछ।[१७] अधिकांश लेखनमा यो शब्द 'सताइएका', 'थिचिएका' र

---

[१६] *वर्ण हिन्दू धर्मको सामाजिक विभाजनको आधार हो। सम्पूर्ण नेपाली हिन्दू समाज ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र गरी चार वर्णमा विभाजित छ (शर्मा, २००६)।*

[१७] *वर्ण व्यवस्थामा जातीयताको निर्धारण आनुवंशिक र स्थायी हुन्छ। यसमा फरक वर्णका सदस्यहरूसँगको विवाह पनि वर्जित हुन्छ (बेरेम्यान, १९८७, थोम्सन र अरूमा उल्लिखित १९९४)।*

'शोषित' समूहका मानिसलाई जनाउन पनि प्रयोग गरिन्छ। केहीले दलित शब्दको सम्बन्ध नेपाली/हिन्दू भाषाको 'दलदल' सँग रहेको पनि देखाउँछन्। यो अर्थ मन पराउनेले दलितलाई दलदलमा फँसेको व्यक्तिको रूपमा लिन्छन्। त्यस्तो दलदलबाट निस्कन असम्भव नै नभए तापनि अत्यन्तै कठिन छ। दलदल इतिहासभरि नै दलितहरूले आफू फँसेका पाउने सामाजिक-सांस्कृतिक परिवेशको विम्ब हो। उप्रेती (२००४) ले जातीय संरचना हिन्दू वर्ण व्यवस्थामा आधारित भएको जनाएका छन्। यसले मानिसलाई कामको आधारमा चार प्रकारमा विभाजन गरेको छ, जस्तै; ब्राह्मण (शिक्षित मानिस, पुजारी), क्षेत्री (लडाकु), वैश्य (व्यापारी र कृषक) र शुद्र (निम्न दक्षतामा काम गर्ने मानिसहरू)। उत्पत्तिको हिसाबले यसले केवल तिनको कामका प्रकारलाई मात्र जनाउँथ्यो। तर विस्तारै यो वंशाणुगत र सामाजिक रूपमै स्वीकारिएको व्यवस्था बन्यो। वर्ण व्यवस्थाको यस्तो वंशाणुगत रूपान्तरणलाई नेपालको अहिलेको जटिल र कठोर जातीय व्यवस्थामा संस्थागत गराइयो। जातीय विभाजनका आधारमा हुने छुवाछूत र विभेदको व्यवस्थालाई २०२० सालको नयाँ मुलुकी ऐन, २०४७ सालको नेपालको संविधान, जातीय छुवाछूत मुक्तिसम्बन्धी २०६३ सालको संसदीय घोषणा र अन्तरिम संविधान-२०६३ अनुसार औपचारिक रूपमा अन्त्य गरिसकिएको छ। यद्यपि यस्तो व्यवस्था नेपाली समाजमा अझै पनि कायम छ। राष्ट्रिय जनगणना-२०५८ ले देशमा दलित जनसङ्ख्या १३% (२९,४५,२२३) रहेको देखाउँछ (सिबिएस, २००२)। तर दलित अधिकारवादी गैरसरकारी संस्थाहरूले देशमा कुल जनसङ्ख्याको २०% दलित भएको दाबी गर्छन् (मल्ल र विश्वकर्मा, २००२)। २०४८ र २०५८ सालको तुलना गर्दा विश्वकर्माजस्ता केही दलित जातिको जनसंख्या घटेको उनीहरूको तर्क छ। समयसँगै यसरी जनसंख्या घट्ने क्रमलाई जनसंख्या सिद्धान्तले भने स्वीकार गर्दैन (मल्ल र विश्वकर्मा, २००२)।

मुलुकी ऐन वि.सं. १९१० मा दलितहरूलाई जातीय श्रेणीको तल्लो स्थानमा राखिएको थियो। यस्तो वरीयताक्रमको दलित जनसङ्ख्याका सामाजिक-आर्थिक सवालमा थुप्रै अर्थ लाग्छ। तिनीहरू राष्ट्रका गरीब, वञ्चित तथा सीमान्तीकृत खण्डका पर्याय बनेका छन्। भूमिहीनता[१८], सीमान्त तथा थोरै मात्राको भूमि अधीनत्व तथा खाद्य अल्पता दलित जातिको अर्थतन्त्रका सामान्य विशेषता हुन्।

*वर्णको आदर्श स्वरूपमा यो बन्द-व्यवस्था (क्लोज्ड सिस्टम) मा आधारित हुन्छ। जन्मैदेखि नै स्तर निर्धारण हुन्छ र उन्मुक्तिको जति नै प्रयास गरे पनि व्यक्तिले आफ्नै अभिभावकको सामाजिक स्थानलाई नै स्वीकार गर्नुपर्छ। जात भनेको एउटा साझा नाम सहितको अन्तर्गामी समूह हो। यो आनुवंशिक हुनुका साथै आफ्ना सदस्यहरूलाई सामाजिक अन्तरसम्बन्धका क्रममा निश्चित प्रतिबन्धहरू लगाउने खालको हुन्छ। यस व्यवस्थामा परम्परागत पेशालाई अवलम्बन गरिन्छ वा साझा उत्पत्तिको दाबी गरिन्छ। त्यसैले यसलाई एउटा समरूपी समुदाय सिर्जना गर्ने आधार मान्ने गरिन्छ।*

[१८] *भूमिहीनता भन्नाले कृषिमा आश्रित तर आफ्नै अथवा परिवारका सदस्यको नाममा जग्गा नभएको व्यक्तिको स्थितिलाई जनाउँछ।*

**मधेसी दलितहरूमा भूमिहीनता अति व्याप्त छ। तालिका ८.१ ले जातीय छुवाछूत र मानव अधिकार उल्लंघनजस्ता समस्या भोगिरहेका दलितहरूको सीमान्त स्तरलाई देखाउँछ। तिनको सामाजिक सम्मान र प्रतिष्ठा सार्वजनिक स्थानहरूमा उचित तवरले स्वीकारिँदैन। वि.सं. २०२० मा औपचारिक रूपमा अन्त्य गरिए तापनि जातीय छुवाछूत आजसम्म पनि कायमै रहेको छ (बेनेट, २००६)।**

**तालिका ८.१ : राष्ट्रिय अवस्थासँग दलितको तुलनात्मक सामाजिक-आर्थिक सूचकाङ्क**

| सूचकहरू | नाप मान (दलित) | नाप मान (राष्ट्रिय औसत) |
|---|---|---|
| अपेक्षित आयु | ५०.३० | ५५.०० |
| औसत आय (ने.रु.) | १३३४० | २०६८९ |
| अपेक्षित आयु सूचकाङ्क | ०.४२२ | ०.५०० |
| शैक्षिक उपलब्धि सूचकाङ्क | ०.१८६ | ०.२९५ |
| गरीबी प्रतिशत | ४७ | ३१ |
| मानव विकास सूचकाङ्क | ०.२३९ | ०.३२५ |
| ५ वर्ष मुनिको मृत्युदर | १७१.२ | १०४.८ |
| शिशु मृत्युदर | ११६.५ | ७५.२ |
| प्रजननदर | ४.७ | ४ |
| गर्भनिरोधका साधनको प्रयोग | २८% | ४४% |
| ६ वर्षमाथिको साक्षरता | २८% | ५४% |
| एसएलसी र माथि | ३.८% | १७.६% |
| स्नातक र माथि | ०.४% | ३.४% |
| भूमिहीनता | पहाडी दलित ४०%<br>मधेसी दलित ९५% | २४.४% |
| सशक्तीकरण र समावेशीकरण सूचक | ०.३ | ०.४ |

*स्रोतः एनइएसएसी (१९९८); जेएमसी (२००५); सिबिएस (२००२); बेनेट (२००६)*

## ८.३ नेपाली अर्थव्यवस्थाका विशेषताहरू

**अहिलेको परिप्रेक्ष्यमा समाजको आर्थिक विशेषता र तिनको दलितसँगको सम्बन्धलाई नियाल्नु निकै आवश्यक छ। कार्ल मार्क्सका अनुसार (टर्नर, २००२), आर्थिक संगठन (खासगरी सम्पत्तिको अधीनत्व) ले समाजमा बाँकी कुराहरूको संगठनलाई निर्धारण गर्छ। विशेषगरी वर्ग संरचना र संस्थागत व्यवस्थापनका साथै सांस्कृतिक मूल्य, विश्वास, धार्मिक संकीर्णता र अन्य विचार पद्धतिहरू समाजको आर्थिक आधारका उच्चतम् प्रतिरूप हुन्। समाजमा वस्तु र सेवाको उत्पादन, वितरण र उपभोगमाथि नियन्त्रण गरेजस्तै अर्थतन्त्रले**

जनताको जीवनस्तर पनि उकास्छ (थोम्सन र अरू, १९९४)। यसैगरी सामाजिक-आर्थिक उन्नति एवं व्यक्तिको स्तर र प्रतिष्ठालाई पनि उत्पादन सम्बन्धले व्यापक रूपमा निर्धारण गरेको हुन्छ। एउटा कृषिमुखी समाज जस्तै स्वाभाविक रूपले नेपाली उत्पादन प्रकृति भूमिजस्ता प्राकृतिक स्रोतहरूको उपयोगमा आधारित छ। भूमि आधारित हुनाले यो बालीघरे प्रथा[१९], खलो प्रथा[२०], खान प्रथा[२१] र हलिया प्रथा[२२]जस्ता अर्धसामन्ती चरित्रको छ। नेपाली अर्थतन्त्रको मुख्य स्रोत कृषि हो। यसले राष्ट्रिय अर्थतन्त्रको ३८.५% हिस्सा ओगटेको छ (एमओएसी, २००६)। करिब ६५.५% जनता कृषिमा निर्भर छन् र यसले नेपालका ८१% जनतालाई रोजगारी पनि प्रदान गरेको छ (सिबिएस, २००२)। यसकारण नेपालजस्तो कृषि निर्भर मुलुकमा यो सामाजिक-आर्थिक स्तरको बृहत् सूचक हो। भूमि व्यक्तिको सम्पत्तिको आधारभूत पाटो हो। जीविका, गर्व र प्रतिष्ठाको प्रमुख स्रोत तथा उन्नतिको प्रतीक हो। त्यसमाथि यसले अन्यायको सीमा विस्तार गर्ने एवं नेपाली समाजमा सामन्ती संस्कृतिलाई निरन्तरता दिने आधार तयार पारेको छ (रेग्मी, १९९९ए)।

## ८.४ ऐतिहासिक दृष्टिकोण

वर्ण आधारित समाजमा नेपाल र भारतका कुलीन हिन्दूहरूको दह्रो प्रभाव रहेको छ। धेरै विद्वान्हरूले यसले धार्मिक र सांस्कृतिक परिदृश्यमा मात्रै सरोकार राख्ने विश्वास गरे तापनि यथार्थमा उत्पादन सम्बन्धको सामन्ती स्वरूप र राज्य सञ्चालन प्रणालीसँग यसको प्रत्यक्ष असर रहन्छ। कथित उपल्लो जातले नै समाजलाई निरन्तर नियमन गरिरहेको छ भन्ने वर्ण व्यवस्थाको तर्क छ। फलस्वरूप दलितहरू संरचनागत रूपमै समाजको पिँधमा छन् र भूमि अधिकार तथा सामाजिक प्रतिष्ठाजस्ता सामाजिक-आर्थिक र राजनीतिक अधिकारबाट वञ्चित छन्।

---

*[१९,२०,२१] संरक्षक-ग्राहक सम्बन्ध भनेर पनि चिनिने यस्ता व्यवस्थामा ग्राहक र शिल्पकर्मीबीच भइरहेको सम्बन्धमा दलितबाट विभिन्न सेवा प्रदान गरिन्छन्। देशका भिन्न भागमा यी व्यवस्थालाई बालीघरे प्रथा (पूर्वी नेपाल), खलो प्रथा (पश्चिमी नेपाल) र खान प्रथा (तराई) जस्ता भिन्न नामले पुकारिन्छ।*

*[२२] हलिया प्रथाले जमिन्दारको खेत जोत्न कुनै व्यक्तिलाई किरायामा लिइने व्यवस्थालाई जनाउँछ। यो व्यवस्थाको मारमा परेका हलीहरूले अर्धबँधुवा श्रम, जातीय शोषण र अन्यायोचित ज्यालाजस्ता समस्या भोगिरहेका छन्।*

खासमा यस्तो वर्ण व्यवस्था श्रम विभाजनको लागि मात्र थियो। पछि यसमाथि जातीय छुवाछूत लादियो। भारतबाट नेपालमा भित्रिएको यस्तो व्यवस्थामा दलितहरू तल्लो स्तरको काममै सीमित छन्। वर्ण व्यवस्थाको ठाडो वरीयताक्रम (भर्टिकल हायरार्की) लाई एउटै अविच्छिन्न श्रेणीमा राखेर सिधै विभिन्न वर्गीकृत तहमा रूपान्तरण गरियो। यसको प्रभावले दलितहरू भूमि तथा सामाजिक-आर्थिक अधिकारहरू र स्थानीय संस्कृतिजस्ता उत्पादनशील स्रोतसँग पहुँचविहीन बने। परिणामत: अहिले तिनीहरू भूमिहीन हुँदै गरीबीको दुष्चक्रमा फँसेका छन्।

पृथ्वीनारायण शाह (वि.सं. १७७९-१८३१) कृत नेपाल एकीकरणपछि पनि सामन्ती हिन्दू वर्ण व्यवस्था कायमै रह्यो। जातीय व्यवस्थाअन्तर्गत नपरे पनि आदिवासी[२३] अथवा जनजातिले पनि जातीय छुवाछूतको अभ्यास थाले। यस्तो वरीयता/स्तरीकरण 'फुटाऊ र राज्य गर' तथा निमुखा र पाखा पारिएका समूहहरूको 'सामाजिक-आर्थिक अधिकार नकार्न' प्रयोग हुने गर्छ। परिणामत: दलितका भूमि अधिकारका साथै अन्य मानव अधिकारहरूको उल्लंघन भएको छ।

**तालिका ८.२ : दलित र भूमि अधीनत्व**

| श्रेणी | प्रतिशत |
|---|---|
| पूर्ण भूमिहीन | २३ |
| ५ रोपनीभन्दा कम | ४८.७ |
| ६-१० रोपनी भएका | १५.६ |
| १०-२० रोपनी भएका | ९.६ |
| २१ रोपनीभन्दा बढी | ३.१ |
| **कुल** | **१००.०** |

*स्रोत: एनडिसी (२००२)*

नेपालका विभिन्न स्थानमा दलितहरूको बसोबास छ। उनीहरू अन्य जात तथा जनजातीय समूहलाई सेवा पुऱ्याउने गर्छन्। यसै आधारमा बालीघरे प्रथा, खलो प्रथा, खान प्रथा र हलिया प्रथाजस्ता विभिन्न सामन्ती प्रथाहरू कायम छन्। तालिका ८.२ ले दलितहरूको भूअधीनत्व कम भएको देखाउँछ। पाँच सदस्यीय एउटा परिवारको जीविका धान्न लगभग २० रोपनी (१.०२ हेक्टर) जग्गा चाहिन्छ। तर केवल ३.१% परिवारका सदस्यसँग मात्र पर्याप्त जग्गा छ। यसमाथि ९५% मधेसी दलितहरू भूमिहीन छन्।

---

*[२३] आदिवासीले समान संस्कृति भएका जनजातीय समूहलाई जनाउँछ तर यिनीहरू जातीय विभाजन व्यवस्थाभित्र पर्दैनन्। नेपालमा उनीहरू जनजातिको नामले चिनिन्छन्। नेपाल आदिवासी जनजाति प्रतिष्ठानले ५९ ओटा जनजाति समूहको पहिचान गरेको छ।*

## ८.५ राजनीतिक परिवर्तन र दलितहरूको भूअधीनत्व

वि.सं. २००७ को राजनीतिक परिवर्तनताका राजनीतिक दलहरूको प्रमुख नारा 'जसको जोत, उसको पोत' भन्ने थियो। यद्यपि यो नाराले न राजनीतिक वृत्तमा गुणात्मक भिन्नता ल्यायो, न त सामन्ती उत्पादन सम्बन्धको अन्त्य नै गर्न सक्यो। त्यसैले वि.सं. २००७ को राजनीतिक परिवर्तनले दलितको भूअधीनत्वमा कुनै महत्वपूर्ण हेक्का राखेन भन्ने गरिन्छ। वि.सं. २०१७ मा सत्ता हत्याएपछि राजा महेन्द्रले वि.सं. २०२१ मा भूमि सुधार कार्यक्रम ल्याए। यस कार्यक्रमले अरू कथित माथिल्लो जातका मोहीलाई पनि न्याय दिन सकेन। दलित र अन्य निमुखा तथा दासताको घेरामुनि बाँचेका सामाजिक समूह पनि यस्तो कार्यक्रमबाट लाभान्वित हुन्छन् भन्ने आशा गर्ने ठाउँ थिएन। यसमाथि पञ्चायत कालले पनि जातीय छुवाछूत मानव अधिकारको उल्लंघन हो भन्ने स्वीकार गरेन।

वि.सं. २०४७ मा प्रजातन्त्रको पुनर्स्थापनापछि बहुदलीय व्यवस्थाले दलितका अधिकारलाई माने पनि तिनको भूमि अधिकारबारे भने यो व्यवस्था मौन थियो। वि.सं. २०५३ मा भएको भूमि ऐनको चौथो संशोधन (वि.सं. २०२१) ले द्वैध भूअधीनत्व व्यवस्था अन्त्य गर्ने लक्ष्य राखे पनि यो मोहीवालका पक्षमा थिएन। तसर्थ यसले दलितका जीवनमा उल्लेखनीय परिवर्तन ल्याउन सकेन।

मुख्य राजनीतिक दलहरूले 'क्रान्तिकारी भूमि सुधार' र 'जसको जोत, उसको पोत' को चर्चित नारा दिए तापनि तिनले दलितको भूमिहीनतालाई सम्बोधन गर्न सकेनन्। दलितमाथि शोषणका आधारभूत स्रोतप्रति पनि उनीहरू संवेदनशील थिएनन्। आम भूमि नीतिहरूले दलितको समग्र सामाजिक-आर्थिक रूपान्तरणमा तात्विक परिवर्तन ल्याउन सकेनन् भन्ने यो लेखको तर्क हो। बडाल आयोग भनेर चिनिने भूमि सुधार उच्चस्तरीय आयोग-२०५२ लाई नेपाली परिप्रेक्ष्यको निकै बोधगम्य विश्लेषण मानिन्छ। तर यसले पनि दलितका गहन विषयलाई उठाउन सकेन।

समष्टिमा, विगतका राजनीतिक परिवर्तन र राज्यका नीतिहरूले दलितको सामाजिक-आर्थिक स्तरमा खासै परिवर्तन ल्याउन सकेनन्। परिणामत: राजनीतिक शक्ति र राज्यले दलितको भूमि अधिकारलाई सम्बोधन गर्न सकेनन्।

### ८.५.१ दलित र भूमि सम्बन्ध

दलितको भूअधीनत्वलाई नियाल्दा भूमि वितरणलाई विश्लेषण गर्नैपर्छ। विभिन्न तथ्याङ्कले नेपालमा भूमि वितरण विषम रहेको र समतामूलक नभएको देखाउँछन्। संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको मानव विकास प्रतिवेदन २००४ (युएनडिपी, २००४) अनुसार पिँधका ४७% जग्गाधनी परिवारले सम्पूर्ण

खेतीयोग्य भूभागको १५% ओगटेका छन्। तिनमा सरदर ०.५ हेक्टरभन्दा कम जमिनको अधीनत्व छ। तर माथिल्ला ५% ले ३७% भन्दा धेरै जमिन ओगटेका छन्।

भूमिहीनतालाई व्याख्या गर्न र वर्ग तथा जातीय आधारमा छिन्नभिन्न भएका स्वरूपको अध्ययन गर्न राष्ट्रिय स्तरको उपर्युक्त बृहत् तथ्याङ्कभन्दा पर पुग्नु जरुरी छ। यस्ता सूक्ष्म तहका तथ्याङ्क स्रोतैपिच्छे फरक हुन्छन्। कुल घरधनीमध्ये २५% (४,२५३,२२० मध्ये १,०३७,७८५) घरपरिवारको कि ०.१ हेक्टरमात्रै कि त कुनै जमिन नै छैन (सिबिएस, २००२)। तिनलाई कृषि भूमिहीनको रूपमा लिइन्छ। राष्ट्रसंघीय विकास कार्यक्रमको मानव विकास प्रतिवेदन २००४ ले नेपालमा २४.५% भूमिहीन र ७% अर्धभूमिहीन (०.२ एकडभन्दा थोरै जमिन भएका) रहेका देखाउँछ। अधिकारी (२००६) ले व्यावहारिक रूपमै भूमिहीन भएका अथवा ०.१ हेक्टरभन्दा कम जमिन भएकाको संख्या २ लाख ८७ हजार रहेको देखाउँछन्। एक हेक्टरभन्दा कम भूअधीनत्व भएका २५ लाख किसान परिवार छन्। यसले करिब एक तिहाइ जनसंख्या भूमिहीन रहेको देखाउँछ। बडाल आयोग प्रतिवेदन (१९९६) का अनुसार सन् नब्बेको दशकका प्रारम्भिक वर्षहरूमा ५०,००० मानिस पूर्ण भूमिहीन थिए। सिएसआरसी (२००४) का अनुसार अहिले १० लाख २० हजार परिवारहरू भूमिहीन छन्। भूमिहीन र अर्धभूमिहीनमध्ये दलित नै प्रथम स्थानमा छन्। ठूलो अनुपातमा तराई दलितहरू (चमार, बाँतर, मुसहर, दुसाद् र डोम) भूमिहीन छन्। यसैगरी पहाडी दलितहरू (कामी, दमाई, सार्की, गाइने र वादी) हरू पनि भूमिहीन छन् (दाहाल, २००२)। थोरै अथवा कत्ति पनि जमिन नभएका हुनाले पहाडी दलितहरूलाई सीमान्त किसान भनिन्छ (अधिकारी, २००६)। तराईका दलितहरू भूमिहीनताको करिब-करिब पर्याय नै बनेका छन्। तिनीहरूसँग थोरै जमिन भए पनि ती कि अनुत्पादनशील हुन्छन् कि त घरले नै ओगटेको हुन्छ भन्ने भट्टचन र अरू (२००३) को तर्क छ। दाहाल (२००२) गैरदलितको तुलनामा भूमिहीन अथवा सीमान्त जमिन (०.२५ हेक्टरभन्दा कम) हुने दलितको अनुपात अत्यधिक छ भन्छन्। दलित समूहमा पनि प्रतिघरपरिवार औसत भूअधीनत्व खेत (सिँचित जमिन) ०.१२ हेक्टर तथा पाखो (सुक्खा जमिन) ०.२२५ हेक्टर रहेको छ। तागाधारी र मत्वालीजस्ता जातिको तुलनामा अछूत (दलित) भनिएकाहरूसँग भूमिको अति थोरै अंश (३%) मात्रै रहेको पाइयो। यसैगरी तागाधारी र मत्वालीको तुलनामा भूमि अभावको स्थिति अछूत भनिएकाहरूमा उच्चतम् (६४%) भएको यही प्रतिवेदनले देखाउँछ।

भूमिहीन अथवा थोरै भूअधीनत्व भएका हुनाले दलितहरू बालीघरे, खान र हलिया प्रथाको स्वरूपमा शोषण बेहोर्न बाध्य छन्। यसमाथि पनि प्राय:

नागरिकता प्रमाण-पत्रबाट समेत वञ्चित भएकाले उनीहरूसँग जीविकाको वैकल्पिक उपाय पनि छैनन्।

### ८.५.२ दलितका जीविका नीतिहरू

भूमिहीनताले गर्दा दलितका जीविका निकै कष्टकर रहेको छ। बाहुन, क्षेत्री र नेवारहरूको भन्दा दलित र जनजाति समूहहरूको खाद्य स्व-परिपूर्णता (फुड सेल्फ सफिसियन्सी) निकै कम छ (दी वर्ल्ड ब्याङ्क, २००६)। दाहाल र अरू (२००२) मा उद्धृत टिम कन्सल्ट (१९९८) ले गरेको एउटा सर्वेक्षणअनुसार करिब ५०% घरपरिवारमा खाद्य अभाव पाइएको थियो। २१% दलित घरपरिवारले ३ महिनाभन्दा कम, १९.६% मानिसहरूले ४-६ महिना र १५.४% ले १ वर्षलाई पुग्ने तथा ५.१% ले अतिरिक्त खाद्यान्नसमेत उत्पादन गरेको शर्मा र अरू (२००२) लाई उद्धृत गर्दै दाहाल र अरू (२००२) बताउँछन्। सो अध्ययनमा ५,१६२ (९९.६%) उत्तरदातामध्ये ३,६८६ (७१.४%) अर्थात् कुलमध्ये ७१.४% ले खाद्य अभाव रहेको बताएका थिए। भौगोलिक क्षेत्रका आधारमा दलितहरूमा खाद्य अभाव तराईमा अत्यधिक (४६.६%), यसपछि पहाडमा (४३.३%) र हिमाली भेगमा सबैभन्दा थोरै (१०.३%) रहेको थियो। मत्वाली र अन्य कथित उपल्ला जातिको तुलनामा दलितहरूको आय निकै कम रहेको सो अध्ययनले जनाएको थियो। यसैगरी लुगाफाटो, शिक्षा र औषधिजस्ता वस्तुमा दलितहरूको खर्च अति न्यून रहेको पनि छर्लङ्गै हुन्थ्यो। कृषिमा निर्भर ५४% भन्दा बढी तथा यसपछि सेवा (५१.७%), गैरकृषि ज्याला मजदुरी (१४.२%) र कृषि ज्याला मजदुरी (६.१%) लगायतका छन्। बहुसंख्यक दलितको आर्थिक गतिविधि ज्याला मजदुरी थियो। यसलगायत शिल्पकर्म, चर्मकर्म तथा दर्जीजस्ता पेशा पनि तिनको गुजाराका महत्वपूर्ण आर्थिक क्रियाकलाप थिए।

ऐतिहासिक रूपमै दलितहरू आफ्नो जातीय पेशा गर्छन् र जीवन धान्न उत्पादित वस्तु ग्राहकसमक्ष बेच्ने गर्छन्। कामीहरूले हँसिया, चक्कु, बञ्चरो, खुर्पी, कोदालो र किला-काँटीजस्ता कृषि औजार र घरायसी सरसमान बनाएर जीविका चलाउने गरेका छन्। सुनारले आफ्ना ग्राहकको मागअनुसार सुन-चाँदीका गरगहना बनाउँछन्। पार्कीहरू डोको-नाम्लो बुन्छन् र विभिन्न खालका बाँसका भकारी र गुन्द्री पनि तयार गर्छन्। सुदूर पश्चिमका चुनारा लोहार समूहले काठका सामग्रीहरू बनाउँछन्। दमाईहरू नगद वा वस्तु लिएर आफ्ना ग्राहकको निम्ति कपडा सिउँछन्। सार्कीहरू मरेका जनावरहरू र भैसीको छालाबाट जुत्ता तथा अन्य सामग्री बनाउने चर्मकर्मी हुन्। माटोका विभिन्न वस्तु बनाउने वादीहरू पनि कुमाले हुन्। खासगरी उनीहरू धुमपानको लागि राम्रा पाइपहरू बनाउँछन्। यसैगरी वादीहरू नर्तकी र गन्धर्व पनि हुन्। वादी समूहका केही केटीहरू जीवन धान्न यौन व्यवसाय पनि गर्छन्। गाइनेहरू परम्परागत बाजा सारङ्गीको सुरमा गीत गाउँछन्। तराई दलितमा चमारले

छालाका काम गर्छन्। तिनीहरू जुत्ता बनाउने, पालिस गर्ने तथा आफ्ना ग्राहकले भनेअनुसार सिनो फाल्ने कामसमेत गर्छन्। आफ्ना ग्राहकका लागि तिनले मरेका जनावरका छालाबाट जुत्ता बनाउँछन्, पालिस गर्छन्। ताँतीहरूले बुन्ने काम गर्छन् र डुम तथा हल्खोरहरू सार्वजनिक सडक बढार्ने र सरकारका साथसाथै व्यक्तिगत घरपरिवारका बाथरुम सफा पनि गर्छन्। पेशागत रूपले धोबीले प्राय: स:शुल्क लुगा धुन्छन्। चमार महिलाहरू सुँडेनीको काम पनि गर्छन्। जातिगत पेशा विस्तारै घट्दै गए पनि दलितका लागि आज पनि यी जीविकाको प्रमुख माध्यम बनेका छन्। थोरै जमिन भएका र अल्पशिक्षित हुनाले यस्ता सीपको आधुनिकीकरण तिनको भावी अर्थ व्यवस्थाको उत्कृष्ट विकल्प बन्न सक्छ।

दाहाल र अरू (२००२) मा उद्धृत शर्मा र अरू (१९९४) का अनुसार बहुसंख्यक दलितको आर्थिक गतिविधि ज्यालादारी श्रम नै हो। यस्तो काममा दमाई, सार्की, गाइने, हड्क्से र बद्सीजस्ता समूह संलग्न छन्। भट्टचन र अरू (२००२) मा पनि गुजाराको लागि दलितहरूको मुख्य कर्म गैरकृषि क्षेत्र (५१%) नै भएको उल्लेख छ।

जमिनबाहेक सेवा, व्यापार, ज्याला मजदुरी, विप्रेषण (रेमिटचान्स) जस्ता जीविकाका अन्य स्रोत पनि छन्। दाहाल र अरू (२००२) मा उद्धृत टिम कन्सल्ट (१९९८) का अनुसार अछूत भनिएकाहरूमा सेवाको क्षेत्रबाट आउने मध्यक आम्दानी निकै कम थियो। मध्यक वार्षिक आम्दानी अधिकतम कमाउने समूह तागाधारी (रु. ३३,१३०) थियो। यसपछि मत्वाली (रु. ३०,३००) र अछूत भनिनेहरू (रु. २५,९१०) को छ। अर्कोतर्फ दलितहरूमा श्रमिक पेशाबाट धेरै आम्दानी (७२.४%) भएको पाइयो। यसपछि यस्तो आम्दानी हुनेमा मत्वाली (४२%) र तागाधारी (२४.८%) छन्। नेपाली समाजमा अन्य कामबाट जीविका चलाउन नसक्नेहरूले नै ज्याला मजदुरी गर्छन्।

दलितको भूमिहीनता भूमि विखण्डन र सम्पत्तिमाथि उत्तराधिकारको कानूनको उपज होइन। मुलुकी ऐन वि.सं. १९१० र हिन्दू जातीय व्यवस्थाले दलितहरूलाई जातीय वरीयताको पिँधमा राखेर प्रक्रियागत रूपमै सीमान्तीकृत बनाएका छन्। यसरी नै नीति-नियम तथा सांस्कृतिक चालचलनले सामाजिक-आर्थिक परिवेशमा दलितको स्थानलाई अझै खस्काएको छ।

## ८.६ संयुक्त राष्ट्रसंघ र सम्पत्ति अधिकार

भूमिको व्यक्तिगत अधीनत्व समाजवाद, वामपन्थ अथवा विश्वव्यापी शासन (ग्लोबल गभर्नन्स) को संयुक्त राष्ट्रसंघीय परिभाषासम्मत छैन। स्तालिन, हिटलर, क्यास्त्रो र माओ सबैले नागरिकमाथि नियन्त्रण कायम गर्ने पहिलो

कदमस्वरूप भूमिलाई जबरजस्ती राष्ट्रियकरण गर्न थाले। अहिले संयुक्त राष्ट्र संघले पनि सामरिक शक्तिविना नै त्यस्तै परिणाम हासिल गर्न खोज्दै छ।

संयुक्त राष्ट्र संघको भूमि नीति सबैभन्दा पहिले सन् १९७६ मे ३१ देखि जुन ११ सम्म भ्यानकोभरमा भएको मानव बसोबाससम्बन्धी राष्ट्रसंघीय सम्मेलन (युनाइटेड नेसन्स कम्फरेन्स अन ह्युमन सेटलमन्ट्स- ह्याबिटाट फस्ट) मा प्रस्तुत भएको थियो। सो सम्मेलन प्रतिवेदनको छलफल मुद्दामा समाविष्ट दशौं विषयवस्तुले भूमिमाथिको राष्ट्रसंघको आधिकारिक विचार अघि सा-यो। प्रस्तावनामा लेखिएको छः

> भूमिलाई...व्यक्ति-नियन्त्रित तथा बजारको दबाब र अक्षमताले प्रभाव पार्ने सामान्य सम्पत्तिको रूपमा लिन सकिँदैन। व्यक्तिगत भूअधीनत्व धन एकाग्रता तथा संचितीकरणको प्रमुख साधन हुनाले यसले सामाजिक अन्यायलाई बढावा दिन्छ। यसलाई नियन्त्रणमा राख्न सकिएन भने विकास कार्यक्रमहरूको योजना तथा कार्यान्वयनमा यो प्रमुख तगारो पनि बन्न सक्छ। भूमिलाई सम्पूर्ण सामाजिक अभिरुचिको निम्ति उपयोग गर्न सकिएमा मात्रै जनतामा समुचित वासस्थान र स्वस्थ परिस्थितिको व्यवस्थापन हुनसक्छ। त्यसैकारण भूमि उपयोगमाथि सार्वजनिक नियन्त्रण अपरिहार्य छ...।[२४]

प्रस्तावनापछि संयुक्त राज्य अमेरिकासहित अन्य सहभागी मुलुकहरूद्वारा अनुमोदित नीतिका लागि विशिष्ट सिफारिसहरू समाविष्ट गरिएको छ। तिनीहरूमध्ये केही यसप्रकार छन्:

**सिफारिस डी १**

क. वातावरणीय प्रभावहरू सुनिश्चित गर्ने सवालमा भूमिको सार्वजनिक अधीनत्व अथवा आम अभिरुचिमा भूमिको प्रभावकारी नियन्त्रण गर्ने काम विकासका फाइदाहरूको समतामूलक वितरण गर्ने एउटै माध्यम हुन्छ।

ख. एउटा सीमित स्रोत भएको हुनाले भूमिको व्यवस्थापन सार्वजनिक निगरानी अथवा राष्ट्रहितको नियन्त्रणमा हुनुपर्छ।

**सिफारिस डी २**

क. खासगरी नगरक्षेत्र वरिपरिका कृषियोग्य जमिन महत्वपूर्ण राष्ट्रिय स्रोत हुन्। सार्वजनिक नियन्त्रण नहुँदा यस्ता भूभाग नगर अतिक्रमण र नाफामुखी किनबेचको सिकार हुन्छन्।

---

[२४] *विस्तृत जानकारीका लागि हे. http://www.sovereignty.net/p/land/unproprts.htm (२००८ अगस्ट ९ मा झिकिएको)*

ख. भूमि उपयोगमा हुने परिवर्तन..... सार्वजनिक नियन्त्रण र नियमनमा रहनुपर्छ।

ग. यस्ता नियन्त्रणको अभ्यास निम्न प्रक्रियाबाट गर्न सकिन्छ:

- क्षेत्र निर्धारण तथा भूमि उपयोग योजनालाई सामान्य रूपमा भूमि नीतिको आधारभूत साधन र विशिष्ट रूपमा भूमि उपयोग नियन्त्रणको आधारभूत साधन मानेर;
- भूमि ब्याङ्क र भूमि आरक्षणको सिर्जना, मुआब्जा सहितको अधिग्रहण र/अथवा पूर्वक्रय अधिकार, विकास अधिकारको आर्जन, सार्वजनिक र सामुदायिक जमिनको सशर्त कबुलियती, सार्वजनिक तथा मिश्रित विकास क्रियाको गठनजस्ता प्रत्यक्ष हस्तक्षेपका विधि अँगालेर।

## सिफारिस डी ३

क. विकास र उपयोगमा आएको परिवर्तनले हुने भूमि मूल्यको वृद्धिले गराएको अधिक नाफा नै व्यक्तिको हातमा सम्पत्ति थुप्रनुको प्रमुख कारण हो। भूमि बजारमा नियन्त्रणकारी प्रभावको अभ्यास तथा भूमि मूल्यमा भएको श्रमरहित वृद्धि (अनअर्न्ड इन्क्रिज) को फाइदालाई आम मानिसमा पुनर्वितरण गर्न करलाई समुदायको राजस्व स्रोत मात्र नमानी अपेक्षित स्थानको विकासमा हौस्याउने शक्तिशाली औजार पनि मानिनुपर्छ।

ख. भूमि मूल्यमा भएको वृद्धि, उपयोग परिवर्तन, सार्वजनिक लगानी अथवा निर्णय अथवा समुदायको सामान्य वृद्धिले गर्दा प्राप्त हुने श्रमरहित आम्दानी (अन्अर्न्ड इन्क्रिमन्ट) लाई सार्वजनिक वर्गद्वारा पुनर्कब्जा गरिनुपर्छ।

## सिफारिस डी ४

क. भूमिको सार्वजनिक अधीनत्व आफैँमा लक्ष्य हुन सक्दैन; पूर्वावस्थामै लाभान्वित भइसकेकाहरूको हित रक्षा गर्नुको साटो आमहितको लागि प्रयोग गरिएमा मात्रै यो न्यायसंगत हुनसक्छ।

ख. नगर विस्तार तथा संरक्षणका क्षेत्र नियन्त्रण तथा सुरक्षित गर्न, ग्रामीण तथा सहरी भूमि सुधार प्रक्रियाहरू कार्यान्वयन गर्न र प्रयोजित भूमि उचित मूल्य तहमा आपूर्ति गर्न भूमिको सार्वजनिक अधीनत्वलाई प्रयोग गरिनुपर्छ जसले सामाजिक रूपमा स्वीकार्य विकासशैली हासिल गर्न सक्छ।

**सिफारिस डी ५**

क. समाजका बदलिँदो आवश्यकतासँग मेल खाने गरी र साझा किसिमले लाभदायी हुने गरी अधीनत्व अधिकारका विगतका शैलीहरू रूपान्तरित गरिनुपर्छ।

ख. विकास अधिकारबाट भूअधीनत्व अधिकार छुट्याउने विधिमध्ये पछिल्लो अधिकारलाई सार्वजनिक प्राधिकारमा निहित राखिनुपर्छ।

उत्कथित प्रस्तावना र विशिष्ट सिफारिसहरू समाजवाद र सार्वजनिक भूमि अधीनत्वमाथि केन्द्रिभूत भएका छन्। अधिक भूमि संचयनले सामाजिक अन्याय र सामाजिक-आर्थिक असमानता पैदा गराउँछ। 'द्वन्द्व दृष्टिकोण' माथिको सामाजिक सिद्धान्तले निजी अधीनत्वलाई सामाजिक असमानता र एउटा सामाजिक वर्गद्वारा अर्कोमाथि गरिने शोषणको प्रमुख कारक मान्छ। समाजवादभित्र राज्यले केही निर्धारित व्यक्तिगत वस्तुबाहेक अरूमा बन्देज लगाएर निजी अधीनत्वलाई सीमित बनाइदिन्छ। यसरी उसले सम्पत्ति आधारित सामाजिक विभेदीकरणलाई नियन्त्रणमा राख्छ। समाजवादमा उत्पादनका सबै स्रोतमाथि राज्यले नियन्त्रण र अधीन कायम गरेको हुन्छ। यस्तो व्यवस्थामा निजी फाइदालाई बेवास्ता गर्दै सहकारी उद्यमका रूपमा वस्तु तथा सेवा वितरण गरिन्छ (थोमस र अरू, १९९४)। यस्तो आर्थिक पद्धतिमा दलितहरूलाई सशक्तीकरण गरी तिनलाई मूलधारमा ल्याउन सकिन्छ। यसले सामाजिक-आर्थिक तथा सांस्कृतिक असमानतामा आधारित सामाजिक अन्यायलाई सम्बोधन गर्छ। फलतः संयुक्त राष्ट्रसंघको यो सम्पत्ति अधिकार व्यवस्था दलितको भूमि अधिकार क्रियाशीलतालाई अभिवृद्धि गर्ने तथा नीति वकालतको लागि दह्रिलो आधार हो।

## ८.७ निष्कर्ष

उपर्युक्त तथ्यले भूमिसमेतका उत्पादनशील स्रोतबाट दलितहरू प्रक्रियागत रूपमै सीमान्तकृत र बहिष्कृत छन् भन्ने निष्कर्ष दिन्छ। राज्य र समाजबाट संस्थागत तथा वैधानिक हिसाबले उत्पन्न गराइएको हिन्दू जातीय व्यवस्थाले छुवाछूत विभेदसम्म पुऱ्यायो। यस क्रममा दलितहरू आर्थिक स्रोतबाट वञ्चित भए। सामाजिक-आर्थिक, राजनीतिक र सांस्कृतिक वृत्तमा दलितहरूमाथि हिन्दू जातीय व्यवस्थाको अझै बहुआयामिक प्रभावहरू छन्। यस्तै सामाजिक-आर्थिक असमानता नै नेपालमा एक दशक लामो सशस्त्र द्वन्द्वको आधार थियो।

प्रतिकूल सामाजिक-आर्थिक असमानतालाई सम्बोधन गर्नको लागि दलितको सीमान्तीकरण र बहिष्करणका भित्री कारणलाई ध्यान दिइनु जरुरी हुन्छ। दलितहरूसँग हिन्दू वर्ण व्यवस्था, राज्यका नीति र संस्थाबाट उत्पन्न निकै

**जटिल समस्याहरू छन्। यस्ता संरचनागत कारक तत्वले नेपाली समाजमा झाँङ्गिएर जरोसमेत गाडिसकेका छन्। यिनीहरू दास, अर्धदास तथा यस्तै खालका दमन र शोषणको अरू स्वरूपमा जतासतै भेटिन्छन्।**

**भूमि एउटा नितान्त वर्गीय मुद्दा हो। कार्ल माक्र्सले उनको संरचनागत विश्लेषण (हे. परिच्छेद ५) मा स्पष्ट उल्लेख गरेजस्तै प्रतीक, पदार्थ तथा राजनीतिक स्रोतको माध्यमबाट सामाजिक-आर्थिक असमानता जन्मिन्छ। सामन्ती आर्थिक जातीय व्यवस्थाले नेपालमा उत्पादन सम्बन्धलाई बृहत् रूपमा निर्धारित गरेको छ। यस्तो अवस्थामा हाम्रो वर्ग संरचना सामन्ती हिन्दू जातीय व्यवस्थाको बृहत् प्रभावमा पर्नु स्वाभाविकै हो।**

**भूमि सुधारको अर्थ भूमिमाथि हदबन्दी लगाउने र आवश्यक परेका मानिसलाई भूमि वितरण गर्नेमात्र नभएर सामाजिक अन्यायलाई सम्बोधन गर्ने एकीकृत प्याकेज कार्यक्रमहरू पनि ल्याउनु हो। समष्टिमा, यसले सामाजिक रूपान्तरण सुनिश्चित गर्नुपर्छ। एकपटक भूमिसँग दलितको पहुँच स्थापित भएपछि यसले तिनको जीविकाको साथै विभिन्न खालका बँधुवा, विभेद र शोषणबाट हुने मुक्तिलाई समेत सुनिश्चित गराउँछ।**

## सन्दर्भ सामग्री

1. आहुति। २००७। हिन्दू समाजमा जातीय मुक्तिको प्रश्न। मेरी डेसेन र प्रत्यूष वन्त, सं.। *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन।* काठमाडौँ: सोसल साइन्स बहा:। पृ.४७५-५१७।
2. जेएमसी। २००५। *आरक्षण: स्थानीय छलफल र निष्कर्ष*। काठमाण्डौ: जागरण मिडिया सेन्टर।
3. बडाल आयोग प्रतिवेदन। सन् १९९६। बडाल उच्चस्तरीय भूमि सुधार सुझाव आयोग सन् १९९४। काठमाडौँ: पि.बि. पब्लिसर।
4. मल्ल, सुन्दर के. र विश्वकर्मा, पद्मलाल। २००२। *डर्बान् घोषणापत्र र कार्ययोजना तथा नेपालमा जातीय विभेद*। काठमाडौँ: जातीय विभेदविरुद्ध सामाजिक मञ्च नेपाल।
5. रोका, हरि। २००७। दलित मुक्ति र भूमि सुधार। जेएमसी। *पलिटिक्स अफ स्पेसिअल राइट एण्ड रिजर्भेसन*। काठमाडौँ: जागरण मिडिया सेन्टर।
6. Aahuti. (2004). *Landownership of Dalits: A Sample Study Report.* Kathmandu: Atma Nirvar Bikas Manch.
7. Adhikari, J. (2006). *Land Reform in Nepal: Problems and Prospects.* Kathmandu: Nepal Institute of Development Studies (NIDS).
8. Bennett, L. (2006). *Unequal Citizens: Gender, Caste and Ethnic Groups in Nepal.* (Summary). Kathmndu: The World Bank and DFID.
9. Bhattachan, K. B.; Hemchuri, K.; Gurung, Y.; and Biswakarma, C.M. (2003). *Existing Practices of Caste-Based Untouchablity in Nepal and Strategy for a Campaign for its Elimination.* Katmandu: Action Aid Nepal.

10. Bishwakarma, M.B. (2005). *Dalits in State Governance*. Kathmandu: Jana Utthan Pratisthan.
11. CSRC. (2004). Land First: Bi-Annual Publication (August 2005). Kathmandu: Community Self Reliance Center.
12. CBS. (2002). Population Census 2001. National Report. Kathmandu: Central Bureau of Statistics.
13. Dahal, D.R.; Gurung, Y.B.; Acharya, B.; Hemchuri, K., and Swarnakar, D. (2002). National Dalits Strategy Report (Prepared for National Planning Commission). Kathmandu: Action Aid Nepal, CARE Nepal, and Save the Children.
14. Ellis, F. (2000). *Rural Livelihoods and Diversity in Developing Countries*. New York: Oxford University Press.
15. Ghimire, K. (2001). *Land Reform and Peasant Livelihoods*. London: ITDG Publishing.
16. http://www.sovereignty.net/p/land/unproprts.htm. (Accessed on August 9, 2008).
17. Karki, L. and Basnet, B.B. (2005). Landownership and Livelihood: A Case Study of Dangighat VDC, Morang District. Kathmandu: Buddha Air Pvt .Ltd.
18. MoAC. (2006). Statistical Information on Nepalese Agriculture 2001/2002 (2058/059). Kathmandu: Agri-Business Promotion and Statistics Division, GoN.
19. Müller-Böker, U. (1999). *The Chitwan Tharus in Southern Nepal: An Ethno-ecological Approach*. Stuttgart: Franz Steiner Verlag Wiesbaden.
20. NDC. (2002). *Citizenship and Land Ownership Status of Dalits Community in Nepal*. Kathmandu: National Dalits Commission.
21. Nepali, P.B. (2007). Land Issues in Nepal: Injustice, Poverty and Inequality. *The Organization: A Practicing Manager's Quarterly*. Vol. 10. Issue 1. Kathmandu: Organisation Development Center Inc. Pp. 43-46.
22. NESAC. (1998). *Nepal Human Development Report.* Kathmandu: South Asia Center.
23. NNDSWO. (2006). Demographic and Socio-economic Survey of Dalits 2004/2005. Kathmandu: Nepal National Dalits Social Welfare Organisation.
24. NNDSWO. (2006). Demographic and Socio-economic Survey of Dalits-II. Kathmandu: Nepal National Dalits Social Welfare Organisation.
25. NNDSWO. (2006). Ethnographic Study of Tarai Dalits in Nepal. Kathmandu: Nepal National Dalits Social Welfare Organisation.
26. NPC. (2002). Tenth Plan (2002-2007). Kathmandu: National Planning Commission, GoN.
27. Regmi, M.C. (1999a). *Landownership in Nepal*. Delhi: Adroit Publishers.
28. Regmi, M.C. (1999b). *Thatched Huts and Stucco Palaces: Peasants and Landlords in 19th Century Nepal*. Delhi: Adroit Publishers.

29. Rizal, D. and Yokota, Y. (2006). *Understanding Development, Conflict and Violence: The Cases of Bhutan, Nepal, North-East India and the Chittangong Hill Tracts of Bangladesh*. Delhi: Adroit Publishers.
30. Sharma, K.P. (2004). Land Reform: A Viable Programme for Poverty Reduction. *Readings on Governance and Development*. Vol. 3. Pp. 143-149.
31. Sharma, P.R. (2006). *The State and Society in Nepal: Historical Foundations and Contemporary Trends*. Kathmandu: Himal Books.
32. Shreshtha, N.R. (1990). *Landlessness and Migration in Nepal*. Boulder: West View Press.
33. Thapa, S. (2000). *Historical Study of Agrarian Relations in Nepal (1946-1951)*. Delhi: Adroit Publisher.
34. The World Bank. (2006). Resilience amidst Conflict: An Assessment of Poverty in Nepal (1995-96) and (2003-04). Kathmandu: Central Bureau of Statistics, The World Bank, DFID and ADB.
35. Thompson, W.E. and Hickey, J.V. (1994). *An Introduction to Sociology: Society in Focus*. New York: Harpers Collins College Publishers.
36. Turner, J.H. (2002). *The Structure of Sociological Theory*. (5th Edition). Nagpur: Rawat Publications.
37. UNDP. (2004). Nepal Human Development Report 2004. Kathmandu: United Nation Development Programme.
38. UNDP. (1999). Development Co-operation Report 1998. Katmandu: United Nation Development Programme.
39. UNDP. (1998). Nepal Human Development Report 1997. Kathmandu: United Nation Development Programme.
40. Upreti, B.R. (2004). Land Conflict in Nepal: Peasants' Struggle to Change Unequal Agrarian Social Relation. *Community, Work and Family*. Vol. 7. No 3. Pp. 371-394

# खण्ड तीन
# व्यावहारिक दृष्टान्तहरू

परिच्छेद ९

✍ जगत देउजा र नरिराम लुहार

# नेपालमा हलियाको अवस्था

## ९.१ परिचय

जमिन जोत्नेलाई नेपालमा शाब्दिक रूपमा 'हली' भनिन्छ। अझै विशिष्ट अर्थमा, नियमित श्रमिक भई जमिन्दारको जमिन जोत्ने व्यवस्थालाई 'हलिया' भनिन्छ। हली राख्ने यस्तो प्रथा विशेषगरी मध्य तथा सुदूर पश्चिमका पहाडी जिल्लामा व्यापक छ।

यस्तो व्यवस्था एक खालको बँधुवा श्रम हो र यसलाई प्रायः अर्धदासताकै एउटा स्वरूप मानिन्छ। यस्तो चलनमा यदि कसैले जमिन्दारबाट ऋण लिएको छ भने पूरै परिवारले नै बँधुवा श्रमिक बनेर काम गर्नुपर्छ। ऋण तिर्न नसके थुप्रै सन्ततिसम्म पनि यस्तो कामको सिलसिला जारी रहन्छ। फरक ठाउँमा फरक नामले पुकारिए पनि देशका अरू भागमा समेत यस्तो प्रथा चलिआएको पाइन्छ। अहिले नेपालभरि करिब ३ लाख हलिया रहेको अनुमान छ जसमध्ये सुदूरपश्चिम क्षेत्रमा मात्रै ६० हजार छन् (गौतम र प्रसाई, २००६)। आफ्नो जमिन नभएको र जमिन्दारको निगाहमा बाँच्नुपरेको हुनाले विशेषगरी मध्य तथा सुदूर पश्चिमी क्षेत्रका हलीहरू चरम दुःख र दुर्भाग्यपूर्ण स्थितिमा बाँच्न बाध्य छन्।

## ९.२ हलिया प्रथाको उदय

नेपालमा हलिया प्रथाको उदयबारे कुनै भरपर्दो जानकारी छैन। तर यस्तो प्रथा पक्कै पनि यहाँ कायम रहेको जातीय व्यवस्थासँग नजिक थियो भन्ने अड्कल काट्न सकिन्छ। उहिले जातीय विभेदका कारण केही पेशालाई सम्मानजनक र बाँकीलाई तल्लो स्तरमा राखेर हेर्ने गरिन्थ्यो। यसमाथि वि.सं. १९१० को मुलुकी ऐनले 'अछूत' माथिको शोषणकारी अभ्यासलाई झनै वैधानिकता दियो। यसले तिनलाई सार्वजनिक स्थानमा पस्न रोक लगाउनुका साथै सामाजिक भेलामा सहभागी हुन, अन्तर्जातीय विवाह गर्न, नयाँ गहना लगाउन, ठूला घर बनाउन तथा घोडा चढ्नसमेत बन्देज लगायो।

कथित उपल्लो जातका मानिसहरूले जमिन जोत्नुहुँदैन भन्ने धारणाले गर्दा हलिया प्रथाको थालनी भयो। जीविकाको अन्य वैकल्पिक स्रोत नहुँदा आर्थिक विपन्न र प्राकृतिक स्रोतसँगको पहुँच नपुगेका दलितहरू यस्तो अभ्यासलाई अँगाल्न बाध्य भए। केही दलित जमिन पाएको हुनाले र अरू चाहिँ जमिन्दारबाट ऋण लिएको हुनाले हली बने। त्यसो त बहुसंख्यक ब्राह्मण र ठकुरी भएका ठाउँमा हली भएर सेवा गरेबापत दलितहरूलाई जमिन दिइएको पनि पाइएको छ (रोबर्टसन् र मिश्र, १९९७)। केही स्थानहरूमा हलीको नाममा जग्गा दर्ता भएको छ भने कहीँ हलियाहरूको बस्ती छ तर जमिन जमिन्दारकै नाममा रहेको छ।

हलिया र कमैया प्रथाबीच धेरै समानता भेटिन्छन्। कमैया प्रथा प्रायजसो तराई क्षेत्रमा र हलिया पहाडी क्षेत्रमा व्याप्त भेटिन्छन्। पहाडी क्षेत्रका जमिन्दारले तिनका उच्च स्थानका भूमि जोत्नको लागि हली राख्ने गरेको पाइएको छ। कमैया प्रथामा जमिन्दारबाट लिएको ऋण सेवाले चुक्ता गर्ने प्रावधान भए पनि यस्तो ऋण हलिया प्रथामा भने चुक्ता हुँदैन। किनभने हलीले गरेको सेवालाई पहिले लिएको ऋणको ब्याजमात्रै मानिन्छ। तिनले गरेको कामले केवल ऋणको ब्याज चुक्ता गर्छ। अरू कामको लागि अन्त कतै जान निषेध हुनाले पनि हलीहरूलाई अतिरिक्त आम्दानीको कुनै अवसर रहँदैन। त्यसैले तिनले कहिल्यै साँवा रकम तिर्न सक्दैनन्। यस्तो विवश परिस्थिति लादिएको हुनाले नै हलीहरू बँधुवा श्रमिक भएका हुन्। यदि कुनै हलीको मृत्यु भयो वा ऊ काम गर्न असक्षम भयो भने उसको साटो परिवारका कुनै सदस्यले काम गर्नुपर्छ। यस कारण हलिया प्रथा एकबाट अर्को पुस्तामा सरिरहेको छ।

पूरै समाजले नै वर्षौं पुरानो प्रथाको रूपमा स्वीकारेको हुनाले जमिन्दारमात्रै होइन हली आफैँले पनि आफूमाथि अन्यायपूर्ण व्यवहार भएको छ भन्ने अनुभव नै गर्दैनन्। हली भएर कहिलेसम्म काम गर्नुपर्ने हो भन्ने कुनै समयसीमा छैन। कहिलेकाहीँ जमिन भएका गरीब किसान पनि जीवन धान्न गाह्रो परेर हली बन्छन्। खेतीको याममा जमिन्दारको खेतमा काम गर्न बाध्य हुने भएकाले यस्ता हलीले आफ्नै खेत जोत्नसमेत पाउँदैनन्। यस्तो भएपछि तिनले आफ्नो जमिनमा निकै ढिलो खेती सुरु गर्छन् जसले गर्दा ती खेतमा थोरैमात्र उत्पादन हुनेगर्छ। परिणामतः हलीहरू गरीबी र अभावको अँध्यारो छाँयामा बाँच्न बाध्य हुन्छन्।

सामान्यतया दुई खालका हलिया व्यवस्था प्रचलनमा छन्। एकथरी व्यवस्थामा हली जमिन्दार भएको ठाउँमा बस्छन् भने अर्कोथरी व्यवस्थामा तिनीहरू काम परेको बेलामा मात्रै जमिन्दारको घरमा जान्छन्। पहिलो खालका हलीहरूको जीवन लगभग बँधुवा श्रमिकको जस्तै हुन्छ भने दोस्रो खालका हलीले तुलनात्मक रूपले अलि स्वतन्त्र जीवन पाउँछन्। जमिन्दारका साथै हलीहरूले पनि यस्तो विभेदकारी प्रथालाई निरन्तरता दिन सहयोग गरेका छन्। यसमाथि पनि दलितले मात्रै हलीको रूपमा काम गर्नुपर्छ। कथित उपल्लो जातका मानिसले जमिन जोत्नु हुँदैन भन्ने धारणालाई परम्पराकै रूपमा लिइएको छ। गहिरो जरा गाडेको यस्तो सामाजिक विश्वासले यस क्षेत्रमा सो प्रथालाई धेरै दमनकारी र विभेदपूर्ण बनाएको छ।

जोत्ने काम यामअनुसार फरक पर्ने हुनाले जमिन्दारले खेतीको याम नभएको बेला हली राख्दैनन्। त्यसकारण हलीहरू खेतीको याम नभएको बेला स्वतन्त्र भई काम गरिरहेका भेटिन्छन्। नेपाल राष्ट्रिय दलित समाज कल्याणकारी संघद्वारा सुदूर पश्चिम क्षेत्रको ७ जिल्लामा गरिएको सर्वेक्षणले त्यस क्षेत्रमा ५,१७६ हली र तिनमाथि निर्भर १५,२५२ पारिवारिक सदस्य रहेको देखाएको छ (लामिछाने, २००४)।

## ९.३ कमैया र हलियाबीचको भिन्नता

कमैयाको तुलनामा हलिया प्रथा निम्नस्तरको देखिन्छ। कमैयालाई कम्तीमा पनि खाद्यान्न र आवासको आंशिक सुरक्षा हुन्छ तर हलीलाई त्यो पनि हुँदैन। तिनलाई खेतीपातीको याममा मात्रै काम गर्न बोलाइन्छ जब कि अरू समय तिनले आफैँ गुजारा गर्नुपर्ने हुन्छ। यसमाथि तोकिएको दिन जमिन्दारले अरू जोतारलाई पनि बोलाएको छ भने हलीले तिनीहरूसँगै खान पाउँछन्। तर यदि ऊ एक्लै छ भने उसले सामान्य खानासम्म पनि पाउँछ भन्ने कुनै निश्चित हुँदैन। हलीलाई अरू काम पनि गर्न लगाइन्छ तर सो कामको ज्याला पाउने कि नपाउने कुरा जमिन्दारको मानसिकतामा फरक पर्छ।

अधिकांश कमैयाहरू थारू समुदायबाट आएका हुनाले तिनलाई जमिन्दारको घरभित्र पस्न तथा काम गर्न दिइन्छ तर हलीलाई यतिसम्मको स्वतन्त्रता पनि हुँदैन। धेरैजसो हलीहरू दलित भएकोल यस्तो हुने गर्छ। यसरी हलीहरू कमैयाभन्दा पनि नाजुक स्थितिमा बाँच्न बाध्य हुन्छन्। उपल्लो जातका भनिनेहरूले तिनले छोएको पानीसमेत पिउँदैनन्। यस्तो अवस्थामा हलिया प्रथा कमैयाभन्दा पनि ज्यादै क्रूर र विभेदकारी छ भन्ने तर्क गर्न सकिन्छ।

## तालिका ९.१: कमैया र हलिया प्रथाको तुलना

| कमैया | हलिया |
|---|---|
| ➢ एक वर्षको लागि अनिवार्य बँधुवा श्रमिक बस्नुपर्ने<br>➢ जमिन्दारको सानो कटेरो (बुकुरा) मा बस्ने<br>➢ रकमरूपी ऋण लिएका<br>➢ कमैयाकी श्रीमतीलाई बुक्रही भनिने<br>➢ बालबच्चालाई गैवार, भैसवार र कम्लरी भनिने<br>➢ ऋण चुक्ता भएको अवस्थामा कमैया माघी (थारू पर्व) मा परिणत हुन सक्ने<br>➢ जातीय छुवाछूतको प्रचलन नभएको<br>➢ ऋणका कारणले अन्याय भोग्न बाध्य भएका<br>➢ बुक्रहीहरूले पनि खाद्यान्नको लागि सेवा दिनुपर्ने<br>➢ धेरैजसो भूमिहीन थारूहरू यस्तो व्यवस्थाको सिकार भएका | ➢ खेतीको एक यामका लागि अनिवार्य बँधुवा श्रमिक बस्नुपर्ने<br>➢ जमिन्दारले उपलब्ध गराएको जमिन वा आफ्नै घरमा बस्ने<br>➢ रकमरूपी र/अथवा भूमिरूपी ऋण लिएका<br>➢ महिलाले अनिवार्य रूपमा खेतमा काम गर्नुपर्ने<br>➢ बालबच्चाहरूलाई चरुवाको रूपमा प्रयोग हुने<br>➢ जमिन फिर्ता दिइएमा वा ऋण चुक्ता भएको खण्डमा जमिन्दारले खेतीको याम सकिएपछि हली परिवर्तन गर्न पाउने<br>➢ ब्याज रकम चुक्ता गर्नको लागि काम गर्नुपर्ने<br>➢ तीव्र जातीय भेदभाव<br>➢ न्यून ज्यालामा पूरै जमिन जोत्ने र भान्साबाहिरका सबै घरायसी कामकाज गर्ने सम्पूर्ण जिम्मेवारी लिनुपर्ने<br>➢ धेरैजसो भूमिहीन दलित यस्तो व्यवस्थाको सिकार भएका |

*स्रोत: लामिछाने (२००४); गौतम र प्रसाईं (२००६)।*

**जग्गाधनीको खटनमा बस्नुपर्ने बाध्यताले हलीहरूको सम्पूर्ण जीवनलाई अँध्यारोतर्फ धकेलिदिएको छ। एण्टी-स्लेभरी इण्टरनेसनलका लागि रोबर्टसन् र मिश्र (१९९७) ले बैतडीमा गरेको अध्ययनले २,४०८ मध्ये ४०५ हलीहरूमात्रै शिक्षित भएका देखाउँछ। ६५% भन्दा बढी हलीले खान पुग्ने अन्न पनि नभएको तथा जमिन्दारसँग बारम्बार ऋण लिन परेकाले आफूहरू हली नै रहन बाध्य भएको बताएका थिए। यस्तो प्रक्रियामा तिनले ब्याजस्वरूप ब्याङ्कको दरभन्दा छ या सात गुणा बढी रकम तिर्नुपर्ने थियो। आश्चर्यलाग्दो कुरा त तिनलाई अझै पनि आफ्ना जमिन्दारले गरेको शोषणबारे कुनै ठूलो गुनासो थिएन। उच्च ब्याजदर त परै जाओस्, बरु जमिन्दारले आफूहरूलाई संकटको बेलामा सहयोग गरेका हुनाले हलीहरूले तिनको प्रशंसा गरेको पाइयो।**

**जमिन्दारको घरमा भएका हेरालो र सेवकहरूको स्थिति त झनै विदारक छ। मानौं कुनै यन्त्रजसरी नै काम गरिरहेका यी व्यक्तिहरूले कहिले मानवयोग्य जीवन बाँच्न पाउलान् ? उत्तर कसैलाई थाहा छैन। सरकारले यस्तो दुःखद् यथार्थलाई अनुभूत गर्न अझापि बाँकी नै छ।**

## बक्स ९.१: बैतडीमा हलियाका छ पुस्ता[२५]

बैतडी जिल्लाको ग्वालेक गाविसका दलितहरू आफ्नै जमिन पाउने आशामा छ पुस्तादेखि हली भई काम गर्दै आएका छन्। छ पुस्ताअघि जोशी ब्राह्मणहरूले कृषि औजार बनाउनको लागि तिनलाई मगराउँ गाउँमा केही जमिन दिएका थिए। गएको त्यही छ पुस्तादेखि काम गरिरहेका भएपनि तिनलाई दिने भनिएको जमिन अझै दिइएको छैन। तिनले घर बनाएको जमिनको अधीनत्वमात्रै तिनको नाममा दिइएको छ।

केही दलितहरूले २०४४ सालमा जमिन्दारलाई केही रकम दिएर जग्गा दर्ता गरेका भए तापनि यस क्षेत्रका अधिकांश दलितहरूको कुनै जमिन छैन।

## बक्स ९.२: जमिन्दारको अत्याचार[२६]

देहिमाडौँ गाविस वडा नं. ५, बैतडीका छत्तीस वर्षीय चक्रराम लावडले सोही गाउँका जोगेन्द्र बोहरासँग २० वर्षअघि ७,००० रूपैँया ऋण लिएका थिए। सो ऋणको ब्याजका रूपमा उनले जमिन जोत्न सुरु गरे। हली भइसकेपछि उनको काम जोत्नु, दाउरा खोज्नु तथा विभिन्न घरायसी सामान ढुवानी गर्नु आदि पर्छन्। हली हुनाले उनले जमिन्दारले अह्राएका सबै कुराहरू मान्नुपर्ने हुन्छ।

सामाजिक परम्पराका रूपमा सुरु भएको हुनाले हलिया प्रथामा आधिकारिक अभिलेख र विवरण राख्ने व्यवस्थाको अभाव छ। चक्ररामलाई उनले हली बन्न छोड्ने छैनन् भनी निङ्लाशैनी भगवती मन्दिरमा कसम खान लगाइयो। हलिया प्रथाविरुद्धको आन्दोलन सुरु भएपछि जमिन्दारले हलियाका धितो जमिन खोसे। त्यसपछि तिनले के लेखिएको छ भन्ने थाहै नपाई हलियाले सही गरेका कानूनी कागजहरू गाविस सचिवबाट आफ्नो हात पारे।

छ वर्षअघि चक्रराम लावडसँग एउटा घोडा थियो। एकदिन जमिन्दारले उनको घोडामा भटमासको एउटा गह्रुँगो बोरा ल्याउन अह्राए। बोरा घोडाको लागि पनि ज्यादै गह्रुँगो थियो। त्यसैले घोडाले फाल्दियो। आखिर यसकै कारणले उनले समेत साहूको लात्ती खानुपर्‍यो। लात्तीले चक्रराम मुर्छा परे तर त्यतिबेला उनलाई सहयोग गर्ने कोही थिएन। यस्तो अपमान र यातनामा धेरै दिन टिक्न नसक्ने सोच्दै उनी सपरिवार भारतस्थित पिथौरागढ हानिए जहाँ उनले ५ वर्षसम्म काम गरे। २०६३ भदौमा उनी घर फर्केर फेरि जमिन्दारको लागि काम गर्न थाले। तर अझै पनि जमिन्दारको व्यवहार परिवर्तन भएको थिएन। बाटोमा उसको अघि परिहाले पनि जमिन्दार उनीमाथि चिच्याउन थाल्थे। यसले उनलाई धेरै नै निराश बनायो। अन्ततः उनले यस्तो कामविरुद्ध हलिया अधिकार मञ्चको सहयोगमा जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गराए।

---

[२५] *ग्वालेक गाविस वडा नं. ६, मगराउँका ९ दलित सदस्यसँग २०६४ बैशाख २३ मा लिइएको अन्तर्वार्ता।*

[२६] *अमरगढी नगरपालिका वडा नं. १, बबेत टोलमा २०६४ जेठ १९ गते भएको आमभेलामा चक्रराम लावडले यो कथाको बेलिविस्तार लगाएका थिए।*

**सिएसआरसी (२००६) ले गरेको एक अध्ययनले हलियाले दिनमा १२ देखि १६ घण्टा काम गर्नुपर्ने र कहिलेकाहीँ जमिन्दारको निर्देशनानुसार त्योभन्दा धेरै समय पनि काम गर्नुपर्ने अवस्था रहेको देखाउँछ। हलियाहरूले वर्षमा ६ देखि १२ महिनासम्म काम गर्नुपर्ने हुन्छ।**

**सरकारले तोकेको न्यूनतम ज्याला (साठी रूपैँयाका दरले प्रतिदिन आठ घण्टा) लाई हेर्ने हो भने एकजना हलीले छ महिनाको अवधिमा कम्तीमा १०,८०० रूपैँया कमाउनुपर्छ (सिएसआरसी, २००६)। यदि हलियाले १०,००० रूपैँया ऋण लिएको छ भने सरकारले तोकेको वार्षिक ब्याज १,००० रूपैँया हुन आउँछ। तर ब्याज बराबरको यत्ति १,००० रूपैँया नै उसले वर्षभरि हली भएर गरेको श्रमको कमाइ हो ! यसको अर्थ जमिन्दारले पूरै वर्षको श्रममा आधा वर्षको मात्रै ज्याला दिएर उसबाट कम्तीमा पनि ९,८०० रूपैँया बढी लिएको छ भन्ने हुन्छ।**

## ९.४ भूमि वञ्चितता

**जीविकाको मुख्य स्रोत जमिनबाट नै वञ्चित भएपछि दलितहरू दासजस्तै जीवन बाँचिरहेका छन्। स्रोत र शक्तिसँग तिनको पहुँच निकै नाजुक र सीमित रहेको छ। यसले गर्दा तिनलाई यो कठिन परिस्थितिबाट मुक्त हुन अप्ठ्यारो परिरहेको छ। यस्ता घटनाहरू आज पनि जारी छन्।**

### बक्स ९.३: अधिकार र जीविकाबीचको रोजाइ[२७]

बैतडी जिल्ला, दुनगढीको दुर्गाभवानी गाविस, वडा नं. ५ का वीरबहादुर तिरुवाको वेदना निकै हृदयविदारक छ। बत्तीस वर्षीय वीरबहादुरको परिवारमा छ सदस्य छन्। केवल एउटा घरमात्रै बनाउन पुग्ने तिनको जमिनमा मुस्किलैले एक महिना जतिलाई पुग्ने अन्न फल्छ। आफ्नो परिवारलाई दिनको दुई छाक टार्न पनि धौ-धौ परेकोले उनका बाबुले स्थानीय जमिन्दार गणेश भट्टसँग १८ वर्षअघि ऋण लिएर उनको हली भएका थिए। रु. ६,६६५ ऋण तिर्नको लागि विगत १८ वर्षदेखि वीरबहादुर वर्षको कम्तीमा ३२ दिन काम गरिरहेका छन्। पसलेले उनलाई उधारोमा सामन दिन पनि छोडिसके। सुदूर पश्चिम क्षेत्रमा गौरा पर्वमा नयाँ कपडा लगाउने चलन छ। तर यो वर्ष वीरबहादुरले आफ्नो पुरानै कपडामा पर्व मनाए। हलिया प्रथाविरुद्धको आन्दोलनमा सहभागी भएका हुनाले उनले गाउँमा कुनै पनि काम लिएनन्। जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गरेदेखि उनलाई अन्त कतै कामको लागि जान फुर्सद मिलेको छैन। मान्छेले उनलाई ऋण दिन छोडेपछि उनीसँग अचेल नयाँ कपडा किन्नको लागि पैसा पनि हुँदैन। उनले आफूसँग भएको कपडा काटेर दुई सन्तानको जीउ ढाक्ने जोहो गरे। लालपूर्जा नै धितो राख्छु भन्दा पनि उनले कतैबाट ऋण पाउन सकेनन्।

---

*[२७] वीरबहादुर तिरुवा (हली) र सरस्वती नेपाली (अधिकारकर्मी) बीच २०६४ भदौ ४ गते भएको अनौपचारिक कुराकानीमा आधारित।*

## बक्स ९.४: दलितहरूको संघर्ष[२८]

डडेल्धुरा जिल्लाको गणेशपुर गाविसमा पर्ने कुजाकोट गाउँ, वडा नं. १ मा लुहार (दलित) हरूले पहिलो बस्ति बसाएका थिए। दिपायल र डोटीमा भूमि कब्जा गर्ने क्रममा देउवा र ठकुरीहरूले कुजाकोटको जमिन पनि कब्जा गरे। त्यस क्षेत्रमा बसेका दलितहरूमाथि नियन्त्रण कायम राखी देउवाहरूले त्यो जमिनको बिर्ता उठाउन थाले र तिनलाई ठकुरीहरूको हली बनाए। कुजाकोटका जोगी लुहारका अनुसार दुई लुहार दाजुभाइसँग प्रशस्त जमिन थियो। देउवाहरूले तिनले उर्वर जमिन वा पाखा के चाहन्छन् भनी सोधे। उर्वर जमिन चाहन्छौँ भन्दा देउवाहरूले मार्छन् भन्ने डरले तिनले पाखा नै चाहन्छौँ भने। फलतः सबै उर्वर जमिन देउवाहरूकै अधीनमा आयो र दलितहरूलाई नाङ्गा पाखामा बस्न लगाइयो। अहिले देउवाहरू लुहारहरूलाई मोहियानी हक दिन पनि मानिरहेका छैनन्। जमिन तिनको नाममा लेखाउन देउवाहरूले प्रतिपरिवार दश हजार रूपैंया मागेका थिए। लुहारहरूले आफूहरू त्यति रकम तिर्न असमर्थ रहेको जनाए। तिनले बरु आफूहरूसँग भएका सबै बाख्रा दिने र तिनलाई भूमिदाता मानी पूज्ने शर्त अघि सारे। तर देउवाहरूले त्यसरी पनि जमिन दिन अस्वीकार गरे। बदलामा देउवाहरूले तिनलाई पहिले दिइएको जमिन पनि खोस्न सक्ने धम्कीसमेत दिए।

डडेल्धुरा जिल्लाको खोली गाविसमा मोही भई काम गरिरहेका १९ सार्की परिवार छन्। तिनीहरू बसिरहेको जमिन पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाको काकाको नाममा छ। वन फाँडेर दलितले भूमिसँग आफ्नो पहुँचयोग्य बनाई खेती गर्न थालेका थिए। पछि देउवाहरूले त्यही भूमि आफ्नो नाममा बनाए। मोहियानीमा रहेको जमिन नामसारी गर्न आग्रह गरिँदा देउवाहरूले प्रति आधा रोपनी (०.०३ हेक्टर) जमिन बराबर रु. १५,००० का दरले पैसा तिर्न भने।

डडेल्धुरा जिल्ला असीग्राम गाविसमा बसिरहेका दलितहरूको पनि उस्तै हाल छ। फाल्टुँडेमा ११ दलित परिवार छन्। तिनीहरू गाउँका मुखिया शेरबहादुर देउवाको जमिनमा बसिरहेका छन्। मुखिया देउवाको १० रोपनी (०.५३ हेक्टर) जमिनमा ११ दलित परिवारको बस्ति छ।

गाउँलेहरूका अनुसार पूर्व प्रधानमन्त्री देउवाका पनि मोहीहरू छन्। जोत्नेहरूलाई मोहियानी हकसहित क्रान्तिकारी भूमि सुधार कार्यक्रम घोषणा गर्ने प्रधानमन्त्री उनी नै थिए। तर उनी आफैँले मोहीहरूलाई तिनको हक दिएका छैनन्।

## ९.५ हलियासम्बन्धी कानूनी प्रावधान

**नेपालमा हलिया प्रथाको सन्दर्भमा कुनै छुट्टै कानून छैन। तर हलीहरूका विरुद्ध काम गर्नेलाई विद्यमान कानूनी व्यवस्थाभित्रै सजाय हुनसक्ने प्रावधान छ।**

**नेपालको अन्तरिम संविधानमा प्रत्येक नागरिकलाई उत्पीडन विरुद्धको अधिकार छ भनी लेखिएको छ। अन्तरिम संविधान-२०६३ अनुसार प्रथा, परम्परा, प्रचलन र संस्कृतिको नाममा कसैलाई कोहीमाथि शोषण गर्ने अधिकार छैन। कसैलाई**

*[२८] २०६४ साउन २८ गते डम्बर टमाटा (हली) र नरिराम लुहार (अधिकारकर्मी) बीच भएको अन्तरसंवादमा आधारित।*

पनि मानव तस्करी, दासता अथवा बँधुवा श्रमजस्ता काम गर्न/गराउन दिइने छैन। कसैलाई पनि तिनको इच्छाविपरीत बलपूर्वक काममा लगाइनेछैन। राज्यको यस्तो निर्देशनले सुकुम्बासी, कमैया, हलिया, हरुवा र चरुवाजस्ता वञ्चित समुदायको सामाजिक-आर्थिक सुरक्षा प्रदान गर्छ (जिओएन, २०६३)।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, दासताविरुद्धको सन्धि तथा बँधुवा श्रम सन्धिलगायतका विभिन्न अन्तर्राष्ट्रिय कानून तथा घोषणाहरूले यस्ता विभेदकारी कुचलनमाथि बन्देज लगाएको छ। तर राज्यले यावत् कानूनलाई कडा कार्यान्वयन नगरेको हुनाले समस्या अझै कायम छन्।

कमैया श्रम निषेध ऐनले कमैया शोषणमाथि प्रतिबन्ध लगाएको छ। यसले भैसवार, गैवार, कम्लरिया र हलीसमेतका श्रमिकलाई समेटेको छ। उपरोक्त ऐनअनुसार कमैयाका साथै हलीहरू पनि मुक्त हुनुपर्ने थियो। तर अहिले न हलीहरू नै मुक्त भएका छन्, न त सरोकारवाला र सम्बन्धित निकायले नै तिनको मुक्तिको समाचार पुऱ्याउन सकेका छन्।

हलियाको ऋण खारेजी सहित २०६५ भदौ २१ गते नेपाल सरकारले हलिया मुक्तिको औपचारिक घोषणा गरेको छ। तर काठमाडौँको घोषणा हलियाको घरदैलोसम्म पुग्न सकेको छैन्। सरकारी घोषणाको स्थानीयस्तरसम्म प्रचार-प्रसार नपुगेको र त्यसपछिका कदमसमेत नचालिएकाले यो घोषणा केवल घोषणामै सीमित हुने हो कि भन्ने चिन्ता पनि बढ्न थालेको छ।

सरकारी घोषणापछि पनि हलियाका मालिकहरूले भने ऋण फिर्ता गर्न दबाब दिइरहेका, रकम नतिरे गरिआएको कुनै पनि काम नदिने, कमाउँदै आएको जग्गा खोस्नेसाथै पाप र धर्मको डर देखाउने खालका धम्की पनि खप्न बाध्य भएको हलियाहरूले बताएका छन्।

बैतडी जिल्ला दशरथचन्द्र नगरपालिकाका लछिराम लोहार घोषणाले के खान दिन्छ भनी रोष पोख्छन्। कमाउने जग्गा र रोजगारीको प्रत्याभूति नभई केही हुँदैन भन्ने उनको विचार छ। जग्गाविनाको मुक्तिले कुनै अर्थ नराख्ने अर्का हलिया महेश लावडको धारणा छ। मालिकहरूको जग्गा छुटचाउँदा तिनलाई आफ्नो जमिनको साँध-सीमाना थाहा हुँदैन। हाम्रो साँधको टुंगो लाग्नुपर्छ। जग्गाको हक नदिई पाखा पारिए पछि हामीले के खाने ?

कमैया श्रम निषेध ऐन-२०५८ मा पनि हलिया मुक्तिको विषय समेटिएको छ। सर्वोच्च अदालतले पनि २०६४ वैशाख ३ गते हलिया पुनर्स्थापनाको लागि सरकारको नाममा परमादेश जारी गरेको थियो। नयाँ सरकारले हलिया मुक्तिको

घोषणा गरेर आफ्नो प्रतिबद्धता तथा अठोट अघि सार्नु राम्रो देखिए पनि यो घोषणा फेरि पनि अधुरै छ।

मूलत: भूमि सम्बन्धसँग जोडिएका यस्ता प्रथाहरु देशभरि छरिएर रहेका छन्। कुनै ठाउँ विशेष र किस्ताबन्दीमा मुक्तिको घोषणा गर्ने प्रक्रियाले यो प्रथा एक वा अर्को स्वरुपमा देशका विभिन्न भागमा रहिरहन्छ। तसर्थ यो घोषणासँगै भूमि आधारित सम्पूर्ण शोषण तथा उत्पीडनकारी प्रथाहरुको देशभरि अन्त्य गर्ने अठोट सरकारले सार्वजनिक गर्दै यसलाई व्यवहारमा उतार्न व्यवस्थित नीति तथा कार्यक्रम पनि ल्याउनुपर्छ।

ऋण मिनाहाले मात्र तिनीहरू मुक्त हुँदैनन्। तिनको लागि १२ महिना खानपुग्ने जग्गा र अन्य रोजगारीको सुनिश्चितता गरिनुपर्छ। हलिया बसेका र तिनले खेतीको लागि चर्चेका जग्गा पूरै र हलियाले पुस्तौंदेखि श्रम-पसिना बगाउँदै आएका मालिकको जग्गामा आंशिक अधीनत्व कायम गर्नु अति जरुरी छ। कमैया मुक्ति आन्दोलनले सिकाएको पाठ पनि यही हो। हलियाहरूको बसोबास रहेको क्षेत्रमा ऐलानी तथा बाँझो खेतीयोग्य जमिनमा सामूहिक खेती गर्ने कार्यक्रम बनाउन सकिन्छ। तिनको शिक्षा तथा स्वास्थ्यको जिम्मेवारी पनि राज्यले लिनुपर्छ। परम्परागत मालिकसँग सम्बन्ध टुटेको अवस्थामा निश्चित रुपमा जीविकाको उपयुक्त विकल्प स्थापित गर्नु पनि अपरिहार्य छ। फेरि मालिकको ऋणको दुष्चक्रमा नफँस्ने स्थिति निम्त्याउन यस्ता गरीब परिवारलाई सहकारीमा संगठित गरी सामूहिकता र पूँजी निर्माणको दैलो उघार्नुपर्छ।

साँचो अर्थमा शोषणमा परेका घरपरिवारको पहिचान गर्नु अर्को मुख्य पाटो हो। हलिया र हरुवा-चरुवाको पहिचान जग्गाधनीले नभई स्थानीय सरकार र सामाजिक अभियानकर्मीहरूको स्वतन्त्र टोली बनाएर पहिचान गरी यथार्थ अभिलेख तयार पारिनु पर्छ। मुक्तिको प्रक्रियामा हलियाहरू मालिकबाट असुरक्षाको महशुस गरिरहेका छन्। तिनीहरु आफू कसको हलिया हो भन्न पनि डराउने गरेका देखिन्छन्। आगामि दिनमा सरकारले पुनर्स्थापना गरेन भने कसरी गुजारा धान्ने भन्ने चिन्ता तिनमा व्याप्त देखिन्छ। अत: सरकारले मुक्तिसँगै तत्पश्चात्का योजनाहरू पनि सार्वजनिक गरी पीडितलाई विश्वस्त तुल्याउनुपर्छ। यस विषयमा व्यापक प्रचारप्रसार र जागरणको खाँचो छ। यी सबैको लागि जमिन्दारहरूमा समेत उत्तरदायित्वको खाँचो पर्छ। यसरी समस्याका यथार्थ पाटोमा ख्याल राख्ने हो भने हलियाहरूका सम्बन्धमा केन्द्रीयबाहेक स्थानीय आयोग वा कार्यदलहरू नै बढी महत्वपूर्ण हुने देखिन्छ।

**देशभरिका सम्पूर्ण क्षेत्रले नै व्यापक दबाब दिएपछि २०६४ सालमा नेपालको सर्वोच्च अदालतले कसैले पनि हली राख्न नपाउने आदेश जारी गरी सरकारलाई यस सम्बन्धमा एउटा निर्देशन पनि दियो। तर पनि सरकारले यसमाथि कुनै ठोस कार्य थालेको छैन।**

### बक्स ९.५: निरन्तर शोषण[२९]

अछाम जिल्ला, चाल्सा गाविसका माने कामीले सोही गाउँका पदमसिंह थापाको लागि ३१ वर्षदेखि हलीको काम गर्दै आएका छन्। बुढचौलीले गर्दा काम गर्न नसक्ने भएपछि उनका छोरा हली भएका छन्। अरू कुनै विकल्प नभएको हुनाले उनी आफूले चाहिँ अझै घरको हेरविचार तथा अन्य सानातिना घरायसी धन्दा गर्छन्।

उन्चालीस वर्षीय हरिराम पहारी दशरथ चन्द नगरपालिका-६ मा एक स्थानीय जमिन्दारको हली भई काम गरिरहेका छन्। उनका बुवा र हजुरबुवा पनि दुवै हली थिए। हरिरामका अनुसार उनका हजुरबुवाले वर्षौंअघि लिएको रु. ४५० ऋण चुकाउनको लागि उनीहरू तीन पुस्तादेखि काम गरिरहेका छन्। उनी दिनभर जमिन्दारको खेत जोत्छन् र उनकी श्रीमती तथा बालबच्चा दाउरा खोज्ने वा मेलापात धाउने काम गर्छन्। ऋणको रकम तिर्न खोज्दा पनि साहूले लिन नमानेको उनी बताउँछन्।

भवानी गाविस, बैतडीका भनिराम लावड ६४ वर्ष पुगिसकेका छन्। उनका बाबु कालुरामले वि.सं. १९९१ मा एकजना स्थानीय जमिन्दारसँग उसको खेत जोत्ने शर्तमा ७५ रूपैँया ऋण लिएका थिए। त्यसपछि नै उनका बाबुले हलीको रूपमा काम गर्न थाले। बाबु बितेपछि भनिराम आफैँले खेत जोत्न थाले। खन्नु र जोत्नुबाहेक उनले अरू पनि काम गर्नुपर्छ। तर अझै पनि उनले ७५ रूपैँयाको ऋण चुक्ता गर्न सकेका छैनन्।

## ९.६ निष्कर्ष

**नेपालमा कानूनी रूपमा दासप्रथाको अन्त्य भइसकेको छ। कमैया श्रम निषेध ऐन-२०५८ ले तराईको कमैया प्रथाका साथै पहाडमा भएको हलिया प्रथाको समेत उन्मूलन गरिसकेको छ। धेरै राजनीतिक दलहरू समेत यस्तो प्रथाको अन्त्यको पक्षमा उभिएका छन्। नागरिक समाज, गैरसरकारी संस्था, सञ्चारजगत र मानव अधिकारकर्मीहरू पनि हलिया प्रथाको अन्त्यका पक्षमा छन्। तर पनि समस्या अझै हावी छ। यस्तो अमानवीय बँधुवा श्रम प्रथा निरन्तर कायम रहनुको मुख्य कारण सम्भ्रान्त शासकको सामन्तवादी मानसिकता नै हो।**

**हलिया प्रथा २०६५ भदौमा विधिवत् अन्त्य गरिएको घोषणा भए पनि व्यवहारमा त्यसको कुनै प्रभाव देखिएको छैन। यी सबै प्रथाहरू सामन्तवादी**

[२९] *नरिराम लुहारद्वारा २०६४ भदौमा तयार पारिएको वैयक्तिक अध्ययन (केस स्टडी)।*

**भूमि व्यवस्था र पछौटे कृषि प्रणालीकै उपज हुन्। यसर्थ यी समस्यालाई छुट्टाछुट्टै सम्बोधन गरिनुपर्छ। साथै समग्र भूमि व्यवस्थालाई जनमुखी नबनाएसम्म यस्ता शोषणकारी व्यवस्था तथा गरीबीको पूर्ण अन्त्य हुनु सम्भव पनि देखिँदैन। तसर्थ जनमुखी भूमि व्यवस्थालाई सरकारले प्राथमिकताको सूचीमा राख्नु आवश्यक छ। आफ्नो घोषणालाई व्यवस्थित योजनासहित व्यवहारमा उतार्न सरकारले कुनै कसर बाँकी राख्नु हुदैंन। यसको लागि सर्वपक्षीय सहयोग तथा सहभागिता जरुरी छ।**

## सन्दर्भ सामग्री


1. गौतम, आर. र जे. एन. प्रसाईं। २००६। *बँधुवा तथा बाध्यकारी श्रम सम्बन्धहरू*। काठमाडौँ: ट्रेड युनियन महासंघ नेपाल (जिफन्ट)।

2. लामिछाने, आर.। २००४। *मुक्त कमैया।* काठमाडौँ: ब्याकवार्ड एजुकेसन सोसाइटी।

3. जिओएन। वि.सं. २०६३। *नेपालको अन्तरिम संविधान-२०६३*। काठमाडौँ: नेपाल सरकार।

4. CSRC (2006). A Study on Haliya/Haruwa and Charuwa: Forms, Determinants and Complexities. Kathmandu: CSRC and ILO.

5. Robertson, A. and Mishra, S. (1997). *Bonded Labour in Nepal's Agricultural Economy*. Kathmandu: Anti Slavery International.

## परिच्छेद १०

*✍ जगत देउजा, गणेश राम र विष्णुराज उप्रेती*

# तराईका हरुवा र चरुवाहरू

### १०.१ परिप्रेक्ष्य

'हरुवा' भन्ने शब्दले वार्षिक करारमा नियमित रूपमा जमिन्दारको खेतमा जोत्ने मानिस (साधारणतया पुरुष) लाई जनाउँदछ। उसले ब्याजको सट्टामा काम गर्नुपर्छ र साँवा रकम चुक्ता गर्नुपर्छ। तराईको स्थानीय लवजमा हरुवालाई 'हरहवा' भन्ने गरिन्छ जसको अर्थ 'जोत्ने मानिस' हुन्छ र यस्तो करारपछि दिइने सेवालाई 'हरवाही' भनिन्छ। तिनले खेत जोत्नुको साथसाथै अन्य घरायसी धन्दा पनि गर्छन्।

जमिन्दारको बस्तुभाउ हेर्ने महिला वा पुरुषलाई 'चरुवा' भनिन्छ। 'चरुवा' प्राय: हरुवाको छोरा वा कहिलेकाहीँ छोरी पनि हुने गर्छन्। यो प्रथा तराईमा जहाँतहीँ छ। जमिन्दारले अनाथ बच्चालाई पनि चरुवाको रूपमा राख्ने गर्छन्। यदि ऊ पुरुष भएमा पछि हरुवामा परिणत हुन्छ । हलिया र हरुवाको उस्तै अर्थ लाग्ने गर्छ तर स्थानीय भाषामा हलिया शब्द पहाडमा र हरुवा तराईमा प्रयोग गरिन्छ। प्राय: हरुवा र चरुवा दुवै दलित समुदायका हुन्छन्। धेरैजसो तिनले एउटै जमिन्दारका बस्तुभाउ चराउँछन्। तर कहिलेकाहीँ यस्तो काम अरू जमिन्दारको लागि पनि गर्छन्। यो व्यवस्था तराईका सिराहा, सप्तरी र धनुषा जिल्लामा बढी चल्तीमा छ। मुख्यतया: मुसहर र चमार (तराई दलित) हरू पुस्तौँदेखि चरुवाको काम गर्दै आएका छन्।

### १०.२ हरुवा र चरुवाको अवस्था

हरुवा र चरुवाले कहिलेकाहीँ तिनको कामको सामान्य ज्याला पाउँछन्। तर त्यो तिनको पारिवारिक गुजाराको लागि पर्याप्त हुँदैन। १९८१ मंसिर १४ गते चन्द्र शमशेर जबराले दासप्रथा उन्मूलनको घोषणा गरेका थिए। यसको अतिरिक्त मानव अधिकारको विश्वव्यापी घोषणाले पनि सबै व्यक्तिहरू समान हुने र तिनको सम्मानपूर्वक बाँच्न पाउने हक छ भन्ने वकालत गर्दछ। यसमा बँधुवा श्रमलाई स्वीकार गरिएको छैन र त्यस्तो श्रमलाई मानवीय मूल्य र

लोकतान्त्रिक अभ्यासको विपरीत भनिएको छ। यसैगरी अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) को महासन्धि २९, १०५ र १८२ ले पनि बलपूर्वक लगाइने श्रम र बँधुवा श्रमलाई निषेध गरेको छ। यसका साथै नेपालले कमैया श्रम निषेध तथा नियमन ऐन र बाल श्रम निषेध तथा नियमन ऐन जारी गरेको छ। तैपनि नेपालको तराईमा हरुवा र चरुवाको स्वरूपमा दासत्व अझै कायम छ। ठूलो संख्यामा मानिसहरू जीविकोपार्जनको लागि अझै पनि हरुवा र चरुवा बन्न बाध्य छन्।

हरुवाले जमिन्दारको खेतमा काम गर्नुपर्छ र उसका श्रीमती तथा बालबच्चाले पनि प्राय: मालिकको घरमा विनाज्याला नै काम गर्नुपर्छ। हरुवा र चरुवाहरू वास्तवमा विनाज्याला काम गर्दैनन् तर पनि यिनको ज्याला भिन्ना-भिन्नै र धेरैजसो न्यून खालको हुन्छ। यिनीहरू कि आफ्नै घरमा बस्छन् कि त जमिन्दारले दिएको 'हलिया चाल' मा बस्छन्। हलिया चाल भन्नाले प्रायजसो ०.३४ हेक्टर जमिनलाई बुझिन्छ। मालिकको सेवा गरेबापत हरुवाले खेतीपातीको लागि यस्तो निम्न गुणस्तरको थोरै जग्गामा पाउँछन्।

नेपालमा राज्यले आफ्ना अधिकारी, सेवा प्रदायक, राजपरिवारका नातेदार, सैनिक अधिकारी, पुजारी र शासक वर्गका सेवकहरूलाई जमिन वितरण गर्ने चलन थियो (थापा, २०००)। यसरी ऐतिहासिक रूपमा हरुवा/चरुवा प्रथा राज्यको सामन्ती चरित्रबाट सुरु भयो। उदाहरणको लागि बर्दियामा भूमि अधीनत्व परिवर्तनमा थापा (२०००:१४४) ले गरेको अध्ययनले वि.सं. १९६६ मा व्यक्तिगत अधीनत्व (जमिन्दारबाहेक) मा रहेको ३५,२१७.७ हेक्टर जग्गा वि.सं. २००७ मा १६,२५४.३ हेक्टर जमिन्दारहरूले आफ्नो बनाइसकेका थिए। यस्तो भूमिदान प्रक्रियामा बहुसंख्यक मानिसले आफ्नो जग्गा मात्र गुमाएनन्, तिनलाई जमिन्दारका लागि विनाज्याला सेवा (झारा) प्रदान गर्न पनि लगाइयो। सिएसआरसी (२००६) ले सिराहा, सप्तरी र धनुषा जिल्लामा गरेको अध्ययनले मुख्यतया दलित र सीमान्तीकृत किसानहरूले जमिन्दारलाई यस्तो सेवा प्रदान गरिरहेका थिए भन्ने देखाउँछ। विस्तारै परिवर्तन हुँदै यस्तो व्यवस्था हरुवा र चरुवाको माध्यमले स्थायी सेवामा विकसित भयो। तालिका १०.१ ले पूर्वी तराईका तीन जिल्लामा हरुवा र चरुवाहरूमध्ये पनि दलितको संख्या अत्यधिक रहेको देखाउँछ।

जनजातिमा हरुवा/चरुवा बन्नेहरूको प्रतिशत अत्यन्तै न्यून छ। यसको सम्भावित कारण तिनको न्यून जनसंख्या र तुलनात्मक रूपमा राम्रो आर्थिक अवस्था पनि हुनसक्छ। हरुवा/चरुवाहरूको वास्तविक संख्या तालिका १०.१ मा देखाइएभन्दा पनि बढी हुनसक्छ किनभने हरुवाका बालबच्चा र अल्पसंख्यकलाई यो अध्ययनमा समावेश गरिएको छैन।

**तालिका १०.१: अध्ययन क्षेत्रमा हरुवा र चरुवाको जातिगत/जनजातीय वितरण**

| जिल्ला | जात/जनजाति | संख्या | प्रतिशत |
|---|---|---|---|
| सिराहा | दलित | २७४ | ५३.३ |
| | जनजाति | २९ | ५.६ |
| | गैरदलित | १४९ | २९.० |
| | मुसलमान | ६२ | १२.१ |
| | जम्मा | ५१४ | १०० (३२.२४) |
| सप्तरी | दलित | ५२८ | ७४.६ |
| | जनजाति | ३ | ०.४ |
| | गैर दलित | १६२ | २२.९ |
| | मुसलमान | १५ | २.१ |
| | जम्मा | ७०८ | १०० (४४.४१) |
| धनुषा | दलित | २६९ | ७२.३ |
| | जनजाति | ७ | १.९ |
| | गैरदलित | ९२ | २४.७ |
| | मुसलमान | ४ | १.१ |
| कुल | जम्मा | ३७२ | १०० (२३.३३) |
| | **कुल** | **१५९४** | **१००.०** |

*स्रोत: सिएसआरसी (२००६)*

**तालिका १०.१ मा देखाइएअनुसार हरुवा र चरुवामा दलितको बाहुल्यता रहेको पाइन्छ। तालिका १०.२ ले दलितहरूको अवस्थालाई अझ बढी प्रस्टचाउँछ।**

**तालिका १०.२: प्रमुख दलित समूहबीच भूअधीनत्व**

| क्र.सं. | जाति | अध्ययनमा समेटिएको कुल संख्या | भूमिहीन % | एक रोपनी भन्दा कम % | ६-१० रोपनी % | ११-२० रोपनी % | २१ र सोभन्दा माथि % | कुल संख्या |
|---|---|---|---|---|---|---|---|---|
| १. | कामी | १७० | ११.२ | ४६.५ | १८.८ | १७.१ | ६.५ | १७० |
| २. | दमाई | १५६ | २८.८ | ५५.१ | ११.१ | ३.२ | १.३ | १५६ |
| ३. | सार्की | १५७ | ७.६ | ४७.८ | २४.२ | १६.७ | ३.८ | १५७ |
| ४. | वादी | ४६ | ३९.१ | ३९.१ | १३.० | ४.३ | ४.३ | ४६ |
| ५. | धोबी | ३ | ३३.३ | ६६.७ | - | - | - | ३ |
| ६. | डुम | १७ | ८८.२ | ११.८ | - | - | - | १७ |
| ७. | गाइने | ५१ | ४१.२ | ४५.१ | ९.८ | ३.९ | - | ५१ |
| ८. | हुड्के | ८ | १०० | - | - | - | - | ८ |
| ९. | कसाही | ३४ | २३.५ | ७३.५ | २.९ | - | - | ३४ |
| १०. | मुसहर | ३४ | ३३.३ | ५५.६ | - | ११.१ | - | ३४ |
| ११. | पोडे | २३ | २१.७ | ५६.६ | २१.७ | - | - | २३ |
| औसत | | ६७४ | २३.० | ४८.७ | १५.६ | ९.६ | ३.१ | ६७४ |

*स्रोत: सिएसआरसी (२००६)*

**दलितहरू ठूलो संख्यामा हरुवा र चरुवा हुनुमा भूमिस्रोतसँग तिनको पहुँच र यसमाथि नियन्त्रण नहुनु हो। तालिका १०.२ ले मुख्य दलित समूहहरूमा भूअधीनत्वको अवस्थालाई देखाउँछ।**

**तालिका १०.३: हलिया/हरुवा र चरुवाको राखिएका आधारमा अध्ययन क्षेत्रका घरधुरीको वितरण**

| जिल्ला | गाविस | कुल घरधुरी | हरुवा - चरुवा | हरुवा चरुवाको % | कुल हरुवा चरुवाको % |
|---|---|---|---|---|---|
| धनुषा (२२%) | भरतपुर | २५६७ | ११४ | ४.४ | |
| | रघुनाथपुर | २२१८ | १७२ | ७.८ | |
| | रामदैया भवाडी | १०६९ | ८६ | ८.० | |
| | जम्मा | ५८५४ | ३७२ | ६.४ | २२ |
| सिराहा (३०.५%) | बस्तिपुर | १०६० | ८४ | ८.० | |
| | हनुमान नगर | ६६१ | १०८ | १६.२ | |
| | नहररी गौल | ७५४ | ३२२ | ४२.७ | |
| | जम्मा | २४७५ | ५१४ | २०.८ | ३०.५ |
| सप्तरी (४२%) | पाटो | ७५५ | ८२ | ११.० | |
| | जामुनी मध्यपुरा | ११०७ | ३१६ | २८.५ | |
| | मलेकपुर | १०२५ | ३१० | ३१.० | |
| | जम्मा | २८८७ | ७०८ | २४.५ | ४२ |
| डोटी (५.५% ) | दाउड | १००९ | २१ | २.१ | |
| | पाँचनाली | ५७८ | ३७ | ६.४ | |
| | मुडभरा | ८१८ | ३५ | ४.३ | |
| | जम्मा | २४०५ | ९३ | ३.९ | ५.५ |
| **कुल** | | **१३६२१** | **१६८७** | **१२.४** | **१००** |

*स्रोत: सिएसआरसी (२००६)*

**तालिका १०.३ ले अध्ययन क्षेत्रका जम्मा १३,६२१ घरधुरीमध्ये १२.४% घरधुरी (१,६८७) हलिया/हरुवा र चरुवाहरूको रहेको देखाउँछ जुन निकै धेरै हो। सिएसआरसीले आइएलओसँगको साझेदारीमा चार जिल्लाका १२ गाविसमा हरुवा/चरुवाको अध्ययन गरेको थियो। यसअनुसार धनुषामा २२, सिराहामा ३०.५, सप्तरीमा ४२ र डोटीमा ५.५% घरधुरी दलित छन्।**

## बक्स १०.१: धार्मिक संस्कृतिसँग गाँसिएको हरुवा प्रथा

ज्ञानकी देवी सरस्वतीको पूजा गर्दै मनाइने माघ महिनाको श्रीपञ्चमी तराईमा हरुवाले काम गर्ने पहिलो दिन मानिन्छ। यो दिनलाई वर्षा याम र कृषि कर्मको आरम्भको दिन पनि मानिन्छ। तसर्थ यो दिनलाई हरुवा नियुक्त गर्ने दिनको रूपमा लिइन्छ। विडम्बना, शिक्षा आरम्भको यसै दिन बँधुवा श्रमको पनि सुरुआत हुन्छ। भक्तिभावले आफूलाई चोखो पार्न यस दिन जमिन्दारहरू बिहानै नुहाउँछन्। कामीले कृषि औजार तयार गरे/नगरेको निश्चित गर्ने काम हरुवाको हुन्छ। यस दिन जमिन्दारहरू पनि आफ्ना हरुवासँगै थोरै धान, गहुँ, मकै, कोदोजस्ता मौसमी अन्न तथा फूल र फालीका साथै आँसी र कोदालोजस्ता अन्य औजार लिएर कामीको आरनसम्म जान्छन्। कामीले कोदालो र फालीलाई रातो नहुँदासम्म तताउँछन् अनि घनले पिटेर धारिलो बनाउँछन्। त्यसपछि ती ताता फलामे पातामा परम्पराअनुरूप अन्नहरू राखिन्छ। यदि ती अन्नहरू फुले भने आउँदो वर्षको लागि सकुन मानिन्छ। फूलेका अन्नलाई आउने वर्षको सबभन्दा राम्रो बाली मानिन्छ।

त्यसपछिको संस्कार जमिन्दारको घरमा सुरु हन्छ। घर अगाडिको आँगन सफा गरिन्छ र गोबरले पोतिन्छ। यो हिन्दू धर्मअनुसार साधारण स्थललाई पवित्र बनाउने सामान्य प्रक्रिया हो। त्यसपछि आँगनको बीचमा कामीको आरनबाट ल्याएको फाली राखिन्छ। विवाहित महिलाले त्यसलाई पुर्ने गरी अन्न खन्याउँछिन् जसबाट अन्नको थुप्रो बन्छ। हरुवाले त्यसमा अझ बढी अन्न खन्याउनको लागि उत्साहित र अनुरोध गर्छन् किनभने त्यो अन्न पछि हरुवालाई नै दिइन्छ। हरुवालाई रातो सिम्रिक लगाएर सम्मान पनि गरिन्छ जुन आउँदो वर्षसम्मको लागि हरुवाको करारको सम्झौता पनि हो। तसर्थ यसलाई श्रम करारको साथसाथै उत्पादकत्व बढाउने परम्पराको रूपमा हेरिन्छ। यसै दिनमा जमिन्दार र नयाँ हरुवा खेतमा सँगै जान्छन्। हरुवा पुजारीले भनेको दिशामा फर्किन्छ र तीनपटक गोलाकार रूपमा बाँझो खेतमा जोत्छ। त्यसपछि गोरुहरूलाई फुकाइन्छ र पूजा गरिन्छ। आउँदो वर्ष राम्रो सेवाको सुनिश्चितताको लागि गोरुहरू र जोताहालाई खुसी पार्न यसो गरिन्छ।

*स्रोत: सिएसआरसी (२००६)*

### १०.२.१ काम र ज्यालाबीचको बेमेल

**बस्तुभाउ चराउनदेखि लिएर घरधन्दामा हरुवा र चरुवा दैनिक १२ घण्टाभन्दा बढी खट्छन्। तैपनि तिनले वार्षिक ज्याला रु. ७ देखि १० हजार अथवा ७२० किलोग्राम चामल पाउँछन्। तीन हेक्टरभन्दा बढी खेत जोत्ने हरुवाले आफ्नै लागि खेती गर्न जमिन्दारबाट ०.१६ हेक्टर जग्गा पाउँछन्। तर त्यसको अधीनत्व जमिन्दारमै रहन्छ।**

**चरुवाको हकमा बर्सेनि औसत ८० बस्तुभाउ चराउँदा तिनले एउटा जनावर चराएबापत १५ किलोग्राम चामल पाउँछन्। यसको अर्थ तिनले प्रतिमहिना १०० किलोग्राम चामल पाउँछन् जुन गुजाराका लागि पर्याप्त हुँदैन। यदि बस्तुभाउले**

बालीनाली नाश गरेमा वा तिनीहरू हराएमा सजायको रूपमा चरुवाले नै तिनको मूल्य बेहोर्नुपर्ने हुन्छ। मुख्यतया दलित र सीमान्तीकृत यस्तो शोषणको सिकार हुन्छन्।

हरुवा-चरुवा परिवारहरू अद्यापि आर्थिक, सामाजिक र सांस्कृतिक शोषणबाट गुज्रिरहेका छन्। हरिपुर गाविस-६, बसनपट्टी, सप्तरीका एक हरुवा दर्शन मण्डलले दुखेसो पोख्दै भने, “जमिन्दारहरू तिनका गोरुको राम्रो हेरविचार गर्छन्, तिनको हलोसमेत मर्मतसम्भार गर्छन् तर हामीलाई भने मानवीय व्यवहारसम्म गर्दैनन्।” बिरामी पर्दा तिनीहरू आफैं उपचार गर्न सक्दैनन् र जमिन्दारले पनि तिनलाई सहयोग गर्दैनन्। एवम् रीतले तिनले औषधोपचारको लागि कि उच्च ब्याजदर (साधारणतया मासिक ५%) मा ऋण लिनुपर्ने हुन्छ कि त रोगी नै भई बस्नुपर्छ। धनगढी-९, मुसरिया, सिराहाका एकजना हरुवा रुदल सदाले २०६० सालमा मा उपचारको लागि रु. ५०० ऋण लिए। यसबापत उनलाई एक वर्षपछि रु. १,७०० तिर्नुपरेको थियो। तिनीहरूसँग धितो राख्ने प्रायः केही हुँदैन र ब्याङ्कबाट ऋण प्राप्त गर्न असक्षम हुन्छन्। तसर्थ तिनीहरू धेरै सजिलै स्थानीय जमिन्दारबाट शोषित हुन्छन्।

पातो गाविस-९, सप्तरीका पचास वर्षीय वासुदेव सदा १० वर्षको उमेरदेखि हरुवा भए। अहिले उनको परिवारमा पाँच सदस्य छन्। उनले एक जमिन्दारको काममा पाँच वर्ष बिताएका छन्। अझै उनी एक जमिन्दारको हरुवा रहेका छन् र खेतीपातीको लागि ०.३२ हेक्टर जमिन पाएका छन्। उनको त्यस पर्ती (ऐलानी) जग्गामा सानो छाप्रो छ। परिवारका पाँचै सदस्य जमिन्दारको लागि काम गर्छन्। श्रीमती घरमा काम गर्छिन्, उनी बस्तुभाउ चराउने, घाँस काट्ने, गाई दुहुने आदि काम गर्छन्। राति पनि उनी करेसाबारी वा माछापोखरीमा काम गर्छन्। तर यी सबै कामको कुनै ज्याला हुँदैन।

### १०.२.२ हरुवा-चरुवाको संकटापन्न जीविका

आम्दानीले प्रायः तीन महिनाभन्दा पनि कम धान्ने हुनाले हरुवा र चरुवाको जीविका निकै असुरक्षित छ। तर जमिन्दारबाट लिएको ऋण तिर्ने क्षमता नहुनाले उनीहरू यो पेशा त्याग्न सक्दैनन्। एउटा परिवारको दैनिक खर्च रु. ८० देखि १०० सम्म हुन्छ भने आम्दानी रु. २५ मात्र हुन्छ। आम्दानी र खर्च बीचको यस्तो बेमेलले हरुवा र चरुवाको जीविकालाई संकटापन्न मात्रै बनाएको छैन, तिनलाई अभावको जालो र ऋणको दुष्चक्रमा समेत धकेलिदिएको छ। दिनमा कति काम गर्ने भन्ने निधो हुँदैन। यो मुख्यतः जमिन्दारसँगको करारको प्रकृतिमा भर पर्छ। ऋणले गर्दा बँधुवा भएका हुन् र वर्षौंदेखि काम गर्दै आइरहेका छन् भने तिनले जोत्नुबाहेक सेवकजस्तै प्रत्येक

घरधन्दा (दाउरा र पानी ल्याउने, सरसफाई गर्ने आदि) मा सहयोग गर्नुपर्ने हुन्छ। खेतीपातीको चटारो हुँदा तिनका श्रीमती र छोराछोरीलाई पनि खेतमा काम गर्न लगाइन्छ।

### १०.२.३ कानूनको फितलो कार्यान्वयन

नेपालको अन्तरिम संविधान-२०६३ ले सबैखाले दासत्वलाई निषेध गरेको छ र कमैया श्रम निषेध तथा नियमन ऐन-२०५८ मा पनि यसै लेखिएको छ। तैपनि व्यवहारमा विभिन्न किसिमका श्रम शोषणहरू कायमै छन्। यस पुस्तकमा विभिन्न उदाहरण उल्लेख गरिएको छ (विस्तृत विवरणको लागि हे. परिच्छेद ८ र ९)। चन्द्र शमशेर जबराले १९८१ मंसिर १४ गते दासत्व उन्मूलनको घोषणा गरे र ५९,८७२ दासमध्ये रु. ३६,७०,००० रकम दिई ५१,७८२ दासलाई मुक्त गरे। श्रमिकको ज्याला संरक्षणको लागि वि.सं. २०१९ मा नयाँ मुलुकी ऐन लागू गरियो। वि.सं. २०४७ र २०६३ मा जारी गरिएका संविधानहरूमा पनि सामाजिक रूपमा बहिष्कृत र सीमान्तीकृतहरूको अधिकारका सम्बन्धमा केही प्रावधान थिए। पछि वि.सं. २०५८ मा कमैया श्रम निषेध ऐन घोषणा गरिएको थियो तर त्यसको कार्यान्वयन वास्तविकतामा भने फितलो रह्यो।

सिएसआरसी (२००६) ले सिराहा, सप्तरी, धनुषा र डोटीमा गरेको अध्ययनले हरुवा र चरुवाहरूको यस्तो अवस्था देखाउँछ:

- १३,६२१ घरधुरीहरूमध्ये १,६८७ घरधुरी हरुवा र चरुवाका थिए। यी हरुवा र चरुवाहरूमध्ये ६८% दलित, २५% गैरदलित, ५% मुस्लिम र बाँकी जनजातिहरू थिए। यसैगरी जमिन्दारहरूमा ८८% माथिल्ला जातिका हिन्दू, ५% जनजाति, ०.५% दलित र ६.५% भारतीयहरू थिए। अध्ययन गरिएका चार जिल्लामध्ये हरुवा र चरुवाहरू सप्तरीमा सबैभन्दा बढी (२४.५%), त्यसपछि सिराहा (२१%), धनुषा (६.४%) र डोटी (४%) मा पाइए।
- लगभग दुई तिहाइ जति हरुवा र चरुवाले वार्षिक करारमा काम गरेको पाइयो। बहुसंख्यक (५८%) हरुवा र चरुवाहरू कम्तीमा १० वर्षदेखि काम गरिरहेका थिए। तीमध्ये २५% ले हरुवा र चरुवा भई पहिले नै १०-२० वर्षसम्म काम गरिसकेका थिए।
- यस प्रथाका बँधुवा श्रमिकमध्ये चरुवा भई काम गरिरहेका पाँचमध्ये करिब एक भाग (१९%) १६ वर्षमुनिका केटाकेटी पाइयो। यसका अतिरिक्त हरुवाका छोराछेरीमध्ये ३% जति गाउँभन्दा बाहिर चरुवा वा घरायसी कामदार भई गएको पाइयो।

- दीर्घकालीन बँधुवा श्रमका पछाडि ऋणले हुने बँधुवा एक प्रमुख कारण रहेको पाइयो। तराईका घरधुरीले औसतमा रु. ९,००० ऋण लिएको पाइयो जसमा न्यूनतम रु. २०० देखि अधिकतम रु. ४,००,००० सम्म थियो। ५९.३% हरुवाहरूले तिनका जमिन्दारबाट २४ देखि ७२% र औसतमा ६०% ब्याजदरमा ऋण लिएको पाइयो। यो कुनै पनि व्यावसायिक ब्याङ्कभन्दा लगभग ५ गुणा बढी हो।

**तालिका १०.४: करारअनुसार हरुवा/चरुवाको वर्गीकरण**

| जिल्ला | प्रकृति/अवधि | संख्या | प्रतिशत |
|---|---|---|---|
| सिराहा | मौसमी | २०५ | ३९.८८ |
| | वार्षिक | ३०९ | ६०.११ |
| | कुल | ५१४ | १०० |
| सप्तरी | मौसमी | ४११ | ५८.०५ |
| | वार्षिक | २९७ | ४१.९४ |
| | कुल | ७०८ | १०० |
| धनुषा | मौसमी | ३८ | १०.२१ |
| | वार्षिक | ३३४ | ८९.७८ |
| | कुल | ३७२ | १०० |

*स्रोत: सिएसआरसी (२००६)*

तालिका १०.४ ले सिराहाका ६०% र धनुषाका ८९% भन्दा बढी हरुवाहरू तिनका जमिन्दारको लागि पूरै वर्ष करारमा काम गरिरहेको देखाउँछ। यसको विपरीत सप्तरीमा ५८% हरुवाहरू मौसमी करारमा काम गरिरहेको देखिन्छ।

हरुवाहरू मुख्यतया दुई प्रकारका करार सम्झौतामा काम गर्छन्। पहिलो मौसमी खालको हुन्छ। यसमा तिनले आफ्ना जमिन्दारका लागि खेतीको याममा मात्रै काम गर्छन् र बाँकी समय अरू ठाउँमा काम गर्न स्वतन्त्र हुन्छन्। दोस्रोमा तिनले जमिन्दारका लागि वर्षभरि नै काम गर्नुपर्छ।

तालिका १०.५ ले जातीय तथा जनजातीय आधारमा हलिया, हरुवा र चरुवाले काम गर्ने वर्षहरूको संख्या देखाउँछ।

**तालिका १०.५: जातिगत/जनजातीय आधारमा हरुवा/चरुवा बसेको वर्ष संख्या**

| | हरुवा/चरुवा बसेको वर्ष सङ्ख्या (%) | | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|
| | *१-१०* | *१०-२०* | *२१-३०* | *३१-४०* | *४१-५०* | *५१-६०* | *६१-७०* | |
| दलित | ४१.०० | १७.१० | ६.८० | २.८० | ०.५० | ०.१० | ०.१० | ६८.४० |
| जनजाति | १.८० | ०.५० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २.३० |
| गैरदलित | १३.४० | ६.०० | ३.७० | १.०० | ०.३० | ०.१० | ०.०० | २४.५० |
| मुसलमान | १.८० | १.५० | १.१० | ०.३० | ०.१० | ०.०० | ०.०० | ४.८० |
| कुल | ५८.०० | २५.१० | ११.६० | ४.१० | ०.९० | ०.२० | ०.१० | १००.०० |

*स्रोत: सिएसआरसी (२००६)*

अध्ययन क्षेत्रमा केही हरुवा र चरुवाहरू ६० वर्ष (यसको अर्थ तीन पुस्ता) भन्दा बढी समयदेखि यस्तो बन्धनमा परेका छन्। हरुवाको ठूलो प्रतिशत (५८%) १-१० वर्षको बीचमा, त्यसपछि ११-२० वर्षको बीचमा (२५%) यस्तो काममा बाँधिएका छन्। ६१ वर्षभन्दा बढी समयदेखि काम गरिरहेका हरुवा/चरुवाहरू थोरै (०.१%) मात्र छन्। तालिका १०.६ ले विभिन्न जिल्लाहरूमा हरुवा/चरुवाले काम गरेको वर्षको संख्या देखाउँछ।

**तालिका १०.६: जिल्ला र वर्ष संख्याको आधारमा हरुवा/चरुवाको वितरण**

| जिल्ला | हरुवा/चरुवाको रूपमा बसेको वर्ष (% मा) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १-१० | ११-२० | २१-३० | ३१-४० | ४१-५० | ५१-६० | ६१-७० |
| सिराहा | ५९.७० | २३.९० | ११.३० | ४.९० | ०.२० | ० | ० |
| सप्तरी | ४४.४० | ३०.८० | १७.४० | ५.५० | १.७० | ०.१० | ०.१० |
| धनुषा | ७८.०० | १६.९० | २.७० | १.३० | ०.८० | ०.३० | ० |
| औसत | ६०.७ | २३.९ | १०.५ | ३.९ | ०.९ | ०.१३ | ०.०३ |

*स्रोत: सिएसआरसी (२००६)*

यसप्रकार कार्य अवधिलाई हेर्दा बहुसंख्यक (६०.७%) हरुवा/हलियाहरू १ देखि १० वर्षसम्म जमिन्दारहरूको खेत जोतिरहेको भेटिन्छ। त्यसैगरी २३.९% ले ११ देखि २० वर्षसम्म र थोरैले ५० वर्षभन्दा बढी समयदेखि जोतिरहेका छन्। तीन जिल्लाका हरुवाको अवस्था तुलनात्मक रूपले समान खालको छ। १-१० वर्षसम्म काम गरिरहेका हलियाको संख्या तीनै जिल्लामा उच्च छ। तर सबैभन्दा बढी धनुषामा (७८%), त्यसपछि सिराहा (५९%) र सप्तरी (४४.४%) मा रहेको छ। ११-२० वर्षसम्म काम गर्ने हरुवाको प्रतिशत भने अन्य दुई जिल्ला (सिराहा २३.९% र धनुषा १६.९%) का तुलनामा सप्तरी (३०.८%) मा उच्च रहेको छ।

चरुवा केटा वा केटी दुवै हुन सक्छन्। चरुवाभन्दा हरुवाको व्याप्तता अझ गम्भीर छ। अध्ययन क्षेत्रका ८७% भन्दा बढी बँधुवा श्रमिकहरूले हरुवा र बाँकी १३% चरुवा भई काम गरेको पाइयो। तर चरुवामध्ये जम्मा ३% भन्दा कममात्रै केटीहरू रहेको अनुमान छ। तालिका १०.७ ले हरुवा र चरुवाको अनुपातको तथ्यांकीय सारसंक्षेप देखाउँछ।

**तालिका १०.७: जिल्लाको आधारमा हरुवा/चरुवाको प्रतिशत वितरण**

| जिल्ला | हरुवा | चरुवा | कुल* |
|---|---|---|---|
| सिराहा | ९२.६ | ७.५ | ९७.९ |
| सप्तरी | ९१ | ९ | ९९.९ |
| धनुषा | ८०.१ | १९.८ | ९८.७ |
| **औसत** | ८७.९ | १२.१ | ९८.८३ |

*स्रोतः सिएसआरसी (२००६)*

**योगफल मानहरू शतप्रतिशत भए पनि यस तालिकामा तिनलाई दशमलवीय गणितअनुसार नियमन गरिएको छ।*

## १०.३ निष्कर्ष तथा अबका कदमहरू

**पुस्तौँदेखि जमिन्दारको खेत जोतिरहेको भए तापनि हलिया र हरुवालाई मोहियानी हक दिइएको छैन। भूमि सुधार ऐनअनुसार खेत जोत्नेलाई मोहियानी हक दिनुपर्ने हो। यो एउटा गम्भीर समस्या हो र भूमिको पुनर्वितरणबाट मात्र यस्तो क्रूर बँधुवा श्रम व्यवस्थाको उन्मूलन हुनसक्छ। यस्तो काम राज्यद्वारा गरिने क्रान्तिकारी भूमि सुधारबाट मात्र सम्भव छ। राज्यको पुनर्संरचना र सामन्तवादी व्यवस्थाको पूर्ण अन्त्यबाट मात्र रूपान्तरणमुखी भूमि सुधार सम्भव छ। पुस्तौँदेखि खेती गरिरहेका तर आफ्नो नाममा जग्गा दर्ता प्रमाणपत्र नभएकालाई कम्तीमा पनि तत्कालै जमिन उपलब्ध गराउनुपर्छ।**

**जमिन्दारबाट शोषण, वैकल्पिक जीविका स्रोतको अभाव, अत्यधिक कृषि निर्भरता र बदलिँदो जीविका शैली आदिले हलिया/हरुवा र चरुवाहरूको जीविकालाई जोखिममा पारिरहेको छ। त्यसकारणले तिनका समस्याहरूलाई सम्बोधन गर्न सन्दर्भ विशेष सहयोग कार्यक्रमहरू र रूपान्तरणमुखी भूमि सुधारलाई सँगै मिलाउनुपर्छ।**

**बालश्रमको शोषण र बालअधिकार दुरूपयोग हरुवा/चरुवाजस्तो बँधुवा श्रम प्रथासँग गाँसिएका जल्दाबल्दा समस्या हुन्। यो मुद्दा प्रायः ओझेलमा छ र यसमा सरकार, गैरसरकारी संस्थाहरू र मानव अधिकारकर्मीहरूको ध्यान पुगेको पाइँदैन।**

**तसर्थ यो मुद्दाको छलफल र बहसलाई सहजीकरण गर्न निम्न सुझावहरू पेश गरिएको छः**

१. **हलिया प्रथामा ऋण बन्धन सबैभन्दा तात्विक कारण भएको हुनाले हलिया/हरुवा र चरुवालाई ऋण र नैतिक बन्धनबाट बाहिर ल्याउनुपर्ने हुन्छ। जसको लागि,**

- जिल्ला विकास समिति (जिविस) तथा गाउँ विकास समिति (गाविस) हरूले हरुवा र चरुवाका संख्या, कार्यावधि, ऋण रकम, परिवारको आकार तथा आर्थिक स्तरबारे विस्तृत जानकारी सहितको गाविसस्तरीय विवरण तयार गर्नुपर्छ। हरुवा र चरुवाले लिएका ऋण मिनाहा हुनुपर्छ। यदि जमिन्दारले अधिक शोषण गरेको पाइएमा उसलाई कानूनी कठघरामा उभ्याउनुपर्छ।
- हरुवा/चरुवाहरूलाई ऋण बन्धनबाट मुक्त गर्न कानूनी विज्ञहरूद्वारा सम्झौता पत्रहरूको पूर्ण पुनरावलोकन हुनु आवश्यक छ।
- हरुवा/चरुवाको मुक्ति तथा दिगो जीविकाको लागि विशेष कोषहरूको स्थापना गरिनुपर्छ। श्रमिकहरूको जीविका उकास्न भूमि-श्रम र ऋणको अन्तरसम्बन्ध महत्वपूर्ण (बर्धन र रुद्र, १९७८ र १९८०) हुन्छ।

२. न्यूनतम आधारभूत ज्यालाको व्यवस्था राज्यले कडाइका साथ लागू गर्नुपर्छ र दैनिक कार्य समय पनि तोक्नुपर्छ। अतिरिक्त समय काम गर्दा सबै मजदुरलाई थप ज्याला दिइनुपर्छ। नियमहरूको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय स्तरमै ज्याला अनुगमन संयन्त्रको व्यवस्था गरिनुपर्दछ।

३. हरुवा र चरुवालाई भूअधीनत्व हस्तान्तरण गरी तिनलाई मोहियानी हक दिइनुपर्छ।

४. जीविकाको वैकल्पिक उपायहरू सिर्जना गरिनुपर्छ। निर्वाहमुखी कृषिमाथिको अधिक निर्भरताले मात्र समस्या समाधान हुन सक्दैन। त्यसैले तिनलाई वैकल्पिक रोजगारीको अवसर प्रदान गरिनुपर्छ।

५. उपलब्ध स्थानीय भूमिमा सीमान्तीकृत र भूमिहीनलाई सामूहिक खेती गर्न दिने अधिकार गाविसलाई दिइनुपर्छ। तिनलाई जमिन्दारले अतिक्रमण गरेका तथा ओगटेका जमिनको पहिचान गर्ने अधिकार समेत प्रत्यायोजित गरिनुपर्छ।

६. हरुवा र चरुवाको लागि सामाजिक सुरक्षा सञ्जाल र सेतुको सिर्जना गरिनुपर्छ। उदाहरणका लागि श्रम आधारित बसाइँसराइँको तथा

**जीविका विकल्पसँगको पहुँच, उच्च गतिशीलताको लागि सुरक्षित सञ्जाल आदिको सुनिश्चितता हुनुपर्छ।**

७. **हलिया/हरुवा र चरुवाका सवालहरू मानव अधिकारसँग सरोकारका विषय हुन्। तसर्थ, यी सवाललाई मानव अधिकारको आधारशिलाबाट हेरिनु जरुरी छ।**

८. **हरुवा र चरुवाका बालबालिकाको अधिकार सुनिश्चित गरिनुपर्छ। तिनका लागि सकारात्मक कार्यपद्धतिको माध्यमद्वारा शिक्षाका अवसरहरू सिर्जना गरिनुपर्दछ। साथै तिनलाई जीविकोपार्जनका अन्य साधनहरू पनि प्रदान गरिनुपर्दछ।**

## सन्दर्भ सामग्री


1. गौतम, आर. र प्रसाईं, जे.एन.। २००६। *बँधुवा तथा बाध्यकारी श्रम सम्बन्धहरू।* काठमाडौँ: नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)।
2. Bardhan, P. and Rudra, A. (1980). Types of Labour Attachment in Agriculture: Results of a Survey in West Bengal, 1979. *Economic and Political Weekly.* Vol. 15. No. 32.
3. Bardhan, P. and Rudra, A. (1978). Inter linkage of Land, Labour and Credit Relations: An Analysis of Village Survey Data in East India. *Economic and Political Weekly.* Vol. 13.
4. CSRC. (2006). *A Study on Haliya/Haruwa and Charuwa: Forms, Determinants and Complexities.* A Report submitted to ILO and IPEC. Kathmandu: Community Self Reliance Centre.
5. Thapa, S. (2000). *Historical Study of Agrarian Relations in Nepal 1846-1951.* Delhi: Adroit Publishers.

## परिच्छेद ११

✍ *जगत देउजा*

# नेपालमा भूमिहीनता

### ११.१ पृष्ठभूमि

यस परिच्छेदमा 'भूमिहीन जनता' र 'सुकुम्बासी' शब्दलाई समानार्थी रूपमा प्रयोग गरिएको छ। यी शब्दले न पर्याप्त जमिन भएका धनी परिवारका न त व्यापार, सेवा आदि क्षेत्रमा व्यक्तिगत रूपले आबद्ध व्यक्तिहरूलाई जनाउँछन्। भूमिहीन तथा घरबारविहीन भई जीविकाको ठोस विकल्पसमेत नभएका मानिसलाई सुकुम्बासी भन्ने गरिन्छ। तिनीहरूसँग आफ्नै जमिन छैन र वास बनाउनको लागि पनि कुनै स्रोत नै छैन। ती त्यस्ता मानिस पनि हुन्, जो प्राकृतिक प्रकोपका कारणले भूमिहीन भएका छन् (सिएसआरसी, २००४)।

राष्ट्रिय जनगणना २०५८ का अनुसार नेपालको कुल जनसंख्यामध्ये ६५% जनताको जीविकोपार्जनको निम्ति कृषिमा निर्भर छन्। कुल ४२,५३,००० मध्ये २,१७,६७५ परिवारको त वास बनाउनको लागि पर्याप्त भूमिसमेत छैन। यस्तैगरी ८,०२,६१५ परिवारलाई खेती गर्न कुनै जमिन छैन (सिबिएस, २००३)। उनीहरू अरूको जमिन जोत्छन्। भूमिहीन जनसंख्यामध्ये बहुसंख्यक यस्ता मानिसमा यो देशका सबैभन्दा विपन्न वर्गमा गनिएका आदिवासी तथा दलितहरू छन्। नेपालको गरीबी प्रत्यक्ष रूपमा भूमिको उत्पादकत्वसँग जोडिएको छ। विशेषगरी ग्रामीण भेगलाई हेर्दा जमिन हुनेहरू नहुनेभन्दा स्वभावत: सामाजिक तथा आर्थिक दुवै तवरले धनी छन्। परिणामत: भूमिहीन किसान, कृषि श्रमिक र सुकुम्बासीहरू शोषण, अपमान र निकृष्ट गरीबीको छाँयामुनि बाँच्नु परेको छ।

परम्परागत रूपमा नै सामन्ती स्वरूपमा रहेको नेपाली समाज वर्गीय र विभेदकारी अभ्यासबाट मुक्त हुन सकिरहेको छैन। यहाँ भूअधीनत्व, जातीय उच्चता र सम्पत्तिलाई सम्पन्नता र शक्तिको आधार मानिन्छ। शासन गरिरहेका सम्भ्रान्त वर्गले भूमिहीनताको विषय र गरीब किसानका अधिकारलाई सदैव बेवास्ता गरिरहे। किनकि राज्यको स्रोतमाथि कब्जा जमाइरहेकाहरू प्राय: समाजको माथिल्लो वर्गका जमिन्दारहरू थिए।

भूअधीनत्वमा हदबन्दी कायम गर्ने तथा अधिक मात्रामा बचेका जमिनहरू भूमिहीन तथा सुकुम्बासीलाई वितरण गर्ने गरी नेपालमा पटक-पटक भूमि सुधार कार्यक्रमहरू ल्याइएका थिए। जे भएपनि फितलो कार्यान्वयनले गर्दा देशभित्र रहेका धेरैजसो भूमिहीन गरीब किसानहरू अझै शोषणको घेरामुनि बाँच्न विवश छन्।

वि.सं. २०२१ मा भूमि ऐन ल्याइएपछि हदबन्दीभन्दा माथि भएका जमिन राज्यद्वारा अधिग्रहण गरी भूमिहीनहरूलाई बाँडियो तर त्यो कार्यक्रम पनि दुई वर्षभन्दा धेरै टिक्न सकेन। यसरी त्यसपछि भूमि अधिग्रहण गरिएको पाइएको छैन। त्यो समयमा हदबन्दी लागू गरेर ४७९६२-१०-० विगाह (३२,४८३.२ हेक्टर) जमिन अधिग्रहण गरिएको थियो जसमध्ये ४३८४३-७-१६ विगाह (२९,६९३.७ हेक्टर) जमिन वितरण गरिएको थियो (गिरी, २००२)। यसैगरी भूमिहीन र सुकुम्बासीलाई समेत समेटेर सरकारले केही आयोगहरू पनि गठन गऱ्यो। तर यस्ता अधिकांश आयोगहरू कि निश्चित उद्देश्य पूर्तिको लागि राजनीतिक रूपले प्रेरित थिए कि त निष्प्रभावी नै थिए।

## ११.२ भूमिहीनताका कारणहरू

पहिरो, भूक्षय, कम उत्पादकत्व, वन विनाश, जनसंख्या वृद्धि, बेरोजगारी, सामाजिक आर्थिक शोषण, जटिल भौगोलिक स्थिति, आधारभूत सुविधाको अभाव आदि पहाडबाट बसाइँ सर्नुका मुख्य कारण थिए। ठीक यही समयमा तराईमा औलो उन्मूलन, राजमार्गहरूको निर्माण तथा विकासका गतिविधिमा आएको तीव्रताले तराई तथा नगर क्षेत्रमा सुकुम्बासी तथा अव्यवस्थित बसोबासको क्रमलाई ह्वात्तै बढाइदियो। भूमिहीनता मुख्यतया गरीबी, असमानता र गरीबहरूको शोषणसँग गाँसिएको छ। प्रत्येक वर्ष धेरै मात्रामा उर्वर तथा खेतीयोग्य जमिन बाढीले बगाएर लैजान्छ। यसले त्यहाँका समुदाय र समष्टिमा मुलुकलाई नै ठूलो नोक्सान पारेको हुन्छ। तराईमा निम्न विषयहरू भूमिहीनतासँग प्रमुख रूपमा जोडिएका छन्:

१. सरकारको प्रतिबद्धताको कमीले गर्दामात्रै होइन जथाभावी तथा अव्यवस्थित भूमि वितरणले गर्दा पनि भूमिहीनताको समस्या ज्यूँका त्यूँ रहेको छ।

२. रोजगारी तथा स्तरीय जीविकाको लागि सुकुम्बासीहरूमा रहेको अन्य क्षेत्रमा बसाइँ सर्ने निरन्तर प्रवृत्तिले पनि यस समस्यालाई अझै जटिल बनाएको छ।

३. यस्ता समस्या समाधान गर्न गठित अधिकांश आयोगहरूले वास्तविक सुकुम्बासीको पहिचान नगरी भूमि वितरण गरे। यसमाथि

सुकुम्बासीहरूले अरू व्यक्तिको जमिन अतिक्रमण गर्ने गरेको पनि पाइयो। यसले अव्यवस्थित बसोबासलाई प्रश्रय दिनुका साथै वास्तविक अतिक्रमित जग्गाधनी र अतिक्रमणकारीबीच द्वन्द्व बढेको पनि पाइयो।

४. निष्प्रभावी भू-उपयोग नीति, भूमिको अवैज्ञानिक वर्गीकरण तथा अव्यवस्थित बसोबासले सुकुम्बासीको समस्यामाथि अरू जटिलता थपेका छन्।

५. राष्ट्रिय निकुञ्जहरूको स्थापना र विस्तार तथा वन्यजन्तु आरक्षणहरूको कडा संरक्षण नीतिका कारण विस्थापित भएका समुदायले अझै पनि उचित र पर्याप्त क्षतिपूर्ति पाएका छैनन्।

६. सरकारले भूमि वितरणमा मात्रै ध्यान केन्द्रित गरेको छ तर सुकुम्बासीहरूका लागि वैकल्पिक जीविकोपार्जनका अवसरहरू सिर्जना गरेको छैन।

७. सरकारी अधिकारीहरूमा भएको जिम्मेवारीबाट पन्छिने प्रवृत्तिले गर्दा यस्तो समस्या झनै चर्किएको छ। यसमाथि पनि भूमिहीनताका समग्र मुद्दाहरू हेर्ने कुनै विशेष निकाय नभएकोल यो विषय कसैको पनि जिम्मेवारी बन्न सकेको छैन। (व्यवहारमा 'सबैको जिम्मेवारी हुनु' भनेको 'कसैको पनि जिम्मेवारी नहुनु' भएको छ।)

८. केही ठाउँहरूमा भूमिको द्वैध दर्ता प्रणाली र जग्गाधनी प्रमाण-पत्रको दोहोरो वितरणले गर्दा पनि समस्या आइपरेका छन्।

## ११.३ भूमिहीनताको प्रभाव

प्रचलित कानूनमा रहेका द्वैधता र जटिलताले गर्दा भूमिमाथिको अधिकार नभएका व्यक्तिहरू अन्य अधिकारबाट पनि वञ्चित हुने गरेका छन्। सरकारी निकायबाट ऋण प्राप्त गर्न वा सम्पत्ति लेनदेन गर्न अथवा विद्युत तथा पिउने पानी सुविधा पाउन पनि भूमि अधीनत्वका कागजातहरू आवश्यक पर्छन्। यस कारणले गर्दा भूमिहीन किसान तथा हलीहरू राज्यप्रदत्त आधारभूत अधिकारबाट समेत वञ्चित छन्।

ग्रामीण भूभागमा भूमिको विकल्प नै छैन। त्यहाँ यो सामाजिक प्रतिष्ठा, स्तर र वर्गसँग जोडिएको छ। जमिन हुनेको मान-सम्मान हुन्छ तर नहुनेको निम्न खालको सामाजिक स्तर हुन्छ। समाजले भूमिहीन मानिसलाई वर्गीय स्तरमा नीच व्यवहार गर्छ। यस्तो परिपाटीले एकातिर जमिन्दारहरूलाई राजनीतिक र प्रशासनिक शक्तिसँगको पहुँच पाउन सहयोग गरेको छ भने अर्कोतिर

**भूमिहीनलाई सम्पूर्ण अवसरहरूबाट वञ्चित गराएको छ। सँगसँगै यसले नेपालमा भूमिहीन जनताको समस्यालाई झनै चर्काएको छ।**

**बक्स ११.१ भूमिहीन जनताको जमिन पाउने टुक्रिएको आशा**

सिराहा, लहानकी बिन्दा सदा[30]ले २०५६ सालमा सात घरधुरीको जग्गाधनी पूर्जा पाएकी थिइन्। तर पूर्जा पाएको चार वर्ष बितिसक्दा पनि जग्गा पाउन सकिनन्। उनले ५% ब्याजदरमा रु. २,५०० ऋण काढेर सुकुम्बासी समस्या समाधान समिति, सिराहाका अध्यक्षलाई बुझाएकी थिइन्। तर आजसम्म पनि कुनै जमिन पाउन सकेकी छैनन्। उनी समस्या जानकारी गराउन जाँदा ती पूर्वअध्यक्षले गाली गर्ने र उनलाई "तिमी अहिलेलाई किन कुनै खालि जग्गा खोजेर बस्दिनौ ? किन किचकिच मात्रै गरिराख्छौ ? म अहिले कुनै आधिकारिक ठाउँमा छैन।" भन्ने गरेको गुनासो गर्छिन्। एक सुपरिचित व्यापारीले त्यही ठाउँको मुख्य बजारमा ४ कट्ठा (०.१४ हेक्टर) जमिन पाएका छन्। जहाँ कि जिल्ला तहका केही राजनीतिक नेताहरूले सुकुम्बासीका नाममा १७ कट्ठा (०.५८ हेक्टर) पाएका छन्। महोत्तरी गौरीवास-५ को रातामाटेमा ७० घरपरिवार सुकुम्बासीहरूलाई जग्गा लालपूर्जा वितरण गर्नको लागि पटक-पटक जमिन नक्सांकन गरियो। तर तिनले न कुनै जमिन पाए, न त जग्गाधनी पूर्जा नै। सो बस्तीका सुकुम्बासी गणेश रावत[31] भन्छन्, "हामीले आयोगका सदस्यहरूलाई कुखुराको मासु पनि खुवायौँ तर तिनले मागेको रकम दिन नसक्दा लालपूर्जा पाउन सकेनौँ।" सिराहाको चन्द्रलालपुर गाविस-६ का १०५ मुसहर घरपरिवारले बसोबासको लागि पनि कुनै जमिन पाउन सकेका छैनन्। वि.सं. २०५१ र २०५६ दुवै बेलाका आयोगहरूले नागरिकताको प्रमाणपत्र पेश गर्न नसकेको कारण देखाई तिनलाई लालपूर्जा दिएनन्। विश्वास गर्न गाह्रो पर्नसक्छ तर मुसहरका ती १०५ घरपरिवारहरू जम्मा ०.१६ हेक्टर जमिनमा मात्रै जसोतसो बसोबासको गुजारा गरिरहेका छन्। यसमाथि पनि स्थानीय जमिन्दारले तिनलाई सो जग्गा खालि गराउन विभिन्न बाधा सिर्जना गरिरहेको छ।

## ११.४ भूमिहीनतालाई सम्बोधन गर्ने सरकारी प्रयास

**आफ्ना जनतालाई सुरक्षा प्रदान गर्नु राज्यको दायित्व हो। मानिसलाई तिनको जीविकाको लागि खेतीयोग्य जमिन र आवास जरुरी हुन्छ। आवास, शिक्षा, रोजगारी र स्वास्थ्यजस्ता आधारभूत आवश्यकता प्रदान गर्ने सिद्धान्तलाई संयुक्त राष्ट्रसंघले पनि स्वीकार गरिसकेको छ। तथापि मुख्यत: शासकवर्गका निहित अभिरुचि र समस्याको राजनीतीकरणले गर्दा राज्यले यी दायित्व पूरा गर्न सकेको छैन।**

---

[30] *सिराहा जिल्लाको लाहानमा २०६० पुस २० गते लेखकले लिएको अन्तर्वार्ता।*

[31] *लेखकले २०६० माघ २९ मा महोत्तरी जिल्लाको गौरीवासमा लिएको अन्तर्वार्ता*

वि.सं. २००७ अघिसम्म भूमि कर नै राज्यको लागि राजस्व आम्दानीको प्रमुख स्रोत थियो। देशमा जनसंख्या खासै धेरै नहुनाले सरकारले ऐलानी र पर्ती जग्गा तथा खेतीको लागि जंगल प्रदान गरेर कर उठाउने विशेष कार्यक्रम ल्याउँथ्यो। सरकारी जमिन बचाउनको लागि केही कानूनहरू बनाइएको भए तापनि बढ्दो जनसंख्या तथा जमिनको मूल्य वृद्धिले गर्दा तिनीहरू प्रभावकारी हुन सकेनन्। वन फँडानी र सरकारी अधीनत्वका जमिनको खण्डीकरण तथा नदी किनार तथा वन क्षेत्रको अतिक्रमण रोक्न आफ्नै प्रयास अपर्याप्त भएको अनुभूति सरकारलाई थियो। त्यसैले यो समस्या समाधानमा जोड दिन उसले विभिन्न प्याकेज कार्यक्रमहरू सार्वजनिक गऱ्यो।

चितवन र मकवानपुरमा वि.सं. २०१३ मा ल्याइएको राप्ती उपत्यका विकास योजना सुकुम्बासी समस्या समाधान गर्नेतर्फ पहिलो सरकारी पहल थियो। औलो उन्मूलन भएपछि तराईमा गैरकानूनी अतिक्रमण ह्वात्तै बढेर गयो। वि.सं. २०१८ मा एउटा पुनर्वास कम्पनीले वन फाँडेर सुकुम्बासी बस्ती बसाउन थाल्यो। त्यस कम्पनी सरकारी वन कार्यालयको मातहतमा रहनुपर्ने आवश्यकता बोध गरेर वि.सं. २०२६ मा पुनर्वास विभागको स्थापना गरियो। त्यसै समय तराईका विभिन्न जिल्लामा क्षेत्रीय आवास समिति, वन क्षेत्र संरक्षण समिति तथा उच्चस्तरीय समितिजस्ता अस्थायी प्रकृतिका कार्यालयहरू स्थापना गरिए। तिनले सुकुम्बासीको अनुसन्धान तथा पहिचान एवं भूमि दर्ताका काम गर्न थाले।

वि.सं. २०४६ मा प्रजातन्त्रको पुनर्स्थापनादेखि सुकुम्बासीका समस्या समाधान गर्न विभिन्न प्रयास तथा कार्यहरू भइआएका छन्। यसै सन्दर्भमा तालिका ११.१ ले जटिल भूमिहीनतालाई स्पष्ट प्रतिबिम्बित गर्छ। यसमाथि केही उच्चस्तरीय समितिहरू पनि गठन गरिए तर समस्या ज्यूँका त्यूँ नै रह्यो। यस्ता समितिहरू समस्या समाधानमा किन सफल भएनन् र बारम्बार समिति परिवर्तनको जरुरत किन परिरह्यो भन्ने वास्तविक प्रश्न आउँछ। पक्कै पनि राजनीतिक उद्देश्यपूर्तिको लागि भूमिहीनताको मुद्दा बृहत् रूपले उपयोग हुनु नै यसको प्रमुख कारण हो।

सुकुम्बासीका समस्यालाई सम्बोधन गर्न सरकारी तवरबाट केही प्रयासहरू नभएका होइनन्। तर तिनका समस्या तथा अव्यवस्थित बसोबासलाई सम्बोधन गर्न विशिष्ट रूपमै वि.सं. २०४७ मा एउटा आयोग स्थापना नभएसम्म 'सुकुम्बासी' शब्दलाई नै उपयुक्त परिभाषा दिइएको थिएन। वि.सं. २०४६ मा प्रजातन्त्रको पुनर्स्थापना हुनेबित्तिकै सुकुम्बासीका समस्या समाधान गर्न एउटा आयोग गठन भए तापनि यो आफैँमा विवादको भुमरिमा फँसेको थियो। सुकुम्बासीलाई निःशुल्क अथवा सस्तो मूल्यमा तथा अव्यवस्थित बसोबास

**गरिरहेकालाई उच्चतम् मूल्यमा भूमि वितरण गर्नको लागि सो आयोग गठन भएको थियो।**

**तालिका ११.१: वि.सं. २०४६ को राजनीतिक परिवर्तनपछि गठित प्रमुख आयोगहरू**

| आयोगको नेतृत्व | गठित मिति | कार्यरत जिल्ला संख्या | जिल्ला समितिको संख्या | पहिचान गरिएका सुकुम्बासी परिवारहरू | वितरित जग्गाधनी प्रमाण पूर्जाको संख्या | कुल वितरित जग्गा (हेक्टर) | गतिविधि |
|---|---|---|---|---|---|---|---|
| भौतिक योजना तथा निर्माण मन्त्री | ०८/०९/२०४८ | २५ | | | | | प्रतिवेदन प्रस्तुतिका साथै तथ्याङ्क संकलन र कार्यनीति तर्जुमा |
| शैलजा आचार्य | ०१/०८/२०४९ | | २२ | ५४१७० | १०२७८ | १५५५.३८५३ | |
| ऋषिराज लुम्साली | २९/०८/२०५१ | ७२ | ५४ | | ५८३४० | १४८८३.३६२४ | |
| बुद्धिमान तामाङ | २४/०१/२०५३ | | २५ | | | | तथ्याङ्क संकलन |
| प्रकाशचन्द्र लोहनी | - | | - | - | - | - | - |
| चन्दा शाह[३२] | | | | | | ८८६ | |
| तारणीदत्त चटौत | ०१/०३/२०५५ | | ७५ | | ३१९९५ | | ९ महिनाको समयमा बनाइएका पत्रसंख्या: ८५२९९ |
| अन्य आयोग: भूमि सुधार मन्त्री सिद्धराज ओझा; राज्यमन्त्री गंगाधर लम्साल, अफ्ताब आलम, रामजनम चौधरी | १६/०८/२०५६ देखि ३१/०३/२०५८ | कुल निवेदन संख्या २७७१४० | प्रमाण पूर्जा दिने निर्णय गरिएका परिवार ३०३८१ | प्रस्तावित ६६ समिति मध्ये केवल ३३ जिल्ला समिति मात्रै सक्रिय भएका | प्रमाणपूर्जा वितरण गरिएका सुकुम्बासी संख्या ६२०२ | वितरण गर्न बाँकी प्रमाण पूर्जाहरू २४१७९ | |

*स्रोत : लेखकद्वारा विभिन्न स्रोतबाट संकलित*

*[३२] यसभन्दा अघिका आयोगहरूले वितरण गरेका ५४ रोपनी (२.७ हेक्टर) जग्गा यो आयोगले खारेज गरेको थियो।*

## ११.५ पूर्वी तराईमा भूमिहीनता

तराईका वर्तमान जमिन्दारहरूको स्थिति र गतिविधिलाई विश्लेषण गर्न ऐतिहासिक पृष्ठभूमि बुझ्नु अत्यावश्यक हुन्छ। तराईका जमिन्दारको आवासगृहलाई 'ड्योरही' (दरबार) भन्ने गरिन्थ्यो जुन प्रचलन अझै पनि कायमै छ। सिराहा जिल्लाका ड्योराही जमिन्दार र जमिन्दारी प्रथालाई नियाल्दा वास्तविक स्थिति राम्रोसँग बुझ्न सकिन्छ। यसका साथै राजा महेन्द्रले वि.सं. २०२१ मा भूमि सुधार कार्यक्रम किन ल्याए भन्ने बुझ्नु पनि जरुरी हुन्छ।

वि.सं. २०२१ मा भूमि सुधार कार्यक्रमको घोषणा हुँदा भूमि हदबन्दी लागू हुँदैछ भन्ने व्यापक हल्ला थियो। आम मानिस र मोही किसानले भूमिमाथिको प्रस्तावित हदबन्दी र भूमि सुधार कार्यक्रमबारे पनि जानकारी पाउन सकेका थिएनन्। प्रस्तावित भूमि सुधार कार्यक्रमले मोही किसानको स्थिति झनै खस्काउने भनी जमिन्दारहरूले जानाजान हल्ला फैलाएका थिए। जमिन्दार रिसाएमा भएको जमिनबाट पनि खेदिन्छ भन्ने दलितलाई डर थियो। त्यसैले भूमिमाथिको मोहियानी हक लाग्ने सम्भावनाले तिनीहरू निकै अप्ठ्यारोमा परेका थिए। सरकारद्वारा भूमि सुधार घोषणा भएपछि जमिन्दारहरू रणनीतिक रूपमा आफ्ना जमिन लुकाउन र जोगाउन सफल भए। वि.सं. २०२१ अघि आफ्ना नातेदारको नाममा भएका आफ्ना सबै जग्गाको दर्ता तिनले पहिले नै खारेज गराइसकेका थिए। यसमाथि पनि राजस्व कार्यालयको स्थापना हुनुपूर्व जमिनको किनबेच जमिन्दारकै घरमा हुने प्रचलन थियो।

### बक्स ११.२: राजा महेन्द्र र भूमि राजनीति

*"रोइरहेकी नेपाल आमा अब यस्तो हेरिरहन सक्दिनँ भन्छिन्... कोही सुनको थालमा खाइरहेका छन् जब कि कोहीलाई टपरीमा खाने पनि केही छैन।"*

वि.सं. २०२१ तिर राजा महेन्द्रका यस्ता उद्धरणहरू निकै लोकप्रिय थिए। राजनीतिक नेताहरूलाई जेल हालेका हुनाले भारतीय नेताहरू राजा महेन्द्रदेखि खुसी थिएनन्। भूमि सुधार लागू गरेर उनले तराईका सामन्तवादीहरूको चित्त पनि दुखाएका थिए। भूमि सुधार लागू गर्ने उनको निर्णयले गर्दा राजा महेन्द्रलाई कम्युनिष्ट राजा भनेर पनि हल्ला चलाइएको थियो। महेन्द्रले भूमि सुधार घोषणा गरेका भए पनि यसको कार्यान्वयन भने फितलो थियो। जमिन्दारहरूले आफ्ना जमिन लुकाउन सहजै सफल भए। जमिनलाई सेवक, विश्वसनीय छिमेकी, गाउँले तथा आफन्तका नाममा सजिलै लुकाइयो। जसको नाममा जमिन नामसारी गरिएको थियो, उसलाई पछि केही रकम वा अलिकति जमिन नै दिने भनियो। यसरी तराईका जमिन्दारबाट जमिन अधिग्रहण गर्ने काम सफल हुन सकेन र तराईमा जमिन पुनर्वितरणलाई बेवास्ता नै गरियो। यसरी वि.सं. २०२१ को भूमि सुधारले भूमिहीन तथा सुकुम्बासीको समस्यालाई सम्बोधन गर्न सकेन।

## बक्स ११.३: शक्ति, साँठगाँठ र भूमि आधारित शोषण

जम्माजम्मी १४८९.९७८६ मध्ये ९२.१०७८ हेक्टर जमिन अधिग्रहण हुने देखेर असनपुर गाविसका प्रभावशाली जमिन्दार गोकर्ण बहादुर गौतमले महतो दाजुभाइलाई सो जमिन कुनै विद्यालय वा क्याम्पस बनाउनको लागि दान गर्न सुझाए। त्यसो गर्दा तिनको नाम अमर रहने र जमिनको पनि सही उपयोग हुने उनले प्रस्ताव गरे। गौतमले जमिन्दार दाजुभाइलाई सो प्रस्ताव मनाउन २०२४ बैशाखमा एउटा सर्वपक्षीय बैठक डाके। महतो दाजुभाइ, भूमि सुधार अधिकारी नित्यानन्द झा तथा अधिकृतहरू आर.डि. प्रभास, गोकर्ण गौतम, देवनाथ शाह र अरू केही सो बैठकमा सहभागी थिए। बैठकमा सहभागी सबैले जमिन्दार दाजुभाइलाई ९२.१०७८ हेक्टर (१३६ विगाह) जमिन हदबन्दीभन्दा अधिक भएको सूचीकृत हुनुभन्दा एउटा क्याम्पसलाई निःशुल्क प्रदान गर्न सुझाव दिए। जमिन्दारहरूले त्यो जमिन क्याम्पसलाई प्रदान गर्ने र त्यसको अधीनत्व केही समयपछि हस्तान्तरण गर्ने मौखिक आश्वासन दिए। तर जब भूमि सुधार अधिकारीले सो जमिन त्यही बैठकमै नामसारी गराउनुपर्ने अन्यथा त्यो सरकारले अधिग्रहण गरिने बताएपछि जमिन्दार र अधिकारीहरूबीच नमिठो भनाभन नै भयो। जमिन्दारले "यो मेरो जमिन हो र मलाई यसमाथि जे चाहे गर्ने अधिकार छ। म यो दिँदै दिन्नँ। जे गर्ने हो गर !" भने। सो बैठकमा सहभागी एकजना शक्तिशाली स्थानीय जमिन्दार देवनाथ शाह त्यसपछि मतदानद्वारा ९२.१०७८ हेक्टर (१३६ विगाह) जमिन अधिग्रहण गरिएको सम्झिन्छन्। जमिन अधिग्रहण त गरियो तर ती भूमि सुधार अधिकारीले भूमि वितरणको लागि सरकारी दस्तुर स्वरूप रु. १,००० प्रतिविगाह र घुस स्वरूप रु. २,००० प्रतिविगाह रकम बुझाउनुपर्ने घोषणा गरे। बैठकमा उपस्थित सम्पन्न व्यक्तिहरूले उत्पादनशील र सुव्यवस्थित जमिन पहिल्यै आफ्नो नाममा ओगटिहाले। आखिर जोत्ने गरीब किसानले त आफूले जोतिरहेको ९२.१०७८ मध्ये जम्मा ०.०३३९ हेक्टर पनि पाएनन्। कुनै पनि गरीब किसानसँग त्यतिबेला प्रतिविगाह ३,००० रूपैँया (सरकारी मूल्य र घुस) तिर्नसक्ने क्षमता थिएन। जमिन्दारहरू बुद्धराम र शुद्धरामले सरकारले अधिग्रहणपछि वितरण गरेको जमिनको क्षतिपूर्ति समेत लिएनन्। त्यो समय भूमि सुधार अधिकारीसमेतका सम्पूर्ण समूह जमिन्दारका घर धाइरहन्थे। तिनको स्वागतमा खसी काटिन्थ्यो र रक्सी टक्र्याइन्थ्यो। गरीब परिवारका छोरी-बुहारीहरूलाई तिनको आवश्यकता पूरा गर्न बाध्य पारिन्थ्यो। भूमि प्रशासनका अधिकारीहरूले जमिन्दारलाई कागजातमा जमिन प्रभावकारी रूपमा लुकाउने विधि सिकाउँथे। त्यसपछि जमिन्दारकै सल्लाहअनुसार सानो मात्रामा जमिन अधिग्रहण गर्ने नाटक गरिए। जमिन्दारहरूले विकासका नाममा क्याम्पस, विद्यालय, मन्दिरलाई भूमिदान गर्ने सार्वजनिक आश्वासन दिन्थे। बढ्दो दबाबको स्थितिलाई सहज बनाउन यस्तो रणनीति अलि प्रभावकारी थियो। पछि विकासको नाममा जमिन्दारहरूले क्याम्पस, विद्यालय र मन्दिरहरूलाई जमिनको सानो टुक्रामात्रै दिन्थे र ठूलो मात्राको जमिन आफूसँगै राख्थे। आफन्त तथा नजिकका साथीभाइलाई नामसारी गरिसकेपछि तिनले विस्तारै-विस्तारै जमिन बेच्थे[३३]।

*[३३] यस लेखकका अनुसन्धान सहकर्मी अर्जुन थपलियाले उद्धव अधिकारी (गाविस अध्यक्ष) सँग २०६४ भदौ ६ गते अन्तर्वार्ता लिएर यो जानकारी प्राप्त गरेका थिए।*

## बक्स ११.४ः जमिन्दारको स्वार्थसिद्धि

सिराहा जिल्लाको भेलाहा गाउँको दुर्गापुर गाविस, वडा नं. ३ मा रहेको भेलाहा दरबार जमिन्दार बुद्धराम र शुद्धराम महतोको नाममा छ। महतो दाजुभाइसँग १,४९० हेक्टर जमिन थियो। उनीहरूको जमिन जिल्लाका १५ गाविसमा फैलिएको थियो। भूमि सुधार घोषणा भएपछि बुद्धराम र शुद्धरामले तिनको जमिन आफन्त, परिवारका सदस्य तथा घरका सहयोगीहरूलाई नामसारी गराए। यति काम त तिनले भूमि सुधारको औपचारिक घोषणा हुनुपूर्व नै गरिसकेका थिए। जमिनको अधीनत्व नामसारी गराउने बेलामा कुल जमिनमध्ये ९२.१०७८ हेक्टर लुकाउन मिलेन र तिनले त्यो आफ्नै नाममा राखे। आखिर भूमि सुधार अधिकृत नित्यानन्द झाको नेतृत्वमा गठित समितिले महतो दाजुभाइको नाममा रहेको ९२.१०७८ हेक्टर जमिन अधिग्रहण गरिनुपर्ने राय दियो। तर लुकाइएको १,४६५.५९७१ हेक्टर जमिन समितिको चासोको विषय नै बनेन र महतो दाजुभाइले तिनको जमिनको निकै ठूलो भाग बचाउन सफल भए[३४]।

माथिका दृष्टान्तहरूले गाउँमा भूमि स्रोतमाथि आफ्नो स्वार्थसिद्धि गर्न जमिन्दारहरूले आफ्नो शक्ति र प्रभावको कसरी प्रयोग गर्छन् र कसरी गरीब तथा भूमिहीन जनताहरूले पीडा खेप्नुपर्छ भन्ने देखाउँछन्।

यसैबीच भूमि प्रशासनले पनि प्रभावकारी कार्यसम्पादन गर्न सकेको छैन। २०६४ भदौ ३ गतेसम्मकै आँकडामा भूमि सुधार कार्यालय, सिराहामा १,९९९ मुद्दाहरू फछ्र्यौट हुन बाँकी छन्। तीमध्ये ५१० ओटा त मोही छुटाउन जमिन्दारले दिएका मुद्दा छन्। यी सबै मुद्दाहरूमाथि गएको पाँच वर्षदेखि सुनुवाइ जारी छन्। जमिन्दार र मोही किसानहरू विवाद सल्टचाउन नियमित रूपमा कार्यालय धाउने गरेको भए तापनि ती मुद्दा अझै थाती छन्।

यसैगरी भूमिको अनुपयुक्त वितरणका विरुद्ध १,४८९ मुद्दा दर्ता भएका छन्। गत एक वर्षमा ४,००० जति वादी र प्रतिवादीहरू तारिख लिँदै जाँदै मात्र गरिरहेका छन्। सरकारले २०६३ पौष २४ मा कानून निर्माण गरी द्वैध भूमि अधीनत्व अन्त्य हुने र मोही तथा जमिन्दारलाई समान रूपमा भूमि वितरण गरिने भनी सूचना जारी गऱ्यो। तथापि २०६४ साउनसम्म भूमि सुधार कार्यालयले कुल १५,३८१ विगाह (१०,४५९.०८ हेक्टर) मोहियानी जमिनमध्ये ६४५ विगाह (४३८.६८ हेक्टर) मा मात्रै बस्ती बसाउन सक्यो। हदबन्दी लगाएर २०,००० विगाह (१३,६०० हेक्टर) भन्दा बढी जमिन अधिग्रहण गरिनुपर्नेमा केवल १७४ विगाह (११८.३२ हेक्टर) जमिनमात्रै अधिग्रहण हुन सक्यो। ५०,००० विगाह

---

[३४] *यस लेखकका अनुसन्धान सहकर्मी अर्जुन थपलियाले उद्धव अधिकारी (गाविस अध्यक्ष) सँग २०६४ भदौ ६ गते अन्तर्वार्ता लिएर यो जानकारी प्राप्त गरेका थिए।*

**(३४,००० हेक्टर) भन्दा बढी जमिनमा मोहियानी हक पाउने भनिएका ५०,००० भन्दा बढी परिवारमध्ये आधाले पनि त्यस्तो हक पाएनन् ।**

**वि.सं. २०२० मा भूमिसम्बन्धी सबै विस्तृत विवरणको अभिलेख राख्नको लागि सरकारले 'बिलोबन्दी' भनिएको एउटा उर्दी जारी गऱ्यो । वि.सं. २०२१ भित्र जमिन्दारहरूले तिनीहरूसँग भएका सबै जमिनको विवरणसहित बिलोबन्दी फारम बुझाउने अपेक्षा गरिएको थियो । तिनलाई जमिनका सम्पूर्ण विवरण संकलन गर्ने जिम्मेवारी दिइएको थियो । यसरी बिलोबन्दी फारमको उद्देश्य कसको नाममा कति जमिन छ भन्ने अभिलेख तयार गर्नु थियो । तर त्यही फारमले भूमि सुधारको सिद्धान्तलाई नै विफल तुल्याउने भूमिका खेल्यो । बिलोबन्दी फारम भर्दा जमिन्दारले हदबन्दीभन्दा बढी भएको जमिन लुकाउने र नामसारी गर्ने मौका पाए । त्यसपछि तिनले आफ्ना धेरै जमिन परिवारका सदस्य वा नातेदारलाई नामसारी गरे ।**

## बक्स ११.५: भूमिहीन र बसाइँसराइँ[३५]

हामी पूरै दिन काममा जान्छौँ । घर फर्किने बेलासम्म त एकदमै थकित र गलित भइसकेका हुन्छौँ । नजिकै एउटा खोला हुनाले हामी कहिल्यै निर्धक्क निदाउन सक्दैनौँ । वर्षायाममा खोलाको अवस्था हेरिरहन हामी पालो लगाउँछौँ । बाढी आएर घरै बगाउँछ भन्ने चिन्ता भइरहन्छ । कहिलेकाहीँ झरी परेको दिन पनि हामी बालबच्चाको बारेमा चिन्तित भइरहन्छौँ । यी हाम्रा आवाज सुनिन्छन् कि भनेर म यो पत्र पठाउँदै छु । महम्मदपुर-९, बर्दियाको यो एउटा निकै दर्दनाक कथा हो । यो क्षेत्रमा ४० भूमिहीन घरपरिवार छन् । जीविका सुधार्ने उद्देश्यले हामी विभिन्न ठाउँबाट विभिन्न समयमा यहाँ आएका हौँ । हामीमध्ये धेरैलाई जमिन्दारको घरमा काम गर्न बोलाइन्छ । मेरो पुर्ख्यौली घर उरहरी, दाङमा छ । जमिन्दारको खेत जोत्दा मैले निकै कठिन मिहिनेत गर्नुपर्छ । अहिले पनि मेरी आमा जमिन्दारले हामीलाई मोहियानी हक नदिएर घात गरेको बताउनुहुन्छ । उतिबेला मेरा बुवाले बर्दियामा स्थिति अलि राम्रो भएको सुन्नुभएछ । त्यसैले जमिनको खोजीमा हामी २०४४ सालमा यहाँ आयौँ ।

सुरुमा मेरो बुवा जमिन्दार प्रेम चौधरीको घरमा कमैया भई काम गर्नुहुन्थ्यो । कमैयाको रूपमा हामीले गरेको सेवाबापत जमिन्दारले हामीलाई बस्ने व्यवस्था गरिदिन्थे । मेरी आमाले घरधन्दा र खेतीपातीमा सहयोग गर्नुहुन्थ्यो । हामी दुई दिदीबहिनीको भागमा चाहिँ बस्तुभाउ हेर्ने काम पर्थ्यो । खेतीको याममा हामीले जमिन्दारको घरमा खान पनि पाउँथ्यौँ । प्रत्येक वर्ष तिनले हाम्रो बुवालाई नयाँ कपडा दिन्थे तर हामीलाई दिइँदैनथ्यो । चाडपर्वबाहेक अन्य समयमा हामी कहिल्यै हात बाँधेर बस्न पाउँदैनथ्यौँ । यति गर्दा पनि हामीले जमिन्दारको खप्की खानुपर्थ्यो र बटैया (अन्न विभाजन गर्ने प्रचलन) गरेर आफ्नो गुजारा टार्नुपर्थ्यो । पछि कालाभेल्बारमा एउटा सुकुम्बासी बस्ती स्थापना गर्ने गाइँगुइँ सुनेपछि हामी त्यतातिर

---

*[३५] जिल्ला भूमि अधिकार मञ्च, बर्दियाकी सदस्य सैती चौधरीबाट २०६४ असार २७ गते लेखकले संकलन गरेको सूचनामा आधारित ।*

लाग्यौं। हामीसँग आफूलाई सजिलै हातमुख जोर्न मिल्ने १५-१६ कट्ठा जमिन थियो। बस्ती स्थापना हुने बेलामा नेता मदन भण्डारीले पनि सो ठाउँ भ्रमण गरेका थिए। तर २०४८ सालमा उनको दुःखद् निधन भएपछि वन फँडानी गरेको आरोपमा तिनले हामीलाई त्यहाँबाट समेत खेदे। त्यहाँबाट वन मासेको भनी २०४९ सालमा डोजर लगाएर लखेटिएको थियो। आठ महिना नदीको बालुवामा नै बसियो।

हामी अहिले बस्ने गरेको भादा खोलानजिकै २०६३ सालको तीजमा ठूलो बाढी आयो। सबै घर तहसनहस भए। त्यस दिन नजिकैको विद्यालय र जंगलमा शरण लिएर प्राण बचायौं। दुई दिनसम्म त केही खान पनि पाएनौं। केही दिनपछि हामीसँग त्यहाँ सानो कटेरो बनाएर बस्नुभन्दा अर्को विकल्प थिएन। वर्षायाम सुरु भएको हुनाले हामी फेरि अनिदो रात बिताउन बाध्य छौं। बर्दियामा बस्न मिल्ने प्रशस्तै सुरक्षित ठाउँहरू छन्। घर बनाउन मात्रै भए पनि एउटा सुरक्षित ठाउँ दिइए कम्तीमा राति ढुक्कले निदाउन सक्थ्यौं। केही नभए पनि यस्तो खराब मौसमबाट आफूलाई जोगाउन त सक्थ्यौं। यहाँसम्म आउनै वास्ता नगर्ने राणाहरूको नाममा यहाँ सयौं विगाह जमिन छ। धेरै प्रहरी, सैनिक र सरकारी अधिकारीहरूले यहाँ जमिन किनेका छन्। तर हामीजस्ता पुस्तौंदेखि जोतिरहेका जनतासँग सानो टुक्रा जमिन पनि छैन। हाम्रोलागि राजनीति गरेका भन्ने राजनीतिकर्मीहरूलाई म एकपटक यहाँ आएर भ्रमण गर्न विनम्र अनुरोध गर्छु। कृपया एकरात आएर हाम्रो कथा सुनिदिनुहोस्। नआत्तिनुहोस् ! हामी तपाईंलाई बाढी आइरहेको खोलामा हेरेर बस्नुहोस् भन्दैनौं। यस्तै विभिन्न अन्तर्राष्ट्रिय/गैरसरकारी संस्था तथा मानव अधिकार संगठनहरूका सदस्यलाई पनि म आमन्त्रण गर्छु। बाढीले बस्ती विनाश गरिसकेपछि सामान्य तरिकाले पाल वितरण गरेरमात्रै समस्या समाधान हुँदैन। कम्तीमा पनि हामीलाई बाढीको चिन्ता लिनु नपर्ने सुरक्षित स्थानमा बस्ने व्यवस्था गरियोस्। हामी पनि आरामले सुत्न चाहन्छौं। सरकारी अधिकारीहरूलाई त म केही पनि भन्दिनँ किनकि तिनले त कहिल्यै हामीलाई मानव जातिजस्तो व्यवहार पनि गरेनन्। धनी मानिसलाई चिल्लो घस्दैमा व्यस्त भए। अहिले जनताको सरकार छ भन्ने मैले सुनेकी छु। तर पनि त्यो सरकारले कसको लागि के गरिरहेको छ भन्ने सोच्दा अचम्म लाग्छ।

## बक्स ११.६: मेरो अम्बा नखा

सिराहा, फुल्काहकाट्टीका ९१ वर्षीय श्रीलाल महतो जमिन्दारको हातबाट चरम यातना पाएका कृषक हुन्। उनीसँग २०२१ सालमा भूमि सुधार लागू भएपछि जमिन्दारले खेलेका 'खेल' को प्रत्यक्षदर्शी हुनुको अनुभव छ। बलहीका विहरीया हमात भेलहा दरबारका जमिन्दार बिहारी अधिकारीका सेवक थिए। एउटा घर छाउने बेलामा बिहारियाले जमिन्दारको भूमिमा फलेका केही अम्बा टिपे। एकदिन बिहारियाले जमिन्दारलाई उनको बारीमा फलेको अम्बा निकै मिठो थियो भनी बताए। जमिन्दारले उनले कतिओटा अम्बा खाए भनी सोधे। बिहारियाले आफूले छओटा अम्बा खाएको स्वीकारे। यसपछि जमिन्दार निकै क्रोधित भएर उनलाई गाली गर्न थाले "मेरो घरमा तँजस्ता २५-३० नोकर छन्। सबैले तिनलाई मन लागेजसरी नै अम्बा टिप्न र खान थाले भने मैले कति घाटा व्यहोर्नुपर्छ ? अनुमतिविना छओटा अम्बा खाएको हुनाले तैंले ६ रूपैंया जरिवाना तिर्नुपर्छ।" तत्कालै जमिन्दारको कानूनी मामला हेर्ने व्यक्तिलाई बोलाइयो र बिहारियाले ६ रूपैंया ऋण लिएको कागज बनाएर उनलाई औंठाछाप हान्न लगाइयो।

कागजमा सही गरिसकेपछि बिहारियाले विनापारिश्रमिक ६ महिना काम गरे पनि उनी ६ रूपैँयाको ब्याज तिर्न अक्षम रहे। लिखित सहमति गर्दैखेरि उनी कानूनी रूपमा बाँधिएका थिए। अन्ततः बिहारियाले आफू मुक्त हुने भए जमिन्दारलाई ६ कट्ठा (०.२४ हेक्टर) जमिन दिन तयार रहेको बताए। जमिन्दारले निकै दया देखाउँदै उसको ठाउँमा अरू भएको भए आफूले त्यस्तो शर्त नमान्ने बताए। तर ऊ पुरानो सेवक भएको हुनाले ०.२४ हेक्टर जमिन नामसारी गरेपछि आफूले त्यो ऋण बिर्सिदिने जमिन्दारले बताए। जमिन्दारलाई ०.२४ हेक्टर जमिन नामसारी गरेपछि बिहारियाले बल्ल मुक्ति पाए। यसरी केवल ६ ओटा अम्बा खाएको हुनाले बिहारियाले ६ महिनाको श्रम र ०.२४ हेक्टर जमिन गुमाए[३६]।

## सन्दर्भ सामग्री


1. गिरी, सि.पि.। सन् २००२। *नेपालमा मोहियानी तथा हदबन्दी व्यवस्था।* काठमाडौँ: सामुदायिक आत्मनिर्भर सेवा केन्द्र।
2. सिएसआरसी। सन् २००४। *कानूनी स्रोत पुस्तिका।* काठमाडौँ: सामुदायिक आत्मनिर्भर सेवा केन्द्र।
3. CBS (2003). *National Agricultural Census.* Kathmandu: Central Bureau of Statistics.


[३६] *लेखकले सिराहा, फुल्काहकाट्टीका श्रीलाल महतोसँग २०६४ साउन २४ गते कुराकानी गरेका थिए।*

परिच्छेद १२

✍ माधव ढुङ्गेल

# एक्काइसौँ शताब्दीमा नेपालमा श्रम-शोषणः एक पत्रकारको दृष्टिकोण

## १२.१ पृष्ठभूमि

सामान्य अर्थमा 'हलिया' भन्नाले हलो जोत्ने मान्छेजस्तो मात्रै बुझिन्छ, तर वास्तवमा यो जमिन्दारको भूमि जोत्नको लागि 'हली' राख्ने प्रथा हो। यद्यपि यी दुई शब्दहरूलाई समानार्थी रुपमा प्रयोग गरिन्छ। नेपालको मध्य तथा सुदूर-पश्चिम क्षेत्रमा मध्ययुगीन दासप्रथाको रूपमा हलिया प्रथा अद्यापि कायमै छ जसमा सामन्ती जमिन्दारहरूले तिनको जमिन जोत्न र कृषिसम्बन्धी अरू काम गराउनको लागि हली राख्ने गर्छन्।

पश्चिम नेपालका हलियाजस्तै पूर्वी र मध्य तराईमा पनि हरुवा-चरुवाका रूपमा दास-श्रमिकहरू छन्। हरुवाको दिनचर्या पनि हलीले झैँ हलो जोत्नु नै हो। बाह्रैमास जमिनमा जोतिएर कठिन श्रम गरे पनि उनीहरूले कहिल्यै आफ्नो पारिश्रमिक पाउँदैनन्। उनीहरू श्रम त गर्छन्, तर तिनका श्रमको लाभ साहूले भित्र्याउँछन्। हरुवा-चरुवा राख्ने 'मालिक' लाई त्यहाँ 'गिरहत' भनिन्छ। पूर्वी मधेसको 'हरुवा' प्रथा यिनै गिरहतहरूलाई लाभ पुग्ने गरी बनाइएको छ। गिरहतहरू हरुवा र चरुवा भनेका मानिसभन्दा पनि तल्लो वर्गका हुन् भन्ने मानसिकताले ग्रसित छन्। यसैले तिनीहरुमाथि निकै निकृष्ट व्यवहार गरेको पाइन्छ।

जमिन्दारहरूको निम्ति हलो जोत्नु हलिया र हरुवाहरूको मुख्य कर्म हो। यसमाथि पनि यी बँधुवा श्रमिकहरूले तिनका मालिकहरूको घरमा आइपर्ने अरू काम पनि गर्नुपर्छ। हलिया तथा हरुवाका बालबच्चा जमिन्दारका बस्तुभाउ चराउन विवश हुन्छन् भने तिनका श्रीमती पनि मालिककै खेतबारीमा काम गर्न जान्छन्।

हलिया र हरुवाहरूलाई मालिकको जमिन जोतेबापत ज्याला पाउने कृषि मजदुरका रूपमा चित्रण गरिनु न्यायसंगत हुँदैन। सामान्य कृषि मजदुरहरूलाई

त आफूलाई रुचि नलागेको काम नगर्ने स्वतन्त्रता हुन्छ। तिनीहरू कुनै पनि प्रकारको बन्देज वा दबाबबाट मुक्त हुन्छन्। तर हलिया र हरुवाहरूलाई त्यतिसम्मको आधारभूत स्वतन्त्रता पनि छैन। तिनीहरूको स्थिति त योभन्दा पनि निकै नाजुक र दयनीय छ।

सुदूर-पश्चिम नेपालका दुई जिल्लाहरू बैतडी र डडेल्धुरामा यस लेखकले २०६३ माघ र २०६४ भदौमा गरेको स्थलगत अध्ययनमा धेरै हलीहरूका तीनपुस्ता अघिका पुर्खाले स्थानीय जमिन्दारबाट ऋण लिएका भेटिए। तर तीन पुस्तासम्म काम गर्दा पनि ती जमिन्दारहरूले तिनको ऋण चुक्ता गराएका थिएनन्। ऋण लिने र दिने दुवै धेरैअघि बितिसकेका थिए। तर तीन पुस्तापछिका ती सन्ततिहरूले अझै त्यही साँवाको ब्याज तिर्नका लागि कठिन श्रम गरिरहेका थिए।

पूर्वी तराईका हरुवाहरूको स्थिति पनि पश्चिमी पहाडका हलियासँग मिल्दोजुल्दो छ। बाबुको उमेरले काम गर्न सक्ने अवस्था नरहेपछि छोराले सो जिम्मेवारी लिनुपरेका उदाहरणहरू पनि थुप्रै भेटिन्छन्। यस्ता अवस्थामा खासगरी बाबुले जमिन्दारको लागि कोदालीजस्ता हलुका औजारले गरिने काम मात्रै गर्छन्। कुनै बेला गिरहतले हरुवाका परिवारलाई कमाएर खान (अधीनत्व नदिई) केही जग्गा भाडामा दिन्छन्। तर लगभग सबै समय साहूकै काममा व्यस्त हुनुपर्ने भएकोले आफैँले भाडामा लिएको जमिनमा पनि बाली लगाउने समय पाउँदैनन्। जमिन्दारको खेतमा काम गर्दागर्दै तिनको सबै समय बित्छ। गिरहतको भकारी अन्नले भरिन्छ तर हरुवाको घरमा अनिकालको बास हुन्छ। यसरी तिनीहरू जमिन्दारबाट थप ऋण लिन बाध्य हुन्छन्। गिरहतले ऋण लिएको कुराको लिखित प्रमाण राख्छ। अरू त अरू, त्यो कागजमा लेखिएको रकम समेत उसकै इच्छाअनुसारको हुन्छ।

कागजमा जमिन्दारले दिएको ऋण र त्यसको ब्याज मात्रै लेखिएको हुन्छ तर हलिया र हरुवाहरूले गरेका श्रम तथा सेवाको कुनै लेखाजोखा नै हुँदैन। बैतडी जिल्लाका अठार वर्षीय प्रतापराम टमटाका अनुसार जमिन्दारहरूको लागि पुरुषहरूले मात्रै विनाज्याला काम गर्नुपर्ने नभएर उसका परिवारका महिला सदस्यहरूले समेत खेत खन्ने तथा धान र गहुँ भित्र्याउने र भण्डारण गर्ने काम भ्याउनुपर्छ। एक यस्तै उदाहरण सप्तरी जिल्लामा पनि छ। यस जिल्लाको हरिपुर गाविसका दर्शन मण्डल (खत्वे) लाई पनि जमिन्दारका बस्तुभाउ हेर्नको लागि आफ्ना छोराछोरी पठाउनु परेको थियो। उनी छोराछोरीलाई विद्यालय पठाउनुको साटो मालिकका बस्तुभाउ चराउन पठाउँदा नै बेस हुने ठान्थे। किनकि यसो गर्दा कमसेकम तिनले अलिकति भए पनि धान पाउँथे। यस्ता अरू पनि धेरै उदाहरण छन्। यतिसम्म कि भारतमा काम गरिरहेका हलीलाई पनि

जमिन्दारको खेतमा काम गर्नको लागि फिर्ता आउनसमेत बाध्य उदाहरण बैतडीमा प्रशस्तै पाइन्छन्।

संयुक्त राज्य अमेरिकाका तत्कालीन राष्ट्राध्यक्ष अब्राहम लिङ्कनले २० डिसेम्बर १८६३ मा दासप्रथा अन्त्य गरे। यसरी नै नेपालमा चन्द्र शमशेरले वि.सं. १९८१ मंसिर १४ मा दासप्रथा समाप्त भएको घोषणा गरे।[३७] यसलाई कानूनमा समावेश गर्नको लागि वि.सं. २०१९ मा मुलुकी ऐन संशोधन पनि भयो। तर नेपालमा दासप्रथा उन्मुलन भएको ८६ वर्ष बितिसके पनि त्यही दासताको अवशेषको रूपमा हलिया/हरुवा प्रथा अद्यापि कायमै छ। एउटा जमिन्दारले हलियाको लागि करार रकम तिर्नु अथवा जमिन्दारहरूकै बीचमा हलियाको बेचबिखन हुनु पनि कुनै दुर्लभ विषय होइन। अध्ययनका क्रममा बैतडीका जमिन्दारले बेचेर काम गर्नको लागि तराई पठाएका एकजना हलियासमेत भेटिएका थिए।

## १२.२ हलियाका नसुनिएका चीत्कारहरू

वि.सं. २०६२/०६३ को चर्चित जनआन्दोलन तथा लोकतन्त्रको पुनर्स्थापनापछि 'नयाँ नेपाल' बनाउने बहस देशैभरि चर्को रूपमा गुञ्जिरहेको छ। शहर तथा नगर क्षेत्रहरूमा 'नवीन नेपाल निर्माण', 'वर्षौं पुरानो सामन्ती व्यवस्थाको अन्त्य गरी नयाँ युगको प्रारम्भ गर्ने', '२१ औँ शताब्दीको समाजवाद स्थापना गर्ने' जस्ता ठूला र आकर्षक नाराहरू सुनिन्छन्। यस्तो अवस्थामा पनि सुदूर पश्चिमका जनता अझै पनि दासप्रथा र जातीय विभेदलाई नै अन्त्य गर्न संघर्ष गरिरहेका छन्। शहरी क्षेत्रहरू 'समावेशी' नयाँ नेपालमा फड्को मार्न लागेको स्थितिमा महाकालीका सुदूर पश्चिमी जिल्लाहरू अझै पनि दासता र जातीय शोषण अन्त्य गर्न बामे सर्दैछन्। हलियाहरूका आवाज सुनिएको त छ तर त्यसलाई मनन भने गरिएको छैन।

बहुसंख्यक हलियाहरू दलित छन् र तिनलाई राख्नेहरू ब्राह्मण, क्षेत्री र ठकुरीजस्ता 'उपल्लो' जातका छन्। 'उपल्लो' जातका भए पनि आर्थिक रूपले त्यति समृद्ध वर्ग भने होइनन्। तर तिनमा हलिया राख्न पाउने अधिकार छ भन्ने सोचाइले जरो नै गाडेको छ। तिनीहरू यसलाई सामान्य परम्पराकै रूपमा लिन्छन्। यस्तो सामन्ती सोचाइले गर्दा पनि हलिया प्रथामा झनै मलजल पुगिरहेको छ र सामाजिक अन्यायलाई झनै बढावा पुगेको छ। दलितहरूले विस्तारै विस्तारै आफूहरू शोषित भएको अनुभूति गर्दैछन् तर ती निःसहाय

[३७] *विस्तृत जानकारीको लागि हे. जोन ह्वेल्पटनको 'अ हिस्ट्री अफ नेपाल'। लण्डन: क्याम्ब्रिज युनिभर्सिटी प्रेस।*

छन्। जमिन्दारका शर्तहरू नस्वीकारेसम्म तिनले ऋण पाउँदैनन्। न काम गर्नको लागि आफ्नो जग्गा छ, न त तिनले कुनै अरू रोजगारी नै पाउँछन्।

सुदूर पश्चिमी क्षेत्रको बैतडी जिल्लामा पर्ने देहिमाडौँ गाउँ काठमाडौँदेखि लगभग ८८० किलोमिटर टाढा पर्छ। देहिमाडौँ-२, चैशिर गाउँका चन्द्रराम लावडले दश वर्षअघि केशव बोहरासँग २०,००० रूपैँया ऋण लिएका थिए। चन्द्ररामले आठ वर्षसम्म निरन्तर रूपमा केशव बोहराको जमिन जोते। उनकी श्रीमती कमलाले पनि बोहराकै खेतीपातीमा काम गर्थिन्। उनी भन्छिन् "खरको काँडा काट्न अह्राए, मैले गरिनँ। अनि (जरिवानास्वरूप) दुईसय रूपैँया ब्याज जोडियो।"[३८]

दुई वर्षअघि चन्द्रराम हलो जोत्दाजोत्दै खेतमै ढले। उनले नसके पनि केही समय पत्नीले नै काम गरिरहिन्। कमलाका अनुसार, उनका दुवै छोराहरू होटलको भाँडा माझ्न मुम्बईमा गएका हुनाले खेत जोत्नका लागि कोही पनि भएनन्। अनि मालिकले उनलाई गाली गरे। कमला भन्छिन्, "अहिले बीसहजार दुईसय रूपैँयाबापत मेरो चारनाली जग्गा साहुले नै कब्जामा राखेको छ।"[३९]

डडेल्धुरामा वि.सं. २०६२ मा आयोजित हलिया गोष्ठीमा जसुले पनि भाग लिएकी थिइन्। चेतनाको स्तरमा केही परिवर्तन भएपछि उनले उन्मुक्तिका लागि २०६३ साउनमा जिल्ला प्रशासन कार्यालय बैतडीमा मुद्दा दायर गरिन्। "त्यसपछि एक रात रक्सी पिएका तीन-चार जना मान्छेहरूले मेरो घर घेरे। मेरा श्रीमान् भागे", जसु थप्छिन्, "मार्ने भने मार, काट्ने भए काट भनेर म घरबाट बाहिर निस्कें। त्यसपछि उनीहरू पछि हटे।" आफ्नो साहसले गर्दा उनी आज जमिन्दारको पञ्जाबाट मुक्त छिन्। कत्ति पनि रकम नै नतिरी प्रशासनको आडमा मुक्त भएपछि पनि अझै जसु आफूलाई बाँधेर कुट्ने धम्की आइरहने बताउँछिन्। "अझै पनि म मेरा छोराहरूलाई कहीँ पठाउन डराउँछु र आफू पनि एक्लै कतै जादिनँ।" आफ्नो खेतबाट हातमुख जोड्न पर्याप्त नहुने भएपछि अन्य आम्दानीको लागि उनी डोको बुन्छिन्। उनी भन्छिन् "यति मात्रैले नपुग्ने भए पनि मुक्त भएकोमा म निकै खुसी छु।"[४०]

---

[३८] *देहिमाडौँ-२ का चन्द्रराम लावडसँग लेखकले २०६३ चैत २८ मा लिएको अन्तर्वार्तामा आधारित।*

[३९] *देहिमाडौँ-२ का कमला लावडसँग लेखकले २०६३ चैत २८ मा लिएको अन्तर्वार्तामा आधारित।*

[४०] *देहिमाडौँ-२, बैतडीकी जसु लावडसँग लेखकले २०६३ चैत २८ मा लिएको अन्तर्वार्तामा आधारित।*

अठार वर्षीय प्रतापराम टमटा कुलौन माध्यमिक विद्यालय, दुर्गा भवानी गाविस-५, ढचाडीमा नौ कक्षामा अध्ययनरत छन्। यो ठाउँ बैतडी जिल्लाको सदरमुकाम दशरथ चन्द नगरपालिकाको नजिकै छ। आफ्ना हजुरबुवा वीरपाल रामले चार दशकभन्दा अघि लिएका पाँच नाली (५२ नाली बराबर ०.६८ हेक्टर) जमिनका निम्ति प्रताप अझै पनि हलो जोतिरहेका छन्। हलिया बन्न स्वीकारेर उनका हजुरबुवाले लिएको जमिनले उनको परिवारलाई एक महिना पनि खान पुग्दैन। हजुरबुवा बितिसके, उनका पिता बाबुबहादुर टमटा पनि खेतमा काम गर्नै नसक्ने वृद्ध छन्। तिनले तीन पुस्तासम्म जमिन्दारको लागि काम गरे पनि अझै तिनीहरू मुक्त छैनन्। प्रताप रामका अनुसार तीन पुस्तापछि पनि त्यो जग्गा अझै जमिन्दार बहादुर सिंहकै नाममा छ। “पटक-पटक हामीले जग्गाको नामसारी गर्न भन्यौं, तर उनले मानेनन्।” प्रताप बाली लगाउने समयमा खेत जोत्नको लागि आफूले १५ देखि २० दिनसम्म विद्यालय छोड्नुपर्ने बताउँछन्। उनी भन्छन्, “मैले सबै खेत जोतिरहनु पर्छ तर हाम्रो श्रमको कुनै लेखाजोखा नै हुँदैन। मलाई यो अन्यायपूर्ण छ भन्ने थाहा छ तर म चुपचाप जोतिरहेको छु किनकि मसँग उसको साँवा रकम र चर्को ब्याज तिर्ने पैसा छैन।” उनी मुक्त हुन चाहन्छन् तर कसरी हुने थाहा छैन। यस्ता जमिन्दारहरूसँग लिएको ऋण तिर्न आफ्नो परिवारका अझै कति पुस्ताले यसरी नै जोतिरहनुपर्ने हो भन्ने उनलाई भेउ छैन। प्रतापका काका र दुई दाजुहरू भीमराम र मसीराम भारतको नयाँ दिल्लीमा काम गर्न गएका छन्। खेतीपातीको मौसममा उनीहरू उही जमिन्दारको खेत जोत्न फेरि बैतडी नै फर्कनुपर्छ। “असोजमा आई उनीहरू मंसिरमा गहुँ छरेर जान्छन्।” प्रताप राम भन्छन्, “त्यसपछि बैशाखमा आउँछन् अनि असारमा रोपाइँ सकेर फर्कन्छन्। सबै जमिन्दारका खेत एउटै समयमा जोत्नुपर्ने भएकाले तिनीहरू यता फर्कनुपरेको हो।”[४१]

नेपाली काङ्ग्रेसको सरकारले २०५७ साउन ३ गतेका दिन हलिया तथा कमैया मुक्तिको घोषणा गऱ्यो। तर तीन पटकसम्म प्रधानमन्त्री बनेका सोही दलका शेरबहादुर देउवाको गृहजिल्ला डडेल्धुराको हाल अझै पनि उस्तै छ। गणेशपुर गाविसको कुजाकोट गाउँ तथा पूर्वप्रधानमन्त्री देउवाको पुर्ख्यौली घरसँगैको अशिग्राम गाविसको स्थिति पनि उस्तै छ। स्थानीय हलिया जोगी लुहार भन्छन्,

---

[४१] *बैतडी जिल्ला सदरमुकामका प्रतापराम लावडसँग २०६३ चैत २७ मा भएको कुराकानीमा आधारित।*

"म केशर बहादुर देउवाको हलिया हुँ र म पनि अरू हलियाको जस्तै परिस्थितिमा छु।"[४२] यसले एकातिर हलियाहरूको वास्तविक स्थितिको चित्रण गर्छ भने अर्कोतिर तिनलाई मुक्त बनाउने राजनीतिक दल र नेताहरूको आश्वासन कसरी विलिन हुँदैछ भन्ने पनि देखाउँछ।

गणेशपुर गाउँमा टमटा, लोहार, सार्की तथा दमाई जातका गरेर कुल तीस परिवार बस्छन्। जोगी लुहार भन्छन्, "देउवाहरू कुमाऊदेखि आए। हामी त यहीँका आदिवासी हौँ। तर २०३२ सालको नापीमा तिनीहरूले सबै जमिन आफ्नो नाममा लेखाएछन्। पहिला त हामीलाई जग्गाधनीलाई नै मोही भनिन्छ भनियो, पछि त हामी साँच्चै नै मोही पो भयौँ।" सोही गाउँका गगने दमाईले त्यो बस्ती नै करवीर देउवा र लालबहादुर देउवाको नाममा दर्ता भएको बताए। पूर्वप्रधानमन्त्री देउवाले भोट माग्दा गरेका प्रतिबद्धता सम्झँदै गगने दमाई भन्छन्, "उनले हामीसँग आएर ती जमिन हामीलाई नै फिर्ता गरिदिन्छु भनेका थिए। हामीले उनलाई भोट दियौँ तर अझै पनि त्यो देउवाहरूकै नाममा छ।"[४३]

अशिग्राम गाविस-८, बापुरका शिक्षक हेमबहादुर देउवाका अनुसार अहिले हलिया राख्ने जमिन्दारहरू चार वा पाँचजना मात्रै छन्। कुजाकोट गाविसका दलितहरूको भूमि अझै पनि उनको बाबुको नाममा छ। हेमबहादुर आफूले काम गराउनको लागि कुनै हलिया नराखेको बताउँदै थिए। तर कुराकानीकै क्रममा उनले भने, "म शिक्षक र मेरा भाइ 'इण्डिया' मा काम गरिरहेका हुनाले हामीलाई हलिया राख्न करै लाग्छ। हाम्रो घरमा खाना नखाएसम्म त तिनी (हलिया) हरू सन्तुष्ट पनि हुँदैनन्।" हेमबहादुरले दलित र हलियाका नाममा जमिन पास गर्न आफू तयार रहेको पनि बताए। यद्यपि दलितहरूका पनि आफ्नै द्विविधा छन्। हेमबहादुरको नाममा भएको जग्गामा बस्दै आएका धानि लोहार भन्छन्, "हामी आफ्ना वृद्ध आमाबाबुलाई यहीँ छोडेर 'इण्डिया' जान्छौँ। तर तिनीहरूसँगै जोरी खोज्न थाल्यौँ भने त हामीले तिनलाई यहाँ कसरी छोड्न सक्छौँ र ?"

गणेशपुर-४, मैलोडा गाउँ पनि अशिग्रामसँगै जोडिएको छ। यसै ठाउँमा एकजना स्थानीय जमिन्दार नवराज भण्डारीले १७ दलित घरपरिवार बस्दै

---

*[४२] डडेल्धुरा जिल्ला गणेशपुर गाविसको कुजाकोट गाउँका जोगी लुहारसँग लेखकले २०६३ चैत २५ गते गरेको कुराकानीमा आधारित।*

*[४३] डडेल्धुराको गणेशपुर गाविसका गगने दमाईसँग लेखकले २०६३ चैत २५ गते गरेको कुराकानीमा आधारित।*

आएको जमिन तिनकै नाममा नामसारी गराएर मुक्त गराएको पाइयो। भण्डारीले प्रतिघर जम्मा ०.००५५ हेक्टर जमिनका दरले मात्रै नामसारी गराएका थिए। घर बनेका केही जमिन हलियाका नाममा भए पनि बाँकी सबै जमिन नवराजकै नाता पर्ने गंगाराम भण्डारीको नाममा छ। हलिया अधिकार मञ्चका अध्यक्ष डम्मर सिंह टमटा भन्छन्, "यहाँ सबैभन्दा पहिले भण्डारीहरू आए या हामी भन्ने निश्चित छैन तर हामीले वन फाँडेर खेती गरेपछि नै तिनले यो जमिन नामसारी गरेका हुन्।"

ऋण लिएर र जमिन्दारका शर्तमा बाँधिएर आफूहरूले अन्याय भोग्नु परेको हलियालाई पनि थाहा छ। खेत जोत्ने शर्त स्वीकार गरेपछि मात्रै तिनले ऋण पाउँछन्। माओवादी सशस्त्र द्वन्द्व विस्तृत बन्न थालेपछि हलियाहरूले केही मुक्तिको सास फेर्न थालेका हुन्। तर माओवादी सरकारमै आएपछि पनि यसमा कुनै उल्लेख्य प्रगति देखिएको छैन।

## १२.३ हलियाहरूको अरण्यरोदन

हरुवा-चरुवाको स्थितिले तराईमा अझै पनि दासता कायमै रहेको प्रमाण दिन्छ। चर्चित जनआन्दोलन २०६२/०६३ पछि सिराहा-सप्तरी क्षेत्रमा 'मधेस र मधेसीको स्वतन्त्रता' को नारा निकै प्रख्यात भयो। पूर्वी तराईको केन्द्रस्थल मानिने लहानमा 'एक स्वायत्त मधेस प्रदेश' को उद्देश्य लिने समूहदेखि लिएर अलग्गै राज्यको माग राख्दै सशस्त्र द्वन्द्वमा होमिएका समूहले समेत 'मधेसी जनताको स्वतन्त्रता' को नारा कुर्लने गरेका छन्। तर पनि २०६३ माघमा भएको मधेस आन्दोलन हरुवा-चरुवासम्बन्धी दासप्रथाको बारेमा मौन थियो। उत्तेजित समूहले यस प्रथाको त नामसमेत उच्चारण गर्न खोजेका छैनन् जस्तो देखिन्थ्यो। त्यतिबेला जनसंख्यामा एक तिहाई दलित समेट्ने जिल्लाहरूमा समेत वञ्चित समुदायको मुक्तिका लागि कुनै आवाज नै उठाइएन। सायद धेरैजसो नेताहरू हरुवा-चरुवा प्रथाबाटै लाभान्वित भइरहेकाले पनि यस्तो भएको हो।

वि.सं. २०६३ माघमा भएको तराई आन्दोलनले माओवादीलाई त्यस क्षेत्रबाट नै बढार्ने उद्देश्य लिएको थियो। यसमा मध्यम वर्गीय तराईवासीको माओवादीप्रतिको आक्रोश मिसिएको थियो। जे भएपनि यो मधेस आन्दोलनको सफलतापछि पनि हरुवाको स्थिति सदाका झैँ दयनीय र कठिन नै रहेको छ।

रामनाथ यादवका हरुवा गोविन्दपुर गाविस-६, मल्हनुवा गाउँ, सिराहाका पचपन्न वर्षीय जगविर सदासँग २ कट्ठा (०.०८ हेक्टर) खेतीयोग्य जमिन छ। एक दर्जन बालबच्चाका पिता जगविरले बाह्रैमास अन्नको संकट झेल्नुपर्छ।

गिरहतले उनलाई अन्न बाँड्ने शर्तमा खेती गर्नको लागि ०.१६ हेक्टर जमिन दिएको छ। यसको बदला उनले खेतमा निकै मिहिनेत गर्नुपर्छ। जगविर भन्छन्, "सालभरि उनको लागि काम गर्नुपर्छ। एक दिनको कामको लागि मैले चार किलो धान पाउँछु।"[४४] प्रतिकिलो दश रूपैँयाका दरले चार किलोग्राम धानले उनले दैनिक जम्मा चालीस रूपैँया मात्र ज्याला पाउँछन्। अन्त कतै काम गऱ्यो भने योभन्दा धेरै कमाउन सकिन्छ भन्ने उनलाई थाहा छ। तर उनको लागि गिरहतको जमिनमा काम गर्नुको विकल्प छैन। न उनको आफ्नै कुनै जमिन छ, न त काम गर्न जानको लागि अर्को कुनै ठाउँ छ।

हरिहरपुर गाविसका दर्शन मण्डल (खत्वे) को स्थिति झनै दयनीय छ। उनको परिवार स्थानीय गिरहतको तेस्रो पुस्ताको हरुवा हो। "म उनको एकमात्रै हरुवा हुँ", दर्शन भन्छन्, "म जोत्छु, मेरी श्रीमती झार उखेल्छिन् र गहुँ छर्छिन्, अनि मेरो दश वर्षीय छोरो जमिन्दारको बस्तुभाउ हेर्छ।"[४५]

उनलाई गुजाराको लागि ०.१६ हेक्टर जमिन दिइएको छ तर यसमा बर्सेनि २०० किलोग्राम गहुँ पनि फल्दैन। खेतीको याममा उनले पहिले गिरहतको जमिन जोतिसकेपछि मात्रै आफ्नो जमिन जोत्न पाउँछन्। यतिबेलासम्म त प्राय: खेतीको याम नै सकिएको हुन्छ। उनका कति पुस्ताले यसरी हरुवा भएर काम गरे भन्ने उनी आफैँलाई थाहा छैन। खेतीपातीका काम नभएको बेलामा उनी अरू काम खोज्छन्। तर यस्तो कुनै अवसर पाइहाले पनि उनले जमिन्दारको घरायसी काम भने गरिदिनै पर्छ।

दर्शन आफूले साहूलाई तिर्नुपर्ने ब्याज कति हो भन्ने पनि पत्तो नभएको बताउँछन्। गिरहतलाई लगभग ५,००० रूपैँया तिर्न बाँकी रहेको उनको अनुमान छ। जति नै कठिन काम गरे पनि त्यो रकम घट्नुको साटो झनै बढिरहन्छ। उनलाई पाँच सदस्यीय परिवार धान्नुपर्छ, औषधिमूलो गर्नुपर्छ, अनि चाडपर्व पनि मनाउनुपर्छ। उनी २०६२/०६३ को जनआन्दोलनमा र त्यस्तै 'तराई आन्दोलन' मा पनि सहभागी भएका थिए। उनी लहान र राजविराजसम्म पनि पुगे। उनी भन्छन् "गिरहतले जा भने अनि गएँ।" तर यी दुवै आन्दोलनको सफलतापछि पनि उनको जीवनमा कुनै परिवर्तन आउन सकेको छैन। वार्षिक

*[४४] गोविन्दपुर गाविस-६, मल्हनुवा, सिराहाका जगविर सदासँग लेखकले २०६४ भदौ २० मा लिएको अन्तर्वार्तामा आधारित।*

*[४५] गोविन्दपुर गाविस-६, मल्हनुवा, सिराहाका दर्शन मण्डलसँग लेखकले २०६४ भदौ २० मा लिएको अन्तरवार्तामा आधारित।*

कमाइको हिसाब गर्ने हो भने हरुवाले दैनिक जम्मा साढे दुई किलोग्राम गहुँ पनि कमाउन सक्दैनन् भन्छन् दलित अधिकारकर्मी बलदेव राम।[४६]

प्रत्येक वर्ष श्रीपञ्चमीको दिन जमिन्दार र जोत्नेहरूबीच मौखिक सहमति गरिन्छ। त्यो दिन यदि बाबु हरुवा बने भने छोराछोरी चरुवा बन्छन् र जमिन्दारका बस्तुभाउ चराउन थाल्छन्। हरुवाहरूलाई छोराछोरी विद्यालय पठाउने काममा गिरहतले नै निरुत्साहित गर्छन्। बलदेव भन्छन्, "गिरहतले थप अन्नको लोभ देखाएर हरुवाका छोराछोरीलाई आफ्ना बस्तुभाउ हेर्न भनिरहेका हुन्छन्। जमिन्दारहरूले मदिरा समेत पियाएर हरुवालाई आफ्नो लागि काम गर्न उत्प्रेरित पार्छन्।"

सिराहा र सप्तरी जिल्लाका शोषित दलित बस्तीमा जमिन्दारी प्रथा चौतर्फी फैलिएको छ। आजसम्म पनि ती दलितहरू आफ्ना साहू ठीक हुन् भन्ने विश्वास गर्छन्। तिनीहरू अझै पनि आफ्नो छोरीको बिहेवारी गर्नको लागि जमिन्दारको अनुमति पर्खेर बस्छन्। बलदेव भन्छन्, "यस समुदायका मानिसहरू विधवा र तिनका छोरीहरूमाथि समेत जमिन्दारको अधिकार हुन्छ भन्ने विश्वास गर्छन्।"[४७]

मुसहर, चमार, दुसाद्, धोबी, खत्वे, डोम, बाँतर, हल्खोर आदि श्रम आधारित शोषणमा परेका तराईका केही मुख्य दलित जातिहरू हुन्। यस्ता जाति बहुसंख्यक रूपमा भूमिहीन तथा सुकुम्बासी छन् र हरुवाको रूपमा काम गर्छन्। तिनीहरू आफ्ना बालबच्चालाई चरुवा बनाउन बाध्य छन्। पूर्वी र मध्य तराईका हरुवा तथा चरुवाहरू मध्य र सुदूरपश्चिमी जिल्लाका हलिया र कमैयाजस्तै छन्। कमैया मुक्तिको घोषणासँगै हरुवाहरूलाई पनि वैधानिक रूपमा नै मुक्त गरिनुपर्थ्यो तर यससम्बन्धमा अझै कुनै कदम चालिएको छैन। दलित अधिकारकर्मी बलदेव राम यस्ता हरुवा-चरुवाको संख्या हलिया र कमैयाको भन्दा बढी रहेको दाबी गर्छन्।[४८]

## १२.४ निष्कर्ष

पश्चिम नेपालका हलिया हुन् वा पूर्वी तराईका हरुवा-चरुवा, यी दुवैथरी भूमिहीन हुनुका साथै पुस्तौंदेखि श्रम शोषणको मारमा परेका छन्। तिनको लागि जीविकाको एक मात्र माध्यम भनेको कृषि श्रम नै हो। यी दुवै दलित

---

*[४६] २०६४ भदौ २२ गते लेखकले लिएको अन्तर्वार्तामा आधारित।*

*[४७] २०६४ भदौ २२ गते लेखकले लिएको अन्तर्वार्तामा आधारित।*

*[४८] २०६४ भदौ २२ गते लेखकले लिएको अन्तर्वार्तामा आधारित।*

हुनुका साथै गरीब पनि छन्। कानूनले तराईका कमैया र हलिया तथा हरुवा-चरुवालाई एकै वर्गमा राखेको छ। कमैया श्रम निषेध ऐन २०५८ को दफा २ (ख) मा लेखिएको छ "कमैया श्रमिक भन्नाले भैसवार, गैवार, बर्दिवार, केकवार, हरुवा, चरुवा, हली, गोठालो, कम्लरिया वा अन्य यस्तै नामबाट कमैया श्रम गर्ने व्यक्ति सम्भनुपर्छ।" यस ऐनअनुसार हलियाहरू पनि मुक्त बनाइनुपर्ने हो तर यस्तो भएको छैन।

हलिया प्रथा कायमै रहनुको एक प्रमुख कारण त्यस क्षेत्रका राजनीतिक नेता र दलहरूमा प्रतिबद्धताको कमी हुनु हो। ठूला राजनीतिक दलका जिल्ला नेताहरूले समेत सस्तो श्रमको लागि हलिया र हरुवा राख्ने गर्छन्। यदि सबै राजनीतिक दलहरूले हलिया र हरुवा प्रथाविरुद्ध अभियान थाल्ने हो भने यो समस्या सहजै समाधान हुन सक्थ्यो।

हलिया र हरुवा प्रथा उन्मूलन गर्ने हो भने तिनलाई ऋणमुक्त गराएर स्वतन्त्र पारिनुपर्छ। हलिया र हरुवाहरूले पुस्तौँदेखि जोत्दै आएको जमिन तिनकै नाममा नामसारी गराउनुपर्छ र तिनलाई उचित तवरले क्षतिभरण गराइनुपर्छ। साथै सरकारले देशभित्र रहेका हलिया र हरुवा-चरुवाको वास्तविक तथ्याङ्क तयार पार्नुपर्छ। दीगो जीवनयापनका लागि हलियाहरूलाई कृषि पेशामै लगाउनु पनि एउटा अल्पकालीन समाधान हुनसक्छ। हरुवा-चरुवा र हलिया दुवै भूमिमै निर्भर छन्। तिनलाई भूमिमाथिको मोहियानी हक दिइनुपर्छ। मुक्तिको घोषणाले मात्रै समस्याको सही समाधान गर्न सक्दैन। भविष्यमा जमिन्दारहरूको कठोर शर्त मान्नै पर्ने अवस्था आउन नदिनका लागि पनि तिनलाई भूमिमाथिको अधीनत्व दिइनु अत्यावश्यक छ।

# खण्ड चार

# आगामी कदम

## परिच्छेद १३

✍ जगत बस्नेत र विष्णुराज उप्रेती

# नेपालमा रूपान्तरणमुखी भूमि सुधारः अबको बाटो

### १३.१ पृष्ठभूमि

वि.सं. २००७ देखि नै भूमि सुधारका मुद्दाहरूलाई 'जसको जोत, उसको पोत' भन्ने नारामा मात्रै सीमित पारिँदै आएको हो। फलत: जमिन नजोत्ने धेरै मानिसहरू जग्गाधनी भएका छन् भने सोही भूमिमा जोत्नेहरूको आफ्नो अधीनत्व अथवा अधिकार नै छैन। यस्तो अधीनत्व नहुँदा जोत्नेहरू भूमिमाथि लगानी गर्न अनिच्छुक छन्। त्यस्तै भूमि व्यवस्थापनमा लगानी गर्न जग्गाधनी पनि इच्छुक देखिँदैनन्। यसैको परिणामस्वरूप अपेक्षाकृत उत्पादकत्व हासिल भएको छैन। साथमा कुल गार्हस्थ उत्पादन (ग्रस डमेस्टिक प्रडक्ट: जिडिपी) मा कृषिको योगदान पनि ओह्रालो लाग्दो छ।

भूमि शक्ति, प्रतिष्ठा, सम्पत्ति, पहिचान तथा जीविकाको सुरक्षाको स्रोत हुनाले एकातिर थोरै जमिन भएका अथवा हुँदै नभएका गरीब जनताहरू सबै कुराको सजिलै प्रभावमा पर्छन्। अर्कातिर, सत्तासिन व्यक्तिहरू यस्तो संरचनागत विषयमा उति धेरै सरोकार राख्दैनन्। यसले गरीबहरूलाई झनै दोस्रो दर्जाको नागरिकजस्तो बनाएको छ। वि.सं. २०४६ पछि सातओटा आयोग बने पनि भूमिहीन तथा मोहीहरूले आफ्नो जीवन धान्न पर्याप्त जग्गा अझै पाउन सकेका छैनन्। राज्यले सबै सेवाहरू जग्गाधनी प्रमाण-पूर्जासँग गाँसेको छ तर अधिकांश गरीब जनताले भने त्यही पूर्जा पाउन सकेका छैनन्। यस परिच्छेदमा भूमि सुधारको बुझाइ, भूमिमाथिको ऐतिहासिक नियन्त्रण, वर्तमान अवस्था, शक्ति संरचना तथा माओवादी विद्रोहको प्रादुर्भावदेखि अन्तरिम संविधान लेखनसम्मका भूमि सुधारसम्बन्धी बहस र भूमि सुधारका वैकल्पिक नमुनाहरू प्रस्तुत गरिएका छन्। राजनीतिक र वर्गीय दुवै विषय हुनाले भूमि सवाललाई सम्बोधन नगर्दासम्म आर्थिक स्थायित्व र सामाजिक न्याय स्थापना गर्न सकिँदैन। अब नवीन नेपालमा रूपान्तरणमुखी भूमि सुधारको विकल्प छैन।

किनभने सामाजिक न्याय, आर्थिक उन्नति र गरीब किसानहरूको जीविका सुरक्षा हासिल गर्न यो नभई हुँदैन। यस परिच्छेदमा रूपान्तरणमुखी भूमि सुधारको अवधारणा, स्थायित्व तथा तिनको महत्वबारे व्याख्या गर्ने प्रयत्न गरिएको छ।

सामान्य अर्थमा मानिसले भूमि सुधारलाई एउटाको जमिन जफत गरेर अरूलाई वितरण गर्ने प्रक्रिया भन्ने बुझ्छन्। राजनीतिक नेता, कर्मचारी वर्गसाथै राष्ट्रिय योजना आयोगका सदस्यहरूसमेतमा यस्तो सोचले जरा गाडेको छ। भूमि पुनर्वितरण गर्नु रूपान्तरणमुखी भूमि सुधारको एउटा पाटोमात्रै हो। भूमिहीन, मोही र गरीब किसानलाई मात्र नभएर भूमि सुधार जमिन्दार, उद्योगी तथा व्यापार र गैरकृषि क्षेत्रमा आबद्ध धनी व्यक्तिहरूको लागि पनि हो।

पुनर्वितरणको लागि जमिन नै छैन भन्नु गलत बुझाइ हो। जमिन तन्काउन नसकिने हुनाले यसलाई बाँडफाँड गर्न सम्भव छैन भन्ने तर्क पनि बेलाबेलामा आउने गरेको छ। उदाहरणका लागि भूमि वञ्चितहरूको संस्था राष्ट्रिय भूमि अधिकार मञ्चले राजनीतिक दलको कार्यालयमा धर्ना कार्यक्रम गर्दा नेताहरूले ठीक यही तर्क अघि सारेका थिए (बस्नेत, २००७)। जमिन तन्काउन र सबैलाई बराबर बाँड्न सकिँदैन भन्ने सत्य हो। यस्तो गर्न आवश्यक पनि छैन। तैपनि भूमि एक प्राकृतिक स्रोत हुनाले सामाजिक न्याय र गरीबहरूको जीविकाको सुरक्षा अभिवृद्धि गर्न यसको पुनर्वितरण र प्रभावकारी उपयोग अत्यन्तै जरुरी छ। सबैलाई भूमि वितरण गरिनुपर्छ भन्ने छैन तर कृषिमा प्रत्यक्ष सम्बद्ध परिवारले चाहिँ यसको हिस्सेदार बन्न पाउनुपर्छ। जमिनमा काम नगर्नेलाई घर तथा करेसाबारीको लागि सीमित जमिन दिए पुग्छ। झन् बहालमा बसी गैरकृषि क्षेत्रमा काम गर्ने मानिसलाई खेती गर्ने जमिनको आवश्यकता नै पर्दैन।

भूमि सुधार सुकुम्बासी तथा अतिक्रमणकारीहरूसँग सम्बन्धित विषय मान्ने मानसिकता अझै व्याप्त छ। तर यसले यी संकुचित व्याख्याभन्दा पर न्याय र सामाजिक-आर्थिक उन्नतिसँग सम्बन्ध राख्छ। वितरणसँग मात्र नभएर यो प्रभावकारी व्यवस्थापन, दक्ष भूमि प्रशासन र गरीब तथा किसानले न्याय अनुभूत गर्नुसँग पनि सम्बन्धित छ। यस परिप्रेक्ष्यमा गरीबी निवारण, सामाजिक असमानता, वर्गीय विभेद, दमन र भूमिबीचको सम्बन्धलाई विस्तृत विश्लेषण गर्नु पनि जरुरी छ।

## १३.२ भूमिमाथि नियन्त्रणको ऐतिहासिक प्रक्रिया

नेपालमा पहिलेका राजावादी, शाही परिवार, राणा तथा तिनका अन्य उत्तराधिकारीहरूले लामो समयसम्म जहाँनिया शासन लादेका थिए। भूमिमाथि २४० वर्षसम्म तिनकै शीर्ष नियन्त्रण कायम रह्यो। नेपालमा लामो समयसम्म

सचिवालय प्रशासनिक तथा राजनीतिक नियन्त्रणको केन्द्रस्थल राजदरबार थियो। यसले देशको समग्र नीति तथा निर्णय प्रक्रियामाथि प्रभुत्व जमाएको थियो।

वि.सं. २००७ कात्तिकमा सरकारले पश्चिम नेपालमा बटैया (बाली विभाजन) र हुन्डा (करार) प्रथाको अन्त्य घोषणा गर्‍यो। उसले यस्ता सबै जग्गाहरू किसानहरूलाई वितरण गर्‍यो। नेपालको ग्रामीण इतिहासमा यो एउटा क्रान्तिकारी कदम थियो। दुर्भाग्यवश, त्यसपछि गठित प्रजातान्त्रिक सरकारले त्यस्ता सबै जग्गा जमिन्दारलाई नै फिर्ता गर्न आदेश दियो (थापा, २००१:११९)।

कठोर श्रम विभाजन पुन: लाद्न जातीय व्यवस्थाको विस्तार, प्रभावशाली हिन्दू जनताद्वारा रैथाने जनतालाई तिनको जमिनबाट गरिएको क्रमिक विस्थापन तथा कुलीन, जहानियाँ वर्गका सदस्य, शाही पुजारी, वरिष्ठ सैनिक तथा निजामती अधिकारीहरूद्वारा ठूलो मात्राको उत्पादनशील जमिनमाथि गरिएको निजीकरण आदि आर्थिक तथा ग्रामीण असमानताका ऐतिहासिक परिस्थिति थिए। राज्य संयन्त्र तथा राजनीतिक शक्तिमाझ हालिमुहाली हुनाले यस्तो परिस्थितिमाथिको कुनै पनि परिवर्तनलाई तिनले ठाडै अस्वीकार गर्थे (घिमिरे, १९९१)। गरीब र भूमिहीनलाई जग्गा प्रदान गर्नुपर्ने सरकारी पुनर्वास परियोजनाहरूले पनि यथार्थमा त्यस्तो गर्न सकेनन्। यसको साटो पूर्वकर्मचारी, राजनीतिकर्मी, स्वदेश फिर्ता भएका नेपाली तथा अन्य प्रभावशाली तत्वहरूले वितरित जमिनको महत्वपूर्ण हिस्सा हात पारे (थापा, २०००)।


शाह र राणाहरूले आफ्नो शासन जोगाउन र कर उठाउन चौधरी (तराईका जमिन्दार), जिम्मुवाल र मुखिया नियुक्त गर्थे। यसको बदला तिनले शासकलाई बुझाउन आवश्यक पर्नेभन्दा बढी राजस्व उठाउँथे र जमिनमाथि पनि नियन्त्रण कायम राख्थे (रेग्मी, १९९९ए)। वि.सं. १९२४ मा रकमरूपी कर तिर्नुपर्ने व्यवस्था सुरु भएपछि तिनले कागज गराएर ऋण दिई जमिन जफत गर्ने काम थाले। यसैगरी मुखिया र जमिन्दारले गरीबलाई जंगल फाँड्न लगाएर ती जमिन पनि आफ्नै नाममा लेखाए। डडेल्धुरा जिल्लाको अशीग्राम गाविसको जंगलनजिकै दलितहरूले खेतीयोग्य जमिन बनाएका थिए। पछि २०३१ सालमा सर्वेक्षण टोलीले यसलाई स्थानीय मुखियाको नाममा लेखिदियो।

कागज गरी लिइएका ऋण नै भूअधीनत्व परिवर्तन गर्ने माध्यम बन्यो। जिम्मुवाल र मुखियाहरूद्वारा ऋणमाथि उच्च ब्याज लगाउने र ऋण तिर्न नसके जमिन जफत गर्ने राणाकालदेखिको चलन अद्यापि कायम छ (थापा, २०००)। वि.सं. २००७ पछि भूमिको मूल्य बढ्यो। गरीबले जमिन किन्न नसक्ने भए। यसरी भूमि हुनेखानेले थुपार्ने वैभवमा परिणत भयो।

## १३.३ गरीबी, शक्ति र भूमिसँगको पहुँच

नेपाल जीवनस्तर सर्वेक्षण सन् २००४ अनुसार नेपालमा कुल जनसंख्याको ३१.८% मानिसहरू गरीबीको रेखामुनि छन्। यद्यपि नागरिक समाजका मानिसहरू यो आँकडासँग सहमत हुँदैनन् र यस्तो तथ्य अझ बढी हुनुपर्ने अनुमान गर्छन्। नेपालमा जम्मा ४२ लाख घरपरिवार छन् र त्यसमध्ये १३ लाख जति भूमिहीन अथवा भूमिहीनताको नजिक छन् (सिबिएस, २००३)। तिनमध्ये भूमिहीन अथवा भूमिहीनताको नजिक भएकाहरू दलित, जनजाति समुदाय र महिला बढी छन्।

**चित्र १३.१: सन् १९७३ मा उपभोग्य जमिनको प्रकार**




*स्रोत: जामान (१९७३)*

भूमि आर्थिक गरीबीको मात्र नभएर मानवीय गरीबीको कारण पनि हो। जमिन जोत्ने तथा विपन्न जनताहरू शक्तिसँगको पहुँचबाट टाढै राखिएका छन्। तिनीहरू आफ्ना आधारभूत मानव अधिकारबाट समेत पाखा पारिएका, वञ्चित बनाइएका र अस्वीकृत गरिएका छन्। वि.सं. २००७ सम्म बिर्ता, जागीर र गुठीको नाममा शाही नातेदारहरूले ५०% जग्गा नियन्त्रण गरेको चित्र १३.१ ले स्पष्ट पार्छ।

सामाजिक-सांस्कृतिक संस्थाहरू उत्पादनशील सम्पत्तिको असमान वितरण तथा जमिन्दार र किसानबीचको संरक्षक-ग्राहक सम्बन्धद्वारा निर्देशित हुन्छन्। उत्पादनका साधनको अधीनत्व राजनीतिक-आर्थिक शक्तिको आधारभूत तत्व

भएको हुनाले नेपालको ग्रामीण अर्थतन्त्र भूमि वितरणको विशाल असमानतामा फँसेको छ। यसले थोरै (करिब ४%) तर ठूला जमिन्दारको हातमा शक्ति एकत्रित गराएको छ। यी जमिन्दारले ग्रामीण अर्थतन्त्रमात्र नभएर गाउँदेखि राष्ट्रिय स्तरसम्म फैलिएको राजनीतिक र सामाजिक जीवन शैलीमाथि पनि नियन्त्रण जमाएका छन् (खड्का, १९९४)।

वि.सं. २०२१ मा ल्याइएको भूमि ऐनले मोहीले कारणवश ऋणको ब्याजदर तिर्न नमानेमा तिनलाई निष्कासन गर्नसक्ने गरी जमिन्दारलाई असीमित अधिकार दियो। वर्षौंदेखि गाउँको जमिनमा खेती गर्दै आएका किसानहरूले जमिन्दारको आज्ञापालन नगर्दा यस्तो शासनले उनीहरूबाट क्रमिक रूपमै त्यो जग्गा खोसेर अरूलाई वितरण गर्‍यो।

खेती गर्ने जनसंख्याको ठूलो हिस्सालाई आधारभूत मोहियानी हक पनि दिइएन। भूमि ऐन वि.सं. २०२१ जारी गरिएको चार दशकपछि पनि ४ लाख ५० हजारभन्दा धेरै मोही परिवार दर्ता नै नभएको बडाल उच्चस्तरीय भूमि सुधार आयोग (सन् १९९६) ले उल्लेख गरेको छ। दर्ता गरिएका मोहीले पनि मोहियानी हक पाएका छैनन्। भूमि सुधार तथा व्यवस्थापन विभागले वि.सं. २०५६/५७ मा ३५ जिल्लामा गरेको सर्वेक्षणले २ लाख ६६ हजार २६१ जना दर्तावाल मोहीहरू मोहियानी हक पाउन योग्य भए पनि तिनले अझै अधिकार नपाएको देखाएको छ (सिएसआरसी र आइएलओ, २००६)।

नेपालमा वि.सं. २०२१ मा पहिलो भूमि ऐन आउनुअघि शासकहरूको स्वेच्छाचारी निर्णयको आधारमा भूमि व्यवस्थापन तथा प्रशासन सञ्चालन गरिएको थियो। यो ऐन आइसकेपछि पनि यसलाई न वैज्ञानिक रूपमा विकसित गरियो न त साँचो अर्थमा लागू नै गरियो। उक्त समयमा ६५% गरीब किसानसँग कुल जग्गाको केवल १५% भूमि थियो भने कुल भूमिको ३९.७% हिस्सा जनसंख्याको ३.७% मात्रै भएका धनी र सामन्ती-वर्गले ओगटेका थिए (सिबिएस, १९६२)। भूमि सुधार ऐन लागू भएपछि हदबन्दीले प्रभावित हुने जमिन्दारहरूको संख्या जम्मा ९,१३६ मात्रै थियो। यिनीहरूसँग हदबन्दीको सीमा नाघ्ने केवल ५०,५८० हेक्टर जमिनमात्रै थियो। यसमध्ये पनि जम्मा ३२,३३१ हेक्टर जमिन अधिग्रहण गरियो र त्यसको ६४% भूमि पुनर्वितरण गरियो। परिणामतः कुल खेतीकृत जग्गामध्ये भूमि सुधारपछि पनि ९.९% धनी किसान र जमिन्दारसँग कुल जग्गाको ६०.८% हिस्सामाथि अधीनत्व थियो (जामान, १९७३)। भूमिमाथि जमिन्दारको विद्यमान हकमा त्यतिबेला पनि कुनै फेरबदल भएको नभएको यसै तथ्यले अर्थ्याउँछ । वास्तवमा यो भूमि सुधारले पनि मोहीको संख्या घटाउन सकेन। किनकि भूमि सुधार ऐनको कार्यान्वयनपछि पनि ३१.२%

किसानहरू मोही नै रहेको पाइएको थियो (जामान, १९७३)। सरकारले मोहियानी हक व्यवस्था लागू गरेको दुई दशकपछि पनि तराईका २८% घरपरिवार बेदर्तावाल मोही भएको पाइयो (आइडिएस, १९८६; खनाल, १९९४)।

पछिल्लो शताब्दीको अन्त्यतिर एकतन्त्रात्मक शासनले कुलीन वर्ग, सैनिक जनरल र राज्यद्वारा रुचाइएका अन्य कर्मचारीहरूलाई भूमि अनुदान दियो। यसरी वि.सं. २०१७ पछिको दशकमा सीमित भूमि सुधारको व्यवस्था ल्याइयो। यद्यपि थुप्रै ठूला जमिन्दार (हदबन्दीभन्दा अधिक जमिन भएका) हरू अझै पनि निरन्तर अस्तित्वमा छन्।

हालका वर्षमा धेरै जमिन्दारहरू कृषिमा नभई व्यापार क्षेत्रमा आबद्ध भए पनि भूमिमाथि तिनको नियन्त्रण कायमै छ। जमिन्दारलाई मोही निष्कासन गर्न दिइएको अधिकारले मोही कृषकहरू मोहियानी हकबाटै वञ्चित बनाइएको उदाहरण तालिका १३.१ ले देखाएको छ। सो तालिकामा देखिएअनुसार सन् १९६१ मा कुल कृषि घरपरिवारको ४०.४% मोही थिए तर यो अंक सन् २००१ मा पुग्दा १२.२% मा झऱ्यो। यस्तो हुनुको कारण जमिन्दारले ती परिवारलाई आफ्नो मोहीबाट निष्कासन गर्नु नै थियो। मोहियानी अन्तर्गतको जमिन सन् १९६१ देखि घटेको पनि सो तालिकाले स्पष्ट देखाउँछ।

**तालिका १३.१: सन् १९६१ देखि सन् २००१ सम्मका मोही र मोहियानी**

| विवरण | सन् १९६१ | सन् १९७१ | सन् १९८१ | सन् १९९१ | सन् २००१ |
|---|---|---|---|---|---|
| कुल मोही घरपरिवार (कुल कृषि घरपरिवारको प्रतिशत) | ४०.४ | १९.० | ९.५ | १५.९ | १२.२ |
| मोहियानी अन्तर्गतको भूमिक्षेत्र (हेक्टर) | २५.५ | १५.९ | ६.२ | ८.५ | ८.७ |

*स्रोत: बडाल आयोग (१९९६) र सिबिएस (२००३)।*

सन् २००४ को नेपाल मानव विकास प्रतिवेदनअनुसार नै ग्रामीण घरपरिवारको २९% सँग खेती गर्ने कुनै जमिन छैन। यसलाई आधार मान्ने हो भने पचपन्न लाख नेपाली जनताहरू भूमिहीन देखिन्छन्। आफ्नै जग्गा नभएको हुनाले भूमिहीन र भूमि-विपन्नहरू ठूला किसान र जमिन्दारको दयाको पात्र बन्नु परेको छ। तिनीहरू बारम्बार नगण्य ज्यालामा श्रम गर्न बाध्य छन्। यसले अन्ततः तिनलाई बँधुवा श्रमिक बन्न बाध्य बनाउँछ। तीमध्ये धेरैजसो त अशिक्षित छन् र उनीहरूसँग जीविका धान्ने कुनै स्रोत नै छैन। भूमिहीन हुनाले उनीहरूसँग आफ्नै

समुदायमा कुनै सामाजिक स्तर पनि छैन। राज्यका सेवा-सुविधाहरू जग्गाधनी पूर्जासँग गाँसिएका हुनाले गुजारामुखी समाजमा आत्मोन्नति र राजनीतिक सहभागिताको लागि भूमि नै निर्धारक तत्व बन्न पुग्छ। भूमिहीन जनताहरू ब्याङ्क ऋण, विद्युत, पिउने पानी, वैदेशिक रोजगारी र शिक्षाजस्ता विभिन्न सेवाबाट समेत वञ्चित छन्। फलतः उनीहरू गरीबीको दुष्चक्रमा फँसेका छन्। भूमिहीनहरू त अझ कृषि सेवाजस्ता राज्येतर सेवा र फाइदाबाट समेत बहिष्कृत गराइएका छन्। उनीहरूलाई राष्ट्रका दोस्रो दर्जाको नागरिकका रूपमा व्यवहार गरिन्छ।

सन् २००४ को नेपाल मानव विकास प्रतिवेदनअनुसार नै नेपालका ९०% अति विपन्न जनताहरू कृषिमा निर्भर छन्। त्यस्तै २९% ग्रामीण परिवारसँग भूमि अधीनत्व नै छैन। कुल भूमिको ३७% भाग त खेतीमै सम्बद्ध नभएका ५% धनी नागरिकको नियन्त्रणमा छ। वि.सं. २०५८ को जनगणनाअनुसार नेपालमा १० लाख ३७ हजार परिवार प्रत्यक्ष रूपमा कृषि पेशामा निर्भर छन्।

## १३.४ भूमिसम्बन्धी सवालः माओवादी सशस्त्र द्वन्द्वदेखि संविधानसभासम्म

२०५२ फागुनमा सशस्त्र द्वन्द्व सुरु गर्नुअगावै माओवादीले सरकारलाई दिएको ४० बुँदे माग-पत्रमा भूमि सुधार र तत्सम्बन्धी विषयहरू समावेश गरिएका थिए। मोहीको अधीनत्वमा भूमि हुनुपर्छ र सामन्ती जमिन्दारबाट खोसेर जमिन भूमिहीन र सुकुम्बासीलाई वितरण गरिनुपर्छ भनी त्यसमा स्पष्टै लेखिएको थियो। यसैगरी कृषि श्रमिकहरूको न्यूनतम ज्याला तोकिनुपर्ने, सुकुम्बासीहरूको आवास व्यवस्था गरिनुपर्ने, साना किसानले कृषि विकास ब्याङ्कबाट लिएको ऋण मिनाहा हुनुपर्ने र किसानहरूलाई बिउ तथा कृषि-मल सस्तो मूल्यमा उपलब्ध गराइनुपर्ने माग तिनमा समेटिएका थिए।

माओवादीले सरकारसँग प्रत्येक वार्तामा बस्दा पनि भूमिसम्बन्धी विषयहरू उठाएका थिए। पहिलो चरणको वार्ता (२०५८ भदौ १४, भदौ २९ र कात्तिक २८) मा भूमिसम्बन्धी सवाल प्राथमिकतामा नपरे पनि यसको चासो भने उठाइएको थियो। यसैगरी २०६० बैशाख १४ र २७ र सोही वर्षको साउन ३० र ३१ गते काठमाडौँमा सम्पन्न दोस्रो चरणको वार्तामा भूमि सवाललाई प्रमुख रूपमा सम्बोधन गर्न भनिएको थियो।

वि.सं. २०६२ मङ्सिर सात गते सात दलीय गठबन्धन र माओवादीबीच भएको बाह्र-बुँदे समझदारी द्वन्द्व समाधानको लागि कोसेढुङ्गो नै थियो तर यसबेला पनि भूमि सवाल प्राथमिकतामा भने परेको थिएन। वि.सं. २०६२/०६३ को जनआन्दोलनको सफलतापछि २०६३ जेठ १२ गते सात दलीय गठबन्धनको सरकार र माओवादीले २५ बुँदे आचार संहितामा हस्ताक्षर गरे। तर त्यसबेला

पनि भूमिसम्बन्धी सवाललाई फेरि ओझेलमै पारियो। यसैगरी २०६३ असार २ गते माओवादी र सात दलीय गठबन्धनको आठ बुँदे सहमतिमा पनि भूमि सवाल समावेश भएन।

यद्यपि सात दलीय गठबन्धन र नेकपा (माओवादी) को सहमतिपछि नेपालको अन्तरिम संविधानमा भूमिसम्बन्धी विषय (सात दलीय गठबन्धन र नेकपा (माओवादी) बीच यो विषयमा २०६३ कार्तिक २२ मा सहमति भएको थियो) समेटिएको थियो। यस संविधानको भाग चार (राज्यको दायित्व) धारा ३३ (च) मा भूमिसम्बन्धी सवाललाई समेटिएको छ। यसमा लेखिएको छ: “सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति अवलम्बन गर्ने।” र (झ) सुकुम्बासी, कमैया, हलिया, हरवा, चरवा लगायतका आर्थिक सामाजिक रूपले पछाडि परेका वर्गलाई जग्गालगायत आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने।”

अन्तरिम सरकार गठन गर्ने बेला (२०६३ चैतमा) प्रमुख आठ दलको सहमति भएको न्यूनतम साझा कार्यक्रममा वैज्ञानिक भूमि सुधार र व्यवस्थापनको कुरा उल्लेख थियो।

वैज्ञानिक भूमि सुधारमार्फत किसानहरूको जीवनस्तर उकास्ने कुरामा जोड दिँदै तीन वर्षे अन्तरिम योजना (वि.सं. २०६३-२०६६) ले भूमिसम्बन्धी सवाललाई आफ्नो उद्देश्यअन्तर्गत राखेको थियो। यस योजनाले अझ सुकुम्बासी, मुक्त बँधुवा श्रमिक र मोहीको भूमि अधिकार सुनिश्चित गर्न र जमिनलाई अझ उत्पादनशील बनाएर गरीबीलाई सम्बोधन गर्ने विशिष्ट उद्देश्यसमेत बोकेको थियो।

प्रमुख राजनीतिक दलहरू[४९]को घोषणापत्रमा पनि भूमि सुधारलाई जोड दिइएको थियो। नेपाली काङ्ग्रेसले भूमिहीन जनता, वादी, कमैया तथा पाखा पारिएका अन्य समूहको सामाजिक सुरक्षा र विकासलाई प्राथमिकता दिने उल्लेख गरेको थियो। यसले नेपाली जनताको समानता र समृद्धिको लागि राजनीतिक सहमति तथा वैज्ञानिक नीतिमा आधारित भूमि सुधारको प्रस्ताव राखेको थियो।

नेकपा (एमाले) ले विद्यमान अर्धसामन्ती उत्पादन सम्बन्धमा परिवर्तन ल्याउने वैज्ञानिक भूमि सुधारको कार्यान्वयन गर्ने प्रस्ताव राखेको थियो। उक्त प्रस्तावित भूमि सुधारले कृषिको आधुनिकीकरण र व्यावसायीकरणमा जोड दिएको थियो।

---

[४९] *यसक्रममा दलहरूको प्रतिबद्धता मूल्याङ्कन गर्न नेपाली काङ्ग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी), राष्ट्रिय जनमोर्चा, जनमोर्चा नेपाल, नेकपा (एकीकृत), नेपाल मजदुर किसान पार्टी र तराई मधेस लोकतान्त्रिक पार्टीका संविधानसभा निर्वाचन घोषणापत्रलाई जाँचबुझ गरिएको थियो।*

यसले कृषि उत्पादकत्व बढाउँदा र भूमि वितरण तथा व्यवस्थापन गरिँदा भूमिसम्बन्धी विभिन्न आयोगहरू बनाउन सिफारिस गरेको थियो।

नेकपा (माओवादी) ले अन्य दलको तुलनामा भूमिसम्बन्धी धेरै क्रान्तिकारी कार्यसूची प्रस्ताव गरेको थियो। उसको निर्वाचन घोषणापत्रमा समावेश गरिएका भूमि सुधारसम्बन्धी केही व्यवस्थाहरू यसप्रकार छन्: जोतिरहेका वास्तविक किसानलाई नै जमिन दिने, सामन्ती उत्पादन सम्बन्धका सबै स्वरूपहरू अन्त्य गर्ने, तीव्र आर्थिक वृद्धिको लागि क्रान्तिकारी भूमि सुधार लागू गर्ने, महिला तथा पुरुष दुवैको नाममा जग्गाधनी पूर्जा प्रदान गर्ने, कृषिमा अनुपस्थित जमिन्दारीसँगै रहेको सामन्ती सम्बन्ध अन्त्य गर्ने र मोही, भूमिहीन र अन्य विपन्न किसानलाई निःशुल्क जग्गा उपलब्ध गराउने। राष्ट्रिय जनमोर्चा पार्टी, जनमोर्चा नेपाल, नेकपा (एकीकृत) र नेपाल मजदुर किसान पार्टीले पनि आ-आफ्ना घोषणापत्रमा प्रगतिशील भूमि सुधार नै प्रस्तुत गरेका थिए (सिएसआरसी, २००७)।

यद्यपि यिनै राजनीतिक दलहरूको चुनावी घोषणापत्र इमान्दारितापूर्वक कार्यान्वयन गरिनु अहिलेको प्राथमिक विषय हो। किनकि सबै राजनीतिक दलका निर्णय लिने प्रक्रियामा ठूला जमिन्दारहरूको हालिमुहाली भएको हुनाले तिनले रूपान्तरणमुखी भूमि सुधारलाई प्रोत्साहित गर्न चाहँदैनन्। राजनीतिक नेता तथा नीति-निर्माताहरूले खुला रूपमै खडा गरेका व्यवधान नै विगतमा भएका भूमि सुधारको असफलताको मुख्य कारक हुन्।

## १३.५ रूपान्तरणमुखी भूमि सुधारः एक वैकल्पिक दृष्टिकोण

विश्वमा भूमि सुधारका तीन फरक शैलीहरू अभ्यास गरिएको पाइन्छ। पहिलो, भूमिहीनलाई अनुकूल टेवा नदिने खालको परम्परागत शैली (कन्भेन्सनल मोडल) हो। दोस्रोमा संरचनागत परिवर्तन स्वीकार नगर्ने तर नीति तथा कार्यक्रममा देखावटी परिवर्तन निम्त्याउने सुधारमुखी शैली (रिफर्मेटिभ मोडल) छ। तेस्रो चाहिँ भूमि आधारित शक्ति संरचनाका संरचनागत सवाल र मूलभूत परिवर्तनलाई सम्बोधन गर्ने रूपान्तरणमुखी शैली (ट्रान्सफर्मेटिभ मोडल) छ। रूपान्तरणमुखी शैलीले भूअधीनत्व जोत्नेको हुनुपर्छ भनी वकालत गर्छ।

रूपान्तरणमुखी भूमि सुधारका निम्न उद्देश्यहरू हुनुपर्छ:

१. कृषिमा उत्पादन र उत्पादकत्व बढाउने;
२. समाजमा शक्ति सन्तुलन कायम हुने तथा प्राकृतिक स्रोतको समतामूलक वितरण अभिवृद्धि गर्ने खालको भूमि पुनर्वितरणमार्फत कृषिमै क्रियाशील हुन खोज्ने भूमिहीन र मोहीलाई भूमिअधीनत्वको प्रत्याभूति दिने;

३. भूमि क्षेत्रमा रहेका निष्क्रिय मानव संसाधन तथा पुँजी परिचालन गरी राष्ट्रिय विकासको गतिलाई बढावा दिने, र

४. समतामूलक आर्थिक वृद्धि तथा सामाजिक न्यायलाई प्रोत्साहन दिने।

यी उद्देश्य प्राप्त गर्न सरकारले प्रत्येक संघीय राज्य र केन्द्रीय स्तरमा स्थायी, शक्तिशाली तथा स्रोतसम्पन्न 'भूमि प्राधिकरण' (ल्याण्ड अथर्टी) स्थापना गर्नु जरुरी छ। यसमाथि नयाँ संविधानमा किसानलाई जग्गा र सबै नेपालीलाई आवास व्यवस्थाको प्रत्याभूति दिइनु पर्छ। संघीय गणतन्त्र नेपालको नयाँ संविधानमा हदबन्दीभन्दा अधिक जमिनलाई क्षतिपूर्ति नदिने वा साङ्केतिक रूपमा मात्र क्षतिपूर्ति दिने, अर्धसामन्ती (जस्तै; हरुवा-चरुवा, कम्लरी आदि) व्यवस्थाको उन्मूलन र महिला तथा पुरुष दुवैको लागि संयुक्त अधीनत्व अधिकारको व्यवस्था गरिनुपर्छ।

रूपान्तरणमुखी भूमि सुधार गर्न सरकारले निम्न अवस्थाहरू सुनिश्चित गर्नुपर्छ:

१. मोही र भूमि जोत्ने विपन्न तथा भूमिहीन किसानलाई भूमि सुधारको अवधिमा सो कामबाट निष्कासित गरिनु हुँदैन। भूमि सुधार कार्य सम्पन्न नहुँदासम्म यस्तो खालको निष्कासनलाई दण्डनीय बनाइनुपर्छ।

२. भूमि सुधार ऐन-२०२१ खारेज गरी नयाँ संविधानको रूपरेखाअन्तर्गत राज्यहरूको संघीय संरचना व्यवस्थाअनुरूप नयाँ भूमि ऐन तर्जुमा गरिनुपर्छ।

नयाँ संविधानमा किसान र मोहीको अधिकार सुरक्षित गर्न निम्न व्यवस्थाहरू हुनु हामी जरुरी ठान्छौँ:

- करेसाबारीको लागि केही जमिनसहितको आवास व्यवस्था पाउनु सबै नेपाली जनताको हक हुनुपर्छ।
- सबै किसानसँग खेतीयोग्य जमिनको अधीनत्व, नियन्त्रण र व्यवस्थापनको हक हुनुपर्छ।
- आवासीय तथा कृषि भूमिमाथि महिला तथा पुरुषको समान हक हुनुपर्छ।
- रूपान्तरणमुखी भूमि सुधारलाई प्रोत्साहित गर्न नयाँ संविधानले निम्न खालको भूमि अधिकार पनि व्यवस्था गर्नुपर्छ:
- हदबन्दीभन्दा माथिको जग्गा, शाही अथवा राणाशासनले बक्सिस दिएका वा गैरकानूनी तवरले अधिग्रहण गरिएका जमिन कुनै पनि क्षतिपूर्तिविना अधिग्रहण गरिनुपर्छ।

- रूपान्तरणमुखी भूमि सुधारलाई सहज बनाउन स्वच्छ तवरले कमाइएका अथवा पैतृक सम्पत्तिअन्तर्गत हदबन्दीमा परेका भूमिलाई राज्यले उचित क्षतिपूर्ति दिनुपर्छ।

हलिया, हरुवा, चरुवा र अन्य सबै किसिमका शोषणकारी बँधुवा श्रमहरूको पूर्ण निर्मूलन गर्दै सबै किसानको सामाजिक न्यायलाई संवैधानिक सुनिश्चितता दिइनुपर्छ। आफ्नो जीवनलाई प्रत्यक्ष असर गर्ने खालका सबै निर्णयमा किसानहरूको सहभागिता सुनिश्चित हुनुपर्छ।

राज्यको रूपान्तरणमुखी भूमि सुधारको उद्देश्य आर्थिक उत्पादन र वितरणको सामन्ती स्वरूप अन्त्य गरी जोत्नेलाई जग्गाको अधीनत्व दिने हुनुपर्छ। साथै समतामूलक आर्थिक वृद्धि तथा सामाजिक न्यायमा योगदान दिने हुनुपर्छ। रूपान्तरणमुखी भूमि सुधारले ग्रामीण क्षेत्रलाई औद्योगीकरण गरी रोजगारी सिर्जना गर्नुपर्छ भने प्राकृतिक स्रोतको उच्चतम प्रयोगबाट अर्थतन्त्रलाई सुदृढ बनाउनुपर्छ।

रूपान्तरणमुखी भूमि सुधारमा ध्यान दिनुपर्ने अन्य केही बुँदाहरू यसप्रकार छन्:

- भूमिहीन, मोही र नियमित भूमि श्रमिकले जोत्ने जग्गाको व्यक्तिगत अथवा सामुदायिक अधीनत्व सुनिश्चित गर्न आवश्यक कानूनी उपाय अवलम्बन गर्नु,
- प्रभावकारी हदबन्दी अनुमोदन गरी कृषि सहयोग तथा ग्रामीण विकास नीतिहरू सुनिश्चित गर्नु,
- भूमि योजना र व्यवस्थापन, कृषि तथा प्राकृतिक स्रोतका कार्यक्रममा मोही, भूमिहीन जनता, हलिया, हरुवा-चरुवा, कमैया, कम्लरी र कृषि श्रमिक तथा आर्थिक रूपले पिँधमा पारिएका अरू समुदाय र स्वतन्त्र किसान संगठनको सहभागिता सुनिश्चित गर्नु।
- उपयुक्त प्रविधि, अनुसन्धान, वित्तीय सहायता तथा कृषि रूपान्तरणको लागि बजार पूर्वाधार प्रवर्द्धन गर्नु।
- वातावरणीय संरक्षण र सामाजिक न्यायको सिद्धान्तमा रही सार्वजनिक भूमि उपयोगिता (सीमा, क्षेत्र र भाडा) बढाउन कृषि सुधार तथा यसको विकासअनुरूप विभिन्न आधार निर्धारण गर्नु।
- ग्रामीण क्षेत्रलाई औद्योगीकृत गर्ने हेतुले जमिन्दारहरूलाई कृषि सुधार कार्यक्रममा लगानी गर्न उत्साहित गर्नु।
- भूमि तथा कृषि विकासको सवालमा काम गर्न एउटा स्वतन्त्र आयोग गठन गर्नु,

तलको खण्डले रूपान्तरणमुखी भूमि सुधारका प्रमुख तत्वहरू सम्बन्धमा केही प्रस्ताव पेश गरेको छ।

### १३.५.१ भूमि हदबन्दी

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र व्यवस्थामा प्रवेश गरिसकेको हुनाले संघीय राज्य (वा प्रान्तहरू) अथवा स्थानीय सरकारलाई नै हदबन्दी व्यवस्थाको निर्णय गर्ने अधिकार सुम्पनुपर्छ। भूमि हदबन्दीको कृषि पेशामा संलग्न परिवारका सदस्यको गुणस्तर तथा परिमाण र तिनको संख्याजस्ता निश्चित मापदण्ड हुनुपर्छ।

विस्तृत अध्ययनविना विभिन्न स्रोतद्वारा निहित स्वार्थको लागि आफ्नै खालका भूमि हदबन्दी प्रस्ताव गरिएको छ। यद्यपि भूमि हदबन्दीलाई उचित परिभाषा दिन विस्तृत र गहन अध्ययन गरिनुपर्छ। त्यसले कृषि आश्रित परिवार तथा भूमिको गुणस्तर (भू-उपयोग वर्गीकरण), जग्गाको बजार भाउ, आधारभूत पूर्वाधारको उपलब्धता, उर्वरताको स्तर तथा सिँचाइको उपलब्धता आदिमा आधारित भई भूमि हदबन्दीलाई उपयुक्त शैलीमा परिभाषित गर्नेछ।

भूमिको अधिकतम र न्यूनतम हदबन्दी माथि उल्लिखित विभिन्न तत्वमा निर्भर रहे तापनि भूमि विखण्डनलाई रोक्न र भूमि स्रोतको प्रभावकारी उपयोग तथा उत्पादकत्व बढाउन अधिकतम र न्यूनतम हदबन्दी निश्चित गरिनु बेस हुन्छ। जस्तै; जापान (होक्काइदो टापुबाहेक), ताइवान र दक्षिण कोरियाले प्रतिपरिवार अधिकतम ३ हेक्टरको हदबन्दी लागू गरेको छ (मेदाइल, २००५)। यिनलाई भूमि सुधारमा 'प्रगतिशील' मुलुक मानिन्छन्।

विषयवस्तुको गहन अध्ययनसाथै यथेष्ट प्रमाणहरूसहित प्रतिव्यक्ति भूअधीनत्वलाई उचित पहिचान गर्नु भूमि हदबन्दीलाई परिभाषित गर्न निकै महत्वपूर्ण कदम हुन्। यद्यपि विद्यमान हदबन्दी र विभिन्न देशको भूमि हदबन्दीको अनुभवमा आधारित भएर हामी निम्न किसिमको हदबन्दी प्रस्ताव गर्छौं:

अ. परिवारमा पाँच अथवा सोभन्दा कम सदस्य संख्या भएमा निम्नानुसार भूमि उपलब्ध गराउनु उपयुक्त हुन्छ:

- काठमाडौं, ललितपुर र भक्तपुरभित्रका नगरपालिकामा ०.७५ हेक्टर (१५ रोपनी अथवा १.०२ विगाह)।
- काठमाडौं उपत्यकाभित्र ०.७५ हेक्टर।
- उपत्यकाबाहिरका नगरपालिकाहरूमा ०.७५ हेक्टर।

- तराईका सिँचित क्षेत्रमा ३ हेक्टर (४.५ विगाह) वा सुक्खा क्षेत्रमा ४ हेक्टर (६ विगाह)।
- पहाडी भेगको सिँचित भूमिमा ३ हेक्टर र बाँझो नभएको भूमिमा ४ हेक्टर।
- हिमाली भेगमा ४ हेक्टर (८० रोपनी)।

आ. छजना अथवा सोभन्दा बढी परिवार संख्या भएमा प्रत्येक वयस्क सदस्यले निम्नानुसार भूमि पाउने:

- काठमाडौँ उपत्यकाका नगरी क्षेत्रभित्र ०.०५ हेक्टर।
- सम्पूर्ण तराई, पहाडी र हिमाली भेगसमेत भित्री मध्य क्षेत्रमा ०.५ हेक्टर।
- काठमाडौँ उपत्यका तथा उल्लिखत अन्य नगर-क्षेत्रबाहिर ०.१ हेक्टर।

इ. काठमाडौँ उपत्यकाका नगरी क्षेत्रमा बस्ने तर आफैँ खेती नगरी अरू सेवा अथवा व्यवसायमा संलग्न परिवारले अधिकतम ०.०५ हेक्टर (१ रोपनी) देखि ०.१ हेक्टर (२ रोपनी) सम्म भूमि पाउने।

ई. काठमाडौँ उपत्यका बाहिरका नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने परिवारहरूलाई भूमिको मूल्याङ्कनका आधारमा विभिन्न हदबन्दी लगाइनुपर्छ। ती नगरपालिकालाई निम्नानुसार वर्गीकरण गरिनुपर्छ: (क) उच्च भूमि-मूल्य भएका नगरपालिकाहरू (जस्तै; इटहरी, भरतपुर, पोखरा आदि), (ख) मध्यम भूमि-मूल्य भएका नगरपालिकाहरू (जस्तै; धनगढी, चन्द्रगढी आदि), र (ग) निम्न भूमि-मूल्य भएका नगरपालिकाहरू (जस्तै; भिमेश्वर, पनौती, अमरगढी आदि)। सेवा अथवा व्यापारजस्ता गैरकृषि क्षेत्रमा लागेका व्यक्तिहरूलाई ०.३ हेक्टर (६ रोपनी वा ९ कठ्ठा) भन्दा बढी मात्राको भूमि हदबन्दी हुनुहुँदैन।

### १३.५.२ जग्गाधनीहरूको अधिकार तथा कर्तव्य

रूपान्तरणमुखी भूमि सुधारमा जग्गाधनीको अधिकार, दायित्व र कर्तव्य निकै महत्वपूर्ण हुन्छन्। जग्गाधनीका अधिकार तथा कर्तव्यका केही उदाहरणहरू तल दिइएको छ:

कर्तव्यहरू:

१. तिनले आफ्नो जमिनको कुनै पनि हिस्सा कबुलियती (लिज) मा दिन पाउने छैनन्।

२. तिनले राज्यको अधिकारप्राप्त निकायबाट लिखित अनुमति नपाएसम्म जमिन ग्रहण गर्ने अथवा सोमाथि आवास बनाउने पूर्वनिर्धारित उद्देश्यविपरीत सो जमिन उपभोग गर्न पाउने छैनन्।

३. तिनले आफ्नो जमिनमा आफैँले 'व्यक्तिगत खेती' गर्नुपर्छ। व्यक्तिगत खेती भन्नाले जग्गाधनीको आफ्नै वा परिवारको श्रम अथवा कुनै कामदार वा श्रमिकलाई पैसा वा अन्य वस्तु तिरेर गरिने खेती हो। (जग्गाधनीले मोहियानी जमिन पुनः प्राप्त गर्ने उद्देश्य राखेको छ भने 'कामदार अथवा श्रमिक' भन्ने वाक्यांश यसमा मान्य हुनेछैन)। व्यक्तिगत खेतीको परिभाषामा अझै स्पष्ट हुन जग्गाधनी वा जग्गाधनीको परिवारको कुनै सदस्यले जमिन भएको स्थानमा धेरै वर्षहरू बिताएको हुनुपर्छ र सो जमिनको उत्पादन नै ती जग्गाधनीको आम्दानीको मुख्य स्रोत बन्नुपर्छ। यदि लगातार तीन वर्षसम्म पनि यो मापदण्ड पूरा भएन भने सो जमिन राज्यको हुनेछ र जग्गाधनीलाई क्षतिपूर्ति दिनु राज्यको कर्तव्य हुनेछ। यद्यपि क्षतिपूर्ति भने भूमिको बजार भाउभन्दा स्वाभाविक रूपले नै कम हुनेछ। जमिन्दारले आफ्नो जमिनको गुणस्तर नखस्किएको र त्यसको आधारभूत विशेषता परिवर्तन नभएको तथा यसलाई पूर्वनिर्धारितबाहेक अन्य कुनै उद्देश्यमा प्रयोजन नगरिएको सुनिश्चित गर्न त्यसलाई संरक्षण र संवर्द्धन गर्नुपर्नेछ। गम्भीर प्रकृतिका बाहेक यस्ता मापदण्ड उल्लंघनका घटनामा जमिनको अधीनत्वबाटै वञ्चित गराइने सजाय भने समावेश हुँदैन। यस्तो प्रावधानको उल्लंघनकर्तालाई केही वर्ष कारागार सजाय र/अथवा निश्चित रकम जरिवाना लगाउने आदेश दिन सकिन्छ। राज्यको आधिकारिक निकायद्वारा स्वीकृति नपाएसम्म तिनले जमिन बाँझो राख्न पाउने छैनन्।

४. उत्पादनशील कृषि भूमि अन्य उद्देश्यको लागि प्रयोग गरिनु हुँदैन।

५. जमिन्दारले उचित ज्यालाको सिद्धान्त पालना गर्नुपर्छ।

**अधिकारहरू:**

१. जग्गाधनीसँग आफ्नो जमिन बेच्ने, नामसारी गर्ने अथवा धितोको लागि प्रयोग गर्ने अधिकार हुन्छ।

२. अन्य अधिकार भने राज्यको संविधान र कानूनअनुसार हुनेछन्।

### १३.५.३ भूमि संयोजन

रूपान्तरणमुखी भूमि सुधारले साना अथवा गुजारामुखी किसानहरूको साझा प्रयासले व्यावसायिक खेती प्रवर्द्धन गर्न एउटा स्पष्ट प्रावधान गर्नुपर्ने हुन्छ। भूमि संयोजनले गुजारामुखी किसानहरूलाई व्यावसायिक किसान बनाउन मद्दत गर्नेछ। यसमा राज्यले क्षतिभरण तथा उपयुक्त अन्य आधारशिलाहरू तयार

गरिदिन्छ। भूमि संयोजन गर्दा एउटा स्तरीय मापदण्ड अपनाइन्छ। उदाहरणका लागि भारतको पश्चिम बंगाल राज्यले कम्तीमा ७ गुजारामुखी किसानहरूलाई एकै ठाउँमा ल्याएर १ हेक्टरभन्दा कम जमिन संयोजन गर्न पाइने प्रावधान निश्चित गरेको छ। संयोजित गराइने भूमिको वास्तविक आकार स्थानीय परिस्थिति, बजार उपलब्धता, उत्पादन पद्धति तथा उत्पादन सम्भाव्यताको आधारमा निर्धारण गरिनुपर्छ। संयोजन गर्नको लागि भूमिको आकार स्थानैपिच्छे वा भौगोलिक क्षेत्रैपिच्छे फरक-फरक हुनसक्छ।

### १३.५.४ कृषि सहकारी

रूपान्तरणमुखी भूमि सुधारको एउटा महत्वपूर्ण प्रावधान सहकारी खेती समाजको सिर्जना तथा सञ्चालन हो। एउटै स्थायी ब्लकमा जमिन भएका अथवा त्यस्तो जमिन अपनाउने योजना भएका पन्ध्र वा सोभन्दा बढी किसानहरू मिलेर सहकारी खेती समाज गठन गर्न सक्छन्। सहकारी समाज विकास गर्नुको मुख्य उद्देश्य व्यावसायिक प्रयोजनको लागि सहकारी खेतीलाई सुदृढ गर्नु हो। यस्तो समाज बनाउँदा तिनको मनोबल विकास गर्न तथा आधारभूत पूर्वाधार पूरा गर्न निश्चित अवधिसम्म राज्यले सहयोग गर्नुपर्छ। यसमाथि आवश्यक र उचित स्थानमा राज्यले प्रोत्साहनकारी अनुदान (सब्सिडी) को व्यवस्था पनि गर्नुपर्छ।

### १३.५.५ भूमि आधारित सूचना प्रणाली

रूपान्तरणमुखी भूमि सुधारको सफलता वा विफलताको एउटा आधारभूत तत्व भनेको वैज्ञानिक तथा विस्तृत भू-सूचना प्रणाली हो। यस्तो विस्तृत भू-सूचना प्रणालीले निम्नलिखित कुराहरूलाई समेट्नुपर्छ तर त्यो यतिमै सीमित भने हुनुहुँदैन:

- भौगोलिक सूचना प्रणाली (जिअग्रेफिक इन्फर्मेसन सिस्टम: जिआइएस) तथा भूमण्डलीय स्थानाङ्कन प्रणाली (ग्लोबल पजिसनिङ सिस्टम: जिपिएस) आधारित विस्तृत भूमि वर्गीकरण,
- विस्तृत तथ्याधार (कम्प्रिहेन्सिभ डेटाबेस) मा व्यक्तिहरूको भूअधीनत्वको अभिलेख,
- भू-उपयोग नक्साङ्कन (ल्याण्ड युस म्यापिङ),
- विस्तृत भू-सर्वेक्षण अभिलेख,
- सामाजिक-आर्थिक विवरण-संग्रह,
- स्रोत नक्साङ्कन,
- पूर्वाधार नक्साङ्कन,

- भूमि विभाजन, वितरण तथा संयोजन,
- आवास नक्साङ्कन,
- भूमि कर तथा कर अभिलेखीकरण प्रणाली।

हामीकहाँ जमिन क्षेत्र नाप्ने काममा लागेका अमिनहरूबाट जग्गाधनीलाई हुने शोषण पनि व्यापक छ। भूमिसम्बन्धी प्रशासनिक प्रक्रियामा यो एउटा गम्भीर समस्या हो। यस समस्याबाट पार पाउन वास्तविक क्षेत्रको प्रस्ट नाप दिने गरी प्रत्येक भूखण्डको प्रत्येक कोणबाट अक्षांश र देशान्तरसमेत उल्लेख भएको संयोजन विन्दु (कोअर्डिनेट पइन्ट) निर्धारण गर्नु जरुरी हुन्छ। यसले गर्दा अमिनहरूले भूमि क्षेत्रलाई आफ्नो अनुकूल नक्साङ्कन गराउने क्रम घटाउन सकिन्छ।

### १३.५.६ भूमि प्रशासन

भूमि सुधार कार्यक्रमको सफलता स्वायत्त, स्वतन्त्र, स्रोतसम्पन्न, जनमुखी र दक्ष भूमि प्रशासनमा निर्भर रहन्छ। पश्चिम बंगालको भूमि प्रशासन अनुभवले भूमि सुधारको प्रभावकारी तथा पारदर्शी कार्यान्वयनको कुरा माथि भनिएजस्तै भूमि प्रशासन व्यवस्थामा व्यापक निर्भर रहन्छ भन्ने देखाउँछ।

भूमि प्रशासनको लागि हाल जिल्ला तहमा मालपोत कार्यालय, नापी कार्यालय, गुठी संस्थानजस्ता समानान्तर संस्थाहरू पनि कार्यरत छन्। समन्वयको अभाव, स्पर्धा र गैरजिम्मेवारी नै अहिले यी संस्थाका मूलभूत चरित्र बनेका छन्। त्यसैले स्थानीयस्तरमा भूमि आधारित कमीकमजोरीलाई हल गर्न ज्यामितीय इञ्जिनियर, भू-सूचना प्रणाली विज्ञ र भू-सूचना प्रविधि विज्ञजस्ता दक्ष अधिकारीसहित प्रत्येक जिल्लामा केवल एउटै 'भूमि व्यवस्थापन कार्यालय' को खाँचो पर्छ। भूमि आधारित धेरैजसो कामकाजहरू स्थानीयस्तरमै गर्नुपर्ने हुन्छ। उचित अनुगमनसहित स्थानीय तहमा अधिकार विनियोजन गर्दा स्थितिमा अपेक्षित सुधार आउन सक्छ। तथापि संघीय इकाइहरूलाई जिम्मेवारी दिई अधिकारसम्पन्न बनाएर भूमि प्रशासनको आधारभूत पुनर्संरचना गर्नु जरुरी हुन्छ।

### १३.५.७ कृषि उत्पादनशीलता बढाउने एकीकृत विधि

रूपान्तरणमुखी भूमि सुधारको महत्वपूर्ण लक्ष्य बढ्दो कृषि उत्पादकत्व हो। तर भूमि वितरण एक्लैले आर्थिक वृद्धि, रोजगारी सिर्जना र जीविका सुरक्षामा योगदान पुऱ्याउन सक्दैन। यसरी कृषि उत्पादकत्व बढाउन एउटा एकीकृत विधि आवश्यक पर्छ। राज्यले भूमि सुधारलाई सघाउनुसाथै तालिम, सुधारिएका बिउबीजन, सिँचाइ, कृषि-मल, किसानी (बाली र बस्तुभाउ) बिमा, बजार

सम्बन्ध, अनुदान, कृषि सडक र किसानहरूलाई क्षमता अभिवृद्धि उपायहरू प्रदान गर्नु पनि आवश्यक हुन्छ। एकीकृत विधिले गुजारामुखी खेतीलाई कृषि व्यवसायमा परिवर्तन गरी कुल गार्हस्थ उत्पादन (ग्रस डमेस्टिक प्रडक्टः जिडिपी) मा योगदान पुऱ्याउन सक्छ।

भूमि सुधारविना कृषिको व्यावसायीकरण सबै कुरामा अक्षम हुन्छ। त्यसैले यस्तो व्यावसायीकरणलाई भूमि सुधारसँगै जोडिनु जरुरी हुन्छ। ठूला अनुपस्थित जमिन्दारलाई क्षतिभरण गर्नुको साटो साना तथा मध्यम-वर्गका किसानलाई प्रोत्साहन गर्दै अनुदान दिनु धेरै महत्वपूर्ण हुन सक्छ। भूमिहीन, सुकुम्बासी, मोही अथवा कृषि-पेशाबाहेक अन्य कुनै विकल्प नभएका जनताको पहिचान तथा कृषि सामग्रीमा अनुदानको प्रावधान पनि अपरिहार्य हुन्छ। एकपटक भूमि सुधार पूरा भइसकेपछि किसानहरूले यदि कृषि क्षेत्र नै त्याग्न चाहे भने तिनलाई क्षतिभरण गराएर बाँकी रहेका किसानहरूलाई साथ लिई खेतीलाई व्यावसायिक कृषिमा विस्तार गरिनुपर्छ।

रूपान्तरणमुखी भूमि सुधारलाई व्यवहारमा ल्याउन स्थानीय स्तरका संगठनहरूको क्षमता विकास गर्नु पनि उत्तिकै आवश्यक छ। कृषि तथा भू-उपयोगसम्बन्धी सबै योजना तथा कार्यक्रमहरू स्थानीय सरकारको जिम्मेवारीमा हुनुपर्छ। यसमा केन्द्रको भूमिका स्थानीय सरकारको लागि अनुकूल नीतिको आधारशिला तय गर्नु र स्रोत तथा क्षमता अभिवृद्धिका उपाय सुझाउनु हो। रूपान्तरणमुखी भूमि सुधार स्थानीय सरकारको विकास कार्यक्रमको एक अभिन्न हिस्सा बन्नुपर्छ। यसले कृषिको व्यावसायीकरण तथा कृषि आधारित उद्योगहरूको प्रवर्द्धनमा सघाउ पुऱ्याउनुपर्छ। सरकारद्वारा भूमि तथा कृषि क्षेत्रबाट संकलित राजस्व भूमि व्यवस्थापन र कृषि उत्पादन प्रणालीमा खर्च गरिनुपर्छ। त्यसैले रूपान्तरणमुखी भूमि सुधार आर्थिक वृद्धि तथा नवीन नेपालको अनुभूतिलाई सघन बनाउने कृषि रूपान्तरणको स्वरूप तथा ग्रामीण विकासको विशिष्ट नमुना हो।

## १३.६ राज्य रूपान्तरणमा रूपान्तरणमुखी भूमि सुधारको योगदान[५०]

राजनीतिक-सामाजिक सम्बन्ध र आर्थिक विकासको हिसाबले नेपाल रूपान्तरणको ऐतिहासिक प्रक्रियामा छ। यो समयमा भूमि राजनीतिक बहसको केन्द्रीय विषय बनेको छ। त्यसैकारण रूपान्तरणको लागि भूमिसम्बन्धी सवाल प्रमुख क्षेत्र बन्ने निश्चित प्रायः छ। यही तथ्यलाई ध्यान दिँदै राज्य

*[५०] यस खण्डका केही विचार र विषयवस्तुहरू यस परिच्छेदका मूल लेखकले बेलायती अन्तर्राष्ट्रिय विकास नियोगको लागि गरेका काममा आधारित छ। यस महत्वपूर्ण क्षेत्रमा काम गर्ने अवसर दिएकोमा लेखक नियोगप्रति आभारी छ।*

पुनर्संरचनाको व्यापक बहसमा नयाँ इट्टा थप्न यस पुस्तकमा रूपान्तरणमुखी भूमि सुधारको नमुना प्रस्तुत गरिएको छ।

### १३.६.१ गरीबी न्यूनीकरण तथा आर्थिक वृद्धि

नेपालको विकासमा गरीबी एउटा प्रमुख तगारो बनेको छ। सिबिएस (२००३) का अनुसार ४२ लाख परिवारमध्ये १६ लाख परिवारले भूमिसम्बन्धी समस्या खेपिरहेका छन्। रूपान्तरणमुखी भूमि सुधार कार्यक्रमले यी समस्या हल गरी गरीबी न्यूनीकरणमा मद्दत पुऱ्याउनु पर्छ।

सन् १९४९-५३ मा 'जोत्नेलाई जमिन' भनिएको ताइवानको सफल कार्यक्रमपश्चात् वार्षिक धान उत्पादन ६०% ले बढेको त्यहाँको अनुभवले देखाउँछ (रामचन्द्रन र स्वामिनाथन, २००२)। त्यो समयावधिमा उच्च मूल्यका बालीको विविधीकरणले कृषि घरपरिवारको औसत आम्दानी १५०% सम्म बढेको थियो। दीर्घकालमा ताइवानको सुरक्षित र बजारयोग्य भूमि अधिकारले किसानहरूलाई उद्यमीमा रूपान्तरित गर्न पुँजी पनि दियो। दक्षिण कोरिया र जापानका भूमि सुधार अनुभवहरूले तिनले दोस्रो विश्वयुद्धपछि यस्तै सफलता पाएको देखाउँछन्।[५१] त्यसैले नेपालको रूपान्तरणमुखी भूमि सुधार गरीबी निवारण र किसानहरूको सामाजिक-आर्थिक स्थिति सुधार्न केन्द्रित हुनुपर्छ। बितेका पाँच दशकमा नेपालको जनसंख्या तीव्र गतिमा बढिरहेको छ तर कृषि उत्पादन र उत्पादकत्व अपेक्षाकृत शैलीमा बढेको छैन। भूमि यस मुलुकको उत्पादनको प्रमुख साधन हो। त्यसैले पनि रूपान्तरणमुखी भूमि सुधारले समतामूलक वृद्धि सुनिश्चित गर्नुपर्छ।

सानो आकारको अधीनत्वमा खेती तीव्रता (क्रपिङ इन्टेन्सटी) उच्चतर देखिएको छ (सिबिएस, २००३)। यस्तो नापमानलाई प्रभावकारी भू-उपयोग र कृषि उत्पादकत्वको सूचक पनि मानिन्छ। यो तीव्रता ०.५ हेक्टरभन्दा कम आकारको अधीनत्वमा १.९४ छ। जमिन सानो बनाइएको हुनाले यस्तो वृद्धि भएको होइन, बरु स-साना जमिनहरू जग्गाधनीले नै रेखदेख गरेका हुनाले भएको हो। एकजनामै केन्द्रित हुने भूअधीनत्वले यस्तो वृद्धिमा प्रत्यक्ष प्रभाव पार्छ। किनकि हामीकहाँ मोहीलाई खेती गर्न दिनुभन्दा बरु जमिन नै बाँझो छोड्ने अनुपस्थित जमिन्दारहरू पनि मनग्गे छन्।

---

[५१] *विस्तृत विवरणको लागि हे. भु केलियाङ र रोय प्रोस्टरम्यान, सन् २००६ जुलाई-अगष्ट। www.chinabusinessreview.com मा उपलब्ध।*

चीनमा भूमि सुधार पछिको अनुभवले राष्ट्रिय पुँजी निर्माणमा कृषिले उल्लेखनीय योगदान दिएको देखाउँछ। सन् १९५२ सम्म भूमि सुधारको प्रत्यक्ष परिणामबाट उब्जिएको बचत रकमले नै सो मुलुकको ३५% कुल लगानीमा सघाउ पुऱ्याएको भिक्टर ल्याप्पिटको अनुमानले देखाउँछ (रामचन्द्रन र स्वामिनाथन, २००२ मा उद्धृत भएअनुसार ल्याप्पिट, १९७४)। कृषिसम्बन्धी व्यापारिक सम्झौता, उपज बजारको उदारीकरण तथा उत्पादन सामग्रीमाथि सुधारिएको पहुँचजस्ता अरू उपायहरूले भूमि सुधारको पूरक बनी ग्रामीण विकास प्रवर्द्धन गरेका थिए। फलतः कृषि उत्पादन सामग्रीको वृद्धिदरमा व्यापक तीव्रता आएको थियो। यस्तो वृद्धि सन् १९६५ देखि १९७५ बीचमा २.८% प्रतिवर्ष र सन् १९७८ देखि १९८८ सम्म ५.७% प्रतिवर्ष रहेको थियो (रामचन्द्रन र स्वामिनाथन, २००२)। चीनको यो भूमि सुधारबाट नेपालले पनि पाठ सिक्न सक्छ।

### १३.६.२ समावेशीताको प्रवर्द्धन तथा विभेदको अन्त्य

विकास र राजनीतिका सम्पूर्ण प्रक्रियाहरूबाट अलग्याइएका हुनाले गरीबहरू परिणामतः शक्तिहीन बनेका छन्। शक्ति पाउनको लागि भूमि स्रोतसँगको पहुँच हुनु जरुरी हुन्छ। रूपान्तरणमुखी भूमि सुधारले भूमि तथा भूमि आधारित स्रोतसँग गरीबको पहुँच बढाउन मद्दत गर्छ र यसले शक्ति संरचनामा परिवर्तन निम्त्याउँछ। विस्तारै यसले गरीबलाई निर्णय-प्रक्रियामा हकदाबी गर्न पनि सक्षम बनाउँछ। उपेक्षित तथा सीमान्तीकृत जनता राज्यशक्ति सञ्चालनको स्थानमा पुगेपछि समाजमा गहिरो जरा गाडेर विद्यमान रहेको विभेदलाई अन्त्य गर्न निर्णायक भूमिका खेल्छन्। यो प्रसंगमा नेपालमा १५.३२% पहाडी दलित र ४३.९८% तराई दलितहरू भूमिहीन रहेको तथ्य पनि स्मरणीय हुन्छ (युएनडिपी, २००४)। यस्तो विभेद अन्त्य गर्न रूपान्तरणमुखी भूमि सुधारले सो विषयलाई पनि सम्बोधन गर्नुपर्छ।

### १३.६.३ समतामूलक समाज निर्माणमा योगदान

यस पुस्तकका विभिन्न परिच्छेदहरूमा देखाइएजस्तै शक्तिहीन, विभेदित र विमुख हुनुमा भूमिहीनताको प्रत्यक्ष प्रभाव रहन्छ। विभेद तथा विमुखताको सिकार भएका आम जनता राज्यको लागि भावी दिनमा विस्फोटकसिद्ध हुन सक्छन्। अर्कोतर्फ भूमिहीनताको अन्त्य भनेको न्यायपूर्ण, समावेशी, सहभागितामूलक र लोकतान्त्रिक राज्यको उदय हो। यस्तो राज्यमा एकापसबाट लाभ सिर्जना गर्न प्रत्येक समूह र समुदाय अन्तरसम्बन्धित हुन्छन्। नेपालमा रहेको भूमि आधारित विद्यमान अन्यायपूर्ण सामाजिक-आर्थिक शक्ति संरचना एवं अभ्यासलाई परिवर्तन गर्न राज्य पुनर्संरचनाको वर्तमान

प्रक्रियामा रूपान्तरणमुखी भूमि सुधारको उल्लेखनीय भूमिका हुन्छ। यसरी अहिलेको राज्य पुनर्संरचना तथा द्वन्द्व रूपान्तरण प्रक्रियालाई यसले मद्दतसमेत गर्नसक्छ।

### १३.६.४ नवीन चुनौतीहरूलाई सम्बोधन गर्ने साधनको रूपमा भूमि

रूपान्तरणमुखी भूमि सुधारले नवीन चुनौतीहरूलाई सम्बोधन गर्नुपर्छ। यसको अर्थ जलवायु परिवर्तन (जस्तै; पहाडी तथा हिमाली भेगमा हुने अत्यधिक वर्षाले तराई भूभागका नदी जम्ने गहिरा क्षेत्रहरूमा गेगरहरू थुप्रचाउने) र खाद्य असुरक्षा अथवा वातावरणीय असुरक्षा निम्त्याउँछ। उत्पादन तथा उत्पादकत्वको गति न्यून बनाउने खालको कमजोर भूमि व्यवस्थापन पनि खाद्य असुरक्षाको एक प्रमुख कारण हो। यस्ता चुनौतीहरूलाई सम्बोधन गर्न भूमि एउटा प्रभावकारी साधन बन्न सक्छ।

## १३.७ निष्कर्षः द्वन्द्वदेखि शान्ति र स्थायित्वसम्म

द्वन्द्व, अस्थिरता, सीमान्तीकरण, बहिष्करण र असमानताबाट नेपाल शान्ति, स्थायित्व, समानता र सामेलीकरणतर्फको निर्णायक रूपान्तरण पथमा लम्किँदै छ। यस्तो प्रक्रियामा केही समय त अवश्य लाग्छ साथै यसको लागि दूरदर्शिता, प्रतिबद्धता, स्रोत-संसाधन, उपयुक्त राज्य संरचना तथा सरोकारवालाहरू सबैमा समन्वयको खाँचो पर्छ। गएको १२ वर्षमा भएको तीव्र परिवर्तन (सशस्त्र द्वन्द्व, जनआन्दोलन-२०६३/०६३, विस्तृत शान्ति सम्झौता, संविधानसभा निर्वाचन र संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको घोषणा) ले यो मुलुकमा अपेक्षित रूपान्तरणको जग हालेका छन्। तर परिकल्पनालाई ठोस रूप दिन र व्यवहारमा उतार्न अझै लामो समय लाग्नेछ। अहिले सबै क्षेत्र तथा सवालहरूमा रूपान्तरणको खाँचो छ। कृषि उत्पादन सम्बन्ध प्रणालीको मुख्याधार भएको हुनाले भूमि तिनैमध्ये एउटा अभिन्न पाटो हो (उप्रेती, २००४; रेग्मी, १९९९ए)।

हामीबीच भूमि अधीनत्व, यसको आकार र उत्पादनबीचको सम्बन्ध सधैँ विवादको विषय बनेको छ। एकथरीले आफ्नै (भाडामा नलिइएको) सानो आकारको जमिनमा उच्च उत्पादकत्व (विपरीत सम्बन्ध) हुने तर्क गर्छन्। तर यसको ठीक विपरीत अर्काथरीले जति ठूलो खेत, उति धेरै उत्पादकत्व भनेझैं उत्पादकत्वसँग भूमि आकारको सकारात्मक सहसम्बन्ध (पजिटिभ कोरिलेसन) हुने पनि बताउँछन्। त्यस्तै अर्को महत्वपूर्ण सवाल भनेको भूअधीनत्व र उत्पादकत्वसम्बन्धी प्रभाव हो। उत्पादकत्वसँग बलियो सम्बन्ध गाँसेर रूपान्तरणमुखी भूमि सुधारले भूअधीनत्वका समस्याहरू सल्टचाउनु पर्छ। भूमिको उत्पादकत्व अधिकतम बनाउन नसक्ने व्यक्तिहरूको भूअधीनत्व निषेध गरिनुपर्छ र अन्ततः भूमिको उत्पादकत्वलाई सकेसम्म धेरै उपयोग गर्नु भूअधीनत्वको प्रथम शर्त हुनुपर्छ।

## सन्दर्भ सामग्री

1. बडाल उच्चस्तरीय आयोग प्रतिवेदन। सन् १९९६। *बडाल उच्चस्तरीय भूमि सुधार सुझाव आयोग-सन् १९९४।* काठमाडौंः पि.बि पब्लिसर।
2. सिएसआरसी। २००७। *चुनावी घोषणापत्र र दस्तावेजहरूमा भूमिसुधार*। काठमाडौंः सामुदायिक आत्मनिर्भर सेवा केन्द्र।
3. Basnet, J. (2007). Land Reform and Restructuring of Nepal. A paper presented in the National Interaction Programme organised by INSEC on 25th November, 2007 at Hotel Annapurna, Kathmandu.
4. CBS. (2006). *National Agricultural Census 2001-2002.* Kathmandu: Central Bureau of Statistics.
5. CBS. (2003). *National Sample Census of Agriculture Nepal 2001-2002: Highlights.* Kathmandu: Central Bureau of Statistics.
6. CBS. (1962). *Agriculture Census of Nepal*. Kathmandu: Central Bureau of Statistics.
7. CSRC. (2007). Field Visit Report: Dadeldhura and Baitadi District (Unpublished Report). Kathmandu: Community Self Reliance Center.
8. CSRC. (2007). *Land First*. Issue 6, Kathmandu: Community Self-Reliance Centre.
9. CSRC and International Labour Organisation (2006). *A Study of Haliya-Haruwa and Charuwa: Forms, Determinants and Complexities.* Kathmandu: CSRC and ILO.
10. GoN. (2007). *Interim Constitution of Nepal 2007*. Kathmandu : Government of Nepal
11. IDS. (1986). *Study on the Land Tenure System of Nepal*. Kathmandu: Institute of Development Studies.
12. Keliang, Z. and Prosterman, R. (2006). *From Land Rights to Economic Boom*. Webpage: www.chinabusinessreview.com. Accessed on 5th September 2008.
13. Khadka, N. (1994). *Politics and Development in Nepal*. Jaipur: Nirala Publications.
14. Khanal, D.R. (1994). *Agrarian Reform and Land Tenure System in Nepal*. Rome: FAO
15. Medaille, J.C. (2005). Taiwan and the "Land to the Tiller" Programme. *The Vocation of Business: Catholic Social Teaching for the Business Person*. (A work in progress, copyrighted by the author and reprinted here by permission. July 2005.
16. Ramachandran, V.K. and Swaminathan, M. (2002). *Agrarian Studies*. Delhi: Tulika Publications.
17. Regmi, M.C. (1999a). *Thatched Huts and Stucco Palaces: Peasants and Landlords in 19th Century Nepal*. Delhi: Adroit Publishers (Reprint).

18. Regmi, M.C. (1999b). *A study in Nepali Economic History*. Delhi: Adroit Publishers.
19. Thapa, S. (2001). *Peasant Insurgence in Nepal 1951-1960*. Bhaktapur: Nirmala KC.
20. Thapa, S. (2000). *Historical Study of Agrarian Relations in Nepal 1846–1951*. Delhi: Adroit Publishers.
21. UNDP. (2004). Nepal Human Development Report. Kathmandu: United Nations Development Programme.
22. Upreti, B.R. (2004). *The Price of Neglect: From Resource Conflict to the Maoist Insurgency in the Himalayan Kingdom*. Kathmandu: Bhrikuti Academic Publishers.
23. Upreti, B.R. (2002). *Management of Social and Natural Resource Conflict in Nepal: Realities and Alternatives*. Delhi: Adroit Publishers.
24. Zaman, M. A. (1973). *Evaluation of Land Reform in Nepal*. HMG/N, Kathmandu: Ministry of Land Reform.

## परिच्छेद १४

✍ सागर राज शर्मा

# भूमि र अपूर्ण बहसः खाँचो समावेशी शैलीको

यस पुस्तकका पूर्ववर्ती परिच्छेदहरूमा चर्चा गरिएका सवाल र उठाइएका तर्कहरूले भूमिसम्बन्धी अन्तर्निहित समस्या तथा जटिलतालाई स्पष्ट पारेका छन्। यी परिच्छेदहरू भिन्न पृष्ठभूमि र पेशाका व्यक्तिले लेखेका हुन्। भूमिसँगको पहुँच वा यसकै कमी तथा भूमिमाथिको नियन्त्रणले सिर्जेका विद्यमान सामाजिक असमानतासम्बन्धी फरक दृष्टिकोण ती लेखकहरूले पस्केका छन्। यिनमा अघि सारिएका तर्कहरूको एउटै उद्देश्य नेपालमा भूमि सुधारका मुद्दा सम्बोधन गर्न राज्यको उपेक्षाले निम्त्याएको जटिलतालाई प्रस्ट्याउनु हो। नेपालमा विद्यमान सामाजिक-राजनीतिक संरचना बुझ्न भूमि र तत्सम्बन्धी सवालबारे जान्नु अति नै महत्वपूर्ण भएको तथ्य अकाट्य छ। साथै यस्ता मुद्दा नसल्टाई देशमा दिगो विकास र दीर्घकालीन शान्ति स्थापना हुनु पनि असम्भव छ। तर यहाँनिर हामीले एउटा सतर्कतापूर्ण टिप्पणी जसरी पनि थप्नुपर्ने हुन्छ। अहिले राष्ट्रिय स्तरका धेरै बहसहरू राजनीतिक उद्देश्यनिहित तर्कयुक्तिले निर्देशित छन्। केही प्रचारबाजीहरूबाहेक यस मुद्दामै केन्द्रित थोरै अनुसन्धानहरू मात्र पारविषयक (ट्रान्सडिसिप्लिनरी) छन्। फलत: नेपालका भूमिहीन किसान तथा यहाँको भूउपयोग शैलीको वास्तविक तथ्याङ्क र अवस्थाबारे अपर्याप्त तथा भ्रामक सूचना प्रवाह भएका छन्। फरक उद्देश्य र विविध स्रोतबाट आएका हुनाले होला, ती आँकडा तथा विश्लेषणहरू पनि भिन्ना-भिन्नै छन्।

तथापि नेपालमा विद्यमान सामाजिक असमानता र विभेदहरूको स्वस्थ र सन्तुलित दृष्टि खोज्ने हो भने यसलाई अझ समष्टिगत विधिले नियाल्नुपर्छ। समाज तथा परिणामत: देशकै विकास केवल भूमि सुधारबाट मात्र हुँदैन। भूमिसम्बन्धी सवाल एकपटक सुल्झाइएमा समाजका सम्पूर्ण असमानताहरू बिलाउँछन् भनी सोच्नु पनि मनको लड्डु घ्यूसँग खाएतुल्य अर्थहीन हुन्छ। यस परिच्छेदमा सोही विषयलाई बिउँताउँनु हाम्रो उद्देश्य हो। देशमा गम्भीर भूमि सुधारको वास्तविक आवश्यकता छ। यसमाथि हामीले पनि यही पुस्तक (परिच्छेद तेह्र) मा रूपान्तरणमुखी भूमि सुधार प्रस्ताव गरेका छौँ। तर पनि यी सबै समस्या हल गर्न भूमि आफैँ रामवाण बन्न सक्दैन। त्यसैले हामीले

समष्टिगत दृष्टिकोणबाट भूमिलाई पूर्णताको एउटा पाटोमात्रै मान्नुपर्छ। यसबाहेक उत्तिकै महत्वपूर्ण मानिएका अरू थुप्रै विषय र मुद्दाहरू पनि छन्। यी (तथा अरू) वैकल्पिक उपायहरूलाई ख्याल नराख्ने र विकासलाई एउटा अझ समष्टिगत र एकीकृत शैली नदिने हो भने यो सम्पूर्ण बहस नै अपूरो हुन पुग्छ।

## १४.१ भूमि–केन्द्रित समसामयिक बहस

यस पुस्तकका विभिन्न परिच्छेदमा विस्तृत तर्क गरिएजस्तै नेपाल तथा विश्वका अन्य मुलुकमा पनि जमिनले गरीब किसान तथा अल्पसंख्यकहरूको जीविकामा ठूलो असर पार्छ। यसलाई शक्तिको स्रोत तथा गर्व, प्रतिष्ठा र सम्पन्नताको प्रतीक मानिन्छ। देशमा चौतर्फी व्याप्त विषम तथा असमतामूलक भूमि वितरणले विभिन्न सामाजिक-आर्थिक तथा राजनीतिक तहका ग्रामीण कृषि वर्ग जन्माएको राय पनि सुनिने गरिन्छ। दलित र सामाजिक रूपले बहिष्कृत अरू समूहलाई प्रभाव पार्ने खालको विद्यमान जातीय व्यवस्थाले यस्ता ग्रामीण कृषि सम्बन्धहरू झनै नाजुक बनेका छन्। सोही धारमा रहेर यस पुस्तकको परिच्छेद ६ ले भूमि तथा भूमि आधारित प्राकृतिक स्रोतको अधीनत्व दिन अस्वीकार गरिँदा अनिश्चितता, अस्थिरता एवं द्वन्द्वले ठाउँ पाउने तर्क गरेको छ। यसबाहेक यादव (२००५) जस्ता अरू केहीले नेपालमा भूमि धेरै विखण्डित भएको हुनाले अरू वितरण गर्न अब कुनै जमिन नै नभएको तर्क पनि अघि सार्छन्। उचित वितरण तथा भूउपयोग प्रणालीका समस्या समाधानको जिम्मेवारी बजारलाई नै सुम्पनुपर्छ भन्ने तिनको विचार छ (विस्तृत जानकारीको लागि हे. परिच्छेद ४)।

यस खालको बहसमा नेपालको भूमि वितरण अवस्थाको आँकडा पटक-पटक उद्धृत भएको पाइन्छ। यसलाई तालिका १४.१ मा पनि देखाइएको छ। यस तालिकाले देशमा सामान्य भूअधीनत्व अवस्थाको चित्रण गरेको छ। सो तालिकाले २४% भन्दा बढी जनता भूमिहीन र अरू ६.९८% जनता अर्धभूमिहीन भएको प्रस्टचाउँछ। गुजारामुखी कृषिमा आधारित एउटा मुलुकका ३०% भन्दा धेरै जनता भूमिहीन छन् भने तिनले पक्कै पनि जीविकाको असुरक्षा भोगिरहेका हुन्छन्। गुजारा गर्न तिनका गतिविधिहरू जुनसुकै पराकाष्ठामा पनि पुग्न सक्छन्। जति नै सत्य र उल्लेखनीय भए पनि यति मात्रै तर्कले सबै कुरा छर्लङ्ग पार्दैन। यस्ता जनतालाई अरू के विकल्प उपलब्ध हुन सक्छन्, वा गराइन सक्छन् ? यी जनतालाई भूमि वितरण गरेर मात्रै तिनले बेहोरिरहेका सामाजिक विभेद र अन्यायसम्बन्धी समस्या सल्टिन सक्छन् त ? अनुपस्थित जमिन्दारीको समस्या हल गर्ने सर्वोत्तम उपाय के हुन सक्छ र तिनबाट कति जमिन पाउन सकिन्छ ? यसका अतिरिक्त उल्लेख्य मात्रामा रहेको बाँझो भूमि नेपालले भोगिरहेको अर्को महत्वपूर्ण चुनौती हो। उत्पादनका कमसल पक्षहरू (कृषि

**सामग्रीको अनुपलब्धता, सुव्यवस्थित तथा सुरक्षित बजारको अभाव र कृषिलाई आवश्यक पर्ने दक्ष श्रमशक्तिको कमी) ले गर्दा यस्ता जमिन उपयोगविहीन भएका छन्। यस्ता बाँझो भूमिको वास्तविक क्षेत्रफल कति छ र यिनको उचित र पूर्ण उपयोग गर्ने सर्वोत्तम उपाय के हुन सक्छ ? वर्तमान समयमा बाली विभाजन (अधियाँ) को लागि जमिन भाडामा दिँदा अर्को समस्या जन्मिने त्रास र अनिश्चितताले जमिन्दारहरूलाई घेरेको पनि देखिन्छ। अधियाँ कमाउनेले वैधानिक मोहीको हैसियतले सम्पत्तिमाथि नै दाबी गर्न सक्छ भन्ने तिनलाई डर छ। विशेषगरी बदलिँदो सामाजिक-राजनीतिक सन्दर्भ र नेपालको भावी संघीय संरचनामा भूमि गुणस्तर सुधार गरी कृषि उत्पादकत्व वृद्धि गर्न राज्यले कस्ता विधि अवलम्बन गर्नुपर्छ ? यी सबै एकदमै गहन तथा महत्वपूर्ण सवालहरू हुन्। यिनलाई उति नै गहनता र इमान्दारितासाथ सम्बोधन गर्ने बाटो नअपनाइएमा राजनीतिकर्मी तथा यस क्षेत्रमा संलग्न अरू प्रमुख पात्रहरूबीच भूमि सुधार एउटा सहज नारामात्रै बन्नेछ। आगामी धेरै वर्षसम्म पनि एउटा स्वतन्त्र र न्यायपूर्ण समाज केवल दिवास्वप्न मात्रै बन्न सक्छ।**

**तालिका : १४.१: नेपालमा भूमि वितरण अवस्था**

| क्र.सं. | जनताका प्रकार | कुल जनसंख्याको प्रतिशत |
|---|---|---|
| १. | भूमिहीन | २४.४४ |
| २. | अर्धभूमिहीन (०.२० एकड अथवा ०.०८ हेक्टरभन्दा कम हुनेहरू) | ६.९८ |
| ३. | सीमान्तकृत किसान (०.२१ देखि १ एकड अथवा ०.०८४ देखि ०.४०४६ हेक्टर हुनेहरू) | २७.५९ |
| ४. | साना किसान (१.०१ देखि २ एकड अथवा ०.४०८७ देखि ०.८०९ हेक्टर) | २०.१५ |
| ५. | अर्ध-मध्यम-किसान (२.०१ देखि ४ एकड अथवा ०.८०९ देखि १.६१८ हेक्टर) | १३.४२ |
| ६. | मध्यम किसान (४ देखि १० एकड अथवा १.६५९ देखि ४.०५ हेक्टर) | ६.२५ |
| ७. | ठूला किसान (१०.०१ एकड अथवा ४.०६ हेक्टर हुनेहरू) | १.१७ |

*स्रोत : युएनडिपी (२००४:१७६), तालिका ११*

### १४.१.१ अनुसन्धानमुखी नीतिको खाँचो

**माथिका अति कठिन, चुनौतीपूर्ण र महत्वपूर्ण प्रश्नहरूमा प्रयोजनसिद्ध, सम्भव र विवेकशील समाधान खोज्न नेपालभित्रका सबै पक्षहरूले भूमिसम्बन्धी सवालमा गहन अध्ययन तथा पारविषयक अनुसन्धान (ट्रान्सडिसिप्लिनरी रिसर्च) लाई उत्प्रेरणा दिनु र यस्तो अभियान थाल्नु जरुरी छ। राजनीतिक स्वार्थनिहित भई हतारमा बनाइएको भूमि सुधार नीतिविपरीत बेग्लै अनुसन्धानमुखी**

नीतिहरूको खाँचो दीर्घकालदेखि महशुस गरिएको हो। यसको लागि भूमिसम्बन्धी सवालमा पारविषयक अनुसन्धानलाई प्रोत्साहन गर्न सरकारी र दातृ समुदायको प्रयास र गम्भीरता निकै महत्वपूर्ण ठहरिनेछ। तालिका १४.१ को तथ्याङ्कले नेपालमा भूमि वितरणको अवस्थालाई चित्रणमात्रै गर्छ। यो आफैँमा धेरै पुरानो र राजनीतिकर्मी तथा निर्णयकर्ताका स्वार्थले अभिप्रेरित छ। भूमिहीनको संख्या, पर्तीभूमिको वास्तविक क्षेत्र, देशमा कायम भूउपयोग शैली वा अनुपस्थित जमिन्दारकै संख्या होस्, हामीसँग यिनमध्यै कुनैको पनि अद्यावधिक तथ्याङ्क छैन भन्ने मानसिकता लिई काम सुरु गर्नुपर्छ। तर पारविषयक शैलीले गहन एवं सूक्ष्म विश्लेषण नगर्दासम्म अद्यावधिक तथ्याङ्क आफैँमा अझै पूर्ण हुँदैन। भूमि आधारित कुनै पनि सूचित नीति-निर्णय गर्नुअघि एउटा बोधगम्य भूमि स्रोत नक्सांकन (कम्प्रिहेन्सिभ ल्याण्ड रिर्सोस म्यापिङ) र भूउपयोग तथ्याधार (ल्याण्ड युज म्यापिङ) को आवश्यकता पर्छ। किनकि विना अनुसन्धानको नीति फालीविनाको हलोजस्तै अर्थहीन हुन्छ र यसले उल्टै नकरात्मक असरहरूमात्रै फैलाउने काम गर्छ।

### १४.१.२ बहसमा जमिन्दारहरूलाई संलग्न गराउनुपर्ने आवश्यकता

जमिन्दार अथवा 'उपल्ला जाति' विरुद्ध पूर्वाग्रहले ओतप्रोत हुनु नेपालमा चलिरहेको राष्ट्रिय स्तरका बहसहरूको अर्को विशेषता हो। राज्यविरुद्ध सशस्त्र युद्ध सुरु गरेपछि माओवादीले पनि आफ्नो आन्दोलन मुख्यत: वर्गमा आधारित संघर्ष भएको स्पष्ट पारे। यस्ता जमिन्दारविरोधी अभियानहरू वर्षौंसम्म विकसित भएपछि र किसानहरू तिनको अधिकार पाउन झन्-झन् संगठित हुन थालेपछि जमिन्दारलाई यस्ता बहसबाटै अलग्याइयो। तर पनि विकासको लागि यो सन्तुलित विधि भने होइन। यसले समाजलाई अझ ध्रुवीकरणतर्फ धकेल्ने खतरा हुन्छ। परिच्छेद ९, १०, ११ र १२ मा चर्चा गरिएअनुसार हलिया, हरुवा र चरुवालाई क्रूर शोषण गर्ने अझै पनि धेरै जमिन्दारहरू छन्। तर तिनलाई यस्तो छलफलबाटै अलग्याइनु चाहिँ समस्या समाधानको पाटो किमार्थ बन्न सक्दैन। सबै जमिन्दारलाई भूमि सुधारविरोधी भन्नु पनि विवेकसंगत हुँदैन। धेरै जमिन्दारहरू भूमि सवालका यी बहसमा ध्यानै दिँदैनन् भन्ने पनि सत्य हो। तर तिनलाई समेत बहसको मूलधारमा ल्याइनुपर्छ। बाह्य र आन्तरिक दुवै कारणले हुने समाजको बदलिँदो संरचना तथा गतिशीलताले कैयौँ यस्ता जमिन्दारहरूले किसानी पेशालाई धेरै अघि नै छाडिसकेका छन् । तिनीहरू अहिले सहरी क्षेत्रमा बस्छन् र जीविका धान्न अरू नै व्यवसायमा संलग्न छन्। आफ्नो जग्गा बिक्री गर्न वा त्यसको विकल्प भेट्न सके निकै खुसी हुनेहरू पनि यिनमै छन्। यस्ता भूमिधनीहरूलाई विश्वस्त तुल्याउन सकिए तिनीहरू पनि साँचो भूमि सुधार

प्रक्रियामा सहभागी हुन राजी हुनेछन्। नीति-संवाद तथा भूमिसम्बन्धी बहसमा ती जमिन्दारलाई संलग्न गराउनु निकै जरुरी छ किनभने तीमध्ये धेरैले अरू कुनै विकल्प खोजिरहेका छन् र न्यायपूर्ण तथा स्वतन्त्र समाजको चाहना गर्छन्।

## १४.२ अन्य विकल्पहरू

मुलुकको समग्र सामाजिक-आर्थिक 'विकास' लाई न्यायपूर्ण तथा स्वतन्त्र समाजको पूर्वाधार मान्ने हो भने त्यस्तो विकास केले निम्त्याउँछ भन्ने प्रश्न उठाउनु जरुरी हुन्छ। आफ्ना विकास प्रयासमा नेपाल विगतमा किन असफल रह्यो ? अथवा यसलाई भूमि दृष्टिकोणबाट मात्रै हेर्दा गएका दिनमा भूमि सुधारका सबै प्रयासहरू किन असफल भए ? स्रोतको अनुचित वितरण, प्रभावहीन प्रशासन, कुशासन अथवा जनताबीच रहेको चुलिँदो वर्ग-विभेद नै नेपालको आर्थिक विकासमा घातकसिद्ध भएका थिए त ? के नवीन संघीय नेपाल लामो समयसम्म सुयोग्य राष्ट्र-राज्य (नेसन-स्टेट) बनिरहला ? यससम्बन्धी सन्तुलित दृष्टि पाउन अरू विकल्पमा पनि ध्यान राख्दै भूमि सवाललाई उदार दृष्टिकोणले हेर्नु अपरिहार्य छ।

आफ्नो जीविका धान्न जमिन्दारकहाँ काम गर्नुसिवाय अरू विकल्प नभएका भूमिहीन जनता र गरीब किसानलाई जीविका धान्ने अन्य विकल्पहरू दिनु जरुरी छ। यसरी तिनले जीविकाको अन्य विकल्पसमेत भेटी आफ्नै सूचित रोजाइ अपनाउन सक्छन्। अहिलेको अवस्थाले तिनलाई जमिन्दारको भूमिमा काम गर्नुबाहेक अर्को कुनै विकल्प दिँदैन। फलत: तिनीहरू गरीबीको एउटा दुष्चक्रमा फँस्न पुग्छन् (परिच्छेद ९, १०, ११, १२)। आफ्ना सबै नागरिकप्रति जिम्मेवार हुनु र तिनलाई जीविकाको अरू विकल्प प्रदान गर्नु राज्यसँगै सरकारको पनि कर्तव्य हो। धेरै जटिल विषय हुनाले तथा समाधानमा पुग्न उल्लेख्य समय र प्रयास खाँचो पर्ने भए तापनि भूमिमाथि सरकार र अरू सबै सरोकारवालाहरूले गम्भीर भई सोच्न र यी गरीब किसानलाई जीविका विकल्पको विकास गर्न पनि उत्तिकै आवश्यक देखिन्छ। भूमि वितरण तथा स्रोतसँगको पहुँच असमतामूलक हुँदा आफ्नो प्रतिष्ठा पुनर्स्थापना गर्न र त्यसलाई दिगो बनाउने वैकल्पिक रोजगारीका अवसर तथा जीविका रोजाइहरू पनि कठिन बन्न पुग्छन्। औपचारिक तथा अनौपचारिक क्षेत्रमा रोजगारी सिर्जना, दक्षता विकासका कार्यक्रमहरू, श्रममुखी उत्पादन प्रविधि, कृषि उत्पादकत्वको वृद्धिसाथै सूचना र राज्यको निर्णय प्रक्रियासँग पहुँच सामाजिक-आर्थिक विकास गर्न निकै महत्वपूर्ण मानिन्छन्। परिच्छेद १३ मा प्रस्तावित रूपान्तरणमुखी भूमि सुधार कार्यक्रमलाई गरीबहरूको सामाजिक-आर्थिक विकास र रोजगारी सिर्जना गर्ने अन्य वैकल्पिक क्षेत्रको पूर्वाधार मान्न सकिन्छ। यस्ता क्षेत्रका सम्भाव्यताहरू तल उल्लेख गरिएको छः

### १४.२.१ जलविद्युत विकास

जलविद्युतमा नेपालको अपार सम्भाव्यता छँदाछँदै पनि वर्तमानको ६०० मेगावाट विद्युत उत्पादन निकै गतिहीन अवस्था हो (एनइए, २००७)। बारम्बार फलाकिने जलविद्युतमा ८३,००० मेगावटको सम्भाव्यतालाई प्रभावकारी उपयोगमा ल्याउन सकेमा घरेलु आवश्यकताको परिपूर्तिसाथै निर्यात गर्न पनि अतिरिक्त बिजुली उत्पादन गर्न सकिन्छ। वर्तमान नेपालमा गरीबी निवारण र आर्थिक विकासमा विद्युत अभाव मुख्य अड्चन बनेको छ। तर केही ठूला आयोजनाहरूसँग सहकार्य गर्दा निर्यात गर्न विद्युत उत्पादनमात्र नभएर यससँगै रोजगारीका नयाँ अवसरहरू सिर्जना गर्न सकिन्छ। यसले कुल राष्ट्रिय आम्दानी (जिएनआई) को आकारसमेत बढाउन सक्छ। सुदूर पश्चिममा ७५० मेगावाट क्षमताको पश्चिम सेती जलविद्युत परियोजना यस उद्देश्यलाई हासिल गर्न आशलाग्दो कदम हो। तर पनि यसलाई ठोस अर्थमा पुऱ्याउन भारतसँग एउटा यथार्थपरक र पारस्परिक हितकारी सम्झौता हुनु जरुरी छ। किनकि नेपालको सबैभन्दा महत्वपूर्ण व्यापारिक सहरथी तथा उत्पादित बिजुलीको लागि सर्वाधिक सम्भाव्य बजार भारत नै हो। यस्तो हुन सकेको खण्डमा देशमा ठूलो हिस्सामा रहेका बेरोजगार तथा अल्परोजगार युवासाथै वैकल्पिक जीविकाको खोजीमा रहेको जमातलाई समेत यस क्षेत्रले राम्रो अवसर दिन सक्छ।

### १४.२.२ पर्यटन प्रवर्द्धन

रोजगारीको अवसर सिर्जना गर्ने र नेपालको समग्र विकासमा योगदान दिने अर्को ठूलो क्षेत्र पर्यटन हो। विश्वभर धेरै मानिसका लागि नेपाल लोकप्रिय गन्तव्य बनेको छ। द्वन्द्वावधिमा पर्यटकको संख्या घटेपनि सन् २००७/२००८ मा पर्यटकको संख्या पहिलो पटक पाँच लाख नाघेर फेरि बढ्न थालेको छ (एनटिबी, २००८)। यद्यपि पर्यटनमा अरू अवसरहरू बढाउँदै आन्तरिक र बाह्य दुवै पर्यटकलाई अरू आकर्षण थप्न सरकारी र निजी क्षेत्रसमेत संलग्न सरोकारवालाहरूबाट तत्सम्बन्धमा थोरै मात्र काम भएका छन्। अहिले पर्यावरण-मैत्री (इको-फ्रेण्डली) तथा ग्रामीण समुदायलाई पनि लाभदायी हुने गरी नेपालमा पर्यटन विकास गर्न सकिन्छ। पर्यटनले रोजगारीको नयाँ अवसर सिर्जना गर्छ, विदेशी मुद्राको आम्दानी बढाउँछ र देशभित्रको क्षेत्रीय असमानता घटाउन पनि योगदान दिन्छ। तर यस्ता सम्भाव्यताहरू अझै पनि गर्भमै रहेका छन्।

### १४.२.३ कृषि उत्पादकत्वमा वृद्धि

सरकार, दातृ समुदाय र सम्पूर्ण सरोकारवालाले ध्यान दिनुपर्ने एउटा अर्को क्षेत्र भनेको नेपालमा कृषि उत्पादकत्वमा वृद्धि गर्नु हो। खासगरी ग्रामीण भेगमा

हालैका वर्षहरूमा नेपालले गम्भीर खाद्य-संकट भोग्नु परेको थियो। यस्तो खाद्य-संकटको प्रमुख कारण उच्च जनसंख्या वृद्धिदर, कृषि उत्पादनमा आएको मन्दी, अनुचित भूउपयोग शैली तथा जीविकाको वैकल्पिक अवसरका कमी आदि हुन्। भर्खरै (सन् २००८ जुलाई) जेनेभामा सम्पन्न विश्व व्यापार संगठन (डब्ल्यूटिओ) को वार्ताको असफलताले पनि हाम्रो खाद्य-संकट निराकरण गर्न कम्तीमा अहिले अन्तर्राष्ट्रिय व्यापारमा भर पर्नु हुँदैन भन्ने पाठ सिकाएको छ। निम्न परिमाण (लो भोल्युम) मा सुधार, उच्च मूल्य (हाई प्राइस) तथा आफ्नै भूमिमा विशिष्टीकृत उत्पादकत्व (स्पेसलाइज्ड प्रडक्टिभटी) विना खाद्य-अभावसँग जुझ्न सम्भव हुनेछैन। यसको लागि कृषिको आधुनिकीकरण अत्यन्तै महत्वपूर्ण हुनेछ। कृषिलाई अझ आधुनिक बनाउँदा यसतर्फ युवाहरू आकर्षित हुनेमात्र नभई तिनलाई आत्म-परिपूर्णता (सेल्फ-सफिस्यन्सी) बढाउन पनि अवसर मिल्नेछ। गैरकाष्ठ वन पैदावर तथा जडिबुटीजन्य वस्तुको खेती गर्न यस क्षेत्रमा प्रशस्त अवसरहरू छन्। सघन कृषि उत्पादनको आधार, सहभागितामूलक संस्थागत व्यवस्थापनको सिर्जना, रोजगारीका नवीन अवसर र क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालनजस्ता उपाय अवलम्बन गर्नाले ग्रामीण जनसंख्याको पक्षमा कृषिलाई अझै लाभदायी बनाउन सकिन्छ।

नेपालका ग्रामीण जनतालाई वैकल्पिक जीविका उपाय सिर्जना गर्न यिनीहरू केही क्षेत्रमात्रै हुन्। विप्रेषण (रेमिटचान्स) मार्फत विदेशी मुद्रा आर्जन गर्न तथा युवाहरूलाई रोजगारीका धेरै विकल्पहरू दिन सक्ने प्राविधिक तथा व्यावसायिक सीप दिन वैदेशिक रोजगारीका थप अवसरहरू सिर्जना गर्नु पनि यस्तै अर्को क्षेत्र हुनसक्छ। अति विपन्न वर्गको जीविका सुरक्षा सुनिश्चित गर्न जिल्ला तथा गाविसस्तरमा सहकारी खेती कार्यक्रमहरू लैजानु अर्को सम्भाव्य उपाय हो। यी तथा सम्भवत: अरू उपायहरूलाई पनि सबै पक्षबाट गम्भीरतासाथ ध्यान पुऱ्याइनुपर्छ।

## १४.३ निष्कर्ष

नेपालमा उत्पादनको प्रमुख साधन र परम्परागत शक्तिको स्रोत भूमि हो भन्नेमा कुनै द्विविधा छैन। आर्थिक र सामाजिक स्तर परिभाषित गर्न भूअधीनत्वले प्रतीकात्मक भूमिका खेलेको छ। यसैगरी भूमि उत्पादकत्व र यसको अधीनत्वको वितरणसँग गरीबीको निकै सामीप्यता छ। त्यसैले भूमिसम्बन्धी सवाललाई उचित र गम्भीर रूपमा सम्बोधन गरिनु अपरिहार्य छ। एउटा गहन तथा रूपान्तरणमुखी भूमि सुधार कार्यक्रमविना नेपालमा दिगो शान्ति र स्वतन्त्र एवं न्यायपूर्ण समाजको कल्पनासम्म गर्न सकिँदैन। तथापि गरीब जनताका लागि जीविकाको अरू विकल्प पनि गहनतासाथ खोजिनु उत्तिकै महत्वपूर्ण छ। नेपालको समग्र सामाजिक-आर्थिक विकास गर्न अरू

**दृष्टिकोणहरू पनि छन्। तिनलाई पनि उति नै ध्यान पुऱ्याइनु पर्छ। दिगो विकास गर्न एकीकृत शैली वर्तमान समयको माग हो र त्यसको लागि अनुसन्धान, नीति र कार्यान्वयन सँगसँगै जानु नितान्त आवश्यक छ।**

## सन्दर्भ सामग्री


1. NEA. (2007). A Year in Review: Fiscal Year 2006/07. Kathmandu: Nepal Electricity Authority.
2. NTB. (2008). Statistics 2008. www.welcomenepal.com. Kathmandu: Nepal Tourism Board. (Accessed on August 1, 2008).
3. UNDP. (2004). Nepal Human Development Report. Kathmandu: United Nations Development Programme.
4. Yadav, R.P. (2005). *Land Tenure Situation in Nepal in Policy Outlook.* Series No. 7. Kathmandu: Winrock International.

## लेखकहरूबारे ...

**कैलाशनाथ प्याकुऱ्याल** नेपालका एक प्रभावशाली ग्रामीण समाजशास्त्री हुनुहुन्छ। उहाँले मिसिगन स्टेट विश्वविद्यालय, मिसिगन, संयुक्त राज्य अमेरिकाबाट समाजशास्त्रमा विद्यावारिधि गर्नुभएको हो। एघार वर्ष कृषि मन्त्रालयमा सरकारी जागिरेका रूपमा, तीस वर्ष त्रिभुवन विश्वविद्यालयमा तथा पछिल्लो वर्षदेखि काठमाडौँ विश्वविद्यालयमा करार-अध्यापकको रूपमा गरी उहाँले ४२ वर्षको कार्यानुभव सँगाल्नु भएको छ। प्राध्यापक प्याकुऱ्यालले कृषि तथा जीवविज्ञान संस्थानमा विभागीय प्रमुख, सहायक डिन तथा डिनका रूपमा काम गरिसक्नु भएको छ। साथै उहाँले त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरमा समाजशास्त्र तथा मानवशास्त्र विभागमा विभागीय प्रमुखसमेत भई काम गर्नुभएको छ। उहाँ प्राकृतिक स्रोत व्यवस्थापन (कृषि, वन तथा सिँचाइ व्यवस्थापन) र तुलनात्मक अनुसन्धानका क्षेत्रमा एक अनुभवी अनुसन्धाता तथा परामर्शदाता हुनुहुन्छ। उहाँ गरीबी अनुसन्धान, कृषि प्रणाली अनुसन्धान, संस्था निर्माणका साथै मानव संसाधन विकासका विज्ञ पनि हुनुहुन्छ। उल्लिखित क्षेत्रहरूमा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग, एसियाली विकास ब्याङ्क, विश्व ब्याङ्क, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, अन्तर्राष्ट्रिय खाद्य तथा कृषि संस्था, जर्मन प्राविधिक सहयोग कार्यक्रम, प्लान नेपाल र चीनियाँ तिब्बतशास्त्र अध्ययन केन्द्र, बेइजिङमा विगतमा उहाँले परामर्श सेवा दिइसक्नु भएको छ। प्राध्यापक प्याकुऱ्यालका लगभग ५० अनुसन्धान कृतिहरू प्रकाशित छन्। उहाँले हालसालै (२०६३ चैतमा) *कन्फ्लिक्ट इन नेपाल: थिअरेटिकल अन्डरपिनिङ्स, कन्फ्लिक्ट म्यानेजमन्ट, कन्फ्लिक्ट ट्रान्सफर्मेसन एण्ड पिस बिल्डिङ* नामको पुस्तक सम्पादन गर्नु भएको छ।

**गणेश राम** सप्तरी जिल्लाका सुपरिचित दलित तथा भूमि अधिकारकर्मी हुनुहुन्छ। उहाँ चमार आन्दोलनमा क्रियाशील हुनुका साथै दलित शोषण विरुद्धका विभिन्न आन्दोलनमा समेत सहभागी हुनुभएको छ। सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी) काठमाडौँको कार्यकारिणी समितिको उहाँ सह-अध्यक्ष पनि हुनुहुन्छ।

**जगत देउजा** २०५२ देखि भूमि अधिकारका क्षेत्रमा काम गर्नु भएका सुपरिचित भूमि अधिकारकर्मी हुनुहुन्छ। उहाँले सिन्धुपाल्चोक जिल्लाबाट भूमि अधिकारका गतिविधि आरम्भ गर्नुभएको थियो। विभिन्न दैनिक, साप्ताहिक, पाक्षिक तथा मासिक अखबार तथा म्यागजिनहरूमा उहाँका थुप्रै लेखहरू छापिएका छन्।

सह-सम्पादकका रूपमा पनि उहाँले विभिन्न सम्पादित पुस्तक, प्रतिवेदन तथा हाते-पुस्तिकाहरूमा काम गर्नुभएको छ। शिक्षा र भूमिमा मुख्य रूपमा केन्द्रित सामाजिक आन्दोलनमा उहाँ राष्ट्रिय मध्यस्थकर्ता तथा प्रशिक्षक पनि हुनुहुन्छ।

**जगत बस्नेत** एक सुपरिचित भूमि अधिकारकर्मी तथा सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी) का कार्यकारी निर्देशक हुनुहुन्छ। उहाँले मोहीको क्षमता अभिवृद्धि गर्ने संस्थाहरूलाई सहयोग गर्दै आउनु भएको छ। साथै हलियाहरूलाई भूमिसम्बन्धी द्वन्द्वबारे शिक्षित बनाउने तथा तिनलाई नेतृत्वकर्ता, अभियानकर्ता, मध्यस्थकर्ता तथा प्रशिक्षक बनाउन तालिम दिने काममा पनि उहाँ सक्रिय हुनुहुन्छ। नेपालमा भूमि सुधारको पक्षमा कार्यथालनी तथा महत्वपूर्ण योगदानको कदरस्वरूप भारतबाट प्रदान गरिने माजा कोइन सामाजिक सेवाकर्मी पुरस्कार-२००६ तथा अशोका फेलोसिप-२००७ बाट उहाँलाई पुरस्कृत गरिएको छ। भूमि सुधार तथा सामाजिक आन्दोलनका बारेमा उहाँले १०० भन्दा धेरै लेख लेख्नुभएको छ।

**नरिराम लुहार** बैतडी जिल्लाको विशालपुर गाविसका भूमि अधिकारकर्मी हुनुहुन्छ। उहाँ २०६१ सालदेखि भूमि अधिकार तथा दलित आन्दोलनको समर्थनमा तालिम तथा अभिमुखीकरण दिने कार्यमा सक्रिय हुनुहुन्छ। उहाँ राष्ट्रिय दलित सञ्जाल, बैतडीका जिल्ला सचिव पनि हुनुहुन्छ। डडेल्धुरा तथा बैतडी जिल्लामा लोकप्रिय शिक्षा कार्यक्रममा प्रशिक्षक तथा अभ्यासकर्ताका रूपमा समेत उहाँ क्रियाशील हुनुहुन्छ।

**पूर्ण नेपाली** मानव तथा प्राकृतिक संसाधन अध्ययन केन्द्र, काठमाडौं विश्वविद्यालयमा विद्यावारिधिका विद्यार्थी हुनुहुन्छ। हाल उहाँ 'सामाजिक रूपले बहिष्कृत जनताका लागि भूमि र जीविका रोजाइसँगको पहुँच' विषयमा विद्यावारिधिको अनुसन्धान गर्दै हुनुहुन्छ। उहाँले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूमा समेत काम गर्नुभएको छ।

**माधव ढुंगेल** मानव अधिकार, राजनीतिक सवाल, दलित अधिकार एवं भूमि अधिकारबारे सक्रिय रूपमा कलम चलाइरहेका खोजमुखी पत्रकार हुनुहुन्छ। हाल उहाँ लोकप्रिय साप्ताहिक खबरपत्रिका *नेपाल* मा आबद्ध हुनुहुन्छ। मानव अधिकारको विषयमा उहाँले १९० भन्दा धेरै लेख लेखिसक्नुभएको छ। उहाँ नेपाल पत्रकार महासंघ, शिक्षा पत्रकार समूह र चार्टड अकाउण्टण्ट असोसियसनका सदस्य पनि हुनुहुन्छ।

**यमुना घले**ले नेदरल्याण्डको वागेनहेगन विश्वविद्यालयबाट सन् १९९८ मा पर्यावरणीय कृषिमा एमएस्सी गर्नुभएको हो। नेदरल्याण्ड विकास नियोग (एसएनभी-नेपाल), एकीकृत पर्वतीय विकासका लागि अन्तर्राष्ट्रिय केन्द्र

(इसिमोड), एक्सन एड नेपाल र स्विस सरकार विकास सहयोग (एसडिसी) जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूसँग १७ वर्ष लामो व्यावसायिक संलग्नतामा उहाँले कृषि, प्राकृतिक स्रोत व्यवस्थापन, सामाजिक समावेशीकरण तथा लैङ्गिक सवालहरू र व्यापार तथा भूमण्डलीकरणमा पेशागत अनुभव तथा विज्ञता हासिल गर्नुभएको छ। उहाँले कृषि, व्यापार तथा सामाजिक समावेशीकरणबारे राष्ट्रिय तथा अन्तराष्ट्रिय जर्नल, पुस्तक तथा हस्तपुस्तिकाहरूमा वैज्ञानिक लेख तथा दैनिक, साप्ताहिक, पाक्षिक र मासिक अखबारहरूमा विवेचनात्मक पत्र एवं लेखहरू लेख्नुभएको छ। खाद्य सुरक्षा, किसानहरूको अधिकार एवं प्राकृतिक स्रोत व्यवस्थापनबारे विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चार जगतमा उहाँलाई बारम्बार उद्धृत गरिएको पाइन्छ। हाल उहाँ स्विस सरकार विकास सहयोग, नेपालमा वरिष्ठ कार्यक्रम अधिकृतका रूपमा कार्यरत हुनुहुन्छ।

**विष्णुराज उप्रेती**ले सन् २००१ मा नेदरल्याण्डको वागेनहेगन विश्वविद्यालयबाट द्वन्द्व व्यवस्थापनमा विद्यावारिधि गर्नुभएको हो। उहाँ द्वन्द्व रूपान्तरण तथा शान्तिसम्बन्धी अनुसन्धान तथा अध्यापनमा क्रियाशील हुनुहुन्छ। उनन्तीस वर्ष लामो पेशागत संलग्नताका क्रममा उहाँ संयुक्त अधिराज्य बेलायतको लण्डन विश्वविद्यालय र सरे विश्वविद्यालयमा अध्यापन तथा अनुसन्धानमा संलग्न हुनुहुन्थ्यो। उहाँ हाल सोही क्षेत्रमा नेपालको काठमाडौँ विश्वविद्यालयअन्तर्गत मानव तथा प्राकृतिक संसाधन अध्ययन केन्द्रमा समेत आबद्ध हुनुहुन्छ। पेशागत कर्मचारी, स्रोत व्यक्ति तथा परामर्शदाताका रूपमा उहाँले स्विस सरकार विकास सहयोग, बेलायती अन्तर्राष्ट्रिय विकास नियोग, नेदरल्याण्ड विकास नियोग (एसएनभी), विश्व वन्यजन्तु कोष, विश्व संरक्षण संघ, डेनिस अन्तर्राष्ट्रिय विकास सहयोग, एक्सन एड, केयर, विश्व खाद्य कार्यक्रम, विश्व खाद्य तथा कृषि संगठन, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, एसियाली विकास ब्याङ्क तथा डेनिस अन्तर्राष्ट्रिय विकास संस्था (एमएस- नेपाल) जस्ता विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरू तथा सशस्त्र बलको लोकतान्त्रिक नियन्त्रण (डेमोक्रचाटिक कन्ट्रोल अफ आर्म्ड फोर्स: डिक्याफ) मा काम गर्नुभएको छ। लोकसेवा आयोगमार्फत छानिएर उहाँले केही वर्ष सहायक कृषि अर्थशास्त्रीको काम पनि गर्नुभएको थियो। द्वन्द्वसम्बन्धी पन्ध्रओटा पुस्तक लेख्नुका साथै उहाँले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्रपत्रिका, जर्नल तथा सम्पादित पुस्तकहरूमा थुप्रै लेख लेख्नुभएको छ। नेपालको सशस्त्र द्वन्द्वका बारेमा लेखिएका उहाँका कृतिहरूलाई पटक-पटक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा उद्धृत गरिएको पाइन्छ। अहिलेको समय उहाँ विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूमा स्रोत व्यक्तिको रूपमा संलग्न रहनुका साथै अप्सला विश्वविद्यालय, स्विडेनमा आगन्तुक विद्वत्वृत्ति (भिजिटिङ फेलोसिप) अन्तर्गत कार्यसम्पन्न गरी अध्ययन अनुसन्धानमा आबद्ध हुनुहुन्छ। हाल उहाँ अनुसन्धानमा दक्षताका लागि स्विस

राष्ट्रिय केन्द्र (एनसिसिआर, नर्थ-साउथ) को काठमाडौँस्थित दक्षिण एसिया संयोजन केन्द्रमा क्षेत्रीय संयोजकको रूपमा कार्यरत हुनुहुन्छ।

**सागर राज शर्मा**ले फुकुओका विश्वविद्यालय, जापानबाट विकास अर्थशास्त्रमा विद्यावारिधि गर्नुभएको छ। उहाँले नेपालमा वैदेशिक सहायता, विकास, निजी क्षेत्र तथा भूमि सुधारबारे गहन काम गर्नुभएको छ। विकासमुखी क्षेत्रमा प्राज्ञिक तथा अभ्यासकर्ता दुवैका रूपमा उहाँले कार्यानुभव सँगाल्नुभएको छ। फुकुओका विश्वविद्यालय, जापानमा उहाँले विकास अर्थशास्त्र तथा अन्तर्राष्ट्रिय विकास व्यवस्थापनको अध्यापन अनुभव पनि लिनुभएको छ। उहाँ नेपाली दूतावास कार्यालय, जापानमा आर्थिक सल्लाहकार तथा मानव बसोबाससम्बन्धी संयुक्त राष्ट्रसंघीय नियोग (युएन-ह्याबिटाट) कार्यालयमा राष्ट्रिय विकास परामर्शदाता पनि हुनुहुन्थ्यो। अहिले उहाँ काठमाडौँ विश्वविद्यालयअन्तर्गत मानव तथा प्राकृतिक संसाधन अध्ययन केन्द्रको स्नातकोत्तर कार्यक्रमका विभागीय प्रमुख हुनुहुन्छ।

# अनुक्रमणिका


**अ**

अधीनत्व अधिकार, ३९, १८२, २४६
अन्तरिम संविधान, १५०, १५३, १५४, १६२, १६४, २४४
अन्याय, ५, ९७, १०२, १३७, १८२
अफगानिस्तान, १२४
अबाद सान्तोस, ४८
अमिन, २५२
अमेरिका, ५९, ६०, १५४
अयला, ३८, ३९
अर्थ मन्त्रालय, १५८
अर्ध-दासता, १८९
अर्नेस्टो ग्वेभारा, ५२
असमानता, १९, १०६, ११०, १२३, १३८, १६७, २३८, २५९

**आ**

आइभोरी कोष्ट, १०७
आधारभूत अधिकार, १०१, १२८, १५०, २१५
आय-व्यय, ६२
आर्थिक गरीबी, २४०
आर्थिक विकास, ४५, ५९, ६०, ७७
आर्थिक वृद्धि, ४, १५२, २४६, २५४
आर्थिक सेवा, ७०, ७१

**उ**

उत्पादन सम्बन्ध, ८३, ८४, ८८, ८९, १०५, १७४, २५४
उपभोग्य जमिन, २४०
उपभोग, १२, १३, ८८, १००, ११५, १२१, २४०
उपहासपूर्ण धर्ना, ४८

**ए**

एकपक्षीय, १०८, १०९
एकीकृत शैली, २६०
एरिक ओल्फ, ४०
एसिया, १५३, ६६, ९०
एसियाली विकास ब्याङ्क, १५९, ६३, ७०

**ओ**

ओटिलियो, ३८
ओडिए, ६२, ६६, ७१

**क**

कनारा आन्दोलन, २७
कमैया, २३, २८, ३३, ९७, १९०, १९१, १९६, २०७, २३३, २४४
कम्लरी, ११७, १९२
कर्मचारीय अकर्मण्यता, १००
काठमाडौं, ६०, २४८, २७०
किसान, १९, २०, २१, २३, २६, ३७, ३९, ४०, ४२, ४८, ५४, ६८, ७२, ७५, ७६, ७९, ८३, ८५, ८८, ९९, १००, १६०, १७७, २१३, २४७
किसान क्रान्ति, २६, ४०, ५५
कुल राष्ट्रिय सूचकाङ्क, ६६, २६४
कृषि, ४, ५, ६१
कृषि उत्पादकत्व, १६९, २६१, २६४
कृषि उत्पादन, २५२
केलियाङ र प्रोस्टरम्यान, ४६, ४७
कोरिया, २४८, २५४
कोलम्बो योजना, ५९
कोसी बाँध, ६०
क्षेत्रीय असमानता, २६४

## ख

खमार रोक, २५
खलो प्रथा, १७४, १७५
खाद्य अधिकार, १४७, १४८, १५१
खाद्य उत्पादन, १५०, १५२
खाद्य सहायता, १४९
खाद्य सुरक्षा, १४८, १५०, १६६, २६९
खाद्य संकट, २६५
खान प्रथा, १७४, १७५, १७८
खेतीयोग्य जमिन, ६९, ९८, १६०

## ग

गरीबमुखी नीति, १९
गरीबीको दुष्चक्र, ९४, १७५, २४३
गरीबी निवारण, ४, ३४, ७३, ७५, १६३, २३८, २५४
गिरहत, २२५, २२६, २३२
गुठी, ३४, ६८, ११२, ११३, २४०, २५२
गैवार, १९२, २३४
ग्रामीण कृषि, ७५, ७७, ९०, १००
ग्रेसिया लिनेरा, ५३
ग्वाटेमाला, ९, १५४

## घ

घोषणापत्र, १५५, १९६, २४४, २४५

## च

चरुवा, ९७, १९२, २०१, २०२, २०६, २०९, २२५, २३३, २६२
चार बुँदे सम्झैता, ५९
चीन, ४५, ४६, ४७, ६०, २५४

## छ

छिन्ताङ आन्दोलन, २६

## ज

जग्गा कसको जोत्नेको, २६
जग्गाधनी, ९, १२, १५, ५३, ६९ ९०, ९९, १११, १२२, १७७, २३०, २४५, २४९, २५४
जनजातीय समूह, ११८, १७५
जनसहभागिता, १००
जमिन्दार, १२, २१, २३, ३४, ३९, ४५, ४८, ७८, ९२, १०१, ११५, १२३, १९४, २०२, २१४, २२९, २४२, २५३, २६२
जमिन्दारी व्यवस्था, २१
जलविद्युत, २६४
जसको जोत, उसको पोत, ११, ८४, १७६, २३७
जागिर, ६८, ८३, ९२, ११३
जातीय व्यवस्था, १३१, ४६, १७९, १८२, १६०
जापटा, ३८, ३९, ४०, ४१, ५५
जापान, ४९, २५४
जिम्बावे, ९, ९९, १११, १२३
जिम्मुवाल, २३९
जीविका, ९, २७, ३१, ३४, ७९, ११७, १५०, १७५, २०६, २१०, २१४, २३३, २३७, २६०, २६२ २६३, २६५
जीविका विकल्प, २१२, २६३,

## झ

झोडा, २६

## त

तमसुक, २३
ताइवान, २४८, २५४
तागाधारी र मत्वाली, १७७
तारुक, ५०

## द

दक्षिण एसिया, ६६, ८५, ९०, ११५
दलित, ९५, २६०, १०१, १४५, १४६, १६५, १७१, १७४, १७५, १७६,

१७७, १७८, १८२, १९५, २१९, २२७, २३०, २३३, २६०
दासताविरुद्धको सन्धि, १९६
दिगो विकास, २५९, २६६
दिगो शान्ति, ३४, २६५
दीर्घकालीन कृषि योजना, ४, १११, १५१, १५२, १६२
द्वन्द्व, ६, ९, ४३, २५६, ८३, ९८, १०२, १०५, १०६, १०७, ११०, १११
द्वन्द्वात्मक शक्ति, ८५

**ध**
धर्मभकारी आन्दोलन, २१

**न**
नगर क्षेत्र, २१४
नयाँ नेपाल, २७, ७१
नवउदारवादी नीति, ७३, ७५
नागरिक समाज, ३०, ३२, ३४
नापी कार्यालय, २५२
नारीवाद, ११०
निजी अधीनत्व, ८४, १८२
नेपाल, ३, ६, १९, ५९, ६१, ६९, ७०, ७८, १०८, ११२, ११६, १२७, १३७, १५०, १५१, १६०, १६३, १६४, १७३, २१३, २४४
नेपाल मजदुर किसान पार्टी, १४३, २४५
नेपाली काङ्ग्रेस, २३, २६, २७, १५८, २२९, २४४
न्युजिल्याण्ड, ६०
न्यायपालिका, ९९

**प**
पश्चिम सेती जलविद्युत परियोजना, २६४
पर्ती भूमि, २६२, २५४
पर्फोरियो डायज, ३८
पर्यटन, १६५, २६४
पाकिस्तान, १०६, १११
पारविषयक अनुसन्धान, २६१, २६२
पितमरी, २८
पिसकोर आन्दोलन, २७
पुँजीवाद, ४५, ८९, १०५
पूर्व-पश्चिम राजमार्ग, ६०
पूर्वाधार, ६०, ६५
पेरिस घोषणा, ६
प्लान डे अयेला, ३८, ३९

**फ**
फिलिपिन्स, ९, ४८, ४९, ५०, ५५, ७६, ११२, १५४

**ब**
बँधुवा, ९, ९६, १०१, १८९, १९२, १९६, २०५, २०७, २२५, २४६
बङ्गलादेश, १५३
बजार संयन्त्र, ७५, ७७
बजारमुखी शैली, ७०, ७७
बटैया, २८, २३९
बडा हाकिम, २३
बडाल आयोग, १२६, १७६, १७७
बहुपक्षीय सहयोग, ६०
बाग्दारी, २८
बारियो संयुक्त प्रतिरक्षा दस्ता, ४९
बालीघरे प्रथा, १७४, १७५
बासु पासा, २१
बाह्य सहयोग, ६१
बिर्ता, २७, ६८, ९१, ११२
बिलोबन्दी, २२२
बेठबेगारी, २१
बेलायत, ६३, १५८
बोलिभिया, ५०, ५१, ५२, ५४
बोल्सेभिक आन्दोलन, ४२
ब्राजिल, ७८, १२३, १५४

**भ**


भकारी फोड, २६
भारत, २४, ५९, ६०, २६४
भावनात्मक मूल्य, ८३
भिक्टोरिया हुएर्टा, ३९, ५५
भीमदत्त पन्त, २२, २३, २४
भूअधीनत्व, ६, ८, ३२, ६८, ७५, ८३, १०६, ११५, १२१, १७६, २१४, २५६
भूमण्डलीकरण, ९, १२९, १३७, १५५, १५६, १६५
भूमि, ३, ५, ९, १६, १९, ३७, ८३, १०५, १०८, ११९, १२२, १२३, १४७, १५५, १७१, १९४, २१९, २४०, २४५, २५३, २६०
भूमि अधिकार, १२, २५, २६, २७, २८, २९, ३०, ३३, ३४, ३८, ४२, ४७, ५०, ७०, ८५, ९९, ११५, १२१, १६१, १६२, २३८
भूमि कर, ४७, २१७
भूमि तथा खेती अभिलेख संकलन ऐन, ६८
भूमि नीति, ७३, ७५, ११५, १७६, १८०
भूमि प्रशासन, ७०, ९२, ११४, २५२
भूमि ब्याङ्क, ३२, ६९, ७७, १११, १५४, १८१
भूमि वितरण, ५, ६, १७, ३७, ४४, ७३, ८३, ९९, १११, १२३, १२९, १७७, २१५, २४१, २६१
भूमि सुधार, ६, ९, १०, ११, १८, १९, २९, ३१, ३७, ४०, ४२, ४४, ४५, ५०, ५३, ५५, ६९, ७५, ७९, ९२, ९८, ९९, १००, १११, ११७, १२४, १६२, १६७, १७६, १८३, २१०, २१९, २३७, २४१, २४४, २४५, २५४, २५५
भूमि सुधार ऐन, ६८, २१०, २४१, २४६
भूमि स्रोत, १०५ १०७, १०८, ११७, १२०, १२१, १२६, १३८, १५३, १६७
भूमिसँगको पहुँच, ७४, ७६
भूमिहीन, ४, ६, ९, ११, २०, ५४, ७८, १७३, १७७, १९२, २११, २१३, २१५, २१६, २१९, २२२, २३३, २४३, २४५, २४७, २५९
भेरा क्रुज, ४१
भैसवार, १९२, २३३
भोक हड्ताल, २९


**म**


*मकैको खेती,* २०
मझिया, २६, २७
मद्दत भकारी खदा करो, २५
मधेसी दलित, १७५
महिलाको प्रतिनिधित्व, १४०
माओ जे दोङ, ४५
माओवादी, ७६, १४३, १६४, २३१, २४३, १२५
मानव अधिकार, ९८, ९९, १४७, १४८, १५०, १६६, १९८
मिसेल फोकल्ट, १०८, ११०
मिसोअकान, ४१
मुखिया, २३९
मुलुकी ऐन, ११८, १५४, १७१, १७२, १७९, १८९, २०७
मुसहर, २०१, २१६
मेक्सिको, ३८, ४०, ४२, ५५, ८५
मोरेलस राज्य, ३८
मोहियानी हक, १२, २१, २८, १०१, १२७, २१०, २२१, २३४, २४१, २४२
मोही, २१, ३०, ३१, ३४, ६८, ८८, ९२, ११२, १७६, २२१, २४१, २४५, २४६
म्यागासेसे, ५०

**य**


युकाटान, ४१
युकुरेना, ५१, ५२


**र**


रकम, ११२
राजनीतिक अभिरुचि, ११०
राजनीतिक अर्थव्यवस्था, ८४, ८८
राज्य, ११२
राज्यको दायित्व, १४७, १४८, २४४
राणाकाल, २७
राष्ट्रिय क्रान्तिकारी आन्दोलन, ५१
राष्ट्रिय भूमि अधिकार मञ्च, २८, ३३, २३८
राष्ट्रिय योजना आयोग, १४५, २३८
रुवाण्डा, १२३
रूपान्तरण, ३, ७२, १०८, १२५, १३८, १४७, १५५, १६४, १६६, १८३, २१०, २३७, २४५, २४६, २४७, २४८, २५१, २५३, २५४, २६५
रूपान्तरणमुखी भूमि सुधार, ४७, ५०, ५३, ५४, २६५, २१०, २३७, २४५, २४६
रैकर, १३९, ६८, ११२, ११३
रोजगारीको अवसर, ११७, २११, २६४


**ल**


लिच्छवी, ६८, १४६
लैङ्गिक समानता, १४९, १६८


**व**


वर्ण व्यवस्था, १७१, १७२, १७४, १७५
वाणिज्यकरण, ९
वादी, २९, १७८
विकास, ४, ५९, ६०, ६१, ६५, ७५, १५०, १५५, १६२,१६४१६७, १४७, २५५, २६२, २६३
विप्रेषण, १७९, २६५
विभेद, २४, ९१, १०१, १६६, १९१, २५५
विलियम गेट्स,४०
विश्व ब्याङ्क, ३२, ३७, ५०, ६३, ६९, ७३, ७५, ७७, १११, १५८, १५९, १६०
विश्व व्यापार संगठन, १४९, १५५, १५६, १५७, १६५
विश्व सम्मेलन, ३७
विस्तृत शान्ति सम्झौता, २५६, १६४
वृत्ति व्यवस्था, ६८
वैदेशिक रोजगार, २६५
वैदेशिक सहायता, ६, ५३, ५९, ६१, ६५, ७०, ७३


**श**


शक्ति, ४०, ४४, ४६, ५४, ६१, ८३, ८५, ८६, ८७, ९८, १०६, १०८, १०९, ११६, १३९, २४०, २५५
शान्ति, १०७, १२३, १२४, २५६, ३४, ४२
शून्य योगफलको खेल, ८६
शोषण, २१, ७०, ८४, ९२, १०१, १२४, १२८, १४५, १६७, १८२, १९२, १९५, १९७, १९८, २०७, २२०, २२७, २४७, २६२
शोषणकारी अभ्यास, १४५, १८९


**स**


समता, ९८, ११६, १२९, २४७, २५५
सम्पत्ति अधिकार, ११९, १२०, १५५, १७९, ७५, ७७
समाजवाद, ४९, १८२, २२७

सरकार, ५, २१, ३३, ४०, ४२, ४९, १११, २१५, २४३, २५३
सरकारी बजेट, ६२, ७१
सर्वसम्मतीय शक्ति, ८५
सलामी, २१
सशक्तीकरण, १६६
सशस्त्र द्वन्द्व, ७६, ११०, १११, ८२, २४३
सहकारी खेती, २५१, २६५
सहायता भुक्तानी ६१, ७०
साको युद्ध, ५०
साझा सम्पदा, १५५
सात दलीय गठबन्धन, ४४, २४३
सामन्तवाद, १०, १९, ११२, १६४
सामाजिक न्याय, ७४, ७५, ८३, १२९, १४७, १६१, १६३, १६६, २३८, २४७
सामाजिक बहिष्करण, ११२, १३७, १४०, १७१
सामाजिक शक्ति, १०१, १०९, ११८
सामाजिक संरचना, १९, ३३, ८३, ८६, १०९, १२८, १४५
सामाजिक स्तर, ६३, १०७, ११०, १३८, १६६, २१५, २४३
सामुदायिक भूखण्ड, ४४
सार्क, ६६
सिँचाइ, ४, ६०, ९६
सिएरा लिओन, ९, १११
सिण्डिकेट, ५१, ५२
सिन्धुपाल्चोक, २७, २८, २९, ३०, ३१
सीमान्तीकृत, ३, ५, ९८, ११०, ११५, ११७, १४२, १२८, १७९, २११, २५५
सुकुम्बासी, १२३, २१३, २१४, २१५, २१७, २३८, २४४
सुदूर पश्चिम क्षेत्र, २२, २३, १८९, १९१
सेरा, ९३, ११२, ११३
सोभियत संघ, ५९, ६०
संघीय संरचना, २४६, २६१
संयुक्त राज्य अमेरिका, ५९, ६०, १८०
संरचनागत समायोजन कार्यक्रम, १११, १५५, १५८, १५९, १६२
संरचनागत हिंसा, १०२
संविधान, १४८, १५०, १५३, १६३, १६४, २०७, २४४, २४६, २५०
संविधानसभा, १३८, १४१, २४३
स्पेन,९, ५३
स्रोत विभाजन, ५

**ह**

हदबन्दी, १६, ६८, १२४, १२६, २१४, २४६, २४७, २५८
हरवाही, २०१
हरुवा, १७, ११७, १९६, १९७, २०१, २०२, २०४, २०६, २०७, २१०, २११, २२५, २३१, २३३, २६२
हलिया, ८३, ९३, ९४, ९५, ९६, १७५, १८९, १९०, १९१, १९२, १९३, १९४, १९५, १९६, १९७, १९८, २०१, २१०, २२५, २२६, २२७, २३२, २३४, २४७
हली, १२७, १८९, १९०, १९१, १९२, २२५,
हिंसा, ४२, १०५, १२३, १२४
हुक आन्दोलन, ४९, ५०
हुन्डा, १९, २३९

ISBN:978-9937-2-1359-2